नेपाल कानून पत्रिका

भाग - ५८ | २०७३ साउन | अङ्क - ४

ने का प २०७३ साउन अङ्क ४

प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.ब.नं. २०४३८

Email: info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

प्रकाशन, सञ्चार तथा सम्पादन समिति

माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत	- अध्यक्ष
माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत	- सदस्य
नायव महान्यायाधिवक्ता श्री राजेन्द्र सुवेदी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	- सदस्य
अधिवक्ता श्री खम्बबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन	- सदस्य
अधिवक्ता श्री शैलेन्द्र दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन	- सदस्य
सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत	- सदस्य सचिव

सम्पादक : श्री गजेन्द्रबहादुर सिंह

प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री लक्ष्मण वि.क.
ना.सु.श्री रमादेवी न्यौपाने
ना.सु.श्री विनोदकुमार यादव
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

भाषाविद् : उपप्रा. श्री रामचन्द्र फुयाल

बिक्री शाखामा कार्यरत् कर्मचारी

डि.श्री नरबहादुर खत्री

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

प्रकाशित सङ्ख्या : २००० प्रति

नेपाल कानून पत्रिकाको उद्धरण गर्नु पर्दा
निम्नानुसार गर्नु पर्नेछ :

नेकाप, २०७२... ... ... , नि.नं. ... , पृष्ठ ...

(साल) *(महिना)*

उदाहरणार्थ : *नेकाप* २०७३, साउन, नि.नं.९५७२, पृष्ठ ५८३

सर्वोच्च अदालत बुलेटिनको उद्धरण गर्नु पर्दा
निम्नानुसार गर्नु पर्नेछ :

सअ बुलेटिन २०७३ ... ... १ वा २, पृष्ठ ...

(साल) *(महिना)*

उदाहरणार्थ : सअ बुलेटिन, २०७३, साउन – १, पृष्ठ १

नेपाल कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिन
अब हाम्रो वेभसाइटमा उपलब्ध छन्

ठेगाना

www.supremecourt.gov.np

- यो वेभसाइट खोलेपछि बायाँतर्फ **नेपाल कानून पत्रिका** तथा त्यसको तल **सर्वोच्च अदालत बुलेटिन**मा क्लिक गर्नुहोस् ।
- २०६५ साल वैशाखदेखिका यी पत्रिकामा समाविष्ट निर्णयहरू पढ्न र हाल निःशुल्क डाउनलोड गर्न सकिनेछ ।

नेपाल कानून आयोगको वेभसाइटमा संविधानसमेत हालसम्म प्रकाशित अधिकांश ऐन र नियमावलीहरू नेपाली तथा अङ्ग्रेजीमा र १९१० सालको मुलुकी ऐन, न्याय विकासिनी एवम् विभिन्न ऐतिहासिक दस्तावेजहरू निःशुल्क पढ्न र डाउनलोड गर्न सकिनेछ ।

ठेगाना

www.lawcommission.gov.np

मूल्य रू.३०।-

मुद्रक : सर्वोच्च अदालत छापाखाना

विषय सूची

क्र. स.	नि.नं./इजलास/ विवरण	पक्ष / विपक्ष	विषयको सारसङ्क्षेप	पृष्ठ
१.	९५७२ पूर्ण लुटपिट हक कायम	पुण्यप्रसाद लुइटेलसमेत विरूद्ध सुमित्रादेवी पाण्डे	▪ १९९८ सालमा नगर योजना तयार गर्दा नै सार्वजनिक प्रयोजनका लागि छुट्याइएको विवादित जग्गा तत्कालीन राजविराज नगरपञ्चायतबाट २०३१।९।१५ मा असर्फि साहु रौनियारका नाउँमा दर्ता गर्ने निर्णय गर्दा स्वीकृतिको लागि तत्कालीन श्री ५ को सरकारमा पठाउने भन्ने उल्लेख भई सोहीबमोजिम मिति २०३१।१२।७ मा समर्थनका लागि लेखी पठाएकोमा तत्कालीन श्री ५ को सरकारबाट स्वीकृती भई नआउँदै तह तह हक हस्तान्तरण गरिएको र हालसम्म पनि स्वीकृति प्राप्त गर्न नसकेको अवस्था छ । दाता तथा परदाताले नै लिएको हक पक्का भई नसकेको अवस्थामा निजबाट प्राप्त गर्ने वादीको सो जग्गामा हक भएको भनी सम्झन नमिल्ने ।	५८३
२.	९५७३ पूर्ण भरपाई लिखत दर्ता बदर दर्ता कायम	पुरण शमशेर ज.ब.रा. विरूद्ध खड्गकुमारी राणासमेत	▪ नेपाल सरकारले मोही हक लागेको जग्गा, जग्गावाला र मोहीबिच बाँडफाँडको कार्य गर्न गराउन समय तोकी सूचना प्रकाशन भएपछि जग्गाधनी र मोहीबीच जग्गा बाँडफाँड गर्ने वा जग्गाधनी र मोहीमध्ये कुनै एकको नाममा एकलौटी कामय गर्ने कार्य अंश मुद्दा परेको कारणले रोकिन सक्दैन । त्यो कानूनबमोजिम बाँडफाँड हुन्छ । कानूनबमोजिम भएको कार्यलाई लेनदेन व्यवहारसरह मानी लिखत बदरको फिराद गर्न पाउने भन्न नमिल्ने ।	५९५
३.	९५७४ पूर्ण मिलापत्र बदर	युगलकिशोर सिंहसमेत विरूद्ध विन्देश्वर साह हलुवाई	▪ सार्वजनिक पोखरीको संरक्षण गर्नुपर्ने दायित्वबाट विमुख भई सार्वजनिक पोखरीका सम्बन्धमा चलेको खिचोला मुद्दामा गाउँ विकास समितिका अध्यक्षसमेतले सार्वजनिक पोखरीलाई व्यक्ति विशेषको	६०२

			निजी पोखरीको रूपमा मान्यता दिने गरी वादी दाबी कायम हुने गरी एक आपसमा गरेको मिलापत्रले कानूनी मान्यता पाउन सक्ने हुँदैन । सार्वजनिक जग्गालाई पुनरावेदक प्रतिवादीको निजी सम्पत्ति हो भन्ने प्रमाण सिर्जना गर्ने प्रयोजनका लागि प्रतिवादीहरू आपसमा मिली सा.दे.नं. १२४७ को खिचोला मुद्दामा मिलापत्र भएको देखिँदा सो बदनियतपूर्वक भएको मिलापत्रलाई कानूनसम्मत मान्न नमिल्ने ।	
४.	९५७५ पूर्ण उत्प्रेषण / परमादेश	अधिवक्ता प्रकाशमणि शर्मासमेत विरूद्ध नेपाल सरकार	▪ जसरी हामी कुनै विकास वा आर्थिक लाभका निमित्त हाम्रा अमुल्य ऐतिहासिक धरोहर भत्काउन वा पुर्ने कुरा गर्न सक्दैनौं, त्यसरी नै जैविक विविधताको मूल्यलाई मार्वल वा रोडा ढुंगासँग साटन सकिन्न । गोदावरी क्षेत्रको धार्मिक र सांस्कृतिक सम्पदा, जैविक विविधता, लोप हुने अवस्थामा रहेका चराचुरूङ्गी, पुतली, वनस्पति, पारिस्थितिकीय प्रणाली तथा प्राकृतिक सौन्दर्यताको कुनै मूल्य छैन । यस्ता अमूल्य प्राकृतिक सम्पदाहरू सुदूर पुस्तासम्मका लागि संरक्षणीय र संग्रहणीय हुँदा मार्वल होइन सुन वा हिरा नै पाइन्छ भने पनि गोदावरी जस्तो जैविक विविधताको संजीवनी पहाड खोस्रन र भत्काउन नपाइने ।	६१२
५.	९५७६ पूर्ण परमादेश / प्रतिषेध	अपूर्व खतिवडासमेत विरूद्ध नेपाल सरकार	▪ कुनैपनि व्यक्ति फौजदारी कसुरमा हिरासतमा वा थुनामा रहेको अवस्थामा अरू व्यक्तिको भन्दा निजको वैयक्तिक स्वतन्त्रता केही हदसम्म नियन्त्रित हुन पुग्न जाने हुँदा वैयक्तिक स्वतन्त्रतालाई असीमित, अनियन्त्रित, पूर्ण र निरपेक्ष हकको रूपमा ग्रहण गर्न मिल्ने नहुने ।	६७९

६.	९५७७ संयुक्त परमादेश	अधिवक्ता पदमबहादुर श्रेष्ठ विरूद्ध काठमाडौं महानगरपालिकाको कार्यालय, बागदरबार, काठमाडौंसमेत	▪ पर्चा, पम्प्लेट, होर्डिङ्गबोर्ड जस्ता वस्तु आफैँमा फोहरमैला भएको हुँदा यसले वातावरणका विभिन्न अवयवहरू जस्तै जल, स्थल र वायु प्रदुषण गर्नुका साथै वातावरणको अर्को महत्त्वपूर्ण पक्ष दृश्यको समेत प्रदुषण गर्दछ । विभिन्न मानवीय तथा प्राकृतिक कारणबाट उत्पन्न हुने वातावरणीय असर वा क्षतिले आँखाको दृश्यमा पर्ने नकारात्मक असरजन्य अवस्था नै दृश्य प्रदुषण हो । सहरी क्षेत्रमा हुने उल्लिखित प्रदुषणजन्य फोहरमैलाको कारक तत्त्व मानवीय क्रियाकलाप नै मान्नुपर्ने हुन्छ । मानिसहरूको सर्वाधिक आवतजावत हुने स्थलहरूमा व्यवसायिक तथा राजनीतिक प्रयोजनका लागि राखिएका तथा टाँसिएका पर्चा, पम्प्लेट, होर्डिङ्गबोर्ड एवम् भित्ते लेखनले मानिसको दृश्यमा दिग्भ्रमित गर्ने, सवारी दुर्घटना बढाइ सुरक्षा व्यवस्थामा असर गर्ने, अनावश्यकरूपमा झिझ्याहट बढाउने, सुसूचितभन्दा पनि गलत सूचना बढाउने, अतिरञ्जित सूचना दिने, सहरी विकास तथा पर्यटन विकासमा अवरोध गर्नुका साथै सुन्दर वातावरणलाई नै कुरूप बनाउने ।	६८८
७.	९५७८ संयुक्त उत्प्रेषण / परमादेश	पद्मकुमार मेघासी शाह विरूद्ध युनिभर्सल फाइनान्स लिमिटेड, प्रधान कार्यालयसमेत	▪ बैंक तथा वित्तिय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७ मा "कर्जा असुलीसम्बन्धी व्यवस्था" भई उपदफा (१) मा "... ऋणीले इजाजत प्राप्त संस्थालाई लेखिदिए वा इजाजतप्राप्त संस्थामा राखेको धितो सुरक्षालाई कर्जा रकम असुलीको प्रयोजनार्थ इजाजतप्राप्त संस्थाले लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी आफ्नो सावाँ ब्याज असुलउपर गर्न सक्नेछ" भन्ने कानूनी व्यवस्थाअनुसार ऋणीले आफूले लिएको कर्जा रकम भुक्तान नगरेमा कर्जा सुरक्षणको	७०२

			रूपमा रहेको घरजग्गासमेतका सम्पत्ति कानूनबमोजिमको प्रक्रिया पुरा गरी इजाजतप्राप्त संस्थाले आफूले लिनुपर्ने सावाँ ब्याजसमेतको लेना रकमबापत लिलाम गर्नसक्ने हुँदा त्यस्तो लिलाममा सबैभन्दा बढी मूल्यमा धितो सकार गर्ने व्यक्तिको नाममा धितो बिक्री गर्ने निर्णय गरी दा.खा. गर्न पठाएको कार्यलाई अवैध भन्न नमिल्ने ।	
८.	९५७९ संयुक्त उत्प्रेषण / परमादेश	गणेशबहादुर दुरासमेत विरूद्ध नेपाल सरकार	▪ रिट निवेदकहरूले प्रहरी संगठनमा विरोध प्रदर्शन गरेको कुरा रिट निवेदनमा नै उल्लेख गरेको पाइन्छ । रिट निवेदनमा आफूले गरेको कार्य सशस्त्र विद्रोह नभएको भन्ने पनि जिकिर लिएको सन्दर्भमा हेर्दा सशस्त्र प्रहरी ऐन, २०५८ मा गरिएको सशस्त्र विद्रोहको परिभाषाअनुसार नेपाल राष्ट्रको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पर्ने कार्य नगरेको भन्ने कुराको आधार लिएको देखिन्छ । सशस्त्र प्रहरी ऐनले गरेको परिभाषा सशस्त्र प्रहरीको लागि भएको र त्यसलाई सोही प्रसङ्ग र अर्थमा बुझ्नुपर्ने हुन्छ जबकी प्रहरी ऐनमा उल्लिखित सशस्त्र विद्रोहको अर्थ प्रहरी ऐनकै सन्दर्भमा नै हेर्नुपर्ने हुन्छ । यसमा सशस्त्र प्रहरी ऐन, २०५८ को व्यवस्था आकर्षित हुन नसक्ने ।	७०८
९.	९५८० संयुक्त बाल बिज्याई (जबर्जस्ती करणी)	नेपाल सरकार विरूद्ध परिवर्तन नाम दीपक सदा	▪ जबर्जस्ती करणी अपराधमा पीडक बालकको मात्र अधिकार हेर्न हुँदैन । पीडित बालिकाको हकको संरक्षण पनि हेर्नु पर्ने हुन्छ । जबर्जस्ती करणीको अभियोगमा सजाय गरेपछि क्षतिपूर्ति नभराउने हो भने यहाँ पीडितको हक संरक्षण हुन सक्दैन । ११ वर्षको पीडकसँग आर्थिक क्षतिपूर्ति बहन गर्नसक्ने क्षमता नहुने भनी अर्थ गर्दा समाजमा पीडकको उच्च मनोबल भई अरू अपराध पनि हुनसक्ने कुरालाई नकार्न	७१४

			सकिँदैन । बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ ले नाबालक कसुरदारलाई उमेरको आधारमा विभिन्न प्रकारले सजायमा केही छुट दिएको भन्ने आधारमा क्षतिपूर्तिको हकमा समेत छुट पाउन सक्ने अवस्था नदेखिने ।	
१०.	९५८१ संयुक्त उत्प्रेषण / परमादेश	महेशप्रसाद भट्टराई विरूद्ध सहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत	▪ कुनै पनि प्रतिस्पर्धामा उम्मेदवार हुनुको उद्देश्य नियुक्ति पाउनु हो, हकको दाबी गर्नु हो । विज्ञापन भएको पदमा दरखास्त दिँदा त्यससँग सम्बन्धित सर्तहरूको पालना अनिवार्यरूपमा गरिएको हुनुपर्छ । नियुक्तिका लागि योग्य अवस्थामा रहेको व्यक्ति नै त्यस्तो पदको लागि उम्मेदवार हुन सक्छन् र त्यस्ता उम्मेदवारको नै उपयुक्तताको परीक्षण एवं मुल्याङ्कन गरिने हुन्छ । नियुक्ति हुन अयोग्य व्यक्ति उम्मेदवार हुनका लागि पनि अयोग्य नै हुन्छन् । अयोग्य अवधिभित्र उम्मेदवारको उपयुक्तताको परीक्षण एवं मुल्याङ्कन चाहिँ गर्न मिल्छ भन्नु तर्कसङ्गत एवं विकेकपूर्ण हुँदैन । सञ्चालक पदबाट हटेको एक वर्षभित्रै कम्पनीको कर्मचारी वा सल्लाहकार पदमा उम्मेदवार हुन चाहिँ पाउने तर नियुक्ति हुन नपाउने भन्ने हो भने यसबाट विरोधाभाषपूर्ण अवस्था सृजना हुन जाने ।	७२०
११.	९५८२ संयुक्त बन्दीप्रत्यक्षीकरण	गौरीमाया घिमिरे विरूद्ध विशेष अदालत, बबरमहलसमेत	▪ निवेदिकाको बयानबाट निजको बसाई सराईको ठेगाना प्रष्ट खुलाएको र निज कार्यरत कार्यालयको समेत वतन खुलाएकोमा उक्त स्थानमा म्याद तामेल नगरी साबिकको रामेछाप जिल्ला बेताली गा.वि.स.वडा नं. २ मा म्याद तामेल गरी विशेष अदालत, काठमाडौंबाट मुद्दा फैसला भएको देखियो । वास्तविक ठेगानामा म्याद तामेल नगरी अन्यत्र तामेल गरेको म्यादबाट प्रतिवादको मौका प्रदान गरेको भन्न मिल्दैन	७२८

			भनी ने.का.प.२०४७ नि.नं. ४११८ पृष्ठ ३२६ मा प्रतिपादित कानूनी सिद्धान्तसमेतको परिप्रेक्ष्यमा निवेदिकाको नाउँमा जारी भई मिति २०७२।३।२८ मा तामेल भएको म्याद रितपूर्वकनै तामेल भएको भन्ने अर्थ गर्न मिल्ने नदेखिने ।	
१२.	९५८३ संयुक्त लागु औषध (अफिम)	मिश्रादेवी भण्डारी विरूद्ध नेपाल सरकार	▪ लागु औषध बरामद भएको अवस्थामा अपराध नमानिनको लागि आफूसँग लागु औषध रहनु पर्ने उचित कानूनी आधार देखाउन सक्नुपर्ने हुन्छ । पुनरावेदिकाको साबिती बयानलाई लागु औषध बरामद भएको तथ्य प्रमाणित भएकोले प्रमाणमा लिन नमिल्ने अवस्था पनि देखिएन । लागु औषध बरामद भएको अन्यथा प्रमाणित गर्न नसकेको अवस्थामा बरामदी तथ्य आफैँमा कसुरजन्य हुन पुग्ने ।	७३४
१३.	९५८४ संयुक्त उत्तरपुस्तिका कोडिङसमेतको अनियमित कार्य गरी भ्रष्टाचार गरेको	केशवप्रसाद भट्टराई विरूद्ध प्रा.डा.रामकुमार सिंहसमेत	▪ आफ्नो जिम्माको परीक्षासँग सम्बन्धित उत्तरपुस्तिका तथा सोसँग सम्बन्धित कागजातहरू प्रतिवादीले बुक गरेको होटलमा राख्न नसक्ने भन्ने कहीँ कतैबाट स्थापित पनि छैन । परीक्षासँग सम्बन्धित पदाधिकारीले अवस्थाअनुसार परीक्षाको गोपनीयता तथा संवेदनशीलतालाई ध्यानमा राख्दै सोको लागि उचित निर्णय गर्न सक्ने नै मान्नु पर्ने ।	७४२
१४.	९५८५ संयुक्त उत्प्रेषण / परमादेश	सन्जयकुमार के.सी.समेत विरूद्ध पुनरावेदन अदालत, सुर्खेतसमेत	▪ वैकल्पिक उपचारको विद्यमानता रहेको अवस्थामा उत्प्रेषणको आदेश जारी गर्न मिल्दैन । फैसला कार्यान्वयनको अवस्थामा जिल्ला अदालतले गरेको आदेशलाई बदर गरी कानूनअनुरूप गरेको पुनरावेदन अदालतको आदेशलाई असाधारण क्षेत्राधिकारअन्तर्गत बदर गर्नुपर्ने प्रस्तुत मुद्दामा कुनै आधार देखिँदैन । विना आधार उत्प्रेषणको आदेश जारी गर्दा न्याय निस्पादन गर्ने निकायहरूमा अनिश्चितता	७५८

			हुनुका साथै फैसलाको अन्त हुने अवस्थासमेत देखिँदैन । जसबाट निवेदक स्वयंसमेतलाई असर पर्न जाने ।	
१५.	९५८६ संयुक्त कर्तव्य ज्यान	लक्ष्मीप्रकाश सक्सेनासमेत विरूद्ध नेपाल सरकार	▪ मृतकको **Suicide Note** समेत मृतकको कोठाबाट बरामद भएको छ र उक्त **Suicide Note** मृतकले लेखेको कुरामा पनि विवाद देखिँदैन । **Suicide Note** भनेकै आत्महत्या गर्ने संकल्प भएका मानिसले लेख्दछन् । बुबा मलाई माफ गरिबक्सेला ... जुन हजुरको प्रयास असफल भयो..... दिनसम्म यिनीहरूको बचनहरू सुनेर बस्ने..... भन्ने मृतकको आफ्नो बुबासँगै निराशा व्यक्त गर्दै पत्र लेखेको देखिन्छ । **Suicide Note** लाई एक प्रकारको मृत्युकालीन घोषणाको रूपमा पनि लिनुपर्ने हुन्छ । आफ्नो निराशापूर्ण जीवनलाई उल्लेख गर्दै **Suicide Note** मा लेखिएको अभिव्यक्तिसमेतको विश्लेषणबाट प्रतिवादीहरूसँगको व्यवहारबाट दिक्क लागेर मृत्युलाई आफैँले रोजेको भन्ने स्पष्ट देखिने ।	७६८
१६.	९५८७ संयुक्त उत्प्रेषण	कौशल्या देवी विरूद्ध पुनरावेदन अदालत, राजविराजसमेत	▪ असाधारण क्षेत्राधिकार कानून प्रतिकूलको क्षेत्राधिकार नभई कानून कै परिपूरकको क्षेत्राधिकार हो । यसको प्रयोग सामान्य अवस्थामा हुने होइन । कानूनले स्पष्टरूपमा कार्यविधि तोकी दण्ड सजायको ४८ तथा अ.बं. ६५ नं. को व्यवस्थाअनुरूप काम कारवाही गरी ती काम कारवाहीको न्यायिक परीक्षणसमेत भई आदेशको अन्तिमता भइसकेकोमा पुनः रिटबाट हेर्न सकिने अवस्था नहुने ।	७८२
१७.	९५८८ संयुक्त कर्तव्य ज्यान	नेपाल सरकार विरूद्ध प्रभु माझी	▪ अधिकतम कडा सजाय भएपछि सर्वस्व गर्ने प्रावधान तथा सर्वस्व गरिसकेपछि प्रतिवादीकै सम्पत्तिबाट क्षतिपूर्ति भराउने सजाय थप सजायको रूपमा रहने प्रावधान हालको अवस्थामा व्यावहारिक नदेखिने	७८९

			भएकोले त्यसतर्फ दृष्टिगत गरी कानूनहरूलाई व्यावहारिक बनाउनेतर्फ पहल गर्नुसमेत सान्दर्भिक देखिन आउने।	
१८.	९५८९ संयुक्त कर्तव्य ज्यान	राजदेव मण्डल विरूद्ध नेपाल सरकार	▪ फौजदारी कसुरमा अभियोग दाबी लिँदा को कसले के कस्तो अपराध गरेको हो सोबापत के कस्तो दायित्व लिनुपर्दछ सो कुरा स्पष्ट खुल्ने गरी छुट्टाछुट्टैरूपमा उल्लेख गरी अभियोग एवम् कसुर अपराधको दायित्वको निर्क्यौल गर्नुपर्ने हुन्छ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त रहेको पाइन्छ। केवल आरोप लगाउनु मात्र कसुर स्थापित गर्ने आधार हुन सक्दैन। सबै अभियुक्त समानरूपमा दोषी हुन् भन्ने अनुमान गर्नु कानून र न्यायको सर्वमान्य सिद्धान्तविपरीत हुन जाने।	७९७

यी सारसङ्क्षेप *ने.का.प.* प्रयोगकर्ताको सुविधाका लागि मात्र हुन्, उद्धरण गर्नका लागि होइनन्।

– सम्पादक

निर्णय नं. ९५७२

सर्वोच्च अदालत, पूर्ण इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री रामकुमार प्रसाद शाह
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय
फैसला मिति : २०७१।९।२४।५
०६६-NF-०००८

मुद्दा : लुटपिट हक कायम

पुनरावेदक / प्रतिवादी : जिल्ला सप्तरी, राजविराज नगरपालिकाको कार्यालयको तर्फबाट ऐ.का कार्यालय सचिव पुण्यप्रसाद लुइटेलसमेत
विरूद्ध
प्रत्यर्थी / वादी : जिल्ला सप्तरी, राजविराज न.पा.वडा नं.१ बस्ने सुमित्रादेवी पाण्डे

- **सार्वजनिकरूपमा प्रयोगमा रहेका देवी देवताका मन्दिर, धारा, चौतारा र बाटो जस्ता सार्वजनिक हितको जग्गा सार्वजनिक हितको लागि मात्र नगरपालिकाले उचित बन्दोबस्त र प्रबन्धसम्म गर्न पाउने हो तर व्यक्ति विशेषको हक स्थापित हुने गरी नगरपालिकाले हक र स्वामित्वको हक हस्तान्तरण गर्न सक्ने देखिएन । सार्वजनिक उपयोगमा प्रयोग भइरहेको त्यस्तो जग्गा कुनै व्यक्ति विशेषका नाममा दर्ता भएको भए पनि स्वतः बदर हुन जाने ।**
- **वादीले राजीनामा गरी लिएको भनेको कथित लिखतको स्रोत परदाता असर्फी साहुको दर्ता नै वैधानिक नदेखिएबाट त्यसबाट सिर्जित गरिएका वा हस्तान्तरण गरिएका लिखतसमेत स्वतः कानूनी मान्यता विहीन लिखत हुँदा वादीले प्राप्त गरेको भनेको मिति २०३९।५।३ को लिखत वैधानिक नभएबाट दाबीको जग्गामा वादीको हक कायम हुन सक्ने स्थिति नरहने ।**

(प्रकरण नं.८)

- **यस अदालतको संयुक्त इजलासको फैसला मिलेको छ छैन भन्नेतर्फ विचार गर्दा मन्दिर, पानीको धारा, बाटो र चौताराहरू रहेको सार्वजनिक प्रकृतिको जग्गामा वादीको निजी हक भोग देखिने वैधानिक स्रोतको अभावमा समेत लुटपिट तर्फको मूल दाबी नपुग्ने ठहर्याई त्यसबाट उठाएको हक कायम मुद्दाबाट हक कायम हुने ठहर गरेको यस अदालत संयुक्त इजलासको मिति २०६२।५।१३ को फैसला सार्वजनिक जग्गा व्यक्ति विशेषले दर्ता गराएकै भए पनि बदर हुने भनी यस अदालतको पूर्ण इजलासबाट वादी हेडम्वराज पराजुली विरूद्ध प्रतिवादी तारानाथ गौतमसमेत भएको जग्गा खिचोला मुद्दामा (ने. का.प.२०५४, अंक १२, नि.नं. ६४७९, पृष्ठ ६७८) प्रतिपादित सिद्धान्त प्रतिकूल देखिन आउने ।**

(प्रकरण नं.९)

- **१९९८ सालमा नगर योजना तयार गर्दा नै सार्वजनिक प्रयोजनका लागि छुट्याइएको विवादित जग्गा तत्कालीन राजविराज नगरपञ्चायतबाट २०३१।९।१५ मा असर्फि साहु रौनियारका नाउँमा दर्ता गर्ने निर्णय गर्दा स्वीकृतिको लागि तत्कालीन**

श्री ५ को सरकारमा पठाउने भन्ने उल्लेख भई सोहीबमोजिम मिति २०३१।१२।७ मा समर्थनका लागि लेखी पठाएकोमा तत्कालीन श्री ५ को सरकारबाट स्वीकृति भई नआउँदै तह तह हक हस्तान्तरण गरिएको र हालसम्म पनि स्वीकृति प्राप्त गर्न नसकेको अवस्था छ। दाता तथा परदाताले नै लिएको हक पक्का भई नसकेको अवस्थामा निजबाट प्राप्त गर्ने वादीको सो जग्गामा हक भएको भनी सम्झन नमिल्ने।

(प्रकरण नं.१०)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता हिम्मत सिंह, विद्वान् अधिवक्ता शिवकुमार चौधरी र इन्द्र खरेल

प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्तात्रय अम्मरबहादुर पाण्डेय, हरिहर दाहाल र शेखरकुमार जोशी

अवलम्बित नजिर :

- नेकाप २०५४, चैत, नि.नं.६४७९, पृ.६७८

सम्बद्ध कानून :

- नगर पञ्चायत ऐन, २०१९ को दफा ३७, ६०
- मुलुकी ऐन, अ.बं.८० नं.

सप्तरी जिल्ला अदालतमा फैसला गर्ने :

मा.न्या. श्री लीलाप्रसाद गौतम

पुनरावेदन अदालत, राजविराजमा फैसला गर्ने :

मा.न्या.श्री सामन्त सिंह बोगटी

मा.न्या.श्री लक्ष्मणमणी रिसाल

सर्वोच्च अदालत, संयुक्त इजलासमा फैसला गर्ने :

मा.न्या.श्री केदारप्रसाद गिरी

मा.न्या श्री रामप्रसाद श्रेष्ठ

फैसला

न्या.बैद्यनाथ उपाध्याय : सर्वोच्च अदालत, संयुक्त इजलासको मिति २०६२।५।१३ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१)(ख) बमोजिम पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान भई पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ :

वादी सुमित्रादेवी पाण्डेको फिरादपत्र

अम्बिका राजभण्डारीको नाउँ दर्ताको राजविराज नगरपञ्चायत वडा नं.४ को प्लट नं.६४/४ को ०–०–१३१/४ जग्गा र द्वारिका श्रेष्ठको नाउँ दर्ताको राजविराज नगरपञ्चायत वडा नं.४ को प्लट नं.६४/३ को ०–०–१३१/४ जग्गा मिति २०३९।५।३ मा म सुमित्रा देवी पाण्डेले राजीनामा गराई सोही मितिमा मालपोत कार्यालय, काठमाडौंबाट रजिस्ट्रेसन पास गराई भोग चलन गरी आएकोमा मिति २०३९।५।४ मा उक्त जग्गामा बार लगाएको थिए। अघिल्लो वर्ष लगाएको बार पुरानो र जीर्ण भई सो बार हटाई २०४५ मार्ग महिनामा बाँसको खामा र टाट जाफरी काँटी ठोकी उल्लिखित जग्गामा ४०–१२० फिटको प्लटलाई घेरेकोमा प्रतिवादी गोविन्दसिंह र प्रतिवादी मुरारीप्रसाद ओझा उपाध्यायसमेत भई मिति २०४५।१०।७ को राति मेरो जग्गामा प्रवेश गरी मैले लगाएको बार जबर्जस्ती भत्काई विपक्षी गोविन्द सिंहले वारूणयन्त्रको गाडीमा राख्न अन्य प्रतिवादीहरूलाई वचन दिई बारको टाटी, खम्बासमेत सबै सामान विपक्षी गोविन्द सिंहको घरमा लगेकोले नालेस गरेकी छु । मैले लगाएको ४०–१२० फिटको चारैतर्फको खुटि बनाउँदा बास गोटा ७५ को रू.१८७५।– ज्यामी खर्च ३५०।– काँटीको रू.१००।– समेत जम्मा रू.२२२५।– विपक्षी गोविन्द सिंहबाट दिलाई भराई विपक्षीहरूलाई सजायसमेत गरिपाऊँ।

प्रतिवादी मुरारीप्रसाद ओझाको प्रतिउत्तर पत्र

वादीले दाबी लिएको प्लट जग्गा वादीको हक भोगको नभई नगर पञ्चायतको हो । २०३१ सालमा उक्त जग्गा असर्फि साहु रौनियारको नाउँमा नगर पञ्चायतले दर्ता गरेको होइन । तत्कालीन कार्यबाहक प्रधानपञ्चले ऐन कानून मिची श्री ५ को सरकारबाट समर्थन भई आएबमोजिम गर्ने गरी तत्काल दर्ताको आदेशसम्म दिएका हुन् । नगर पञ्चायतको जग्गा बेरीत दर्ता गर्ने आदेशले वादीको हक पुग्ने होइन । वादी दाबीको कथित ६४/३ र ६४/४ को प्लटमा वादीको हकदैया छैन । दाबीको जग्गामा हाल देवस्थल भएको र उक्त जग्गामा बजारियाहरूको सन्धि सर्पनको जग्गा भई सार्वजनिक उपभोगमा रहेको छ । विवादित जग्गा प्रतिवादीले अम्बिका राजभण्डारी र द्वारिका देवी श्रेष्ठबाट खरिद गरेको नाताले मात्र नगरपञ्चायतको स्वामित्वको जग्गामा वादीको हक पुग्न सक्ने होइन । वादीले काल्पनिक लुटपिटको वारदात सिर्जना गर्नुका साथै फौजदारी दाबीबाट देवानी हकको निराकरण गराउन खोजेकोले वादीको मनसाय दुराशय भएको स्पष्ट छ । वादीको कुनै जग्गाको टाटबार तोडफोड गरी लुटपिट गरेको होइन ।

प्रतिवादी गोविन्द सिंहको प्रतिउत्तर पत्र

वादी दाबीको कथित प्लट जग्गा वादीको हक भोगको नभई नगर पञ्चायतको हो । २०३१ सालमा सो जग्गा असर्फि साहु रौनियारको नाउँमा तत्कालीन नगर पञ्चायतले दर्ता गरेको होइन । तत्कालीन कार्यबाहक प्रधानपञ्चले ऐन कानून मिची तत्कालीन श्री ५ को सरकारबाट समर्थन भई आएबमोजिम गर्ने गरी दर्ताको आदेशसम्म दिएका थिए । दाबीको ६४/३ र ६४/४ मा वादीको हकदैया नहुनुका साथै हामीले लुटपिट गरेका होइनौं ।

वादीको वारेस उमेशप्रसाद देवले हक बेहकतर्फ गरेको बयान

वादी दाबीको जग्गामा कुनै देवस्थल छैन । उक्त जग्गा खरिद गरेपछि आफ्नो जग्गामा व्यक्तिगत पुजाआजा गर्न देवस्थापना गरेको हो । कसैको हक नलाग्ने नगरपञ्चायतको अधिनस्थ जग्गा बन्दोबस्त गर्ने हो, कुनै व्यक्ति विशेषको जग्गा बन्दोबस्त गर्ने कानूनी अधिकार नगरपञ्चायतलाई छैन । जग्गा नै बन्दोबस्त नगरेको हुँदा सार्वजनिक भनी खिचोला गर्न पाउने होइन ।

प्रतिवादीको वारेस विनोदकुमार रायले गरेको बयान

नगरपञ्चायतले आफ्नो हक भोगको जग्गा तत्कालीन श्री ५ को सरकारको पूर्व स्वीकृति बेगर कसैलाई दिन नपाउने हुँदा कार्यबाहक प्रधानपञ्चको मिति २०३१।९।१५ को निर्णय बेरीतको हुँदा उक्त २०३१।९।१५ को निर्णयले नगरपञ्चायतको हक गुम्ने र वादीको हक कायम हुने होइन ।

वादीका साक्षी मोहन माझी यादव र रामचन्द्र यादवले गरेको बकपत्र

विवादित जग्गा सुमित्रा देवी पाण्डेले खरिद गरी लिएको निजको हकको जग्गा हो । प्लट नं.६४/३ र ६४/४ को जग्गाको उत्तर दक्षिण ४० फिट र पूर्व पश्चिम १२० फिट छ । उक्त जग्गामा भएको टाटबार भत्काई सामान प्रतिवादीहरूले लुटी लगेका हुन ।

प्रतिवादीका साक्षी भोला उप्रेती र देवराज भण्डारीले गरेको बकपत्र

विवादित जग्गा सार्वजनिक हो । प्रतिवादीहरूले लुटपिट गरेका होइनन् । उक्त जग्गा पहिल्यैदेखि खाली हुँदा टाटबार लुटपिट भएको होइन ।

अ.बं.१३९ नं. बमोजिम बुझिएका राजविराज नगरपालिका तर्फबाट कार्यकारी अधिकृत

कृष्णबहादुर श्रेष्ठले गरेको बयान ।

वादी दाबीको जग्गा राजविराज नगरपालिकाको हो । सो जग्गामा सरस्वती, गणेश र भगवतीको तीन थान मन्दिर भई साबिकदेखि देवस्थलको रूपमा पुजा आजा भई सार्वजनिकरूपले धार्मिकस्थलको रूपमा प्रयोग भएको हुँदा उक्त जग्गा राजविराज नगरपञ्चायतअन्तर्गतको सार्वजनिक जग्गा हो । वादीले तत्कालीन नगरपञ्चायतउपर सर्वोच्च अदालतमा रिट दायर गरेकोमा उक्त रिट खारेज भइसकेको हुँदा दाबीबमोजिम हुनु पर्ने होइन ।

सप्तरी जिल्ला अदालतको २०५४।१२।१६ को फैसला

वादीले पेस गरेको हकको स्रोत प्रमाणको रूपमा स्थापित पारित राजीनामाको अस्तित्व र वैधतालाई प्रतिवादीले बदर गराउन सकेको नदेखिएको समेत आधार एवं प्रमाणित पृष्ठभूमिको समग्रतामा प्रस्तुत विवादको विन्दुलाई हेर्दा दाबीको जग्गामा वादीको हक कायम हुने, तर प्रतिवादीहरूले लुटपिट गरेको तथ्य प्रमाणबाट पुष्टि हुन सकेको नदेखिँदा सोतर्फ वादी दाबी पुग्न नसक्ने ठहर्छ ।

प्रतिवादीको पुनरावेदन अदालत, राजविराजमा परेको पुनरावेदन पत्र

लुटपिटतर्फ दाबी नपुगे पनि दाबीको जग्गा वादीको हुने भनी गरेको सुरूको फैसला सो हदसम्म उल्टी गरिपाऊँ ।

वादीको पुनरावेदन अदालत, राजविराजमा परेको पुनरावेदन पत्र

मेरा साक्षीले तथ्यसाथ किटान गरी लुटपिटको दाबीलाई समर्थन गरेको अवस्थामा लुटपिटतर्फ दाबी नपुग्ने ठहर गरेको सुरूको फैसला नमिलेकोले सो हदसम्म बदर गरिपाऊँ ।

पुनरावेदन अदालत, राजविराजको मिति २०५७।२।१५।१ को नाप नक्सा आदेश

अ.बं.१७१ नं. को रित पुर्‍याई नक्सा गर्ने, अ.बं.३३ नं. बमोजिम दुवै पक्षलाई कागज गराउने, दर्ता स्रेस्ता कायम भए नभएको दुवै पक्षलाई कागज गराउने, असर्फि साहु भए निजलाई र निज नभए हक खाने व्यक्तिलाई अ.बं.१३९ नं. बमोजिम बुझी कागज गराई नियमानुसार पेस गर्नू ।

तारादेवी रौनियारले पुनरावेदन अदालत, राजविराजमा गरेको बयान

विवादको प्लट नं.६४ को ०–२–१९१/४ जग्गा मेरो ससुरा असर्फि साहु रौनियारको नाममा श्री ५ को हुकुम प्रमांगीबाट राजविराज नगरपञ्चायतले उपलब्ध गराएको जग्गा हो । प्लट नं.६४ को जग्गा ससुराले विभिन्न व्यक्तिलाई बिक्री गरी थोरै जग्गा मात्र बिक्री गर्न बाँकी रही हामीले उपभोग गरी आएको र सो जग्गा मैले भोग चलन गरी आएकी छु ।

पुनरावेदन अदालत, राजविराजको मिति २०५८।१।१३ को विपक्षी झिकाउने आदेश

वादी दाबीको जग्गामा वादीको हक कायम हुने ठहर्‍याएतर्फ प्रतिवादीको पुनरावेदन परेको र लुटपिटको दाबी नपुग्ने ठहर्‍याएतर्फ वादीको पुनरावेदन परेकोले अ.बं.२०२ नं. को प्रयोजनका लागि एक अर्को पक्षलाई जानकारी गराउनू ।

मिति २०५८।५।२४ को नाप नक्सा मुचुल्का

अ.बं.१७१ नं. को रित पुर्‍याई नक्सा गरी पेस गर्नु भन्ने पुनरावेदन अदालतको आदेशानुसार मिति २०५८।५।२४ मा भएको नाप नक्सा मुचुल्का ।

पुनरावेदन अदालत, राजविराज सप्तरीको मिति २०५८।६।८ को फैसला

दाबीको राजीनामा प्लट नं.६४/३ र ६४/४ भनी उल्लेख भएको जग्गाको कानूनबमोजिमको दर्ता स्रेस्ताको अभावमा सुरू जिल्ला अदालतले वादीको हक स्थापित हुने ठहर्याई गरेको मिति २०५४।१२।१६ को फैसला सो हदसम्म मिलेको देखिएन । वादीले लुटपिटतर्फ लिएको दाबी भने विवादको जग्गामा वादीको हक भोगको अभाव र लुटपिटको वारदात वस्तुनिष्ठ प्रमाणबाट पुष्टि भएको नदेखिँदा सुरूले वादी दाबी पुग्न नसक्ने ठहर्याएको फैसलासम्म मनासिब ठहर्छ । वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

वादीको यस अदालतमा परेको पुनरावेदन पत्र

परदाता असर्फी साहु रौनियारको हक स्वामित्व प्राप्त भई तिरो विटौरीको जग्गामध्ये हक टुटाई लिने अम्बिका राजभण्डारी र द्वारिका श्रेष्ठ हुँदै म वादीले ४ किल्लासहित क्षेत्रफल पारित राजीनामाबाट हक टुटाई प्राप्त जग्गालाई दाता परदाताको दर्ता तिरो हेरी बुझी कानूनी आधार देखाई हक कायम गरेको सुरूको फैसलालाई अन्यथा भन्न मिल्ने होइन । सहरीक्षेत्रअन्तर्गतको विटौरी जग्गा विपक्षी नगरपालिका अधिनस्थ विटौरी लगत खडा गरी सोही कार्यालयमा नै दर्ता तिरो हुने भन्सार ऐन, २०१९ (संशोधन) २०२१ को दफा ३३ मा कानूनी व्यवस्था भएबमोजिम हाल सर्भे नक्सा र मालपोत मोठ स्रेस्ता गाउँ ब्लक सहर जनिने प्रकृतिअन्तर्गतको जग्गा हो । उक्त ऐन २०२१।५।१३ मा संशोधन हुँदा दफा ३३ मा रहेको कानूनी व्यवस्थाले विपक्षी नगरपालिका कार्यालयमा मोठ स्रेस्ता रहने स्पष्ट छ । यसरी पुनरावेदन अदालत, राजविराजले फैसला गर्दा हक कायमतर्फ लिएको आधार कानूनविपरीत भएकोले वादी दाबीबमोजिम हक कायम गरेको सुरू फैसला सदर गरी लुटपिटको बिगोसमेत भराई पाऊँ ।

यस अदालतको मिति २०६०।१२।२६ को विपक्षी झिकाउने आदेश

यसमा तत्कालीन राजविराज नगरपञ्चायत कार्यालयबाट मिति २०३१।९।१५ मा टिप्पणी निर्णय गर्दा पुनरावेदक वादीका दाताको दाता असर्फि साहु रौनियारका नाउँमा चौहदी खोली लम्बाई पूर्व पश्चिम १२० फिट र चौडाई उत्तर दक्षिणको ५० फिट ०–२–१९१/४ जग्गा २०३१ सालको बालीदेखि बिटौरी लिने गरी दर्ता गरेको देखिन्छ । असर्फि साहुबाट जग्गा पाउने अम्बिका देवी र द्वारिका देवीका नाउँमा विटौरी बुझी नगरपञ्चायत कार्यालयबाट रसिद दिएको अवस्थामा त्यस्तो जग्गाको नापी हुनुपूर्व मालपोत कार्यालयमा स्रेस्ता नहुने हुँदा सबुद प्रमाणलाई ग्रहण नगरी स्रेस्ता नै नहुँने मालपोत कार्यालयमा स्रेस्ता भएन भन्ने आधारमा गरेको पुनरावेदन अदालत, राजविराजको फैसला फरक पर्ने हुँदा अ.बं.२०२ नं. बमोजिम छलफलको लागि विपक्षी झिकाई पेस गर्नू ।

यस अदालतको संयुक्त इजलासको मिति २०६२।५।१३ को फैसला

तत्कालीन नगरपञ्चायतबाट २०३१ सालमा भएको निर्णयको आधारमा वादीका परदाताले तह–तह किन बेच गर्दै आएतर्फ पनि कुनै उजुर बाजुर पर्न सकेको देखिँदैन । कानूनले निर्दिष्ट गरेको निकाय र समयमा न्याय माग्न आउने व्यक्तिलाई मात्र अड्डाले मद्दत गर्ने हो । हक अधिकारप्रति सचेत नभई निष्क्रिय भई बस्ने व्यक्तिलाई अदालतले सहयोग गर्न नसक्ने भएकाले प्रतिउत्तर जिकिरतर्फ सहमत हुन सकिएन । अनधिकृत निकाय र अधिकारीले गरेको गलत निर्णयका सम्बन्धमा सम्बन्धित पक्ष पनि सचेत भई कानूनले निर्दिष्ट गरेको बाटो अवलम्बन गर्नु पर्ने हुन आउँछ । वादी दाबीको प्लट नं.६४/३ र ६४/४ को जग्गामा वादीको हक कायम नहुने भन्न र मान्न मिल्ने देखिन नआउने हुँदा पुनरावेदन अदालत, राजविराजको इन्साफ उल्टी

भई सुरू जिल्ला अदालतको इन्साफ सदर हुन्छ । लुटपिटको दाबीसम्बन्धमा दाबी जिकिर पुष्टि समर्थन हुने तथ्ययुक्त ठोस प्रमाण पेस दाखिला गर्न सकेको नपाइँदा र वादीको स्पष्ट फिराद र पुनरावेदनसमेत पर्न सकेको नदेखिँदा लुटपिटतर्फको वादी दाबी नपुग्ने ठहर गरेको सुरू सप्तरी जिल्ला अदालतको फैसला मिलेकै देखिँदा सदर हुन्छ । हक कायमतर्फ वादीको दाबी पुग्ने ठहर गर्दै लुटपिटतर्फको दाबी नपुग्ने ठहर गरी इन्साफ गर्नु पर्नेमा सो नगर्ने गरेको पुनरावेदन अदालत, राजविराजको इन्साफ केही उल्टी भई सुरू जिल्ला अदालतको इन्साफ मनासिब ठहर्छ ।

राजविराज नगरपालिकाको तर्फबाट पर्न आएको पुनरावलोकनको निवेदन पत्र

सार्वजनिक उपयोगको लागि सार्वजनिक राखिएको जग्गाको पूर्ण स्वामित्व नगरपालिकामा नरहेको हुँदा तत्काल मिति २०३१।९।१५ मा असर्फि साहु रौनियारलाई दिने निर्णय गर्दा नगरपञ्चायत ऐन, २०१९ को दफा ६०(२)(ढ) को परिधिभित्र रहने गरी दिने र सो निर्णय समर्थनको लागि श्री ५ को सरकारमा पठाउने भनी निर्णयमा स्पष्ट बोलिएको छ । यसरी श्री ५ को सरकारको समर्थन भई आउनुअगाडि नै असर्फि साहु रौनियारले अम्बिका, द्वारिका र गोविन्द कार्कीलाई बकसपत्र गरी दिन मिल्ने होइन । विवादित जग्गाको विषयमा सरकारको स्वीकृतिसम्बन्धी कारवाही चलिरहेको र सोको निकासा भई नसकेको अवस्थामा त्यस्तो सार्वजनिक जग्गा व्यक्ति विशेषका नाममा दर्ता गर्नसमेत मिल्ने होइन । पुनरावेदन अदालत, राजविराजको आदेशबमोजिम मिति २०५८।५।२४ मा भएको नक्सामा समेत विवादित जग्गामा सार्वजनिक रूपले खुल्ला रही उपयोग गरी आएको भनी उल्लेख हुँदा सार्वजनिक जग्गा व्यक्ति विशेषका नाममा कायम हुने गरी भएको फैसला नगरपञ्चायत ऐन, २०१९ को दफा ३७(ख) र ६० २(ढ) विपरीत छ । अतः तत्कालीन श्री ५ को सरकारको स्वीकृतिविना सार्वजनिक जग्गालाई उनाउ व्यक्तिबाट उठेको मुद्दाबाट निजी कायम गरेको फैसला ने.का.प.२०५४, अंक १२, पृष्ठ ६७८ मा प्रतिपादित सिद्धान्तविपरीत भएबाट न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१)(ख) बमोजिम प्रस्तुत मुद्दा पुनरावलोकन गरी हेरी पाऊँ ।

पूर्ण इजलासबाट मिति २०६६।१२।२० मा भएको पुनरावलोकनको निस्सा आदेश

यसमा असर्फि साहु रौनियारबाट २०३१ सालदेखि विटौरी लिने गरी राजविराज नगरपञ्चायतको मिति २०३१।९।१५ को निर्णयबमोजिम निजका नाममा दर्ता भई निजबाट अम्बिका राजभण्डारी र द्वारिकादेवी श्रेष्ठ हुँदै मैले खरिद गरी लिएको साविक राजविराज नगरपञ्चायत वडा नं.४ प्लट नं.६४/४ र ६४/३ को जग्गामा लगाएको बार तोडफोड गरी विपक्षी गोविन्दसिंह राजपुत र मुरारीप्रसाद ओझाले बारको टाटी खम्बासमेत लुटपिट गरी लगेकोले बिगो रू.२,२२५।– दिलाई भराई सजाय गरिपाउँ भन्नेसमेत विपक्षी वादीको फिराद दाबी रहेको देखिन्छ । वादीले लिएको लुटपिटतर्फको मूल दाबी पुग्न नसक्ने ठहरी सुरूबाट भएको फैसला पुनरावेदन अदालत तथा यस अदालतबाट समेत सदर भएकोमा लुटपिटको दाबीबाट मुलुकी ऐन, अ.बं.८० नं. बमोजिम उठेको हक कायमतर्फको दाबी पुग्ने ठहर्‍याई सुरूबाट भएको फैसला यस अदालतबाट सदर गरेको देखिन आउँछ ।

हनुमाननगर नापी गोश्वाराले राजविराज नगरपालिका स्थापनाको लागि १९९८ सालमा तयार गरेको नापी नक्सामा विवादित जग्गा बैल गाडा खडा गर्ने चौर (Proposed for Cart Stand) भन्ने उल्लेख भएको र पुनरावेदन अदालत, राजविराजको आदेशबमोजिम सप्तरी जिल्ला अदालतबाट मिति २०५८।५।२४ मा भई आएको नक्सा मुचुल्का हेर्दा सडक बाटो तथा पोखरी डीलको बिचमा

खुल्लारूपमा अवस्थित विवादित जग्गामा शिव मन्दिर र चौतारासहितको पिपलको रूख तथा बिचमा कच्ची बाटोसमेत रहेको देखिई वादीको निजी हक भोग भएको देखिने कुनै कुरा जनिएको देखिँदैन।

१९९८ सालमा नगर योजना तयार गर्दा नै सार्वजनिक प्रयोजनका लागि छुट्याइएको विवादित जग्गा तत्कालीन नगर पञ्चायतबाट २०३१ सालमा असर्फि साहु रौनियारका नाउँमा दर्ता गर्ने निर्णय गर्दा स्वीकृतिको लागि श्री ५ को सरकारमा पठाउने भन्ने उल्लेख भएकोमा तत्कालीन श्री ५ को सरकारबाट स्वीकृत भएको भन्ने देखिन आउँदैन। तत्काल बहाल रहेको नगरपञ्चायत ऐन, २०१९ मा नगरपञ्चायतले सार्वजनिक जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता गर्न सक्नेसम्मको कुनै कानूनी व्यवस्था नरही सो ऐनको दफा ६० (२)ढ) बमोजिम नगरपालिका क्षेत्रभित्रको जग्गा जमिनको बन्दोबस्त र वितरणसमेत सरकारबाट स्वीकृत विनियमअनुसार हुनु पर्ने देखिन्छ।

यसप्रकार मन्दिरसमेत रहेको विवादित सार्वजनिक प्रकृतिको जग्गामा प्रत्यर्थी वादीको निजी हक भोग भएको भन्ने कुनै प्रमाण नहुँदा नहुँदै लुटपिटतर्फको मूल दाबी नपुग्ने ठहर्‍याई त्यसबाट उठाएको हक कायम मुद्दाबाट हक कायम हुने ठहर गरेको यस अदालत संयुक्त इजलासको मिति २०६२।५।१३ को फैसला सार्वजनिक जग्गा व्यक्ति विशेषले दर्ता गराएकै भए पनि बदर हुने भनी यस अदालतको पूर्ण इजलासबाट वादी हेडम्वराज पराजुली विरूद्ध तारानाथ गौतमसमेत प्रतिवादी भएको जग्गा खिचोला मुद्दामा (ने.का.प.२०५४, नि.नं. ६४७९, पृष्ठ ६७८) प्रतिपादित सिद्धान्त प्रतिकूल देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१)(ख) बमोजिम पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान गरिएको छ।

यस अदालतको पूर्ण इजलासको फैसला

नियमबमोजिम पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकतर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री हिम्मत सिंहले विवादित जग्गा सार्वजनिक हो होइन यो नै निरूपण गरिनु पर्ने तथ्य हो। गल्ला लाइन व्यापारिक लाइन हो । बयल गाडाको प्रयोगको लागि जग्गा छुट्याइएको हो। जग्गाको दर्ता नै कच्चा छ। सार्वजनिक हितको लागि प्रयोग हुने जग्गा व्यक्ति विशेषमा दर्ता हुनै सक्दैन। १९९८ सालको दर्ताबाट यो जग्गा सार्वजनिक कायम भएको छ। नगरपञ्चायतको निर्णयले जग्गा दर्ता गर्न नमिल्ने हुँदा पूर्व संयुक्त इजलासको फैसला बदर हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

पुनरावेदक तर्फबाट विद्वान् अधिवक्ता शिवकुमार चौधरीले विवादित जग्गा दर्ता निर्णयको समर्थनको लागि तत्कालीन श्री ५ को सरकारसमक्ष मिति २०३१।१२।७ मा पठाएकोमा उक्त निर्णय समर्थन नहुँदै तह–तह हक हस्तान्तरण गरियो । आफुखुसी प्लट नं. राखिएको छ । गल्ला लाइनमा ६४ प्लट हुनै सक्दैन । जग्गाको स्रोत नै सार्वजनिक छ । नगरपञ्चायतको आफ्नो अधिकारमा भएको जग्गासम्म निजमा अधिकार रहने हो तर सार्वजनिक प्रकृतिको जग्गा कसैको हक स्थापित हुने गरी दिन नगरपालिकाले निर्णय गर्न सक्दैन । अ.ब.३५ नं. ले जग्गा दर्ता गर्ने अधिकार नगरपञ्चायतलाई छैन । सार्वजनिक जग्गा दर्ता गराए पनि स्वतः बदर हुने हुँदा सर्वोच्च अदालतको संयुक्त इजलासको फैसला बदर गरी विवादित जग्गा सार्वजनिक कायम गरिनुपर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

पुनरावेदक नगरपालिकाको तर्फबाट विद्वान् अधिवक्ता श्री इन्द्र खरेलले तत्कालीन नगरपञ्चायतको निर्णयले मात्र सम्पत्ति दिन नसकिने भन्ने तत्काल बहाल रहेको नगर पञ्चायत ऐन, २०१९ को दफा ६०(२)(ढ) ले स्पष्ट गरेको छ । नगर पञ्चायतले गरेको निर्णय तत्कालीन श्री ५ को सरकारबाट समर्थन भएमा मात्र मान्य हुनेमा तत्कालीन श्री ५ को सरकारबाट समर्थन भएको अवस्था छैन।

प्रधानपञ्चको निर्णय अन्तिम होइन । प्रधानपञ्चको निर्णय समर्थन नभएकोले प्रधानपञ्चको निर्णयले मान्यता पाउन सक्दैन । गाउँ ब्लक र नाप नक्सा भएको भनी पारित लिखतमा उल्लेख छ । दूषित लिखतका आधारमा हक हस्तान्तरण हुँदै गयो । कति जग्गा हो भन्ने कुरा लिखतमा खुलाइएन । विवादित जग्गामा मन्दिर रहेको छ । उक्त जग्गा सार्वजनिक हुँदा तत्कालीन नगरपञ्चायतले दिए पनि तत्कालीन श्री ५ को सरकारबाट समर्थन नभएकोले व्यक्ति विशेषका नाममा दर्ता गर्न मिल्दैन भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

प्रत्यर्थी वादीको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्तात्रय श्री अम्मरबहादुर पाण्डेय, श्री हरिहर दाहाल र श्री शेखरकुमार जोशीले १९९८ सालमा राजविराज नगर बसाउँदा व्यक्तिको जग्गा प्लटिङ गरी बनाएको हो । मेरो पक्षले विटौरी तिरेका छन् । विटौरी बिक्री गर्ने अधिकार नगरपालिकामा रही आफैँले जग्गा दर्ताका विषयमा निर्णय गर्न सक्ने अवस्था थियो । नगरक्षेत्रभित्रको जग्गा नगरपञ्चायतले आफैँले बन्दोबस्त गर्न पाउँदथ्यो । नगरपञ्चायतले जग्गा आफैँ बन्दोबस्त गर्न नसक्ने भए असर्फीको नाउँमा गरिएको दर्ता र असर्फिबाट हक हस्तान्तरण गरिएको कार्यलाई जालसाज ठहर गर्नुपर्ने थियो तर प्रस्तुत विवादमा सो अवस्था छैन । तत्कालीन नगरपञ्चायतले प्लट नं.६४ को जग्गा बन्दोबस्त गरी मेरो पक्षको परदाताको नाममा दर्ता हुने निर्णय गरी मिति २०३१।१२।२५ मा दाताले बकसपत्र गरी दिएकोमा सोउपर उजुर परेको छैन । मेरो पक्षले मिति २०३९।५।३ मा जग्गा खरिद गरेको हो । यो जग्गा सार्वजनिक प्रकृतिको नभएबाट हक कायम हुने ठहर गरेको संयुक्त इजलासको फैसला कानूनसम्मत हुँदा सदर हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

उल्लिखित बहस जिकिर सुनी वादी दाबी, प्रतिउत्तर जिकिर एवं पुनरावेदन जिकिर र यस अदालतबाट भएको पुनरावलोकनको निस्साको आधार, मिसिल संलग्न रहेका कागजात तथा सम्बद्ध कानूनी व्यवस्थासमेतलाई दृष्टिगत गरी हेर्दा प्रस्तुत मुद्दामा मुख्यरूपमा देहायका विषयहरूमा केन्द्रित रही निर्णय दिनु पर्ने देखिएको छ :

१. विवादित जग्गा सार्वजनिक जग्गा हो होइन ? सार्वजनिक जग्गा हो भने तत्कालीन नगरपञ्चायतले गरेको दर्ता आदेशबाट व्यक्तिको हक कायम हुन सक्ने हो होइन ?
२. यस अदालतको संयुक्त इजलासको फैसला मिलेको छ, छैन ?

माथि निर्धारण गरिएका प्रश्नहरूमा प्रवेश गर्नुअघि प्रस्तुत मुद्दामा विद्यमान रहेका केही तथ्यहरूलाई संक्षेपमा उल्लेख गर्नु सान्दर्भिक हुने देखिन्छ । फिराद दाबीमा मुलतः देहायका विषयवस्तु उठाएको पाइन्छ :

- अम्बिका राजभण्डारीको नाउँ दर्ताको राजविराज नगरपञ्चायत वडा नं.४ को प्लट नं.६४/४ को ०–०–१३१/४ जग्गा र द्वारिकादेवी श्रेष्ठको नाउँ दर्ताको प्लट नं.६४/३ को ०–०–१३१/४ जग्गा मिति २०३९।५।३ मा राजीनामा गरी लिई आफ्नो हकमा आएको ।
- उक्त जग्गामा बाँसको खामा र टाट जाफरी काँटी ठोकी बार लगाएकोमा विपक्षीहरूले मिति २०४५।१०।७ मा बार भत्काई सामानसमेत लुटपिट गरी लगेका ।
- लुटपिट गरी लगेको बिगो जम्मा रू.२२२५।– विपक्षीहरूबाट दिलाई भराई सजाय समेत गरिपाऊँ ।

प्रतिवादीहरूतर्फबाट पेस हुन आएको प्रतिउत्तरपत्र र पुनरावेदन पत्रमा मूलतः देहायको जिकिर लिइएको

देखिन्छः

- तत्कालीन श्री ५ को सरकारबाट समर्थन भई आएबमोजिम गर्ने गरी वादीका परदाता असर्फि साहु रौनियारको नाममा दाबी लिएको प्लट जग्गा दर्ता आदेशसम्म दिएको हो दर्ता भइसकेको जग्गा होइन।
- सार्वजनिक उपयोगको लागि सार्वजनिक राखिएको जग्गाको पूर्ण स्वामित्व नगरपालिकामा नरहेको हुँदा तत्काल मिति २०३१।९।१५ मा असर्फि साहु रौनियारलाई दिने निर्णय गर्दा नगरपञ्चायत ऐन, २०१९ को दफा ६०(२)(ढ) को परिधिभित्र रहने गरी दिने र सो निर्णय समर्थनको लागि तत्कालीन श्री ५ को सरकारमा पठाउने भन्ने निर्णय भएको हो।
- विवादित जग्गाको विषयमा सरकारको स्वीकृतिसम्बन्धी कारवाही चलिरहेको र सोको निकासा भई नसकेको अवस्थामा तत्कालीन श्री ५ को सरकारको समर्थन भई आउनुअगाडि नै असर्फि साहु रौनियारले अम्बिका राजभण्डारी र द्वारिका देवी श्रेष्ठसमेतलाई बकसपत्र गरी दिई निजहरूबाट वादीले राजीनामा गरी लिएको दाता तथा परदाताको स्रोत नै वैधानिक छैन।
- वादी दाबीको ६४/३ र ६४/४ को प्लटमा हाल देवस्थल भएको र उक्त जग्गामा बजारियाहरूको सन्धि सर्पनको जग्गा भई सार्वजनिक उपभोगमा रहेको हुँदा सार्वजनिक कायम हुनुपर्दछ।

वादीका परदाता असर्फी साहु रौनियारका नाममा जग्गा दर्ताको सन्दर्भमा तत्कालीन राजविराज नगरपञ्चायतबाट देहायबमोजिम गर्ने गरी निर्णय भएको पाइन्छः

- नगरपञ्चायत क्षेत्रभित्रको खाली खस्ता पर्ती जग्गा प्लटहरू तत्कालीन श्री ५ को सरकारबाट सर्मथन भई आएका अवस्था कारवाही गरी टुंगो लगाउने गरी तत्कालीन कार्यबाहक प्रधानपञ्चलाई अधिकार प्रत्यायोजन गर्ने भन्ने तत्कालीन नगरपञ्चायतको २०३१।८।१३ को बैठकको निर्णय।
- असर्फी साहु रौनियारका नाममा ज.वि.०–२–१९१/४ प्लट दर्ता गरी समर्थनको लागि मन्त्रिपरिषद्को सचिवालय र पञ्चायत मन्त्रालयमा पठाउने भनी २०३१।९।१५ मा निर्णय गरी मिति २०३१।१२।७ मा समर्थनको लागि लेखी पठाएको।

२. उल्लिखित तथ्यहरू समेतको प्रकाशमा अब माथि निर्धारण गरिएका प्रश्नहरूमा विवेचना गरौँ। अम्बिका राजभण्डारी र द्वारिका श्रेष्ठबाट मिति २०३९।५।३ मा गरी लिएको राजीनामाको लिखत वैधानिक भएको भन्ने वादी र वादीले प्राप्त गरेको लिखतको स्रोत नै वैधानिक नभएको र जग्गा सार्वजनिक उपयोगमा प्रयोग भइरहेको भन्ने विवाद हुँदा यी वादीले प्राप्त गरेको स्रोत वैधानिक छ छैन भन्ने विवादित प्रश्नको निरूपण गर्नुपर्ने देखिन आएको छ। विवादको जग्गा तत्कालीन नगरपञ्चायतको मिति २०३१।८।१३ को बैठकले नगरपञ्चायत क्षेत्रभित्रको खाली खस्ता पर्ती जग्गा प्लटहरू दर्ता सम्बन्धमा तत्कालीन श्री ५ को सरकारसमक्ष समर्थनको लागि लेखी पठाई समर्थन भई आएपछि कारवाही गरी टुंगो लगाउनेसम्मको अधिकार तत्कालीन नगरपञ्चायतका कार्यबाहक प्रधानपञ्चलाई प्रत्यायोजन गरेको देखिन्छ। विवादित ज.वि.०–२–१९१/४ जग्गा असर्फि साहु रौनियारका नाममा दर्ता गरी समर्थनको लागि मन्त्रिपरिषद्को सचिवालय र पञ्चायत मन्त्रालयमा पठाउने भनी २०३१।९।१५ मा

निर्णय गरी मिति २०३१।१२।७ मा समर्थनको लागि लेखी पठाएको देखिन्छ । तर उक्त निर्णय यो मितिमा समर्थन भएको भनी वादीले उल्लेख गर्न सकेकोसमेत देखिँदैन । नगरपालिका क्षेत्रभित्रको सार्वजनिक प्रकृतिको जग्गा व्यक्तिको नाममा दर्ता गर्ने आदेश गरी सोको आधिकारिक समर्थनको लागि तत्कालीन श्री ५ को सरकारसमक्ष लेखी पठाएकोमा उक्त निकायबाट २०३१।९।१५ को निर्णयलाई सर्मथन गरेको भन्ने प्रमाण मिसिलबाट देखिन आएको छैन । जुन निर्णय समर्थनको लागि पठाएको हो सो निर्णय समर्थन भई नआएको स्थितिमा नै असर्फि साहु रौनियारले मिति २०३१।१२।२५ मा अम्बिका राजभण्डारी र द्वारिकादेवी श्रेष्ठलाई बकसपत्र गरिदिएको देखिन्छ । अम्बिका राजभण्डारी र द्वारिकादेवी श्रेष्ठले लिखत गरी लिएको बकसपत्र जग्गा नै निजहरूबाट वादीले प्लट नं. ६४/३ र ६४/४ उल्लेख गरी मिति २०३९।५।३ मा राजीनामा गरी लिएको अवस्था छ। सोही राजीनामाको आधारमा साबिक राजविराज नगरपञ्चायत वडा नं.४ प्लट नं.६४/४ र ६४/३ को जग्गामा लगाएको टाटबार तोडफोड गरी विपक्षीहरूले लुटपिट गरी लगेकोले बिगो दिलाई भराई सजाय गरिपाउँ भनी वादीले लिएको दाबीमा लुटपिटतर्फको मूल दाबी पुग्न नसक्ने ठहरी सुरूबाट भएको फैसला पुनरावेदन अदालत तथा यस अदालतबाट समेत सदर भएकोमा लुटपिटको दाबीबाट मुलुकी ऐन, अ.बं.८० नं. बमोजिम उठेको हक कायमतर्फको दाबी पुग्ने ठहर्‍याई सुरूबाट भएको फैसला यस अदालतको संयुक्त इजलासबाट सदर गरेको देखिन आउँछ । लुटपिटतर्फको दाबी नपुग्ने भनी यस अदालतको संयुक्त इजलासबाट भएको फैसलाउपर वादीको पुनरावलोकनको लागि निवेदन परेको नदेखिँदा सोतर्फ केही विचार गरिरहन परेन। लुटपिटको दाबीबाट मुलुकी ऐन, अ.बं.८० नं. बमोजिम उठेको हक कायमतर्फको दाबी पुग्ने ठहर्‍याई यस अदालतबाट भएको फैसलाउपर प्रतिवादीको पुनरावलोकनको निवेदन परी पुनरावलोकनको निस्सा प्रदान भई प्रस्तुत मुद्दा निर्णयार्थ पेस हुन आएको छ।

३. हनुमान नगर नापी गोश्वाराले राजविराज नगरपालिका स्थापनाको लागि वि.स.१९९८ सालमा तयार गरेको नापी नक्सामा विवादित जग्गा बैल गाडा खडा गर्ने चौर (Proposed for Cart Stand) भन्ने उल्लेख भई विवादित जग्गाको प्लट नं. नराखी टाउन प्लानिङ गरेको देखिन्छ। पुनरावेदन अदालत, राजविराजको आदेशबमोजिम सप्तरी जिल्ला अदालतबाट मिति २०५८।५।२४ मा भई आएको नक्सा मुचुल्का हेर्दा साबिक १९९८ सालको नापी नक्सामा बैलगाडा खडा गर्ने चौरका रूपमा राखेको विवादको ४ किल्लाभित्रको जग्गामा हाल दुर्गा भगवतीको मन्दिर, शिव मन्दिर, पानीको धारा, पिपलको रूखसहितको चौतारा र सार्वजनिक कच्ची बाटो भन्ने उल्लेख छ।

४. १९९८ सालमा नगर योजना तयार गर्दा नै सार्वजनिक प्रयोजनका लागि छुट्याइएको विवादित जग्गा तत्कालीन नगर पञ्चायतबाट २०३१ सालमा असर्फि साहु रौनियारका नाउँमा दर्ता गर्ने निर्णय गर्दा स्वीकृतिको लागि तत्कालीन श्री ५ को सरकारमा पठाउने भन्ने उल्लेख भई सोहीबमोजिम समर्थनका लागि लेखी पठाएकोमा तत्कालीन श्री ५ को सरकारबाट स्वीकृत भएको भन्ने देखिन आएन । तत्काल बहाल रहेको नगर पञ्चायत ऐन, २०१९ को दफा ३७ मा रहेको व्यवस्था हेर्दा "नगरपञ्चायतको इलाकाभित्रको निम्न लिखित सम्पत्ति नगरपञ्चायतको सम्पत्ति हुनेछ र नगरपञ्चायतले सो सम्पत्तिको रेखदेख र प्रबन्ध गर्नेछः

(१) गरपञ्चायतबाट बनेको वा खरिद भएको वा थुपारिएको वा नगरपञ्चायतलाई श्री ५ को सरकार वा कुनै व्यक्ति वा संस्थाले हक छोडी दिएको सबै सम्पत्ति, र

(ख) कुनै व्यक्ति विशेषको हक अधिकार नभएको र श्री ५ को सरकारको नियन्त्रणमा नरहेको

घर जमिन वा सार्वजनिक ढल, नाल, पुल, पोखरी, देवस्थल वा त्यसको कुनै स्थान, पाटी पौवा, धारा, इनार, सडक र सडकका दायाँबायाँका रूखहरू, ढुंगा, बालुवा र खोलाको माछाहरू।

तर ढुंगा बालुवा र खोलाको माछाबाहेक यस खण्डबमोजिमको सम्पत्ति नगरपञ्चायतले श्री ५ को सरकारको स्वीकृति विना बेचबिखन गर्न वा अरू कुनै प्रकारले आफ्नो हक छाडी दिन पाउने छैन।

५. यसै गरी नगरपञ्चायत क्षेत्रभित्रको सार्वजनिक जग्गाका विषयमा तत्काल बहाल रहेको नगर पञ्चायत ऐन, २०१९ को दफा ६०(२)(ढ) मा भएको कानूनी व्यवस्था हेर्दा "नगरपञ्चायतले आफ्नो क्षेत्रभित्रको जग्गा जमिनको बन्दोबस्त र वितरण गर्ने बारे" भन्ने उल्लेख भई त्यस्तो जग्गाको बन्दोबस्त र वितरण गर्दा सोही ऐनको दफा ६०(१) बमोजिम नगरपञ्चायतले विनियम बनाउन सक्ने र सो विनियम श्री ५ को सरकारबाट स्वीकृत भएपछि लागू हुने भन्ने उल्लेख भएको पाइन्छ। उल्लिखित कानूनी व्यवस्थाबमोजिम नगरक्षेत्रभित्रको सार्वजनिक जग्गाको बन्दोबस्त र प्रबन्ध गर्नेसम्मको अधिकार भएको तर त्यस्तो सार्वजनिक जग्गामा व्यक्ति विशेषको हक र स्वामित्व स्थापित हुने गरी दर्ता गर्नुपूर्व तत्कालीन श्री ५ को सरकारको स्वीकृति लिनु पर्ने र त्यस्तो सार्वजनिक प्रकृतिको जग्गाको विषयमा हक हस्तान्तरण गर्न बनाइएको विनियमसमेत तत्कालीन श्री ५ को सरकारबाट स्वीकृत भएबमोजिम हुनु पर्ने हुन्छ। नगरक्षेत्रभित्रको जग्गा तत्कालीन श्री ५ को सरकारको स्वीकृति विना बेचबिखन गर्न वा अरू कुनै प्रकारले आफ्नो हक छाडी दिन पाउने कुनै अधिकार तत्कालीन नगरपञ्चायत ऐन, २०१९ को दफा ३७ (ख) तथा ६०(२)(ढ) ले नगरपञ्चायतलाई प्रदान गरेको देखिन आएन।

६. तत्कालीन अवस्थामा विवादित जग्गा दर्ता गर्ने आदेश दिएको हो भने पनि त्यस्तो दर्ता आदेश समर्थन भई नसकी कारवाहीको क्रममा नै रहेको अवस्थामा र असर्फी साहुबाट अम्बिका राजभण्डारी र द्वारिकादेवी श्रेष्ठ हुँदै यी वादीले राजीनामा गरी लिएको भनेको कथित मिति २०३९।५।३ सम्म मिति २०३१।९।१५ को दर्ता आदेशको समर्थन भई नआएकोले वादीले प्राप्त गरेको भनेको परदाता असर्फी साहुको नामको स्रोत नै वैधानिक देखिन आएन। परदाताले प्राप्त गरेको जग्गाको स्रोत नै वैधानिक छैन भने त्यसपछिका लिखत एवं हक हस्तान्तरण गरिएका भनिएका जग्गाको स्रोतहरू समेत स्वतः कानूनी मान्यताविहीन भई त्यस्तो लिखतले कानूनी मान्यता प्राप्त गर्न सक्ने कुरा भएन।

७. यसप्रकार वादीले फिराद दाबीमा उल्लेख गरेको ६३/३ र ६४/४ का प्लट नं. हरू १९९८ सालको टाउन प्लानिङ्गमा समेत उल्लेख नभई बैल गाडा खडा गर्ने चौर उल्लेख भएको, तत्कालीन नगरपञ्चायतले असर्फी साहुको नाममा दर्ता आदेश गर्दासमेत प्लट नं. उल्लेख नभएको अवस्थामा कथित राजीनामा लिखतमा उक्त प्लट नं. उल्लेख गरी हक हस्तान्तरण गरिएको, सप्तरी जिल्ला अदालतबाट मिति २०५८।५।२४ मा भएको नाप नक्सामा १९९८ सालको टाउन प्लानिङ्गमा बैल गाडा खडा गर्ने चौर उल्लेख भएको जग्गालाई नै ६३/३ र ६४/४ का प्लट नं. हरू भनी वादीले उल्लेख गरेको देखिए पनि वादीले विवाद देखाएको जग्गामा हाल दुर्गा भगवतीको मन्दिर, शिव मन्दिर, पानीको धारा, पिपलको रूखसहितको चौतारा र सार्वजनिक कच्ची बाटो भन्ने उल्लेख भई उक्त विवादित जग्गा सार्वजनिक हितको उपयोगमा प्रयोग भई आएको भन्ने देखियो।

८. सार्वजनिकरूपमा प्रयोगमा रहेका देवी देवताका मन्दिर, धारा, चौतारा र बाटो जस्ता सार्वजनिक हितको जग्गा सार्वजनिक हितको लागि

मात्र नगरपालिकाले उचित बन्दोबस्त र प्रबन्धसम्म गर्न पाउने हो तर व्यक्ति विशेषको हक स्थापित हुने गरी नगरपालिकाले हक र स्वामित्वको हक हस्तान्तरण गर्न सक्ने देखिएन। सार्वजनिक उपयोगमा प्रयोग भइरहेको त्यस्तो जग्गा कुनै व्यक्ति विशेषका नाममा दर्ता भएको भए पनि स्वतः बदर हुन जाने हुँदा वादीले राजीनामा गरी लिएको भनेको कथित लिखतको स्रोत परदाता असर्फी साहुको दर्ता नै वैधानिक नदेखिएबाट त्यसबाट सिर्जित गरिएका वा हस्तान्तरण गरिएका लिखतसमेत स्वतः कानूनी मान्यता विहीन लिखत हुँदा वादीले प्राप्त गरेको भनेको मिति २०३९।५।३ को लिखत वैधानिक नभएबाट दाबीको जग्गामा वादीको हक कायम हुन सक्ने स्थिति रहेन।

९. अब, यस अदालतको संयुक्त इजलासको फैसला मिलेको छ छैन भन्नेतर्फ विचार गर्दा मन्दिर, पानीको धारा, बाटो र चौताराहरू रहेको सार्वजनिक प्रकृतिको जग्गामा वादीको निजी हक भोग देखिने वैधानिक स्रोतको अभावमा समेत लुटपिट तर्फको मूल दाबी नपुग्ने ठहर्‍याई त्यसबाट उठाएको हक कायम मुद्दाबाट हक कायम हुने ठहर गरेको यस अदालत संयुक्त इजलासको मिति २०६२।५।१३ को फैसला सार्वजनिक जग्गा व्यक्ति विशेषले दर्ता गराएकै भए पनि बदर हुने भनी यस अदालतको पूर्ण इजलासबाट वादी हेडम्वराज पराजुली विरूद्ध प्रतिवादी तारानाथ गौतमसमेत भएको जग्गा खिचोला मुद्दामा (ने. का.प.२०५४, अंक १२, नि.नं. ६४७९, पृष्ठ ६७८) प्रतिपादित सिद्धान्त प्रतिकूल देखिन आयो।

१०. अतः माथि विवेचित आधार र कारणबाट १९९८ सालमा नगर योजना तयार गर्दा नै सार्वजनिक प्रयोजनका लागि छुट्याइएको विवादित जग्गा तत्कालीन राजविराज नगरपञ्चायतबाट २०३१।९।१५ मा असर्फि साहु रौनियारका नाउँमा दर्ता गर्ने निर्णय गर्दा स्वीकृतिको लागि तत्कालीन श्री ५ को सरकारमा पठाउँने भन्ने उल्लेख भई सोहीबमोजिम मिति २०३१।१२।७ मा समर्थनका लागि लेखी पठाएकोमा तत्कालीन श्री ५ को सरकारबाट स्वीकृति भई नआउँदै तहतह हक हस्तान्तरण गरिएको र हालसम्म पनि स्वीकृति प्राप्त गर्न नसकेको अवस्था छ। दाता तथा परदाताले नै लिएको हक पक्का भई नसकेको अवस्थामा निजबाट प्राप्त गर्ने यी वादीको सो जग्गामा हक भएको भनी सम्झन नमिल्ने हुन्छ। वादी दाबीको जग्गामा तत्कालीन नगरपञ्चायतको टाउन प्लानिङको योजनाअनुसार सार्वजनिकरूपमा प्रयोग गर्ने गरी राखिएकोमा सो सार्वजनिक जग्गा तत्काल प्रचलित कानूनबमोजिम कसैको नाममा दर्ता गर्न नमिल्ने गरे पनि बदर हुने प्रकृतिको जग्गा रहेको छ। विवादित जग्गामा हाल दुर्गा भगवतीको मन्दिर, शिव मन्दिर, पानीको धारा, पिपलको रूखसहितको चौतारा र सार्वजनिक कच्ची बाटो रही सार्वजनिक उपयोगमा रहेको र वादीले प्राप्त गरेको परदाता असर्फी साहु रौनियारको वैधानिक स्रोतको अभावमा वादीको निजी हक भोग भन्न मिल्ने नदेखिँदा लुटपिटतर्फको मूल दाबी नपुग्ने ठहर्‍याई त्यसबाट उठाएको हक कायम मुद्दाबाट हक कायम हुने ठहर गरेको यस अदालत संयुक्त इजलासको मिति २०६२।५।१३ को फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई वादी दाबी नपुग्ने ठहर्छ। यो फैसलाको जानकारी राजविराज नगरपालिकाको कार्यालयसमेत अन्य प्रतिवादीहरू समेतलाई दिई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू।

उक्त रायमा हामी सहमत छौं।
स.प्र.न्या.रामकुमार प्रसाद शाह
न्या.सुशीला कार्की

इजलास अधिकृत : दीपक ढकाल
इति संवत् २०७१ साल पुस २४ गते रोज ५ शुभम्।

निर्णय नं. ९५७३

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
फैसला मिति : २०७२।१।१०।५
०७०-NF-००१०

मुद्दाः भरपाई लिखत दर्ता बदर दर्ता कायम

पुनरावेदक / वादी : का.जि.का.म.न.पा. वडा नं. १ घर भई हाल ऐ. वडा नं. ४ बस्ने पुरण शमशेर ज.ब.रा.

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : का.जि.का.म.न.पा. वडा नं. १ नक्साल बस्ने खड्गकुमारी राणासमेत

- **नेपाल सरकारले मोही हक लागेको जग्गा, जग्गावाला र मोहीबिच बाँडफाँडको कार्य गर्न गराउन समय तोकी सूचना प्रकाशन भएपछि जग्गाधनी र मोहीबिच जग्गा बाँडफाँड गर्ने वा जग्गाधनी र मोहीमध्ये कुनै एकको नाममा एकलौटी कायम गर्ने कार्य अंश मुद्दा परेको कारणले रोकिन सक्दैन । त्यो कानूनबमोजिम बाँडफाँड हुन्छ । कानूनबमोजिम भएको कार्यलाई लेनदेन व्यवहारसरह मानी लिखत बदरको फिराद गर्न पाउने भन्न नमिल्ने ।**

(प्रकरण नं.६)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् अधिवक्ता धिरेन्द्र सिंह

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू हरिहर दाहाल र लोकभक्त राणा

अवलम्बित नजिर :

- नेकाप २०६७, साउन, नि.नं.८३५९, पृ.६६७
- नेकाप २०६८, साउन, नि.नं.८५९७, पृ.६४६
- नेकाप २०६९, असोज, नि.नं.८८४५, पृ.९४६

सम्बद्ध कानून :

- भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ख, २६ग, २६घ, २६घ२, २६ङ र २६च

सुरू तहमा फैसला गर्ने :
मा. न्या. श्री बिनोदमोहन आचार्य

पुनरावेदन तहमा फैसला गर्ने :
मा. न्या. श्री कृष्णप्रसाद बस्याल
मा. न्या. श्री बुद्धिप्रसाद रेग्मी

यसअघि फैसला गर्ने :
मा. न्या. श्री गिरीश चन्द्र लाल
मा. न्या. श्री डा.भरतबहादुर कार्की

फैसला

न्या.कल्याण श्रेष्ठ : यस अदालतको संयुक्त इजलासबाट मिति २०६९।१।२२ मा भएको फैसलामा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) बमोजिम पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान भई पेस भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ :

प्रतिवादी खड्गकुमारी र म फिरादी आमा छोरा हौँ । हामीबिच आजसम्म अंशबन्डा भएको छैन । म फिरादीले २ भागको एक भाग अंश पाउँ भनी प्रतिवादी मुमाहजुरउपर अंश मुद्दा दायर गरी मुद्दा विचाराधीन अवस्थामा छ । मुद्दा विचाराधीन

रहेकै अवस्थामा मेरोसमेत अंश भाग लाग्ने का.जि. का.म.न.पा. वडा नं. १, कि.नं. ११२७, ०-१०-३-२ क्षेत्रफल जग्गा र घर मेरो अंश भाग मेटाउने उद्देश्यले प्रतिवादी मोही रूद्रकुमारी देवी शाह र जग्गाधनी आमा दुवै जनाले मिलेमतो गरी जग्गाधनीको आधा भागबापतको मोहीबाट मूल्य रू.१०,००,०००।- बुझी लिई मोहीको नाममा एकलौटी कायम गरी मोहीको लगत कट्टा गरिपाउँ भनी प्रतिवादीहरू दुवै जनाले भूमि सुधार कार्यालय, काठमाडौंमा संयुक्त निवेदन दिई मोही प्रतिवादी रूद्रकुमारी देवी शाहबाट उल्लिखित रकम बुझी लिए भनी मिति २०६१।१२।१८ मा भरपाई गरिदिनु भई भरपाई गरी दिएकै मितिमा भूमि सुधार कार्यालयले जग्गाको सम्पूर्ण हक प्रतिवादी रूद्रकुमारी देवी शाहको नाममा एकलौटी कायम गर्न मोही लगत कट्टा गरी मोहीको नाममा दा.खा. गर्नको लागि मालपोत कार्यालयमा लेखी पठाउनु भनी निर्णय भएको रहेछ ।

उक्त निर्णय गर्दा मलाई बुझिएको पनि छैन । सरोकारवालालाई नबुझी गरेको निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुन्छ । अंश हक नैसर्गिक हक हो भन्ने कुरा स्थापित तथ्य हो । मुमाहजुर जग्गाधनी भएको जग्गाबाट मैले आधा अंश नपाउने अवस्था पनि हुँदैन । प्रतिवादी आमा जग्गाधनी भएको मोही जग्गामा आमाको आधा हक हिस्सा हो । सो आधा हक हिस्साबापतको रकम बुझी मोहीलाई भरपाई गर्दैमा मेरो अंश हक मेटिँदैन । तसर्थ रू. १०,००,०००।- बुझेको भरपाई, भूमि सुधार कार्यालय, काठमाडौंबाट मिति २०६१।१२।१८ मा भएको निर्णयलगायतका काम कारवाही बदर गरी आधा भाग मेरो नाममा दर्ता गरिपाउँ भन्नेसमेत व्यहोराले वादी पुरण शमशेर ज.ब.रा.ले काठमाडौं जिल्ला अदालतमा दिएको फिराद पत्र ।

वादी दाबीको विवादित जग्गा साबिकमा नारायण लिन कुमारी राणाको नाममा रही मेरो नाममा मिति २०२१।६।२२ मा शेषपछिको बकसपत्रबाट आएको हो । यो जग्गाको मोही रूद्रकुमारी देवी शाह हुन् । मोही हकको जग्गा कानूनबमोजिम मोहीबाट रकम लिएर वा जग्गाधनीले आपसी मञ्जुरीमा रकम दिएर जग्गाधनीको नाममा एकलौटी कायम गर्न भूमिसम्बन्धी ऐन, २०२१ को कानूनी व्यवस्थाले कुनै बाधा बिरोध छैन । यसरी वादी दाबीको जग्गा एकातिर स्त्री अंश धनको महलको ४ र ५ नं. अनुसार आफूखुश गर्न पाउने प्रकृतिको जग्गा हो भने अर्कोतिर भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम जग्गाधनी र मोहीमध्ये एकजनाले एकलौटी दर्ता गर्न पाउने जग्गा भएको हुँदा जग्गाधनीको आधा हक हिस्सा पनि मोहीको नाममा एकलौटी कायम गर्दा वादीको मञ्जुरनामा लिनु नपर्ने हुँदा वादी दाबी खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी खड्गकुमारी राणाको तर्फबाट पेस भएको प्रतिउत्तर पत्र ।

भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम मोही जग्गाको बाँडफाँड गर्ने कार्य जग्गाधनी र मोहीबिच सिमित हुन्छ । वादी दाबीको जग्गा कुनै अंशियारको मञ्जुरी लिनु नपर्ने खड्गकुमारी राणाको दाईजो पेवाको आफूखुश गर्न पाउने सम्पत्ति हो । मैले खड्गकुमारी राणाको सहमतिमा दश लाख रूपैयाँ दिई सो जग्गा आफ्नो नाममा कायम गराएको हो । भमि सुधार कार्यालयले मोही र जग्गाधनीको सहमतिमा कुनै एक जनाको नाममा कायम गर्ने भनी गरेको निर्णयउपर मुद्दा लाग्ने र पुनरावेदन लाग्ने कानूनी व्यवस्था छैन । त्यसकारण प्रस्तुत मुद्दा क्षेत्राधिकारविहीन हुँदा वादी दाबी खारेज हुनुपर्दछ भन्नेसमेत व्यहोराको प्रतिवादी रूद्रकुमारी देवी शाहको तर्फबाट पेस भएको प्रतिउत्तर पत्र ।

प्रतिवादी खड्गकुमारी राणा र वादी एकासगोलका आमा छोरा भएको देखिएकोसमेतका आधारमा आज यसै इजलासबाट लगाउको अंश मुद्दामा दुई भागको एक भाग अंश वादीले पाउने ठहरी फैसला भएको भए तापनि प्रस्तुत मुद्दामा मोही हकको जग्गा मोही र जग्गाधनीबिचको आपसी सहमतिले प्रतिवादी

खड्गकुमारी राणाले आफ्नो आधा हकबापतको रकम बुझी प्रतिवादी मोहीको नाममा एकलौटी दर्ता गर्न भरपाई गरी संयुक्त निवेदन दिएको आधारमा भूमि सुधार अधिकारीले मोही लगत कट्टा गरी प्रतिवादी मोहीको नाममा एकलौटी दर्ता गर्ने भनी गरेको निर्णयउपर भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६च बमोजिम पुनरावेदन नै नलाग्नेमा सुरू अदालतको अधिकारक्षेत्र ग्रहण गरी निर्णय गर्न नमिल्ने हुँदा वादी दाबी नपुग्ने ठहर्छ भन्नेसमेत व्यहोराको काठमाडौं जिल्ला अदालतको मिति २०६३।७।२२ को फैसला।

उक्त फैसलामा चित्त बुझेको छैन। प्रतिवादी आमा र मबिच चलेको अंश मुद्दामा वादी दाबी पुग्ने गरी फैसला भएपछि प्रस्तुत मुद्दामा पनि आमाको भागबाट १ भाग मैले अंश पाउनुपर्नेमा वादी दाबी नै नपुग्ने ठहरी सुरू अदालतबाट भएको फैसला भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ङ(१), प्राकृतिक न्यायको सिद्धान्त र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तविपरीत हुँदा बदर गरिपाउँ भन्नेसमेत व्यहोराले वादी पुरण शमशेर ज.ब.रा. ले पुनरावेदन अदालत, पाटनमा पेस गरेको पुनरावेदन पत्र।

यसमा मुद्दा पर्दापर्दैको अवस्थामा पुनरावेदक वादीकी आमाको नाममा दर्ता भएको जग्गा अंशियारको मञ्जुरी नलिई छोडपत्र गरी हक हस्तान्तरण गरेको व्यवहारबाट पुनरावेदक वादीको हक मेटिन गएको अवस्थामा वादी दाबी पुग्न नसक्ने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६३।७।२२ को फैसला फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन, अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाई पेस गर्नु भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनको मिति २०६४।३।३२ को आदेश।

वादी र प्रतिवादी खड्गकुमारी राणाबिच अंश मुद्दा परिसकेपछि अंशियारमध्येकी खड्गकुमारी राणाले मोहीलाई आफ्नो अंश भागको जग्गा मात्र छोडपत्र गरी दिन पाउनेमा सम्पूर्ण कित्ता जग्गा छोडपत्र गरी भरपाईसमेत गरिदिएको देखिँदा त्यस्तो छोडपत्रमध्ये आधा वादीको अंश भाग लाग्ने देखिएको र विवादित भरपाईमा मोहीले घर पनि बनाएको भन्ने देखिँदा घरतर्फको भाग सदरै रहने गरी घर नभएको तर्फबाट वादीको अंश भागको आधासम्म छोडपत्र भरपाई बदर भई आधी जग्गामा वादीको हक कायम हुने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनको मिति २०६४।९।१० को फैसला।

उक्त फैसलामा चित्त बुझेको छैन। विवादित जग्गा मोही हकको जग्गा हो। प्रतिवादी खड्गकुमारी राणाको नामको कि.नं. ११२७ को जग्गा मिति २०२१।६।२२ मा बुढी सासु नारायण लिन कुमारी राणाले शेषपछिको बकसबाट खड्गकुमारी राणाले पाएको हो। बकसबाट पाएको जग्गा मुलुकी ऐन, स्त्री अंशधनको महलको ४ र ५ नं बमोजिम वादीले आफूखुश गर्न पाउने हुन्छ। प्रतिवादी खड्गकुमारी राणा जग्गाधनी र प्रतिवादी रूद्रकुमारी देवी शाह मोही भएको तथ्य स्थापित छ। त्यसलाई वादीले अन्यथा भन्नसकेको देखिँदैन। भूमिसम्बन्धी ऐन, २०२१ मा चौथो संशोधन भएपछि मोही हकको जग्गा जग्गाधनी र मोहीमध्ये कुनै एकको नाममा एकलौटी कायम गर्ने निर्णय सम्बन्धित भूमि सुधार अधिकारीले गर्ने र सोउपर पुनरावेदन नलाग्ने व्यवस्था भएको हुँदा क्षेत्राधिकारको अभावमा भएको पुनरावेदन अदालत, पाटनको फैसला बदर भई सुरू अदालतको फैसला सदर हुनुपर्दछ भन्नेसमेत व्यहोराले प्रतिवादीहरू खड्गकुमारी राणा र रूद्रकुमारी देवी शाहले एउटै व्यहोराले फरक-फरकरूपमा यस अदालतमा पेस गरेको पुनरावेदन पत्र।

यसमा विवादको कि.नं. ११२७ को जग्गाका मोही रूद्रकुमारी देवी शाह भएको भन्ने कुरामा विवाद देखिँदैन। पुनरावेदन अदालत, पाटनबाट त्यस्तो मोहियानी लागेको जग्गामा समेत वादीको आधी हक हुने भनी आधी निर्णय बदर भई आधी जग्गामा वादीको

हक कायम हुने ठहर्‍याई फैसला भएको देखिन्छ । भूमिसम्बन्धी ऐन, २०२१ मा भएको चौथो संशोधन (२०५३) पछि मोहियानी लागेको जग्गामा मोहीको आधा हक हुने गरी कानूनी व्यवस्था भएको परिप्रेक्ष्यमा विवादको जग्गामा जग्गाधनी र मोहीको हकका सम्बन्धमा उल्लेख नै नगरी समुच्चारूपमा आधी निर्णय बदर भई वादीको हक कायम हुने ठहर्‍याएको र क्षेत्राधिकारको प्रश्न उठेको अवस्थामा त्यसतर्फ विवेचना नै नगरिएको हुँदा पुनरावेदन अदालत, पाटनको मिति २०६४।९।१० फैसला फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन, अ.बं. २०२ नं. बमोजिम विपक्षी झिकाउनु भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०६७।८।१२ को आदेश ।

विवादित जग्गाको जग्गाधनी प्रतिवादी खड्गकुमारी राणा र मोही प्रतिवादी रूद्रकुमारी देवी शाह भएको तथ्यमा विवाद छैन । भूमिसम्बन्धी ऐन, २०२१ मा मोही लागेको जग्गाका सम्बन्धमा मोही वा जग्गाधनीमध्ये कुनै एक जनाको नाममा एकलौटी कायम गर्न सक्नेसमेतका व्यवस्था भई दफा २६च अनुसार दफा २६ख, २६ग, २६घ, २६घ२ र २६ङ बमोजिम तोकिएको अधिकारीले मोहीको नाममा एकलौटी कायम गर्ने भनी गरेको निर्णयउपर कुनै अदालतमा पुनरावेदन नलाग्ने हुँदा भूमि सुधार अधिकारीले गरेको निर्णय अन्तिम भई त्यसउपर फिराद लाग्न नसक्ने हुँदा पुनरावेदन अदालत, पाटनको मिति २०६४।९।१० को फैसला उल्टी भई फिराद नै खारेज हुने ठहर्छ भन्नेसमेत व्यहोराको यस अदालतको संयुक्त इजलासबाट मिति २०६९।१।२२ मा भएको फैसला ।

अंश नैसर्गिक हक हो भन्ने कुरा यस अदालतबाट स्थापित भइसकेको छ । प्रस्तुत मुद्दामा मेरोसमेत अंश भाग लाग्ने जग्गा प्रतिवादी आमा खड्गकुमारी राणाले प्रतिवादी रूद्रकुमारी देवी शाहबाट रकम बुझी भरपाई गरी मोही प्रतिवादीको नाममा एकलौटी कायम गर्न संयुक्त निवेदन दिई दुषित भरपाईको आधारमा मेरो अंश हक मेटिएको छ । अंश नाताले स्वतः प्राप्त हुने हक हो । प्रतिवादी आमा र मबिच चलेको अंश मुद्दामा मलाई अंशियार कायम गरिएको छ । त्यसउपर प्रतिवादी आमाको तर्फबाट परेको पुनरावेदनमा मलाई अंशियार कायम गरेको फैसला यस अदालतबाट सदर भएको छ । तर पनि म आमाको नामको सबै जग्गा वा सम्पत्तिबाट अंश पाउन वञ्चित भएको छु । म अंश मुद्दासमेतबाट अंशियार कायम भएको अवस्थामा आमा जग्गाधनी र प्रतिवादी रूद्रकुमारी देवी शाह मोही भएको जग्गामा मोहीको नाममा मात्र एकलौटी जग्गा कायम गरेउपर पुनरावेदन नलाग्ने भन्ने आधारमा फिराद खारेज गर्न मिल्दैन । मोही हक बाँडफाँड गरेको विवादमा जग्गाधनी र मोहीले मात्र पुनरावेदन गर्न नपाउने हो । कुनै पनि तरिकाले आफूबाहेक अरू हकवालाको साम्पत्तिक हकलाई हकवालाको मञ्जुरी नलिई तिलान्जली दिने अधिकार कसैलाई पनि हुँदैन ।

यस अदालतबाट भएको फैसलामा मैले मन्त्र नेपाल इन्टरनेशनल नामक कम्पनीको कर्जा तिर्न सो जग्गाबाट प्राप्त रकम लिएको भनी आधार लिएको देखिन्छ । तर सो रकम बैंकमा रोक्का रहेको जग्गा फुकुवाको लागि मात्र तिरेको हो । अतः म अंश मुद्दामा अंशियार कायम भएको अवस्थामा आमा जग्गाधनी भएको जग्गाबाट रकम बुझेको भरपाई बदर गरी आमाको भागबाट आधा अंश पाउनुपर्नेमा फिराद नै खारेज गरेको यस अदालतको संयुक्त इजलासको फैसला प्रतिपादित सिद्धान्तसमेतको विपरीत हुँदा मुद्दा पुनरावलोकन गरी हेर्न निस्सा पाउँ भन्नेसमेत व्यहोराले वादी पुरण शमशेर ज.ब.रा. ले यस अदालतमा दिएको पुनरावलोकनको निवेदन ।

यसमा वादी पुरण शमशेर र प्रतिवादीमध्येकी खड्गकुमारी आमा छोरा नाताका भई एकासगोलका अंशियार रहेको देखिन्छ । यी वादी प्रतिवादीका बिचको अंश मुद्दा विचाराधीन रहेको अवस्थामा वादीको अंश

हक लाग्ने प्रतिवादी खड्गकुमारी मोही भएको का.जि. का.म.न.पा. वडा नं. १ को कि.नं. ११२७ को ०-१०-३-२ को आधी जग्गाको मूल्य रू १०,००,०००।- मोही जग्गाको क्षतिपूर्तिबापत प्रतिवादी खड्गकुमारीले बुझी मिति २०६१।१२।१८ मा भरपाई गरी दिएको देखिन्छ । सगोलको अबन्डा सम्पत्तिमा सबै अंशियारहरूको समान हक अधिकार अन्तरभूत रहेको हुन्छ। मोहियानी लागेको सम्पत्तिमा भूमिसम्बन्धी ऐन, २०२१ को मिति २०५३।९।२४ मा भएको संशोधनले मोहीलाई पनि सो सम्पत्तिको सहस्वामीको रूप दिएबाट सो सम्पत्ति पनि अंश लाग्ने कानूनी मान्यता यस अदालतले अंगिकार गरिसकेको छ । यसरी कि.नं. ११२७ को ०-१०-३-२ जग्गाबाट यी वादीले आफ्नो हक परित्याग गरेको कुनै प्रमाण देखिँदैन । साथै मन्त्र नेपाल इन्टरनेशनल नामको कम्पनीको ऋण तिरी दिएबापत वादीको अंश हकबाट कट्टा हुने गरी कुनै सम्झौता वा लिखत वादीले गरी दिएको पनि मिसिलबाट देखिँदैन। प्रतिवादी खड्गकुमारीले कि.नं. ११२७ को ०-१०-३-२ जग्गाबाट आधा जग्गाको मूल्य रू.१०,००,०००।- मोहीको क्षतिपूर्तिबापत बुझी मिति २०६१।१२।१८ मा भरपाई गरिदिएको कार्यले यी वादीको अंश हकमा असर नपरेको भन्न सकिने अवस्था छैन । सुरू जिल्ला अदालत र पुनरावेदन अदालत, पाटनको फैसला उल्टी गरी खारेज हुने ठहर्‍याएको यस अदालतको फैसलामा ने.का.प. २०६७, साउन, निर्णय नं. ८३५९, पृष्ठ ६६७, ने.का.प. २०६८, साउन, निर्णय नं. ८५९७, पृष्ठ ६४६ र ने.का.प. २०६९, असोज, निर्णय नं. ८८४५, पृष्ठ ९४६ का नजिर प्रतिकूल प्रस्तुत फैसला रहेको देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) बमोजिम मुद्दा पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान गरिदिएको छ भन्ने व्यहोराको यस अदालतको मिति २०७०।५।२८ को आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजातहरूको अध्ययन गरी पुनरावेदक वादी पुरण शमशेर ज.ब.रा. को तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री धिरेन्द्र सिंहले प्रतिवादी खड्गकुमारी राणा र वादी पुरण शमशेर आमा छोरा भएको र वादीले प्रतिवादीबाट अंश मुद्दाबाट अंश पाउने ठहर भएको अवस्थामा तिनै प्रतिवादी आमा जग्गाधनी भई प्रतिवादी श्री रूद्रकुमारी देवी शाह मोही भएको जग्गाबाट आमाको भागबाट अंश नपाउने भन्न मिल्दैन । अंश हक स्वतः प्राप्त हुने नैसर्गिक हक हुँदा मोही हकको जग्गामा मोहीको नाममा जग्गाधनीले हक छाडी मोहीको नाममा एकलौटी दर्ता भएपछि सोउपर पुनरावेदन नलाग्ने भनी फिराद खारेज गर्दा वादीलाई अपूरणीय क्षति भई यस अदालतबाट अंश हकका सम्बन्धमा प्रतिपादित सिद्धान्तसमेतको उल्लङ्घन हुने हुँदा मिति २०७०।५।२८ मा निस्सा प्रदान गर्दा उल्लिखित आधार, कारण र सिद्धान्तबमोजिम यस अदालतको संयुक्त इजलासको फैसला बदर भई पुनरावेदन अदालत, पाटनको फैसला सदर हुनुपर्दछ भन्नेसमेत व्यहोराले बहस प्रस्तुत गर्नुभयो।

प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल र श्री लोकभक्त राणाले वादी दाबीको जग्गा वादीको आमा प्रतिवादी जग्गाधनी भएको देखिए तापनि उक्त जग्गाको मोही प्रतिवादी रूद्रकुमारी देवी शाह हुनुहुन्छ । त्यस कुरालाई वादीले अन्यथा भन्न सकेको छैन । मोही हकको जग्गामा कानूनतः आधा हक जग्गावालाको र आधा हक मोहीको हो । भूमिसम्बन्धी ऐन, २०२१ ले मोहीलाई पनि सह मालिक बनाएको देखिन्छ । मोही हकको जग्गा कानूनतः दुवै पक्षबिच आधा आधा बाँडफाँड भएर वा दुवैमध्ये एकजनाको नाममा एकलौटी कायम भएर ऐनको उद्देश्यबमोजिम भूमिमाथिको द्वैध नियन्त्रण अन्त्य हुन्छ। भूमिसम्बन्धी ऐन, २०२१ ले गरेका कानूनी व्यवस्थाका आधारमा मोही प्रतिवादीको

नाममा जग्गाधनीले आधा भागबापतको रकम बुझी लिई मोही प्रतिवादीको नाममा एकलौटी दर्ता हुने गरी गरेको निर्णयउपर सोही ऐनको दफा २६च बमोजिम पुनरावेदन नै नलाग्ने अवस्थामा फिराद अस्तित्वमा रही रहन सक्दैन । यस अदालतबाट निस्सा प्रदान गर्दा ग्रहण गरिएका सिद्धान्त पृथक तथ्यको आधारमा प्रतिपादन भएको देखिँदा यस मुद्दामा आकर्षित हुन सक्दैन । तसर्थ यस अदालतको संयुक्त इजलासको फैसला सदर हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

दुवैतर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको उल्लिखित बहस सुनी यस अदालतको संयुक्त इजलासबाट मिति २०६९।१।२२ मा भएको फैसला मिलेको छ, छैन? वादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा वादी पुरण शमशेर ज.ब.रा. ले वादी दाबीको जग्गा प्रतिवादी आमा खड्गकुमारी राणा जग्गाधनी र प्रतिवादी रूद्रकुमारी देवी शाह मोही भएको जग्गा हो । यसै क्रममा मैले आमाबाट दुई भागको एक भाग अंश पाउन अंश मुद्दा दायर गरी मुद्दा विचाराधीन रहेको अवस्थामा प्रतिवादीहरूले आपसमा मिलेमतो गरी जग्गाधनी प्रतिवादीले मोही प्रतिवादीबाट आफ्नो भाग हिस्साको रकम बुझी मोहीको नाममा मात्र एकलौटी दर्ता कायम गर्न मञ्जुर गरी रकम बुझेको भनी भरपाई गरिदिएको कारण भूमि सुधार कार्यालयले मोही लगत कट्टा गरी प्रतिवादी रूद्रकुमारी देवी शाहको नाममा एकलौटी दर्ता गर्न मालपोत कार्यालयमा लेखी पठाउने भनी गरेको निर्णयसमेत बदर गरी मेरो भागको अंश मेरो नाममा दर्ता गरिपाउँ भन्ने व्यहोराले फिराद गरेको देखिन्छ । सुरू काठमाडौं जिल्ला अदालतले वादी दाबी नपुग्ने गरी गरेको फैसलाउपर वादीले गरेको पुनरावेदनमा पुनरावेदन अदालत, पाटनले वादी दाबीबमोजिम आधी जग्गामा वादीको हक कायम हुन्छ भन्नेसमेत व्यहोराले उल्टी फैसला गरेको देखिन्छ । उक्त फैसला बदर गरिपाउँ भनी प्रतिवादी जग्गाधनी र मोहीको तर्फबाट यस अदालतमा पेस भएको पुनरावेदनमा यस अदालतको संयुक्त इजलासबाट फिराद नै खारेज हुने ठहरी फैसला भएपछि वादीले मुद्दा पुनरावलोकन गरी हेर्न निस्सा पाउँ भनी पेस गरेको निवेदनमा यस अदालतबाट निस्सा प्रदान भई आज निर्णयार्थ पेस भएको देखिन्छ ।

३. विवादित जग्गाको जग्गाधनी प्रतिवादी खड्गकुमारी राणा र मोही प्रतिवादी श्री रूद्रकुमारी देवी शाह भएको तथ्यमा विवाद छैन । मिसिल संलग्न रहेका प्रमाण कागजहरू हेर्दा जग्गाधनी प्रतिवादीले मोही प्रतिवादीबाट जग्गाधनीको आधा भागबापतको नगद रकम बुझी मोही प्रतिवादीको नाममा जग्गाको एकलौटी हक कायम गर्न भरपाई गरी भूमि सुधार कार्यालय, काठमाडौंमा संयुक्तरूपमा निवेदन दिएको आधारमा भूमि सुधार अधिकारीले मोहीको लगत कट्टा गरी प्रतिवादी श्री रूद्रकुमारी देवी शाहको नाममा एकलौटी दा.खा. गर्न मालपोत कार्यालयमा लेखी पठाउने भनी मिति २०६१।१२।१८ मा निर्णय गरेको देखिन्छ । वादीले प्रतिवादी खड्गकुमारी राणाउपर अंश मुद्दा परी मुद्दा विचाराधीन रहेको अवस्थामा निज आमा जग्गाधनी भएको मोही हकको जग्गा बाँडफाँड गरेको कार्य नमिलेको भनी रकम बुझेको भरपाई र भूमि सुधार कार्यालयको निर्णय बदरको माग गरी पाउन काठमाडौं जिल्ला अदालतमा फिराद गरेको देखिन्छ ।

४. यी पुनरावेदक वादीले प्रतिवादी खड्गकुमारी राणाउपर अंश मुद्दा पनि दायर गरेको देखिन्छ । उक्त अंश मुद्दाको म्याद प्रतिवादीको नाममा तामेल भएपछि प्रतिवादी खड्गकुमारी राणाले विवादित जग्गा मोहीको नाममा एकलौटी रूपमा दर्ता गर्नसमेतका लागि भूमि सुधार कार्यालयमा उपस्थित भई छोडपत्र गरेको देखिन्छ । उक्त कार्यलाई वादीले

जालसाजपूर्ण कार्य भनी प्रतिवादीहरू उपर जालसाज मुद्दा दायर गरेको देखिन्छ । अंश मुद्दामा वादी दाबी पुग्ने र जालसाज मुद्दामा वादी दाबी नपुग्ने ठहरी फैसला भएपछि अंश मुद्दामा प्रतिवादी खड्गकुमारी राणाले गरेको पुनरावेदनमा पुनरावेदन अदालत र यस अदालतबाट सदर भई अन्तिम भएर बसेको देखिन्छ भने जालसाज मुद्दामा यी पुनरावेदकले गरेको पुनरावेदनमा पुनरावेदन अदालत, पाटनबाट सदर भएपछि सो फैसलालाई चित्त बुझाई बसेको देखिन्छ ।

५. पुनरावेदक वादी मन्त्र नेपाल इन्टरनेशनल नामक फर्मको सञ्चालक पनि भएको देखिन्छ । निजले सो फर्मको नाममा नेपाल क्रेडिट एण्ड कमर्श बैंकबाट जग्गा धितो राखी कर्जा लिएको देखिन्छ । सो कर्जा रकम वादीले आफ्नै स्रोतबाट बैंकलाई तिरे बुझाएको भन्न सकेको देखिँदैन । यसै विवादित जग्गाको आधा हिस्साबापत प्रतिवादी खड्ग कुमारी राणाले मोहीबाट बुझेको रकमबाट तिरे बुझाएको देखिन्छ । यसरी मोही हकबाट प्राप्त रकम वादीकै हितमा प्रयोग भएको अवस्थामा प्रतिवादी खड्गकुमारी राणाले मोही हिस्साको रकम एकलौटी खाए मासेको भन्न मिल्ने देखिँदैन ।

६. वादीले अंश मुद्दा दायर भएपछि मोही हकको जग्गा मोहीलाई छोडपत्र गर्न नमिल्ने जिकिर लिएको तर्फ विचार गर्दा वादीले मिति २०६१।१०।२८ मा अंश मुद्दा दायर गरेको भए तापनि भूमि सुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६०।११।२२, खण्ड ५३, अतिरिक्ताङ्क ७१ मा प्रकाशित राजपत्रको सूचनाअनुसार मोही लागेको जग्गा जग्गावाला र मोहीले बाँडफाँड गरी लिन निवेदन दिने म्याद २०६१ चैत मसान्तसम्म भएको देखिन्छ । नेपाल सरकारले मोही हक लागेको जग्गा, जग्गावाला र मोहीबिच बाँडफाँडको कार्य गर्न गराउन समय तोकी सूचना प्रकाशन भएपछि जग्गाधनी र मोहीबिच जग्गा बाँडफाँड गर्ने वा जग्गाधनी र मोहीमध्ये कुनै एकको नाममा एकलौटी कायम गर्ने कार्य अंश मुद्दा परेको कारणले रोकिन सक्दैन । त्यो कानूनबमोजिम बाँडफाँड हुन्छ । कानूनबमोजिम भएको कार्यलाई लेनदेन व्यवहारसरह मानी लिखत बदरको फिराद गर्न पाउने भन्न मिल्दैन ।

७. मोही हकको जग्गा भूमि सुधार अधिकारीले बाँडफाँडको माध्यमबाट मोहीको नाममा एकलौटी कायम गर्ने गरी गरेको निर्णयउपर जिल्ला अदालतमा मुद्दा लाग्न सक्ने हो, होइन भन्ने विवाद पनि उपस्थित भएको देखिन्छ । भूमिसम्बन्धी ऐन, २०२१ विशेष ऐन हो । उक्त ऐनअनुसार जग्गाधनी र मोहीको जग्गा बाँडफाँडसम्बन्धी प्रक्रियाको निर्णय गर्ने अधिकार भूमि सुधार अधिकारीलाई भएको तथ्यमा विवाद छैन । भूमिसम्बन्धी ऐनको दफा २६ख मा तोकिएको अधिकारीले दफा २६ग, २६घ, २६घ२ र २६ङ को अधीनमा रही मोही लागेको जग्गा बाँडफाँड गर्न सक्ने व्यवस्था गरेको छ भने सो ऐनमा मिति २०५३।९।२४ मा भएको चौथो संशोधनबाट थप भएको दफा २६च ले दफा २६ख, २६ग, २६घ, २६घ२ र २६ङ बमोजिम भूमि सुधार अधिकारीले गरेको निर्णयउपर कुनै अदालतमा पुनरावेदन लाग्ने छैन भन्ने कानूनी व्यवस्था भएको देखिन्छ । उक्त कानूनी व्यवस्थाबमोजिम मोही हक बाँडफाँड गरेउपर साधारण अधिकारक्षेत्रबाट फिरादमार्फत चुनौति दिन नसकिने प्रष्ट छ । निर्णयमा रित बेरीतको प्रश्न उठेको भए सो प्रश्नको निरूपण असाधारण अधिकारक्षेत्रबाट हुने हो ।

८. यस अदालतबाट निस्सा प्रदान गर्दा यस अदालतको संयुक्त इजलासको फैसलामा ने.का.प. २०६७, साउन, निर्णय नं. ८३५९, पृष्ठ ६६७, ने.का.प. २०६८, साउन, निर्णय नं. ८५९७, पृष्ठ ६४६ र ने.का.प. २०६९, असोज, निर्णय नं. ८८४५, पृष्ठ ९४६ मा प्रतिपादित सिद्धान्तको त्रुटि भन्ने कुरा उल्लेख भएको देखिन्छ । तत् सम्बन्धमा विचार गर्दा उल्लिखित सबै मुद्दाहरूमा अंशको विवाद समावेश भएको देखिन्छ । प्रस्तुत मुद्दामा पनि

वादीले पनि अंशको नै विवाद गरेको देखिन्छ। तथापि निस्सामा उल्लिखित नजिरहरूमा अंशबन्डाको महलबमोजिम विवादको निरूपण भएको अवस्था छ। यस मुद्दामा भूमि सुधार अधिकारीले गरेको निर्णयउपर जिल्ला अदालतमा फिराद लाग्ने नलाग्ने भन्ने प्रश्न उठाएको हुँदा सो प्रश्नको निरूपण भूमिसम्बन्धी ऐनमा भएको कानूनी व्यवस्थाबमोजिम हुने भई भूमि सुधार अधिकारीले गरेको निर्णय नै प्रस्तुत विवादमा अन्तिम हुने हुँदा उक्त निस्सा प्रदान गर्दा लिइएका आधार र सिद्धान्तसँग सहमत हुन सकिएन।

९. अतः भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६च बमोजिम दफा २६ख, २६ग, २६घ, २६घ२ र २६ङ बमोजिम भूमि सुधार अधिकारीले गरेको निर्णयउपर कुनै पनि अदालतमा पुनरावेदन गर्न नपाउने गरी विधायीकाले सर्त बन्देज राखेको देखिँदा सुरू अदालतमा दायर भएको वादीको फिराद क्षेत्राधिकारविहिन देखिन आएको हुँदा पुनरावेदन अदालत, पाटनको मिति २०६४।९।१० को फैसला उल्टी गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०६९।१।२२ मा फिराद खारेज गर्ने गरी भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा सहमत छौं।
न्या. सुशीला कार्की
न्या. ओमप्रकाश मिश्र

इजलास अधिकृत : भीमबहादुर निरौला
इति संवत् २०७२ साल वैशाख १० गते रोज ५ शुभम्।

निर्णय नं. ९५७४

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
फैसला मिति : २०७२।११।१३।२
०६९-DF-०००१

मुद्दाः मिलापत्र बदर

पुनरावेदक / प्रतिवादी : जिल्ला धनुषा औरही गाउँ विकास समिति वडा नं. ४ बस्ने युगलकिशोर सिंहसमेत

विरूद्ध

प्रत्यर्थी / वादी : जिल्ला धनुषा औरही गाउँ विकास समिति वडा नं. ३ बस्ने विन्देश्वर साह हलुवाई

- **कुनै व्यक्तिको नाममा दर्ता नभएको जग्गालाई सार्वजनिक जग्गाको रूपमा मान्नुपर्ने हुन्छ। तसर्थ कसैको नाममा दर्ता नभएको स्थितिमा सो पोखरी सार्वजनिक जग्गा नै हो भन्ने मान्नुपर्ने हुन्छ। सोको अतिरिक्त एउटै पोखरीको आधा भाग २०२६ सालको नापीमा सार्वजनिक भनी जनिएको तथा २०४३ सालको नापीमा उक्त जग्गा सरकारको नाममा दर्तासमेत भइसकेको अवस्थामा सोही पोखरीको बाँकी आधा भागलाई निजी हकभोग चलनमा रहेछ भन्न कानूनसम्मत नहुने।**

(प्रकरण नं.४)

- **गाउँ विकास समिति ऐन, २०४८ को दफा ३८(१)** को **कानूनी व्यवस्थाअनुसार गाउँ**

विकास समितिको हक भएको सम्पत्तिको रेखदेख तथा प्रबन्ध गर्ने दायित्व गाउँ विकास समितिलाई तोकेको र त्यस्तो सम्पत्तिको हक छोड्दा वा अरू कुनै तवरबाट कसैलाई हक हस्तान्तरण गर्दा वा त्यस्तो सम्पत्ति बेचबिखन गर्दा सरकारको स्वीकृतिलाई अनिवार्य गरेको छ। कानूनले अनिवार्य गरेको कुरालाई अनदेखा गरी सार्वजनिक सम्पत्तिको कुनै पनि किसिमबाट हक छाड्न वा हक टुटाउने कुनै कार्य गर्ने अधिकार गाउँ विकास समितिका कुनै पदाधिकारीमा रहे भएको नपाइने।

(प्रकरण नं.७)

- डिलसहितको एउटै पोखरी दुई गाउँ विकास समितिमा विभाजित भएको भन्ने देखिन्छ । सोमध्ये चक्कर गाउँ विकास समितितर्फको डिलसहितको पोखरीको आधा भाग सरकारका नाममा नापी भई औरहीतर्फ परेको डिलसहितको आधा भाग नापी हुन बाँकी रहेको भन्ने देखिन्छ । औरहीतर्फको डिलसहितको पोखरी आफ्नो निजी सम्पत्ति रहेको र आफूले पहिलेदेखि नै भोग गर्दै आएको भन्ने पुनरावेदकको जिकिर रहेको पाइन्छ। सो जग्गामा आफ्नो हक भएको भनी दाबी लिए पनि सो जग्गामा पुस्तौनीरूपमा हकभोग रहेको स्वबासी जग्गा रहेको र हकवालाहरू बिच बन्डा गरी हक सर्दै आएको भन्ने वस्तुनिष्ठ र ठोस प्रमाण पेस गर्न सकेको अवस्था देखिँदैन भने सो विवादित डिलसहितको पोखरीको आसपासमा यी पुनरावेदकको कुनै जग्गासमेत रहेको देखिँदैन । साथै पुनरावेदकका बाबुले ७ नं. फाँटवारीमा सो जग्गा ऐलानी हो भनी लेखिदिएबाट उक्त जग्गामा यी पुनरावेदक प्रतिवादीको पहिलेदेखि हक भोग रहेको भन्ने दाबी आफैँमा खण्डित भइरहेको छ। खिचोला मुद्दाको फिरादपत्र, प्रतिउत्तरपत्र र मिलापत्रसमेतका समग्र कागजातहरू हेर्दा विवादित भू-भाग सो मुद्दाका वादीको हकभित्रको हो भन्ने कुनै प्रमाणबाट पुष्टि हुन सकेको पनि नदेखिने।

(प्रकरण नं.८)

- यस्तो अवस्थामा त्यस्तो जग्गामा एक पक्षले निजी जग्गा खिचोला गरे भनी फिराद दायर गरी अर्को पक्ष गाउँ विकास समितिका अध्यक्षसमेतका तर्फबाट उक्त जग्गा गाउँ विकास समितिको सार्वजनिक जग्गा होइन, उनकै हकभोगको जग्गा हो खिचोला गरेको छैन तथा लगाउको लुटपिट मुद्दामा पोखरीमा उब्जनीका रूपमा रहने मखन लुटेको हो भनी प्रतिउत्तर फिराई वादी प्रतिवादी मिली वादी दाबी कायमै राखी अर्थात् विवादित भू-भागमा यी पुनरावेदक प्रतिवादीको हक देखाई हक सिर्जना हुने गरी गरेको मिलापत्र प्रमाण सिर्जना गर्ने प्रयोजनले मात्र गरेको पुष्टि हुन आउने।

(प्रकरण नं.९)

- सार्वजनिक पोखरीको संरक्षण गर्नुपर्ने दायित्वबाट विमुख भई सार्वजनिक पोखरीका सम्बन्धमा चलेको खिचोला मुद्दामा गाउँ विकास समितिका अध्यक्षसमेतले सार्वजनिक पोखरीलाई व्यक्ति विशेषको निजी पोखरीको रूपमा मान्यता दिने गरी वादी दाबी कायम हुने गरी एक आपसमा गरेको मिलापत्रले कानूनी मान्यता पाउन सक्ने हुँदैन । सार्वजनिक

जग्गालाई पुनरावेदक प्रतिवादीको निजी सम्पत्ति हो भन्ने प्रमाण सिर्जना गर्ने प्रयोजनका लागि प्रतिवादीहरू आपसमा मिली सा.दे.नं. १२४७ को खिचोला मुद्दामा मिलापत्र भएको देखिँदा सो बदनियतपूर्वक भएको मिलापत्रलाई कानूनसम्मत मान्न नमिल्ने ।

(प्रकरण नं.११)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू लक्ष्मीबहादुर निराला, हरिहर दाहाल, कृष्णप्रसाद सापकोटा तथा विद्वान् अधिवक्ताहरू प्रकाशबहादुर के.सी. र शेख आषिस साह

प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता शम्भु थापा, विद्वान् अधिवक्ताहरू हरिकृष्ण उप्रेती, इन्द्र खरेल तथा राजु उप्रेती

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू फैसला गर्ने :

मा.जि.न्या. श्री बलरामप्रसाद अधिकारी

पुनरावेदन तहबाट फैसला गर्ने :

मा.न्या.श्री नन्दराज अधिकारी

मा.न्या.श्री अली अकबर मिकरानी

यस अदालतको संयुक्त इजलासमा फैसला गर्ने :

मा.न्या.श्री रामकुमार प्रसाद शाह

मा.न्या.श्री प्रकाश वस्ती

फैसला

न्या.सुशीला कार्की : पुनरावेदन अदालत, जनकपुरको मिति २०६०।९।३० को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) को खण्ड (क) बमोजिम मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान भई पेस हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवं ठहर यसप्रकार छ :

जिल्ला धनुषा औरही गाउँ विकास समिति वडा नं. ४ अन्तर्गत पर्ने सार्वजनिक भोग चलनमा रहेको जग्गाहरूमा निजी हक दर्शाउन विपक्षीहरूले एक आपसमा मिली २०५४ सालको दे.नं. १२४७ को जग्गा खिचोला चलन मुद्दा दायर गरी आपसमा मिलुवा प्रतिउत्तर फिराई मिति २०५४।८।१७ मा मिलापत्र गर्दा प्रतिउत्तर जिकिर छाडी वादी दाबी कायमै रहने गरी साबिक सनातनदेखि सार्वजनिक हकभोगमा रहेको जग्गाहरू समेतलाई निजी बनाउने मनसायले मिलापत्र गरेको कुरा मिति २०५४।१२।२८ मा नक्कल लिँदा थाहा भएकाले यो फिराद गरेको हुँ । उपरोक्त विरूद्ध खण्डमा उल्लिखित सम्पूर्ण विपक्षीहरूले २०५४ सालको दे.नं. १२४७ को जग्गा खिचोला चलन मुद्दा दायर गरी सार्वजनिक सम्पत्तिलाई निजी बनाउनका लागि प्रमाण बनाउन आपसमा मिली मिति २०५४।८।१७ मा गरेको मिलापत्रलाई बदर गरी सार्वजनिक सम्पत्तिको संरक्षण गरिपाउँ भन्नेसमेत व्यहोराको फिराद पत्र ।

दाबीको जग्गा मेरो निजी हक भोगको जग्गा हो । सो भोगको जग्गामा रहेको रड, इँट्टा लुटी लगेउपर परेको लुटपिट मुद्दा मिलापत्र भएको हो । विपक्षी वादीले म प्रतिवादीको हकभोगमा रहेको गाउँ ब्लकभित्रको घडेरी जग्गालाई सार्वजनिक भन्दैमा सार्वजनिक हुने प्रश्न आउँदैन, हकदैयाविहीन तथा व्यक्ति विशेषद्वारा पूर्वाग्रही भई अनाहक परेसानी गर्ने उद्देश्यले झुठ्ठा व्यहोरा दर्शाई दायर गरेको नालेसबाट मिलापत्र बदर हुन सक्ने अवस्थाको विद्यमानता नभएकाले दाबी खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी युगलकिशोर सिंहको प्रतिउत्तर पत्र ।

गाउँ विकास समितिअन्तर्गतको सार्वजनिक जग्गा गाउँ विकास समितिको नियन्त्रणमा रहन्छ र सो जग्गाको संरक्षण गर्ने अधिकार कुनै व्यक्ति विशेषलाई

नसुम्पी गाउँ विकास समितिलाई नै सुम्पेको हुन्छ । जुन सम्पत्तिलाई सुरक्षासम्म गर्ने अधिकार विपक्षीलाई छैन सो जग्गामा गाउँ विकास समितिको संरक्षणमा रहेको जग्गालाई व्यक्ति विशेषको नामाकरण गरी गाउँ विकास समितिसमेतलाई प्रतिवादी बनाएर नालेस गर्ने अधिकार कुनै पनि ऐन कानूनले विपक्षीलाई प्रदान नगरेकाले हकदैयाको शुन्यतामा दायर भएको फिराद खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको गाउँ विकास समितिका अध्यक्षसमेत जना ३ को प्रतिउत्तर पत्र ।

२०५४ सालको दे.नं. १२४७ को जग्गा खिचोला चलन मुद्दामा मिति २०५४।८।१७ मा गरेको मिलापत्रबाट सार्वजनिक पोखरी डिलको विवादित जग्गाको सार्वजनिक हक मेटिन गई सार्वजनिक हितमा असर परेको देखिन्छ । वादी दाबीबमोजिम प्रतिवादीहरूबिच भएको मिति २०५४।८।१७ को मिलापत्र बदर गरी विवादित जग्गामा सार्वजनिक हक कायम हुने ठहर्छ भन्नेसमेत व्यहोराको मिति २०५६।५।२४ को धनुषा जिल्ला अदालतको फैसला ।

बिना प्रमाण मिलापत्र गरेको छैन । विपक्षीको उक्त मिलापत्र बदर गराउन नालिस दिने हकदैया छैन । हाम्रो हकभोगको जग्गा मिलापत्र भएको हो । जुन जग्गा सार्वजनिक छैन त्यस्तो जग्गा मिलापत्र भएकोलाई बिना प्रमाण मुद्दा मिलापत्र गर्‍यो भनी धनुषा जिल्ला अदालतले गरेको फैसला बदर गरी इन्साफ पाउँ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, जनकपुरमा परेको प्रतिवादीहरू युगलकिशोर सिंहसमेतको संयुक्त पुनरावेदन पत्र ।

यसमा दे.पु.नं. १५९३ नं. को मुद्दामा विपक्षी झिकाउने आदेश भएकाले प्रस्तुत मिलापत्र बदर मुद्दामा पनि अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाई आएपछि लगाउका मुद्दा पेस हुँदा साथै राखी पेस गर्नु भन्ने मिति २०६०।१।१६ को पुनरावेदन अदालत, जनकपुरको आदेश ।

विवादित जग्गामा सिफारिस गरिएअनुसारको घर नहुनुका अतिरिक्त दाबीको जग्गा प्रतिवादीको हो भन्न सकिने कुनै प्रमाण प्रतिवादीले पेस गर्न नसकेको अवस्थामा सार्वजनिक उपभोगमा रहेको जग्गालाई निजी बनाउने गरी मिति २०५४।८।१७ को मिलापत्र बदर गर्ने गरी धनुषा जिल्ला अदालतबाट मिति २०५६।५।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, जनकपुरको मिति २०६०।९।३० को फैसला ।

विपक्षी वादीले सार्वजनिक जग्गा भनी दाबी लिएको घर जग्गा हाम्रो पुर्खाका पालादेखि घर बनाई बसोबास गरी आएको पुर्खौली घर जग्गाको सम्पत्ति हो । हाम्रो पोखरीलाई तत्कालीन गाउँ पञ्चायत कार्यालयले निजी पोखरीको शीर्षकमा दर्ता गरी निजी पोखरी भनी सिफारिस दिएको छ । मालपोत ऐन, २०३४ को दफा ७(२) ले नापीमा छुट हुन गएको जग्गाको सम्बन्धमा दर्ता गरी पाउने विशेष व्यवस्थाबमोजिम २०५९ सालको दे.नं. १९ को हक कायम दर्ता बदर दर्ता मुद्दा पुनरावेदन अदालत, जनकपुरमा दायर गरेकोमा हाल कारवाहीयुक्त अवस्थामा छ । नापीमा ऐलानी वा सार्वजनिक कायम भएकै कारणले सार्वजनिक हुन सक्दैन । गाउँ पञ्चायत र गाउँ विकास समितिले दिएका दर्ता एवं भोगसम्बन्धी प्रमाणको उचित मूल्याङ्कन नगरी भएको फैसलामा गम्भीर कानुनी त्रुटि भएको साथै उक्त फैसला ने.का.प. २०४५, भाग ३०, अङ्क ४ पृष्ठ ४०२ नि.नं. ३४३८, ने.का.प.२०५९, अङ्क ३।४ नि.नं. ७०७७, पृष्ठ १८२ मा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल रहेकाले मुद्दा दोहोर्‍याई हेर्ने गरी निस्सा प्रदान गरी इन्साफ पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीहरू युगलकिशोर सिंहसमेतको तर्फबाट यस अदालतमा परेको संयुक्त निवेदन पत्र ।

यसमा निवेदनमा उल्लिखित निवेदक विन्देश्वर साह हलुवाई विपक्षी युगलकिशोर सिंहसमेत

भएको निषेधाज्ञा मुद्दामा वादी दाबीमा उल्लिखित जग्गासमेतमा मिति २०५४।१।२० मा भएको नाप नक्सा विवरणबाट न.नं. २, ३, १२, १३, १४, १५, १९, २१, २२, २७, ३६ समेतका जग्गाहरूमा निवेदकहरूको भोगाधिकार भई घरबाससमेत रहेको देखिन आएको अवस्थामा विवादित जग्गामा घर र प्रतिवादीको जग्गा भन्ने देखिने आधार नभएको भनी मिति २०५४।८।१७ को मिलापत्र बदर हुने ठहर्‍याई सुरू जिल्ला अदालतले गरेको फैसला सदर गरेको पुनरावेदन अदालत, जनकपुरको फैसलामा प्रमाणको उचित मूल्याङ्कन नभई प्रमाण ऐन, २०३१ को दफा ५४ को त्रुटि रहेको देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) को खण्ड (क) अनुसार प्रस्तुत मुद्दा दोहोर्‍याई हेर्न निस्सा प्रदान गरिएको छ । विपक्षी झिकाई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०६३।७।३ को आदेश।

यसमा जुन मिलापत्र बदरका लागि प्रस्तुत फिराद दाबी परी विचाराधीन रहेको छ । सो मुद्दाको मिसिल नभएकाले मिति २०५४।८।१७ मा धनुषा जिल्ला अदालतबाट मिलापत्र भएको संवत् २०५४ सालको दे.नं. १२४७ को जग्गा खिचोला चलन मुद्दाको मिसिल धनुषा जिल्ला अदालतबाट झिकाई आएपछि लगाउका मुद्दा साथै राखी नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०६७।१।१४ को आदेशानुसारको मिसिल प्राप्त भई सामेल रहे छ।

पुनरावेदक प्रतिवादीहरू समेतको साबिकदेखि भोग चलनमा रहेको जग्गा गाउँ ब्लकभित्र परी नापी हुन नसकेकोसम्म देखिए पनि सरकारी वा सार्वजनिक हो भन्ने कुनै तथ्यपूर्ण र आधारभूत प्रमाणसमेत वादीले पेस गर्न नसकेको अवस्थामा निजी हकभोगको त्यस्तो जग्गाका सम्बन्धमा दे.दा.नं.१२४७ को खिचोला मुद्दामा उक्त मुद्दाका वादी प्रतिवादीहरू बिच भएको मिति २०५४।८।१७ को मिलापत्रबाट यी वादीको हक जाने अवस्था नदेखिएकाले सो मिलापत्र कायमै राख्नुपर्ने बदर गर्न नमिल्नेमा सो मिलापत्र बदर गरेको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला नमिलेकाले उल्टी हुने ठहर्छ भन्नेसमेत व्यहोराको यस अदालतको संयुक्त इजलासका माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाहको मिति २०६८।९।२७ को राय।

एउटै स्वरूपको आधा सम्पत्तिको स्वामित्व सरकारको भएको छ भने त्यसबाट छुट्याउन नमिल्ने सोही सम्पत्तिको आधा खण्डको हकमा अन्यथा भन्न मिल्दैन । प्रतिवादीहरूले प्रमाण सिर्जना गर्न रचेको व्यवहारलाई मान्यता दिई सार्वजनिक सम्पत्तिलाई निजी बनाउने गरी मिति २०५४।८।१७ मा यी प्रतिवादीहरू आपसमा मिली गरेको सा.दे.नं. १२४७ नं. को खिचोला मुद्दाको मिलापत्र बदर गर्ने गरेको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। तर सहयोगी माननीय न्यायाधीशज्यूको फरक राय रहेकाले प्रस्तुत मुद्दा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ बमोजिम पूर्ण इजलासमा पठाउनु भन्नेसमेत व्यहोराको माननीय न्यायाधीश श्री प्रकाश वस्तीको मिति २०६८।९।२७ को राय।

नियमबमोजिम मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री लक्ष्मीबहादुर निराला, श्री हरिहर दाहाल, श्री कृष्णप्रसाद सापकोटा तथा विद्वान् अधिवक्ताहरू श्री प्रकाशबहादुर के.सी. र श्री शेख आषिस साहले पोखरीको डीलसहितको विवादित जग्गा २०२१ सालमा गाउँ ब्लकमा राखेको, २०२२ सालमा पनि पोखरीको अस्तित्व देखाइएको, २०२४ सालमा नापी हुँदा उक्त पोखरीको पश्चिमपट्टीको डीलसमेतको आधा भाग औरही गाउँ विकास समितिमा गाउँब्लकमा ऐलानी भनी जनिएको र पूर्वतर्फको आधा भाग चक्कर गाउँ विकास समितिबाट नापी भई

सार्वजनिक जनिएकोमा सोउपर युगलकिशोर सिंहको दर्ता बदर हक कायम मुद्दा परी मुल्तबीमा रहेको छ। सो पोखरीको डीलसमेतको जग्गा २०४६ साल पछिमात्र नेपाल सरकारका नाममा दर्ता हुन आएको हो। नापीले सो जग्गा गाउँब्लकको भनी देखाएको र ब्लकभित्र परेको स्थापित भएको अवस्थामा त्यस्तो जग्गा गाउँ विकास कार्यालयको हुन सक्दैन। गाउँ ब्लकमा जनिई नापी हुन छुट भएकै कारणले सो जग्गालाई सार्वजनिक भन्न मिल्दैन। २०६०।१।२५ मा मालपोत कार्यालयले पुनरावेदन अदालतलाई लेखेको पत्रमा यो मितिदेखि विवादित जग्गा सरकारको नाममा दर्ता भएको भनी खुलाउन नसकेकोसमेतबाट उक्त जग्गा हाम्रा पक्षको निजी जग्गा भन्ने पुष्टि भएको छ। ऐलानी भनी जनिएको भन्ने आधारले र जग्गामा पोखरी रहेको कारणले मात्रै सबै जग्गा सार्वजनिक हुने होइन । विवादित जग्गा सरकारी लगतमा पोखरीसमेत देखिएको छैन । २०२४ सालमा ब्लकमा रहेपछि नापी नभई २०६९ सालमा आएरमात्र नापी हुँदा हाम्रा पक्षका नाममा दर्ता भइसकेको छ। हाम्रा पक्षले परापूर्व कालदेखि भोग गरी आएको हुँदा जग्गा नापजाँच ऐन, २०१९ को दफा ६ अनुसार सो जग्गामा हाम्रा पक्षको चीरकाल भोग रहेको आधारले पनि हाम्रा पक्षको हक स्थापित हुन्छ। यसरी निजी जग्गालाई सार्वजनिक हो भनी लिएको झुठा जिकिरलाई स्वीकार गरी सार्वजनिक जग्गालाई निजी बनाउने गरी मिलापत्र गरेको भन्ने आधारमा मिलापत्र बदर गर्ने ठहर गरी भएको पुनरावेदन अदालतको फैसलालाई बदर गर्ने गरी माननीय रामकुमार प्रसाद शाहबाट व्यक्त राय सदर हुनुपर्ने भन्ने बहस प्रस्तुत गर्नुभयो।

प्रत्यर्थी तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा, विद्वान् अधिवक्ताहरू श्री हरिकृष्ण उप्रेती, श्री इन्द्र खरेल तथा श्री राजु उप्रेतीले गाउँ विकास समितिलाई ऐलानी पोखरी जग्गा निजी गर्ने अधिकार छैन । विवादित जग्गाको सम्बन्धमा परेको निषेधाज्ञा मुद्दामा पुनरावेदन अदालतबाट मिति २०५४।१।२० मा नक्सा आदेश भएअनुसार भएको नक्सामा एउटा पनि घर नदेखिएको हुँदा सो जग्गामा कुनै पनि निर्माण कार्य नगर्नु यथास्थितिमा राख्नु भनी निषेधाज्ञाको आदेश जारी भएको र सो आदेशको अपहेलना गरी घर निर्माण गरेको भनी अपहेलना मुद्दामा विपक्षीहरूलाई जरिवानासमेत भएको अवस्थामा घरको भोगको सम्बन्धलाई लिएर प्रदान गरिएको निस्साको औचित्य रहँदैन । एउटा पोखरी या त सबै सरकारी हुन्छ या त व्यक्तिगत हुन्छ । विवादित जग्गामा रहेको पोखरीको चक्कर गाउँ विकास समितितर्फको आधा भाग सार्वजनिक भनी दर्ता भएको अवस्थामा एउटै पोखरीको आधा भाग सरकारी र आधा भाग निजी हुनै सक्दैन। मोठ दर्ता स्रेस्ता विना सिफारिसको आधारमा सार्वजनिक जग्गालाई निजी कायम गर्न मिल्दैन । गाउँ विकास समिति ऐन, २०४८ को दफा ३८ (२) मा गाउँ विकास समितिले सरकारी सम्पत्ति सरकारको स्वीकृतिबेगर हक हस्तान्तरण गर्न नसक्ने भन्ने व्यवस्था गरेको हुँदा गाउँ विकास समितिलाई सार्वजनिक सम्पत्ति संरक्षण गर्ने अधिकार मात्र रहेकोमा गाउँ विकास समितिले हुँदै नभएको गलत तथ्य उल्लेख गरी सिफारिस दिएको र सो सिफारिसको आधारमा विपक्षीहरूले आपसमा मिली उक्त सार्वजनिक जग्गामा हक सिर्जना गर्न झुठ्ठा मुद्दा दायर गरी मिलापत्र गरी उक्त जग्गामा हक सिर्जना भएको देखाएको कार्य कानूनविपरीत रहेको छ । सार्वजनिक जग्गा लिनु दिनु गरी मिलापत्र गर्ने हक कसैलाई पनि कानूनले दिएको नहुँदा मिलापत्रको आधारमा सार्वजनिक सम्पत्ति व्यक्तिका नाउँमा दर्ता गर्न मिल्दैन। अतः उक्त जग्गालाई सार्वजनिक ठहर गरी भएको पुनरावेदन अदालतको फैसलालाई सदर गर्ने गरी माननीय न्यायाधीश श्री प्रकाश वस्तीबाट व्यक्त राय सदर हुनुपर्ने भनी बहस प्रस्तुत गर्नुभयो।

पुनरावेदक प्रतिवादीहरू तथा प्रत्यर्थी

वादीको तर्फका विद्वान् कानून व्यवसायीहरूले प्रस्तुत गर्नुभएको बहस सुनी मिसिल संलग्न तथ्य, प्रमाण कागजात अध्ययन गरी हेर्दा पुनरावेदन अदालत, जनकपुरको मिति २०६०।९।३० को फैसला उल्टी हुने भनी यस अदालतको संयुक्त इजलासका माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाहबाट व्यक्त राय तथा पुनरावेदन अदालतको फैसलालाई सदर कायम गरी माननीय न्यायाधीश श्री प्रकाश वस्तीबाट व्यक्त रायमध्ये कुन राय उपयुक्त हुन्छ भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने हुन आयो।

२. निर्णयतर्फ विचार गर्दा धनुषा जिल्ला, औरही गाउँ विकास समिति वडा नं. ४ स्थित सार्वजनिक भोग चलनमा रहेको जग्गामा निजी हक दर्शाउन विपक्षीहरूले एक आपसमा मिली २०५४ सालको दे.नं. १२४७ को जग्गा खिचोला चलन मुद्दा दायर गरी आपसमा मिलुवा प्रतिउत्तर फिराई २०५४।८।१७ मा प्रतिउत्तर जिकिर छाडी वादी दाबी कायमै रहने गरी मिलापत्र गरेकाले उक्त मिति २०५४।८।१७ को मिलापत्र बदर गरी सार्वजनिक सम्पत्तिको संरक्षण गरिपाउँ भन्ने फिराद दाबी रहेको देखिन्छ। दाबीको जग्गा मेरो निजी हक भोगको भएको र सो जग्गामा रहेको रड, इँट्टा लुटी लगेउपर लुटपिट मुद्दा परी मिलापत्र भएको हो। सो मेरो हकभोगमा रहेको गाउँ ब्लकभित्रको घडेरी जग्गालाई सार्वजनिक भन्न नमिल्ने हुँदा हकदैया विहीन दाबी खारेज गरिपाउँ भन्ने प्रतिउत्तर परेकोमा प्रतिवादीहरूबिच मिति २०५४।८।१७ मा भएको मिलापत्र बदर गरी सार्वजनिक हक कायम हुने ठहर गरी भएको धनुषा जिल्ला अदालतको फैसलाउपर यिनै प्रतिवादीहरूले पुनरावेदन अदालत, जनकपुरमा पुनरावेदन गरेकामा सुरूको फैसलालाई सदर ठहर गरी भएको पुनरावेदन अदालत, जनकपुरको फैसला बदरका लागि यिनै प्रतिवादीहरूबाट मुद्दा दोहोर्याई पाउँ भनी परेको निवेदनमा मुद्दा दोहोर्याउने गरी भएको आदेशअनुसार पुनरावेदनको रोहमा निर्णयार्थ प्रस्तुत मुद्दा पेस हुन आएको देखियो।

३. प्रस्तुत मुद्दा यस अदालतको संयुक्त इजलासमा पेस हुँदा पुनरावेदक प्रतिवादीहरू समेतको साबिकदेखि भोग चलनमा रहेको जग्गा गाउँ ब्लकभित्र परी नापी हुन नसकेकोसम्म देखिएको हुँदा निजी हकभोगको जग्गाका सम्बन्धमा दे.दा.नं.१२४७ को खिचोला मुद्दामा उक्त मुद्दाका वादी प्रतिवादीहरूबिच भएको मिति २०५४।८।१७ को मिलापत्रबाट यी वादीको हक जाने अवस्था नदेखिएकाले सो मिलापत्र कायमै राख्नुपर्ने भनी पुनरावेदन अदालतको फैसला उल्टी हुने ठहर गरी यस अदालतको संयुक्त इजलासका माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाहबाट राय व्यक्त भएको देखिन्छ। प्रतिवादीहरूले प्रमाण सिर्जना गर्न रचेको व्यवहारलाई मान्यता दिई सार्वजनिक सम्पत्तिलाई निजी बनाउने गरी मिति २०५४।८।१७ मा यी प्रतिवादीहरू आपसमा मिली गरेको सा.दे.नं. १२४७ नं. को खिचोला मुद्दाको मिलापत्र बदर गर्ने गरेको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसलालाई सदर ठहर गरी यस अदालतको संयुक्त इजलासका माननीय न्यायाधीश श्री प्रकाश वस्तीबाट राय व्यक्त भई रायबाझी भएको प्रस्तुत मुद्दा निर्णयार्थ यस पूर्ण इजलाससमक्ष पेस हुन आएको पाइयो।

४. यसमा दाबीको जग्गासँगै रहेको कि.नं २६३ को पोखरी नापीमा सार्वजनिक वा सरकारको नाममा जनिँदा विवादित जग्गा पनि सार्वजनिक भए सोही व्यहोराले सोही समयमा नापी हुन सक्नुपर्नेमा नापी नै हुन नसकेको, उक्त पोखरीसहितको जग्गा नापी नभए पनि गाउँ ब्लकभित्र परी घर बनाई प्रतिवादीसहित अन्य व्यक्तिहरूले घर बसोबास गरी आएकाले व्यक्तिको निजी हकभोगको हो भन्ने प्रतिवादीको पुनरावेदन जिकिरको सन्दर्भमा विचार गर्दा प्रमाणको रूपमा पेस भएको निवेदक विन्देश्वर साह विपक्षी युगलकिशोरसमेत भएको २०५३ सालको रिट नं १५७ को निषेधाज्ञा

मुद्दाको मिसिलमा भएको मिति २०५४।१।२० को नाप नक्सा मुचुल्का हेर्दा न.नं ५३ औरही गाउँ विकास समितिअन्तर्गत पर्ने पोखरीको पश्चिमतर्फको भाग भन्ने र न.नं ५५ चक्कर गाउँ विकास समितिमा पर्ने सोही पोखरीको पूर्वतर्फको भाग भन्ने उल्लेख भएको छ। न.नं ५५ को चक्कर गाउँ विकास समितितर्फ पर्ने पोखरीको आधा पानीको भाग २०२६ सालमा नापी हुँदा सार्वजनिक भनी तथा २०४३ सालमा नापी हुँदा तत्कालीन श्री ५ को सरकारका नाममा दर्ता भई कि.नं २६३ कायम भएको प्रमाणको रूपमा पेस भएको दे.दा.नं. १९ को निर्णय बदर मुद्दामा संलग्न जग्गाधनी दर्ता प्रमाण पुर्जाबाट देखिन्छ। न.नं. ५३ औरही गाउँ विकास समितितर्फको भाग नाप नक्सा नभएको भन्ने देखिन्छ। एउटै पोखरीमध्ये न.नं. ५५ मा जनिएको चक्कर गाउँ विकास समितितर्फको पोखरीको भाग नाप नक्सा भई सार्वजनिक भन्ने देखिएपछि सोही पोखरीसँग जोडिएको औरही गाउँ विकास समितितर्फको सोही पोखरीको आधा भाग नाप नक्सा नभएकै कारणले मात्र व्यक्तिको निजी हकभोग चलनको हुने होइन। कुनै व्यक्तिको नाममा दर्ता नभएको जग्गालाई सार्वजनिक जग्गाको रूपमा मान्नुपर्ने हुन्छ। तसर्थ कसैको नाममा दर्ता नभएको स्थितिमा सो पोखरी सार्वजनिक जग्गा नै हो भन्ने मान्नुपर्ने हुन्छ। सोको अतिरिक्त एउटै पोखरीको आधा भाग २०२६ सालको नापीमा सार्वजनिक भनी जनिएको तथा २०४३ सालको नापीमा उक्त जग्गा सरकारको नाममा दर्तासमेत भइसकेको अवस्थामा सोही पोखरीको बाँकी आधा भागलाई निजी हकभोग चलनमा रहेछ भन्न कानूनसम्मत हुँदैन।

५. अब वादीले बदरका लागि दाबी लिएको मिलापत्र तत्कालीन गाउँ विकास समितिका अध्यक्षलगायतका पदाधिकारी र यी जग्गाधनी प्रतिवादीहरूको बिच पोखरी र सो पोखरीको डिलको जग्गाको सम्बन्धमा भएको, सो पोखरीको डिलको जग्गा साबिकदेखि नै यी प्रतिवादीहरूको दर्ता भोगमा रहेको निजी पोखरी डिल हो भनी कानूनबमोजिम गठन भएको गाउँ विकास समितिले निर्णय गरी विवादित पोखरी डिलसमेत सार्वजनिक नभई व्यक्ति विशेषको हक स्वामित्वको हो भनी दर्ता र हकवाला व्यक्तिसँग सो समितिका निर्वाचित पदाधिकारीले अदालतमा विधिपूर्वक एवं कानूनी हैसियतमा गरेको मिलापत्र बदर गरी सार्वजनिक भनी ठहर गर्न मिल्दैन भन्ने पुनरावेदन मागका सम्बन्धमा विचार गर्दा मिलापत्र हुँदा कायम रहेको गाउँ विकास समिति ऐन, २०४८ मा गाउँ विकास समितिको सम्पत्तिको सम्बन्धमा भएको व्यवस्थाको विवेचना गर्नु पर्ने देखिन्छ।

६. गाउँ विकास समिति ऐन, २०४८ को दफा ३८ (१) मा "*गाउँ विकास समितिको क्षेत्रभित्रको देहायका सम्पत्तिउपर गाउँ विकास समितिको पूरा हक हुनेछ र त्यस्तो सम्पत्तिको रेखदेख तथा प्रबन्ध गाउँ विकास समितिले गर्नुपर्नेछ*" भन्ने व्यवस्था छ, भने उक्त उपदफाको देहाय (ख) मा "*कुनै व्यक्ति विशेषको निजी हक नभएको र श्री ५ को सरकार वा जिल्ला विकास समितिको नियन्त्रणमा नरहेको सार्वजनिक ढल, नाला, पुल, पोखरी, देवालय, शिवालय, पाटी, पौवा, कुवा, धारा, ईनार, गौचर, पानीघाट निकास र बाटो*" भनी उल्लेख भएको साथै ऐ. दफाको उपदफा (२) मा "*उपदफा (१) बमोजिमको सम्पत्ति गाउँ विकास समितिले श्री ५ को सरकारको स्वीकृति बिना बेचबिखन गर्न वा अरू कुनै व्यहोराले हकभोग छोड्न पाउने छैन। स्वीकृति बिना बेचबिखन गरेमा वा हक छाडी कसैलाई दिएमा जुनसुकै अवस्थामा पनि स्वतः बदर हुनेछ*" भन्ने व्यवस्था रहेको छ।

७. उल्लिखित कानूनी व्यवस्थाअनुसार गाउँ विकास समितिको हक भएको सम्पत्तिको रेखदेख तथा प्रबन्ध गर्ने दायित्व गाउँ विकास समितिलाई तोकेको र त्यस्तो सम्पत्तिको हक छोड्दा वा अरू कुनै तवरबाट कसैलाई हक हस्तान्तरण गर्दा वा त्यस्तो सम्पत्ति

बेचबिखन गर्दा सरकारको स्वीकृतिलाई अनिवार्य गरेको छ। कानूनले अनिवार्य गरेको कुरालाई अनदेखा गरी सार्वजनिक सम्पत्तिको कुनै पनि किसिमबाट हक छाड्न वा हक टुटाउने कुनै कार्य गर्न अधिकार गाउँ विकास समितिका कुनै पदाधिकारीमा रहे भएको पाइँदैन।

८. प्रस्तुत मुद्दामा विवादित डिलसहितको एउटै पोखरी दुई गाउँ विकास समितिमा विभाजित भएको भन्ने देखिन्छ। सोमध्ये चक्कर गाउँ विकास समितितर्फको डिलसहितको पोखरीको आधा भाग सरकारका नाममा नापी भई औरहीतर्फ परेको डिलसहितको आधा भाग नापी हुन बाँकी रहेको भन्ने देखिन्छ। औरहीतर्फको डिलसहितको पोखरी आफ्नो निजी सम्पत्ति रहेको र आफूले पहिलेदेखि नै भोग गर्दै आएको भन्ने पुनरावेदकको जिकिर रहेको पाइन्छ। सो जग्गामा आफ्नो हक भएको भनी दाबी लिए पनि सो जग्गामा पुस्तौनीरूपमा हकभोग रहेको स्वबासी जग्गा रहेको र हकवालाहरू बिच बन्डा गरी हक सर्दै आएको भन्ने वस्तुनिष्ठ र ठोस प्रमाण पेस गर्न सकेको अवस्था देखिँदैन भने सो विवादित डिलसहितको पोखरीको आसपासमा यी पुनरावेदकको कुनै जग्गासमेत रहेको देखिँदैन। साथै पुनरावेदकका बाबुले ७ नं. फाँटवारीमा सो जग्गा ऐलानी हो भनी लेखिदिएबाट उक्त जग्गामा यी पुनरावेदक प्रतिवादीको पहिलेदेखि हकभोग रहेको भन्ने दाबी आफैँमा खण्डित भइरहेको छ। खिचोला मुद्दाको फिरादपत्र, प्रतिउत्तरपत्र र मिलापत्रसमेतका समग्र कागजातहरू हेर्दा विवादित भू-भाग सो मुद्दाका वादीको हकभित्रको हो भन्ने कुनै प्रमाणबाट पुष्टि हुन सकेको पनि देखिँदैन।

९. तसर्थ यस्तो अवस्थामा त्यस्तो जग्गामा एक पक्षले निजी जग्गा खिचोला गरे भनी फिराद दायर गरी अर्को पक्ष गाउँ विकास समितिका अध्यक्षसमेतका तर्फबाट उक्त जग्गा गाउँ विकास समितिको सार्वजनिक जग्गा होइन, उनकै हकभोगको जग्गा हो खिचोला गरेको छैन तथा लगाउको लुटपिट मुद्दामा पोखरीमा उब्जनीका रूपमा रहने मखन लुटेको हो भनी प्रतिउत्तर फिराई वादी प्रतिवादी मिली वादी दाबी कायमै राखी अर्थात् विवादित भू-भागमा यी पुनरावेदक प्रतिवादीको हक देखाई हक सिर्जना हुने गरी गरेको मिलापत्र प्रमाण सिर्जना गर्ने प्रयोजनले मात्र गरेको पुष्टि हुन आयो।

१०. विवादित जग्गा निजी जग्गा भई सो जग्गामा घरहरूसमेत रहेको भन्ने पुनरावेदन जिकिर रहेको र सर्वोच्च अदालतबाट मुद्दा दोहोर्‍याउन निस्सा प्रदान गर्दा निषेधाज्ञा मुद्दामा भएको मिति २०५४।१।२० को नक्साको न.नं. २, ३, १२, १३, १४, १५, १९, २२, २७ र ३६ समेतमा प्रस्तुत मुद्दाका प्रतिवादीहरूको भोगाधिकार भई घरबास देखिने भन्ने आधार लिएको पाइन्छ। तर प्रमाणको रूपमा पेस भएको पुनरावेदन अदालत, जनकपुरको रिट नं. १५७ को निषेधाज्ञा मुद्दाको मिसिलमा भएको मिति २०५४।१।२० को नाप नक्सा हेर्दा उक्त नक्सामा एउटा ४ फिट ८ इन्चको गारो उठाएको छाना नभएको निर्माणाधीन घर देखिएको र सो निर्माणाधीन घरसमेत अदालतको अन्तरिम आदेशको अपहेलना गरी पूरा गरेकोमा यी पुनरावेदक प्रतिवादीलाई रू. ५०।– जरिवानासमेत भएको पाइन्छ। सो विवादित जग्गामा घरहरू रहेको भनी २०६० सालमा नक्सा हुँदा घरहरू देखाइए पनि ती घरहरूसमेत चक्कर गाउँ विकास समितिमा पर्ने कि.नं. ३६३ को जग्गामा रहेका भन्ने देखिँदा मुद्दा दोहोर्‍याउन निस्सा प्रदान गर्दा लिइएको आधारसँग सहमत हुन सकिएन।

११. अर्कोतर्फ सो जग्गा पुनरावेदक प्रतिवादीको निजी हकभोगको थियो भने नापी भएको खण्ड छुट दर्ता भनी प्रमाणसहित आफ्ना नाममा दर्ता गराउने सीधा र कानूनसम्मत बाटो अवलम्बन गरी मालपोत कार्यालयमा यी पुनरावेदक प्रतिवादी जान सक्ने अवस्था हुँदाहुँदै सो सीधा बाटो छाडी विवादित जग्गालाई आफ्नो सम्पत्ति हो भन्ने स्वघोषणाका

साथ अदालत प्रवेश गरी वादी प्रतिवादी बनी बनाई मिलापत्रद्वारा हक सिर्जना गरेको देखियो । विवादित जग्गा गाउँ विकास समितिको नभई पुनरावेदकको निजी हकभोगको सम्पत्ति भएको भए सो सम्पत्तिका हकमा मिलापत्र गरी वादी दाबी कायम राखिदिने भन्दै परोक्षरूपमा सो सम्पत्तिमा अनधिकृतरूपमा वादीको हक कायम गरिदिने अधिकार गाउँ विकास समिति र सोका पदाधिकारीलाई कानूनले दिएको छैन । सो जग्गालाई गाउँ विकास समितिको सम्पत्ति मान्ने हो भने सरकारको स्वीकृतिबेगर कुनै पनि व्यहोराले उक्त सम्पत्तिको हकभोग छोड्न नमिल्ने र छोडेको अवस्थामा पनि गाउँ विकास समिति ऐन, २०४८ को दफा ३८(२) अनुसार स्वतः बदर हुन जान्छ । अतः सार्वजनिक पोखरीको संरक्षण गर्नुपर्ने दायित्वबाट विमुख भई सार्वजनिक पोखरीका सम्बन्धमा चलेको खिचोला मुद्दामा गाउँ विकास समितिका अध्यक्षसमेतले सार्वजनिक पोखरीलाई व्यक्ति विशेषको निजी पोखरीको रूपमा मान्यता दिने गरी वादी दाबी कायम हुने गरी एक आपसमा गरेको मिलापत्रले कानूनी मान्यता पाउन सक्ने हुँदैन । सार्वजनिक जग्गालाई पुनरावेदक प्रतिवादीको निजी सम्पत्ति हो भन्ने प्रमाण सिर्जना गर्ने प्रयोजनका लागि प्रतिवादीहरू आपसमा मिली सा.दे.नं. १२४७ को खिचोला मुद्दामा मिलापत्र भएको देखिँदा सो बदनियतपूर्वक भएको मिलापत्रलाई कानूनसम्मत मान्न मिल्दैन । तसर्थ उक्त खिचोला मुद्दामा भएको मिति २०५४।८।१७ को मिलापत्र कायमै राख्नु पर्ने गरी पुनरावेदन अदालतको फैसला उल्टी हुने ठहराई यस अदालतको संयुक्त इजलासका माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाहबाट व्यक्त रायसँग सहमत हुन सकिएन ।

१२. अतः उल्लिखित तथ्य, कानूनी व्यवस्था एवं विवेचनासमेतको आधार कारणसमेतबाट एउटै पोखरीको डिलसहितको आधा भाग जग्गा सरकारका नाममा दर्ता भई सार्वजनिक कायम भएको र सोही पोखरीको डिलसहितको अर्को आधा भाग पुनरावेदक प्रतिवादीको निजी हकभोगको मान्न मिल्ने नदेखिँदा प्रतिवादीहरूले प्रमाण सिर्जना गर्न रचेको व्यवहारलाई मान्यता दिई सार्वजनिक सम्पत्तिलाई निजी बनाउने गरी मिति २०५४।८।१७ मा यी प्रतिवादीहरू आपसमा मिली गरेको सा.दे.नं १२४७ नं. को खिचोला मुद्दाको मिलापत्र बदर गर्ने गरेको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालतको मिति २०६०।९।३० को फैसलालाई सदर ठहर गरी यस अदालतको संयुक्त इजलासका माननीय न्यायाधीश श्री प्रकाश वस्तीबाट व्यक्त भएको राय मिलेको देखिँदा सदर हुने ठहर्छ । अरूमा तपसिलबमोजिम गर्नू ।

तपसिल

१. माथि ठहर खण्डमा लेखिएबमोजिम वादी दाबी कायम हुने गरी भएको सुरू तथा पुनरावेदन अदालतको फैसला सदर हुने ठहरी फैसला भएकाले पुनरावेदन अदालत, जनकपुरमा पुनरावेदन दर्ता गर्दा र.नं. २३५ मिति २०५७।२।२५ मा प्रतिवादीले राखेको धरौटी भराई पाउँ भनी वादीको कानूनबमोजिम निवेदन परे उक्त धरौटी वादीलाई फिर्ता दिनु भनी पुनरावेदन अदालत, जनकपुरमा लेखी पठाउनू ।

२. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइ दिनू ।

उक्त रायमा हामी सहमत छौँ ।
न्या. दीपकराज जोशी
न्या. गोविन्दकुमार उपाध्याय

इजलास अधिकृत : इन्दिरा शर्मा
इति संवत् २०७२ फागुन १३ गते रोज २ शुभम् ।

निर्णय नं. ९५७५

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
आदेश मिति : २०७२।१।३।५
०६५-WF–०००५

विषयः उत्प्रेषण / परमादेश

निवेदक : जनहित संरक्षण मञ्च र आफ्नोतर्फबाट काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.१४ कुलेश्वर बस्ने अधिवक्ता प्रकाशमणि शर्मासमेत

विरूद्ध

विपक्षी : नेपाल सरकार, मन्त्रिपरिषद्को सचिवालय सिंहदरबार काठमाडौंसमेत

- **प्रकृतिका हरेक सिर्जना वा वस्तुको अस्तित्व रहिरहनुमा आ-आफ्नै प्राकृतिक कारण र महत्त्व हुन्छ । हरेक वस्तुको पृथकपृथक मूल्य र मान्यता रहेको हुन्छ । कसैको निहित उद्देश्य वा आर्थिक स्वार्थका निमित्त प्राकृतिक मूल्य मान्यता भत्काउने कुरा स्वीकार्य हुन सक्दैन । प्रकृतिको पहिचान र अस्तित्वसँग जोडिएर रहेका हावा, पानी, वनजंगल र जैविक विविधता जस्ता विषयहरू कुनै एक पुस्तामात्रका लागि बनेका होइनन् । तिनको कुनै पनि बहानामा क्षयीकरण हुन दिनु हुँदैन । विकासको नाममा प्रकृति तथा यसका अवयवहरूको आधारभूत स्वरूप वा मान्यता समाप्त गर्ने छुट कसैलाई पनि हुँदैन । प्रकृतिले दिएका उपहारको मूल्यसँग विकासका क्रियाकलापले दिने लाभको तुलना हुन सक्दैन । त्यसैले भौतिक विकासका क्रियाकलापबाट कुनै ठूलै लाभ हुने रहेछ भनेपनि प्रकृति र वातावरणलाई नकारात्मक प्रभाव पार्ने वा विनास गर्ने क्रियाकलापले निरन्तरता पाउन नहुने ।**

(प्रकरण नं.१५५)

- **जसरी हामी कुनै विकास वा आर्थिक लाभका निमित्त हाम्रा अमुल्य ऐतिहासिक धरोहर भत्काउन वा पुर्ने कुरा गर्न सक्दैनौं, त्यसरी नै जैविक विविधताको मूल्यलाई मार्वल वा रोडा ढुंगासँग साटन सकिन्न । गोदावरी क्षेत्रको धार्मिक र सांस्कृतिक सम्पदा, जैविक विविधता, लोप हुने अवस्थामा रहेका चराचुरुङ्गी, पुतली, वनस्पति, पारिस्थितिकीय प्रणाली तथा प्राकृतिक सौन्दर्यताको कुनै मूल्य छैन । यस्ता अमूल्य प्राकृतिक सम्पदाहरू सुदूर पुस्तासम्मका लागि संरक्षणीय र संग्रहणीय हुँदा मार्वल होइन सुन वा हिरा नै पाइन्छ भने पनि गोदावरी जस्तो जैविक विविधताको संजीवनी पहाड खोस्रन र भत्काउन नपाइने ।**

(प्रकरण नं.१५६)

- **गोदावरी क्षेत्रको उल्लिखित जैविक, भौगोलिक र भूर्गभिक महत्त्वले गर्दा सुधारका प्रयासहरू फिका सावित भएका देखिन्छन् । साथै सो क्षेत्रको मार्वलको गुणस्तर तथा भण्डारण राम्रो नभएको, थोरै मार्वल निकाल्न बढी मात्रामा ढुङ्गा उत्खनन् गर्नुपर्ने र विपक्षी उद्योगले मार्वलभन्दा पनि ढुङ्गा उद्योगका रूपमा**

काम गरिरहेको देखिएको छ । विपक्षी उद्योगले प्रदान गरेको सीमित रोजगारी र बुझाएको राजश्वको तुलनामा पर्यावरणीय दृष्टिकोणबाट अति संवेदनशील सो क्षेत्रमा परेको क्षति अपुरणीय देखिएको हुँदा त्यसको संरक्षण गर्नु नै मानव समुदायको बृहत हितको लागि अपरिहार्य भएकोले विकासका क्रियाकलापहरू अघिबढाई रहनु कुनै पनि दृष्टिकोणबाट न्यायोचित नदेखिने ।

(प्रकरण नं.१६६)

- **फूलचोकी गोदावरी क्षेत्रको जलवायु, जैविक विविधता, प्राकृतिक सौन्दर्यता, भौगोलिक र भौगर्भिक अवस्था, पारिस्थिकीय प्रणाली र ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्त्वसमेतका कारण त्यस क्षेत्रमा खानी तथा खनिज कार्य सञ्चालन गर्नु खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा २७ को उपदफा (१) र खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ४३ को देहाय (घ) अनुसार बृहत सार्वजनिक हित प्रतिकूल हुने देखिएकोले सोही ऐनको दफा १२(१) बमोजिम गोदावरी क्षेत्रलाई खनिज कार्यका लागि निषेधितक्षेत्र घोषणा गरी खानी कार्य तत्कालैदेखि बन्द गर्नू गराउनू र अब उप्रान्त कसैलाई पनि त्यस्तो अनुमति नदिनू भनी विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र खानी तथा भूगर्भ विभागका नाउँमा निरन्तर प्रकृतिको परमादेश (Continious Mandamus) जारी हुने ।**

(प्रकरण नं.१६९ क)

निवेदकका तर्फबाट : वरिष्ठ अधिवक्ता डा. सूर्यप्रसाद शर्मा ढुंगेल, विद्वान् अधिवक्ताहरू प्रकाशमणि शर्मा, दिनमणी पोखरेल, कविता पाण्डे

विपक्षीका तर्फबाट : सहन्यायाधिवक्ता किरण पौडेल, विद्वान् वरिष्ठ अधिवक्ताहरू शम्भु थापा, सुशील पन्त, बोर्णबहादुर कार्की, विद्वान् अधिवक्ताहरू बालकृष्ण ढकाल, मोतिकला सुब्बा देवान, नरेन्द्र पाठक, रमणकुमार श्रेष्ठ, शारदाप्रसाद कोइराला

रिट निवेदनको कारबाहीमा सरोकार देखाई सरिक भएका पक्षबाट : विद्वान् अधिवक्ता टंकप्रसाद दुलाल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- खानी तथा खनिज पदार्थ ऐन, २०४२ को १२(१), दफा २७ को उपदफा (१)
- खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ४३ को देहाय (घ)
- वातावरण संरक्षण ऐन, २०५३ को दफा १०(१)

आदेश

न्या.सुशीला कार्की : तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(२) बमोजिम यस अदालतसमक्ष दायर भई संयुक्त इजलासका माननीय न्यायाधीशहरूबिच मतैक्यता हुन नसकी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम यस पूर्ण इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः

रिट निवेदनको व्यहोरा

राष्ट्रिय सम्पदाको रूपमा रहेको प्राकृतिक स्रोत आम नागरिकहरूको साझा सम्पत्ति भएकोले

त्यस्तो सम्पत्तिको संरक्षण गर्ने संवैधानिक तथा कानूनी दायित्व राज्यको हो । कुनै क्षेत्रमा भौतिक विकासका क्रियाकलापहरू सञ्चालन गर्दा सो क्षेत्रको वातावरण एवं दुर्लभ वन्यजन्तु, वन र वनस्पतिको विशेष संरक्षण राज्यले गर्नुपर्ने दायित्व नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २६(४) ले राज्यलाई सुम्पेको छ । त्यसैगरी उक्त संविधानको धारा १२(१) ले जिउने अधिकारअन्तर्गत स्वच्छ र स्वस्थ्य वातावरणको मौलिक हक प्रत्याभूत गरेको छ । सो तथ्यमा सूर्यप्रसाद ढुंगेल विरूद्ध गोदावरी मार्वल उद्योगको मुद्दामा (ने.का.प.२०५२ स्वर्ण शुभजन्मोत्सव विशेषाङ्क) सिद्धान्तसमेत प्रतिपादन भएको छ । विकासको आधारशीला उद्योग भएपनि उद्योग सञ्चालन गर्दा प्राकृतिक सम्पदासमेतको संरक्षण गर्न आवश्यक छ । प्राकृतिक सम्पदाको संरक्षण गर्न पाउने हक व्यक्तिको नैसर्गिक अधिकारसमेत हो । तर गोदावरी क्षेत्रको प्राकृतिक सम्पदा, दुर्लभ वन्यजन्तु, वन, वनस्पति, जैविक विविधता, वातावरणीय स्वास्थ्य एवं धार्मिक, सांस्कृतिकलगायत सार्वजनिक हक हितमा असर पुग्ने किसिमले उक्त क्षेत्रमा स्थापना भई सञ्चालनमा रहेको गोदावरी मार्वल उद्योगको उद्योग सञ्चालनको समयावधी १० वर्ष २०५८ देखि २०६८ सम्म बढाउने गरी मिति २०५३।७।११ मा भएको निर्णयबाट संवैधानिक एवं कानूनी हक हनन् हुन गएको हुँदा निम्न व्यहोरामा निवेदन गरेका छौं ।

काठमाडौं उपत्यकाको उच्च पहाड फूलचोकी गोदावरी क्षेत्र १५१५ मिटरदेखि २७१५ मिटर उचाइसम्म तथा ५० वर्ग कि.मी.क्षेत्रमा फैलिएको प्राकृतिक सम्पदाको रूपमा परिचित छ । यस क्षेत्रमा राष्ट्रिय फूल लालीगुराँसको एउटै प्रजातिको बोटमा रातो, गुलावी र सेतो गरी तीन रङ्गको फूल फुल्ने लगायत ५७१ प्रजातिका फूल फुल्ने रूख र सुनगाभासमेत १५ प्रजातिका घाँस जाति पाइने हुँदा यो क्षेत्र अनुसन्धानको लागि महत्त्वपूर्ण मानिएको छ । सो कुरा गोदावरी क्षेत्रको वन सम्पदाको बारेमा चराहरूको संरक्षणसम्बन्धी अन्तराष्ट्रिय संस्थाले गरेको अध्ययन प्रतिवेदनमा उल्लेख छ । यस क्षेत्रमा विभिन्न ३०० प्रजातिका पुतली, २५४ प्रजातिका चराहरू, रतुवा मृग, चित्तल, चितुवा, दुम्सी सालक र विराला छन् । ५७१ किसिमका (Angiosperms), २ किसिमका (Gymnosperms) र ८० प्रजातिका सुन्दर पात भएको रूख प्रणाली र त्यसका जातिहरू (ferns and fern allies) पाइने कुराको पुष्टी International Council for Birds Preservation,१९९१ (पृष्ठ ५) ले गरेको छ । गोदावरी क्षेत्रको फूलचोकी डाँडा काठमाडौंमा मनसुन प्रवेश हुने प्रमुख स्थान भएको सो क्षेत्रमा जलस्रोतका लागि प्रख्यात पाँच धारा र नौ धारा वरिपरिका क्षेत्रलाई सन् १९५० को दशकमा गोदावरी कुण्ड भनी नामाकरणसमेत गरिएको छ । बाह्रवर्षे मेला, देवी देवताका मठ मन्दिरलगायत लगभग विभिन्न धार्मिक तथा सांस्कृतिक आस्थाका धरोहर केन्द्र रहेको उक्त स्थान धार्मिक तथा सांस्कृतिक सम्पदाको अपारताले निपुण हुँदा सोको विशेष संरक्षण हुनुपर्छ भनी स्वयं नेपाल सरकार र संयुक्त राष्ट्र संघ र युनेस्कोले अध्ययन गरी सिफारिस गरेको छ ।

मार्वलको पारिस्थिकीय प्रणाली खानी क्षेत्र, दुर्लभ वन्यजन्तु तथा वनस्पतिका लागि उपयुक्त वासस्थान हुने र तिनीहरू त्यही क्षेत्रमामात्र बस्न सक्ने तथा त्यस्ता क्षेत्रमा गरिने विकास निर्माणका कार्यबाट त्यस्ता वन्यजन्तु एवं वनस्पतिको नाश हुने कुरा विश्व बैंकबाट अध्ययन गरिएको प्रतिवेदनबाट पुष्टि हुने हुँदा सोको सान्दर्भिक अंश उद्धृत गरेका छौं ।

The biodiversity of limestone ecosystems, both surface and cave systems, is highly characteristic and restricted, comprising species able to cope with the highly alkaline environment due to the abundance of calcium carbonate, species

that can endure the severity of exceedingly dry soil conditions over part of the year, and species confined to, or found primarily in, limestone caves. Some are confined to single hills or cave systems. Many of the species concerned are relatively small, little known, and are rarely included in lists of protected species, which tent to focus on the larger and more conspicuous species. Extinction of limestone-restricted species as a result of economic development have already been recorded, and the status of other species is perilous (Haap vermeulen and Tony Whitten (१९९९), Biodiversity and Cultural Property in the Management of Limestone Resources, Lessons from East Asia, The World Bank)

गोदावारी क्षेत्रमा मार्वल उद्योगको बारेमा विशेषज्ञले गरेको अध्ययनमा "If Phulchowki's forests and their wildlife are to continue to survive, action must come soon; the quarries must be closed and Phulchowki designated a protected area. At the present rate of destruction, the stage will be reached in the foreseeable future where many species will disappear. Even if the trees were to recover some of the forest inhabitants would take many years to recolonize and other would never do so." (Carolo Lanskipp and Tim Lanskipp cited above, p. ७४) भन्ने उल्लेख हुँदा उक्त स्थान जैविक विविधताले भरिपूर्ण, विभिन्न प्रजातिका जिवजन्तुको वासस्थान, वनस्पति, धार्मिक तथा सांस्कृतिक सम्पदाले ओतप्रोत त्यस्तो स्थानमा मार्वल कारखाना स्थापना गरी जैविक विविधतामा प्रतिकूल असर पुर्‍याउनु नकारात्मक पक्ष हो। किनकी जैविक विविधतामा ह्रास आएमा त्यसको परिपूर्ति हुन सक्दैन, यसको प्रत्यक्ष असर वर्तमान अवस्थामा मात्र नभई भावी पुस्तामा समेत पर्दछ। त्यसकारण गोदावरीमा सञ्चालित मार्वल कारखानाको म्याद २०५८ माघसम्म मात्र हुँदा म्याद थप नगरी गोदावरी क्षेत्रको जैविक विविधताको संरक्षण गरिनु पर्दछ।

२०२३ सालदेखि सञ्चालन भइरहेको मार्वल उद्योगका कारण गोदावरी क्षेत्रमा परिरहेका नकारात्मक पक्षका सम्बन्धमा भू-तथा जलाधार संरक्षण विभागअन्तर्गतको वातावरणीय प्रभाव आयोजनाद्वारा तयार गरेको गोदावरी क्षेत्र वातावरणीय सिंहावलोकन प्रतिवेदन, २०४५ ले स्पष्ट गरेको छ। यसैगरी प्राकृतिक तथा सांस्कृतिक सम्पदा संरक्षण परिषद्द्वारा तयार गरेको गोदावरी क्षेत्र वातावरणीय अवस्थाबारे छानबिन प्रतिवेदन, २०४९ मा समेत सो कुरा उल्लेख छ। ती प्रतिवेदनहरूमा देहायको कुरा उल्लेख छः

(१) वन्यजन्तु तथा दुर्लभ वनस्पतिहरू लोप हुन सक्ने,

(२) भू-दृश्य, सौन्दर्यतथा प्राकृतिक वातावरणको सन्तुलनमा समेत प्रतिकूल प्रभाव परेको,

(३) प्रतिवर्ष करीव १०० हेक्टर जङ्गलमा प्रत्यक्ष असर परेको,

(४) ब्लाष्टिङ्गको कारणले दुर्लभ पुतली तथा चराहरू लोप हुने क्रम बढेको र सो ब्लाष्टिङ्गको आवाजले गोदावरी क्षेत्र नजिक रहेको अन्य क्षेत्रसमेतका वन्यजन्तुलाई असर पर्न जानुको साथै मौसमअनुसार अन्यत्रबाट बसाईं सरी आउने चराहरूको संख्यामा पनि दिन प्रतिदिन घट्ने क्रम बढ्दै गएको,

(५) रूखको कटानी, भू-उत्खनन, विष्फोट, ढुङ्गा ड्रिलिङ आदि क्रियाकलापले पर्यटकहरूमा प्रतिकूल असर परेबाट पर्यटन विकासका

लागि त्यसक्षेत्रमा कुनै कार्यक्रम ल्याउन कठिनाई भएको,

(६) उद्योगको कारण कृषिजन्य भूमिलाई अनुत्पादक बनाएको र सोबाट करिब वार्षिक रू. ३२ लाख बराबरको खाद्यान्न बाली ह्रास हुँदै गएको,

(७) पानीको प्रदूषणको मात्रा र वायु प्रदूषणको मात्रा अधिक रहेको,

(८) प्राकृतिक सुन्दरता गुमेको कारणबाट पर्यटनक्षेत्रको विकासमा प्रत्यक्ष असर परेको,

(९) गोदावरी क्षेत्रको पारिस्थितिक प्रणाली सन्तुलन गर्न विकास निर्माणका कार्य तुरून्त बन्द गरी संरक्षितरूपमा विकास गरिनु पर्ने।

त्यस्तै २०४७ सालमा वन तथा भूसंरक्षण मन्त्रीबाट गठित ३ सदस्यीय आयोगले प्रस्तुत गरको सुझाव प्रतिवेदनमा देहायको कुरा उल्लेख छः

(१) गोदावरी मार्वल उद्योग तुरून्त बन्द गर्ने,

(२) गोदावरी फूलचोकी क्षेत्रलाई अनुसन्धानशाला तथा पर्यटकलाई आकर्षण गर्ने गरी विकास गर्ने,

(३) त्यसक्षेत्रमा वातावरणमा असर पर्ने अन्य विकास कार्यक्रम सञ्चालन हुन नदिने र फूलचोकीको डाँडामा कुनै पनि भौतिक विकास गर्न नदिने र हाल भएकालाई पनि अविलम्ब रोक लगाउने,

(४) उक्त क्षेत्रलाई गोदावरी फूलचोकी राष्ट्रिय निकुञ्ज घोषणा गर्नुपर्ने।

यसै सन्दर्भमा तत्कालीन वन तथा वातावरण राज्यमन्त्रीसमेत रहेको ५ सदस्यीय कार्यदलले मिति २०५०।१।८ मा गरेको निर्णयमा गोदावरी फूल्चोकी क्षेत्रलाई संरक्षण क्षेत्र बनाउने, गोदावरी मार्वल खानी उद्योग सञ्चालन गर्न इजाजत पाइसकेको हुनाले कम्पनीलाई प्रचलित ऐन नियमका अधीनमा रही तोकिएको सर्त पालना गर्ने गरी उद्योग सञ्चालन गर्नदिने र उद्योगले कुनै पनि बखत खानी सञ्चालन र खनिज तथा वातावरण संरक्षणसम्बन्धी ऐन नियमका सर्तहरू वर्खिलाप काम गरेमा वा खनिज तथा वातावरणीय संरक्षण गर्नको लागि समयसमयमा दिइएको आदेशहरूको पालना नगरेमा खानी इजाजत रद्द गरी उक्त मार्वल खानी उद्योगको सञ्चालन बन्द गरिदिने उल्लेख छ।

सूर्यप्रसाद ढुंगेल विरूद्ध गोदावरी मार्वल उद्योगको मुद्दामा (ने.का.प.२०५२ स्वर्ण शुभजन्मोत्सव विशेषाङ्क, पृ.१६९) सर्वोच्च अदालतले गोदावरी क्षेत्रको पर्यावरण संरक्षण जस्तो संवेदनशील, राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्वको विषयमा प्रभावकारी र सन्तोषजनक उपचारात्मक कार्य पनि भएको नदेखिँदा उपयुक्त कुरासमेतलाई मध्यनजर राखी गोदावरी क्षेत्रको पर्यावरण प्रभावकारीढंगले संरक्षणतर्फ कारबाही गर्न, खानी तथा खनिज पदार्थ ऐन, २०४२ लागू गर्न, वायु, जल, ध्वनी एवं पर्यावरण संरक्षण गर्न आवश्यक कानून तर्जुमा हुन र गोदावरी क्षेत्रको पर्यावरण प्रभावकारी ढङ्गले संरक्षणतर्फ कारबाही गर्न विपक्षीहरूका नाउँमा मिति २०५२।७।१४ मा निर्देशनात्मक आदेश जारी गरेबाट त्यसक्षेत्रको संरक्षण गरिनुपर्ने तथ्यमा राज्य, सरकार सचेत रहनु जरूरी भएकोमा उक्त आदेशको पालना नगरी खानी सञ्चालनको अवधि ५ वर्ष बाँकी रहँदा रहँदैको अवस्थामा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र खानी तथा भूगर्भ विभागले मार्वल उद्योग सञ्चालनको अवधि २०५८ आषाढ २७ गतेबाट २०६८ सालसम्म बढाउने गरी गरेको निर्णय संविधान एवं प्रचलित नेपाल कानून र अदालतको आदेशविपरीत भएकोले त्यस्तो निर्णय एवं काम कारबाही तत्काल बदर गर्नुपर्ने र त्यसले निरन्तरता नपाउनु पर्ने जिकिर निम्न प्रकरणमा उल्लेख गर्न चाहन्छौः-

(क) नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २६ को उपधारा (४) मा "भौतिक विकाससम्बन्धी क्रियाकलापहरूद्वारा वातावरणमा पर्न जाने प्रतिकूल असरहरू पर्न नदिन एवं वातावरणको संरक्षण गर्न राज्यले प्राथमिकता दिने छ र दुर्लभ वन्यजन्तु वन र वनस्पतिको विशेष संरक्षण गर्ने व्यवस्था गर्नेछ" भन्ने उल्लेख भई राज्यको संवैधानिक दायित्व तोकेको छ । राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरू अदालतबाट लागू गर्न नसकिने भएपनि यदि सरकारले संविधानमा व्यवस्थित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू विपरीत गएर निर्णय गर्छ भने त्यस्तो अवस्था औंल्याउन नसकिने होइन (योगी नरहरिनाथ विरूद्ध प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासमेत ने.का.प.२०५३ अंक १ पृ.३३) भनी प्रतिपादित न्यायिक सिद्धान्तसमेतको रोहमा माथि उल्लेख भएबमोजिम विपक्षी गोदावरी मार्वल इण्डष्ट्रिजले उपरोक्त धारा २६(४) को विपरीत गोदावरी क्षेत्रको वातावरण र जैविक विविधतामा ह्रास गरिरहेको र त्यस्तो कार्य गर्नबाट रोक लगाउनुपर्ने दायित्व भएका राज्यका प्रमुख अङ्गहरूले उक्त दायित्व पूरा नगरी गोदावारीक्षेत्रको सम्पदा विनाश हुने गरी मार्वल उद्योग निरन्तररूपमा २०६८ सालसम्म सञ्चालन गर्न दिने गरी अवधि थप गर्ने निर्णय धारा २६(४) को व्यवस्था र भावनाविपरीत छ ।

(ख) राष्ट्रिय सुरक्षा, ऐतिहासिक महत्त्व, सार्वजनिक हित र वातावरणमा प्रतिकूल असर पर्ने त्यस्तो क्षेत्रमा कुनै उद्योग वा खानी स्थापित गर्न निषेधित गर्न वा सञ्चालित भइरहेका कुनै उद्योग वा खानी रोक्का गरी खनिज कार्य गर्ने अनुमति रद्द गर्न सक्ने गरी खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा १२(१), २७(१) तथा खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ४३ को देहाय (घ) मा कानूनी व्यवस्था गरेको छ । सोही नियमावलीको नियम १९ को देहाय (ख) मा "उत्खनन कार्य गर्दा वातावरणमा सकेसम्म न्यूनतम् प्रतिकूल प्रभाव पर्ने उपाय अपनाई वातावरण संरक्षणमा समुचित ध्यान दिई कार्य गर्ने कुरा उल्लेख छ भने नियम ३२ मा खानी तथा आधारभूत संरचनाको विकास गर्दा प्राकृतिक सम्पदा, सांस्कृतिक, पुरातात्विक तथा धार्मिक सम्पदामा असर पुग्नुको साथै त्यसक्षेत्रको भूसंरचनामा खलल भई भू-क्षयलगायतका जल तथा वातावरणमा प्रतिकूल असर पर्ने जैविक विविधतामा ह्रास आउनुको साथै दुर्लभ वनस्पति र वन्य जीवजन्तु लोप हुने त्यस्तो कार्यलाई वातावरणमा प्रतिकूल असर परेको मानिने उल्लेख छ । यसैगरी गोदावरी क्षेत्रको ऐतिहासिक सांस्कृतिक, धार्मिक एवं जैविक विविधतालाई नष्ट गर्ने प्रमुख कारककोरूपमा गोदावरी मार्वल इण्डष्ट्रिज भएकोले उक्त उद्योग सञ्चालनमा रोक लगाई ऐ.नियमावलीको नियम ४३ (घ) अनुसार उद्योगको अनुमति रद्द गर्नुपर्नेमा खानी सञ्चालन गर्न म्याद थप गरेको निर्णय उक्त कानूनी व्यवस्थाविपरीत छ ।

(ग) गोदावरी मार्वल उद्योगले वातावरण प्रदूषण गरी जनजीवन र जनस्वास्थ्यका लागि प्रतिकूल प्रभाव पारेको अवस्थामा सो उद्योग वातावरण संरक्षण ऐन, २०५३ को दफा ७

अनुसार सञ्चालनमा रोक लगाउनु पर्नेमा सो नगरी निरन्तरता दिएको निर्णय कानूनविपरीत छ।

(घ) गोदावरी मार्वल इण्डष्ट्रिजका कारण गोदावरी क्षेत्रको वन सम्पदा, दुर्लभ वनस्पतिको विनाश भइरहेको र विश्वभरि संकटापन्न चराचुरूङ्गी, पुतलीहरू र अन्य वन्यजन्तु संकटमा परी लोप हुन सक्ने स्थितिमा पुगेकोले सो क्षेत्रको संरक्षण गर्नुपर्ने कानूनी दायित्व वन मन्त्रालय र वन विभागको भएकोमा संरक्षणतर्फ कदम नचलाएको कार्यबाट वन ऐन, २०४९ को प्रस्तावना र त्यसको भावनाविपरीत हुन गएको छ।

(ङ) दिगो विकासको अवधारणलाई अगाडि सार्दै विश्व समुदायबाट तयार गरिएका जैविक विविधतालगायतका विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमा नेपालले आफ्नो प्रतिबद्धता जाहेर गरी विधायिकाबाट त्यसलाई अनुमोदनसमेत गरिसकेको छ। सन्धि ऐन, २०४७ को दफा ९(१) ले यसरी संसदबाट अनुमोदन भइसकेको महासन्धिका प्रावधानहरू राष्ट्रिय कानूनसरह हुने व्यवस्था भएबाट प्राकृतिक सम्पदा र वातावरणीय संरक्षणमा गरिएको अन्तर्राष्ट्रिय दायित्व निर्वाह गर्नुपर्ने कानूनी दायित्व निर्वाह गर्नुपर्नेमा जैविक सम्पदा सम्पन्न क्षेत्रमा खानी उद्योग सञ्चालन गर्ने इजाजतको म्याद थप्ने निर्णय जैविक विविधतालगायतका विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमा उल्लिखित प्रावधानविपरीत छ।

प्राकृतिक र सांस्कृतिक सम्पदा तथा जैविक विधिताको संरक्षण सम्बन्धमा अन्तराष्ट्रिय Trend कस्तो रहेको छ भन्ने कुरा पनि महत्त्वपूर्ण छ। Minors Opora V. Secretary of the Department of Envrionment and Natural Resources को मुद्दामा फिलिपिन्सको सर्वोच्च अदालतले देहायबमोजिमको सिद्धान्त प्रतिपादन गरेको पाइन्छः- "...Every generation has a responsibility to the next to preserve that rhythm and harmony for the full enjoyment of a balanced and healthful ecology. Put a little differently, the minor's assertion of their right to a sound environment constitutes, at the same time, the performance of their obligation to ensure the protection of the right for the generatio to come."

प्राकृतिक सम्पदाहरू जनताको नासोको रूपमा राज्यको संरक्षणमा रहने र प्राकृतिक सम्पदाको सार्वजनिकरूपमा प्रयोग गर्न पाउने जनताको अधिकारको कुरा भएको एवं त्यसको संरक्षण गरिनुपर्ने स्थापित सार्वजनिक न्याससिद्धान्त (Public Trust doctrine) को मूल मान्यता हो। यस सन्दर्भमा M.C.Mehta v Kamal Nath and others (Supreme court Cases १९९७) को मुद्दामा भारतीय सर्वोच्च अदालतले स्थापित गरेको कानूनी सिद्धान्त यस्तो छः-

"The Public Trust Doctrine primary rests of the principle that certain resources like air, sea, water and the forest have such a great importance to the people as a whole that it would be whollyunjustified to make them a subject of private ownership. (Page 388) The state as a trustee is under a legal duty to protect the natural resources. These resources meant for public use cannot be converted into private ownership.

The environment and the

ecosystems of our country cannnot be permitted to be eroded for private, commercial or any other use unlees the court find it necessary, in good faith, for the public good and in public interest to encroach upon the said resources... The area being ecologically fragile and full of scenic beauty should not have been permitted to be converted into private ownership and for commercial gains. Therefore, The Himachal Pradesh Goverment committed patent breach of public trust by leasing the ecologically fragile land to the hotel management. (page 389)

भारतीय सर्वोच्च अदालतले नदीको प्राकृतिक वहावलाई Span Moteles Pvt. Ltd. ले परिवर्तन गरेको कारण त्यहाँको पारिस्थितिकीय प्रणालीलगायत वातावरणमा भएको क्षतिको लागि Span Moteles Pvt. Ltd. लाई दश लाख जरिवाना गर्ने निर्णय गरेको छ ।

न्यायका मान्य सिद्धान्तहरू (जसलाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८४ ले आत्मसात् गरेको छ ।) अन्तरवंशीय समन्याय सिद्धान्त र सार्वजनिक न्यास सिद्धान्तविपरीत गोदावरी मार्वल इण्डष्ट्रिजको खानी सञ्चालन अवधि थप गर्ने निर्णय एवं त्यससँग सम्बन्धित कामकारबाही अन्तरवंशीय समन्याय र सार्वजनिक न्यास सिद्धान्तविपरीत छ ।

गोदावरी मार्वल उद्योगलाई बन्द गरी सो क्षेत्रलाई संरक्षणक्षेत्र घोषित गरिपाउनको लागि जनहित संरक्षण मञ्च, लिडर्स नेपाल, पेन नेपाल, नेपाल वातावरण पत्रकार समूह, युवा वातावरण समूह र हिमाल एसोसिएसनले २०५३।३।४ मा वातावरण मन्त्रीसमक्ष र २०५७।४।१३ मा उल्लिखित संस्थालगायत इन्हुरेड इन्टरनेसनल नेपालले संयुक्तरूपमा प्रधानमन्त्रीसमक्ष लिखित ज्ञापनपत्र बुझाएको थियो । यसैगरी जनहित संरक्षण मञ्चले गोदावरी क्षेत्रको संरक्षणका लागि मिति २०५२।११।१ देखि पटकपटक लिखितरूपमा अनुरोध गरेकोमा सोलाई बेवास्ता गरी गोदावरी मार्वल उद्योग सञ्चालन बन्द नगरी म्याद थप गर्ने निर्णय गरिएको छ । उक्त निर्णय गर्दा निवेदक संस्थालाई सुसूचित हुन पाउने अधिकारबाट वञ्चित गरी उक्त विवादित निर्णयको बारेमा कुनै औपचारिक जानकारीसमेत दिएको छैन । उद्योग सञ्चालनका लागि दिइएको सुरू म्याद समाप्त हुँदासमेत उद्योग सञ्चालन भइरहेको र प्रत्यर्थीहरूबाट उद्योग बन्द गर्ने गराउनेतर्फ कुनै काम कारबाही नगरी आफ्नो संवैधानिक एवं कानूनी दायित्व पूरा नगरेको हुँदा राष्ट्रिय सम्पदाको संरक्षण एवं कानूनी राज्य स्थापना लागि यो निवेदन गरेका छौं ।

गोदावरी क्षेत्रको ऐतिहासिक, धार्मिक, वातावरणीय एवं जैविक विविधता नष्ट हुने कार्य निरन्तर भइरहेकोबाट हामी रिट निवेदकलगायत त्यसक्षेत्रका बासिन्दाको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२ को उपधारा (१) द्वारा प्रत्याभूत स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हक, धारा १८ द्वारा प्रदत्त आफ्नो संस्कृति संरक्षणको हक, धारा १९ द्वारा प्रदत्त आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्ने धार्मिक हक, धारा २६(४) द्वारा प्रदत्त राष्ट्रिय सम्पदा संरक्षण एवं स्वच्छ वातावरणको अधिकार एवं धारा ८८(२) द्वारा संरक्षित सार्वजनिक सरोकारको संरक्षण गर्न पाउने हक हनन् गर्ने कार्य भएको हुँदा सो हकहरू प्रचलन गरिपाऊँ । प्रस्तुत रिट निवेदनमा उठाइएको विषय राष्ट्रिय सम्पदा तथा वातावरणको संरक्षण कानूनी राज्यको पालना एवं न्यायको सिद्धान्त (अन्तरवंशीय न्याय, सर्वाजनिक न्याय एवं दिगो विकास) को संवैधानिक अवधारणसँग सम्बन्धित संवैधानिक र कानूनी प्रश्न समावेश भएको सार्वजनिक सरोकारको विषय भएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(२) अन्तर्गत निवेदन गर्न हामीलाई

हकदैया प्राप्त छ। निवेदक संस्था र रिट निवेदक हामी कानून व्यवसायी एवं वातावरण संरक्षणमा कार्यरत नेपाली नागरिकलाई प्रस्तुत रिट निवेदन दिने हकदैया रहेको छ।

रिट निवेदन जारी हुनुपर्ने कारणका सम्बन्धमा हामी रिट निवेदकहरूको निम्न मागहरू रहेको छः–

(क) संविधान एवं कानूनविपरीत गोदावरी मार्वल इण्डष्ट्रिजको खानी सञ्चालन अवधि वि.सं.२०६८ सालसम्म थप गर्ने निर्णय र सोसँग सम्बन्धित सम्पूर्ण कामकारबाही उत्प्रेषणको आदेशद्वारा बदर गरिपाऊँ।

(ख) खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा २७ को उपदफा (१) र खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ४३ को देहाय (घ) अनुसार विपक्षी गोदावरी मार्वल इण्डष्ट्रिजको खानी कार्य रोक्का गरी खनिज कार्य गर्ने अनुमति तत्कालदेखि रद्द गर्नु गराउनु भनी विपक्षी नेपाल सरकार मन्त्रिपरिषद्, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र भूगर्भ तथा खानी विभागका नाउँमा तथा सोही ऐनको दफा १२(१) बमोजिम गोदावरी क्षेत्रलाई खनिज कार्यका लागि तत्काल निषेधितक्षेत्र घोषणा गर्नु भनी खानी तथा भूगर्भ विभागको नाउँमा परमादेशको आदेश जारी गरिपाऊँ।

(ग) वातावरण संरक्षणका दृष्टिले अतिमहत्त्वपूर्ण प्राकृतिक सम्पदायुक्त, सौन्दर्यपरक र दुर्लभ एवं सङ्कटापन्न वन्यजन्तु र वनस्पति भएको जैविक विविधताले महत्त्वपूर्ण गोदावरी क्षेत्रलाई वातावरण संरक्षण ऐन, २०५३ को दफा १०(१) अनुसार वातावरण संरक्षणक्षेत्र कायम गर्नु भनी विपक्षी नेपाल सरकार मन्त्रिपरिषद् र जनसंख्या तथा वातावरण मन्त्रालयको नाउँमा परमादेशको आदेश जारी गरिपाऊँ।

(घ) गोदावरी मार्वल उद्योगको कारण कृषकहरूले बेहोर्नु परेको क्षतिका सम्बन्धमा घरपरिवारको यकीन अध्ययन गरी क्षतिपूर्ति दिने आवश्यक व्यवस्था गर्नु गराउनु भनी खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा २१ को उपदफा (३) र प्रदूषकदेय (Polluters'pay Principle) को मान्य सिद्धान्तअनुसार विपक्षी गोदावरी मार्वल इण्डष्ट्रिजको नाउँमा परमादेशको आदेश जारी गरिपाऊँ।

(च) गोदावरी मार्वल इण्डष्ट्रिजले गोदावरी क्षेत्रको वातावरणमा प्रतिकूल प्रभाव पार्ने गरी प्रदूषण गर्ने कार्य गरिरहेकोले उद्योग सञ्चालनको कार्य तुरून्त बन्द गराउनु र दोषिमाथि सजाय गर्नु गराउनु भनी विपक्षी जनसंख्या तथा वातावरण मन्त्रालयका नाउँमा परमादेशको आदेश जारी गरिपाऊँ।

(छ) गोदावरी मार्वल उद्योगको कारणबाट गोदावरी क्षेत्रको वातावरणीय एवं जैविक विविधतामा परेको क्षतिको वास्तविक पहिचान गरी उक्त क्षेत्रलाई उक्त मार्वल इण्डष्ट्रिज सञ्चालन हुनुपूर्वको अवस्थामा ल्याई अन्तरवंशीय न्यायको सिद्धान्तअनुरूप त्यहाँको प्राकृतिक वातावरण संरक्षण गर्न आवश्यक सम्पूर्ण काम कारवाही गर्नु गराउनु भनी विपक्षीहरूको नाउँमा तथा उक्त क्षेत्रलाई खानी सञ्चालन पूर्वको स्थितिमा ल्याउनका लागि आवश्यक पर्ने रकम क्षतिपूर्तिरूपमा संविधानको धारा २६(४), खानी तथा खनिज पदार्थ ऐन, २०४२ (पहिलो संशोधन ऐन २०५०) को दफा ११ क को उपदफा (२) बमोजिम "Polluters Pay" तथा अन्तरवंशीय न्यायको सिद्धान्तअनुरूप पूर्ण न्यायका लागि गोदावरी मार्वल उद्योगबाट भर्नु भराउनु भन्ने

परमादेशलगायत जो चाहिने आवश्यक आज्ञा आदेश जारी गरिपाऊँ ।

अतः गोदावरी क्षेत्रको जैविक विविधता र वातावरणमा ह्रास गर्ने कार्यले निरन्तरता पाउने भई त्यसबाट अपूरणीय क्षति हुने कार्यले निरन्तरता पाइरहने भएकोले गोदावरी मार्वल उद्योगको सञ्चालनको अवधी आगामी २०६८ सालसम्म थप गर्ने गरेको निर्णय एवं कामकारबाही प्रस्तुत निवेदनमा अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) अनुसार अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन ।

यस अदालतबाट भएको प्रारम्भिक आदेश

यसमा के कसो भएको हो, निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो, यो आदेश प्राप्त भएको मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पठाउनु भनी विपक्षीहरूका नाममा सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नु । साथै वातावरणसँग सम्बन्धित सार्वजनिक महत्त्वको विषय हुँदा सूर्यप्रसाद शर्मा ढुंगेल विरूद्ध गोदावरी मार्वल इण्डष्ट्रिजसमेत भएको रिट निवेदनको रेकर्ड मिसिलसमेत साथै राखी प्रस्तुत रिट निवेदन अग्राधिकार दिई पेस गर्नु भन्ने यस अदालतको मिति २०५८।१२।२२ को आदेश ।

लिखित जवाफ

वन जंगलको संरक्षण र व्यवस्थापन गरी स्वस्थ्य वातावरणको प्रवर्द्धन गर्ने र प्रचलित वन ऐन तथा नियमावलीको कार्यान्वयन गरी मुलुकभित्र विद्यमान अमूल्य वन सम्पदा र त्यहाँ पाइने दुर्लभ वनस्पति, चराचुरूङ्गी र वन्यजन्तुको संरक्षण एवं सम्वर्द्धन गर्ने दायित्व यस मन्त्रालय र अन्तर्गतका निकायहरू समेतको हो । प्राकृतिक वातावरण एवं जैविक विविधताको दृष्टिबाट गोदावरी क्षेत्र निःसन्देह महत्त्वपूर्ण छ । यसक्षेत्रको प्राकृतिक वातावरण एवं पर्यावरणीय स्थितिलाई संरक्षित तुल्याई राख्न यस मन्त्रालय र अन्तर्गतका निकायहरूको तर्फबाट पहल भएको छ । कुनै उद्योगलाई कुनै क्षेत्रमा खानी सञ्चालन गर्न अनुमति दिने या यस्तो अनुमति नवीकरण गर्ने विषय यस मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने विषय नभई उक्त कार्य उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतको हो । खानी तथा खनिज पदार्थ ऐन, २०४२ तथा तत्सम्बन्धी नियमावलीअनुसार पनि त्यस्तो अनुमति दिने तथा नवीकरण गर्ने अधिकार उक्त मन्त्रालयअन्तर्गत खानी तथा भूगर्भ विभागलाई भइरहेको सन्दर्भमा यस मन्त्रालयबाट हस्तक्षेप हुनु उचित हुँदैन । तर पनि उद्योगले इजाजत पाएको क्षेत्रभित्र मात्रै आफ्ना औद्योगिक एवं प्रभावकारीरूपमा निगरानी राखिँदै आएको छ ।

सूर्यप्रसाद शर्मा ढुंगेल विरूद्ध गोदावरी मार्वल इण्डष्ट्रिसमेत भएको मुद्दामा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त एवं निर्देशानात्मक आदेशबमोजिम (ने.का.प.२०५२ स्वर्ण शुभ जन्मोत्सव विशेषांक) स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने आम नागरिकहरूको मौलिक हकको संरक्षण र सम्मान गर्ने दिशामा यस मन्त्रालय सत्प्रयत्नशील रहिआएको छ । गोदावरी मार्वलको खानी सञ्चालनक्षेत्र वरिपरिको वनक्षेत्रलाई विभिन्न वन उपभोक्ता समूहहरूलाई सामुदायिक वनको रूपमा हस्तान्तरण गरिएपश्चात उपभोक्ता समूहहरूबाट त्यस भेगको वनस्पति र वन्यजन्तुहरूको संरक्षण भई पर्यावरण संरक्षणमा उल्लेख्य योगदान पुगेको छ । यसैगरी गोदावरी मार्वलको खानी संचालनक्षेत्र नजिक पर्ने फुल्चोकी डाँडा र वरवरको सामुदायिक वनको रूपमा हस्तान्तरण नभएको राष्ट्रिय वनक्षेत्रमा वन कर्मचारीहरूको परिचालनबाट वन जंगलको संरक्षण गरी पर्यावरण

संरक्षणका कार्यहरू भइरहेका हुँदा यस मन्त्रालयको नाउँमा कुनै आदेश जारी हुनु पर्ने नहुँदा रिट खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको वन तथा भूसंरक्षण मन्त्रालयको लिखित जवाफ।

यस मन्त्रालयलाई विपक्षी बनाउनु पर्ने कुनै कारण र आधार छैन । यस निकायबाट गोदावरी क्षेत्रको वातावरण संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण गर्ने कार्यमा निरन्तर कार्यरत रहिआएको र सो कार्यमा सतत् प्रयत्नशील रहेको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेत व्यहोराको जनसंख्या तथा वातावरण मन्त्रालयको लिखित जवाफ।

गोदावरी क्षेत्रको वन जंगलको संरक्षण सम्बर्द्धन गरी वातावरणको प्रदूषण हुन नदिन, जैविक विविधता ह्रास हुन नदिन र प्राकृतिक वन सम्पदा एवं वन्यजन्तुको संरक्षणका लागि गोदावरी क्षेत्रलाई हरेक कोणबाट संरक्षित गर्न यस विभागले आफ्ना मातहतका निकायहरूलाई सजग गराउँदै आएको र समयसमयमा त्यसको अनुगमनसमेत गरिरहेको छ। सूर्यप्रसाद शर्मा ढुंगेल विरूद्ध गोदावरी मार्वल इण्डष्ट्रिजसमेतको मुद्दामा सर्वोच्च अदालतबाट भएको आदेशको पालना नगरेको भन्ने निवेदकको कथन निराधार छ। जनहित संरक्षण मञ्चले गोदावरी क्षेत्रमा खानी उत्खनन् कार्यलाई निरन्तरता दिन उपयुक्त हुन नहुने सम्बन्धमा यस विभागको प्रतिक्रिया माग गर्दासमेत उक्त क्षेत्रमा वातावरण तथा जैविक विविधतालाई संरक्षण र स्वच्छ राख्न उक्त उद्योगको उत्खनन् कार्यलाई निरन्तरता दिन नहुने राय व्यक्त गरी मिति २०५९।१।९ मा प्रतिक्रिया पठाएकोबाट समेत यस विभाग गोदावरी क्षेत्रको प्राकृतिक र भौगोलिक क्षेत्रको संरक्षण र सम्बर्द्धनमा क्रियाशील रहेको अवस्थामा यस विभागलाई प्रत्यर्थी बनाई दिएको रिट निवेदन खारेज गरिपाउँ भन्ने वन विभागको लिखित जवाफ।

देशको प्राकृतिक स्रोत राष्ट्रिय सम्पदा देशका नागरिकहरूको साझा सम्पत्ति हुँदा यसको संरक्षण गरिनुपर्ने कुरामा विवाद छैन। २०४९ सालको रि.पु.ई.नं.३५ को मुद्दामा प्रतिपादित सिद्धान्त र निर्देशनात्मक आदेशपश्चात वातावरण संरक्षण ऐन, २०५३ र नियमावली, २०५४ जारी भएको, खानी तथा खनिज पदार्थ नियमावली, २०५६ अन्तर्गत पृथक खनिज सम्पदा तथा वातावरण संरक्षण भन्ने परिच्छेदको व्यवस्था गरी यसको संवेदनशीलतालाई स्वीकार गरिएको हो। सोही मुद्दामा जारी निर्देशनात्मक आदेशसमेतका कारणले वातावरण ऐन र सोअन्तर्गतको नियमावली बनी लागू भई कार्यान्वयनमा छ । अदालतको आदेश, संविधान र उपरोक्त ऐन तथा नियमको अधिनमा रही मार्वल उद्योगले आफ्नो कार्य गरेको र यस विभागले उपरोक्त आदेश र कानूनबमोजिम गर्नका लागि क्रियाशील रहेको हुँदा रिट निवेदन खारेज हुनुपर्ने भनी निम्न व्यहोरामा निवेदन गर्दछु।

(क) फूलचोकी वनक्षेत्रको कूल क्षेत्रफल अन्दाजी १२ हजार हेक्टरमध्ये उद्योगले ओगटेको भूभाग ५ हेक्टर मात्र छ । उद्योगको खानी सञ्चालनद्वारा यस फूलचोकीक्षेत्रको समग्र जैविक विविधता, वन्यजन्तु र इकोसिष्टममा प्रतिकूल असर पारेको छैन । यस वनक्षेत्रमा एकै प्रकारको (Homogeneous) वनस्पति भएकाले सानो भूभागमा खानी सञ्चालन भएबाट खास किसिमका वनस्पति लोप हुने अवस्था छैन।

(ख) वातावरण संरक्षण र सम्बर्द्धनप्रति अत्यन्त संवेदनशील रहेको मार्वल उद्योगले ISO १४००१ प्राप्त गर्नाका लागि २०५७ सालबाट उद्योगमा Environment Management System प्रारम्भ गरेको छ । ५०० भन्दा बढीलाई प्रत्यक्ष रोजगारी उपलब्ध गराउनुको साथै आर्थिक वर्ष २०५६/०५७ मा रोयल्टी, आयकर, मूल्यअभिवृद्धि करसमेत रू.८२,२८,२५६/६६ नेपाल सरकारलाई

र स्थानीय जिल्ला विकास समितिलाई स्थानीय विकासशुल्क रू.२,४९,१९०/– भुक्तान गरी योगदान गरेको छ । विदेशमा मार्वल निकासी गरी वैदेशिक मुद्रा आर्जन गर्न योगदान पुर्‍याएको छ । स्वदेशी कच्चा पदार्थको सदुपयोग गरिरहेको मौजूदा अवस्थामा विना आधार सार्वजनिक हित वा राष्ट्रिय सुरक्षा वा वातावरणमा प्रतिकूल असर पारेको भनी खानी सञ्चालन अनुमतिपत्र रद्द गर्ने मिल्ने देखिँदैन ।

(ग) गोदावरी क्षेत्रमा रहेको धार्मिक र सांस्कृतिक सम्पदाप्रति उद्योग संवेदनशील रहेकै कारण नौधारा वरिपरि र मन्दिरको सरसफाई र मर्मतसंभारमा उद्योगले योगदान गरेको हुँदा त्यहाँको सांस्कृतिक र धार्मिक सम्पदामा कुनै नकारात्मक असर परेको छैन ।

(घ) वैज्ञानिक भाषामा Metamorphic Carbonate Rock भनिने गोदावरी क्षेत्रमा प्राप्त मार्वल नेपाल अधिराज्यकै एक अनुपम प्रकारको मार्वल भएको र यस्तो मार्वल अन्यत्र प्राप्त हुन सक्दैन । पहिला मानवशक्तिको भरमा सञ्चालन भइरहेको यो मार्वल उद्योग हाल अत्याधुनिक प्रविधिद्वारा उत्पादन हुने गरेको छ ।

(ङ) फूलचोकी वनक्षेत्रको जैविक विविधता र Flora and Fauna मा खानीले पारेको असरका विषयमा उद्योगले पनि सम्बन्धित विषयका विशेषज्ञहरूद्वारा अध्ययन गराई अध्ययनमा औंल्याएको कुराहरूमा सुधार गरेको छ । उद्योगले वन जंगलको विनास रोकथाम गर्न खानी उत्खनन् भइसकेको क्षेत्र (४ नं. खानीमा समेत) १००० वर्गमिटर क्षेत्रमा दुई लाखभन्दा बढी वृक्षारोपण गरेको र सोको यथोचित संरक्षण भई केही रूखको उचाई ६ फिटसम्म भएको छ । विष्फोटक पदार्थ प्रयोगमा ९० प्रतिशत न्यून भइसकेको छ । उद्योगले अत्याधुनिक इटालियन प्रविधिको प्रयोग गरी Wire Saw Technology द्वारा मार्वल कटिंग गर्ने गरेको छ । वर्षादको पानीबाट हुने Siltation रोकथामको लागि Check dam, Siltation Pond आदिको व्यवस्थाले पानी प्रदूषणलाई न्यून तुल्याएको छ ।

(च) विभागबाट नियमितरूपमा खानी तथा खानीक्षेत्र निरीक्षण गर्ने गरिएको र सो निर्देशनको पालना भए नभएको भन्ने विषयमा निरन्तररूपमा अनुगमन गर्ने गरिएको छ । यसरी वातावरणीय पक्षमा उद्योग सजग र संवेदनशील भएकै कारण Environment Friendly उद्योगहरूले मात्र पाउने ISO १४००१ को प्रमाणपत्रका लागि उद्योगले आवश्यक कार्यहरू गरिरहेको बुझिन आएको छ ।

(छ) तत्कालीन प्रचलित नेपाल खानी ऐन, २०२३ को दफा ५ बमोजिम खनिज पदार्थ निकाल्ने समेतको योग्यता प्रमाणपत्र प्राप्त उद्योगलाई सोही ऐनको ७ बमोजिम पट्टा दिइएको र ऐ. ७(४) बमोजिम पट्टाको अवधि बढाई पाउन उद्योगको आधुनिकीकरण र विस्तारको कारणसहित उद्योगबाट Future Plan Appraisal, विष्फोटक पदार्थको प्रयोगलाई कम गरिने आदिलगायत उद्योगले वातावरणमा पार्ने नकारात्मक असरलाई न्यून गरिने ठोस प्रस्ताव गरी म्याद थपको लागि अनुरोध गरेकोले मन्त्रीस्तरको मिति २०५३।७।११ निर्णबाट सो उद्योगको पट्टाको अवधि मिति २०५८।०३।२७ बाट १० वर्षको लागि बढाएको म्याद कानूनसम्मत छ ।

(ज) उद्योगले खनिजकार्य गरिरहेको गोदावरी क्षेत्रको ५ हेक्टरक्षेत्र खानी प्रयोजनका लागि निषेधितक्षेत्र घोषित गर्नुपर्ने अवस्था विद्यमान छैन । उद्योगले खनिज कार्य गरिसकेको स्थानमा वृक्षारोपण गरी जल, वायु र ध्वनी प्रदूषणलाई न्यून गर्न वैज्ञानिक उपायहरू अवलम्बन गर्नुको साथै सांस्कृतिक र धार्मिक सम्पदासमेतको संरक्षण र सम्बर्द्धनका लागि उद्योगले कार्यहरू गरिरहेको छ ।

(झ) उद्योगले खनिज कार्य गरेको भूभाग सरकारी वनक्षेत्र भएको र सो वनक्षेत्र उपभोग गरेबापत उद्योगले तिर्नु बुझाउनु पर्ने भूवहाल कर नियमानुसार बुझाइरहेको र उद्योगको खनिजकार्यबाट कसैको निजी जग्गाजमीन वा सम्पत्तिमा हानी नोक्सानी हुन गएको छैन ।

(ञ) खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ३२ को देहायका खण्डहरू (क), (ख), (ग), (घ), (छ) र (झ) मा भएका प्रावधानहरूबमोजिम यस विभागको निर्देशनसमेतमा उद्योगले देहायका कार्यहरू गरेको छः–

(१) खानी सञ्चालनबाट भूसतहमा हुने विचलन र भूक्षय रोक्न खनिजकार्य भइसकेको क्षेत्रमा वृक्षारोपण गर्ने र रिटेनिंग बाल लगाउने कार्य भएको छ,

(२) खानीक्षेत्रमा रहेका वन्यजन्तु विस्थापित भए पनि सम्पूर्ण फूलचोकी वनक्षेत्रमा रहेका वन्यजन्तु आदिलाई खानी सञ्चालनले कुनै असर पारेको छैन,

(३) कारखानाबाट निस्केको पानीलाई दहमा जमाई थिग्राई पुनः सोही पानी कारखानामा प्रयोग गरिएको छ, विभागले यसको निगरानी गरिरहेको छ ।

(४) धुँवा र धुलोबाट हुने प्रदूषण न्यून गर्न Dursing Plant Cyclone dust collector भन्ने उपकरणको प्रयोग गरिएको छ,

(५) गोदावरी क्षेत्रको सांस्कृतिक, पुरातात्विकस्थल एवं वनस्पति उद्यानहरूमा क्षति पुग्ने गरी उद्योगले कुनै कार्य गरेको छैन ।

उद्योगले वातावरणमा प्रतिकूल असर पार्ने कार्य गरेको देखिएमा विभागले उद्योगलाई निर्देशन दिने गरेको छ र सो निर्देशनको पालना भए नभएको सम्बन्धमा अनुगमन गर्ने गरेको अवस्थामा रिट जारी हुनुपर्ने होइन भन्ने खानी तथा भूगर्भ विभागको लिखित जवाफ ।

गोदावरी मार्वल उद्योगले वातावरण संरक्षण गर्नुपर्ने कुरामा सचेत रहँदै विस्फोटक पदार्थको प्रयोगमा ९० प्रतिशत न्यून गरेको, खानी तथा खनिज पदार्थ ऐन, सोको नियमावली तथा सरकारको नीतिविपरीत कार्य नगरेको हुँदा उद्योग सञ्चालन अवधि २०६८ सालसम्म थप गर्ने निर्णय कानूनसम्मत हुँदा निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको लिखित जवाफ ।

यस सचिवालयलाई विपक्षी बनाउनु पर्ने कुनै आधार र कारण छैन । वातावरण सन्तुलन राख्ने कार्यमा सम्बन्धित निकायबाट प्रयास भइरहेकोले रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको मन्त्रिपरिषद् सचिवालयको लिखित जवाफ ।

सार्वजनिक सरोकारको विवाद भनी नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(२) अन्तर्गत निवेदकले निवेदन गरेको देखिन्छ । तर त्यसरी निवेदन गर्न सार्वजनिक सरोकारको विवाद समावेश भएको वा कानूनी प्रश्नको निरूपणको लागि अन्य उपचारको व्यवस्था नभएको वा भएर पनि त्यस्तो व्यवस्था अपर्याप्त वा प्रभावहीन भएको देखिनु

पर्दछ । सार्वजनिक सरोकारको नाममा उद्योगको कार्यबाट प्रत्यक्ष असर नगरेका निवेदकहरूले उद्योग बन्द गराउन माग गरिएको छ । निवेदनमा उल्लेख गरेका ऐनहरू वातावरण संरक्षण ऐन, २०५३ को दफा ७(१), (२) र (३), जलस्रोत ऐन, २०४९ को दफा १९, औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा ४९ को व्यवस्थाहरूले वनविनास एवं वातावरण प्रदूषण हुने कार्यलाई सरकारवादी मुद्दा हुने भनी सरकारले नै मुद्दा चलाई सजाय गर्न सक्ने प्रभावकारी व्यवस्था गरेको हुँदा सो मार्ग अवलम्बन नगरी सार्वजनिक सरोकारको नाममा धारा ८८(२) बमोजिम दायर गरेको निवेदन संविधानविपरीत छ ।

हाम्रो उद्योगको कारण स्थानीय बासिन्दाहरूको कानून वा संविधान प्रदत्त कुनै हकमा हनन् भएको छैन । मिति २०२१।१।३० मा तत्कालीन कम्पनी ऐन, २००७ अन्तर्गत दर्ता भएको यो उद्योगले तोकिएको क्षेत्रमा इजाजतपत्रले दिएको सर्त बन्देज तथा प्रचलित कानूनको अधीनमा रही कार्य सञ्चालन गर्दै आएको छ । सूर्यप्रसाद शर्मा ढुंगेल विरूद्ध यस मार्वल उद्योगसमेत भएको मुद्दामा सर्वोच्च अदालतबाट निर्देशनात्मक आदेश जारी भएपछि उक्त आदेशको अक्षरसः पालना गरी गोदावरी क्षेत्रको वातावरणमा प्रतिकूल प्रभाव पर्ने कुनै कार्य गरिएको छैन । उक्त मुद्दामा वातावरण संरक्षणलाई व्यवस्थित गर्ने ऐन निर्माण गर्न र खानी तथा खनिज पदार्थ ऐन, २०४२ लागू गर्न आदेश जारी भएको थियो । उक्त आदेशमा उद्योग बन्द गर्न वा सञ्चालन गर्न प्रतिबन्ध लगाउनु भनी आदेश भएको छैन । उक्त मुद्दामा वातावरण संरक्षण र उद्योगको विकासको सन्तुलन हुनुपर्ने तर्फ प्रकाश पारेको र सो आदेशबमोजिम वातावरण सन्तुलन कायम राख्न यस उद्योगले कुनै कमी हुन दिएको छैन । सो क्षेत्रको वातावरण संरक्षणका लागि वृक्षारोपण लगायतका Long term, Short terms कार्यक्रमहरू सञ्चालन नियमित गरिआएको छ । वातावरणमा न्यूनतम् असर पनि नपरोस् भनी वातावरण संरक्षणको योजना लागू गरेको हुँदा सो कार्यको लागि यस उद्योगलाई ISO १४००१ को उपाधिप्राप्त गर्ने प्रक्रिया अगाडि बढाइएको छ ।

योगी नरहरिनाथको रिट निवेदनको विषयवस्तु र यस रिट निवेदनको विषयवस्तु फरक हुँदा उक्त निवेदनमा प्रतिपादित सिद्धान्त यस निवेदनमा आकर्षित हुन सक्दैन । किनकी देवघाटक्षेत्र ऐतिहासिक र धार्मिक महत्त्वको धरोहरको केन्द्र हो भने गोदावरी क्षेत्र ऐतिहासिक र धार्मिक पुरातात्विक क्षेत्रभित्र पर्दैन । उद्योगले गोदावरी क्षेत्रको ऐतिहासिक भौगोलिक, सांस्कृतिक र परम्परागतलगायतका कुनै सम्पदामा प्रतिकूल असर नगरी ती क्षेत्रको संरक्षणमा योगदान गरेको छ ।

खानी तथा खनिज पदार्थ ऐनले २५ वर्षसम्मको लामो लिज अवधिको व्यवस्था गरेको छ । हाम्रो उद्योगको आर्थिक, प्राविधिक, बजार व्यवस्थापन तथा वातावरणलगायत अन्य विषयका विवरणहरू सन्तोषजनक भएकोले मागबमोजिम हाम्रो लिज अवधि मिति २०६८।३।२६ सम्म बढाएको हो । यस उद्योगले ६०० जनालाई प्रत्यक्ष रोजगारी दिएको र हालसम्म उद्योगमा रू.१८,२३,००,०००।– लगानी भइसकेको छ भने हामीहरूले वातावरण संरक्षण र सम्वर्द्धन कार्यक्रम सञ्चालन गरेपछि जंगलको साथसाथै जंगली जीवजन्तुको संख्यामा समेत उल्लेखनीयरूपमा वृद्धि भएको छ । वायु प्रदूषण, जल प्रदूषण, ध्वनी प्रदूषण आदिमा के कति मापदण्ड तोकिएको हो र उद्योगले तोकिएको मापदण्डभन्दा के कति अधिक मात्रामा उल्लङ्घन गर्‍यो निवेदनमा केही उल्लेख हुन सकेको छैन । उद्योग सञ्चालनपूर्व पिउने पानीको स्वच्छता कति थियो हाल पानीको स्वच्छतामा कति कमी आयो सोसमेत उल्लेख छैन ।

इजाजत पाएको गोदावरी क्षेत्रको मार्वल उद्योग सञ्चालन गर्दा सो क्षेत्रमा प्रदूषण हुन नदिनु

हाम्रो उद्देश्य हो । सो प्रयोजनको लागि विभिन्न निरोधात्मक र प्रतिकात्मक व्यवस्था अपनाएका छौं । मार्वल उद्योग केवल ६ हेक्टर क्षेत्रफलमा मात्र सीमित रही जुनजुन क्षेत्रमा मार्वल निकालिएको छ उक्त क्षेत्रमा तत्काल वृक्षारोपण गर्ने कार्य गरेका छौं । खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ३२ मा उल्लिखित प्रावधानविपरीत गएर भूसतहमा विचलन ल्याउने, वन्यजन्तु लोप हुने, पानी प्रदूषित गर्ने, ध्वनी प्रदूषण, जल प्रवाह परिवर्तन गर्ने, सांस्कृतिक र पुरातात्विक विषयवस्तुलाई क्षति पुग्ने कार्य हामीबाट भएको छैन । यस उद्योगले त्यस क्षेत्रको वातावरणीय संरक्षणका लागि कार्यहरू गरेको कुरा पेस गरिएको लिखित जवाफको अनुसूची १ बाट प्रमाणित भइरहेको छ । अनुसूची १ मा उल्लिखित कार्यहरू उद्योगले नियमितरूपमा गरिरहेको छ । उद्योगले आफ्नो दिगोपनका लागि वातावरण संरक्षणमा उचित ध्यान दिई कार्य गरिआएको र उद्योग सञ्चालनको कार्यबाट देशको विकास कार्यलाई टेवा दिँदै आएको हुँदा रिट जारी हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको गोदावरी मार्वल उद्योगको लिखित जवाफ ।

यसमा निवेदनको प्रमाण खण्डमा उल्लेख भएको भू-तथा जलाधार संरक्षण विभागको वातावरणीय प्रभाव आयोजनाद्वारा तयार गरिएको गोदावरी क्षेत्र वातावरणीय सिंहावलोकन प्रतिवेदन २०४५, वन तथा भूसंरक्षण मन्त्रीबाट गठित ३ सदस्यीय आयोगले प्रस्तुत गरेको गोदावरी मार्वल उद्योग तथा ढुंगाखानीले त्यहाँको वातावरणमा पारेको असर र सुझाव प्रतिवेदन २०४७ र नेपाल सरकारको प्राकृतिक तथा सांस्कृतिक संरक्षण परिषद्द्वारा गठित कार्यदलले तयार गरेको गोदावरी क्षेत्र वातावरणीय अवस्थाबारे छानबिन प्रतिवेदन २०४९ समेतका प्रमाणका कागजातहरू महान्यायाधिवक्ताको कार्यालयमार्फत् झिकाई नियमानुसार पेस गर्नु भन्नेसमेत यस अदालतको मिति २०६०।१२।१० को आदेश ।

सार्वजनिक सरोकारको विषयमा मुलुकी ऐन, २०२० को अ.वं.१० नं., नेपाल अधिराज्यको संविधानको धारा ८८(२) र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) व्यवस्था गरी नेपाली नागरिकलाई कानूनी एवं संवैधानिक प्रत्याभूति गरेको पाइन्छ । वातावरणीय विषय व्यक्तिपरक नभई आम नागरिकको चासोको विषय हुँदा जुन क्षेत्रमा त्यसले नकारात्मक असर पारेको छ सो क्षेत्रका बासिन्दाले मात्र नभई सरोकार राख्ने जोसुकैलाई पनि दाबी गर्ने हकदैया हुँदा निवेदकहरूलाई हकदैया छैन भन्न मिलेन ।

गोदावरी क्षेत्र प्राकृतिक सम्पदाले ओतप्रोत भएको क्षेत्र भन्ने देखिन्छ । ५७१ प्रजातिका रूख, १५ प्रजातिका घाँस, एउटै बोटमा विभिन्न रंग भएको फूल फूल्ने लालीगुराँस, ३०० प्रजातिका पुतली, २५४ प्रजातिका चराहरू, रतुवा, मृग, चित्तल, दुम्सी, विराला, चितुवा, सालक जस्ता वन्यजन्तु जैविक विविधता र विभिन्न देवी देवताका मठ मन्दिरलगायत धार्मिक तथा सांस्कृतिक सम्पदाले पूर्ण गोदावरी क्षेत्र राष्ट्रिय सम्पदाको रूपमा रहेको देखिन्छ । यस्तो राष्ट्रिय सम्पदाको रूपमा रहेको क्षेत्रमा गोदावरी मार्वल उद्योग २०२१ सालमा स्थापना भई सञ्चालन भइआएकोमा पटकपटक उद्योग सञ्चालन गर्ने अवधि थप भई मिति २०५३।७।११ मा २०५८।३।२७ देखि १० वर्षको अवधि थप गरेको देखिन आयो । गोदावरी क्षेत्र वातावरणीय सिंहावलोकन प्रतिवेदन २०४५, गोदावरी क्षेत्र वातावरणीय अवस्थाबारे छानविन प्रतिवेदन, २०४९ र २०४७ सालमा गठित आयोग तथा अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन प्रतिवेदनबाट गोदावरी क्षेत्रमा सञ्चालित मार्वल उद्योगको कारणबाट त्यसक्षेत्रको प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदालाई प्रतिकूल असर पुर्‍याएको, दुर्लभ वन्यजन्तु र वनस्पति लोप हुने अवस्थामा पुगेको, ध्वनी, वायु, जल तथा वातावरण नै प्रदूषण भई समग्र

वातावरण सन्तुलनमा नै नकारात्मक असर पुग्न गएको भन्ने देखिन्छ । प्रकृतिले रचना गरेको संरचनालाई विचलन गर्ने हो भने Ecological suicide हुन जान्छ। विकासको नाममा जैविक विविधतालाई असर पर्ने गरी उद्योग सञ्चालन गर्न मिल्दैन।

वातावरण संरक्षण सम्बन्धमा नेपालले १५ वटा विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरू अनुमोदन गरेको छ । त्यस्ता अनुमोदन गरिएका सन्धिका प्रावधान सन्धि ऐन, २०४७ को दफा ९ बमोजिम कार्यान्वयनमा ल्याउनु पर्ने हुन्छ । ती प्रावधान पालना गर्न नेपाल बाध्य छ। तर वातावरण संरक्षण गर्न राज्य उदासीन रहेको भन्ने कुरा गोदावरी क्षेत्रको जैविक विविधता तथा त्यहाँको सम्पदामाथि गरिएको विनाशका सम्बन्धमा निवेदकले पेस गरेको भू-उपग्रह तस्वीरले स्पष्ट गरेको छ। अर्कोतर्फ सरकारबाट गठित ३–३ वटा समितिले वातावरणीय विनाशका सूची दिएको हुँदा गोदावरी मार्वल उद्योग वातावरण संरक्षणमा कटिबद्ध रहेको भन्ने देखिन आउँदैन।

सूर्यप्रसाद शर्मा ढुंगेल विरूद्ध गोदावरी मार्वल उद्योग विपक्षी भएको मुद्दामा भएको निर्देशनात्मक आदेशबमोजिम वातावरण संरक्षण ऐन, २०५३ जारी भएको तथा खनिज पदार्थ ऐन, २०४२ लागू गरी सो आदेश केही हदसम्म पालना गरेको देखिए तापनि सो क्षेत्रको पर्यावरण प्रभावकारीढंगले संरक्षण गर्नेतर्फ नलागी म्याद थप गर्ने जस्तो कार्य गरेको हुँदा उक्त आदेशको पूर्ण परिपालना भएको भन्न मिलेन । ऐन जारी गरिएको तर कार्यान्वयन पक्ष फितलो गरी वातावरण सुधारतर्फ नलागी म्याद थप्ने मात्र कार्य गरी कानूनी कर्तव्य पुरा गरेको नपाइँदा सूर्यप्रसाद शर्मा ढुंगेल विरूद्ध गोदावरी मार्वल उद्योग मुद्दामा भएको मिति २०५२।७।१४ को आदेशको अवहेलना गरेको ठहर्छ। गोदावरी मार्वल उद्योग गोदावरी क्षेत्रको पर्यावरणको लागि हानिकारक देखिएको हुँदा उद्योगको खानी सञ्चालन अवधि २०६८ सालसम्म थप्ने गरी उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले मिति २०५३।७।११ मा गरेको निर्णय तथा खानी तथा भूगर्भ विभागको मिति २०५३।६।१६ को पत्र उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । आजैको मितिदेखि सो उद्योग बन्द गरी फूलचोकी चन्द्रागिरी संरक्षणक्षेत्र घोषणा गरी गोदावरी प्रकृति संरक्षण कोष खडा गरी सोही क्षेत्रमा वातावरणीय संरक्षणको लागि खर्च गर्न नेपाल सरकारको नाउँमा परमादेश जारी हुने ठहर्छ भन्नेसमेत माननीय न्यायाधीश श्री शारदा श्रेष्ठको राय।

दिगो विकासका लागि देशमा मौजूद प्राकृतिक स्रोत र साधनको उपयोग र प्रयोग गर्दा राष्ट्रिय हित, पर्यावरण र जीवजन्तुलगायत जैविक विविधताको संरक्षणलाई सदैव दृष्टिगत गर्नुपर्दछ । प्रदूषणरहित स्वस्थ्य वातावरणमा बाँच्न पाउने जनताको हकको संरक्षण र प्रवर्द्धन गर्दै भौतिक विकासको अपरिहार्यतालाई इन्कार गर्न सकिँदैन। योजनाबेगरको अनियन्त्रित निर्माणले विनाश निम्त्याउन सक्छ भने अर्कोतिर निर्माणको शून्यताले सामाजिक प्रगति अवरूद्ध हुन जान्छ। सूर्यप्रसाद शर्मा ढुंगेल विरूद्ध गोदावरी मार्वल उद्योगको मुद्दामा (०४९ को रि.पु.इ.नं.३५ ने.का.प.२०५२ विशेषाङ्क १६९) सर्वोच्च अदालतको पूर्ण इजलासले खनिज पदार्थ ऐन, २०४२ लागू गर्ने, वायु, जल, ध्वनी एवं पर्यावरण संरक्षण गर्न आवश्यक कानून तर्जुमा गर्नुपर्ने र गोदावरी क्षेत्रको पर्यावरण प्रभावकारीढंगले संरक्षणतर्फ कारबाही गर्नुपर्ने भनी मिति २०५२।७।१४ मा निर्देशनात्मक आदेश जारी भएको पाइन्छ। उक्त आदेशमा विपक्षी उद्योगलाई बन्द गर्ने भन्ने उल्लेख छैन । उक्त आदेशको पालना गर्दै तत्कालीन सरकारबाट मिति २०५६।५।३१ देखि खानी तथा खनिज पदार्थ ऐन, २०४२ लागू गरिसकेको र त्यसको कार्यान्वयनलाई नियमित गर्न खानी तथा खनिज पदार्थ नियमावली, २०५६ पनि जारी गरिसकेको छ भने पर्यावरणीय संरक्षण एवं सम्बर्द्धनका

लागि वातावरण संरक्षण ऐन, २०५३ पनि जारी भएर लागू भइसकेको छ । खनिज सम्पदा तथा वातावरण संरक्षण सम्बन्धमा विशेष व्यवस्थासमेत गरिएबाट निर्देशनात्मक आदेशको परिपालना भएको देखिएको छ । अर्कोतर्फ उद्योगले ISO १४००१ प्रमाणपत्रसमेत प्राप्त गरिसकेको र उद्योगले वातावरण संरक्षणमा असर पुर्‍याए नपुर्‍याएको सम्बन्धमा सरकारी निकायहरूबाट अनुगमन कार्य भइरहेको र भविष्यमा पनि भइरहने प्रतिबद्धता जाहेर गरेबाट वातावरण ह्रास हुन गएको भन्ने अवस्था देखिँदैन ।

उद्योगले म्याद थपको लागि माग गर्दाको अवस्थामा उद्योग सञ्चालनको स्वीकृत अवधि बाँकी रहँदै Future Plan प्रस्तुत गरेको र सो योजनाअन्तर्गत वातावरण संरक्षणमा पनि ध्यान पुर्‍याएको र वातावरणको संरक्षण गर्दै सोक्षेत्रको विकासको लागि अन्य सामाजिक क्षेत्रमा समेत योगदान पुर्‍याएको देखिन आएबाट स्थानीयस्तरबाट उद्योग बन्द गर्नुपर्ने आवाज उठेको पाइँदैन ।

उद्योगले Environment Management system (EMS) लागू गरेको भन्ने देखिन आएको छ । जल, ध्वनी र वायु प्रदूषणलाई नियन्त्रण गरी हरियाली प्रवर्द्धन गर्ने प्रयास गरेको र म्याद थपको लागि निवेदन प्रस्तुत गरेपछि सरकारले प्राविधिक र आर्थिक प्रस्ताव, वातावरणीय योजना, सामाजिक र आर्थिक योजनासमेतका प्रस्तावहरूको विस्तृत विवरणको अध्ययन छानवीन गरेर १० वर्षको मिति २०६८।३।२६ सम्मको अवधि थप गरिएको देखिन्छ । निवेदकहरू प्रदूषण न्यूनीकरण तथा पर्यावरणीय संरक्षणका विधिसम्मत् उपाय अवलम्बन नगरी उद्योग बन्द गराउन खोजेको देखिँदा सार्वजनिक सरोकारको विवादको सही उपयोग भएको भन्न मिलेन ।

खनिज कार्य गर्दा वातावरणमा प्रतिकूल असर पारेमा वा ऐनमा व्यवस्थित प्रावधानविपरीत उद्योग सञ्चालन गरेमा वा सुरक्षा वा सार्वजनिक हितको लागि त्यस्ता उद्योगहरूको इजाजतपत्र वा खनिज कार्य रोक्का गर्न सकिने गरी खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा २५(४), २७ तथा खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ३३ मा सरकारको अधिकारको व्यवस्था गरेको छ । यसबाट वातावरण संरक्षणमा प्रतिकूल हुने गरी उद्योग सञ्चालन भएमा सो उद्योगहरूको इजाजत रद्द गर्न सकिने प्रावधानले औद्योगिक विकास र वातावरण संरक्षणबिच सन्तुलन स्थापित गर्न खोजिएको छ । त्यसकारण वातावरण संरक्षणविपरीतको कार्य सबै विपक्षीहरूले गरेको भनी अनुमान गर्न मिल्दैन । कानूनबमोजिम अधिकारप्राप्त अधिकारीले प्रदान गरेको उद्योगको सञ्चालनको इजाजतपत्र रद्द गर्ने गरी उत्प्रेषणको आदेश जारी गर्न मिल्ने नदेखिएको हुँदा उद्योगको म्याद थप गर्ने नेपाल सरकारको मिति २०५३।७।११ को निर्णय बदर गर्नु पर्ने नदेखिँदा रिट खारेज हुने ठहर्छ भन्नेसमेत माननीय न्यायाधीश श्री ताहिर अलि अन्सारीको राय ।

आदेश खण्ड

नियमबमोजिम यस इजलाससमक्ष पेस हुनआएको प्रस्तुत रिट निवेदनमा सुनुवाई हुँदा पक्ष विपक्षको तर्फबाट उपस्थित हुनु भएका विद्वान् कानून व्यवसायीहरूले आ-आफ्नो पक्षको समर्थनमा प्रस्तुत गर्नुभएको बहस बूँदाको सारसंक्षेप देहायबमोजिम रहेको छः-

निवेदकहरूका तर्फबाट

अधिवक्ता प्रकाशमणि शर्मा

गोदावरी क्षेत्र पर्यावरणको दृष्टिकोणबाट जीवित संग्राहालय जस्तै छ । यसको पर्यटकीय र धार्मिक महत्त्व पनि रहेको छ । यो क्षेत्रमा अन्यत्र नपाइने धेरै प्रजातिका फूल, पुतली र चराहरू पाइन्छन् । जैविक विविधताको हिसावबाट समेत ज्यादै संवेदनशील क्षेत्र

हो। नेपालकै सबैभन्दा बढी पानी पर्ने स्थान हो।

गोदावरी क्षेत्रको संवेदनशीलता दृष्टिगत गर्दै सूर्यप्रसाद शर्मा ढुंगेलको निवेदनमा स्पष्ट मार्गदर्शनसहित निर्देशनात्मक आदेश जारी भएको थियो । तर आदेश जारी भएपछि उल्टै उद्योगको नवीकरण गर्ने कार्य भयो । अझ २०५३ सालको नवीकरणउपर परेको रिट निवेदन अदालतमा विचाराधीन छँदाछँदै पुनः नवीकरण गरिएबाट विपक्षी निकायहरू वातावरण प्रति असंवेदनशील भएको स्पष्ट हुन्छ । वन विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभाग लगायत नेपाल सरकारका नियकाहरूको पत्राचारबाटै जैविक विविधता नोक्सान भइरहेकोले उद्योग बन्द गर्नुपर्ने कुरा उल्लेख भएको देखिन्छ । विदेशी विज्ञहरूले पनि यस क्षेत्रको संरक्षण हुनुपर्ने भनी चिन्ता र चासो व्यक्त गरेका छन्। मार्वल अर्को ठाउँबाट पनि ल्याउन सकिएला तर नष्ट भएको पर्यावरण फिर्ता हुन सक्दैन । यहाँ पाइने चराहरू विश्वमै नपाइने दुर्लभ प्रकृतिका छन्। जंगल र वनस्पति पनि त्यस्तै छ। अन्य जीवजन्तुको मुख्य बासस्थान पनि यसै पहाडमा रहेको हुँदा यसको संरक्षण अपरिहार्य छ। उद्योगले वातावरण ऐन, २०५३ को दफा ३ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) समेत नगराएको हुँदा गैरकानूनीरूपमा सञ्चालन भएको छ।

सर्वोच्च अदालतबाट वातावरण संरक्षणका सम्बन्धमा समयसमयमा जारी भएका आदेश निर्देशनहरूबाट नेपालको वातावरणीय विधिशास्त्रको आधारस्तम्भ खडा भएको हुँदा त्यसतर्फ पनि दृष्टि पुर्‍याइनु पर्दछ। राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रबाट भएका अध्ययन अनुसन्धानबाट समेत गोदावरी मार्वलले सो क्षेत्रको जैविक विविधतालाई प्रतिकूल असर पुर्‍याएको हुँदा बन्द गर्नुपर्ने सुझाब दिइएकोले त्यस्ता अध्ययन अनुसन्धानलाई समेत हेरिनु पर्दछ। उद्योग जहिलेसुकै घाटामा देखाइन्छ । राज्यलाई नगन्य कर तिरेको अवस्था छ। मार्वलको नाममा ढुंगा र गिटीको कारोबार गर्ने गरिएकोले वातावरणमा थप नकारात्मक असर परेको हो । त्यसैले निवेदन मागबमोजिमका आदेश जारी गरिनु पर्दछ।

वरिष्ठ अधिवक्ता डा.श्री सूर्यप्रसाद शर्मा ढुंगेल

विकासोन्मूख मुलुक नेपालमा विकासको समेत खाँचो हुँदा दिगो विकासको रणनीति अख्तियार गर्नुपर्ने अवस्था छ । विकास गर्ने नाममा जैविक विविधताले भरिपूर्ण प्राकृतिक सम्पदाको विनाश गर्ने विषयले प्राथमिकता पाउनु हुँदैन। पर्यावरण संरक्षण र विकास एक अर्काका परिपूरक भएको हुँदा परस्पर टेवा पुग्ने गरी कार्यक्रम सञ्चालन गरिनु पर्दछ । गोदावरी मार्वल उद्योगको सञ्चालनबाट भएको विकासभन्दा त्यस क्षेत्रको पर्यावरणमा गम्भीर प्रकृतिको क्षति पुगेको अवस्थालाई हेरिनु पर्दछ।

Critical habitat र Endanger species छ भने वासस्थान सुरक्षित गर्नुपर्ने भन्ने संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले लाटोकोसेरोको संरक्षणसम्बन्धी मुद्दामा बोलेको छ । ढुंगा र मार्वल निकाल्दा समग्र वातावरणमा असर पुर्‍याउने कुरा त छँदैछ मार्वलमै आश्रित भएर बस्ने जीवजन्तुलाई पनि प्रत्यक्ष असर परेको छ। मार्वलको चट्टान दुर्लभ प्रजातिका जीवजन्तुको वासस्थानमात्र नभएर Breeding स्थल पनि हो । पर्यावरण भन्ने कुरा एकपटक नष्ट भएपछि सदाको लागि नष्ट हुने हुँदा विशेष संवेदनशीलता देखाउन सक्नु पर्दछ । वन र वातावरणसम्बन्धी ऐनले मात्र होइन खनिज ऐनले पनि वातावरणमा प्रतिकूल असर नपर्ने गरी मात्र खानी उद्योग सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ । नियमन निकायहरूले प्रचलित नेपाल कानूनमा भएका व्यवस्थाहरू प्रभावकारीरूपमा कार्यान्वयन नगरिदिँदा यस्तो अवस्था आएको हो । उद्योगले हालसम्म वातावरणमा पुर्‍याएको क्षतिको कुनै पूर्ति हुन सक्दैन । त्यसैले उद्योग बन्द गर्दा राज्यले क्षतिपूर्ति दिने नभई उल्टै क्षतिपूर्ती असूल गर्नुपर्ने

अवस्था छ ।

अधिवक्ता दिनमणी पोखरेल

विपक्षी उद्योगले गोदावरी क्षेत्रको वातावरण प्रदुषण गरेको भन्ने कुरा वन मन्त्रालयले ठहर गरी निर्णय गरी सकेको हो । वन मन्त्रालयले वातावरणमा असर पर्छ भनी गरेको निर्णयविपरीत खानी विभागले वातावरणमा असर पर्दैन भनी गरेको निर्णयको कुनै आधार छैन । वातावरण विनासलाई तत्काल रोक्न उद्योग बन्द गरिनुको विकल्प छैन । मागबमोजिम रिट जारी हुनुपर्छ ।

अधिवक्ता कविता पाण्डे

प्रकृति र सम्पदाको संरक्षण गर्नु हरेक राज्यको कर्तव्य हो । विकासको लागि प्रकृतिको विनाश नै गर्नुपर्छ भन्ने पनि छैन । धेरै विकसित मुलुकहरूमा वातावरण सरंक्षण र विकासलाई सँगसँगै लगिएको छ । गोदावरी क्षेत्रको जैविक विविधता नेपालको लागि मात्र नभई विश्वकै लागि अनुपम भएको हुँदा यसको संरक्षण हुनुपर्दछ ।

सर्वोच्च अदालतले यसको स्थापना कालदेखि नै वातावरण संरक्षणको दिशामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । प्रस्तुत विवादमा समेत अदालतले न्यायिक सक्रियता प्रदर्शन गरी गोदावरी क्षेत्रको पर्यावरण जोगाइनु पर्दछ ।

प्रत्यर्थी नेपाल सरकारको तर्फबाट
सहन्यायाधिवक्ता श्री किरण पौडेल

कुन क्षेत्रमा उद्योग सञ्चालन गर्न दिने र नदिने भन्ने कुरा कार्यकारीको नीतिगत र तजविजी अधिकारअन्तर्गतको विषय भएको हुँदा अदालतले हस्तक्षेप गर्न मिल्दैन । पुतली संरक्षणको विषयलाई देशको विकाससँग दाँजेर हेर्न मिल्दैन । विकास र वातावरणबिच सन्तुलन कायम गरी असर न्यूनीकरण गर्दै जानु पर्ने हुन्छ ।

वातावरणको मुद्दा कुनै एक समाज वा मुलुक विशेषको मुद्दा नभई समग्र मानव समुदायको साझा अवधारणा बन्न पुगेको छ । यसको संरक्षणको लागि अन्तर्राष्ट्रिय जगतबाट धेरै पहिलेदेखि पहल हुँदै आएको देखिन्छ । खासगरी संयुक्त राष्ट्रसंघको पहलमा भएका प्रयासहरू सह्रानीय रहेका छन् । सन् १९७२ मा स्टकहोल्म सम्मेलनमा बढ्दो वातावरण विनाशलाई कसरी रोक्ने भन्ने सम्बन्धमा प्रारम्भिक वातावरणीय सरोकार देखाइयो । सन् १९८३ मा गठन भएको समितिले सन् १९८७ मा प्रतिवेदन दियो । Brutland Report भनिने यो प्रतिवेदनले मानव समुदायको साझा भविष्य (Our common future) का लागि विकास र वातावरणबिच तालमेल मिलाउनु पर्ने कुरामा जोड दिएको छ । दिगो विकासको मान्यतालाई ब्राजिलको रियो दि जेनेरियोमा सन् १९९२ मा भएको पृथ्वी सम्मेलनले महत्त्वपूर्णरूपमा उठायो । त्यस्तै सन् २००२ मा World Summit on Sustainable Development सम्पन्न भयो । त्यसयता वातावरणको क्षेत्रमा थप उल्लेखनीय कार्यहरू भइरहेका छन् । अन्तर्राष्ट्रियस्तरमा भएका यी पहलहरूले विकास नै गर्न नहुने कुरालाई होइन विकास र वातावरणबिच समन्वय गरिनु पर्ने विषयमा जोड दिएको पाइन्छ ।

राष्ट्रिय कानूनले पनि विकास र वातावरणको मुद्दालाई सम्बोधन गरिरहेको अवस्था छ । वन ऐन, २०४९ को दफा ६७ ले सार्वजनिक वनक्षेत्र नेपाल सरकारको हुने व्यवस्था गरेको छ । दफा ६८ ले वनक्षेत्र सरकारले प्रयोग गर्न सक्ने भनेको छ । खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा ३ ले नेपालभित्रका निजी वा सरकारी जुनसुकै जग्गामा अवस्थित खानी नेपाल सरकारको सम्पत्ति हुने व्यवस्था गरेको छ । राष्ट्रिय वन क्षेत्रभित्र भएको खानीमा वन विभाग वा खानी विभागमध्ये कसको नियन्त्रण रहने भन्ने कुराले यी दुई निकायहरूबिच केही असामञ्जस्यता देखिएको

हुँदा निवेदकले सोही कुराको लाभ उठाउन खोजेको देखिन्छ । औद्योगिक व्यवसाय ऐन, २०४९ को प्रस्तावनादेखि नै राज्यले उद्योगधन्दालाई प्रोत्साहन दिने कुरा उल्लेख भएको छ । यसले गरेको उद्योगका विभिन्न वर्गीकरणमध्ये खानी उद्योग पनि एक देखिन्छ । वातावरण संरक्षण ऐन, २०५३ सम्मानीत अदालतको आदेशको परिणामस्वरूप आएको तथ्यमा विवाद छैन । यो ऐन पनि वातावरण संरक्षण र दिगो विकासलाई सँगसँगै र सन्तुलितरूपमा लैजानुपर्ने कुरामा नै आधारित देखिन्छ । यो ऐन र यसअन्तर्गत बनेको नियमले उद्योग स्थापना गर्नुपूर्व छुट्टै वातावरणीय प्रस्ताव पेस गर्नुपर्ने, वातावरणीय प्रभाव मूल्याङ्कन EIA र प्रारम्भिक वातावरणीय परीक्षण IEA गराउनु पर्नेलगायत ध्वनी, वायु प्रदूषणका मापदण्डहरूसमेत निर्धारण गरेको छ । त्यस्तै खानी ऐनको दफा ११क. ले खनिज कार्य गर्दा वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी गर्नुपर्ने व्यवस्था गरेको छ । दफा २३ ले ऐनको व्यवस्थाबमोजिम खनिज कार्य भए नभएको सम्बन्धमा अनुगमन गर्नको लागि सम्बन्धित अधिकृतलाई जिम्मेवारी तोकिएको देखिन्छ । ऐनको बर्खिलाप काम गर्नेलाई दफा २५ बमोजिम सजाय हुने व्यवस्था पनि छ । दफा २७ ले राष्ट्रिय र सार्वजनिक हितलाई असर पर्ने अवस्थामा अनुमति रद्द गर्न सक्ने व्यवस्था गरेको छ । खानी तथा खनिज पदार्थ नियमावली र वातावरण संरक्षण नियमावलीमा समेत वातावरणमा कम असर पर्ने गरी खानी सञ्चालन गर्नुपर्ने कुरा उल्लेख भएको छ । वातावरण संरक्षण ऐनको दफा १० बमोजिम विशेष संरक्षणक्षेत्र घोषणा गर्न सक्ने व्यवस्था भए पनि नेपाल सरकारबाट हालसम्म सो दफाबमोजिम संरक्षणक्षेत्र घोषणा भएको छैन ।

वातावरणसम्बन्धी अन्तर्राष्ट्रिय कानूनमा विकास कार्य सञ्चालन गर्नको लागि राज्य सार्वभौम हुने, विकासको अधिकारलाई वातावरणले रोक्न नसक्ने, साझा तर फरक दायित्व, जसले प्रदूषण गर्छ उसैले क्षतिपूर्ति ब्यहोर्नु पर्छ लगायतका मान्यता विकास गरिएको पाइन्छ ।

गोदावरी मार्वलको ११६ हेक्टर लिज एरिया भएकोमा हाल जम्मा ५ हेक्टरमा खानीको काम भइरहेको छ । ५ हेक्टर भनेको ज्यादै सानो क्षेत्र भएकोले यसमा गरिने गतिविधिबाट गोदावरी क्षेत्रको पर्यावरणमा कुनै असर परेको अवस्था छैन । सरकार पनि वातावरण प्रदूषण होस भन्ने पक्षमा छैन । उक्त उद्योगबाट वातावरणमा असर नपरोस् भनी खानी विभागलगायतका नियमन निकायहरूबाट नियमितरूपमा अनुगमन भइरहेको छ । नेपालमा मार्वल उत्खनन् हुने क्षेत्र यही मात्र हो । काठमाडौंबाट १५ कि.मि.दूरीमा रहेको नमूना उद्योग हो । त्रिभुवन विश्वविद्यालयबाट नजिक भएको कारण Mining Study को प्रयोगशालाको रूपमा समेत यसको उपयोग भइरहेको छ । केही समस्या भए व्यवस्थापन पक्षमा हुन सक्दछन् । त्यस्ता समस्याको व्यवस्थापन गरिनुपर्छ भन्ने माग जायज हुन सक्दछ तर त्यसको बदलामा उद्योग नै बन्द गरिनुपर्दछ भन्ने कुरा उचित हुन सक्दैन ।

उद्योगको स्थापनादेखि नै विभिन्न क्षेत्रबाट अवरोध पुर्‍याउने कार्य हुँदै आएको छ । यसै क्रममा केही समयसम्म उद्योग बन्द पनि भयो । सरकारी र गैरसरकारी तवरमा विभिन्न अध्ययन पनि भएका छन् । उद्योग बन्द नै गर्नुपर्छ भनी कुनै पनि अनुसन्धान प्रतिवेदनले भन्न सकेको छैन । उदयपुर र हेटौंडा सिमेन्ट पछि राजस्व बुझाउने तेस्रो उद्योग हो । यो रिट निवेदन २०६८ सालसम्म म्याद थपिएको विषयलाई लिएर परेको हुँदा त्यसको प्रयोजन समाप्त भइसकेको छ ।

उद्योग बन्द गर्नुपर्छ भन्ने निवेदनको माग छ, तर के कति कारणले बन्द गर्नुपर्ने हो भन्ने कुराको ठोस आधारसहित निवेदन दाबी लिन सकेको पाइँदैन । राष्ट्रिय हित र सुरक्षाको विरूद्ध देखिएको

अवस्थामा उद्योगको अनुमति खारेज गर्नसक्ने व्यवस्था खानी ऐनको दफा २७(१) र नियमको ४३(घ) मा रहेको छ । यो अधिकार नेपाल सरकारको भएकोले कार्यकारीको क्षेत्राधिकार पर्ने यस्तो प्रशासकीय प्रकृतिको विषयमा अदालतबाट अन्यथा निर्णय गर्न मिल्दैन । खानी ऐनको दफा १२(१) बमोजिम खनिज उत्खनन् कार्य तत्काल निषेध गरिपाउँ भन्ने पनि निवेदन माग देखिन्छ । तर खानी विभागबाट तोकिएका सबै पूर्वसर्त उद्योगले पुरा गरेको हुँदा यो दफा आकर्षित हुने अवस्था छैन । वातावरण संरक्षण ऐनको दफा १० बमोजिम संरक्षणक्षेत्र घोषणा गरिपाउँ भन्ने पनि माग छ तर सो अवस्था छ, छैन भनी निर्णय गर्ने अधिकार पनि नेपाल सरकारकै भएकोले अदालतबाट त्यस्तो आदेश जारी हुन सक्दैन । सार्वजनिक सरोकारको प्रस्तुत रिट निवेदनबाट खानी ऐनको दफा २१(३) बमोजिम उद्योगले वातावरणमा पुर्‍याएको क्षति यकीन गरी क्षतिपूर्ती तिराई पाऊँ भन्ने कुरा यकीन गर्न मिल्ने होइन । ऐनको व्यवस्थाबमोजिम सम्बन्धित निकायमा त्यस्तो उजुर परेको अवस्था नभएकोले सो विषयमा प्रवेश गर्न मिल्दैन । समग्रमा निवेदन दाबी यथार्थ वस्तुस्थितिमा आधारित नभएको र नेपाल सरकारबाट उद्योगको नियमित अनुगमन गरी आवश्यक निर्देशन दिइरहेको अवस्था हुँदा रिट निवेदन खारेज हुनुपर्दछ ।

प्रत्यर्थी गोदावरी मार्वल उद्योगको तर्फबाट अधिवक्ता श्री बालकृष्ण ढकाल

साबिकमा राणाकालदेखि स्थापना भएको यो उद्योगको स्वामित्व हस्तान्तरण हुँदै आई २०३३ सालदेखि चिरञ्जिवी अग्रवालसमेतको स्वामित्वमा रहेको छ । प्रचलित कानून, सरकारी निर्देशन र मापदण्डअनुरूप नै उद्योग सञ्चालन भइरहेको भए पनि उद्योगलाई एकपछि अर्को गर्दै अदालतमा तानिएको करिब २३ वर्ष भइसकेको छ । २०४६ सालमा सूर्यप्रसाद शर्मा ढुंगेलले उद्योगको विरूद्धमा पहिलो मुद्दा दिनु भएकोमा २०५२।७।१४ मा आदेश भएको थियो । तर स्थानीय जनता र गा.वि.स.को उद्योगप्रति सकारात्मक दृष्टिकोण रहेको कुरा सो मुद्दामा गा.वि.स.को तर्फबाट प्रेषित लिखित जवाफबाट स्पष्ट हुन्छ । २०५२ सालमा खानी ऐन, लागू गर्नू, नियम र वातावरणसम्बन्धी कानून बनाउनू भन्न आदेश भएकोमा सो कार्य सम्पन्न भइसकेको छ ।

खानी ऐन, २०५६ सालमा ऐन लागू हुनु अगावै २०५२।११।१५ मा २० वर्ष अवधिको लागि अनुमति नवीकरण गर्न उद्योगको तर्फबाट निवेदन परेको थियो । सो निवेदनमा लगानी थप्ने कुरा पनि उल्लेख थियो । खानी विभागले २०५३।१।३ मा उद्योगलाई लेखेको पत्रमा वातावरण संरक्षणसम्बन्धी योजना र कार्यक्रम पेस गर्न भनियो । सोबमोजिम उद्योगले २०५३ सालमा विस्तृत प्रस्ताव पेस गर्‍यो । जसमा Environmental Planning and Management को विषयमा उद्योगले गर्ने कार्यहरू र Dust Control बारेमा स्पष्ट उल्लेख छ । उद्योगका तर्फबाट पेस गरिएका अध्ययन प्रतिवेदन र प्रस्तावहरूको अध्ययन गरी नवीकरण गर्ने निकाय खानी विभाग सन्तुष्ट भएकोले नै १० वर्षको लागि नवीकरण भएको हो । त्यसपछि पनि २०६८ सालमा म्याद समाप्त हुने भएको कारण समयमै निवेदन दिई सबै प्रक्रिया पुरा गरी २०७८ सालसम्मको लागि नवीकरण भइसकेको अवस्था छ । उद्योगमा ठूलो लगानी परेको हुँदा लागानीकर्ताले उद्योगको नियमित सञ्चालनको प्रत्याभूति खोज्नु अस्वाभाविक हुन सक्दैन ।

सरकारी निकायहरूबिच रहनु पर्ने समन्वयको अभावका कारणबाट केही समय उद्योग बन्द गर्न लगाइयो । पछि संसदीय समितिको निर्देशनको आधारमा वन मन्त्रालयबाट विभाग हुँदै जिल्ला वन कार्यालयको रेखदेखमा उद्योग सञ्चालन गर्ने गरी निलम्बन फुकुवा भई हालसम्म उद्योग सुचारूरूपमा सञ्चालन भइरहेको छ । हाल खानी विभाग र वन

विभाग दुवै निकायहरूबाट उद्योगको नियमित अनुगमन भइरहेको छ । नियमविपरीत उद्योग सञ्चालन भएको पाएमा सम्बन्धित निकायबाट आवश्यक निर्देशन हुने नै छ ।

हामीले अनुमति लिँदा नांगो डाँडा थियो । खानी सञ्चालन गरेपछि उद्योगकै तर्फबाट करिव एकलाख भन्दा बढी वृक्षारोपण गरी हराभरा पारिएको छ । उद्योग स्थापना हुनुअघि सो क्षेत्रमा के कस्ता वन, वनस्पति, Flora, fauna थियो र हाल त्यसमा के कस्तो परिवर्तन आएको छ भन्ने कुराको तुलनात्मक अध्ययन गरी निश्चित आधारसहित निवेदन परेको पनि छैन । वातावरणीय प्रभाव मूल्याङ्कनका लागि निवेदकले निवेदन दिएको भए पनि सरकारकै तर्फबाट सो दिइएको छैन । तर उद्योगकै पहलमा ISO १४०० Certificate लिइएको छ । उद्योग विभागले मिति २०६८।११।१७ मा लेखेको पत्रमा पनि ऐन आउनुअघि स्थापना भएका उद्योगले वातावरणीय प्रभाव मूल्याङ्कन गराउन नपर्ने भनिएको छ ।

स्थानीयरूपमा उद्योगको कुनै विरोध भएको छैन । विभिन्न सामुदायिक समितिहरूले उद्योगलाई धन्यवाद दिएका छन् । सरोकार देखाई निवेदन गर्न आउने रविराज आचार्यसमेतका स्थानीय व्यक्तिहरू सदस्य रहेको कार्यदलले अध्ययन गरी उद्योग सञ्चालन गर्न दिएको हो । जिल्ला वन कार्यालयले उद्योग विभागलाई गरेका पत्राचारहरूबाट पनि सो निकायले नियमित अनुगमन गरेको कुरा देखिएकै छ ।

उद्योगले आफ्नै तर्फबाट Environmental Management System लागू गरेको र ISO Standard अवलम्बन गरेको छ । राज्यलाई उल्लेख्य कर तिरेको छ भने सयौंलाई रोजगारी पनि दिएको छ । पर्यावरणमा नोक्सान पार्ने कुनै कार्य गरेको छैन । हालसालै ब्राजिलमा सम्पन्न Rio Plus सम्मेलनले पर्यावरणसम्बन्धी साविकको मान्यतामा केही परिवर्तन ल्याएको छ । खास गरी दिगो विकासलाई गरिवीसँग जोड्ने प्रयास भएको छ । मुख्यतः आर्थिक विकास, सामाजिक विकास र वातावरण संरक्षणलाई एकैसाथ हेर्नुपर्ने वर्तमान मान्यतालाई सन्तुलित ढंगबाट ब्याख्या गरिनु पर्दछ । उद्योगले यी सबै विषयमा योगदान पुर्‍याई रहेको र वातावरण विनासको कुनै कार्य नगरेको हुँदा रिट निवेदन खारेज गरिनु पर्दछ ।

अधिवक्ता मोतिकला सुब्बा देवान

संरक्षितक्षेत्र घोषणा गरिपाउँ भन्ने माग गरेर मात्र हुँदैन । साविकमा भएको के कुन प्रजातिको जनसंख्या घटेर गएको भन्ने देखाउन पनि सक्नु पर्दछ । यो यस्तो ऐतिहासिक र सांस्कृतिकक्षेत्र रहेको भनी पुष्टि गर्नुपर्दछ । वातावरण संरक्षण ऐनलगायत पर्यावरणको क्षेत्रमा काम गर्ने संघ संस्थाहरूले पनि के कस्तो स्थानलाई संरक्षणक्षेत्र घोषणा गर्नुपर्दछ भन्ने सम्बन्धमा मापदण्ड र प्रक्रिया तोकेका छन् । गोदावरीका सम्बन्धमा त्यस्तो अवस्था नभएकोले सोसम्बन्धी माग दाबी निरर्थक छ । रियो र त्यसपछि भएका वातावरणसम्बन्धी सम्मेलनहरूले पनि पर्यावरण संरक्षणको लागि दिगो विकासको अवधारणालाई अघि सारेका छन् । तर विकास गर्नै नहुने भन्ने कसैको मत छैन । दिगो विकासको लागि संस्थागत ढाँचा र प्रक्रियागत मापदण्ड विकसित गरिएका छन् । अन्तर्राष्ट्रिय अभ्यास हेर्दा राष्ट्रिय आयमा ठूलो योगदान पुर्‍याएको छ भने पर्यावरणमा केही नोक्सान भएको अवस्थामा पनि सहनशीलता अपनाइएको छ । Polluter's pay को सिद्धान्त निवेदकले उठाएजस्तो हल्का विषय होइन । त्यसको लागि पर्यावरण प्रदूषणको कारण क्षति भएको स्थापित हुनु पर्दछ । निवेदक स्थानीय बासिन्दासमेत नभएको हुँदा सो विषय उठाउन मिल्दैन ।

अधिवक्ता श्री नरेन्द्र पाठक

अघिल्लो फैसलाले पनि उद्योग बन्द गर्नू भनी आदेश दिएको अवस्था होइन । जिम्मेवार निकायले

अनुगमन र निरीक्षण गर्दाका अवस्थामा प्रक्रिया उल्लङ्घन भएको वा मापदण्डको पालना नभएको पाएमामात्र उद्योग बन्द गर्ने आदेश दिन सक्दछ । अदालतले सो कुरा जाँच गर्न नमिल्ने हुँदा आदेश दिनसमेत मिल्दैन । खानी तथा खनिज पदार्थसम्बन्धी ऐन, २०४२ मा पनि पर्यावरण विनाश विरूद्धको उपचारको व्यवस्था भएको छ । त्यस्तो कुनै अवस्था नभई अनुमान र कल्पनाको भरमा निवेदन गरेको हुँदा खारेज गरिनु पर्दछ ।

वरिष्ठ अधिवक्ता श्री शम्भु थापा

पूर्व फैसलाहरूलाई गम्भीरतापूर्वक अध्ययन गरिनु पर्दछ । प्रस्तुत मुद्दामा संयुक्त इजलासमा राय बाझिएको अवस्था र स्थितिलाई पनि विचार गरिनु पर्दछ । पेसा, व्यवसाय र उद्योग गर्ने विषय मौलिक हक भएको हुँदा पश्चातदर्शी असर हुने गरी हनन् गर्न मिल्दैन । राज्यको कानूनअनुसार स्थापना भई जिम्मेवार निकायबाट अनुमति पाई रितपूर्वक सञ्चालन भएको उद्योग सार्वजनिक सरोकारको रिट निवेदनबाट बन्द हुन सक्दैन । उद्योगले प्रचलित कानूनको पालना नगरेको वा मापदण्ड उल्लङ्घन गरेको भए कानूनी मार्गबाटै उपचार खोजिनु पर्दछ । संसदको प्राकृतिक स्रोत साधन समितिको निर्देशनबमोजिम उद्योग सञ्चालन गर्न दिइएको छ । सो निर्णय बदरको माग गरिएको छैन । त्यसैले रिट निवेदन खारेज हुनुपर्दछ ।

अधिवक्ता श्री रमणकुमार श्रेष्ठ

यसअघि नै निरोपण भइसकेको एउटै विषयमा दोस्रो पटक निवेदन दिएको हुँदा अ.वं.८५ नं. आकर्षित हुने अवस्था छ । संयुक्त इजलासका माननीय न्यायाधीश श्री शारदा श्रेष्ठले निवेदन माग दाबीमा सीमित नरही आदेश गरेको हुँदा त्यस्तो राय कायम हुन सक्दैन । प्रचलित कानूनबमोजिमको उपचार खोजी गरिनु पर्दछ । खानी बन्द गर्ने वा नगर्ने भन्ने कुरा अदालतबाट निरोपण हुने विषय नभई खानी विभागले निर्णय गर्ने विषय हुँदा रिट निवेदन खारेज हुनुपर्दछ ।

वरिष्ठ अधिवक्ता श्री सुशील पन्त

पहिले यहि विषयमा तीन जना न्यायाधीशहरूबाट फैसला भई सकेकोले फेरी तीन जना न्यायाधीशको इजलासबाट प्रस्तुत मुद्दा हेर्न मिल्ने हो वा होइन त्यो कुराको पनि निरोपण हुनुपर्दछ । राज्यको तर्फबाट पेस भएका अध्ययन प्रतिवेदनमा उद्योगले गोदावरी क्षेत्रको पर्यावरणमा कुनै असर पुर्‍याएको छैन भनिएको छ भने निजीरूपमा तयार पारिएका प्रतिवेदनमा क्षति पुर्‍याइएको भनिएको छ । तर निजी प्रतिवेदनको Source of Wisdom के हो उल्लेख छैन । संयुक्त इजलासमा माननीय न्यायाधीश श्री शारदा श्रेष्ठको रायमा व्यक्त भएको भारतीय मुद्दाहरूको तथ्य र यो मुद्दाको तथ्यमा समानता छैन । उद्योगले कुनै वातावरणीय विनास नगरेकोले माननीय न्यायाधीश श्री ताहिर अली अन्सारीको राय मनासिब हुँदा रिट खारेज हुनुपर्छ ।

वरिष्ठ अधिवक्ता बोर्णबहादुर कार्की

वातावरणमा प्रतिकूल असर पर्‍यो भनेर निवेदकले भन्दा मात्र हुने होइन । निवेदकले पेस गरेको प्रदुषण भनेका कागजहरू निवेदकले निजीस्तरमा पेस गरिएका हुन् । सरकारीस्तरमा गरिएका अध्ययनलाई प्रमाण ऐनको दफा ६ बमोजिम प्रमाणमा लिनुपर्छ । संसदीय उप समितिले उद्योग चल्न दिनु भनी निर्देश गरेको छ । यो निर्णय बदर भएको छैन, रिट निवेदन खारेज हुनुपर्छ ।

अधिवक्ता श्री शारदा प्रसाद कोइराला

रिट निवेदनमा उद्योगले के कस्तो गैरकानूनी कार्य गरेको भन्ने वस्तुनिष्ट दाबी नै छैन । रिट निवेदनमा उठाइएको विषयवस्तु कुनै अनुसन्धानमा आधारित

नभई काल्पनिकरूपमा प्रदूषण गरियो भनिएको छ । अनुमान र तर्कको आधारमा प्राविधिक विषयमा निष्कर्ष निकाल्न मिल्दैन । वातावरण र विकासमा सन्तुलन हुनुपर्छ भन्ने कुरा सार्वजनिक सरोकारको क्षेत्रभित्र पर्न सक्दछ तर उद्योग नै बन्द गर्नुपर्छ भन्ने कुरा न्यायोचित हुन सक्दैन । अतः रिट निवेदन खारेज हुनुपर्छ ।

रिट निवेदनको कारबाहीमा सरोकार देखाई सरिक भएका पक्षबाट

अधिवक्ता श्री टंकप्रसाद दुलाल

उद्योगबाट स्थानीय जनतालाई असर पर्ने हो । २०५३ सालमा पनि उद्योग सञ्चालन गर्न दिने र उद्योगबाट परेको असर कम गर्ने गरी स्थानीय र उद्योगबिच सहमति भएको थियो । कानूनबमोजिम गठित उपभोक्ता समूहले दिएको पत्रमा गोदावरी मार्वल त्यहाँ भएको कारण वन संरक्षणलाई सहयोग भएको उल्लेख छ । त्यहाँका ५०० कामदार कर्मचारीले काम पाएका छन् । यो उद्योग प्रदूषण गर्ने उद्योग होइन । माननीय न्यायाधीश श्री ताहिर अली अन्सारीको राय कायम हुनुपर्छ ।

पक्ष विपक्षका विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको उपरोक्त तर्कपूर्ण बहस सुनी, पेस भएको लिखित बहसनोट, रिट निवेदन र लिखित जवाफ तथा सम्बद्ध संवैधानिक र कानूनी व्यवस्थाहरूसमेतको समग्र अध्ययन गरी हेर्दा प्रस्तुत रिट निवेदनको रोहबाट मूलतः देहायका प्रश्नहरूमा केन्द्रित रही निर्णय निरूपण हुनुपर्ने देखिन आएको छः

१. वातावरणीय न्यायको अवधारणा एवम् पर्यावरण र विकासका क्रियाकलापबिच सन्तुलन कायम गर्ने अन्तर्राष्ट्रिय मापदण्डहरू के कसरी विकास भइरहेको देखिन्छ?
२. वातावरणीय न्यायका सम्बन्धमा यस अदालतबाट के कस्तो विधिशास्त्रीय मान्यता विकास गरिएको छ ?
३. जैविक विविधता र पर्यावरण तथा धार्मिक एवम् सांस्कृतिक दृष्टिकोणबाट फूलचोकी गोदावरी क्षेत्रको के कस्तो महत्त्व रहेको देखिन्छ र विपक्षी गोदावरी मार्वल उद्योगको संचालनबाट त्यस क्षेत्रको जैविक विविधता तथा पर्यावरणीय सन्तुलनसमेतमा प्रतिकूल असर परेको अवस्था छ वा छैन?
४. गोदावरी मार्वल उद्योगबाट गोदावरी क्षेत्रमा भइरहेका उत्खननसमेतको क्रियाकलापहरू वातावरण संरक्षणका सम्बन्धमा नेपालको संविधान र कानूनले गरेका व्यवस्थाअनुरूप रहेको देखिन्छ वा देखिँदैन?
५. रिट जारी र खारेज गर्ने गरी संयुक्त इजलासबाट व्यक्त भएका रायमध्ये के कुन राय कायम हुने हो वा अन्य के कस्तो प्रकृतिको आदेश जारी गर्नु उपयुक्त हुने हो?

निवेदकहरूले मूलरूपमा यस अदालतबाट सूर्यप्रसाद शर्मा ढुंगेल विरूद्ध गोदावरी मार्वल्सको मुद्दामा यसअघि जारी भएको आदेशको अवज्ञा गरी विपक्षी गोदावरी मार्वल्सले लगातार उत्खनन् गरी गोदावरी क्षेत्रमा वातावरण प्रदूषण गरिरहेको, सो उद्योगले गरेको पर्यावरण विनासको तुलनामा राष्ट्रिय अर्थतन्त्रमा पुर्‍याएको योगदान नगन्य रहेको, अन्तर्राष्ट्रिय विज्ञका अलावा राज्यका जिम्मेवार निकायहरूबाट भएका अध्ययन अनुसन्धानहरूबाट गोदावरी क्षेत्र धार्मिक र सांस्कृतिक दृष्टिकोणबाट मात्र नभई विश्वमै दुर्लभ चराचुरूङ्गी र जीवजन्तुहरूको जीवित संग्राहलय भएको हुँदा यसको संरक्षण हुनुपर्ने कुरा औंल्याइएको समेतबाट सो उद्योगको अवधि बाँकी छँदा छँदै पुनः १० वर्षका लागि अनुमति थप्ने गरी भएको विपक्षीको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी उद्योग तत्काल बन्द गर्नु भन्ने परमादेश र गोदावरी क्षेत्रलाई वातावरण

संरक्षण ऐन,२०५३ बमोजिम संरक्षित क्षेत्र घोषणा गरिपाउँ भन्नेसमेत माग गरेको पाइयो ।

विपक्षी गोदावरी मार्वल्सको लिखित जवाफ अध्ययन गरी हेर्दा उद्योगले गोदावरी क्षेत्रको वातावरण प्रदूषण हुने कुनै कार्य नगरेको, वातावरण संरक्षणका लागि गर्नुपर्ने आवश्यक सम्पूर्ण प्रवन्ध गरेकै कारण ISO Certificate समेत पाएको, स्थानीय जनतालाई रोजगारी दिई सहयोग गरेको, राज्यलाई उल्लेखनीय कर तिरेको, केही मात्रामा भए पनि मार्वल्स आयातलाई प्रतिस्थापन गरी वैदेशिक मुद्रा बाहिर जानबाट रोकेको र नियमनकारी निकायहरूबाट समयसमयमा निरीक्षण गरी औंल्याइएका विषयहरूलाई अवलम्बन गरेको कारण कानूनबमोजिम अनुमति नवीकरण भएको हुँदा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने होइन भन्नेसमेत जिकिर लिएको देखिन्छ ।

निवेदन दाबी र लिखित जवाफ जिकिरको पृष्ठभूमिमा निर्णय निरूपणको निमित्त तय गरिएका उपरोक्त प्रश्नहरूमध्ये प्रथमतः वातावरणीय न्यायको अवधारणा र विकाससम्बन्धी सैद्धान्तिक प्रश्नका सम्बन्धमा विचार गर्नुपर्ने हुन आएको छ ।

२. वातावरणीय न्यायसम्बन्धी अवधारणाको विकास कुनै न कुनैरूपमा मानव सभ्यताको विकाससँगै भएको मानिन्छ । वायु, जल, जमीन, प्रकाश र तापतथा यी सँग अन्योन्याश्रित जीवजन्तु र चिज वस्तु नै समग्रमा प्रकृति हो । प्रकृतिमा रहेको यिनै तत्वहरूको उपस्थिति वा अवस्थितिबाट सृजना हुने क्रिया प्रतिक्रयालाई वातावरण भन्न सकिन्छ । पूर्वीय दर्शनमा पञ्चतत्व पनि भनिने यी पाँच तत्व वा अवयवहरूको गुणलाई क्षय हुन नदिई प्राकृतिक स्वरूपमा राख्ने विषय नै वातावरण संरक्षणसँग सम्बन्धित देखिन्छ ।

३. अमेरिकी वातावरण संरक्षण एजेन्सी United states Environmental Protection Agencey (EPA) का अनुसार कुनै जातजाति, रंग, राष्ट्रियता, उत्पति वा आयस्रोतका आधारमा भेदभाव नगरी विकास र यसको कार्यान्वयन तथा वातावरणीय कानून र नीतिहरूको प्रयोगमा सबैलाई निष्पक्ष व्यवहारगरी अर्थपूर्णरूपमा सहभागि गराउने विषय नै वातावरणीय न्याय हो ।

(Environmental Justice is the fair treatment and meaningful involvement of all people regardless of race, color, national origin, or income with respect to the development, implementation, and enforcement of environmental laws, regulations, and policies.)

४. वातावरण संरक्षण ऐन, २०५३ को दफा २ खण्ड (क) मा **"वातावरण"** भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरू, आर्थिक तथा मानवीय क्रियाकलापहरू र यिनका अवयवहरू तथा यी अवयवहरूको बिचको अन्तक्रिया तथा अन्तर सम्बन्धलाई सम्झनु पर्ने उल्लेख छ । वातावरणको यो परिभाषा बृहद् र अन्तर्राष्ट्रिय मान्यता अनुरूपको देखिन्छ । यथार्थमा प्राकृतिक अवयवलाई मात्र वातावरणको रूपमा बुझ्नु गलत वा अपूर्ण हुन जान्छ । प्रकृतिको अतिरिक्त सांस्कृतिक र सामाजिक प्रणालीहरू, आर्थिक र मानवीय क्रियाकलापहरू श्रृजित अवयव र यस्ता अवयवहरू बिचको अन्तरघुलन र सम्बन्धबाटै समग्र वातावरणको निर्माण हुन पुग्दछ । मानिसको सामाजिक आवश्यकता र आर्थिक उन्नति प्रकृतिमाथि नै निर्भर रहेको छ । त्यसै आवश्यकता परिपूर्तिको लागि मानवीय क्रियाहरू सञ्चालित हुन्छन् । अर्कोतर्फ प्रकृतिको पनि आफ्नै सञ्चालनको नियम छ । सूर्य पूर्वबाट उदाउनु र पश्चिममा अस्ताउनु प्राकृतिक नियम हो । ऋतुहरूको परिवर्तन प्राकृतिक कारणबाटै हुन्छ । जन्मनु र मर्नुको सम्बन्ध पनि प्रकृतिसँग गाँसिएको छ । त्यसैले प्राकृतिक अवयव र मानवीय क्रियाकलापबिचको अन्तर सम्बन्ध र अन्तरक्रियाबाटै समग्र वातावरणको निर्माण हुन पुग्ने

देखिन्छ।

५. त्यस्तै सोही ऐनको खण्ड (ख) मा **"प्रदूषण"** शब्दलाई पनि परिभाषित गरिएको पाइन्छ । जसअनुसार **प्रदूषण** भन्नाले वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्षरूपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुर्‍याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी पुर्‍याउने क्रियाकलाप सम्झनु पर्छ भनिएको पाइन्छ। प्रदूषणको उक्त परिभाषा वोधगम्य नै देखिन्छ । वस्तुतः वातावरणमा हानी नोक्सानी वा क्षति पुग्ने गरी प्रत्यक्ष वा परोक्ष जनुसुकैरूपमा परिवर्तन ल्याउने क्रियाकलापलाई वातावरण प्रदूषणको रूपमा बुझ्नुपर्ने हुन्छ।

६. मानिसलगायतका जीवजन्तु, वनस्पति र समस्त जीवनधारा प्रकृतिसँग अन्योन्याश्रित भएको हुँदा प्रकृतिको अस्तित्वसँगै यिनको पनि अस्तित्व जोडिएको छ । मानिस प्राकृतिक प्राणी भएको हुँदा अन्य प्राणी र जीवजन्तु जस्तै उसको जीवनसमेत प्रत्यक्षरूपमा प्रकृतिमाथि नै निर्भर रहेको छ । मानव विकासक्रमको सुरूवाती चरणलाई स्मरण गर्ने हो भने प्रकृतिमा रहेका अन्य प्राणी वा जीवजन्तुको भन्दा मानिसको अवस्थामा कुनै भिन्नता पाइँदैन । मानिस पनि प्रकृतिको काखमा अन्य प्राणीसँगै प्राकृतिक स्वरूपमा एकाकार भएर रहने बस्ने गरेको कुरा फगत दन्त्य कथा मात्र थिएन। नेपाललगायत विश्वका कतिपय मुलुकका जंगलहरूमा हालसम्म पनि फिरन्ते जीवन विताइरहेको मानव समुदायको आदिम अवस्थाबाट यो तथ्यलाई आजको दिनसम्म प्रत्यक्षरूपमा बोध नै गर्न सक्ने स्थिति विद्यमान छ । त्यसैले अध्ययन अनुसन्धानबाट प्रमाणित भएको यस वस्तुतथ्यमा विवाद गरिरहन आवश्यक छैन।

७. समयको विकास क्रमसँगै आधुनिक मानव समुदायले आफ्नो पहिचान फेरेको छ । चेतनशीलता र विवेकको प्रयोगबाट प्रकृतिका अन्य प्राणीभन्दा मानिसले आफूलाई श्रेष्ठ स्थानमा उभ्याएको दाबी गरिन्छ । तर यो श्रेष्ठताको सम्मान मानिसबाहेकको अन्य स्वतन्त्र प्राणीले दिएको नभई मानिसको आफ्नै स्वघोषणा हुँदा यसको अन्तिम निर्णय पनि भविष्यमा प्रकृतिबाटै हुनेछ।

८. यथार्थमा आदिम स्वरूपको प्राकृतिक हैसियतभन्दा भिन्न संरचना, प्रविधि र तौरतरिकाको विकास गर्न मानिस सफल भएको छ । मानव श्रृजित विकासका आयामहरूले मानव जीवनलाई सहज र आरामदायी बनाइदिएको छ । मानिसले गरेको विकासरूपी यसै परिवर्तनको आडमा मानिसले अन्य प्राणीलाई आफ्नो वशमा राख्न सकेको मात्र होइन पुरै प्रकृतिमाथि हैकम जमाउन खोजिरहेको देखिन्छ।

९. यहाँसम्म की पृथ्वीको बाहिरी आवरणमा रहेका ढुङ्गा माटो र वनजंगल मात्र नभई यसको भूगर्भमा रहेका तेल, ग्याँसलगायत अन्य खनिज पदार्थको अत्यधिक दोहन गरिएका छन् । जमीनमुनी सुरूङ्ग मार्गको निर्माण गरी यातायात सञ्चालन गर्नेदेखि विद्युतीकरण र सिँचाईको लागि नदीको बहाव नै थुन्ने वा परिवर्तन गरिनु सामान्य भएको छ। जमीनमा मात्र नभई समुद्रको पीँधसम्म पुगेर उत्खनन गरिएको छ भने अन्तरिक्षमा समेत मानव श्रृजित विकासका कारणबाट दुर्घटना हुने स्थिति श्रृजना भएको छ।

१०. विकासका हरेक चरणबाट मानव समुदाय आधुनिकतातर्फ बढिरहेको कुरा सत्य हो । तर मानिसले प्रकृतिमाथि गरेको अनियन्त्रित दोहन वा अतिक्रमणको प्रतिकूल असरबाट श्रृजित वातावरण प्रदूषणको पैमानले मानव समुदाय मात्र नभई समस्त चराचर नै ध्वस्त हुने डरलाग्दो स्तरसम्म पुगेको छ । दोस्रो विश्वयुद्धपछिका विकास निर्माण सँगसँगै वातावरणमा देखा परेको प्रतिकूल असरको तिव्रता र औषत विश्लेषणबाट वैज्ञानिकहरूले निकट भविष्यमा नै पृथ्वीको अस्तित्व संकटमा पर्ने सर्भेक्षणहरू सार्वजनिक गरिरहेका छन् । त्यतिमात्र होइन मानव

वस्तीलाई अन्तरिक्ष वा अन्य ग्रहमा सार्ने विषयमासमेत वैज्ञानिक अध्ययनहरू जारी रहेका छन् ।

११. मानिसका गतिविधिहरूबाट प्रकृतिमाथि परेको चाप वा प्रतिकूल असरले प्राकृतिक सहनसीमा नाघ्न लागेको भन्ने भनाईहरू सत्यको निकट रहेको विश्वास गरिन्छ । जनसंख्या वृद्धि, उर्जाको बढ्दो खपत र आवश्यकतालाई प्राकृतिक स्रोत, साधनले नधान्ने अवस्था भएपछि ठूलठूला आणविक भट्टी र रसायनिक प्लान्टहरू स्थापना गरिएका छन् । समयसमयमा यस्ता भट्टी र प्लान्टमा विस्फोट वा चुहावट भई कैयौं मानिस र जीवजन्तुहरूको जीवनलिला समाप्त भएको छ भने वातावरणमा तत्कालीन र दीर्घकालीनरूपमा परेको असरको लेखाजोखा नै छैन । समुद्रमा तेल र रासायनिक पर्दाथ चुहावट हुँदा सामुद्रिक जीवन प्रणालीमाथि नै गम्भीर असर पुगिरहेको अवस्था छ । जैविक विषादी र रसायनिक पदार्थको अधिक प्रयोगबाट माटोमा अम्लीयपनको मात्रा बढी भई कृषि उपज प्रकृतिमाथि नभई विषादी र रसायनिक तत्वहरूमा निर्भर बन्न पुगेको छ । अन्न बालीका परम्परागत वीउ वीजनहरूलाई जेनेटिकल्लि मोडिफाइड (GMO) वीउहरूले प्रतिस्थापन गर्दै लगेको छ । रसायनिक हात हतियारले उत्सर्जन गर्ने वायु र ध्वनी प्रदूषण, कल कारखाना, उद्योग धन्दा र सवारी साधनहरूबाट निस्कने विशाक्त धुँवा र ध्वनी प्रदूषणबाट वातावरणमा परेको असर डरलाग्दो छ ।

१२. मानव श्रृजित विकासका यी क्रियाकलाप तथा प्राकृतिक स्रोत साधनहरूको अधिक दोहनबाट वायुमण्डल र प्राणीमात्रको लागि हानिकारक हरितगृह ग्याँसको मात्रा बढदो छ ।

१३. जलवायु परिवर्तनको असरले समग्र पृथ्वी र यसको बायुमण्डल प्रदूषित बन्दै गएको छ । वर्षेनी बढ्दै गएको तापक्रमका कारण कतिपय घना आवादी भएका शहरहरूको जनजीवन प्रभावित हुन थालेको छ । त्यस्तै सेता हिमश्रृंखलाहरू पग्लदैँ जाँदा काला र कुरूप पहाडमा परिवर्तन हुने खतरा बढदो छ । समुद्रको सतह वर्षेनी बढ्दै गई मानव बसोबाससमेत जोखिममा पर्दै गएको छ । पानीका मुहानहरू सुक्दै गएका छन् भने भएका पनि उपयोग गर्न नसकिने गरी प्रदूषित बन्दैछन् । सीमसार क्षेत्रको अस्तित्व संकटमा परेको छ भने वायु प्रदूषण तथा ध्वनी प्रदूषणले प्राकृतिक सहनसीमा नाघिसकेको अवस्था छ ।

१४. रसायनिक पदार्थ र विषादिहरूको प्रयोगबाट मानिसहरूमा पहिले कहिल्यै नदेखिएका असाध्य रोगहरू देखा परिरहेका छन् । यतिमात्र होइन, बन जंगलको आकार घटदै गएको कारण जंगलमा आश्रित प्राणी, जीवजन्तु र वनस्पति लोपोन्मुख स्थितिमा पुगेका छन् । गैंडा, हात्ति, बाघ, भालु जस्ता जंगली जनावर, व्हेल, डल्फिन जस्ता सामुद्रिक जीवजन्तुहरू र दुर्लभ चराचुरूङ्गी र पुतली, सर्प, भ्यागुता र किरा फट्याँग्राहरू भोलिका पुस्ताले म्यूजियममा हेर्नुपर्ने स्थिति नआउला भन्न सकिन्न । त्यतिमात्र नभई भावि पुस्ताले सेता हिमाल तथा निलो समुन्द्र र वायुमण्डल देख्न नपाउने त होइनन् भन्ने विषयले वैज्ञानिक र वातावरण विद्हरूलाई गम्भीररूपमा चिन्तित बनाई रहेको देखिन्छ । समग्रमा आज जल, जमीन र वायु जता पनि प्रकृतिक स्वच्छता विखण्डित भएको कारणइकोसिस्टम नै खल्बलिएको छ ।

१५. प्रकृति र यसको वातावरणको सु-सञ्चालन प्राकृतिक नियमबाट हुन्छ । इकोसिस्टम पनि भनिने यस नियमविपरीत गरिने क्रियाकलापहरूबाट प्रकृतिको सन्तुलन नै खल्बलिन पुग्दछ । प्रकृतिका अन्य जीवजन्तु र प्राणीहरूले जानिनजानी प्रकृतिको यस नियमलाई अनुसरण गरिरहे पनि मानिसले यसको सीमालाई नाघ्ने प्रयास गरिरहेको छ । विकासको शिखरमा पुगेको भनिएका आधुनिक मानिसहरू मेसिनमा निर्भर हुन थालेका छन् । मानिसका आहार विहार, दिनचर्या र कतिपय क्रियाकलापहरू

सभ्य समाजले पचाउन नसक्ने अर्थात प्राकृतिक नियमविपरीत देखिन थालेका छन् । उत्तर आधुनिकताको नाममा यस्ता अप्राकृतिक र प्रदूषित शैलीहरू अविकसित र पछौटे भनिएका समाजतर्फ समेत तिव्र गतिमा आयातित भइरहेको पाइन्छ ।

१६. अर्को पाटोबाट विश्लेषण गर्दा मानव सभ्यताको विकाससँग धेरै वा थोरै जुनसुकै मात्रामा भए पनि मानिसको प्रकृतिप्रतिको चासो र चिन्ताहरूसमेत प्रकट हुँदै आएको पाइन्छ । पूर्वीय दर्शन प्रकृति नियमबाटै उद्भव वा विकसित भएको विश्वास गरिन्छ । खासगरी प्रकृतिलाई इश्वरीय स्वरूप मानी पूजा गर्ने प्रचलन पूर्वीय दर्शनको महत्त्वपूर्ण पक्ष हो । जल, जमीन, वायु र प्रकाशको पूर्वीय सभ्यतामा पूजा नै गरिन्छ । त्यतिमात्र होइन जीवजन्तुहरूलाई समेत इश्वरीय अवतार वा स्वरूप मानी सम्मानपूर्वक पूज्ने चलन अद्यापि कायम नै छ । वेद र उपनिषद्हरूमा प्रकृतिको महत्त्व वर्णन गरिनुका साथै यिनको संरक्षण (पूजा) गरिनु पर्ने कुरा औंल्याइएको छ । वेदमा उल्लेख गरिएका पृथ्वीः शान्तिः, वनस्पतयः शान्तिः जस्ता उद्गारहरूबाट यस तथ्यको पुष्टि हुन्छ ।

१७. अन्य दर्शन र सम्प्रदायहरूले पनि प्रकृतिलाई उपेक्षा नै गरेको देखिँदैन । कुनै न कुनै स्वरूपमा सबै दर्शन, धर्म र सम्प्रदायहरूले प्रकृतिको महत्त्व र यसको संरक्षणलाई महत्त्व दिएको पाइन्छ । यसबाट वातावरण संरक्षणको अभियान मानव सभ्यताको विकास क्रमसँगै थालनी भएको हो भन्ने कुरामा विवाद छैन । तर यसको मात्रा समाज सापेक्ष सोच वा चेतनाको स्तर अनुरूप रहेको कुरालाई विर्सन हुँदैन ।

१८. आधुनिक विश्व रंगमञ्चमा संयुक्त राष्ट्रसंघको स्थापनापश्चात् यस अभियानले क्रमशः मूर्तस्वरूप ग्रहण गर्दै गएको देखिन्छ । खासगरी पश्चिमा जगतले अठारौं शताब्दीमा औद्योगिक क्रान्ति वा विकासमा ठूलो फड्को मारेको कारण यसबाट वातावरणमासमेत नकारात्मक असरहरू देखापर्दै गएको पाइन्छ । विकासको होडबाजीसँगै देखिएको पर्यावरणीय असन्तुलन र असरका सम्बन्धमा वैज्ञानिकहरूले आफ्नो सोध र अनुसन्धानलाई केन्द्रित गर्दै लगेपछि यससम्बन्धी आधिकारिक र वैज्ञानिक अवधारणाहरू सार्वजनिक हुन थालेका हुन् ।

१९. संयुक्त राष्ट्रसंघ स्थापनाको मुख्य उद्देश्य विश्व शान्ति भएकोले यसको प्रारम्भीक समय यसतर्फ नै केन्द्रित भएको पाइन्छ । क्रमशः मानवअधिकार र वातावरणको मुद्दालाई राष्ट्रसंघले आफ्नो प्रमुख एजेण्डाको रूपमा उठाउँदै गएको छ । सन् १९७२ मा स्वीडेनको स्टकहोममा **मानव वातावरण** (Human Environment) भन्ने राष्ट्रसंघीय सम्मेलनमार्फत पहिलो पटक विश्व संगठनले बिग्रँदो वातावरणप्रति चिन्ता देखाउँदै प्रभावकारी ढंगबाट वातावरणको एजेण्डालाई सम्बोधन गर्न खोजेको देखिन्छ ।

२०. यसैक्रममा सन् १९८३ मा सयुक्त राष्ट्रसंघले औपचारिकरूपमा World Commission on Environment and Development (WCED) गठन गरी वातावरण र विकासको मुद्दामा आफ्नो ध्यान केन्द्रित गरेको देखिन्छ । विज्ञान र सार्वजनिक स्वास्थ्यक्षेत्रको पृष्ठभूमि भएकी नर्वेकी पूर्व प्रधानमन्त्री Gro Harlem Brundtland लाई यो समितिको अध्यक्ष तोकिएको हुँदा यसलाई Brundtland Commission पनि भन्ने गरिन्छ । यस समितिले सन् १९८७ मा Our Common Future नामक प्रतिवेदन बुझाएको थियो । जसमा मुख्यतः "दिगो विकास" (Sustainable Development) भन्ने पदावलीको सूत्रपात र परिषाभित गरिएको थियो ।

२१. सन् १९७२ को स्टकहोम कन्फ्रेन्सले स्पष्ट पार्न नसकेको विषय वातावरण र विकासलाई अलगअलग रूपमा बुझ्नुपर्ने कुरा यस प्रतिवेदनमा (The "environment" is where we live; and "development" is what we all do in

attempting to improve our lot within that abode. The two are inseparable) भनिएको पाइन्छ । त्यस्तै ब्रुटल्याण्ड कमिसनले गरेको दिगो विकासको परिभाषामा अन्तरवंशीय समतालाई (sustainable development is that of intergenerational equity) केन्द्रविन्दूमा राखेको देखिन्छ । सामाजिक आवश्यकताको परिपूर्तिको लागि आर्थिक वृद्धि गरिनु अपेक्षित भए पनि आर्थिक वृद्धिले गरीबहरूको आवश्यकतालाई परिपूर्ति गर्न सक्नुपर्ने र त्यसमा प्रभावित जनसमूहको प्रत्यक्ष सहभागिता वा स्वामित्व रहनु पर्ने कुरालाई दिगो विकासको सारको रूपमा प्रतिवेदनमा उल्लेख गरिएको पाइन्छ । मानव विकास सूचकांङ्कलाई गरिवी निवारण, लैङ्गिक समानता र स्रोत साधनको पुनर्वितरणसँग जोड्न नसकिएमा विकासले वातावरण संरक्षणलाई समेटन सक्दैन भन्ने निष्कर्ष दिन खोजेको यस प्रतिवेदनले मानवीय भावना र आवश्यकतालाई आत्मसात गर्न खोजेको पनि देखिन्छ । प्रतिवेदनले दिगो विकासका सम्बन्धमा उल्लेख गरेको देहायको कुरा मननीय देखिन्छः

"Sustainable development is development that meets the needs of the present without compromising the ability of future generations to meet their own needs". It contains two key concepts:

1. The concept of "needs", in particular the essential needs of the world's poor, to which overriding priority should be given; and
2. The idea of limitations imposed by the state of technology and social organization on the environment's ability to meet present and future needs."

२२. सारमा दिगो विकासका मुख्य तीन आयामहरू आर्थिक विकास, वातावरण संरक्षण र सामाजिक न्याय रहेका छन् । वातावरणीय संरक्षणको केन्द्रबिन्दूमा आधारित रहेको ब्रुटलेण्ड कमिटिको प्रतिवेदनकै जगमा संयुक्त राष्ट्रसंघले त्यसपछिका कार्यक्रमहरू अघिबढाएको पाइन्छ । अझ स्पष्ट शब्दमा भन्नुपर्दा प्रतिवेदनमा औंल्याइएका दिगो विकास र वातावरणका मुद्दाहरूलाई संयुक्त राष्ट्रसंघका आधिकारिक निकाय र यसका सदस्यहरूको बृहत सम्मेलनहरू मार्फत प्रवर्द्धन गर्दै विश्वव्यापी स्वरूप दिइएको हुनाले पनि वातावरणीय न्यायसम्बन्धी विधिशास्त्रको विकासमा यसको महत्त्वपूर्ण योगदान र स्थान रहेको छ ।

२३. तर आजको दिनसम्म आइपुग्दा पनि उक्त प्रतिवेदनले औंल्याए जस्तो प्रकृति श्रृजित लाभहरूलाई मानिसहरूबिच समानुपातिकरूपमा वितरण गर्न सकिएको भने छैन । विश्वको कुनै एक मुलुक र अर्को मुलुकबिच विद्यमान विकासको अवस्थाको तुलना गर्न मिल्ने स्थिति देखिँदैन । कुनै मुलुकले अत्यधिकरूपमा प्राकृतिक स्रोत साधनको दोहन गरिरहेको र त्यति नै मात्रामा पर्यावरणमा नोक्सानीसमेत पुर्‍याइरहेको अवस्था छ भने धेरै मुलुकहरू अझैसम्म पनि बेरोजगारी, गरीवी, पछौटेपन, लैङ्गिक विभेद र हिंसाबाट ग्रसित रहेका छन् । एसिया र अफ्रिकाका गरीब मुलुकहरूको कारणबाट नभई युरोप र अमेरिकी महाद्विपमा अवस्थित विकसित र धनी भनिएका मुलुकहरूको कारण जलवायु परिर्वतन, पृथ्वीको तापमान वृद्धि जस्ता डरलाग्दा समस्याहरू देखापरेका हुन् भन्ने बुझ्न कुनै अध्ययन गरिरहनु पर्दैन । संसारका एक प्रतिशत मानिसहरूको हातमा ९९ प्रतिशत स्रोत साधन थुप्रिएको छ भने बाँकी ९९ प्रतिशतका हातमा १ प्रतिशत मात्र स्रोत साधन रहेको छ । धनी र गरीव बिचको खाडल दिन प्रतिदिन गहिरिँदै

गई रहेको कारणबाट श्रृजित असरहरूले पनि कुनै न कुनै ढंगमा प्रकृतिमाथि अनावश्यक चाप परिरहेकै देखिन्छ।

२४. परन्तु हाम्रो साझा भविष्य (Our Common Future) अर्थात ब्रुटल्याण्ड कमिटिको प्रतिवेदनमा औंल्याइएका विषयहरूले नै सन् १९९२ मा ब्राजिलको रियो दि जेनेरियोमा वातावरणसम्बन्धी विश्व सम्मेलन गर्ने आधारशीला खडा गरेको देखिन्छ । Earth Summit का नामले पनि चिनिने यो सम्मेलनमा रियो घोषणापत्रको रूपमा एजेण्डा-२१ सार्वजनिक गरिएको थियो। जसमा पृथ्वीको आयुलाई दिगो बनाउनका लागि विश्वव्यापी, राष्ट्रिय र स्थानीय स्तरमा लिइनुपर्ने रणनीति तथा कार्यनीतिलाई समाविष्ट गरिएको पाइन्छ । एजेण्डा २१ ले समेत वातावरणलाई क्षति नपुर्‍याई गरिने आर्थिक विकासका पक्षमा पुनः आफ्नो प्रतिबद्धता व्यक्त गरेको छ। यसको लागि विकसित राष्ट्रहरूले विकासोन्मूख र अविकसित मुलुकहरूलाई सहयोगगर्नुपर्ने कुरामासमेत जोड दिइएको देखिन्छ।

२५. रियो सम्मेलन भएको करिब बीस वर्षपछि सन् २०१२ मा ब्राजिलको सोही शहरमा रियो+२० अर्थात रियो पृथ्वी समिट (Rio+20 or Rio Earth Summit 2012) आयोजना गरियो । यसबिचमा भएका प्रगति र देखा परेका समस्याहरूको बारेमा छलफल गर्दै विश्व समुदायले दिगो विकास र वातावरणका सम्बन्धमा आफ्नो पुनः प्रतिबद्धता प्रकट गरेको पाइन्छ।

२६. १७२ सरकार र त्यसमा पनि ११६ सरकार प्रमुखहरूले नै भाग लिएको उक्त सम्मेलमा गैरसरकारी संस्थाहरूका २,४०० प्रतिनिधिसमेत करिब १७,००० ले मानिसहरू सहभागि रहेका थिए । जसमा मुख्यतः जैविक विषादी र शिसायुक्त पेट्रोल र ग्यासको उत्पादन कम गर्ने, विशाक्त रशायनिक रेडियोधर्मीजन्य फोहरहरूको उचित व्यवस्थापन गर्ने, वैकल्पिक उर्जाको प्रयोगबाट जलवायु परिवर्तनको असरलाई घटाउने, यातायातका साधनहरूको प्रयोगबाट उत्सर्जन हुने धुँवावाट वायु प्रदूषणलाई जोगाउने उपायहरू अवलम्बन गरिने, पानीको बढ्दो प्रयोग र सीमित आपूर्तिको समस्याहरूमा मुख्यरूपमा छलफल केन्द्रित गरिएको थियो।

२७. जलवायु परिवर्तन सम्बन्धी महासन्धि गर्ने सहमति जुनपछि क्योटो प्रोटोकलका रूपमा परिचित भयो यसै सम्मेलनको सहमतिको उपज हो । त्यस्तै जैविक विविधतासम्बन्धी महासन्धि हस्ताक्षरका लागि खुल्ला गर्ने सहमति पनि सम्मेलको अर्को उपलब्धी थियो । समग्रमा यस सम्मेलनले मुख्यतः Convention on Biological Diversity, Framework Convention on Climate Change र United Nations Convention to Combat Desertification मा हस्ताक्षर खुल्ला गर्ने सहमति गरेको थियो । साथै वातावरण र विकाससम्बन्धी रियो घोषणापत्र, एजेण्डा-२१ र वनसम्बन्धी सिद्धान्तहरूसमेत सम्मेलनले घोषणापत्रका रूपमा पारित गरेको देखिन्छ, जसले वातावरण संरक्षण र दिगो विकासबिच सन्तुलन हुनुपर्ने कुरामा जोड दिएका छन्।

२८. जैविक विविधतासम्बन्धी महासन्धि, १९९२ ले मुख्यतः जैविक विविधताहरूको संरक्षण, दिगो उपयोग र यसका लाभहरूको निष्पक्ष एवम् समतामूलक वितरणलाई प्रमुख लक्ष्यका रूपमा लिएको देखिन्छ । यस महासन्धिअन्तर्गत भएका श्रृंखलाबद्ध सम्मेलन र जारी भएका घोषणापत्रहरूमा जैविक विविधताका विविध पक्षहरूलाई संरक्षण र जगेर्ना गर्नुपर्ने कुरामा जोड दिइएको पाइन्छ।

२९. यसैगरी संयुक्त राष्ट्रसंघको पहलमा भएका जनसंख्या र विकाससम्बन्धी सम्मेलन, १९९४, लिस्वन सिद्धान्तहरू, १९९७, सहश्राब्दी विकास लक्ष्य, २०००, अर्थ समिट, २००२ तथा दिगो विकाससम्बन्धी संयुक्त राष्ट्र संघीय सम्मेलन,

२०१२ पनि वातावरण र दिगो विकाससँग सम्बन्धित रहेका छन् । पछिल्लो समयमा सहश्राब्दी विकास लक्ष्यलाई दिगो विकास लक्ष्यका रूपमा रूपान्तरण गर्नको लागि कार्य समूह गठन गरी संयुक्त राष्ट्रसंघले आफ्ना क्रियाकलापहरू अघि बढाइरहेको देखिन्छ । दिगो विकाससम्बन्धी लक्ष्यमा मुख्यतः भोक र गरीबी, स्वास्थ्य र शिक्षा, जलवायु परिवर्तन र समुद्र तथा वनजंगलको संरक्षण जस्ता विषयहरूलाई समावेश गरिने प्रारम्भिक कार्यादेश दिइएको पाइन्छ ।

३०. यसप्रकार संयुक्त राष्ट्र संघको पहलमा भइरहेका उपरोक्त क्रियाकलापहरूबाट वातावरण संरक्षणका सम्बन्धमा वर्तमान विश्वले प्रमुख चासो र सरोकार राखेको देखिन्छ । साथै विभिन्न अन्तराष्ट्रिय महासन्धिमार्फत वातावरण र जैविक विविधता संरक्षणलाई सदस्य राष्ट्रहरूका लागि बाध्यकारी बनाउनुका साथै सम्मेलन, घोषणापत्र, लक्ष्य, रणनीति र कार्यक्रममार्फत वातावरण र दिगो विकासको अबधारणालाई सँगसँगै अघि बढाइएको देखिन्छ ।

३१. नेपाल पनि संयुक्त राष्ट्रसंघको जिम्मेवार सदस्य भएको नाताले संयुक्त राष्ट्रसंघले चालेका कदमहरूमा सहभागि हुँदै आएको छ । वातावरणसम्बन्धी सबै महत्त्वपूर्ण सम्मेलनहरूमा नेपालको सहभागिता रहेको छ । नेपालले जैविक विविधता महासन्धि, १९९२ लगायत पन्ध्रभन्दा बढी अन्तराष्ट्रिय महासन्धि र घोषणापत्रहरूमा अनुमोदन र हस्ताक्षर गरेको छ । नेपाल सन्धि ऐन, २०४७ को दफा ९ बमोजिम नेपालले अनुमोदन गरेको अन्तराष्ट्रिय सन्धि सम्झौताहरू नेपाल कानून सरह लागू हुने व्यवस्था छ । नेपालको अन्तरिम संविधानमा स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हककै रूपमा स्थापित गरिएको छ भने जैविक विविधता र वातावरण संरक्षणलाई राज्यको मूल नीतिअन्तर्गत समावेश गरिएको पाइन्छ । वातावरण संरक्षण ऐन, २०५३ र नियमालीले यस दिशामा उल्लेखनीय कानूनी आधार प्रदान गरेका छन् । यस अदालतबाट पनि वातावरणीय न्यायको विधिशास्त्रीय मान्यताअनुरूप नै न्यायिक व्याख्याहरू भएको पाइन्छ । दिगो विकासलाई नेपालले छैठौं योजनादेखि नै आफ्नो विकासको एजेण्डाको रूपमा समावेश गरेको छ । त्यस्तै जैविक विविधता संरक्षणलगायतका वातावरण संरक्षणका विविध विषयमा नेपाल सरकारका सम्बन्धित निकायहरूबाट राष्ट्रिय रणनीति र कार्यक्रमहरू निर्माण भई कार्यान्वयनमा रहेका छन् ।

३२. यदाकदा वातावरण र विकासलाई एक अर्काका प्रतिद्वन्द्वीको रूपमा पनि लिने गरिएको पाइन्छ । वातावरण मानवलगायत समस्त प्राणी जगतको अस्तित्वको निरन्तरतासँग सन्निहित छ । प्रदूषित वातावरणमा जीवनको अस्तित्व कायम रहन सम्भव छैन । अर्कोतर्फ विकासले मानिसको जीवनस्तरलाई माथि उकास्छ र आर्थिक समुन्नतिको आधार प्रशस्त गर्दछ । २१ औं शताव्दीको उत्तर आधुनिक मानव सभ्यता र उन्नति विकासका कारणबाटै सम्भव भएको हुँदा विकासका क्रियाकलापहरूलाई बन्दै गर्नुपर्दछ भन्ने विचार पनि ग्राह्य हुन सक्दैन । आज विकासकै कारणबाट विश्व समाज धनी र गरीव, विकसित र अविकसित, सभ्य र असभ्य, आधुनिक र पिछडिएको, शक्तिशाली र कमजोर आदि वर्गमा विभाजित भइरहेको छ । विकसित मुलुकहरूको उन्नति र प्रभाव आफूलाई विकसित गर्न सकेकै कारणबाट भएको देखिन्छ भने विकासको अवसरबाट पछि पारिएका मुलुकहरू तेस्रो विश्वको अपहेलित र हीनताबोधयुक्त अवस्थाबाट गुज्रिरहेका छन् ।

३३. त्यसैले विश्व जनसमुदा बिच प्राकृतिक स्रोत साधनका लाभहरूको समानुपातिक र न्यायोचित वितरणका लागिसमेत अविकसित मुलुकहरूमा विकासको गतिलाई रोक्न मिल्ने अवस्था छैन । बरू विकासका क्रियाकलापहरूलाई वातावरण मैत्री बनाउनु अपरिहार्य छ । वातावरणमा कमभन्दा कम

क्षति पुग्ने उपायहरूको अवलम्बन गर्दै वाञ्छिद हदसम्म मात्रै प्राकृतिक स्रोत साधनको दोहन गरी समान सहभागिता, लाभहरूको समानुपातिक वितरण, स्रोत साधनहरूको पुस्तान्तरणको सुनिश्चितता हुने उपायहरूको अवलम्बन यस सन्दर्भमा प्रभावकारी हुन सक्दछन्।

३४. सारमा, विकासका क्रियाकलापहरू र त्यसबाट पर्यावरणमा पर्नेजाने असरहरूलाई यसबाट श्रृजित हुने लाभ र प्रदूषणको मात्राबिचको कडीबाट निर्धारण गरिनु विवेकसम्मत हुने देखिन्छ । जब विकासबाट श्रृजना हुने लाभहरूको तुलनामा त्यसबाट वातावरणमा पर्नजाने प्रतिकूल असरहरूको भार बढी हुन्छ तब असन्तुलनको अवस्था उत्पन्न हुन्छ। यस्तो अवस्थामा विकासका क्रियाकलापहरूले निरन्तरता पाउनु हुँदैन।

अब, वातावरणीय न्याय सम्बन्धमा सम्बन्धमा यस अदालतबाट के कस्तो विधिशास्त्रीय मान्यता कायम गरिएको रहेछ भन्ने निर्णय दिनुपर्ने हुन आएको अर्को प्रश्नका सम्बन्धमा विचार गर्नुपर्ने भएको छ।

३५. अन्य विषयहरूमा जस्तै वातावरण संरक्षणका सम्बन्धमा पनि यस अदालतबाट सार्वजनिक सरोकारका रिट निवेदनको रोहबाट विभिन्न व्याख्या र विवेचना गर्दै नेपाल सरकार तथा यसका सम्बद्ध निकायहरूलाई विभिन्न प्रकृतिका आदेश र निर्देशन जारी भएको पाइन्छ। विपक्षी गोदावरी मार्वल उद्योगले सो क्षेत्रको जैविक विविधतालगायत समग्र वातावरणमा प्रतिकूल असर पारेको भन्ने विषयदेखि, जैविक विविधता, सीमसार क्षेत्रको संरक्षण, बागमती नदीको प्रदूषण, सवारी साधनबाट श्रृजित प्रदूषण, इँटा भट्टा, कागज कारखाना र दीर्घायी विषादीहरूले पारेको प्रभाव समेतका विविध विषयमा यस अदालतबाट महत्त्वपूर्ण आदेशहरू भएको देखिन्छ । यस अदालतबाट भएका केही प्रतिनिधि आदेशहरूलाई प्रस्तुत सन्दर्भमा देहायबमोजिम उल्लेख गरिएको छः

१. अधिवक्ता सूर्यप्रसाद शर्मा ढुंगेल विरूद्ध गोदावरी मार्वल इण्डष्ट्रिज प्रा.लि. समेत (रिट नं. ३५/२०४९) आदेश मितिः २०५२/७/१४/३ पूर्ण इजलास (ने.का.प. २०५२ स्वर्ण शुभजन्मोत्सव विशेषाङ्क पृष्ठ १६९)

३६. विष्फोटनको उपयुक्त र व्यवहारिक विकल्प खोजी गर्नेतर्फ सरकारले समुचित ध्यान पुर्‍याई उपयुक्त कदम चाल्नु पर्दछ। मार्वल उत्खननले प्रमुखता नपाई रोडा, गिटी उत्पादनतर्फ बढी प्रवृत्त भएको भन्ने प्रतिवेदनहरूबाट देखिई बढी मात्रामा विष्फोटन हुनजाने र ध्वनि, जल, वायु प्रदूषित हुने अवस्था सिर्जना हुनजाने हुँदा मार्वल उत्पादनलाई नै प्रमुखता दिलाएको खण्डमा वातावरण विनासको न्यूनिकरणमा उल्लेखनीय सहयोग पुग्न सक्ने हुन्छ।

३७. मानिसको जीवन साध्य हो, विकास सुखपूर्वक जीउने माध्यम हो । स्वच्छ र स्वस्थ वातावरण विना मानिस स्वच्छ र स्वास्थ्य तवरले जीउन सक्तैन। त्यसैले वातावरण सुरक्षा साध्य हो, यस तथ्यलाई मध्यनजर राखी वातावरण विनास हुनबाट जोगाउने उपायहरू परिचालन गर्नु पर्दछ।

३८. गोदावरी क्षेत्रको पर्यावरण संरक्षण जस्तो संवेदनशील, मानवीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्वको विषयमा प्रभावकारी र सन्तोषजनक उपचारात्मक कार्य भएको नदेखिँदा उपरोक्त कुरासमेतलाई मध्यनजर राखी लागू नभएको खनिज पदार्थ ऐन, २०४२ लागू गर्न, वायु, जल, ध्वनि एवं पर्यावरण संरक्षण गर्न आवश्यक कानून तर्जुमा हुन र गोदावरी क्षेत्रको पर्यावरण प्रभावकारी ढंगले संरक्षणतर्फ कारवाही गर्ने भन्ने सम्बन्धमा निर्देशन दिन उपयुक्त देखिएकोले विपक्षीहरूका नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको छ।

२. अधिवक्ता प्रकाशमणि शर्मा विरूद्ध मन्त्रिपरिषद् सचिवालयसमेत (रिट नं. २९९१/२०५२) आदेश मितिः २०५४।२।२७।२, संयुक्त इजलास

३९. रिट निवेदनमा जिकिर गरिएका धार्मिक, सांस्कृतिक, ऐतिहासिक मान्यताको विषयका साथै वातावरण र वातावरण संरक्षण भन्ने विषयवस्तुको प्रश्नहरू आवश्यक संवेदनशील, मानवीय र राष्ट्रिय वा अन्तर्राष्ट्रिय महत्त्वको विषय देखिन आउँछ । अन्तर्राष्ट्रिय स्तरमा सांस्कृतिक सम्पदासम्बन्धी महासन्धि (Convention for the protection of the world cultural and Natural Heritage, १९७२) मा नेपालको प्रतिबद्धता र सम्बन्धित निकायहरूबाट नेपाल कानूनबमोजिम प्रत्याभूत अधिकारअनुरूप कार्य भएका छन् छैनन् भन्ने अनुगमन गर्दै धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्त्वको विषयमा राष्ट्रिय स्तरबाट नीति निर्माण गरी सबै क्षेत्रमा एकरूपता कायम राख्नेतर्फ श्री ५ को सरकारले ठोस एवं प्रभावकारी कदम चाल्नुपर्ने आवश्यकता भएकोले तदनुरूपको काम कारबाही गर्नू भनी श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालयको नाममा यो निर्देशात्मक आदेश जारी गरिएको छ।

३. अधिवक्ता प्रकाशमणि शर्मा विरूद्ध युवा, खेलकुद तथा संस्कृति मन्त्रालय (रिट नं. ३०१८/२०५२) आदेश मितिः २०५६/२/३१, संयुक्त इजलासः

४०. निर्माण गर्न लागिएको बुद्धनगरदेखि प्रसूतीगृह छेउको पाञ्चायनघाटसम्म बाटो सडक बनाउन दिँदा बागमती नदी र मठ, मन्दिर, घाटबिचको अन्योन्याश्रित सम्बन्ध खत्तम हुन गई त्यस क्षेत्रमा रहेका विभिन्न प्राचीन घाट, भकारी, मठ, मन्दिरहरूको अस्तित्वमासमेत असर पर्ने र हिन्दू अधिराज्यको संस्कृतिको मूल्य र मान्यतामा समेत नकारात्मक असर पर्ने कुरामा विवाद देखिएन । तसर्थ निवेदकहरूले निवेदन मागबमोजिम शंखमूल बुद्धनगरदेखि प्रसूतिगृह छेउको पाञ्चायनघाटसम्म बागमती किनारामा अनाधिकृतरूपमा सडक बनाएको देखिएकोले त्यस्तो अनाधिकृतरूपमा बनाएको बाटोको निर्माण रोक्का राख्न यस अदालतबाट अन्तरिम आदेश जारी भइसकेको देखिएको र यसै लगाउको रिट नं. ३०१७ को रिटमा संयुक्त राष्ट्र संघ पार्क निर्माण समितिले समेत सडक निर्माण गर्ने नै हुँदा उक्त अनाधिकृत बाटोको निर्माण, गर्ने कार्य गर्न गराउनु नदिनु भनी स्थानीय प्रशासन कार्यालय र काठमाडौं महानगरपालिकाको नाममा निर्देशनात्मक आदेश जारी गरिएको छ।

४. अधिवक्ता प्रकाशमणि शर्मा विरूद्ध नेपाल खानेपानी संस्थानसमेत (रिट नं. २२३७/२०४७) आदेश मितिः २०५७।३।२६, संयुक्त इजलास

४१. निवेदकहरूले खानेपानी नियमित र स्वच्छ नभएको दाबी गरेकोमा खानेपानी संस्थानले विश्व स्वास्थ्य संगठन (world Health Organization) को मापदण्डअनुरूप जैविक परीक्षण भएको जिकिर लिएको कारणबाट मुख नमिली विवादको स्थिति सिर्जना भएको हुँदा सबुद प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्न रिटको सिद्धान्तले नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ठहर्छ।

४२. तर जनताप्रतिको अहम् दायित्वबाट नेपाल खानेपानी संस्थानले उन्मुक्ति पाउने अवस्था नभएको परिप्रेक्षमा ऐनद्वारा प्रदत्त आफ्नो काम, कर्तव्य र दायित्वप्रति सदा सचेत र सजग रही स्वच्छ, पर्याप्त र नियमितरूपमा खानेपानी वितरण गर्ने प्रयोजनका लागि आवश्यक अध्ययन, खोज, अनुसन्धान गरी यथासम्भव अनुदान सहयोग प्राप्तिमा प्रयत्नरत रहन नेपाल खानेपानी संस्थानलाई र आफू मातहतको खानेपानी संस्थानलाई ऐनको प्रस्तावना अनुरूप स्वच्छ, सफा पानी वितरण गर्ने संस्थानको दायित्वतर्फ सजग गराउन यथोचित निर्देशन दिनेलगायत जो, जे

कार्य गर्नुपर्दछ गर्नु भनी आवास तथा भौतिक योजना मन्त्रालयको विशेष ध्यान आकर्षित गर्ने गरी लेखी पठाउने।

५. अधिवक्ता प्रकाशमणि शर्मा विरूद्ध प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासमेत (रिट नं. २५/२०५८) आदेश मितिः २०५८।६।११, पूर्ण इजलास

४३. संयुक्त विज्ञप्ति नेपाल कानूनविपरीत रहेको भन्न सकिने अवस्था नभएकोले मागबमोजिम रिट जारी गर्न मिलेन। तर सवारी साधनबाट वातावरणमा हुन सक्ने प्रदूषण रोक्न र विग्रँदो वातावरणको संरक्षणार्थ यूरो-१ को मापदण्डलाई नै आत्मसात गरी नेपाल सवारी प्रदूषण मापदण्ड, २०५६ लागू भएको परिप्रेक्षमा अन्य मुलुकका सवारी साधन उत्पादक कम्पनीबाट दिइने प्रदूषण मापदण्डको प्रमाणीकरणबाट मात्र हाम्रो उद्धेश्य पूरा हुन्छ भन्नेतर्फ विश्वस्त नहुनु नै श्रेयस्कर हुने तथ्यलाई मध्यनजर राख्दा आयातीत सवारी साधन तोकेको मापदण्डभित्र परे नपरेको सम्बन्धमा जाँच गरी एकिन हुन सक्ने आवश्यक संयन्त्रको उचित व्यवस्था गर्नु भनी विपक्षी जनसंख्या तथा वातावरण मन्त्रालयको नाममा निर्देशनात्मक आदेश जारी हुन्छ।

६. अधिवक्ता थानेश्वर आचार्य विरूद्ध भृकुटी पल्प एन्ड पेपर नेपाल लिमिटेडसमेत (रिट नं. ३०८९/२०५७) आदेश मितिः २०५८/८/१९, संयुक्त इजलासः

४४. वातावरण विनास हुन नदिई उद्योग सञ्चालन गर्ने दायित्व प्रत्यर्थी उद्योगको प्रमुख कर्तव्य रहनेमा विवाद छैन। मानवीय आवश्यकताहरू पूर्तिका साथै विकाससमेतको अपरिहार्यतातर्फ समेत दृष्टि राख्दा वातावरणलाई सन्तुलित राख्दै उद्योग सञ्चालन गर्नुपर्ने हुन्छ । प्रत्यर्थी उद्योगले आफ्नो लिखित जवाफमा वातावरण एवं जल प्रदूषणको विषयमा आफूहरूसमेत संवेदनशील रहेको र त्यस्तो हुन नदिने प्रतिबद्धतासमेत देखाएको स्थितिमा उद्योग नै बन्द गर्नु वा त्यहाँबाट अन्यत्र सार्नु भनी निवेदक मागबमोजिम परमादेश जारी गर्नुपर्ने भन्ने उपयुक्त हुने देखिएन । तापनि यस्तो विषयलाई उपेक्षा गर्न मिल्ने नभई यसप्रति संवेदनशील भई क्रियाशील हुन आवश्यक देखिँदा सो कारखानामा प्रयोग भएको पानीलाई शुद्ध पानीका रूपमा निष्काशन गर्न Water treatment plant समेत अविलम्बन जडान गर्नु, धुवाँमा भुसको धुलो मिसिन नदिन Dust collector समेत प्रभावकारीरूपमा प्रयोग गर्नु भनी प्रत्यर्थी भृकुटी पल्प एण्ड पेपर नेपालको नाममा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ।

७. अधिवक्ता भरतमणि गौतम विरूद्ध मन्त्रिपरिषद् सचिवालयसमेत (रिट नं. ३४७४/२०५६) आदेश मितिः २०५९।२।७, संयुक्त इजलास

४५. विपक्षीहरूले पनि निवेदकले निवेदनमा उठाएको समस्यालाई वातावरणको खतराको रूपमा लिई भोलि उत्पन्न हुने संकटलाई मध्यनजर राख्दै समस्या निरोपणको लागि आवश्यक कार्यहरू गरिरहेको भन्ने देखिन आए तापनि गोकर्ण स्थित ल्याण्ड फिल साइटमा निस्किरहेको मिथेन ग्याँसको व्यवस्थापनलाई जतिसक्दो चाँडो व्यवस्थित गर्नु वाञ्छनीय देखिन्छ। प्रत्यर्थीहरू मध्ये कुन प्रत्यर्थीको के कानूनी कर्तव्य हो खुल्न नआई गोश्वारारूपमा सार्वजनिक कर्तव्य पालन नगरेको भन्ने आधारमा परमादेशको आदेश जारी हुने स्थिति विद्यमान रहेको मिसिल संलग्न कागजबाट देखिएन । तर निवेदनमा उल्लिखित गोकर्णक्षेत्रका ल्याण्ड फिल साइट र त्यसबाट सिर्जित मिथेन ग्याँसको सो सम्बन्धमा प्रभावकारी र सन्तोषजनक रोकथामको कार्य भएको भन्ने लिखित जवाफबाट नदेखिँदा उक्त विषयको संवेदनशीलतालाई ध्यानमा राखी पर्यावरणलाई सन्तुलनमा राखी मिथेन

ग्याँससमेतका विषयमा कानून निर्माण गरी व्यवस्थित गर्न कारबाही गर्नु भन्ने सम्बन्धमा निर्देशन दिन उपयुक्त देखिएकोले विपक्षीको नाममा यो निर्देशनात्मक आदेश जारी गरिदिएको छ ।

८. अधिवक्ता प्रकाशमणि शर्मा विरूद्ध मन्त्रिपरिषद् सचिवालय (रिट नं. ३४४०/२०५३) आदेश मितिः २०५९।११।२७, संयुक्त इजलास

४६. समग्रमा वातावरणको प्रदूषण कम गर्नुपर्ने भन्ने निवेदकहरूको निवेदन व्यहोरामा असहमति कसैको हुन सक्दैन । विशेषतः काठमाडौं उपत्यकाका सडकहरूमा गुड्ने विभिन्न प्रकारका सवारी साधनहरूबाट निस्कने मुख्यतः धुवाँबाट जनस्वास्थ्यमा निकै नकारात्मक प्रभाव परिरहेको पाइन्छ । यसतर्फ प्रत्यर्थी श्री ५ को सरकारका सम्बन्धित निकायहरूबाट अध्ययन टोलीसमेत गठन भई प्राप्त भएको प्रतिवेदन कार्यान्वयन गर्नेतर्फ आवश्यक कारबाही भई प्रयासरत नै रहेको भन्ने मिसिल संलग्न उक्त प्रतिवेदनहरूबाट पनि देखिन आउँछ । त्यसका बाबजूद पनि हाल त्यस्तो प्रदूषण रोकिएको वा कम भइरहेको अवस्था देखिन नआएको हुँदा उपत्यका बाहिरको वातावरण प्रदूषण हुन नदिनेतर्फसमेत आवश्यक अध्ययन अनुसन्धान गर्नुका साथै हाल उपत्यकाभित्र चल्ने साना टेम्पो, ट्याक्सीलगायत बस, मिनिबस, ट्रक, ट्र्याक्टर आदिबाट निस्कने धुँवाको प्रदूषणबाट जनस्वास्थ्यको रक्षा गर्न प्रभावकारी आवश्यक उपायको अवलम्बन बढीमा २ वर्ष सम्ममा गराई सक्नु भनी विपक्षी श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालयसमेतका नाउँमा यो निर्देशात्मक आदेश जारी हुने ठहर्छ ।

९. अधिवक्ता प्रकाशमणि शर्मा विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (रिट नं. ३४१३/२०५८) आदेश मितिः २०६१।४।१२, संयुक्त इजलास

४७. प्रदूषणरहित स्वच्छ वातावरण कायम राख्न संविधान तथा कानूनले आवश्यक व्यवस्था गर्दागर्दै पनि त्यसको कार्यान्वयन नहुनु र लिखित जवाफमा श्री ५ को सरकार वातावरण संरक्षणप्रति सजग छ भने तापनि विशेषज्ञ टोलीको प्रतिवेदनबाट विपक्षी श्री ५ को सरकारले कानूनअनुकूल काम गरेको भन्ने देखिन आएन ।

४८. यस अदालतको आदेशअनुसार गठित उल्लेखित विशेषज्ञ टोलीको प्रतिवेदनमा उल्लेख भएअनुसार तोकिएको मापदण्डविपरीत हुने विपक्षी उद्योगले औराही नदीमा निष्कासित effluent मिसाई उद्योग सञ्चालन गरी नदी प्रदूषण गरेको देखिन आएको छ । त्यसैले यथासक्य चाँडो उपरोक्त उल्लेखित राजपत्रमा तोकिएको मापदण्ड ननाघ्ने गरी आवश्यक सुधारको व्यवस्था गरेर मात्र उद्योग सञ्चालन गर्नु भनी आवश्यक यन्त्र जडान गर्नेलगायत सुधारको लागी चालु आर्थिक वर्षको अन्त्य सम्मको समय दिई तत्पश्चात पुनः उल्लेखित विशेषज्ञ समिति वा आवश्यकताअनुसार अर्को विशेषज्ञ समितिद्वारा विपक्षी उद्योगको निरीक्षण गरी गराई तोकिएको मापदण्डभित्र रहेर मात्र उद्योग सञ्चालन गर्न दिनु भनी विपक्षीहरूका नाउँमा निर्देशनात्मक आदेश जारी गरिदिएको छ ।

१०. भीमसेन थापासमेत विरूद्ध मन्त्रिपरिषद् सचिवालय समेत (रिट नं. ३०२४/२०५६) आदेश मितिः २०६०।१०।६, संयुक्त इजलास

४९. प्रधानसेनापति र ३ नं. वाहिनी अड्डाको लिखित जवाफबाट सुरक्षाको कडा व्यवस्था अवलम्बन गरेर उचाइमा होइन, सीधा सतहमा दुर्घटना हुन नदिने उपायहरू गरी फायरिङ कार्य गरिने भन्ने कुरा उल्लेख गरिएको पाइँदा हाललाई फाइरिङ रेन्जको कार्य रोकिहाल्नु पर्ने अवस्थाको विद्यमानता देखिन आएन । सरकारले कुनै स्थानको जग्गालाई कसरी

उपयोग गर्ने भन्ने कुरा उसको नीति र कार्यक्रममा भर पर्ने हुँदा हचुवाको भरले बदनियतपूर्ण कार्य भयो भन्न मिल्ने देखिँदैन । त्यसैले विपक्षीहरूको कार्य कानूनविपरीतको भन्न नमिल्ने र निवेदकले कानूनी दायित्व परिपालना नभएको भनी देखाउन सकेको अवस्था नहुँदा निवेदन मागबमोजिम उत्प्रेषण, परमादेशलगायतका आदेश जारी गरिपाउँ भन्ने निवेदन जिकिर पुग्न सक्ने देखिएन ।

५०. परन्तु राज्यको कुनै पनि क्रियाकलापबाट जनधनको सुरक्षा र वातावरणमा प्रतिकूल प्रभाव हुन नदिई शान्तिपूर्वक जीवन यापन गर्न पाउने मानिसको अधिकार सुरक्षित गर्नु राज्यको दायित्व हो । त्यसैले उल्लिखित फायरिङ रेन्जको उपयोगबाट पर्न सक्ने प्रभावको विषयमा अध्ययन प्रतिवेदनमा औंल्याइएका निष्कर्ष र सुझावहरूलाई मध्यनजर राखी त्यसलाई कार्यान्वयन गर्ने गरी तत्कालीन एवं दीर्घकालीनरूपमा व्यवस्था मिलाई सैनिक अभ्यास फायरिङको कार्य गर्नु गराउनु भनी विपक्षीहरूको नाउँमा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ ।

११. शत्रुघ्नप्रसाद गुप्ता विरूद्ध एभरेष्ट पेपर मिल्स प्रा.लि. (रिट नं. ३४८०/२०५९) आदेश मितिः २०६१/४/१२, संयुक्त इजलास

५१. यस अदालतको आदेशानुसार गठित विशेषज्ञ टोलीको प्रतिवेदनमा उल्लेख भएअनुसार तोकिएको मापदण्डविपरीत हुने गरी विपक्षी उद्योगले औराही (बगले) नदीमा निष्कासित effluent मिसाई उद्योग सञ्चालन गरी नदी प्रदूषण गरेको देखिन आएको छ । त्यसैले यथाशक्य चाँडो उपरोक्त उल्लिखित राजपत्रमा तोकिएको मापदण्ड ननाघ्ने गरी आवश्यक सुधारको व्यवस्था गरेर मात्र उद्योग सञ्चालन गर्नु र आवश्यक यन्त्र जडान गर्नेलगायत सुधारका लागि चालू आर्थिक वर्षको अन्त्यसम्मको समय दिई तत्पश्चात् पुनः उल्लिखित विशेषज्ञ समितिलाई वा आवश्यकताअनुसार अर्को विशेषज्ञ समितिद्वारा विपक्ष उद्योगको निरीक्षण गरी गराई तोकिएको मापदण्डभित्र रहेर मात्र उद्योग सञ्चालन गर्न दिनु भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ । यसको अलावा देहायको थप आदेशसमेत जारी जारी गरिएको छः

(१) विपक्षी उद्योगको प्रदूषण हुन नदिन जडान गरिएको यन्त्रलगायत निरीक्षण गराई विशेषज्ञ टोलीले निरीक्षण गरी दिएको प्रतिवेदनको एक एक प्रति यस अदालत तथा निवेदक जनहित संरक्षण मञ्चलाईसमेत अनिवार्य रूपले उपलब्ध गराउनु ।

(२) आजसम्म निरीक्षककै नियुक्ति हुन नसक्नुलाई अत्यन्त गम्भीरताका साथ लिनुपर्ने हुन्छ । तसर्थ यथासक्य चाँडो निरीक्षक नियुक्ति गर्नेलगायतका ऐनमा भएका पूर्वाधारको व्यवस्था गरी कार्यान्वयन गर्नु गराउनु ।

१२. अधिवक्ता सन्तोषकुमार महतो विरूद्ध मन्त्रिपरिषद सचिवालयसमेत (रिट नं. ३०४३) आदेश मितिः २०६१।८।४, संयुक्त इजलास

५२. प्लाष्टिकका झोलाहरूको प्रयोगबाट पर्यावरणमा पर्ने असरका सम्बन्धमा वृहत एवं गम्भीर अध्ययन अनुसन्धान गरी प्राप्त हुने वैज्ञानिक निष्कर्षको आधारमा उचित निर्णय गनुपर्ने अवस्था देखिएको हुँदा यसका निम्ति एक प्राविधिक समिति गठन हुनु वाञ्छनिय देखिन्छ ।

५३. अतः यस सम्बन्धमा नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (RONAST) प्लाष्टिक प्राविधिज्ञ एवं वातावरणविद्, त्रिभुवन विश्वविद्यालयका रसायनशास्त्री, श्री ५ को सरकार जनसंख्या तथा वातावरण मन्त्रालय तथा काठमाडौं उपत्यकाका सबै नगरपालिका एवं नेपाल प्लाष्टिक

उत्पादक संघका प्रतिनिधिसमेत समावेश हुने गरी एक प्राविधिक समिति गठन गरी माथि उल्लेख भएका प्रश्नहरूमध्ये प्रश्न संख्या ४ बाहेक अन्य प्रश्नहरूसमेतलाई दृष्टिगत गरी उक्त समितिलाई अध्ययन अनुसन्धान गरी रायसहितको प्रतिवेदन यसै आर्थिक वर्षभित्र पेस गर्नु भनी कार्यादेश (Terms of reference) दिई सो प्रतिवेदनको एकप्रति यस अदालतमा समेत प्रस्तुत गर्नु भनी श्री ५ को सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवं श्री ५ को सरकार, जनसंख्या तथा वातावरण मन्त्रालयका नाममा निर्देशात्मक आदेशसहितको परमादेश जारी गरिएको छ।

५४. साथै उक्त प्राविधिक समितिले दिएको प्रतिवेदन एवं सम्बन्धित बासिन्दाहरूको अभिमतसमेतलाई आधार लिई काठमाडौं उपत्यकामा प्लाष्टिकका झोलाहरूको बेचबिखत एवं उपभोग सम्बन्धमा निर्णय गर्नु भनी विपक्षी नगरपालिकाहरूका नाममा परमादेश जारी गरिएको छ।

१३. अधिवक्ता प्रकाशमणि शर्मा विरूद्ध मन्त्रिरिषद् सचिवालय (रिट नं. २८९८/२०६०) आदेश मितिः २०६१/९/६, संयुक्त इजलास

५५. ऐन कानूनको प्रावधान लागू गर्नु श्री ५ को सरकारको कर्तव्य हो। ऐन कानूनको कार्यान्वयन नहुने हो भने त्यसमा रहेका व्यवस्था कानूनमा नै सीमित रहन जान्छ। वातावरण संरक्षण ऐन, २०५३को दफा ८ बमोजिम वातावरण निरीक्षकको पदपूर्ति गर्नुपर्ने बाध्यता देखिन्छ। कानूनले व्यवस्था गरेअनुसार वातावरण निरीक्षक पदका लागि के कस्तो योग्यता निर्धारण गर्ने हो सोको लागि लोकसेवा आयोग र सामान्य प्रशासन मन्त्रालयसमेतसँग समन्वय गरी सम्बन्धित विशेषज्ञबाट राय लिनुपर्ने अवस्था भए लिई यथाशक्य पदपूर्ति गर्ने वा त्यस्तो निरीक्षकको काम कर्तव्य तोक्नेसम्बन्धी आवश्यक व्यवस्था गर्नु भनी विपक्षी जनसंख्या तथा वातावरण मन्त्रालयको नाउँमा निर्देशात्मक आदेश जारी गरिदिएको छ।

१४. अधिवक्ता भोजराज ऐरसमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (रिट नं. ३१८०/२०६१) आदेश मितिः २०६२।२।२३, संयुक्त इजलास

५६. स्वास्थ्य परीक्षण नगरिएका पशुहरूलाई नदी किनारा र खुला ठाउँमा निर्विवादरूपमा बध गरी खुलै पसलमा पुर्‍याई जाँच नगरी मासु बिक्री भइरहेको भन्ने देखिन्छ। यसरी अनियन्त्रितरूपमा पशु बध गर्नाले प्रदूषण बढाएको छ भने अस्वस्थ र विना परीक्षण विक्री वितरण भइरहेको अस्वस्थ्य मासु खानाले गम्भीर प्रकृतिका रोग लागी जनसाधारणले औषधोपचारमा ठूलो रकम खर्च गर्नुमात्र परेको छैन, यसबाट उपभोक्ताहरूको स्वच्छ तथा स्वस्थ्यरूपमा बाँच्न पाउने मौलिक एवं कानूनी हकमा पनि आघात परिरहेको छ। स्वस्थ मासु खान पाउन भन्ने अभिप्रायले नै विधायिकाले पशु बधशाला तथा मासु जाँच ऐन, २०५५ ल्याएको हो। यो ऐन लागू गरी स्वस्थ मासु तथा मासुजन्य पदार्थ उपभोग गर्न पाउने उपभोक्ताको हक हित संरक्षण गर्नु विपक्षीको कानूनी कर्तव्य हो।

५७. विधायिकाले कानून बनाई जारी गरिसकेपछि सो कानून एकै पटक लागू हुन नसक्ने स्थितिको रहेछ भने पनि कार्यपालिकाले चरणबद्धरूपमा लागू गर्नेतर्फ कार्ययोजना बनाई आवश्यकताअनुरूप लागू गर्दै जानुपर्छ, अनि मात्र ऐनको उद्देश्य परिपूर्ति भएको मान्न मिल्छ। पशु बधशाला तथा मासु जाँच ऐन, २०५५ मिति २०५५।१२।८ मा लालमोहर लागी जारी गरिसकिएको भए तापनि हालसम्म पनि लागू गर्ने गराउनेतर्फ श्री ५ को सरकारका सम्बन्धित निकायबाट कुनै कार्य भए गरेको भन्ने देखिन आएन।

५८. अतः अत्यधिक जनसंख्याको चाप रहेको नेपाल अधिराज्यका महानगरपालिका, उप–

महानगरपालिका र नगरपालिकाहरूमा प्रस्तुत पशु बधशाला तथा मासु जाँच ऐन, २०५५ लागू हुन सक्ने पूर्वाधारहरू यथासम्भव छिटै तयार गरी गर्न लगाई निवेदन माग दाबीअनुसार यो ऐन लागू गर्नु गराउनु र यो ऐन चरणबद्धरूपमा कसरी लागू गर्ने गराउने हो सो विषयमा सर्वसाधारणलाई अग्रिम जानकारीसमेत गराउनु भनी विपक्षी श्री ५ को सरकार निकायहरूका नाममा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ।

१५. अधिवक्ता प्रकाशमणि शर्मा विरूद्ध मन्त्रिपरिषद् सचिवालय (रिट नं. ३०२७/२०५९) आदेश मितिः २०६२/११/३, संयुक्त इजलास

५९. इँटा उद्योगले प्रदूषण नियन्त्रण यन्त्र जडान नगर्ने वा पुरानो प्रविधिलाई बन्द गरी नयाँ VSBK प्रविधिद्वारा सञ्चालन नगर्ने हो भने Private interest must yield to public interest को सिद्धान्तअनुसार निश्चित समयावधि तोकी वातावरण मन्त्रालय र सम्बद्ध निकायले Larger public interest लाई ध्यानमा राखी कडा निर्णय लिन पनि पर्छ। राज्य सञ्चालन गर्ने संवैधानिक कर्तव्य बोकेको श्री ५ को सरकारको आम जनताको स्वास्थ्यमा प्रदूषित वातावरणले गर्ने हानीबाट बचाउन कानूनको अक्षरस लागू गर्ने संवैधानिक कर्तव्य हो। तसर्थ देहायबमोजिम गर्नु भनी विपक्षी श्री ५ को सरकारको नाउँमा यो निर्देशात्मक आदेश जारी गरिदिएको छः

(१) उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वातावरण विज्ञान तथा प्रविधि मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय, श्रम तथा यातायात मन्त्रालय, भवन विभाग तथा आवश्यक मात्रामा विशेषज्ञ र निवेदक प्रो. पब्लिकको एकजना प्रतिनिधिसमेत रहने गरी एक टोली गठन गरी उपत्यकाभित्रका सबै इँटा उद्योगहरूमध्ये कति वटाले प्रदूषण रोकथाम प्रविधि जडान गरेका र कति वटाले नगरेको अध्ययन गर्ने र कुन-कुन इँटाभट्टाले प्रदूषण गरेको हो पहिचान गर्ने,

(२) इँटा उद्योग बन्द गर्दा राज्यका निर्माण, विकास र नागरिकका आवास निर्माणमा के असर पर्छ र त्यसको विकल्प के हुन सक्छ अध्ययन गर्ने,

(३) राष्ट्रको ढुकुटीमा विदेशी मुद्रा आर्जन गर्ने पर्यटकका लागि बनेका ग्रामीण क्षेत्रमा भएका स्तरीय रिसोर्ट र बालबालिका पढ्ने स्कूल र घनाबस्ती क्षेत्र वरपरका इँटा उद्योगहरू बन्द गर्न लगाउने,

(४) नं. ३ को क्षेत्रबाहेक अन्य क्षेत्रमा भएका इँटा उद्योगहरूका हकमा उक्त अध्ययनबाट पाइएको प्रदूषण गर्ने इँटा भट्टालाई यही गठित समितिले आवश्यक र मनासिब समयभित्र कानूनमा तोकिएको अधिकारी वा निकायबाट प्रदूषण नियन्त्रण उपकरण जडान गर्न लगाउने र

(५) माथि १, २, ३ का कुराहरू ६ महिनाभित्र सम्पन्न गरी एक प्रति प्रतिवेदन यस अदालतलाई समेत उपलब्ध गराउने र नं. ४ का कुराहरूलाई मनासिब समय दिने गरी विपक्षीहरूका नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको छ।

१६. प्रकाशमणि शर्मा विरूद्ध जनसंख्या तथा वातावरण मन्त्रालय (रिट नं. ३४२९/२०६१) आदेश मितिः २०६२/९/४, संयुक्त इजलास

६०. वातावरण संरक्षण नियमावली, २०५४ को अनुसूचीमा तोकिएका उद्योगहरूको लागि विशेषज्ञहरूसँग परामर्श गरी ६ महिनाभित्र Standard निर्धारण गरी तोकी कानूनी व्यवस्था लागू गर्नु भनी विपक्षीहरूको नाममा परमादेश जारी गरिएको छ।

६१. नेपाल अधिराज्यको संविधान, २०४७

तथा वातावरण संरक्षण ऐन, २०५३ र नियमावली, २०५४ ले जनताको स्वास्थ्यमा प्रतिकूल असर पर्न नदिई वातावरण संरक्षणको लागि आवश्यक कार्य गर्ने जिम्मेवारी राज्यलाई सुम्पेको र यस अदालतबाट यसभन्दा पहिलेपनि विभिन्न मुद्दाहरूमा उक्त कानूनहरूको कार्यान्वयन गर्नु गराउनु भनी विभिन्न मितिमा आदेशसमेत जारी भएकोमा जल र ध्वनि प्रदूषणको मापदण्ड अझ पनि नतोकिनुबाट कानून कार्यान्वयनमा ढिलाई भएको, कानूनविपरीत अस्थायी प्रमाणपत्र वितरण गर्दै उद्योग सञ्चालन गर्न अनुमति दिने कार्य ऐनको व्यवस्थाविपरीत भएकाले अनुसूची ७ मा उल्लेखित उद्योगलाई समेत मापदण्ड तोकी अनुगमन गर्नेतर्फ विशेष सतर्कताका साथ कार्य गनुपर्ने भएकाले सो कार्य यथासक्य चाँडो गर्नु भनी विपक्षीहरूका नाममा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ।

१७. अधिवक्ता धनन्जय खनाल विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवारसमेत (संवत् २०६२ सालको विशेष रिट नं. ७३) आदेश मितिः २०६३।२।२५।५ विशेष इजलास

६२. प्रस्तुत निवेदन सार्वजनिक सरोकारको विवादअन्तर्गत सार्वजनिक हितको लागि परेको र निवेदकले निवेदनसाथ Research & Investigation Tear Gas- Harassing Agent of Toxic Chemical weapon, Aug १९८९ Vol. २६२ पेस गर्नु भएको रहेछ। निवेदकले पेस गरेका बुलेटिनका प्रतिलिपीबाट आज पनि विश्वमा अश्रु ग्याँस प्रयोग हुने गरेको र ठीक तरीकाले प्रयोग गरेमा अश्रु ग्याँस स्वास्थ्यको लागि हानीकारक नहुने भन्ने देखिन्छ। निवेदकले पेस गरेको उक्त प्रतिलिपीको दोश्रो पृष्ठमा If used correctly the Toxious effect of exposure are transient and of no long term consequence भन्ने उल्लेख छ। उक्त बुलेटिनको प्रतिलिपीबाट Tear gas को विवादित पक्ष पनि भएको भन्ने देखिएकोले सम्बन्धित विज्ञ वा वैज्ञानिकहरूको अध्यक्षतामा स्वास्थ्य मन्त्रालय, गृह मन्त्रालय तथा प्रहरीको प्रतिनिधिसमेत सम्मिलित एक विशेषज्ञ टोली गठन गरी अश्रु ग्याँस स्वास्थ्यलाई कत्तिको हानिकार हो? यसको बदलामा विकल्प के हुनसक्छ वा सक्दैन, भए के विकल्प छ, र स्थानीय प्रशासकले शान्ति सुरक्षा कायम गर्ने कार्यमा अश्रु ग्याँस प्रयोग गर्ने कुराबाहेक अन्य कानूनी उपायबाट मात्र कत्तिको प्रभावकारिता आउँछ वा आउँदैन सोलगायत निवेदनमा उठाइएका कुराहरू समेत दृष्टिगत गरी एक वर्षभित्रमा अध्ययन सम्पन्न गरी गराई सोको आधारमा आवश्यक जो जे गर्नुपर्ने गर्नु र अध्ययन प्रतिवेदनको एक प्रति यस अदालतलाई समेत दिनु भनी नेपाल सरकार मन्त्रिपरिषद्को कार्यालयको नाममा निर्देशनात्मक आदेश जारी गरिदिएकोछ।

१८. अधिवक्ता धनञ्जय खनाल विरूद्ध सम्माननीय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (संवत् २०६० सालको रिट नं. ३४०१) आदेश मितिः २०६३।५।११, संयुक्त इजलासः

६३. विश्व सीमसार क्षेत्रमा सूचीकृत भएको बीसहजारी ताल र त्यसको वरिपरिको क्षेत्रको संरक्षणसम्बन्धी विषय राष्ट्रिय मात्र नभै अन्तर्राष्ट्रिय महत्त्वको समेत भएकोले वीसहजारी ताल र यसको वरिपरि कुनै योजना संचालन गर्नुपर्ने भएमा Comprehensive रूपको Master Plan तयार गरी वातावरण संरक्षण ऐन, २०५३ को दफा ९ र १०, सीमसार नीति, २०५९, रामसार महासन्धि, १९७१, जैविक विविधता महासन्धि, १९९२ र संविधानको धारा २६(२) समेतलाई मध्यनजर राखी सीमसारक्षेत्र बीसहजारी तालको संरक्षण सम्बन्धमा आवश्यक व्यवस्था मिलाई कार्य गर्नु गराउनु भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ।

१९. देवीप्रसाद गौतम विरूद्ध जिल्ला वन कार्यालय बारासमेत (२०६४ सालको रिट नं. ००५८) आदेश मितिः २०६७।१।१५

६४. ढुंगाखानी सञ्चालन प्रकृयामा Energy प्रयोग हुन्छ। Energy प्रयोग हुँदा कम्तीमा पनि आवाज र धुलो निस्कन्छ । यसरी जंगल र खोलामा आवाज र धुलो पैदा हुँदा जंगलमा रहेका चराचुरूंगी र पानीमा प्रत्यक्ष असर पर्दछ । यसका साथै यी सब प्रकृयामा ढुवानी गर्दा झन आवाज र धुलो प्रदूषण बढ्दछ । यसमा विवाद हुँदैन। सो कुरा अंग्रेजी भाषामा कम्पनीले तयार गरेको वातावरण प्रभाव अध्ययन प्रतिवेदनले नै भनिरहेको छ । तर सरकारी निकायहरूको लिखित जवाफ र काम कारवाही ठीक विपरीत छ । यदि सरकारी निकायहरू यसरी अल्मलिने वा आफ्नो काम कर्तव्य नै बोध नहुने हो भने संविधानले नागरिकलाई दिएको Right to pollution free environment र राज्यको नीति कसरी साकार हुन सक्ला ? यसप्रति सरकार गम्भीर हुनु पर्दछ । यो मुद्धामा सरकारका निकायहरूको गल्ती हुँदा वातावरण जस्तो संवेदनशील विषयमा ध्यानाकर्षण गरिएको छ।

६५. विपक्षी नेपाल प्रोग्रेसिभ कन्स्टक्सन प्रा.लि.लाई Stone Aggregates उत्पादनमूलक उद्योगमा दर्ता गर्ने गरी प्रमाणपत्र दिने भनी विपक्षी उद्योग विभागबाट भएको मिति २०६३।१२।२३ को निर्णय एवं सोही आधारमा जिल्ला बन कार्यालय बाराले उक्त उद्योगलाई ढुंगा संकलन गर्न इजाजत दिएको भन्ने मिति ०६३।३।२९ को पत्रसमेत वातावरणीय प्रभाव मूल्याङ्कनको दृष्टिकोण, प्रचलित कानूनी व्यवस्था र नेपालले अवलम्बन गरेको वातावरण नीति प्रतिकूल देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ।

२०. भोजराज ऐर विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयसमेत (२०६१ सालको रिट नं. ९९) आदेश मितिः २०६६।१२।१५

६६. बागमती नदी प्रदूषित हुन नदिन वातावरण संरक्षणका निमित्त यस अदालतबाट पटकपटक विभिन्न चरणमा आदेश भई विपक्षीहरूबाट आदेश कार्यान्वयनका सम्वन्धमा भए गरेका कामको प्रतिवेदन पेस हुन आएकोमा सो विवरण हेर्दा फोहोर मैला व्यवस्थापन गर्न बनेको विधेयक, २०६५ तयार भई विचारणीय रहेको, बागमती सभ्यता विकास परिषद् विधेयक संसदमा पेस भइरहेको र बागमती कार्ययोजना नेपाल सरकार मन्त्रिपरिषद्ले मिति २०६६।४।२७ मा स्वीकृत गरी कार्यान्वयनमा ल्याउने क्रममा यस आर्थिक वर्षमा बजेट छुट्याई काम सुरू गरेको, मिति २०६५।१०।९ को नेपाल सरकारको निर्णयअनुसार बागमती स्वच्छता कायम गराउने सम्बन्धमा आवश्यक पर्ने छाता समिति गठन भई कार्य गरिएको, नगरक्षेत्रमा घर निर्माण गर्दा अनिवार्यरूपमा सेफ्टी ट्यांकी बनाउनु पर्ने व्यवस्था गरिएको भन्ने प्राप्त प्रतिवेदनहरू बाट देखिँदा हाललाई अवहेलनासम्बन्धी कारवाही अगाडि बढाइरहनु पर्ने अवस्था नदेखिँदा प्रस्तुत निवेदन तामेलीमा राखी दिने ठहर्छ।

६७. बागमती संरक्षण सम्बन्धमा यस अदालतको मिति २०५८।९।२ को आदेश र प्रस्तुत निवेदन सम्बन्धमा यस अदालतबाट विभिन्न मितिमा भएका आदेशबमोजिम विपक्षीहरूबाट प्रतिवेदनमा स्वीकार गरिएका, गर्ने भनिएका कार्य एवं कार्ययोजना कार्यान्वयन भए नभएको सम्बन्धमा अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति, का.म.न.पा., ल.पु. उप म.न.पा.समेतबाट र आवश्यक परे अन्य निवेदनमा विपक्षी बनाइएका र यस अदालतबाट झिकाइएका सम्बन्धित मन्त्रालयका सचिवसमेतबाट प्रत्येक ४।४ महिनामा कार्यान्वयनसमेतका काम कारवाहीको प्रगति विवरण लिई यस अदालतको निर्णय कार्यान्वयन शाखाले नियमित अनुगमन गर्ने र कार्य प्रगति अगाडि नबढाइएको वा अदालतलाई दिइएको प्रतिवेदनबमोजिम कार्य नगरेको पाइए यसै निवेदनको

मिसिल जगाई इजलाससमक्ष पेस गर्ने गरी यो आदेश गरिदिएको छ। यो आदेशको जानकारी विपक्षीहरूलाई र महान्यायाधिवक्ताको कार्यालयलाई समेत दिनु। नियमित प्रगति प्रतिवेदन लिई काम कारवाही सन्तोषजनकरूपमा चले नचलेको सम्बन्धमा अनुगमन गर्न प्रस्तुत निवेदन अनुगमन तथा निरीक्षण महाशाखा निर्णय कार्यान्वयन शाखामा पठाइ दिनू।

२१. पूर्णभक्त डंगोल विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (२०६० सालको रिट नं. २८९१) आदेश मितिः २०६३।३।२०, संयुक्त इजलास

६८. विपक्षीहरूले वातावरणीय पक्षको ख्याल राखी कानूनद्वारा तोकिएबमोजिमको कार्यविधि नअपनाई एवं सम्बन्धित विज्ञहरूको रायसमेत नलिई अरनिको राजमार्गको दायाँ बायाँका रूखहरू एवं उपत्यकाभित्रका समेत अन्य रूखहरू काट्ने काम गरेको भन्ने निवेदनमा उल्लेख भएकोमा प्रत्यर्थीहरूको लिखित जवाफ हेर्दा निवेदकबाट उठाइएको विषयलाई हलुका तरिकाले कहिले आफ्नो जिम्मेवारी नरहेको र निवेदनमा उल्लेख गरेको कार्य भइसकेकोसमेत भनी उल्लेख गरेको पाइएबाट प्रत्यर्थीहरू ऐन नियमले प्रदान गरेको जिम्मेवारीप्रतिसमेत उदासीन रहेको देखियो।

६९. तसर्थ पर्यावरण संरक्षण जस्तो संवेदनशील, मानवीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्वको विषयमा उपरोक्तानुसार प्रभावकारी एवं सन्तोषजनकरूपमा कार्य गरेको नदेखिएको र मन्त्रिपरिषदको २०५९।१।१९ को निर्णयलेसमेत रूख काटिएकोमा पुनः वृक्षारोपण, उद्यान पार्क बनाउनेसमेतको कार्य गर्नुपर्ने गरी निर्णय गरेको देखिँदा सोको कार्यान्वयन गरी गराई वातावरणीय संरक्षणमा विशेष व्यवस्था मिलाउनु भनी प्रत्यर्थी भौतिक योजना तथा निर्माण मन्त्रालय, सडक विभाग र नगरपालिकाहरूका नाममा निर्देशात्मक आदेश जारी गरिदिएको छ।

२२. भोजराज ऐरसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत (२०६० सालको रिट नं. ३३७७) आदेश मितिः २०६१।५।१, संयुक्त इजलास

७०. वातावरण संरक्षण ऐन, २०५३ ले स्वच्छ एवं स्वस्थ वातावरण कायम गर्न प्रत्याभूत गरेको व्यवस्थामासमेत नकारात्मक असर परिरहेको सन्दर्भमा प्रदूषण नियन्त्रण गर्ने कार्यको लागि कोष खडा गर्ने उद्देश्यले पेट्रोलियम पर्दाथको हाल कायमी मूल्यबाट नै वा उपभोक्तालाई सकेसम्म थप आर्थिक भार नपर्ने गरी अन्य कुनै उपयुक्त तरिकाबाट प्रदूषण नियन्त्रण कोष खडा गर्ने व्यवस्था मिलाउनका लागि ऐनको उपरोक्त व्यवस्था लागू हुने मिति नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोक्न नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ।

२३. नारायणप्रसाद देवकोटा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत (ने.का.प. २०६७ अंक १२ नि.नं.८५२१ पृष्ठ २०५३

७१. योजनाकार एवम् सरकारले योजना बनाउँदा आर्थिक विकास र औद्योगिक विकास तथा वातावरणको संरक्षणलाई balance गर्न सक्नुपर्छ। आजको २१ औं शताव्दीको विश्व स्वच्छ वातावरणको आवश्यकता र महत्त्वको बारेमा conscious हुनुपर्छ। वातावरण विनासको cost को आर्थिक विकास स्वीकार्य हुन सक्दैन।

७२. Public trust Doctrine अन्तर्गत नेपालको प्राकृतिक स्रोतमा नेपाल सरकार trustee सम्म हुने र नेपालको प्राकृतिक स्रोतको कुनै कानूनी आधारवेगर छाडारूपले केवल नाम मात्रको राजश्व बुझाएको भरमा मात्र वातावरणमा प्रतिकूल प्रभाव पार्ने गरी कार्य गर्न दिन हुँदैन।

७३. प्राकृतिक स्रोतको उत्खनन र प्रयोग गर्दा आर्थिक लाभको दृष्टिले मात्र हेर्ने नभई त्यस्ता प्राकृतिक स्रोतलाई प्रयोग गर्दा वातावरणमा कति पनि प्रतिकूल असर नपार्ने गरी मात्र उत्खनन र प्रयोग गर्नुपर्दछ । प्राकृतिक स्रोतलाई व्यापारिक प्रयोग गर्न दिँदा पहिलो र महत्त्वपूर्ण कुरा वरपरका वस्ती, वनजंगल, वातावरण, स्कूल, अस्पताललगायत अन्य संवेनदशील संस्था तथा जनतालाई असर नगर्ने गरी मात्र दिनुपर्ने हुन्छ ।

७४. यस अदालतबाट वातावरण संरक्षणका सम्बन्धमा विकास गरिएको उपरोक्त विधिशास्त्रीय मान्यताबाट पर्यावरणप्रति अदालतको चिन्ता र सरोकार स्पष्ट हुन्छ । वस्तुतः विभिन्न मानवीय क्रियाकलापहरूबाट सृजित प्रदूषणको असरबाट आजको विश्व वातावरण नराम्रोसँग प्रदूषित बन्दै गएको भन्ने कुरामा विवाद हुन सक्दैन । आर्थिक विकासको दृष्टिकोणबाट मानव समूदायलाई तिव्र औद्योगिकीकरण र प्राकृतिक स्रोत साधनहरूको भरपूर उपयोग गर्नुपर्ने आवश्यकता एकातर्फ रहेको छ भने अर्कोतर्फ यस प्रकारका क्रियाकलापहरूबाट सिङ्गो प्रकृतिको अस्तित्व खतरामा पर्न लागेको छ । आर्थिक विकासका द्वारहरू नै बन्द गर्ने वा वातावरण प्रदूषण भई रहन दिने भन्ने दुवै विषयहरू कुनै पनि दृष्टिकोणबाट उचित हुन सक्दैनन् । आर्थिक उन्नतिको लागि विकासको अपरिहार्यतालाई इन्कार गर्न सकिँदैन भने मानिसलगायत समस्त प्रकृतिको अस्तित्वका लागि पर्यावरण संरक्षणको विकल्प खोज्न पनि मिल्दैन । यसका लागि विकास र वातावरणबिचको सन्तुलन कायम गर्दै अघि बढ्नुको कुनै विकल्प छैन ।

७५. वस्तुतः विश्वभरका न्यायपालिकाहरूले वातावरण संरक्षणका खातिर आवश्यकताअनुरूप आफूलाई कठोर ढंगबाटसमेत प्रस्तुत गरेका थुप्रै दृष्टान्तहरू पाइन्छन् । संयुक्त राज्य अमेरिकाको उच्च अदालतले लाटोकोसेरो संरक्षणलगायत वातावरण संरक्षणको पक्षमा समय-समयमा न्यायिक सक्रियताहरू देखाइएको अवस्था पाइन्छ । निवेदनमा उल्लेख गरिए जस्तै गंगा नदीको प्रदूषण नियन्त्रण तथा विश्व सम्पदा सूचीमा सूचीकृत ऐतिहासिक र सांस्कृतिक महत्त्वको ताज महलको संरक्षणमा त्यस क्षेत्रमा सञ्चालित उद्योगहरूबाट परेको असरसम्बन्धी विवादमा भारतीय उच्च अदालतले दिएका आदेशहरू वातावरणीय न्यायको विधिशास्त्रीय विकासका दृष्टिकोणबाट कोशेढुङ्गाकै रूपमा लिइन्छन् । माथि प्रस्तुत गरिएका उपरोक्त आदेशहरूबाट दिगो विकास र वातावरणका पक्षमा यस अदालतले पनि आफूलाई दृढतापूर्वक उभ्याएको कुरा छर्लङ्ग हुन्छ ।

७६. कतिपय अवस्थामा अदालतलाई विकास विरोधिको संज्ञा पनि दिने गरिन्छ । तर आर्थिक विकासका गतिविधिहरूलाई अवरूद्ध पार्ने वा समाजलाई पछाडि धकेल्नेसमेत अदालतको त्यस्तो छुट्टै स्वार्थ वा कुनै निहित उद्देश्य हुन सक्दैन । त्यस्तै पर्यावरणमा पर्न गएका उल्लेखनीय प्रतिकूल असरहरूलाई विकासको आडमा सहन गरेर बस्ने वा निष्कृयपन् देखाइरहने कुरा पनि आम जनसमुदायको बृहत्तर हित रक्षा गर्नुपर्ने न्यायिक दायित्वअनुरूप हुँदैन । त्यसैले विकास र वातावरणबिच सन्तुलन कायम गरी विकासका लाभहरूको फराकिलो, समावेशी र समन्यायिक वितरण हुने खालको दिगो विकासका पक्षमा अदालतले आफूलाई उभ्याउनु पर्दछ । यस अदालतले पनि वातावरणीय न्यायको अन्तर्राष्ट्रिय विधिशास्त्रीय मान्यताअनुरूप नै आफूलाई प्रस्तुत गरिरहेको तथ्य स्मरणीय छ ।

अब, जैविक विविधता र पर्यावरण एवम् सांस्कृतिक र धार्मिक दृष्टिकोणबाट गोदावरी क्षेत्रको के कस्तो महत्त्व रहेछ र विपक्षी गोदावरी मार्वल उद्योगको क्रियाकलापबाट त्यसमा प्रतिकूल असर परेको देखिन्छ वा देखिँदैन भन्ने विषयमा विचार गर्नुपर्ने

हुनआएको छ ।

७७. रिट निवेदन, लिखित जवाफ र पेस भएका कागजातहरू अध्ययन गर्दा गोदावरी क्षेत्रको अवस्थितिका सम्बन्धमा समयसमयमा विभिन्न अध्ययनहरू भएको देखिन्छ । राज्यका जिम्मेवार निकाय, गैरसरकारीक्षेत्र तथा अनुसन्धानकर्ताहरूका तर्फबाट गरिएका त्यस्ता अध्ययनहरूबाट गोदावरी क्षेत्रको धार्मिक, सांस्कृतिकका साथै जैविक विविधता र पर्यावरणीय महत्त्वहरू उजागर भइरहको पाइन्छ ।

७८. यसै क्रममा तत्कालीन श्री ५ को सरकार, वन तथा भू-संरक्षण मन्त्रालय भू-तथा जलाधार संरक्षण विभागले आजभन्दा करिब २७ वर्षअघि २०४५ सालमा गराएको **गोदावरी क्षेत्रको वातावरणीय सिंहावलोकन, २०४५** को सारांशमा गोदावरी क्षेत्रको महत्त्व बारे देहायबमोजिम उल्लेख भएको देखियोः

मध्य पहाडी भेगको पारिस्थिक प्रणालीको प्रतिनिधित्व गर्ने, फूलचोकी माई, नौ धारा र गोदावरी कुण्डको उपस्थितिले धार्मिक महत्त्व राख्ने, नेपाल आउने विशिष्ट पाहुनाहरूको वृक्षारोपण स्थल, वैज्ञानिकहरूको अनुसन्धान स्थल, काठमाडौं उपत्यकाको उच्च पहाड फूलचोकी, वन्यजन्तु तथा वनस्पतिको खुला जीवित संग्रहालयको रूपमा परिचित, पर्यटक तथा काठमाडौंबासीको मनोरम स्थल, काठमाडौंबाट करिब १५ कि.मि. दक्षिणपूर्वमा अवस्थित चिरपरिचितस्थल गोदावरी हाल वन विनास र उद्योगको सञ्चालनबाट श्रृजित वातावरणीय विसंगतिको चपेटामा पर्दै गएको छ र संरक्षणको पर्खाइमा छ ।

७९. यसैगरी तत्कालीन श्री ५ को सरकार, प्राकृतिक तथा सांस्कृतिक सम्पदा संरक्षण परिषद्ले गरेको ***गोदावरी क्षेत्र वातावरणीय अवस्था बारे छानविन प्रतिवेदन, २०४९*** को पृष्ठ १४-१६ मा यस क्षेत्रको प्राकृतिक सम्पदा, वनसम्पदा र जलसम्पदाका बारेमा देहायबमोजिम उल्लेख गरिएको रहेछः

गोदावरी क्षेत्रका प्राकृतिक सम्पदाहरू

क्षेत्रफलको दृष्टिकोणले सानो भए पनि गोदावरी क्षेत्र जैविक अध्ययन अनुसन्धानका लागि अनुसन्धानस्थल, नेपाल आउने विशिष्ठ पाहुनाहरूको लागि वृक्षरोपण स्थल, नेपालको सबभन्दा पुरानो एक मात्र वनस्पति उद्यान स्थलका साथै काठमाडौं उपत्यकाको रमणीय दृश्यवलोकनका लागि उपयोग गर्न सकिने सबैभन्दा अग्लो डाँडाका रूपमा रहेको फूलचोकी डाँडाको अवस्थितिले गर्दा अत्यन्त महत्त्वपूर्ण मानिएको छ ।

वन सम्पदा

फूलचोकी वन ५० वर्ग किलोमिटर क्षेत्रमा फैलिएको छ । यही बनको उत्तरपश्चिम कुनामा रहेको गोदावरी वनका नामले प्रख्यात वनको आफ्नै धार्मिक, ऐतिहासिक तथा प्राकृतिक महत्त्व छ ।

भौगोलिक, भौगर्भिक स्थिति आदिका कारणले, पाँच हजारदेखि नौ हजार फिटको उचाईमा रहेको यस क्षेत्रमा ५७१ प्रजातिका फूल फुल्ने रूख, घाँस जातिका १५ प्रजाति पाइन्छन् । यहाँको माथिल्लो भागमा खस्रु, कटुस, अँगेरी, बाँज, काफल इत्यादि वोट विरूवा पाइन्छन् भने तल्लो भागमा ओखर, लप्सी, झिङ्गाने, चिलौने, पैयुँ आदि पाइन्छन् । यस क्षेत्रमा राष्ट्रिय फूल लालिगुँरासको एउटै प्रजातिको बोटमा रातो, गुलावी र सेतो गरी तीनवटा रङ्गका फूल भेटिएकोले यो क्षेत्र अनुसन्धानका लागि पनि महत्त्वपूर्ण मानिएको छ । सुनगाभा र घाँस जातिका विरूवाले पनि यो क्षेत्र निकै धनी छ ।

यहाँ तीन सय जति विभिन्न प्रजातिका

पुतली, २५४ प्रजातिका चराहरू बसोवास गर्दछन् । यी मध्ये केही पुतली र चराहरू दुर्लभ र संवेदनशील हुनाले यिनीहरूको संरक्षणको काम अझ महत्त्वपूर्ण हुन्छ । यहाँ पाइने जनावरहरूमा रतुवा मृग, चित्तल, दुम्सी, वन विरालो आदि पर्दछन् ।

यसबाहेक यस क्षेत्रमा विश्वकै लागि नयाँ वनस्पति र कीटपतङ्ग अहिले पनि पत्ता लाग्दै गरेको कुरा विशेषज्ञहरू बताउँदछन् । यस क्षेत्रमा भइरहेका क्रियाकलापले गर्दा कतिपय जनावर, चराचुरुङ्गी, कीटपतङ्ग तथा वनस्पति लोप भइसकेको विश्वास गरिए पनि उचित संरक्षण तथा व्यवस्थापन भएमा तिनीहरूको पुनरूत्थान हुन सक्ने कुरामा धेरै वैज्ञानिकहरू विश्वस्त भएको बुझिन्छ ।

वास्तवमा फूलचोकी वन जंगल सानै भए पनि यसलाई प्राकृतिक सौन्दर्यले पूर्ण, प्राणी तथा वनस्पतिको जीवित संग्राहलय मान्न सकिन्छ । यस क्षेत्रको विनाशलाई प्राकृतिक सम्पदाको ठूलो भण्डारको क्षतिको संज्ञा दिन सकिन्छ ।

जल सम्पदा

गोदावरी-फूलचोकी क्षेत्र प्राणी र वनस्पतिका दृष्टिकोणले मात्र होइन जल सम्पदाका दृष्टिकोणले पनि धनी छ । अपार जलस्रोतका लागि प्रख्यात पाँच धारा र नौ धारा वरिपरिका क्षेत्रलाई सन् १९५० को दशकको सुरूमा गोदावरी स्कूल स्थापना भएका बखत गोदावरी कुण्ड भनी नामाकरण गरिएको थियो ।

गोदावरी स्कूलले राख्दै आएको तथ्याङ्कअनुसार औषत वार्षिक २००० मि.मि. वर्षा हुने गरेको छ । गोदावरीलाई उपत्यकाको दक्षिणी भेगमा सबभन्दा बढी वर्षा हुने क्षेत्र मानिन्छ । यस वर्षाले यहाँका मूलहरूको वहाव कायम राख्न टेवा पुर्‍याउँदै आएका छन् ।

८०. उक्त अध्ययन प्रतिवेदन साथ संलग्न International Council for Bird Preservation का प्रेसिडण्ट Russell W Peterson ले नेपालका प्रधानमन्त्रीलाई सम्बोधन गरी लेखेको जुलाई १९८८ को पत्रमा International Council for Bird Preservation को प्राविधिक अध्ययन प्रतिवेदनमा प्रकाशित भएको विषयको आधारमा गोदावरी क्षेत्रमा रहेका चराहरूको महत्त्वका सम्बन्धमा देहायबमोजिम उल्लेख भएको देखिन्छः

As many as 256 bird species have been found there. Among the 155 breeding birds there are 34 with internationally significant populations in Nepal and 17 which are at risk in the country. Phulchowki is also of considerable importance for wintering and passage migrant birds. There are 23 winter visitors which have internationally significant breeding populations in Nepal and three are threatened species winter on the mountain.

त्यस्तै सो पत्रमा गोदावरी क्षेत्रको वन सम्पदार जैविक विविधताको वारेमा अगाडि भनिएको छः

Phulchowki's forests are famous throughout the world for the verity of their plants and animals. Numerous animal species, particularly insects, previously unknown to scence, have been discovered there in recent years. The forests are also of great importance for their flora and are rich in plant species which are endemic of endangered in Nepal.

The subtropical forest on

Phulchowki's lower slopes is an especially valuable part of Nepal's heritage. Forests of this type … once covered much of central and eastern Nepal, but now virtually all have been converted to agriculture or cut for firewood or animal fodder. None are protected, which is a serious from Nepal's present protected area system, and the forest on Phlchowki is one of the last examples of this forest type left in Nepal.

८१. त्यस्तै पछिल्लो समयमा वन मन्त्रालयबाट गराइएको ***फूलचोकी-चन्द्रागिरी संरक्षित क्षेत्र घोषणा गर्नेसम्बन्धी प्रतिवेदन, २०६२*** को पृष्ठ १४ मा यस क्षेत्रको जैविक विविधताका सम्बन्धमा देहायबमोजिम उल्लेख गरेको पाइयोः

यो क्षेत्र जैविक विविधताको दृष्टिले अत्यन्तै महत्त्वपूर्ण र भरिपूर्ण छ। यस फूलचोकी चन्द्रागिरी क्षेत्रमा १९ किसिमका स्तनधारी जन्तुहरू रहेका छन्। तिनीहरूको प्राकृतिक अवस्थामा नै संरक्षण र व्यवस्थापन हुनुपर्ने देखिन्छ। साना स्तनधारी जनावरहरूको जीवन प्रणाली अत्यन्तै संवेदनशील हुने हुनाले तिनीहरूलाई पछिसम्म जोगाई राख्न जंगली अवस्थामा मानवीय र अन्य बाह्य प्रभावबाट जोगाउनु जरूरत पर्दछ। चार प्रकारका रैथाने (endemic) र ९९ प्रजातिका लोपोन्मूख तथा संकटापन्न अवस्थामा पुगेका वनस्पतिका (Rare and threatened) प्रजातिहरू मध्ये ९२ प्रजातिका चराहरू वनमाथि नै निर्भर रहने तथा अन्तराष्ट्रिय स्तरमै महत्त्वपूर्ण मानिएका ३५ प्रजातिका चराहरू यस क्षेत्रमा बच्चा काढ्ने गर्दछन्। दुर्लभ Golden Emperor र Kaiset-I-Hind प्रजातिलगायत धेरै किसिमका पुतलीहरू र अन्य विभिन्न किसिमका जीव जीवात्माहरू पाइने यो क्षेत्र जैविक विविधताको दृष्टिले अति महत्त्वूर्ण छ।

८२. सोही प्रतिवेदनको पृष्ठ १५ मा चरा संरक्षणसम्बन्धी अन्तराष्ट्रिय संस्थाले गरेको अध्ययन प्रतिवेदन उद्धृत गर्दै देहायबमोजिम उल्लेख भएको देखिन्छः

चरा संरक्षणको दृष्टिकोणबाट फूलचोकी वन क्षेत्रको महत्त्व (BCN, 2005)

काठमाडौंबाट १६ कि.मि. दक्षिणपूर्वमा पर्ने फूलचोकी पहाडी वन काठमाडौं उपत्यकाको किनाराको सबैभन्दा अग्लो चुचुरो मात्रै नभएर नेपालको अति महत्त्वपूर्ण चराहरूको क्षेत्र (Important Bird Area) पनि हो। यो फूलचोकी क्षेत्र संसारमै लोप हुने अवस्थामा पुगेका (Globally Threatened) र निश्चित क्षेत्रमा मात्रै घुमफिर गर्ने (Restricted-Range) चराका प्रजातिहरूको महत्त्वपूर्ण वासस्थान हो। हालसम्म यस क्षेत्रमा २९७ चराका प्रजातिहरू रेकर्ड गरिएका छन्। यस क्षेत्रको Broadleaved Temperate Forest ले Sino-Himalyan Temperate Forest Boime मा पाइने महत्त्वपूर्ण प्रजातिहरूको उल्लेख्य संख्या (Significant Populations) लाई वासस्थान प्रदान गरेको छ। यो क्षेत्र नेपालमा मात्र पाइने अति महत्त्वपूर्ण चरा काँडेभ्याकुर (Spiny Babbler, Turdoies nepalensis) को वासस्थान हो।

८३. उक्त अध्ययनले फूलचोकी गोदावरी क्षेत्रसमेतको महत्त्व र जैविक विविधता बारेमा उल्लेख गर्दै यसलाई संरक्षितक्षेत्र घोषणा गर्न सिफारिस गरेको देखिन्छ। सो अध्ययन प्रतिवेदनको पृष्ठ १६ मा पर्या-पर्यटन उपशिर्षकअन्तर्गत देहायबमोजिम उल्लेख भएको देखियोः

सबैभन्दा धेरै जनघनत्व र जनसंख्या भएको राजधनी शहर काठमाडौंबाट नजिकमा पर्ने यस क्षेत्रलाई संरक्षितक्षेत्र बनाएमा राष्ट्रको एक आर्थिक विकासको मूल श्रोत मानिएको पर्या-पर्यटनको विकास गरी विदेशी मुद्रा आर्जन गर्न यो क्षेत्र महत्त्वपूर्ण हुनसक्छ । यसको जैविक विविधतालगायतका महत्त्वहरूले गर्दा आकर्षक पर्यटकीय स्थलको रूपमा परिणत गर्न सकेमा यस क्षेत्रमा बस्ने मानिसहरूको रोजगारी र आय आर्जन वृद्धिमा ठूलो टेवा मिल्ने देखिन्छ ।

फूलचोकी डाँडालाई अन्तराष्ट्रियरूपले बढी महत्त्वपूर्ण चरा अवलोकन क्षेत्र र वनस्पति उद्यान मानिएको छ । काठमाडौं उपत्यकाको सबैभन्दा उच्च यस ठाउँबाट सगरमाथा सहित अन्य सेता हिम श्रृंखलाहरू (Snow Capped Mountains) देख्न सकिनुका साथै नेपालको राष्ट्रिय फूल गुराँसलगायतका विविध प्रकारका फूलहरूको अवलोकन गरी भरपुर मनोरञ्जन प्राप्त गर्न सकिन्छ । धार्मिक दृष्टिलेसमेत अति महत्त्वपूर्ण यो फूलले ढाकिएको डाँडामा (Flower covered hill) पर्यटन विकासको प्रशस्त संभावनाहरू देखिन्छन् । गोदावरी क्षेत्रमा रहेका गोदावरी कुण्ड, शाही वनस्पति उद्यान, मत्यस्यविकास केन्द्र गोदावरी नदी आदि थप थप पर्यटकीय आकर्षणहरू हुन् ।

८४. यसप्रकार सरकारी तवरबाटै २०४५ साल देखि २०६२ सालसम्म करिब सत्र वर्षभित्र विभिन्न अन्तरालमा गराइएका उपरोक्त अध्ययन अनुसन्धानहरूबाट गोदावरी क्षेत्रको धार्मिक, सांस्कृतिकका अलावा पर्यावरणीय र जैविक विविधतासम्बन्धी महत्त्वपूर्ण तथ्यहरू उजागर भैरहेको पाइन्छ ।

८५. गोदावरी क्षेत्रको शीरमा रहेको फूलचोकी डाँडा काठमाडौंमा मनसुन प्रवेश हुने सबैभन्दा अग्लो डाँडा र हिउँद याममा हिमपातसमेत हुने तथा मनोरम दृश्यावलोकन स्थल हो भन्ने देखिन्छ । सोही डाँडाको तल गोदावरी वन रहेको भन्ने देखिन्छ । सो क्षेत्रको वनलाई विश्वबाटै लोप हुन लागेका विभिन्न प्रजातिका रूख, विरूवा र घाँसजन्य वनस्पतिको लागि अध्ययन अनुसन्धानको केन्द्रको रूपमा मानिएको पाइन्छ । त्यस्तै उक्त क्षेत्रमा पाइने काँडे भ्याकुरलगायतका चराहरू नेपालमा मात्र पाइने लोपोन्मूख प्रजातिका भई संरक्षणको पर्खाइमा रहेको भन्ने विदेशी विज्ञसमेत संलग्न भई गरिएका अध्ययन प्रतिवेदनहरूबाट देखिएको छ । यसका अतिरिक्त उक्त क्षेत्र पुतली तथा अन्य स-साना स्तनधारी जीवजन्तुको लागिसमेत प्रशिद्ध रहेको पाइन्छ । गोदावरीको तल्लो भेगमा प्रशस्त पानीका मुहान, प्रख्यात पाँच धारा तथा नौ धारा रहेको भन्ने देखिन्छ । गोदावरी पुष्प उद्यान, मत्य विकास केन्द्र र नेशनल हार्वोरियम रहेको सो क्षेत्र सीमसारक्षेत्रको रूपमा समेत रहेको देखिन्छ ।

८६. त्यस वरिपरिका क्षेत्रलाई गोदावरीकुण्ड नामाकरणसमेत गरिएको र बाह्रवर्षे धार्मिक गोदावरी मेलासमेत लाग्ने गरेको पाइयो । विभिन्न देवी देवताका मठ मन्दिर, गुम्बा अवस्थित भई धार्मिक तथा सांस्कृतिक दृष्टिकोणबाटसमेत महत्त्वपूर्ण रहेको उक्त स्थानलाई विशेष संरक्षण गरिनु पर्ने भनी नेपाल सरकार तथा युनेस्कोको अध्ययन प्रतिवेदनहरूमा समेत सिफारिस गरिएको देखिन्छ ।

८७. सारमा, महाभारत पहाड श्रृंखलाको करिब १५१५ मिटरदेखि २७१५ मिटर उचाइसम्म रहेको यो क्षेत्र जलवायु, जैविक विविधता, भौगोलिक अवस्थिति र भौगर्भिक अवस्था, पारिस्थिकीय प्रणालीसमेतका कारणले जीव विज्ञानको जीवित संग्राहलयको रूपमा अवस्थित रहेको देखियो । घना आवादी भएको काठमाडौं उपत्यकाको लागि स्वच्छ पानी र वायुको स्रोतका रूपमा रहेको यस क्षेत्रमा

रहेका वनस्पति उद्यान र पार्कमा शहरको धुँवा, धुलो र ध्वनी प्रदूषणबाट राहत लिन मानिसहरू विदाका दिन विश्राम र घुमफिरका लागि जाने गरेको पनि पाइयो। उपत्यका नजिकैको खुला, जैविक विविधताले भरिपूर्ण र प्राकृतिकरूपमा ज्यादै मनोरम तथा सुन्दर गोदावरी क्षेत्रको महत्त्वका सम्बन्धमा थप विश्लेषण गरिरहन आवश्यक देखिएन।

जैविक विविधतालगायतका दृष्टिकोणबाट महत्त्वपूर्ण उक्त क्षेत्रमा विपक्षी गोदावरी मार्वल्स उद्योगको सञ्चालनबाट प्रतिकूल असर परे नपरेको सम्बन्धमासमेत विश्लेषण हुन वाञ्छनीय देखियो।

८८. रिट निवेदनमा गोदावरी मार्वल उद्योगको सञ्चालनबाट बन विनाश हुनुको साथै, मार्वलभन्दा पनि व्यापकरूपमा रोडा ढुंगाको उत्खनन् र कारोवार हुने गरेको, विस्फोटनका कारणबाट त्यस क्षेत्रमा रहेका दुर्लभ वनस्पति, जंगली जनावर, पुतली तथा चराचुरूङ्गीसमेतको जैविक विविधता नष्ट भएको, भू-क्षय र पानीका मुहानहरू प्रदूषित भएको, स्थानीय वासिन्दा, विद्यालय र अन्य अनुसन्धान केन्द्रहरूलाई असर परेको आदि विषयहरू प्रमुखरूपमा उठाएको देखिन्छ।

८९. विपक्षी गोदावरी मार्वल उद्योगको लिखित जवाफ तथा सोतर्फका विद्वान् कानून व्यवसायीहरूले बहसको क्रममा गोदावरी क्षेत्रको वातावरणमा प्रतिकूल प्रभाव पर्ने कुनै कार्य उद्योगका तर्फबाट नगरिएको, सो क्षेत्रको वातावरण संरक्षणका लागि वृक्षारोपणलगायतका Long term, Short terms कार्यक्रमहरू सञ्चालन गरिआएको, ISO१४००१ को प्रमाणपत्र प्राप्त गर्ने प्रक्रिया अगाडि बढाइएको, ६०० जनालाई प्रत्यक्ष रोजगारी दिएको, भू-सतहमा बिचलन ल्याउने, वन्यजन्तु लोप हुने, पानी प्रदूषित गर्ने, ध्वनी प्रदूषण, जल प्रवाह परिवर्तन गर्ने, सांस्कृतिक र पुरातात्विक विषयवस्तुलाई क्षति पुग्ने कार्य नगरेको र वातावरण संरक्षण र सम्बर्द्धन कार्यक्रम सञ्चालन गरेपछि जंगलको साथसाथै जंगली जीवजन्तुको संख्यामा समेत उल्लेखनीयरूपमा वृद्धि भएको भन्नेसमेत जिकिर लिएको पाइन्छ।

९०. निवेदक र विपक्षीहरूको उपरोक्त परस्पर विरोधाभाषपूर्ण दाबी जिकिरका सम्बन्धमा स्पष्ट हुनको निमित्त फूलचोकी गोदावरी क्षेत्रको पर्यावरण र जैविक विविधतासमेतका सम्बन्धमा भएका उपरोक्त अध्ययन प्रतिवेदनहरू नै केलाउनु वाञ्छनीय हुन्छ।

९१. तत्कालीन श्री ५ को सरकार, वन तथा भू-संरक्षण मन्त्रालय भू-तथा जलाधार संरक्षण विभागले २०४५ सालमा गराएको माथि उल्लिखित **गोदावरी क्षेत्रको वातावरणीय सिंहावलोकन, २०४५** को निष्कर्ष र सुझाव खण्डमा अन्य कुराका अतिरिक्त यस क्षेत्रको जैविक विविधता र पर्यावरणमा गोदावरी मार्वल उद्योगले पारेको प्रतिकूल असरका बारेमा देहायबमोजिम बूँदागतरूपमा उल्लेख भएको देखियोः

(१) *गोदावरी क्षेत्रको प्राकृतिक वातावरणमा वन विनास र गोदावरी मार्वल उद्योगको कारणबाट प्रतिकूल प्रभाव परेकोले त्यँहा पाइने वन्यजन्तु लोप हुन सक्ने, महत्त्वपूर्ण तथा दुर्लभ वनस्पतिहरू लोप हुन सक्ने र सम्पूर्ण पारिस्थितिक प्रणालीमा आघात पुग्न सक्ने देखिन्छ।*

(२) *गोदावरी मार्वल उद्योगको विस्तारीकरणबाट विशेषतः भू-दृश्य तथा गोदावरीको सौन्दर्यमा मात्र आघात नपरी त्यहाँको प्राकृतिक वातावरणको सम्बन्धमासमेत प्रतिकूल प्रभाव परेको देखिन्छ।*

(३) *मध्य पहाडी भेगको प्रतिनिधित्व गर्ने यस गोदावरी क्षेत्रको पारिस्थितिक प्रणाली सन्तुलन गर्न विकास निर्माणका कार्यहरू*

बन्द गरी संरक्षितक्षेत्रको रूपमा विकास गरिनु उपयुक्त हुन्छ ।

९२. वातावरण संरक्षण सम्बन्धमा वर्तमान समयमा जस्तो सोच विकास नभइसकेको, संवैधानिक र कानूनी व्यवस्थाहरू नगरिएको तथा अन्तर्राष्ट्रियरूपमा समेत वातावरण प्रति खासै चासो नदेखाइएको अवस्थामा नेपालको वन मन्त्रालयअन्तर्गत गराइएको सो अध्ययन प्रतिवेदनमा औंल्याइएका विषयहरूले जैविक विविधता र वातावरण संरक्षणप्रति महत्त्वपूर्ण र भविष्यकेन्द्रित दृष्टिकोण राखेको स्पष्ट हुन्छ । उक्त प्रतिवेदनमा गोदावरी मार्वल उद्योगको सञ्चालनबाट त्यस क्षेत्रको जैविक विविधता, प्राकृतिक सौन्दर्यता र समग्र **इको-सिस्टममा** प्रतिकूल असर परेको ठोस र वस्तुनिष्ट आधारसहित भौतिक विकास निर्माण कार्यहरू बन्द गरी संरक्षितक्षेत्रको रूपमा विकास गर्न उपयुक्त हुने राय दिएको देखियो । कुनै विवाद नभएको समयमा जिम्मेवार निकायबाट स्वतन्त्र ढंगबाट भएको उक्त अध्ययन प्रतिवेदनमा औंल्याइएका विषयहरूलाई नजर अन्दाज गरिहाल्नु पर्ने कुनै कारण देखिन्न ।

९३. यसैगरी तत्कालीन श्री ५ को सरकार राष्ट्रिय योजना आयोगको प्राकृतिक तथा सांस्कृतिक सम्पदा संरक्षण परिषद्द्वारा गरिएको ***गोदावरी क्षेत्र वातावरणीय अवस्थाबारे छानबिन प्रतिवेदन, २०४९*** मा समेत गोदावरी मार्वल उद्योग सञ्चालनबाट वन, पर्यटन, कृषि तथा पशुपालन, जलस्रोतसमेतमा असर परेको कुरा उल्लेख भएको देखिन्छ । गोदावरी मार्वल उद्योगलले वातावरणमा पारेको असरका वारेमा विश्लेषणसहित उद्योग बन्द गर्नुपर्ने भनी छानविन कार्यदलका बहुमत सदस्यहरूले राय व्यक्त गरेको देखिन्छ । सो प्रतिवेदनको बहुमतको रायमा अन्य कुराका अतिरिक्त देहायको विषय औंल्याइएको पाइयोः–

गोदावरी मार्वल उद्योगले यस क्षेत्रको करिब १०० हेक्टर जङ्गलमा प्रत्यक्ष असर पार्दै आएको छ । ढुङ्गा, मार्वल उत्खनन् तथा रोडा बनाउने, मार्वल तयार गर्ने आदि क्रियाकलापबाट उत्पन्न बाढी तथा पहिरोका कारण नदीका कमाण्ड क्षेत्रका जनताहरूको धान बालीमा मात्र वार्षिक बत्तीस लाख रूपैयाँ बराबरको बाली विनास हुँदै आएको छ । ***त्यहाँको भौगोलिक स्थिति हेर्दा जे जस्ता प्रयास गरे पनि खानीबाट रातोमाटो बग्ने प्रक्रिया रोक्न सम्भव छैन ।*** *गोदावरी क्षेत्र वनस्तपति, जनावर, पन्छी र पुतलीहरूको दृष्टिकोणबाट पनि अत्यन्त संवेदनशील छ । त्यहाँ गरिने विस्फोट आदिका कारणले अमूल्य पुतली तथा दुर्लभ चराहरू सदाका लागि लोप हुने स्थिति छ ।* ***खानी सञ्चालनबाट त्यहाँको सुन्दरता गुमेको मात्र होइन त्यो क्षेत्र कुरूप बन्न पुगेको छ ।*** *प्राकृतिक सम्पदाको विनाश भएर देश र नेपाली जनताले करोडौं गुमाउनु परिरहेको अवस्थामा चारसय मजदुरलाई रोजगारी दिएको र सरकारलाई वार्षिक करिब बाईस लाख रूपैयाँ राजश्व बुझाउने तर्क दिई खानीलाई यथावत सञ्चालन गर्न दिएमा स्थानीय जनताले ठूलो मूल्य चुकाउनु पर्ने हुन्छ ।* ***साथै गोदावरी मार्वल उद्योगको गतिविधिलाई नरोकी गरिने संरक्षणका कार्यक्रम दिशाहीन मात्र हुँदैन विश्वास श्रृजना गर्ने पनि हुन सक्दैनन् । तसर्थ गोदावरी मार्वल उद्योग तुरून्त बन्द गर्नुपर्ने देखिन्छ ।***

गोदावरी क्षेत्रको मार्वल डिपोजिट उच्च कोटीको नभएको, राम्रो स्लाव ननिस्कने, बिचबिचमा ढुङ्गा निस्कने र ब्लकहरू चिरा पर्ने र मार्बल झिक्दा थुप्रै माटो र ढुङ्गा निरन्तर हटाउनु पर्ने भई खानीक्षेत्र बढाइँदै जानुपर्ने कुराहरू खानीसम्बन्धी प्रतिवेदनमा पाइन्छन् । त्यसकारण रोडा ढुङ्गाको व्यापार विना उक्त उद्योग सञ्चालन हुन नसक्ने देखिन्छ । उद्योगीले देखाएको परिमाणभन्दा धेरै

*बढी रोडा ढुङ्गाको व्यापार त्यहाँ भइरहेको पनि आशंका छ । भौगर्भिक प्रतिवेदनहरूले पनि खानी विस्तार गर्दा उत्तरतिर उत्खनन् गर्दै लानुपर्ने देखाएका छन् । यसबाट सो उद्योगको विकासमा रोडा ढुङ्गा व्यापार निरन्तर हुने अवश्यम्भावी छ । **त्यसैले यो उद्योगलाई बढी ढुङ्गा खानीको रूपमा लिइनु पर्ने देखिन्छ ।** यस आधारमा पनि सो खानी चल्न दिनु वाञ्छनीय छैन ।*

९४. उक्त रायमा विपक्षी गोदावरी मार्वल उद्योगले त्यस क्षेत्रको पर्यावरणमा पारेको प्रतिकूल असरका सम्बन्धमा स्पष्टरूपमा औंल्याइएको पाइयो । खास गरी उद्योग सञ्चालनको कारणबाट त्यसक्षेत्रका दुर्लभ वनस्पति, चराचुरूङ्गी, पुतलीलगायतको जैविक विविधता मात्र नष्ट हुँदै गएको नभई प्राकृतिक सौन्दर्यता नै गुम्दै गएको र कुरूप भएको भन्ने विषय मननीय रहेको देखिन्छ । साथै त्यस क्षेत्रको भौगोलिक अवस्थाका कारण जस्तासुकै सुधारका उपाय गर्दासमेत रातोमाटो बग्न नरोकिने भन्ने कुरा पनि उल्लेख भएको पाइन्छ । मार्वलको भण्डारण र गुणस्तर दुवै राम्रो नभएको र मार्वलभन्दा पनि बढी मात्रामा ढुंङ्गा उत्खन्न गरिएको हुँदा उद्योगलाई मार्वल उद्योगभन्दा पनि ढुंङ्गा उद्योगका रूपमा लिनुपर्ने भन्ने प्रतिवेदनमा औंल्याइएको देखिन्छ । यसबाट मार्वल उद्योगका रूपमा विपक्षी उद्योगको उपादेयता खासै देखिन्न । साथै विपक्षी उद्योगले केही व्यक्तिलाई दिएको रोजगार र राज्यलाई बुझाएको राजश्वभन्दा कैयौं गुणा पर्यावरणमा क्षति पुगेको भन्ने प्रतिवेदनको अंशले विकास र वातावरणबिच सन्तुलन कायम हुन सकेको भन्ने पनि देखिँदैन ।

९५. उक्त अध्ययन प्रतिवेदन साथ संलग्न International Council for Bird Preservation का प्रेसिडण्ट Russelll W Peterson ले नेपालका प्रधानमन्त्रीलाई सम्बोधन गरी लेखेको जुलाई १९८८ को पत्रमा International Council for Bird Preservation को प्राविधिक अध्ययन प्रतिवेदनमा प्रकाशित भएको विषयको आधारमा फूलचोकीको तल्लो भाग अर्थात गोदावरी क्षेत्रमा भइरहेको निरन्तर उत्खननको असरबारे यसरी उल्लेख गरिएको पाइन्छः

The continued quarrying on the lower slopes is major threat, especially to the vitally important subtropical forest, and this really should be stopped immediately.

९६. Carolo lanskipp and Tim Lanskipp ले International Council for Bird Preservation, UK को लागि गरेको Conservation Project for Phulchoki Mountion, Nepal विषयक अध्ययन प्रतिवेदनको पृष्ठ ७४ मा देहायबमोजिम उल्लेख भएको देखिन्छः

If Phulchowki's forests and their wildlife are to continue to survive, action must come soon; the quarries must be closed and Phulchowki designated a protected area. At the present rate of destruction, the stage will be reached in the foreseeable future where many species will disappear. Even if the trees were to recover some of the forest inhabitants would take many years to recolonize and other would never do so.

९७. वस्तुतः अदालत स्वयंले सबै विधा र विषयहरूमा विषयगत विशेषज्ञता राख्न सम्भव हुँदैन । त्यसैले कतिपय प्राविधिक विषयहरूमा सम्बन्धित विषयका विज्ञहरूको भनाईमा अदालतले भर गर्नुपर्ने हुन्छ । तर त्यस्ता प्रतिवेदनहरू अन्यथा प्रमाणित नभएसम्म मात्र विश्वसनीय हुने गर्दछन् । रिट

निवेदनमा आधार लिइएको उक्त अध्ययन प्रतिवेदनमा अभिव्यक्त गरेको राय अन्यथा हो वा निजहरूको उद्योगप्रति यो यस्तो पूर्वाग्रह रहेको थियो भनी विपक्षी उद्योगको लिखितजवाफमा विश्वसनीय आधारसहित खण्डन गर्न सकेको पाइँदैन। राष्ट्रियदेखि अन्तर्राष्ट्रिय विज्ञहरू संलग्न भई फरक निकायबाट फरकफरक समयमा गराइएको अध्ययनबाट २०४५ सालमा भएको अध्ययनको निष्कर्षलाई नै पुनः पुष्टि गरेको पनि देखिन्छ । त्यसैले कुनै विवाद नभएको समयमा स्वतन्त्ररूपमा गरिएको उक्त अध्ययन प्रतिवेदनमा उल्लेख गरिएका विषयहरू वैज्ञानिक, यथार्थपरक र वस्तुपरक नै भएको अनुमान अदालतले गर्नुपर्ने हुन्छ।

९८. यसका अतिरिक्त तत्कालीन प्रतिनिधि सभा, सार्वजनिक लेखा समितिद्वारा तयार पारिएको **स्थलगत अध्ययनसम्बन्धी प्रतिवेदन, २०५०** मा पनि गोदावरी मार्वल उद्योग सञ्चालनबाट त्यस क्षेत्रमा परेको नकारात्मक असरका बारेमा चर्चा गरिएको पाइन्छ । उक्त प्रतिवेदनमा स्थानीय वासिन्दाहरूको छलफलमा आधारित भई देहायका विषयहरू औंल्याइएको देखियोः

गोदावरी क्षेत्र जैविक विविधताका दृष्टिकोणले अत्यन्त महत्त्वपूर्णक्षेत्र रहेको छ । धेरै जातका वनस्पति, चरा चुरुङ्गी, पुतली र फूलहरू एकै ठाउँमा धेरै पाइने, यस क्षेत्रमा मानव अतिक्रमणबाट पुगेको क्षति र मार्वल उद्योगलगायतका अन्य उद्योगबाट भएको वातावरण प्रदूषणका बारेमा व्यापक जनगुनासो रहेकाले उपसमितिले स्थानीय वासिन्दा जनप्रतिनिधिहरू वातावरण संरक्षणसँग सम्बन्धित संघ संस्थाका प्रतिनिधिहरू वनस्पति उद्यानका र स्कूलका प्रतिनिधिसँग छलफल गरेको थियो ।

छलफलका क्रममा मार्वल उद्योगको खानीबाट धुलो उडेको, धुलोले हावा र वनस्पति प्रदूषित गरेको, गोदावरी मार्वल उद्योगलगायत अन्य अनेकौं कारणबाट गोदावरी फूलचोकी क्षेत्रमै वन विनास भएको, त्यस क्षेत्रमा पाइने वनस्पति, चराचुरुङ्गी, पुतली र फूलहरू विनाश हुँदै गएको, उद्योग क्षेत्रमा हुने व्लाष्टिङ्गले आसपासमा असर परेको, खानी क्षेत्रबाट बगेको रातो माटो खेतमा जाने र यसबाट उत्पादनमा ह्रास आएको जस्ता कुराहरू उठाएका थिए ।

९९. स्थानीय वासिन्दाले गोदावरी मार्वलको कारण आफ्नो बसोबास र वरिपरिको वातावरणमा परेको प्रतिकूल असरका सम्बन्धमा आफूले प्रत्यक्षरूपमा देखे भोगेको पीडालाई जनप्रतिनिधिहरू समक्ष व्यक्त गरिएको उक्त भनाईलाई गम्भिरतापूर्वक लिनुपर्ने हुन्छ। यसबाट उद्योगले सिर्जिना गरेको रोजगारीबाट स्थानीय जनता लाभान्वित भइरहेको र उनीहरूको उद्योगप्रति सकारात्मक दृष्टिकोण रहेको भन्ने विपक्षी गोदावरी मार्वल उद्योगको लिखित जवाफ विश्वसनीय देखिँदैन।

साथै सोही प्रतिवेदनमा गोदावरी मार्वलले मार्वलभन्दा पनि ढुङ्गाको उत्पादन बढी गर्ने गरेको विषयलाई देहाय अनुरूप औंल्याइएको पाइयो

मार्वल उत्पादन गर्ने उद्योगको रूपमा दर्ता भएको उद्योगले मार्वल भन्दा रोडा ढुङ्गा बढी उत्पादन गरेको र त्यस सम्बन्धमा सम्बन्धित निकाय चुप लागेको र राजश्वसमेत असूल नगरेको भन्ने सम्बन्धमा हेर्दा उद्योगले दिएको विवरणबाट पनि सो कुरा प्रष्ट हुन आउँछ । त्यस सम्बन्धमा विचार गर्दा नेपाल अधिराज्य भरमा रोडा ढुङ्गा र गिट्टी उत्पादनमा कर लगाउने कानून नभएको स्थिति देखिन्छ । समयमा महालेखा परीक्षकले जानकारी गराउँदा सम्बन्धित मन्त्रालयले कानून निर्माण गर्ने कुरामा तदारूखता देखाएको छैन । यसरी देशको प्राकृतिक श्रोतको उपयोग हुने तर राष्ट्रले यसबापत कुनै आम्दानी नगर्ने र व्यक्ति

मात्र लाभान्वित हुने अवस्था अव्यवहारिक भएको हुँदा यस सम्बन्धमा तुरून्तै समायानुकूल हुने गरी खानीजन्य उद्योगको उत्पादनलाई प्रमुख उत्पादन र सहउत्पादनमा वर्गीकरण गर्न तथा सहउत्पादनमा समेत आवश्यकताअनुरूप राजश्व लगाउन सकिने नियम कानूनहरूको व्यवस्था गरी समयानुकूल बनाई राजश्व लिने व्यवस्था हुन अति जरूरी देखिन्छ ।

१००. उपरोक्त अध्ययन प्रतिवेदनको निष्कर्षबाट विपक्षी उद्योगले मार्वलभन्दा पनि बढी ढुङ्गा, रोडाको कारोवार गर्ने गरेको र राजश्वसमेत छल्ने गरेको भन्ने निवेदकहरूको भनाई सत्यतामा आधारित रहेको मान्नु पर्ने हुन्छ । व्यक्ति विशेषको आर्थिक लाभका लागि मार्वलका आडमा रोडा ढुंगा उत्पादन गर्ने छुट दिई महत्त्वपूर्ण प्राकृतिक सम्पदा खतरामा पार्न दिइएको हो भने त्यो उचित हुन सक्दैन ।

१०१. उपरोक्त अध्ययन प्रतिवेदनहरूका सम्बन्धमा निवेदक सूर्यप्रसाद शर्मा ढुंगेल विरूद्ध गोदावरी मार्वल इन्डष्ट्रिजसमेत विपक्षी भएको (ने. का.प. स्वर्ण शुभजन्मोत्शव विशेषांङ्क २०५२ पृष्ठ १६९) रिट निवेदनमा यस अदालतको विशेष इजलासबाट यसअघि पनि विवेचना भइसकेको देखिन्छ । यस अदालतबाट सुधारका उपायहरू अवलम्बन गरी वातावरणमा परेको असरलाई रोकथाम गर्न निर्देशन भएकोमा उक्त आदेश भएको करिब दश वर्षपछि नेपाल सरकार वन मन्त्रालयबाट २०६२ सालमा फूलचोकी-चन्द्रगिरी क्षेत्रलाई संरक्षितक्षेत्र घोषणा गर्ने सम्बन्धमा पुनः अध्ययन भएको देखिन्छ । उक्त **फूलचोकी चन्द्रागिरी संरक्षितक्षेत्र घोषणा गर्नेसम्बन्धी प्रतिवेदन, २०६२ मा यस क्षेत्रको संरक्षणका सम्बन्धमा देहायबमोजिमको विश्लेषण भएको देखिन्छः**

अति महत्त्वपूर्ण अलौकिक जैविक विविधता, भू-दृष्य र वातावरणको मिलन भएको यस क्षेत्रलाई नेपालको जैविक विविधता रणनीति २००२, जैविक विविधता अभिलेखीकरण आयोजना १९९६ लगायतका प्रतिवेदनहरूले समेत संरक्षण गर्न उच्च महत्त्व दिएका छन् । अति महत्त्वपूर्ण पारिस्थितिकीय प्रणाली र वन्यजन्तुहरूका साथै तिनीहरूको वासस्थान जोगाउने उद्देश्यका साथ गरीबी न्यूनिकरण र जैविक विविधता संरक्षणको लागि वातावरण मैत्री कार्यक्रमहरू सञ्चालन गर्न यस क्षेत्रलाई राष्ट्रिय निकुञ्जको रूपमा स्थापना गरी संरक्षण गर्नुपर्ने देखिन्छ । यसबाट दीर्घकालसम्म जैविक विविधता संरक्षण, व्यवस्थापन तथा सामूदायिक विकास गर्न साथै यसैको माध्यमबाट गरीबी न्यूनिकरण गर्ने राष्ट्रिय मूल नीतिसँग एकाकार भई अघि बढ्न सकिने हुन्छ । देशको राजधनी काठमाडौंको काखैमा रहेका श्रोत साधनहरूको निरन्तर र दीर्घकालीन प्रयोग गर्दै जैविक विविधता संरक्षणका साथै सामाजिक र आर्थिक विकासका सम्भावनाहरू पहिल्याई अघि बढ्नु आजको आवश्यकता नै हो, जुन आजसम्म हुन सकेको छैन ।

१०२. अन्तराष्ट्रिय सन्धि सिर्जित जैविक विविधता संरक्षण गर्नुपर्ने नेपालको दायित्व र नेपाल सरकारले जैविक विविधता संरक्षणको लागि चालेका कदमहरूको सन्दर्भमा यस क्षेत्रको संरक्षणका सम्बन्धमा सोही प्रतिवेदनमा देहायबमोजिम औचित्यता पुष्टि गर्ने आधारहरू उल्लेख गरेको पाइयो :

जैविक विविधता महासन्धि, १९९२ को जैविक विविधता संरक्षण, उपयोग र फाइदाहरूको न्यायोचित वितरण गर्ने लक्षित उद्देश्यका लागि महासन्धिका पक्ष राष्ट्रहरूको रूपले नेपालले सन् २००२ मा नेपाल जैविक विविधता रणनीति, २००० तयार पारी स्वीकृतसमेत गराई श्री ५

को सरकार, वन तथा भू-संरक्षण मन्त्रालयले कार्यान्वयनमा ल्याइसकेको छ । सो रणनीतिमा नेपालमा पाइने सम्पूर्ण ११८ पारिस्थितिकीय प्रणालीहरू (Dobremez,१९७२) संरक्षित क्षेत्रभित्र पारी संरक्षण र व्यवस्थापन गर्ने नीति रहेको र सो रणनीति कार्यान्वयन एवम् श्री ५ को सरकारको लक्षित उद्देश्य पूर्तिका लागि यो क्षेत्रलाई संरक्षितक्षेत्रको रूपमा व्यवस्थापन गर्नु जरूरी छ । मध्य पहाडी क्षेत्रमा पाइने जम्मा ५२ पारिस्थितिकीय प्रणालीमध्ये हाल संरक्षितक्षेत्रभित्र जम्मा ३३ वटा परेका छन् । यस फूलचोकी-चन्द्रगिरीक्षेत्रलाई संरक्षितक्षेत्रको रूपमा घोषणा गरिँदा थप पारिस्थितिकीय प्रणालीहरू समेटिनुका साथै संरक्षणको अभावमा लोप हुन लागेका संकटापन्न अवस्थामा पुगेका वनस्पति, जनावर, पंक्षी, किरा, पुतली आदि प्राणीहरूको संरक्षणमा टेवा पुग्ने देखिन्छ ।

गोदावरी मार्वल उद्योग सञ्चालित वनक्षेत्र वरिपरी घना वस्ती विकास भइरहेको, राष्ट्रिय हर्वेरियम, सेन्ट जेभियर्स स्कूल, अन्य स्कूलहरू, पुष्प उद्यान, मृग कुञ्ज, कृषि अनुसन्धान केन्द्रको माछा र माहुरी फाराम, ICIMODE को Domestic Centre जस्ता संरचना र प्राकृतिक गुफा एवम् अन्य जैविक विविधताको Hot Spot भएकोले यस्ता राष्ट्रिय महत्त्वको सामाजिक र वातावरणीय हिसाबले अति संवेदनशील क्षेत्रमा निरन्तर विस्फोटन गरी खानी सञ्चालन गराई रहन उपयुक्त देखिएन ।

१०३. उपरोक्त अध्ययन प्रतिवेदनहरूमा औंल्याइए विषयहरूका आधारमा गोदावरी मार्वल उद्योगको सञ्चालनबाट गोदावरी क्षेत्रको धार्मिक, सांस्कृतिक महत्त्व र त्यस क्षेत्रमा विद्यमान जैविक विविधता, पारिस्थिकीय प्रणाली, भौगोलिक र भौगर्भिक अवस्थासमेतमा प्रतिकूल असर पुगेको रहेछ भन्ने कुरामा कुनै सन्देह गरिरहनु पर्ने भएन । त्यति मात्र होइन यस अदालतबाट सो क्षेत्रको पर्यावरण संरक्षणका लागि भएको निर्देशनात्मक आदेशबमोजिम उचित र पर्याप्त उपायहरू अवलम्बन गरिएको वा सो गर्दागर्दै पनि त्यसप्रकारको क्षति कम भएको वा हुने सम्भावना रहेको भन्ने पनि देखिएन । उक्त क्षेत्रको पर्यावरणीय संवेदनशीलतालाई मध्येनजर गर्दा अध्ययन प्रतिवेदनहरूमा औंल्याइएअनुरूप संरक्षित गरी अक्षुण्ण राख्नुपर्ने देखियो ।

गोदावरी मार्वल उद्योगबाट सो क्षेत्रमा भइरहेका उत्खननका क्रियाकलापहरू नेपालको संवैधानिक र कानूनी व्यवस्थाअनुरूप छन् छैनन् भन्ने निर्णय दिनुपर्ने हुन आएको अर्को प्रश्नका सम्बन्धमा विचार गर्नुपर्ने भएको छ ।

१०४. प्रस्तुत निवेदनमा विपक्षी गोदावरी मार्वल उद्योगको सञ्चालनबाट मुख्यतः नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२ को उपधारा (१) द्वारा प्रत्याभूत स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हक, धारा १८ द्वारा प्रदत्त आफ्नो संस्कृति संरक्षणको हक, धारा १९ द्वारा प्रदत्त आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्ने धार्मिक हक, धारा २६(४) द्वारा प्रदत्त राष्ट्रिय सम्पदा संरक्षण एवं स्वच्छ वातावरणको अधिकार एवं धारा ८८(२) द्वारा संरक्षित सार्वजनिक सरोकारको संरक्षण गर्न पाउने हक हनन् भएको भन्ने उल्लेख गरिएको पाइन्छ । त्यस्तै खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा १२(१) र दफा २७(१) तथा खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम १९ को देहाय (ख) तथा नियम ४३ को देहाय (घ), वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ र दफा १०(१) एवम् वन ऐन, २०४९ को प्रस्तावना र त्यसको भावनामा अभिव्यक्त भएका कानूनी हक हनन् भएको भन्ने पनि निवेदकहरूको दाबी रहेको

देखिन्छ । विपक्षी गोदावरी मार्वल उद्योगको लिखित जवाफमा उक्त उद्योगले निवेदकले उल्लेख गरेको जस्तो संवैधानिक र कानूनी हक हनन् नगरेको भन्ने जिकिर लिएको पाइन्छ ।

१०५. प्रस्तुत निवेदन वर्तमान अन्तरिम संविधान, २०६३ जारी हुनुपूर्वको नेपाल अधिराज्यको संविधान, २०४७ अन्तर्गत दायर भएको देखियो । २०५८ सालदेखि २०६८ सालसम्मको लागि विपक्षी उद्योगको नवीकरण थप गर्ने गरी विपक्षी नेपाल सरकारबाट २०५३ सालमा भएको निर्णयउपर २०५८ सालमा दायर भएको प्रस्तुत रिट निवेदन २०६३ सालमा अन्तरिम संविधान जारी हुँदासम्म करिब पाँच वर्ष व्यतित् भइसकेको देखिन्छ । त्यस्तै २०६३ सालमा अन्तरिम संविधान जारी भएको पनि हाल करिब नौ वर्ष व्यतित् हुन लागेको स्थिति छ । यसबिचमा विपक्षी नेपाल सरकारले २०६८ सालदेखि २०७८ सालसम्म पुनः दश वर्ष उद्योगको अवधि थप गरेका कारण निवेदकहरूले लगाउमा रहेको अर्को निवेदनसमेत दायर गरेको देखिन्छ । वातावरण प्रदूषण जस्तो आम नागरिकसँग प्रत्यक्ष सम्बन्ध राख्ने सार्वजनिक हक हित र सरोकार निहित रहेको विषयलाई संवैधानिक व्यवस्था परिवर्तन हुँदाको यति लामो समयसम्म टुङ्गोमा पुग्न नदिइनु र न्याय प्रशासनले पनि त्यस प्रकारको दुष्चक्रलाई चिर्न नसक्नु अनौठो देखिन्छ । लामो आरोह र अवरोहकाबिचबाट गुज्रिन पुगेको प्रस्तुत निवेदनको करिब १५ वर्षपछि सुनुवाई गरिरहँदा न्याय प्रणाली प्रति नै अविश्वास सिर्जना हुनसक्ने यस प्रकारका कमिकमजोरीहरू आगामी दिनमा पुनरावृत्ति हुन नदिनेतर्फ सजग भई मुद्दा व्यवस्थापनलगायतमा तत्काल सुधार गरिहाल्नु पर्ने आवश्यकता महसुस भएको छ ।

१०६. निवेदनमा खासगरी विपक्षी उद्योगले गरेको गोदावरी क्षेत्रको वातावरण प्रदूषणको असरबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२ को उपधारा (१) द्वारा प्रत्याभूत स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हक हनन् भएको भन्ने दाबी गरेको पाइन्छ । निवेदकले आधार लिएको उक्त संवैधानिक व्यवस्था देहायबमोजिम रहेको देखियोः

> ***१२. स्वतन्त्रताको हकः****(१) कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन र मृत्यु दण्डको सजाय हुने गरी कुनै कानून बनाइने छैन ।*

त्यसै गरी हाल प्रचलनमा रहेको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ मा पनि स्वतन्त्रताको हकअन्तर्गत देहायबमोजिम उल्लेख भएको पाइयोः-

> ***१२. स्वतन्त्रताको हकः****(१) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ र मृत्यु दण्डको सजाय हुने गरी कुनै कानून बनाइने छैन ।*
> *(२) कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन ।*

१०७. तत्कालीन र हाल बहाल रहेको संविधानको धारा १२ मा गरिएका संवैधानिक व्यवस्थाहरूमा तात्विक भिन्नता रहेको देखिँदैन । अझ अन्तरिम संविधानले पूर्ववर्ती संविधानले भन्दा पनि एक कदम अगाडि बाँच्न पाउने हकअन्तर्गत सम्मानपूर्वक बाँच्न पाउने कुरालाई समेत समाहित गरेको देखिन्छ । बाँच्न पाउने हक फगत जीवन धानिरहन पाउने विषयमात्र हो भन्ने संकुचित सोच राख्नु गलत र अपूर्ण हुनजान्छ । बरू मानव जीवनलाई मानवीय स्तरमै अर्थात सम्मानपूर्वक (Dignified) बाँच्नको लागि आवश्यक पर्ने सम्पूर्ण हकहरू यसअन्तर्गत निहित रहेको हुन्छ भन्ने बुझ्नु पर्दछ । प्रदूषित वातावरणमा मानिसले सम्मानपूर्वक बाँच्न पाउने कुराको कल्पना गर्न नसकिने मात्र होइन मानव जीवन नै संकटमा पर्नेसम्मको प्रतिकूल अवस्था उत्पन्न हुन सक्दछ ।

१०८. हाल प्रचलित नेपालको अन्तरिम

संविधानको धारा १६ को उपधारा (१) मा प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्न पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको पाइन्छ । **स्वच्छ वातावरणमा बाँच्न पाउने** विषयलाई मौलिक हकको रूपमा स्थापित गर्ने अन्तरिम संविधानको यो व्यवस्था दक्षिण एशियालीक्षेत्रमा मात्र नभई विश्वका विकसित भनिएका मुलुकहरूका संविधानहरूमा समेत कमै देख्न पाइन्छ । संविधानको यो व्यवस्थाले नेपाली नागरिकलाई मात्र नभई नेपालमा बस्ने प्रत्येक व्यक्तिलाई समेत प्रदूषित वातावरणबाट संवैधानिक उन्मुक्ति नै प्रदान गरेको देखिन्छ। संविधानमा मौलिक हकका रूपमा रहेको यो हक राज्यले कुनै पूर्वसर्त वा अवरोध विना उपलब्ध गराउनुको विकल्प देखिन्न।

१०९. त्यस्तै विपक्षी उद्योगको सञ्चालनबाट गोदावरी क्षेत्रको वातावरण दिनानुदिन प्रदूषित बन्दै गइरहेकोमा विपक्षी नेपाल सरकारले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २६(४) बमोजिमको वातावरण संरक्षण गर्नुपर्ने दायित्व निर्वाह गर्न नसकेको भन्ने पनि निवेदकहरूको कथन रहेको देखिन्छ । निवेदकले आधार लिएको धारा २६ **राज्यका नीतिहरू** अन्तर्गत समावेश भएको उक्त व्यवस्था देहायबमोजिम रहेको पाइयोः-

> *(४) जनसाधारणमा वातावरणीय स्वच्छताको चेतना बढाई भौतिक विकाससम्बन्धी क्रियाकलापहरूद्वारा वातावरणमा पर्न जाने प्रतिकूल असरहरू पर्न नदिन एवम् वातावरणको संरक्षण गर्न राज्यले प्राथमिकता दिनेछ र दुर्लभ वन्यजन्तु, वन र वनस्पतिको विशेष संरक्षणको व्यवस्था गर्नेछ।*

हाल प्रचलित नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३५ **राज्यका नीतिहरू**अन्तर्गत देहायबमोजिम उल्लेख भएको पाइयोः-

> *(५) राज्यले वातावरण स्वच्छ राख्न आवश्यक व्यवस्था गर्नेछ । जनसाधारणमा वातावरणीय स्वच्छताको चेतना बढाई भौतिक विकाससम्बन्धी क्रियाकलापहरूद्वारा वातावरणमा पर्न जाने प्रतिकूल असरहरू पर्न नदिन एवम् वातावरण तथा दुर्लभ वन्यजन्तुको विशेष संरक्षणमा राज्यले प्राथमिकता दिनेछ। वन र वनस्पति तथा जैविक विविधताको संरक्षण, दिगो उपयोग र त्यसबाट प्राप्त लाभमा समन्यायिक बाँडफाँडको व्यवस्था गर्नेछ।*

११०. उक्त दुवै संवैधानिक व्यवस्थाले वातावरण संरक्षणमा राज्यको प्राथमिकता रहनु पर्ने भन्दै विकासका क्रियाकलापहरू सञ्चालन गर्दा वातावरणमा असर पर्न दिन नहुने अर्थात विकास र वातावरणलाई सन्तुलित ढङ्गले अघिबढाउनु पर्ने कुरालाई राज्यको नीतिकै रूपमा स्थापित गरेको पाइयो । अझ हाल प्रचलित नेपालको अन्तरिम संविधानले पूर्ववर्ती संविधानलेभन्दा वन तथा जैविक विविधताको संरक्षणका साथै सोको दिगो उपयोग र त्यसबाट सृजित हुने लाभहरूको समन्यायिक बाँडफाँडलाई समेत राज्यको नीतिले सम्बोधन गर्नुपर्ने गरी वातावरणीय न्यायको अवधारणालाई फराकिलो पारेको देखियो। अन्तरिम संविधानले अख्तियार गरेको यो दृष्टिकोण अन्तर्राष्ट्रिय मान्यताअनुरूप रहेकोसमेत देखिन आउँछ।

१११. माथि पहिलो प्रश्नका सम्बन्धमा गरिएको विश्लेषणबाट वातावरणीय न्यायसम्बन्धी अवधारणा स्थिर वा जड प्रकृतिको नभई समय क्रमसँगै विकसित र परिस्कृत हुँदै जाने गतिशील तथा भविष्यकेन्द्रित अवधारणा हो भन्ने स्पष्ट भइसकेको छ । आधुनिक विज्ञान र प्रविधिको विकाससँगै वातावरणीयक्षेत्रमा समेत दिन प्रतिदिन नयाँनयाँ समस्या र चुनौतिहरू थपिँदै गएका र तिनलाई सम्बोधन गर्नको लागि वातावरणीय न्यायको क्षेत्रमा समेत नवीनतम् दृष्टिकोणहरू देखापर्दै गएका छन्। विकसित

मुलुकहरूले त सयौं वर्षपछिको वातावरणीय असरको लेखाजोखा धेरै अगाडिदेखि आरम्भ गरिसकेका पनि छन्।

११२. २०४७ सालको संविधान निर्माण भएदेखि २०६३ सालमा अन्तरिम संविधान जारी हुने विन्दूसम्म आइपुग्दा जैविक विविधता र वातावरण संरक्षणको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यताहरूमा व्यापक परिवर्तन आइसकेको देखिन्छ। त्यसको असर नेपालको अन्तरिम संविधान, २०६३ मा प्रतिविम्बित हुनु स्वाभाविक नै हो । भोलि बन्ने संविधानमा यस दिशामा अझ थप अवधारणाहरू समावेश हुनसक्ने कुरा अपेक्षित नै छ । वातावरणीय न्यायको सन्दर्भमा चर्चा गरिरहँदा भविष्यकेन्द्रित दृष्टिकोण राख्नपर्ने हुँदा हालको विन्दूसम्म विकसित भएका अवधारणा, संवैधानिक र कानूनी व्यवस्था तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय अभ्यासभन्दा पनि पछि फर्कने सोच उचित र विवेकसम्मत हुन सक्दैन।

११३. समग्रमा व्यक्तिको बाँच्न पाउने हकलाई नेपाल अधिराज्यको संविधान,२०४७ र नेपालको अन्तरिम संविधान, २०६३ दुवैले मौलिक हककै रूपमा व्यवस्थित गरेको पाइन्छ। अन्तरिम संविधानले स्वच्छ वातावरणमा बाँच्न पाउने कुरालाई पनि मौलिक हकको कोटीमा राखेको छ । राज्यका नीतिहरू अदालतबाट सिधै कार्यान्वयन हुने विषय होइनन् भन्ने तथ्य इजलासको जानकारीमा रहेको छ, तर मौलिक हकको निर्वाध उपभोगमा कुनै प्रकारको बन्देज किमार्थ स्वीकार्य हुन सक्दैन। राज्यका नीति पनि संविधानमा सजावटका लागि मात्र राखिएका होइनन्। संविधानमा एकपछि अर्को गर्दै हक अधिकारका ठूलठूला विषयहरू समावेश गर्दै जाने तर राज्यका जिम्मेवार निकायहरू संविधान निर्दिष्ट मौलिक हक र नीतिहरू कार्यान्वयनमा उदासीन रहनु उचित मान्न सकिन्न । दिन नसकिने हक अधिकार संविधानमा संग्रहण गरिनुबाट राज्यकै विश्वसनीयतामा कमी आउने हो । त्यसैले राज्यका सम्बन्धित निकायहरूले संविधानको भावना र व्यवस्था अक्षरशः कार्यान्वयन गर्न हरक्षण प्रयत्नशील रहनु पर्दछ । यदि यस्तो नपाइएमा यस अदालतले आवश्यक आदेश वा निर्देशन दिन सक्ने नै हुन्छ।

११४. गोदावरी क्षेत्रको महत्त्व र विपक्षी उद्योगको कारणबाट त्यस क्षेत्रमा परेको प्रतिकूल असरका बारेमा माथि तेस्रो प्रश्नको निरूपणका क्रममा पर्याप्त विश्लेषण भइसकेको छ । उक्त विश्लेषणका आधारमा विपक्षी उद्योगको सञ्चालनबाट त्यस क्षेत्रको जैविक विविधता र पर्यावरणमा परेको असरले संविधान प्रदत्त स्वच्छ वातावरणमा बाँच्न पाउने व्यक्तिको मौलिक हकलाई असर नपुर्‍याएको भन्न सकिने स्थिति देखिँदैन।

११५. प्रस्तुत निवेदन अघिल्लो संविधान अन्तर्गत दायर गरिएको भए पनि हाल अन्तिम किनारा लाग्दाको अवस्थामा अन्तरिम संविधान बहाल रहेको अवस्था विद्यमान छ । यसअघि सूर्यप्रसाद शर्मा ढुंगेलले विपक्षी गोदावरी मार्वलको कारणबाट सो क्षेत्रको वातावरणमा पारेको प्रतिकूल असरका सम्बन्धमा तत्काल बहाल रहेको नेपालको संविधान, २०१९ को धारा ११(१) अन्तर्गत निवेदन दायर गरेकोमा सो निवेदनको अन्तिम टुंङ्गोसमेत नेपाल अधिराज्यको संविधान, २०४७ लागू भएपछि लागेको देखिन्छ । सो रिट निवेदन दायर गर्दा बहाल रहेको नेपालको संविधान, २०१९ को धारा ११(१) र नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२ मा समेत ब्यक्तिको बाँच्न पाउने हकलाई समावेश गरेको देखिएको भनी तत्काल बहाल रहेको संविधानअनुरूप नै आदेश जारी भएको देखिन्छ।

११६. वस्तुतः स्वच्छ वातावरणमा बाँच्न पाउने कुरा मानिसको जन्मसिद्ध र नैसर्गिक अधिकार हो । जीवनसँग जोडिएको यस्तो प्राकृतिक हक अधिकार अविच्छिन्नरूपमा उपभोग गर्न पाउनु पर्दछ भन्ने कुरामा विवाद हुन सक्दैन । प्राकृतिक प्राणी

भएको हुँदा मानिसको बाँच्न पाउने यो हक कुनै पनि सर्त, अवस्था र स्थितिमा खण्डित हुन सक्दैन।

११७. त्यसमा पनि यस अदालतमा विचाराधीन रहेको यसै विवादित विषयमा विपक्षीहरूबाट उद्योगको सञ्चालन अवधि पुनः थप गरिएउपर यिनै निवेदकहरूको तर्फबाट यिनै विपक्षीउपर अन्तरिम संविधानको व्यवस्था अंगाली दोस्रो रिट निवेदन परेको देखिन्छ। उक्त रिट निवेदनसमेत प्रस्तुत निवेदनसँगै लगाउमा रही साथै पेस भइरहेको देखिएबाट निवेदनमा उठाइएको विषयवस्तुले संवैधानिक निरन्तरता नपाएको भन्न मिल्ने अवस्था देखिएन।

११८. यसका अतिरिक्त प्रस्तुत निवेदनमा कुनै फौजदारी कसुर गरेवापत सजाय गर्नुपर्ने वा व्यक्ति विशेषको देवानी हक अधिकार प्रचलनको विषय समावेश भएको अवस्था देखिँदैन। वादी र प्रतिवादी भई चल्ने मुद्दामा कुनै एक पक्षले जित्ने र अर्कोले हार्ने स्थिति रहने हुँदा कसुर वा घटना घट्दा वा मुद्दा दायर हुँदाका अवस्थामा विद्यमान कानूनअनुरूप नै निर्णय निरूपण गरिनुपर्ने हुन्छ। तर वातावरण प्रदूषणबाट आम नागरिकलाई पर्न गएको असरसम्बन्धी सार्वजनिक हित र सरोकारको विवाद निहित रहेको प्रस्तुत निवेदनमा कुनै एक पक्षले जित्ने वा हार्ने अवस्था हुने नभई समन्यायिक दृष्टिकोण र मापदण्ड अवलम्बन गरिने हुँदा निवेदन दायर गर्दाका बखत बहाल रहेको संवैधानिक व्यवस्थामा सीमित रहनु पर्ने बाध्यता हुँदैन। प्रदूषित वातावरणले निवेदकलाई मात्र नभई स्वयम् विपक्षी गोदावरी मार्वलका सञ्चालक र कार्यरत मजदुरलगायत त्यस क्षेत्रको समग्र जैविक विविधतामा समानरूपमा असर पार्ने हुँदा यदि त्यस्तो अवस्था देखिन्छ भने वातावरण संरक्षणका लागि यस अदालतले हाल विद्यमान संविधान र कानूनअनुरूप आदेश जारी गर्न बाधा पर्ने देखिँदैन।

११९. यसरी नै धार्मिक सांस्कृतिक महत्त्वको दृष्टिकोणबाट महत्त्वपूर्ण रहेको गोदावरी क्षेत्रमा विपक्षी उद्योग सञ्चालनबाट परेको प्रतिकूल असरबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १८ द्वारा प्रदत्त आफ्नो संस्कृति संरक्षणको हक, धारा १९ द्वारा प्रदत्त आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्ने धार्मिक हकसमेत हनन् भएको भन्ने पनि निवेदन दाबी रहेको देखिन्छ। हाल प्रचलित नेपालको अन्तरिम संविधान, २०६३ को धारा १७ मा शिक्षा तथा संस्कृतिसम्बन्धी हक र धारा २३ मा धर्मसम्बन्धी हकका बारेमा व्यवस्थाहरू भएको पाइन्छ। संविधानले अन्य कुराका अतिरिक्त मूलतः आफ्नो सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र प्रबर्द्धन गर्ने तथा आफ्नो धार्मिक स्थल र धार्मिक गुठीसमेतको सञ्चालन एवम् संरक्षण गर्ने मौलिक हक प्रत्येक सम्प्रदायलाई मौलिक हककै रूपमा प्रत्याभूत गरेको देखियो।

१२०. गोदावरी क्षेत्रमा विभिन्न धार्मिक स्थल र सांस्कृतिक महत्त्वका कुण्ड, धारा, मठ मन्दिर, गुफा र बौद्ध गुम्बाहरू रहेको भन्ने तथ्यमा विवाद देखिँदैन। साथै १२ वर्षे गोदावरी मेलालगायतका जात्रा र पर्व लाग्ने गरेको भन्ने पनि देखिन आउँछ। धार्मिक र सांस्कृतिकरूपले संवेदनशील क्षेत्रमा मार्वल उत्खननको लागि खानी सञ्चालन गर्दा त्यस्ता सम्पदाहरूमा असर पर्ने कुरा अपेक्षित नै देखिन्छ।

१२१. यसका अतिरिक्त रिट निवेदनमा गोदावरी जस्तो जैविक विविधता भएको संवेदनशीलक्षेत्रमा विपक्षी उद्योगले लामो समयसम्म गरेको निरन्तरको उत्खनन् कार्य खानी तथा खनिज पदार्थ ऐन, २०४२ र खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को प्रतिकूल भएको भन्ने पनि उल्लेख गरेको पाइन्छ।

१२२. मिति २०४२।७।१४ मा लालमोहर सदर भएको खानी तथा खनिज पदार्थ ऐन, २०४२ नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुने व्यवस्था सो ऐनको दफा १ को उपदफा (२) ले गरेको देखिन्छ। तर जारी भएको

बाह्र वर्ष हुँदासमेत लागू हुन नसकेको उक्त ऐन लागू गर्नु भनी यसअघि यस अदालतबाट सूर्यप्रसाद शर्मा ढुंगेल विरूद्ध गोदावरी मार्वल इण्डष्ट्रिजसमेत विपक्षी भएको रिट निवेदनमा मिति २०५२/७/१४ मा आदेश भएको (ने.का.प. स्वर्ण शुभजन्मोत्सव विशेषाङ्क २०५२ पृष्ठ १६९) देखियो । सो आदेश भएको पनि चार वर्ष व्यतित् गरी मिति २०५६।५।३१ को नेपाल राजपत्रमा प्रकाशित सूचनाबमोजिम सोही मितिदेखि उक्त ऐन लागू भएको भन्ने देखियो ।

१२३. यसरी लागू भएको उक्त ऐनको प्रस्तावना हेर्दा सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न र देशको द्रुततर आर्थिक विकासको लागि देशमा भइरहेको खानी तथा खनिज स्रोतहरूको विकास गर्न वाञ्छनीय भएकोले भन्नेसमेत उल्लेख भएको पाइन्छ । खानी तथा खनिज स्रोतको व्यवस्थितरूपमा उत्खनन् र विकासबाट मुलुकको द्रुत आर्थिक विकास गर्ने लक्ष्य लिएको सो ऐनको प्रस्तावना बोधगम्य नै देखिन्छ ।

१२४. साथै ऐनको दफा ३ ले निजी वा सरकारी जुनसुकै जमीनको सतह वा भू-गर्भभित्र रहेको वा पाइएको सम्पूर्ण खनिज पदार्थ नेपाल सरकारको सम्पत्ति हुने व्यवस्था गरेको देखियो । दफा ३क. ले खनिज पदार्थको प्रकृतिको आधारमा धातु र अधातु खनिज तथा महत्त्वका आधारमा अति महत्त्वपूर्ण, महत्त्वपूर्ण तथा बहुमूल्य र सामान्य गरी खनिज पदार्थको वर्गीकरण गरेको पाइयो । खानी तथा खनिज पदार्थ नियमाली, २०५६ को अनुसूचि-१ हेर्दा प्रकृतिको आधारमा मार्वललाई अधातु खनिज र महत्त्वका आधारमा ढुङ्गा, बालुवासँगै सामान्य खनिजको वर्गीकरणमा राखेको देखिन्छ ।

१२५. ऐनको दफा ४(१) ले खनिज कार्य गर्ने एकाधिकार नेपाल सरकारलाई प्रदान गरेको र दफा ४ को उपदफा (२) मा विभाग स्वयंले वा अरू कुनै व्यक्तिलाई खनिज कार्य गर्न अनुमति दिनसक्ने व्यवस्था भएको पाइयो । यस्तो अनुमति दिने प्रक्रिया र अवधि दफा ५ को अतिरिक्त खानी तथा खनिज पदार्थ नियमावली, २०५६ मा समेत समेटिएको देखियो ।

१२६. खनिज कार्य गर्दा वातावरणमा प्रतिकूल असर पार्न नहुने व्यवस्था सो ऐनको दफा ११क. मा गरिएको देखिन्छ । उक्त दफामा मुख्यतः खनिज कार्य गर्दा वातावरणमा उल्लेखनीय (सिग्निफिकेन्ट) प्रतिकूल असर पार्न नहुने, तोकिएबमोजिम वातावरण संरक्षणका बचाउका उपायहरू अपनाउनु पर्ने, त्यस्तो प्रतिकूल असर पारेको देखिएमा सुधार ल्याउन विभागले निर्देशन दिनसक्ने र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुने कुरा उल्लेख भएको पाइयो । सोही दफाको प्रतिबन्धात्मक वाक्यांशले त्यस्तो असर तोकिएबमोजिम हुने व्यवस्था गरेको देखियो ।

१२७. खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ३२ मा वातावरणमा उल्लेखनीय (सिग्निफिकेन्ट) प्रतिकूल असर परेको मानिने आधारहरू देहायबमोजिम तोकिएको पाइन्छः

(१) *खानी तथा आधारभूत संरचनाको विकास गर्दा भू-उपयोग तथा भू-सतहमा विचलन ल्याउन सक्ने ।*

(२) वन विकास तथा वन्यजन्तु लोप हुन सक्ने ।

(३) खानीबाट बग्ने पानी तथा धाउ प्रशोधन गर्दा निस्कने झोल विकारहरूले पानी प्रदूषित हुन सक्ने ।

(४) धुवाँ धुलोले हावा प्रदूषित हुन सक्ने ।

(५) ड्रिलिङ्ग, ब्लाष्टिङ्ग तथा ठूला मेसिनहरूको प्रयोगले ध्वनी प्रदूषण तथा कम्पन हुन सक्ने ।

(६) ओभर बर्डेन ट्रेलिङ्ग आदिले ठोस विकारको समस्या पैदा हुन सक्ने ।

(७) भू-क्षय, पैरो, भिरालो जमीन बग्ने, माटो बगाउने तथा बाटो बन्द हुने जस्ता समस्या

पैदा हुन सक्ने ।

(८) जल प्रवाहमा परिवर्तन तथा पानीको उपयोगमा असुविधा हुन सक्ने ।

(९) सांस्कृतिक, पुरातात्विक स्थल तथा वनस्पति उद्यानहरूमा क्षति पुग्न सक्ने ।

१२८. गोदावरी क्षेत्रको सम्बन्धमा भएका माथि सिंहावलोकन गरिएका विभिन्न अध्ययन प्रतिवेदनहरूको तुलनात्मक अध्ययनबाट विपक्षी गोदावरी मार्वल उद्योगले गरेको उत्खनन् कार्यबाट नियमावलीको उपरोक्तमध्ये खण्ड (क), (ख), (ग), (ङ), (छ) र (झ) मा उल्लिखित अवस्थाहरू श्रृजना भएको भन्ने प्रष्टै देखियो । यसरी हेर्दा विपक्षी मार्वल उद्योगले सो क्षेत्रको **वातावरणमा उल्लेखनीय (सिग्निफिकेन्ट) प्रतिकूल असर परेको मानिने** पर्याप्त आधारहरू विद्यमान रहेको पाइयो ।

१२९. यसका अतिरिक्त ऐनको दफा १२ को उपदफा (१) मा विभागले राष्ट्रिय सुरक्षा, सार्वजनिक हित वा ऐतिहासिक महत्त्वको दृष्टिकोणबाट कुनै क्षेत्रलाई खनिज कार्यको लागि निषेधितक्षेत्र घोषित गर्न वा कुनै क्षेत्रका सम्बन्धमा विशेष सर्तहरू तोकी खनिज कार्य गर्ने अनुमति दिन सक्नेसम्मको व्यवस्था रहेको पाइन्छ । त्यस्तै राष्ट्रिय सुरक्षा वा सार्वजनिक हितको लागि आवश्यक देखेमा नेपाल सरकारलाई तुरून्त खनिज कार्य रोक्का राखी अनुमति रद्द गर्नसक्ने अधिकार ऐनको दफा २७(१) ले प्रदान गरेको देखिन्छ । साथै खानी तथा खनिज पदार्थ नियमाली, २०५६ को नियम ४३ (घ) मा समेत सार्वजनिक हित वा राष्ट्रिय सुरक्षा वा वातावरणमा प्रतिकूल असर पर्न सक्ने कार्य गर्ने खानी उद्योगको अनुमतिपत्र रद्द हुने कानूनी व्यवस्था गरेको पाइयो ।

१३०. गोदावरी सांस्कृतिक र ऐतिहासिक महत्त्वको क्षेत्र भएकोमा विवाद भएन । साथै यस क्षेत्रको जैविक विविधता, भौगोलिक र भू-गर्भिक स्थिति, पारिस्थिकीय प्रणाली र पर्यावरणीय संवेदनशीलताका सम्बन्धमा समेत माथि प्रकरण प्रकरणहरूमा पर्याप्त विश्लेषण भएकै छ । विपक्षी गोदावरी मार्वल उद्योगको उत्खनन् कार्यबाट सो क्षेत्रको जैविक विविधता र पर्यावरणमा उल्लेखनीय प्रतिकूल असर परेको तथ्यसमेत स्थापित भएकै पाइन्छ । यस स्थितिमा राजधनी जस्तो तीसौं लाख जनसंख्या भएको घना आवादीयुक्त शहरी क्षेत्रको जलवायु र हावापानीको जीवनधारा (Ventilator) को रूपमा रहेको गोदावरी क्षेत्रको जैविक विविधता र पर्यावरण विनासबाट बृहत्त सार्वजनिक हितमा संकट आउन नसक्ने भन्न मिल्ने पनि देखिँदैन ।

१३१. **यसैगरी निवेदनमा विपक्षी उद्योगको निरन्तर सञ्चालनबाट वातावरण संरक्षण ऐन र नियमावलीको व्यवस्थासमेत उल्लङ्घन हुन पुगेको भन्ने उल्लेख भएको देखिन्छ ।** यस अदालतबाट गोदावरी मार्वलको मुद्दामा भएको आदेशबमोजिम वातावरण संरक्षण ऐन, २०५३ को निर्माण भई मिति २०५३।१०।१७ मा लालमोहर र प्रकाशन भएको देखिन्छ । उक्त ऐनको प्रस्तावना हेर्दा आर्थिक विकास र वातावरण संरक्षणबिचको अन्योन्याश्रित सम्बन्धबाटै दिगो विकास हुने कुरालाई ध्यानमा राख्दै वातावरणीय ह्रासबाट मानव जाति, जीवजन्तु, वनस्पति, प्रकृति तथा भौतिक वस्तुमाथि हुनसक्ने प्रतिकूल प्रभावलाई यथाशक्य कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न र प्राकृतिक स्रोतको समुचित उपयोग र व्यवस्थापनबाट वातावरण संरक्षण गर्ने उद्देश्यबाट उक्त ऐन जारी गरिएको भन्ने उल्लेख भएको पाइन्छ ।

१३२. आर्थिक विकास र वातावरण संरक्षणबिच अन्तरसम्बन्ध भएमा मात्र दिगो विकास हुनसक्ने भन्ने उक्त ऐनको प्रस्तावनामा समाहित भएको भावनाले वातावरणीय न्यायको क्षेत्रमा विकास भएको अन्तर्राष्ट्रिय विधिशास्त्रलाई स्पष्टरूपमा आत्मसात गरेको देखियो ।

१३३. यसका साथै वातावरणीय ह्रासबाट मानव जाति, जीवजन्तु, वनस्पति, प्रकृति तथा भौतिक वस्तुमाथि प्रतिकूल प्रभाव पर्न सक्ने र यसबाट स्वच्छ तथा स्वस्थ वातावरण कायम हुन नसक्ने कुरालाई पनि प्रस्तावनाले हृदयंगम् गरेको देखिन्छ। त्यस्तै वातावरण संरक्षण गर्न प्राकृतिक स्रोतको समूचित उपयोग र व्यवस्थापन गरिनु पर्ने भन्ने समन्यायिक मान्यतालाई पनि वातावरण संरक्षण ऐनको प्रस्तावनाले समेटेको देखिएको छ।

१३४. ऐनको दफा २ मा वातावरणसँग सम्बन्धित विभिन्न पदावलीहरूलाई परिभाषित गरेको पनि देखिन्छ । खण्ड (क) मा **"वातावरण",** खण्ड (ख) मा **"प्रदूषण"** को परिभाषा गरेको पाइन्छ। उक्त परिभाषाहरू प्रसंगवस माथि पहिलो प्रश्नमा नै उद्धृत गरिसकिएको हुँदा पुनरोक्ति गरिरहनु परेन । खण्ड (ग) ले **संरक्षणको** परिभाषा गर्दै वातावरण तथा राष्ट्रिय सम्पदाको सुरक्षा, स्याहार, सम्भार, सम्बर्द्धन, व्यवस्थापन तथा सदुपयोग गर्ने कार्यलाई सम्झनु पर्ने भनिएको पाइन्छ । खण्ड (घ) अनुसार **"प्रस्ताव"** भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सम्ञ्चालन गर्ने सम्बन्धमा तयार पारिएको प्रस्तावलाई सम्झनु पर्ने देखिन्छ । त्यस्तै परिस्थितिकीय प्रणाली (इको-सिस्टम) को विविधता, प्रजातीय विविधता (स्पेसिज डाइवरसिटी) तथा वंशाणु विविधता (जेनेटिक डाइवरसिटी) लाई खण्ड (ञ) मा **"जैविक विविधताको"** रूपमा परिभाषित गरिएको देखिन्छ । खण्ड (ट) अनुसार **"राष्ट्रिय सम्पदा"** भन्नाले नेपालभित्रका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट मानव जातिको लागि महत्त्वपूर्ण मानिने वातावरणसँग सम्बन्धित कुनै पनि वस्तु, स्थल, वनस्पति तथा जीव-जन्तुलाई सम्झनु पर्दछ भनिएको पाइन्छ।

१३५. यसका अतिरिक्त कुनै पनि प्रस्तावहरूको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने ऐनको दफा ३ ले गरेको पाइन्छ । उक्त ऐन प्रारम्भ भएपछि प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न दफा ४ ले निषेध गरेको देखिन्छ । प्रस्ताव स्वीकृतिको लागि तोकिएको निकायमा पेस गर्नुपर्ने र त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति दिन सक्ने व्यवस्था क्रमशः दफा ५ र ६ मा समेटिएको पाइयो।

१३६. वातावरण संरक्षण ऐन, २०५३ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले तुरून्त प्रारम्भ हुने गरी मिति २०५४।३।१२ देखि वातावरण संरक्षण नियमाली, २०५४ बनाएको देखिन्छ । उक्त नियमावलीको नियम ३ ले अनुसूची-१ मा उल्लेख भएका प्रस्तावहरूको प्रारम्भिक वातावरणीय परीक्षण र अनुसूची-२ मा उल्लेख भएका प्रस्तावहरूको वातावरणीय प्रभाव मूल्याकंन गराउनु पर्ने व्यवस्था गरेको पाइन्छ । उक्त नियम ३ सँग सम्बन्धित प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने प्रस्तावहरू अनुसूची-१को खण्ड (इ) मा खानी क्षेत्रका बारेमा उल्लेख भएको देखिन्छ । सो को क्रम संख्या ४ मा डेकोरेटिभ ढुंगा (जस्तैः-Marble, Granite, Amphibolite/Polished Stone) संकलन तथा उत्पादन गर्ने भन्ने उल्लेख भएको देखिँदा मार्वल संकलन तथा उत्पादन गर्ने विपक्षी गोदावरी मार्वल उद्योगले प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन गराउनु पर्ने देखियो।

१३७. साथै अनुसूची-२ मा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रस्तावहरूको सूची उल्लेख भएको पाइन्छ । उक्त अनुसूचीको खण्ड (इ) खानीक्षेत्र अन्तर्गत क्रम संख्या २ (ग) मा अधातु खनिजको उत्पादन गर्न भूमिगत उत्खनन् भए दैनिक २०० टनभन्दा बढी र सतही उत्खनन् भए दैनिक

४०० टनभन्दा बढी उत्खनन् कार्य गर्ने प्रस्तावहरूको वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने देखिन्छ । यसका अतिरिक्त वन, ऐतिहासिक, सांस्कृतिक र सार्वजनिक खानेपानीका आपूर्तिका मुख्य श्रोतहरू रहेका क्षेत्रमा गरिने प्रस्तावहरूका सम्बन्धमा समेत प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गराउनु पर्ने कुरा उक्त अनुसूचीहरूको अध्ययनबाट देखिन आउँछ ।

१३८. विपक्षी गोदावरी मार्वल उद्योगले सञ्चालन गरिरहेको मार्वल उत्खनन् र उक्त खानी अवस्थित क्षेत्रको संवेदनशीलता र महत्त्वका कारणबाट समेत प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गराउनु पर्ने रहेछ भन्ने कुरामा विवाद छैन । तर विपक्षी उद्योग तथा सम्बन्धित सरकारी निकायको लिखितजवाफ हेर्दा त्यस्तो गरेको भन्ने देखिँदैन । ऐनको दफा ४ मा **यो ऐन प्रारम्भ भएपछि** भन्ने उल्लेख भएको हुँदा ऐन लागू हुनुपूर्व स्थापना भएका उद्योगका सम्बन्धमा उपरोक्तबमोजिम प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गराउनु पर्ने वा नपर्ने भन्ने विषयमा स्पष्टता नभएको कारण सो कार्य नगरिएको भन्ने विपक्षीहरूको जवाफमा उल्लेख भएको देखियो ।

१३९. वस्तुतः कुनै अमूक ऐन जारी हुनुभन्दा अघि स्थापना भएका उद्योगले वातावरणमा असर नगर्ने र पछि स्थापना भएकाबाट मात्र असर पर्ने भन्ने हुन सक्दैन । कुनै उद्योग स्थापना गर्ने समयमा प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गराउनु पर्ने कानूनी व्यवस्था थिएन भन्नुको अर्थ कानून बनेपछि पनि त्यस्तो नगराउने छुट भइरहन्छ भन्ने तर्क गर्न मिल्दैन । त्यस्तो अर्थ गर्ने हो भने २०५३ सालअघि स्थापना भएका उद्योग वा खानीहरूले वातावरण प्रदूषण गरिरहन पाउछन् भन्ने निश्कर्षमा पुग्नु पर्ने हुन्छ जुन कुनै पनि दृष्टिकोणबाट उचित र विवेकसम्मत हुन सक्दैन । विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय जस्तो जिम्मेवार निकायबाट ऐनको व्यवस्थालाई देखाएर विपक्षी उद्योगलाई त्यस्तो छुट दिइरहनु गैरजिम्मेवारीको द्योतक मात्र हुन सक्दछ ।

१४०. त्यस्तै वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी वा जन-जीवन र जन-स्वास्थ्यका लागि खतरा हुन सक्ने किसिमले प्रदूषण सृजना गर्न वा तोकिएको मापदण्डविपरीत कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान वा अन्य ठाउँबाट ध्वनी, ताप, रेडियोधर्मी विकिरण तथा फोहोरमैला निष्काशन गर्न गराउन नहुने कुरा ऐनको दफा ७(१) मा उल्लेख भएको पाइन्छ । उपदफा (१) विपरीत कसैले कार्य गरी वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पारेको देखिएमा तत् सम्बन्धमा आवश्यक सर्तहरू तोक्न वा त्यस्तो कार्य गर्न नपाउने गरी सम्बन्धित निकायले रोक लगाउन सक्ने अधिकार उपदफा (२) ले सम्बन्धित निकायलाई दिएको देखिन्छ । साथै उपदफा (३) ले कुनै किसिमको पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेको वा पर्ने देखिएमा मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगमा बन्देज लगाउन सक्नेसम्मको व्यवस्था गरेको पनि देखियो ।

१४१. विभिन्न अध्ययन प्रतिवेदनहरूका सम्बन्धमा माथि गरिएको विश्लेषणका आधारमा गोदावरी मार्वल उद्योगको क्रियाकलापबाट त्यस क्षेत्रको वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेको र त्यसको रोकथाम असम्भव रहेको भन्ने देखिन आउँछ । यस स्थितमा उद्योगलाई निरन्तरता दिनु त्यस क्षेत्रको वातावरणमा निरन्तर उल्लेखनीय प्रतिकूल प्रभाव परिरहन दिइरहनु सरह हुन्छ ।

१४२. वातावरण संरक्षण ऐनको दफा १०(१) बमोजिम वातावरण संरक्षणका दृष्टिले अति महत्त्वपूर्ण मानिने प्राकृतिक सम्पदा वा सौन्दर्यपरक, दुर्लभ

वन्यजन्तु, जैविक विविधता, वनस्पति ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका स्थलहरू भएको नेपालभित्रको कुनै ठाउँलाई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी वातावरण संरक्षणक्षेत्र कायम गर्नसक्ने पनि देखिन्छ। त्यस्तै उक्त ऐन र सो ऐनअन्तर्गत बनेका नियम वा निर्देशिकाविपरीत वातावरण प्रदूषण गर्नेबाट पीडित पक्षलाई मनासिब क्षतिपूर्ति भराउने व्यवस्था दफा १७ रहेको पाइन्छ भने प्रस्ताव स्विकृत नगराई वा स्विकृत प्रस्तावको विपरीत कुनै कार्य गर्नेलाई त्यस्तो कार्य तत्काल बन्द गराउनेदेखि कसुरको मात्राअनुसार दण्ड सजाय हुने व्यवस्था दफा १८ मा भएको पाइन्छ।

१४३. गोदावरी क्षेत्र प्राकृतिक सौन्दर्यता, जैविक विविधता, पर्यावरणीय संवेदनशीलता, पारिस्थिकीय प्रणाली, भौगोलिक र भू-गर्भिक अवस्था, पुष्प उद्यान, राष्ट्रिय हर्वोरियम, मत्स्य र मौरी अनुसन्धान केन्द्र, ICMODE को अनुसन्धान केन्द्रलगायत धार्मिक र सांस्कृतिक महत्त्व र गुणयुक्त भएको भन्ने देखिन्छ । साथै विपक्षी उद्योगको क्रियाकलापबाट सो क्षेत्रको जैविक विविधतालगायतलाई अपुरणीय क्षति पुगेको भन्ने तथ्य पनि स्थापित भइरहेको देखिन्छ । यस्तो स्थितिमा उक्त क्षेत्रलाई संरक्षितक्षेत्र घोषित नगरी निरन्तर पर्यावरणमा हानी नोक्सान पारिरहन छुट दिइएबाट वातावरण संरक्षण ऐनको उक्त कानूनी व्यवस्था कार्यान्वयन र पालना भएको मान्न सकिने स्थिति देखिएन।

१४४. सारमा, विकास र वातावरण (Development and Environment) यी दुवै यथार्थबिच हाल केही विवाद भए तापनि भौतिक विकास र वातावरणबिच द्वन्द्व देखिएमा दुवैबिच तालमेल मिलाएर मानव जातिको स्वास्थ्य र जीउने बाँच्ने अधिकारलाई जोगाउँदै विकास गर्न सकिन्छ भन्ने मान्यता कायम रहेको देखिन्छ। विकास गर्ने तर त्यसको प्रतिकूलताको प्रभाव वातावरणमा पर्न नदिने भन्ने अभियानअन्तर्गत लोप हुन लागेका जीवजन्तु, जलचर, पशुपंक्षीको संरक्षण गर्न अभियान चलाएको राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रको माथि उदाहरण प्रेषित भएका छन्।

१४५. गोदावरी क्षेत्रमा विपक्षी मार्वल उद्योग सञ्चालन नहुने आधारहरू पर्याप्त रहेको पाइन्छ । प्रथमतः वस्ती विस्तार जसको बारेमा जिकिर गरिएको छ । दोस्रो यो राजधनी उपत्यका जसको भू-बनावट चारैतिर पहाडले घेरेको खाल्टोको रूपमा रहेको छ । राजधनीभन्दा मात्र १५ किलोमिटरको फरकमा गोदावरी क्षेत्र अवस्थित रहेको देखिन्छ । धुलो, धुँवा, जैविक इन्धनको रूपमा रहेका डिजेल, पेट्रोल, मोटर गाडीका टायर अनि विभिन्न ग्याँस फ्याँक्ने आधुनिक साधनहरूको प्रयोगबाट उत्सर्जित कार्वन ग्याँससमेतबाट यस क्षेत्रको वातावरण अत्यन्त प्रदूषित भएतर्फ ध्यान दिन आवश्यक छ।

१४६. मानिसहरूलाई बाँच्नको लागि स्वच्छ हावा र प्राण वायुको आवश्यकता हुनेमा काठमाडौं उपत्यकामा त्यसको उपस्थिति क्षीण हुँदै गएको छ। विस्फोटक पदार्थको प्रयोगबाट निस्कने धुँवा धुलो र पहाडको उत्खननले काठमाडौं उपत्यकाभित्रको वातावरण प्रदूषणमा थप नकारात्मक प्रभाव पार्न सहयोग पुर्‍याउने कुरा स्वभाविक हुन्छ।

१४७. विपक्षी गोदावरी मार्वलको लिखित जवाफमा के कति जीवजन्तु मरेका, विस्थापित भएका र लोप भएका हुन भन्ने कुराको आँकडा निवेदकले उल्लेख गर्न नसकेको भन्ने प्रश्न पनि उठाइएको देखिन्छ । वस्तुतः घना जंगल भनेको जंगली पशुपन्छी र जीवजन्तुहरूको स्वतन्त्र विचरण गर्ने क्षेत्र र वासस्थानसमेत हो जहाँ उनीहरू निर्भयसँग बाँच्न पाएका हुन्छन्। त्यस्तो जंगलको आसपासमा विष्फोटन, मानिसको अनावश्यक ओहोरदोहोर, ठूला आवाज र विचरणबाट जीवजन्तुमा सकस ल्याउनु स्वभाविक नै हुन्छ । त्यस्ता जीवजन्तुहरू मानिसहरूको आवतजावत र मेसिनका आवाजबाट

त्रसित भई भाग्नुपर्ने वा वनमा अतिक्रमणका कारण विस्थापित हुनु र लोप हुनु स्वभाविक हो।

१४८. गोदावरी क्षेत्रमा भएको फूलचोकी डाँडा काठमाडौं उपत्यकाको पूर्वदक्षिण भागमा अवस्थित सबैभन्दा अग्लो र उपत्यकामा वर्षा गराउने महत्त्वपूर्ण क्षेत्र हो भन्ने कुरा मिसिल संलग्न अध्ययन प्रतिवेदनहरूबाट प्रमाणित भइसकेको देखिन्छ । साथै हरियालीयुक्त यस्तो महत्त्वपूर्ण पहाड प्राकृतिक सौन्दर्यतालेसमेत भरिपूर्ण रहेको भन्ने देखिन्छ । यस क्षेत्रमा भएको वनको विनास र खानी उत्खननले सिङ्गो पहाड नै लोप हुने खतरा छ। प्रकृतिले दिएको यस्तो अनुपम उपहारलाई विनास गरी विपक्षीहरूले खनिज उत्खनन् पछि त्यसतर्फ छोपछाप पारी पुनः जंगल लाउन सकिने र कृतिम पहाड बनाउन सम्भव हुने तर्क आफैँमा अस्वाभाविक छ। कारण प्रकृतिले नै दिएको देनलाई कृतिमले पूरा गर्न सक्दैन।

१४९. माथि गरिएको विश्लेषणबाट गोदावरी क्षेत्रमा खानी उत्खननको कार्यबाट काठमाडौं उपत्यकाको शोभा समाप्त हुने र जैविक विविधता नष्ट हुनेसम्मको अवस्था देखिन्छ। वातावरणीय स्वच्छता कायम गर्न, काठमाडौं उपत्यकामा प्रदूषण हटाउन, विनास भएका जंगललाई पुनः स्थापित गरी नाङ्गो पहाडलाई हराभरा कायम गर्नुपर्ने आवश्यकता छ।

१५०. अर्कोतर्फ गोदावरी मार्वलबाट सग्लो मार्वल उत्पादन भएको भन्ने पनि देखिँदैन । यसको विक्री भएको र यथेष्टरूपमा प्रयोग भएको पनि पाइँदैन। भारतलगायत विदेशबाट आयातित मार्वलहरूले बजार छाएको देखिन्छ । पूर्व आदेशबमोजिम अदालतबाट भएको निरीक्षणमासमेत ज्यादै कम मात्रामा र केवल टुक्रे मार्वल उत्पादन भई बढी मात्रामा ढुंगा रोडाको उत्पादन गरेको देखिएको छ।

१५१. त्यस्तै यस्तो संवेदनशील क्षेत्रमा खानी उद्योग सञ्चालन गर्नको लागि प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनसम्म पनि गराएको देखिँदैन। साथै विपक्षी उद्योगले यथेष्ट मात्रामा कर, दस्तुर र रोयल्टी बुझाई राज्यले उल्लेखनीय आर्थिक लाभ लिन सकेको भन्ने पनि देखिएको छैन । राज्यलाई राजश्व तिर्नुपर्ने अवस्थामा उद्योग घाटामा गएको देखाउने र केवल व्यक्ति मात्र लाभान्वित भइरहने कुरालाई कुनै पनि दृष्टिकोणबाट उचित मान्न सकिँदैन।

१५२. अर्कोतर्फ हरेक खानीको उत्खनन् गर्ने निश्चित आयु हुन्छ। त्यसैले खानी सञ्चालनको लागि अनुमति प्रदान गर्दा नै समायावधि किटान गर्ने खानी ऐन, २०४२ र नियमावलीको व्यवस्था बोधगम्य नै छ। साथै खनिज सम्पदा जस्तो राज्यको ट्रष्टीको रूपमा रहेको विषय निरन्तररूपमा एउटै व्यक्तिलाई दिइरहनु र पाइरहनु पर्ने भन्ने कुरा पनि न्यायोचित छैन । विपक्षी उद्योगको लिखितजवाफ हेर्दा गोदावरी क्षेत्रमा राणाकालदेखि नै गोदावरी पहाडमा उत्खनन गरेको भन्ने देखिन्छ। यस हिसावले पनि उद्योगले १०० वर्ष नाघी सकेको छ । अहिलेका विपक्षीले उद्योगको स्वामित्व लिएको पनि तीसौं वर्ष भइसकेको भन्ने देखिएको छ। यसरी एउटै व्यक्तिलाई लामो समयसम्म र त्यो पनि अदालतमा मुद्दा परी विवाद खडा भइरहेको अवस्थामा त्यसलाई छली उद्योगको म्याद थप गरेको देखिँदा यस्तो कार्यलाई उचित मान्न सकिँदैन।

१५३. विपक्षी उद्योग सञ्चालन गर्न दिने वा नदिने सम्बन्धमा संसद, नेपाल सरकार र यसका निकायहरूबिच नै परस्पर विरोधाभाषपूर्ण दृष्टिकोण रहेको भन्ने देखिन्छ। वन मन्त्रालय र सोअन्तर्गतका विभागहरूबाट भएको अध्ययनसमेतबाट राष्ट्रिय महत्त्वको र जैविक विविधतायुक्त गोदावरी वनक्षेत्रमा कुनै पनि खनिज उत्खनन् कार्य गर्न नहुने भन्ने निश्कर्ष प्राप्त भएको देखिन्छ। तिनै अध्ययनहरूको आधारमा वन मन्त्रालयबाट मिति २०६५।६।१९ मा विपक्षी गोदावरी मार्वल उद्योग बन्द गर्ने निर्णय भएको पनि देखिन आउँछ। तर उक्त निर्णय लामो समयसम्म टिक्न

नसकी केही समयपश्चात् संसदीय समितिको निर्देशनका आधारमा उद्योग पुनः सञ्चालन गर्न दिने निर्णय भएको देखियो । वन मन्त्रालय र विभागको लिखित जवाफमा उद्योग बन्द गर्नुपर्ने जिकिर लिइएको पाइन्छ तर उद्योग मन्त्रालय र सोअन्तर्गतको खानी विभाग खानी सञ्चालन गर्न दिनुपर्ने पक्षमा रहेको पाइन्छ । खानी विभागको लिखित जवाफमा विपक्षी उद्योगका पक्षमा जिकिर लिइएकोबाट विपक्षी नेपाल सरकारका निकायहरूबिच नै यस विषयमा एउटै दृष्टिकोण बन्न नसकेको प्रष्ट देखिन्छ ।

१५४. जैविक विविधता र वातावरणमा ह्रास पार्ने कुनै उद्योग सञ्चालन गर्न दिने वा बन्द गर्ने भन्ने विषयमा राज्यका व्यवस्थापिका र कार्यपालिका तथा कार्यपालिकाअन्तर्गतका निकायहरूबिच फरकफरक धारणा रहेको पाइयो । यसबाट राज्यको वातावरण र जैविक विविधता संरक्षण नीति दरो र प्रभावकारी नभएको प्रष्ट हुन्छ । यदि राष्ट्रिय महत्त्वको यस्तो विषयमा राज्यका निकायहरूबिच नै स्वार्थको द्वन्द्व हुन्छ भने त्यसको लाभ राज्यले नभई अरू नै कसैले उठाउने कुरा निश्चित छ । त्यसैले वातावरण जस्तो संवेदनशील विषयमा राज्यको एउटै साझा धारणा हुन अनिवार्य छ । यस्तो महत्त्वपूर्ण विषयमा संसद तथा सरकारकै एउटा निकायको एक थरी धारणा र अर्को निकायको अर्कै दृष्टिकोण रहनु तथा उद्योग खोल्ने र बन्द गर्ने विषयमा लुकामारी भइरहनु शोभनीय देखिएन ।

१५५. समग्रमा, प्रकृतिका हरेक सिर्जना वा वस्तुको अस्तित्व रहिरहनुमा आ-आफ्नै प्राकृतिक कारण र महत्त्व हुन्छ । हरेक वस्तुको पृथकपृथक मूल्य र मान्यता रहेको हुन्छ । कसैको निहित उद्देश्य वा आर्थिक स्वार्थका निमित्त प्राकृतिक मूल्य मान्यता भत्काउने कुरा स्वीकार्य हुन सक्दैन । प्रकृतिको पहिचान र अस्तित्वसँग जोडिएर रहेका हावा, पानी, वनजंगल र जैविक विविधता जस्ता विषयहरू कुनै एक पुस्तामात्रका लागि बनेका होइनन् । तिनको कुनै पनि बहानामा क्षयीकरण हुन दिनु हुँदैन । विकासको नाममा प्रकृति तथा यसका अवयवहरूको आधारभूत स्वरूप वा मान्यता समाप्त गर्ने छुट कसैलाई पनि हुँदैन । प्रकृतिले दिएका उपहारको मूल्यसँग विकासका क्रियाकलापले दिने लाभको तुलना हुन सक्दैन । त्यसैले भौतिक विकासका क्रियाकलापबाट कुनै ठूलै लाभ हुने रहेछ भनेपनि प्रकृति र वातावरणलाई नकारात्मक प्रभाव पार्ने वा विनास गर्ने क्रियाकलापले निरन्तरता पाउनु हुँदैन ।

१५६. जसरी हामी कुनै विकास वा आर्थिक लाभका निमित्त हाम्रा अमुल्य ऐतिहासिक धरोहर भत्काउन वा पुर्ने कुरा गर्न सक्दैनौं, त्यसरी नै जैविक विविधताको मूल्यलाई मार्वल वा रोडा ढुंगासँग साटन सकिन्न । गोदावरी क्षेत्रको धार्मिक र सांस्कृतिक सम्पदा, जैविक विविधता, लोप हुने अवस्थामा रहेका चराचुरुङ्गी, पुतली, वनस्पति, पारिस्थितिकीय प्रणाली तथा प्राकृतिक सौन्दर्यताको कुनै मूल्य छैन । यस्ता अमूल्य प्राकृतिक सम्पदाहरू सुदूर पुस्तासम्मका लागि संरक्षणीय र संग्रहणीय हुँदा मार्वल होइन सुन वा हिरा नै पाइन्छ भने पनि गोदावरी जस्तो जैविक विविधताको संजीवनी पहाड खोस्रन र भत्काउन पाइँदैन ।

अब रिट जारी र खारेज गर्ने गरी संयुक्त इजलासबाट व्यक्त भएका रायमध्ये के कुन राय कायम हुने हो वा अन्य के कस्तो प्रकृतिको आदेश जारी गर्नु उपयुक्त हुने हो भन्ने निर्णय दिनुपर्ने हुन आएको अन्तिम प्रश्नका सम्बन्धमा विचार गर्नुपर्ने हुनआएको छ ।

१५७. रिट निवेदन व्यहोरा हेर्दा निवेदकहरूले मूलतः विपक्षी गोदावरी मार्वल इण्डष्ट्रिजको खानी कार्य रोक्का गरी खनिज कार्य गर्ने अनुमति तत्कालदेखि रद्द गर्नु, निषेधितक्षेत्र घोषणा गर्नु, वातावरण संरक्षणक्षेत्र कायम गर्नु, उद्योगको कारण कृषकहरूले बेहोर्नु परेको

क्षतिपूर्ति उद्योगबाटै भराउने व्यवस्था गर्नु र उक्त क्षेत्रलाई पूर्वावस्थामा फर्काउन प्रदूषकदेय (Polluters' pay Principle) सिद्धान्तको मान्य सिद्धान्तअनुसार विपक्षी गोदावरी मार्वल इण्डष्ट्रिजबाट खर्च भराउनु भनी विपक्षीहरूका नाममा आदेश हुनुपर्ने भन्नेसमेतको माग गरेको देखिन्छ।

१५८. विपक्षी गोदावरी मार्वल उद्योगसमेतको लिखित जवाफमा उद्योगले वातावरण संरक्षणका सम्बन्धमा पर्याप्त उपायहरू अवलम्बन गरिरहेको छ। सो क्षेत्रको वातावरण विनास नगरेको हुँदा खनिज कार्य गर्ने अनुमति रद्द गर्न मिल्दैन । खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा १२ बमोजिम खनिज कार्य निषेधितक्षेत्र घोषणा गर्ने अधिकार खानी विभागलाई र दफा २७ बमोजिम खनिज कार्य रोक्का र अनुमति रद्द गर्ने अधिकार नेपाल सरकारलाई भएको हुँदा अदालतबाट त्यस्तो अधिकार प्रयोग हुन सक्दैन। त्यसरी अनुमति रद्द गर्नुपर्दा पनि दफा २७(२) बमोजिम उद्योगलाई मनासिव क्षतिपूर्ति दिनुपर्ने हुन्छ। स्थानीय बासिन्दाले उद्योगको कारणबाट क्षति पुगेको भनी नआएको हुँदा सार्वजनिक सरोकारको निवेदनबाट क्षति यकीन गर्न र भराउन नमिल्ने हुँदा रिट खारेज हुनुपर्ने जिकिर लिएको पाइन्छ।

१५९. यस अदालतको संयुक्त इजलासमा रहनु भएका माननीय न्यायाधीश शारदा श्रेष्ठले गोदावरी क्षेत्र जैविक विविधता, प्राकृतिक सौन्दर्यता र सांस्कृतिकरूपमा ज्यादै महत्त्वपूर्ण रहेको, विपक्षी मार्वल उद्योगको सञ्चालन गोदावरी क्षेत्रको पर्यावरणको लागि हानिकारक देखिएको, सूर्यप्रसाद शर्मा ढुंगेल विरूद्ध गोदावरी मार्वल उद्योगको मुद्दामा जारी भएको आदेशको पूर्ण परिपालना नगरी अवहेलना गरेको भन्ने निष्कर्षमा पुग्दै उद्योगको खानी सञ्चालन अवधि २०६८ सालसम्म थप्ने गरी उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले मिति २०५३।७।११ मा गरेको निर्णय तथा खानी तथा भूगर्भ विभागको मिति २०५३।६।१६ को पत्र उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्‍याएको देखियो । साथै सो उद्योग तत्काल बन्द गरी उद्योगले पारेको नोक्सानीबापत क्षतिपूर्ति भराई उक्त क्षेत्रलाई फूलचोकी चन्द्रागिरी संरक्षणक्षेत्र घोषणा गर्नु भन्नेसमेत विपक्षी नेपाल सरकारको नाउँमा परमादेश जारी हुने राय व्यक्त गरेको पाइन्छ।

१६०. त्यस्तै संयुक्त इजलासका अर्का माननीय न्यायाधीश श्री ताहिरअलि अन्सारीको रायमा सूर्यप्रसाद शर्मा ढुंगेल विरूद्ध गोदावरी मार्वल उद्योगको मुद्दामा भएको आदेशमा विपक्षी उद्योगलाई बन्द गर्ने भन्ने उल्लेख नभएको, खानी ऐन लागू र वातावरण संरक्षण ऐनको निर्माण भई खनिज सम्पदा तथा वातावरण संरक्षण सम्बन्धमा विशेष व्यवस्थासमेत गरिएबाट निर्देशनात्मक आदेशको परिपालना भएको देखिएको, उद्योगले ISO १४००१ प्रमाणपत्र प्राप्त गरेको, Future Plan प्रस्तुत गरी वातावरण संरक्षणमा पनि ध्यान पुर्‍याएको, स्थानीयस्तरबाट उद्योग बन्द गर्नुपर्ने आवाज नउठेको, जल, ध्वनी र वायु प्रदूषणलाई नियन्त्रण गर्दै हरियाली प्रवर्द्धन गर्ने प्रयास गरेको देखिएकोले कानूनबमोजिम अधिकारप्राप्त अधिकारीले प्रदान गरेको उद्योग सञ्चालनको इजाजतपत्र रद्द गर्ने गरी उत्प्रेषणको आदेश जारी गर्न नमिल्ने हुँदा रिट खारेज हुने भन्नेसमेत उल्लेख भएको पाइन्छ।

१६१. वातावरणीय न्यायको सन्दर्भमा अन्तर्राष्ट्रिय क्षेत्रमा विकसित भएका नवीनतम् अवधारणा, यस अदालतबाट विकास गरिएको विधिशास्त्रीय मान्यता, गोदावरी क्षेत्रको पर्यावरणीय र सांस्कृतिक महत्त्व तथा विपक्षी गोदावरी मार्वलको क्रियाकलापबाट सो क्षेत्रमा परेको असर र त्यस सम्बन्धमा विद्यमान संवैधानिक र कानूनी व्यवस्थासमेतका सम्बन्धमा क्रमशः माथि पहिलोदेखि चौथो प्रश्नसम्म विस्तृतरूपमा विश्लेषण भइसकेको छ।

१६२. गोदावरी मार्वलको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले उद्योगले पनि व्यवसाय

गर्ने हकलाई कानूनबमोजिम उपभोग गर्न पाउनु पर्छ र त्यो बन्द गर्दा क्षतिपूर्तिको व्यवस्था हुनुपर्छ भन्ने कुरा उठाउनु भएको पाइयो । तर उक्त विषयवस्तुको निरोपण गर्ने उपयुक्त थलो प्रस्तुत रिट निवेदन होइन । यस बारेमा कानूनबमोजिम दाबी गर्न र उपचार लिन उद्योग सक्षम नै रहेकोले यो रिटबाट उक्त विषयवस्तुको निरोपण गर्न मिलेन ।

१६३. उक्त विवेचित सैद्धान्तिक अवधारणा, वस्तुगत तथ्यहरू र विद्यमान संवैधानिक तथा कानूनी प्रावधानहरूको समग्र आधारमा प्रदूषण नियन्त्रण र वातावरण संरक्षणको एजेण्डा कुनै एक मुलुक विशेषको मात्र नभई विश्व समुदायकै साझा चासो, सरोकार र दायित्वको विषय हो भन्ने कुरामा विवाद देखिँदैन । साथै वातावरण संरक्षणको आडमा विकासका क्रियाकलापहरू बन्दै गर्नुपर्छ भन्नु पनि समाजको आर्थिक उन्नतिको मार्ग अबरूद्ध पार्नु सरह नै हुने हुँदा विकास र वातावरणबिच सन्तुलन कायम गरी दिगो विकासतर्फ अगाडि बढ्नु पर्ने कुरामा समेत विवाद भएन । विकास र वातावरणबिच सन्तुलन कायम गर्न विकासका क्रियाकलापबाट सिर्जित लाभभन्दा वातावरण प्रदूषणबाट श्रृजित हानीको मात्रा बढी हुन नहुने, विकासका लाभहरूलाई निश्चित वर्ग र व्यक्तिमा मात्र सीमित हुन नदिई फराकिलो र समन्यायिक ढंगबाट वितरण गर्ने तथा प्राकृतिक स्रोत साधनहरूको अधिक दोहन नगरी पुस्तान्तरणको सुनिश्चितता गरिनु पर्ने जस्ता उपायहरू अवलम्बन हुनुपर्ने मान्यताहरू विकासित हुँदै गएको देखियो ।

१६४. त्यस्तै यस अदालतबाट पनि गोदावरी मार्वलसम्बन्धी प्रस्तुत निवेदनमा नै उठाइएका विषयहरूसमेतका सम्बन्धमा करिब २७ वर्षअघि उठेको विवादको निरूपण गर्ने क्रमदेखि नै वातावरण संरक्षणप्रति आफ्नो गम्भिर चासो र सरोकार व्यक्त हुँदै आएको पाइन्छ । वातावरण संरक्षणसँग सम्बन्धित बागमती नदीको प्रदूषण, इट्टाभट्टाबाट निस्कने धुँवा, धुलो, विक्रम टेम्पोलगायतका सवारी साधनबाट वातावरणमा परेको असर, कागज कारखानाबाट निस्कने धुवाँ र फोहर पानीको व्यवस्थापन, ऐतिहासिक र सांस्कृतिक महत्त्वका क्षेत्रहरूको संरक्षण, जैविक विविधता र सीमसारक्षेत्रको संरक्षणलगायतका विविध विषयहरूमा यस अदालतबाट नेपाल सरकारलगायत जिम्मेवार निकायहरूका नाममा विभिन्न प्रकृतिका आदेशहरू जारी भएको देखिन्छ ।

१६५. विपक्षी गोदावरी मार्वल अवस्थित फूलचोकी गोदावरी क्षेत्र जलवायु, जैविक विविधता, प्राकृतिक सौन्दर्यता, भौगोलिक र भू-गर्भिक अवस्था, पारिस्थिकीय प्रणाली, लोप हुन लागेका जीवजन्तु, वनस्पति, चराचुरूङ्गी, पुतली आदिको कारणबाट जीवित संग्रहालयको रूपमा रहेको पाइयो । पुष्प उद्यान, राष्ट्रिय हार्वोरियम, मत्य विकास र मौरी तथा मृग अनुसन्धान एवम् ICIMODE को केन्द्रलगायतका अध्ययन अनुसन्धान केन्द्रहरू यस क्षेत्रमा रहेको भन्ने देखिँदा यस क्षेत्रको जैविक विविधता संरक्षणसँग रणनीतिक महत्त्व पनि देखिन्छ । साथै मठमन्दिर, प्राकृतिक गुफा, बौद्ध गुम्बा, बाह्रवर्षे मेला लाग्ने कुण्ड र धारा अवस्थित भएबाट यस क्षेत्रको ऐतिहासिक र सांस्कृतिक महत्त्व पनि त्यतिकै रहेको पाइयो ।

१६६. विपक्षी गोदावरी मार्वलले न्यूनिकरणका केही उपायहरू अवलम्बन गरेको देखिए पनि उद्योग अवस्थित गोदावरी क्षेत्रको उल्लिखित जैविक, भौगोलिक र भूर्गभिक महत्त्वले गर्दा सुधारका प्रयासहरू फिका सावित भएका देखिन्छन् । साथै सो क्षेत्रको मार्वलको गुणस्तर तथा भण्डारण राम्रो नभएको, थोरै मार्वल निकाल्न बढी मात्रामा ढुङ्गा उत्खनन् गर्नुपर्ने र विपक्षी उद्योगले मार्वलभन्दा पनि ढुङ्गा उद्योगका रूपमा काम गरिरहेको देखिएको छ । विपक्षी उद्योगले प्रदान गरेको सीमित रोजगारी र बुझाएको राजश्वको तुलनामा पर्यावरणीय दृष्टिकोणबाट अति संवेदनशील सो क्षेत्रमा परेको क्षति अपुरणीय

देखिएको हुँदा त्यसको संरक्षण गर्नु नै मानव समुदायको बृहत हितको लागि अपरिहार्य भएकोले विकासका क्रियाकलापहरू अघिबढाई रहनु कुनै पनि दृष्टिकोणबाट न्यायोचित देखिएन ।

१६७. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१) ले सम्मानपूर्वक बाँच्न पाउने हक र धारा १६(१) ले स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हककै रूपमा राखेको देखिन्छ । वातावरण स्वच्छ राख्न जैविक विविधता संरक्षण गर्दै सन्तुलित र दिगो विकास गर्नुपर्ने गरी संविधानको धारा ३५(५) ले राज्यको नीति निर्दिष्ट गरेको पाइन्छ। खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा ११क. ले खनिज कार्य गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्न नहुने व्यवस्था गरी खानी तथा खनिज पदार्थसम्बन्धी नियमाली, २०५६ को नियम ३२ मा त्यस्ता असरहरू तोकिएको देखिन्छ । विपक्षी उद्योगको क्रियाकलापबाट उक्त कानूनी व्यवस्था प्रतिकूल गोदावरी क्षेत्रको वातावरणमा उल्लेखनीय प्रतिकूल असर पुर्‍याएको भन्ने पनि देखियो । साथै ऐनको दफा १२ मा सार्वजनिक हित र ऐतिहासिक महत्त्वका क्षेत्रलाई खनिज कार्य निषेधितक्षेत्र घोषणा गर्न सकिने व्यवस्था भई वातावरण संरक्षण ऐन, २०५३ को दफा १० बमोजिम यस क्षेत्रलाई संरक्षित क्षेत्रको रूपमा विकास गर्नुपर्ने देखियो ।

१६८. निवेदनमा विपक्षी उद्योगको खानी सञ्चालन अवधि २०६८ सालसम्म थप्ने गरी विपक्षी उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले मिति २०५३।७।११ मा गरेको निर्णय तथा खानी तथा भूगर्भ विभागको मिति २०५३।६।१६ को पत्र बदरसमेतको माग गरिएको देखिए पनि सोको अवधि नै समाप्त भइसकेको देखिएको र पछिबाट थप गरिएको निर्णय पत्राचारहरू लगाउको रिट निवेदनबाट बदर भएको हुँदा औचित्य नभएको विषय बदर हुने भनी निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गरिरहनु परेन ।

१६९. तसर्थ वातावरणीय न्यायको उपरोक्त सैद्धान्तिक अवधारणा, यस अदालतबाट वातावरण संरक्षणका सम्बन्धमा प्रतिपादित भएका नजिर सिद्धान्त, संवैधानिक र कानूनी व्यवस्था र फूलचोकी गोदावरी क्षेत्रको जैविक महत्त्व र विपक्षी मार्वल उद्योगको क्रियाकलापबाट त्यस क्षेत्रको पर्यावरणमा परेको उल्लेखनीय प्रतिकूल असरसमेतको सन्दर्भमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (२) बमोजिम देहायको आदेश जारी हुने ठहर्छः

(१) फूलचोकी गोदावरी क्षेत्रको जलवायु, जैविक विविधता, प्राकृतिक सौन्दर्यता, भौगोलिक र भौगर्भिक अवस्था, पारिस्थिकीय प्रणाली र ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्त्वसमेतका कारण त्यस क्षेत्रमा खानी तथा खनिज कार्य सञ्चालन गर्नु खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा २७ को उपदफा (१) र खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम ४३ को देहाय (घ) अनुसार बृहत सार्वजनिक हित प्रतिकूल हुने देखिएकोले सोही ऐनको दफा १२(१) बमोजिम गोदावरी क्षेत्रलाई खनिज कार्यका लागि निषेधितक्षेत्र घोषणा गरी खानी कार्य तत्कालैदेखि बन्द गर्नू गराउनू र अब उप्रान्त कसैलाई पनि त्यस्तो अनुमति नदिनू भनी विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र खानी तथा भूगर्भ विभागका नाउँमा निरन्तर प्रकृतिको परमादेश (Continious Mandamus) जारी हुन्छ ।

(२) विपक्षी गोदावरी मार्वल उद्योगले लामो समयसम्म गरेको खानी तथा खनिज कार्यबाट त्यस क्षेत्रको भू-सतहमा परेको प्रतिकूल असर, पर्यावरण र जैविक विविधतामा परेको

क्षतिसमेतको यथार्थ र वास्तविक स्थिति पहिचान गरी त्यसबाट सृजित नकारात्मक असरलाई न्यूनिकरण गर्दै सो क्षेत्रलाई पूर्ववत प्राकृतिक अवस्थामा फर्काउनको लागि गर्नुपर्ने संरक्षण र सुधारका कार्यहरू तथा संरक्षणक्षेत्र वा आरक्ष वा निकुञ्ज वा जे जो उपयुक्त हुन्छ सोको घोषणा गरी त्यसको उचित व्यवस्थापन र सञ्चालनसमेतको लागि गरिनु पर्ने आवश्यक कानूनी र नीतिगत प्रवन्ध, कार्यक्रम र स्रोत साधन व्यवस्थापनसमेतका सम्बन्धमा रायसहितको सुझाव दिन वन मन्त्रालय, वातावरण मन्त्रालय, खानी तथा भूगर्भ विभागका प्रतिनिधिका साथै सम्बन्धित विषयका कम्तिमा दुईजना विज्ञ सम्मिलित समिति बनाई यो आदेश प्राप्त भएको मितिले छ महिनाभित्र अध्ययन अनुसन्धानको कार्य सम्पन्न गर्नू गराउनू भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतका नाममा आदेश जारी गरिएको छ।

(३) उपरोक्तबमोजिमको समितिको सिफारिसलाई मध्येनजर गरी पर्यावरण संरक्षणका दृष्टिले अतिमहत्त्वपूर्ण फूलचोकी गोदावरी क्षेत्रको जलवायु, जैविक विविधता, प्राकृतिक सौन्दर्य, भौगोलिक र भौगर्भिक अवस्था, पारिस्थिकीय प्रणाली, दुर्लभ एवं सङ्कटापन्न जीवजन्तु र वनस्पति र ऐतिहासिक धार्मिक सांस्कृतिक महत्त्वसमेतका दृष्टिकोणबाट सो क्षेत्र र मानव बस्तीको बिचमा सीमा कायम गरी ती सबैको नक्सा खडा गरी उक्त क्षेत्रलाई वातावरण संरक्षण ऐन, २०५३ को दफा १०(१) अनुसार यो आदेश प्राप्त भएको मितिले एक वर्षभित्र संरक्षितक्षेत्र वा अन्य प्रचलित नेपाल कानूनबमोजिम आरक्ष वा निकुञ्ज वा जे जो उपयुक्त हुन्छ घोषणा गर्नू भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनसंख्या तथा वातावरण मन्त्रालय र वन तथा भू-संरक्षण मन्त्रालयको नाउँमा परमादेश जारी गरिदिएको छ।

(४) उपरोक्त खण्ड (क), (ख) र (ग) बमोजिमको समय सीमाभित्र कार्य सम्पन्न नभएसम्म आदेश कार्यान्वयनको अद्यावधिक प्रगति विवरण वातावरण मन्त्रालय र बन मन्त्रालयबाट हरेक तीन-तीन महिनामा पेस गर्न लगाउनू।

(५) आदेश कार्यान्वयनको निमित्त महान्यायाधिवक्ताको कार्यालयमार्फत सम्बन्धित निकायमा पठाई सोको नियमित अनुगमन यस अदालतको अनुगमन तथा निरीक्षण महाशाखाले गर्नू।

उक्त रायमा सहमत छौं।
न्या. गोविन्दकुमार उपाध्याय
न्या. जगदीश शर्मा पौडेल

इजलास अधिकृत:- विश्वनाथ भट्टराई
इति संवत् २०७२ साल वैशाख ३ गते रोज ५ शुभम्।

निर्णय नं. ९५७६

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
आदेश मिति : २०७२।६।७।५
०६८–WF–०००५

मुद्दा : परमादेश / प्रतिषेध

निवेदक : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ९ स्थित ल स्टुडेन्टस सोसाइटी, काठमाडौंको अख्तियार प्राप्त ऐ. संस्थाका सदस्य अपूर्व खतिवडासमेत

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

- **व्यक्तिको सार्वजनिकीकरणले स्वच्छ सुनुवाइमा प्रतिकूल असर परेको भन्नेसमेत निवेदन दाबी रहेको छ । प्रत्येक व्यक्तिले स्वच्छ सुनुवाइसम्बन्धी अधिकार प्राप्त गर्ने भएकोले सार्वजनिकीकरणले न्यायिक निकाय पनि पूर्वाग्रही बन्दछ भनी शङ्का व्यक्त गर्नु उचित होइन । संविधान, कानून तथा न्यायका मान्य सिद्धान्तबमोजिम न्याय सम्पादन हुने हुँदा कुनै अमुक सूचनाबाट न्यायिक निर्णयमा असर पर्ने वा न्यायिक निर्णय प्रभावित हुने भनी न्यायिक स्वतन्त्रताको मूल्य मान्यता माथि नै शङ्का व्यक्त गरी गलत धारणा बनाउनु मनासिब नहुने ।**

(प्रकरण नं.९)

- **कुनैपनि व्यक्ति फौजदारी कसुरमा हिरासतमा वा थुनामा रहेको अवस्थामा अरू व्यक्तिको भन्दा निजको वैयक्तिक स्वतन्त्रता केही हदसम्म नियन्त्रित हुन पुग्न जाने हुँदा वैयक्तिक स्वतन्त्रतालाई असीमित, अनियन्त्रित, पूर्ण र निरपेक्ष हकको रूपमा ग्रहण गर्न मिल्ने नहुने ।**

(प्रकरण नं.१२)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताहरू अपूर्व खतिवडा, सुभास लामिछाने र प्रविण सुवेदी

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता संजीवराज रेग्मी

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा १४(ङ), दफा २७
- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२
- यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ६(१)

आदेश

न्या.सुशीला कार्की : सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(घ) बमोजिम पूर्ण इजलासमा पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त व्यहोरा एवं ठहर यसप्रकार छ :

संविधान प्रदत्त हक अधिकार तथा नेपाल पक्ष भएका विभिन्न मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजप्रति सचेत रही नागरिकको स्वच्छ पूर्पक्षको अधिकारसहितको मौलिक हकको संरक्षण गर्नु हाम्रो संस्थाको कर्तव्य भएको हुँदा सार्वजनिक सरोकारको रूपमा यो निवेदन गरेका छौं । संविधानले प्रत्याभूत गरेका मौलिक हक तथा फौजदारी न्यायका

आधारभूत सिद्धान्त विरूद्ध हुने गरी नेपाल प्रहरीले कुनै आरोपमा पक्राउ गरे लगत्तै त्यस्ता व्यक्तिलाई अपमानजनकरूपमा सार्वजनिक गर्ने, आरोप पुष्टि भएझैं गरी सार्वजनिकरूपमा सञ्चार माध्यममा प्रस्तुत गर्ने घटनाहरू बारम्बार देखा परेको कारण आत्मसम्मान गुमाउनु परेको छ । यसरी सार्वजनिकरूपमा सञ्चार माध्यममा प्रस्तुत गर्दा सम्मानपूर्वक बाँच्न पाउने हक, निर्दोषिताको अनुमानसम्बन्धी हक, कानून व्यावसायीसँग सल्लाह लिन पाउने हक, सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक, यातना विरूद्धको हकलगायतका मौलिक हकहरू हनन् हुने गरेको छ । प्रचलित नेपाल कानूनले पक्राउ गरेको व्यक्तिप्रति अपराधी प्रतित हुने गरी मानसम्मान र प्रतिष्ठाविपरीत सार्वजनिक गर्ने अधिकार प्रहरीलाई प्रदान गरेको छैन । यस्तो कार्य न्यायका मान्य सिद्धान्तविपरीत हो । नेपाल पक्ष भएको संयुक्त राष्ट्र संघीय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धको धारा ७, १०(२)(क), १४(२) १४(३)(ख) र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, २४(२)(५), (९) धारा २६ र धारा १०० विरूद्ध हुने गरी पक्राउ परेको व्यक्तिलाई अपराधीको रूपमा सार्वजनिक गर्ने कार्यबाट व्यक्तिको मौलिक हक र मानव अधिकारको हनन् हुन गएको छ। त्यसैले यस्तो कार्यलाई तत्काल रोकी अपमानजनकरूपमा सार्वजनिक नगर्न, त्यस्तो समाचार सम्प्रेषणमा नियन्त्रण र सुपरिवेक्षण गर्न परमादेश प्रतिषेधलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ साथै प्रस्तुत रिट निवेदकहरूको टुङ्गो नलागेसम्म अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत व्यहोराको निवेदन जिकिर ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र सम्बन्धित कागजात साथ राखी महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षी नं. १, २, ३, ४ र ५ लाई र आफैँ वा आफ्नो प्रतिनिधिद्वारा लिखित जवाफ लिई उपस्थित हुनु भनी रिट निवेदनको १ प्रति नक्कल साथै राखी विपक्षी नं.६ लाई सम्बन्धित जिल्ला अदालतमार्फत सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू । अन्तरिम आदेशको माग गरेको सम्बन्धमा तत्काल अन्तरिम आदेश जारी गर्नुपर्ने अवस्था देखिएन भन्ने यस अदालतको मिति २०६७।३।२ को आदेश ।

संविधान प्रदत्त मौलिक हक तथा फौजदारी न्यायका आधारभूत सिद्धान्तहरूको परिपालना गर्ने सन्दर्भमा यस मन्त्रालय प्रतिबद्ध छ । पक्राउ परेको व्यक्तिको संविधान प्रदत्त मौलिक हक तथा न्यायालयको न्याय सम्पादन गर्ने कार्यलाई प्रतिकूल असर पार्ने कामकारवाही यस मन्त्रालयबाट भएको छैन । संविधान प्रदत्त त्यस्ता अधिकारको संरक्षण सम्बर्द्धन एवं कार्यान्वयनको सन्दर्भमा यस मन्त्रालय पूर्णरूपमा सचेत रहेको र यस मन्त्रालयको कुनै काम कारवाहीबाट रिट निवेदकको कुनै पनि हक अधिकारको हनन् नभएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने सूचना तथा सञ्चार मन्त्रालयको लिखित जवाफ ।

यस कार्यालयको काम कारवाहीबाट कुनै आरोप लागेको अभियुक्तलाई विद्युतीय वा छापा सञ्चार माध्यममा सार्वजनिक गरिएको छैन । अभियुक्तलाई पक्राउ गर्ने तथा अपराध अनुसन्धान गर्ने कार्य यस कार्यालयको कार्यक्षेत्रभित्रको विषय होइन । अनुसन्धान कार्य पुरा भई प्राप्त हुन आएका सरकारवादी मुद्दामा प्राप्त प्रमाणका आधारमा मुद्दा चल्ने नचल्नेसम्बन्धी अभियोजन निर्णय यस कार्यालयमा र मातहतका सरकारी वकिल कार्यालयबाट हुँदै आएको छ । व्यक्तिका मौलिक हक र मानव अधिकारप्रति संवेदनशील रहँदै कानूनको शासनलाई साकार पार्न

प्रतिबद्ध यस कार्यालयको काम कारवाहीबाट निवेदकले जिकिर लिएका कार्य भए गरेको अवस्था नहुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने महान्यायाधिवक्ताको कार्यालयबाट पेस भएको लिखित जवाफ।

अनुसन्धानको परिणाममा नागरिकको सुसूचित हुने अधिकारको प्रवर्द्धन गर्न सार्वजनिकीकरण गर्दा त्यसले नागरिकहरूलाई सुरक्षाको अनुभूति गराउनुका साथै सम्बन्धित अपराधबाट बच्नसमेत नागरिकलाई सजिलो तथा सजग बनाउने स्पष्ट छ। अपराधीले समाजमा अपराध घटाउने र त्यही समाजमा लुकेर बस्ने हुँदा अनुसन्धानको क्रममा अभियुक्त सार्वजनिकीकरण गर्दा समाजले समेत अपराध तथा अभियुक्तको बारेमा महत्त्वपूर्ण सूचना प्राप्त गर्दछन। समाजले समेत अपराध तथा अभियुक्तको बारेमा महत्त्वपूर्ण सूचना प्रहरीलाई उपलब्ध गराउने हुँदा अपराध रोकथाम तथा नियन्त्रण गर्ने जस्तो चुनौतीपूर्ण कार्यमा प्रहरी तथा समाजको सहकार्यबाट सफलता प्राप्त भई कानूनको उल्लङ्घन गर्ने व्यक्तिहरू सजायबाट उन्मुक्ति पाउने अवस्थाको अन्त हुन जान्छ। त्यसैले निश्चित सीमामा रही त्यस्तो सूचना सार्वजनिकीकरणले कसैको हकमा असर नपर्ने भएको हुनाले अपराधसम्बन्धी सूचनालाई प्रकाश नै नहोस् भन्न मिल्ने होइन। कुनै कानून र संविधानको व्यवस्थाले त्यस्तो उन्मुक्ति कुनै कसुरदार अभियुक्त वा शंकित व्यक्तिलाई प्रदान गरेको छैन। जहाँसम्म कसुरदार प्रमाणित नभएसम्म निर्दोष मान्नुपर्ने संवैधानिक र आधारभूत मानव अधिकारको कुरा छ सोको तात्पर्य अदालती प्रक्रिया र कार्यविधिको लागि हो। पीडित जाहेरवालाले पनि फैसला नभएसम्म अभियुक्तलाई निर्दोष मान्नुपर्ने अपराधको प्रत्यक्षदर्शीले पनि अभियुक्तलाई निर्दोष मान्नुपर्ने वा अभियोग लगाउने सरकारी पक्षले पनि निर्दोष मान्नुपर्ने भन्ने सो सिद्धान्तको कथन होइन। त्यस्तो हो भने जाहेरवालाले अभियुक्तको विरूद्ध जाहेरी नै दिन नहुने जस्तो अतिशयोक्तिपूर्ण व्याख्या हुन जान्छ। त्यसैले उल्लिखित आधारमा विपक्षीले हकदैयाविहिन र आत्मपरक निवेदनमा विपक्षी रिट निवेदकहरूले लिएको दाबी झुट्ठा भएकोले रिट निवेदन खारेज गरिपाउँ भन्ने प्रहरी प्रधान कार्यालयको लिखित जवाफ।

रिट निवेदकको संवैधानिक हक अधिकार हनन हुने कार्य गर्न मातहतका कुनै पनि निकायलाई कुनै किसिमको आदेश दिएको छैन। साथै निवेदकको उल्लिखित हक अधिकार हनन् गरेको भनी निवेदकले आफ्नो निवेदनमा कहिँकतै किटानी दाबी लिन सक्नु भएको छैन। तसर्थ प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको गृह मन्त्रालयको लिखित जवाफ।

नेपाल प्रहरीले कुनै पनि व्यक्तिलाई पक्राउ गरी अपराधीसरह सार्वजनिक गरेको कार्य संविधान, कानून तथा नेपाल पक्ष भएका सन्धि सम्झौताविपरीत छ भन्ने जिकिर छ तत्सम्बन्धमा नेपाल सरकार कुनै पनि व्यक्तिको संवैधानिक तथा कानूनी हक अधिकारको संरक्षण र सम्बर्द्धन गर्न सचेत रहेको र अपराधी ठहर भएका व्यक्तिको समेत संवैधानिक एवं कानूनी हक अधिकारहरू सुनिश्चित गर्ने कुरामा अत्यन्त सचेत र संवेदनशील रहेको व्यहोरा अवगत गराउँदै यस सम्बन्धमा कहिँकतै त्रुटिहरू भएको भए नेपाल सरकार भविष्यमा त्यसलाई समेत सुधार गरी राज्यलाई कानूनी राज्यको अवधारणाअनुरूप सञ्चालन गर्ने कुरामा प्रतिबद्ध रहेको व्यहोरासमेत अवगत गराउन चाहन्छु। त्यसैले विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ।

कुनै अभियोगमा पक्राउ परेका व्यक्तिहरूलाई पक्राउ पर्नासाथ सार्वजनिकीकरण गरी अपराधी नै भएको प्रतित हुने गरी गरिने सूचना सम्प्रेषणसम्बन्धी काम कारवाहीबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, २४ र २६ लगायतका मौलिक

हकहरूको हनन् हुनसक्ने सम्भावना रहन सक्ने निष्कर्षमा यो इजलास पुगेको हुनाले यस अदालतको संवत् २०५९ सालको रिट नं. २७२९ निवेदक अधिवक्ता श्री माधवकुमार बस्नेत विपक्षी श्री ५ को सरकार मन्त्रिपरिषद्, मन्त्रिपरिषद्को सचिवालय सिंहदरबारसमेत भएको परमादेशको मुद्दामा भएको आदेशसँग यो इजलास सहमत हुन नसकेकोले संविधानको धारा २७ को सूचनाको हक र संविधान प्रदत्त अन्य धारा १२, २४ र २६ का मौलिक हकहरूमा सामञ्जस्यता हुने गरी संवैधानिक व्याख्याबाट निश्चित सिद्धान्त कायम गरी प्रस्तुत निवेदनको सन्दर्भमा यस अदालतको पूर्ण इजलासबाट निर्णय हुनु उपर्युक्त देखिनाले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(घ) बमोजिम प्रस्तुत रिट निवेदन पूर्ण इजलासमा पेस गर्नु भन्ने यस अदालतको संयुक्त इजलासको मिति २०६२।११।२६ को आदेश।

नियमबमोजिम पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री अपूर्व खतिवडा, श्री सुभास लामिछाने र श्री प्रविण सुवेदीले कुनै व्यक्तिको पक्राउको वैधता सम्बन्धमा अदालतमा प्रस्तुत नगरी अपराधमा संलग्न रहेको भनी सार्वजनिक गरिनु व्यक्तिको संविधान प्रदत्त हक हनन् हुनु हो। कुनै कसुरमा आरोप लागेको व्यक्तिलाई अपमानजनकरूपमा सार्वजनिक गर्नु भनी कानूनले नभनेको अवस्थामा त्यसको उल्लङ्घन हुन्छ भने मानिसको सम्मानपूर्वक बाँच्न पाउने हकसमेत हनन् हुनु हो। पक्राउ परेको व्यक्ति अपराधी हो, होइन भन्ने अधिकार प्रहरीलाई होइन अदालतलाई छ। पक्राउ परेका व्यक्तिलाई सार्वजनिक गर्ने तथा तस्विर लिने दिने, पत्रकारले अपराधी भनी सञ्चार माध्यममा प्रस्तुत गर्ने गरेबाट व्यक्तिको मानवीय प्रतिष्ठामा आँच पुग्न गएको छ। यसकारण अपमानजनकरूपमा सार्वजनिक गर्ने, सञ्चार माध्यममा प्रस्तुति, प्रशारण र प्रकाशन गर्दा फौजदारी न्याय व्यवस्थामा प्रतिकूल असर पर्न जाने हुँदा निवेदन माग दाबीअनुसार रिट जारी हुनुपर्छ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

विपक्षीहरूको तर्फबाट विद्वान् सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मीले पक्राउ परेको व्यक्ति सञ्चार माध्यमबाट सार्वजनिक हुँदैमा प्रमाणबाट पुष्टि नभएसम्म निजउपर अभियोग लाग्न र कसुर ठहर हुन सक्दैन। पक्राउ परेको व्यक्तिलाई सार्वजनिक गरेकै आधारमा मर्यादितरूपमा सम्प्रेषण गरिएको सूचनाबाट निजको मैलिक हक हनन् भएको भन्न मिल्दैन। खुला इजलासबाट सम्पादन हुने न्याय पारदर्शी हुने भई तहगतरूपमा फैसला परीक्षणसमेत हुने भएकोले सूचना सम्प्रेषणबाट न्यायिक निर्णय प्रभावित हुने भन्ने हुँदैन। कानूनले निषेध गरेको कार्य कसैबाट भएमा उक्त कार्यबाट पीडित हुन पुगेका पक्षले कानूनी मार्ग अवलम्बन गर्न सक्ने नै हुँदा रिट जारी हुनुपर्ने अवस्था नभएकोले खारेज हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

यसमा कुनै कसुरको आरोप लागेका व्यक्तिलाई पक्राउ गरेपश्चात् अपमानजनकरूपमा सार्वजनिक गर्ने तथा तस्विर लिने दिने, पत्रकारले अपराधी भनी सञ्चार माध्यममा प्रस्तुत गर्ने कार्यबाट नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ७, १०(२)(क), १४(२), १४(३)(ख) र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, २४(२) (५), (९), २६ र १०० विपरीत भएकोले कार्य तत्काल रोकी अपमानजनकरूपमा सार्वजनिक नगर्नु र त्यस्तो समाचार सम्प्रेषणमा नियन्त्रण र सुपरीवेक्षण गर्नु भनी विपक्षीहरूको नाममा परमादेश जारी गरिपाउँ भन्ने निवेदन जिकिर देखिन्छ।

विपक्षीहरू नेपाल सरकारसमेतबाट पेस भएको लिखित जवाफमा निश्चित सीमामा रही गरिएको सूचना सार्वजनिकीकरणले कसैको हकमा असर नपर्ने हुनाले अपराधसम्बन्धी सूचनालाई प्रकाश नै

नहोस् भन्न मिल्ने होइन । कुनै कानून र संविधानको व्यवस्थाले त्यस्तो उन्मुक्ति कुनै कसुरदार अभियुक्त वा शङ्कित व्यक्तिलाई प्रदान गरेको छैन । कुनै पनि व्यक्तिको संवैधानिक तथा कानूनी हक अधिकारको संरक्षण र सम्बर्द्धन गर्न सचेत रही अपराधी ठहर भएका व्यक्तिको समेत संवैधानिक एवं कानूनी हक अधिकारहरू सुनिश्चित गर्ने कुरामा सचेत र संवेदनशील रहेको व्यहोरा अवगत गराउँदै यस सम्बन्धमा कहिँकतै त्रुटिहरू भएको भए भविश्यमा त्यसलाई समेत सुधार गरी राज्यलाई कानूनी राज्यको अवधारणाअनुरूप सञ्चालन गर्ने कुरामा प्रतिबद्ध रहेको भन्ने व्यहोरा उल्लेख गरेको देखियो ।

प्रस्तुत रिट निवेदन संयुक्त इजलाससमक्ष सुनुवाइ हुँदा यही विवादित विषयमा दायर भएको संवत् २०५९ सालको रिट नं. २७२९, निवेदक अधिवक्ता माधवकुमार बस्नेत विपक्षी तत्कालीन श्री ५ को सरकार मन्त्रिपरिषद्, मन्त्रिपरिषद्को सचिवालयसमेत भएको परमादेशको रिट निवेदनमा ***"निवेदकले माग गरेको विषयका सम्बन्धमा कानूनी व्यवस्था भइरहेको कानूनले निषेध गरेको त्यस्तो कार्यको सम्बन्धमा पीडित पक्षले कानूनी मार्ग अवलम्बन गर्न सक्ने नै हुँदा निवेदन माग दाबीबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिएको"*** भन्ने आधारमा निवेदन खारेज ठहरी मिति २०६२।११।२६ मा फैसला भई कायम भएको रूलिङसँग असहमति व्यक्त गरी निवेदकले माग गरेको नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ को सूचनाको हकको व्यवस्था धारा १२, २४ र २६ सँग सामञ्जस्यता हुने गरी पूर्ण इजलासबाट संवैधानिक व्याख्याबाट निश्चित सिद्धान्त कायम हुनुपर्ने भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(घ) बमोजिम पेस गर्ने भन्ने आदेशानुसार यस इजलाससमक्ष निर्णयार्थ पेस हुन आएको छ । अब, २०५९ सालको रिट नं. २७२९ मा प्रतिपादित सिद्धान्त कायम रहन सक्ने हो होइन ? उक्त रूलिङसँग असहमत व्यक्त गरेको संयुक्त इजलासको आदेश मिलेको छ छैन ? र निवेदकको मागबमोजिम आदेश जारी हुनुपर्ने हो होइन भन्ने विषयको निरूपण गर्नुपर्ने देखिन आयो ।

२०५९ सालको रिट नं. २७२९ मा निवेदकको मुख्य दाबी अपराध ठहर भई नसकेका, मुद्दा चली नसकेका अभियुक्तहरूको तस्विर र परिचय प्रहरी कार्यालय, रेडियो तथा टेलिभिजनबाट सार्वजनिक गर्नु मानव अधिकारको उल्लङ्घन हुनुको साथै राज्यको शक्तिको आधारमा गरिने अपराध भएबाट पक्राउ परेका व्यक्तिको परिचय तथा तस्विर सरकारी तथा गैह्रसरकारी सञ्चार माध्यमबाट प्रकाशित नगर्न आदेश माग गरेको देखिएको छ भने प्रस्तुत रिट निवेदनमा पनि कुनै कसुरको आरोप लागेका व्यक्तिलाई पक्राउ गरेपश्चात् अपमानजनकरूपमा सार्वजनिक गर्ने तथा तस्विर लिने दिने, पत्रकारले अपराधी भनी सञ्चार माध्यममा प्रस्तुत गर्ने कार्यबाट व्यक्तिको मानव अधिकार साथै मौलिक हकसमेतको हनन् भएबाट उक्त कार्य रोकी कुनै कसुरको आरोपमा पक्राउ परेका व्यक्तिलाई अपमानजनकरूपमा सार्वजनिक नगर्नु र त्यस्तो समाचार सम्प्रेषणमा नियन्त्रण र सुपरिवेक्षण गर्नु भनी विपक्षीहरूको नाममा परमादेश जारी गरिपाउँ भन्ने निवेदन रही दुवै रिट निवेदनको विवादको विषयवस्तु समान रहेको देखियो । निवेदनको विवादको विषयवस्तु समान रहेको २०५९ सालको रिट नं. २७२९ मा व्यक्त भएको रूलिङमा प्रस्तुत रिट निवेदनको सन्दर्भमा संयुक्त इजलासले असहमति व्यक्त गरेको पाइयो ।

२. निवेदक अधिवक्ता माधवकुमार बस्नेत विपक्षी तत्कालीन श्री ५ को सरकार मन्त्रिपरिषद्, मन्त्रिपरिषद्को सचिवालय, सिंहदरबारसमेत ***(२०५९ सालको रिट नं. २७२९, परमादेश, फैसला मिति २०६२।११।२६)*** भएको रिट निवेदनमा निम्न निर्णय भएको पाइन्छः

"अनुसन्धान, तहकिकात वा पुर्पक्षको

निमित्त थुनामा रहेका व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने, अमानवीय वा अपमानजनक कार्य भएमा संविधानको धारा १४(४) को व्यवस्थाले क्षतिपूर्तिको व्यवस्था गरेको र सो सम्बन्धमा यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ निर्माण भई लागू भइसकेको अवस्था रहेको र साथै छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा १४(ङ) ले सर्वसाधारण जनताको सदाचार, नैतिकता, सामाजिक मर्यादामा आघात पर्न जाने विषयवस्तु प्रकाशन गर्न नपाइने गरी निषेध गरेको र निषेध गरेको कुरा प्रकाशन गरेमा सोही ऐनको दफा २७ ले सजाय गर्ने गरेको व्यवस्था भएपछि निवेदकले माग गरेको विषयका सम्बन्धमा कानूनी व्यवस्था भइरहेको कानूनले निषेध गरेको त्यस्तो कार्यको सम्बन्धमा पीडित पक्षले कानूनी मार्ग अवलम्बन गर्न सक्ने नै हुँदा निवेदन माग दाबीबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिएको" भनी निर्णय भएको पाइन्छ।

३. २०५९ सालको रिट नं. २७२९ मा भएको रूलिङसँग असहमति व्यक्त गरी यस रिट निवेदनमा संयुक्त इजलासले गरेको रायमा ***"कुनै अभियोगमा पक्राउ परेका व्यक्तिहरूलाई पक्राउ पर्नासाथ सार्वजनिकीकरण गरी अपराधी नै भएको प्रतीत हुने गरी गरिने सूचना सम्प्रेषणसम्बन्धी काम कारवाहीबाट नेपालको अन्तरिम संविधानको धारा १२, २४ र २६ लगायतका मौलिक हकहरूको हनन हुन सक्ने सम्भावना रहन सक्ने निष्कर्षमा यो इजलास पुगेको हुनाले संविधानको धारा २७ को सूचनाको हकसँग धारा १२, २४ र २६ का हकहरूमा सामञ्जस्यता हुने गरी संवैधानिक व्याख्याबाट निश्चित सिद्धान्त कायम हुनुपर्ने"*** भनी निर्णय भएको देखियो। तर कुनै अर्को इजलासको रूलिङसँग असहमति व्यक्त गर्दा आफ्नो खास राय प्रस्तुत गर्नुपर्ने हुन्छ। प्रस्तुत रिट निवेदनमा संयुक्त इजलासले आफ्नो खास राय व्यक्त नगरी केवल मौलिक हकहरूको हनन् हुनसक्ने सम्भावना मात्र व्यक्त गरेको देखिँदा त्यस्तो सम्भावना मात्र व्यक्त गरेको निर्णयलाई संयुक्त इजलासको खास राय मान्न मिल्ने देखिएन।

४. कुनै कसुरको आरोप लागेका व्यक्तिलाई पक्राउ गरेपश्चात् अपमानजनकरूपमा सार्वजनिक गर्ने तथा तस्विर लिने दिने, पत्रकारले अपराधी भनी सञ्चार माध्यममा प्रस्तुत गर्ने कार्यबाट नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा ७, १०(२)(क), १४(२), १४(३)(ख) र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, २४(२) (५), (९) र २६ विपरीत रहेको भन्ने नै निवेदकको मुख्य दाबी रहेको छ। कुनै कसुरमा आरोप लागेको व्यक्तिलाई सार्वजनिकीकरण गरिनु उक्त अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को विपरीत रहेको भनी चुनौती दिएको देखिँदा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा ७, १०(२)(क), १४(२), १४(३)(ख) मा रहेको व्यवस्था उल्लेख हुनु सान्दर्भिक हुन आएको छ।

> ***Article 7. "No one shall be subjected to torture or to cruel, inhuman or degrading treatment or punishment. In particular, no one shall be subjected without his free consent to medical or scientific experimentation."***
> ***"कसैलाई पनि यातना दिइने वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन। खासगरी, कसैलाई पनि निजको स्वतन्त्र मन्जुरीबिना चिकित्सकीय वा वैज्ञानिक प्रयोग भोग्न लगाइने छैन।"***
> ***Article.10(2)(a) "Accused persons shall, save in exceptional circumstances, be segregated***

from convicted persons and shall be subjected to separate treatment appropriate to their status as unconvicted persons."
"अपवादजनक परिस्थितिहरूमा बाहेक अभियुक्तहरूलाई अपराधीहरू (सजाय पाएका व्यक्तिहरू) बाट अलग राखिने र सजाय नपाएका व्यक्तिहरूको हैसियतले तिनीहरूको अवस्था सुहाउँदो पृथक व्यवहार गरिनेछ ।"
Article.14(2) "Everyone charged with a criminal offence shall have the right to be presumed innocent until proved guilty according to law." "फौजदारी कसुरको आरोप लागेका प्रत्येक व्यक्तिलाई कानूनबमोजिम दोषी प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरी पाउने अधिकार हुनेछ ।"
Article.14(3)(b) "To have adequate time and facilities for the preparation of his defense and to communicate everyone charged with a criminal offence shall have the right to be presumed innocent until proved guilty according to law."
"आफ्नो प्रतिरक्षा तयार गर्नका लागि पर्याप्त समय तथा सुविधा पाउने र आफूले रोजेको कानून व्यवसायीसँग कुराकानी गर्न पाउने ।"

५. उपरोक्त व्यवस्था अध्ययन गरी हेर्दा कसैलाई पनि यातना दिइने वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय नगरिने, अभियुक्तहरूलाई अपराधीहरूबाट अलग राखिने र सजाय नपाएका व्यक्तिहरूको हैसियतले तिनीहरूको अवस्था सुहाउँदो पृथक व्यवहार गरिने, दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने र आफ्नो प्रतिरक्षार्थ कानून व्यवसायी नियुक्त गर्न सकिने गरी व्यक्तिलाई अधिकार प्रदान गरेको देखिन आयो । पक्राउ व्यक्तिलाई सार्वजनिकीकरण गर्नु पनि उक्त प्रतिज्ञापत्रले प्रदान गरेको हकमा प्रतिकूल असर पर्नु हो भन्ने दाबी छ । तर निवेदकले दाबी गरे जस्तो पक्राउसम्बन्धी सूचना सञ्चार माध्यमबाट सार्वजनिकीकरण नगरिने प्रतिबद्धताका विषयमा प्रतिज्ञापत्रको उक्त धाराहरूमा कुनै व्यवस्था भएको देखिन आएन । प्रतिज्ञापत्रद्वारा सिर्जित दायित्वहरू पुरा गर्न नेपालले नेपालको अन्तरिम संविधान, २०६३, यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३, छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ लगायतका अन्य ऐनहरूमा संवैधानिक तथा कानूनी व्यवस्था गरेको देखिन आएको छ ।

६. प्रतिज्ञापत्रद्वारा सिर्जित दायित्वहरू पुरा गर्न नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ ले न्यायसम्बन्धी हक प्रत्याभूत गरेको छ । धारा २४(२) (५), (९) ले व्यवस्था गरेको पक्राउ गर्नुको कारण जानकारी पाउने र कानून व्यवसायीबाट मुद्दा पुर्पक्ष गर्ने हक, निर्दोषिताको अनुमान र स्वच्छ सुनुवाइको हकको प्रत्याभूति भएकोमा उक्त हकहरूको उपभोग गर्नबाट वञ्चित गरिएको वा उपभोग गर्न नै नपाएको भन्ने निवेदकको भनाई होइन, मात्र पक्राउ पश्चात् सार्वजनिकीकरण गरिनु प्रतिज्ञापत्र र संविधान प्रदत्त हकको उल्लङ्घन हो भनी दाबी गरिएको छ । सार्वजनिकीकरणको विषय कानून व्यवसायीबाट मुद्दा पुर्पक्ष गर्ने हक, निर्दोषिताको अनुमान र स्वच्छ सुनुवाइको हकसँग जोडिएको भन्ने निवेदकको तर्कसम्म हो तर उक्त हकहरू निर्वाधरूपमा प्रयोगको वञ्चिति भन्न नसक्नुबाट निवेदकहरूको कोरा कल्पनामात्र हो भन्न सकिन्छ ।

७. पक्राउ भएको कारण यथाशक्य चाँडो थाहा पाउने हक पक्राउ भएको व्यक्तिमा रहेको र त्यस्तो कारण थाहा नपाई थुनामा बस्नु परेमा त्यस्तो व्यक्तिले चुनौती दिन सक्छ र सो विषय न्यायिक परीक्षणको विषय हुन जान्छ । तर सार्वजनिकीकरण सो हक प्राप्तिको बाधक हो भनी निवेदकले स्पष्ट दाबी लिन नसकेको त्यस्तो अवस्थामा भइरहेका संवैधानिक प्रावधानमा अतिसुक्ष्मसंवेदी भई साँघुरो धारणा बनाउनु पनि मनासिब हुँदैन । कानूनी सल्लाह, परामर्श र पुर्पक्ष गर्न कुनै व्यक्तिले आफ्नोतर्फबाट कुनै कानून व्यवसायी राख्न चाहन्छ भने निजले रोजेको कानून व्यवसायी उपलब्ध गराउनु पर्ने र कुनै व्यक्ति कानून व्यवसायी राख्न असमर्थ वा असहाय छ भने त्यस्तो व्यक्तिलाई नि: शुल्क कानूनी सहायता उपलब्ध गराउने राज्यको दायित्वभित्र पर्ने भई राज्यको नीतिगत व्यवस्थाबमोजिम प्रत्येक तहका प्रत्येक अदालतमा वैतनिक कानून व्यवसायीको व्यवस्था भई नि: शुल्क कानूनी सहायता, परामर्श र मुद्दा पुर्पक्ष हुँदै आएको छ । यसको अतिरिक्त विभिन्न गैह्र सरकारी संस्थाहरू समेतले त्यस्ता असहाय पक्षको तर्फबाट नि: शुल्क कानूनी सहायता गरी आएको विदित तथ्यलाई निवेदकहरूले हेक्का राख्नै पर्ने हो ।

८. हिरासतमा रहेका व्यक्तिलाई संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग भेटघाट गर्न नदिएको वा कानून व्यवसायीसँग आवश्यक कानूनी परामर्श गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने अधिकार संविधानको धारा १३५(३)(ग) ले महान्यायाधिवक्तालाई प्रदान गरेकोसमेत देखिन आएको छ । यसरी हिरासतमा रहेका व्यक्तिलाई मानवोचित व्यवहार गर्न तथा मानव अधिकार रक्षार्थ संविधानले नै वैकल्पिक व्यवस्था गरेकोमा हिरासतमा रहेका व्यक्तिको मानवोचित व्यवहार नभएको वा मानव अधिकारको रक्षा नभएको हुँदा सम्बन्धित निकायमा उजुरी गरिएको र उजुरीको सुनुवाइसमेत नभएको भनी निवेदकहरूले आफ्नो निवेदनमा लेखाउन सकेको अवस्थासमेत छैन ।

९. व्यक्तिको सार्वजनिकीकरणले स्वच्छ सुनुवाइमा प्रतिकूल असर परेको भन्नेसमेत निवेदन दाबी रहेको छ । प्रत्येक व्यक्तिले स्वच्छ सुनुवाइसम्बन्धी अधिकार प्राप्त गर्ने भएकोले सार्वजनिकीकरणले न्यायिक निकाय पनि पूर्वाग्रही बन्दछ भनी शङ्का व्यक्त गर्नु उचित होइन । संविधान, कानून तथा न्यायका मान्य सिद्धान्तबमोजिम न्याय सम्पादन हुने हुँदा कुनै अमुक सूचनाबाट न्यायिक निर्णयमा असर पर्ने वा न्यायिक निर्णय प्रभावित हुने भनी न्यायिक स्वतन्त्रताको मूल्य मान्यतामाथि नै शङ्का व्यक्त गरी गलत धारणा बनाउनु मनासिब होइन ।

१०. व्यक्तिको सार्वजनिकीकरणले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा ७ तथा नेपालको अन्तरिम संविधान,२०६३ को धारा २६ ले प्रत्याभूत गरेको हकमा समेत प्रतिकूल असर परेको भन्ने निवेदन दाबी रहेतर्फ विचार गर्दा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा ७ ले कसैलाई पनि यातना दिइने वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय नगरिने व्यवस्था गरेको छ भने नेपालको अन्तरिम संविधान, २०६३ को धारा २६ ले अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नगरिने र गरेमा सो कार्य दण्डनीय भई कानूनबमोजिम क्षतिपूर्ति दिइने व्यवस्था गरेको छ । यो व्यवस्थाको परिपालनामा कुनै कमि आउन नदिने प्रतिबद्धता व्यक्त गरी विपक्षीहरूबाट लिखित जवाफ पेस भएको छ । अनुसन्धान, तहकिकात

वा पुर्पक्षको सिलसिलामा थुनामा रहेको कुनै पनि व्यक्तिको आत्मसम्मान, प्रतिष्ठामा आँच आउने कार्य नगरी मानवोचित व्यवहार गर्नुपर्ने राज्यको दायित्व रहेको र सो दायित्व पुरा नगरी अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरेमा क्षतिपूर्ति पाउने कानूनी व्यवस्थासमेत भएको देखिन्छ। हिरासतमा रहेको कुनै व्यक्तिप्रति यातना, अमानवीय वा अपमानजनक कार्य हुन गएमा यातनाबाट पीडित व्यक्तिले क्षतिपूर्ति भराइ पाउनेतर्फ यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ६(१) ले व्यवस्था गरेबमोजिम पीडित व्यक्तिले कानूनी उपचारको माग गरी सम्बन्धित जिल्ला अदालतमा उजुर गर्नसक्ने गरी व्यवस्था भएपछि सो सहज कानूनी मार्ग अवलम्बन गरी उपचारको माग गर्नुपर्ने हुन्छ।

११. यसको अतिरिक्त आम सञ्चार माध्यमले प्रकाशन र प्रशारण गरेको विषयसमेतलाई निवेदकहरूले चुनौती दिएको देखिन्छ। आम सञ्चार माध्यमले कुनै पनि विषयको प्रकाशन र प्रशारण गर्दा सर्वसाधारण जनताको सदाचार, नैतिकता, सामाजिक मर्यादामा आघात पर्न जाने विषयवस्तु प्रकाशन गर्न नपाइने गरी छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा १४(ङ) ले निषेध गरेको देखिन्छ। निषेध गरेको कुरा आम सञ्चार माध्यमले प्रकाशन र प्रशारण गरेमा सोही ऐनको दफा २७ मा सजायको व्यवस्था भएपछि निवेदकहरूले माग गरेको विषयका सम्बन्धमा कानूनी व्यवस्था भइरहेको हुँदा कानूनले निषेध गरेको त्यस्तो कार्यको सम्बन्धमा पीडित पक्षले कानूनी मार्ग अवलम्बन गर्न नसक्ने भन्ने देखिन आएन।

१२. पक्राउ व्यक्तिको सार्वजनिकीकरणले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ ले प्रत्याभूत गरेको स्वतन्त्रताको हकमा प्रतिकूल असर परेको भन्ने दाबीतर्फ विचार गर्दा हिरासत वा थुनामा रहेका व्यक्तिका हकमा निजहरूलाई गर्नुपर्ने मानवोचित व्यवहारसँग स्वतन्त्रताको हकको विषय जोडी निवेदन गरेको देखिन्छ। कुनैपनि व्यक्ति फौजदारी कसुरमा हिरासतमा वा थुनामा रहेको अवस्थामा अरू व्यक्तिको भन्दा निजको वैयक्तिक स्वतन्त्रता केही हदसम्म नियन्त्रित हुन पुग्न जाने हुँदा वैयक्तिक स्वतन्त्रतालाई असीमित, अनियन्त्रित, पूर्ण र निरपेक्ष हकको रूपमा ग्रहण गर्न मिल्ने हुँदैन। हिरासतमा रहेका वा थुनामा रहेका व्यक्तिलाई मानवोचित र मर्यादित व्यवहार गर्नुपर्ने, यातना दिन नहुने दिएमा दण्डनीय हुने भन्ने विषयमा माथि विभिन्न प्रकरणहरूमा उल्लेख भइसकेको हुँदा यहाँ थप विवेचना गरिरहन परेन।

१३. माथि विवेचित आधार र कारणबाट अनुसन्धान, तहकिकात वा मुद्दा पुर्पक्षको निमित्त हिरासतमा वा थुनामा रहेका व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने, अमानवीय वा अपमानजनक कार्य भएमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा २६(२) मा भएको व्यवस्थाबमोजिम यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ६(१) ले उपचारको व्यवस्था गरेको र सर्वसाधारण जनताको सदाचार, नैतिकता, सामाजिक मर्यादामा आघात पर्न जाने विषयवस्तु प्रकाशन गर्न नपाइने गरी छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा १४(ङ) ले निषेध गरेको र उक्त निषेध गरेको कुरा आम सञ्चार माध्यमले प्रकाशन र प्रशारण गरेमा सोही ऐनको दफा २७ ले सजायको व्यवस्था गरेको हुँदा निषेध गरेको कार्य प्रशारण र प्रकाशन गरेको सम्बन्धमा पीडित पक्षले कानूनी मार्ग अवलम्बन गर्नसक्ने नै हुँदा निवेदन माग दाबीबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिएको हुँदा २०५९ सालको रिट नं. २७२९ खारेज हुने ठहर गरी मिति २०६२।११।२६ मा कायम भएको रूलिङ मिलेको देखिँदा उक्त रूलिङ कायम हुने ठहर्छ। उक्त रूलिङसँग असहमती व्यक्त गरेको यस

अदालतको संयुक्त इजलासको मिति २०६८।१।१९ को रूलिङसँग यो इजलास सहमत हुन नसकेकोले उक्त मिति २०६८।१।१९ को रूलिङ कायम नहुने ठहर्छ ।

१४. अतः माथि विवेचित आधार र कारणबाट संवैधानिक हक हनन् भएको भनी निवेदकहरूले माग गरेको विषयमा मौजूदा कानूनहरूले नै उपचारको व्यवस्था गरेको हुँदा मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था नदेखिएबाट प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई गराई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ।

उक्त रायमा हामी सहमत छौं ।
न्या. गोविन्दकुमार उपाध्याय
न्या. जगदीश शर्मा पौडेल

इजलास अधिकृत : विश्वनाथ भट्टराई
इति संवत् २०७२ साल आश्विन ७ गते रोज ५ शुभम् ।

निर्णय नं. ९५७७

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
आदेश मिति : २०७२।५।१६।४
०७१-WO-०००७

विषय : परमादेश

निवेदक : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.१० बानेश्वरमा अवस्थित रहेको वातावरणीय विकास तथा संरक्षण कानूनी मञ्चको तर्फबाट आफ्नो हकमा समेत ऐ.का अध्यक्ष ऐ.ऐ. बस्ने अधिवक्ता पदमबहादुर श्रेष्ठ

विरूद्ध

विपक्षी : काठमाडौं महानगरपालिकाको कार्यालय, बागदरबार, काठमाडौंसमेत

- **विकास र वातावरणको बिच आपसी सम्बन्ध हुने हुँदा विकास भावी पुस्ताको लागि बाधक नभई दिगो र समन्यायमा आधारित हुनु आवश्यक हुन्छ । स्वच्छ वातावरण मानव मात्रका लागि नभई सम्पूर्ण जैविक तथा वनस्पतिक प्रजातिको संरक्षणको लागि अपरिहार्य रहेको छ । वातावरणीय प्रदुषणको परिणाम स्वरूप जैविक विविधतामा ह्रास हुँदै जाने र त्यसको प्रत्यक्ष असर मानवलाई पर्ने हुँदा समस्त प्राणी जगत्को अस्तित्व स्वस्थ र स्वच्छ वातावरणमा मात्र सम्भव हुने हुन्छ । यी कुरालाई नीतिगतरूपमा नै**

वर्तमान नेपालको संविधानको धारा ५१ (छ) (५) मा "जनसाधारणमा वातावरणीय स्वच्छतासम्बन्धी चेतना बढाई औद्योगिक एवम् भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनिकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्धन र दिगो उपयोग गर्ने" भन्ने नीति अङ्गिकार गरेको देखिन्छ । सोही धाराको खण्ड (१) मा "राष्ट्रिय हितअनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्द्धन र वातावरणअनुकूल दिगोरूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने" भनी वातावरणीय न्यायको अवधारणालाई समेत आत्मसात् गरेको पाइने ।

(प्रकरण नं.७)

- प्रदुषण भनेको वातावरणीय ह्रास वा वातावरणीय क्षतिको द्योतक हो । वातावरण संरक्षण ऐन, २०५३ को दफा २(ख) मा "प्रदुषण भन्नाले वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्षरूपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुर्‍याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी पुर्‍याउने क्रियाकलाप सम्झनु पर्छ" भनी प्रदुषणको परिभाषा गरिएको छ । जसअनुसार प्रदुषणले प्रकृतिको स्वचालित वातावरणलाई परिवर्तन गर्ने, प्राकृतिक स्वच्छतामा ह्रास अथवा क्षति गरी मानवीय जीवनलाई प्रभावित गर्ने कार्य गर्दछ । मानिसको गुणात्मक जीवन कायम गर्न वातावरण प्रदुषणका कारकको रूपमा रहेका फोहरमैलाको उचित व्यवस्थापन गर्ने एवम् प्रदुषण नियन्त्रणको कार्यलाई सर्वाधिक प्राथमिकताको क्षेत्र मानिएको छ । वातावरणीय प्रदुषणको कारक तत्त्व विभिन्न प्रकारका फोहोर मैलाको सृजना र सोको उचित व्यवस्थापन हुन नसक्नु हो । वातावरणीय प्रदुषणले मानवीय एवम् समस्त प्राणीहरूको स्वास्थ्यमा गम्भीर असर गर्ने हुँदा स्वस्थ वातावरणमा बाँच्न पाउने हक जीवनको अधिकारसँग प्रत्यक्ष सम्बन्धित रहेको पाइने ।

(प्रकरण नं.८)

- पर्चा, पम्प्लेट, होर्डिङ्गबोर्ड जस्ता वस्तु आफैँमा फोहरमैला भएको हुँदा यसले वातावरणका विभिन्न अवयवहरू जस्तै जल, स्थल र वायु प्रदुषण गर्नुका साथै वातावरणको अर्को महत्त्वपूर्ण पक्ष दृश्यको समेत प्रदुषण गर्दछ । विभिन्न मानवीय तथा प्राकृतिक कारणबाट उत्पन्न हुने वातावरणीय असर वा क्षतिले आँखाको दृश्यमा पर्ने नकारात्मक असरजन्य अवस्था नै दृश्य प्रदुषण हो । सहरी क्षेत्रमा हुने उल्लिखित प्रदुषणजन्य फोहरमैलाको कारक तत्त्व मानवीय क्रियाकलाप नै मान्नुपर्ने हुन्छ । मानिसहरूको सर्वाधिक आवतजावत हुने स्थलहरूमा व्यवसायिक तथा राजनीतिक प्रयोजनका लागि राखिएका तथा टाँसिएका पर्चा, पम्प्लेट, होर्डिङ्गबोर्ड एवम् भित्ते लेखनले मानिसको दृश्यमा दिग्भ्रमित गर्ने, सवारी दुर्घटना बढाइ सुरक्षा व्यवस्थामा असर गर्ने, अनावश्यकरूपमा झिझ्याहट बढाउने,

सुसूचितभन्दा पनि गलत सूचना बढाउने, अतिरञ्जित सूचना दिने, सहरी विकास तथा पर्यटन विकासमा अवरोध गर्नुका साथै सुन्दर वातावरणलाई नै कुरूप बनाउने हुन्छ। महानगरपालिकाभित्र रहेका यस्ता प्रकारका फोहरमैलाहरू व्यवस्थित, मर्यादित, सुरक्षित एवम् सहरी सौन्दर्ययुक्त नहुनु वातावरणीय चिन्ता र चासोको विषय हो । महानगरक्षेत्रमा राखिने व्यवसायिक प्रचार सामग्री तथा होर्डिङ्गबोर्डलाई आम्दानीको हिसाबले मात्र नहेरी यसले सहरी विकास, सुरक्षा, सद्भाव, सहरी हरियाली, सामाजिक मूल्य र वातावरणमा पार्ने नकारात्मक प्रभावप्रति सचेत भई वातावरण संरक्षणका लागि आवश्यक कदम चाल्नुपर्ने हुन आउने ।

(प्रकरण नं.१२)

- **हावा, पानी, माटो, जीव जिवात्मा, वनस्पति, सम्पदा तथा संस्कृति सबै अवयवहरूको स्वचालित प्रणालीको सन्तुलनबाट स्वच्छ वातावरण कायम हुने हुँदा राज्य संयन्त्रका निकायहरू, नागरिक समाज, वातावरणको क्षेत्रमा क्रियाशील निवेदक जस्ता गैरसरकारी संस्थाहरू र समाजका हरेक व्यक्ति वातावरण संरक्षणका सरोकारवालाहरू हुन् । स्वच्छ र स्वस्थ वातावरणमा मात्र प्रत्येक व्यक्तिको जीवनको अस्तित्व सम्भव हुने र प्रत्येक व्यक्तिको सामुहिक प्रयासले मात्र वातावरणीय स्वच्छता कायम गर्न सकिने ।**

(प्रकरण नं.१७)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताहरू पदमबहादुर श्रेष्ठ, भुवनप्रसाद वाग्ले, राजु फुयाल, शान्ता पन्त, रामकुमार आचार्य

विपक्षीका तर्फबाट : विद्वान् अधिवक्ता रामप्रसाद भण्डारी

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २(ण), २(थ), दफा ३
- स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६

आदेश

स.प्र.न्या.कल्याण श्रेष्ठ : नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा १०७(२) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्रभित्रको भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छ :

वातावरणीय विकास तथा संरक्षण कानूनी मञ्च जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा २०६५ सालमा दर्ता भएपश्चात् समग्र वातावरणसम्बन्धी कानूनको कार्यान्वयन, प्रचार प्रसार र कानूनको निर्माण कार्यमा प्रत्यक्ष, अप्रत्यक्षरूपमा यस संस्थाको सम्पूर्ण कार्यसमिति र सदस्यहरू लागि परेका छौं । हाम्रो मूल उद्देश्य नै सम्बन्धित निकाय तथा व्यक्तिहरूलाई वातावरण संरक्षण, स्वच्छ वातावरण र वातावरण कानूनको पालना गराउन खबरदारी गर्नु रहेको छ । काठमाडौं महानगरपालिका क्षेत्रभित्र वातावरण संरक्षणका लागि सरसफाईसम्बन्धी कानूनको पालना गर्न विपक्षीहरूलाई मौखिकरूपमा अनुरोध गर्दासमेत बेवास्ता गरेकाले विपक्षी काठमाडौं महानगरपालिकाको कार्यालयमा गई अनधिकृतरूपमा लेखिएको भित्ते लेखन, टाँसिएको तथा झुण्डाएको पोस्टर, पम्प्लेट हटाई स्वच्छ नगर निर्माण गर्ने सम्बन्धमा कानूनको कार्यान्वयन गरिपाउँ भनी मिति २०७१।२।२२ मा लिखित निवेदन माग गरेका थियौं । निवेदन माग

दाबीअनुसार वातावरण संरक्षणका लागि पटकपटक अनुरोध गर्दासमेत कुनै वास्ता नभएकाले बाध्य भई प्रस्तुत निवेदन लिइआएको छु।

फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २ (ण) मा सार्वजनिक स्थलमा टाँसिएको पोस्टर, पम्प्लेटसमेत फोहरमैलाको परिभाषाभित्र पर्दछ भन्ने उल्लेख छ। ऐ. को दफा २(थ) मा फोहरमैला सङ्कलनको परिभाषा गर्दै सार्वजनिक स्थलमा टाँसिएको पोस्टर, पम्प्लेट उप्काई सङ्कलन गर्ने कार्यसमेत सम्झनु पर्छ भन्ने स्पष्ट उल्लेख छ, तर वर्षौंवर्षदेखि सार्वजनिक स्थलमा लेखिएको भित्ते लेखन, टाँसिएको पोस्टर, पम्प्लेट आजसम्म जस्ताको तस्तै रहेको छ। यसरी फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ को उपदफा (१) मा फोहरमैला प्रबन्ध गर्ने जिम्मेवारी स्थानीय निकायको हुनेछ भन्ने व्यवस्था भएकोमा विपक्षीहरूले फोहरमैला प्रबन्ध गर्ने जिम्मेवारी र कानूनी दायित्य पुरा गरेका छैनन्। यसरी नै विपक्षी फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्रको काम, कर्तव्य र अधिकारको विषयमा ऐ.को दफा २८(ख) मा फोहरमैला व्यवस्थापनको प्राविधिक पक्षको अनुगमन तथा मूल्याङ्कन गरी सोमा गर्नुपर्ने सुधारका सम्बन्धमा स्थानीय निकायलाई सुझाव दिने भन्ने कानूनमा स्पष्ट व्यवस्था भएकोमा माथि उल्लिखित अवस्थाले काठमाडौं सहर कुरूप बनिरहेको देख्दा पनि त्यसलाई अनुगमन पनि नगरेको र त्यसतर्फ आजसम्म सचेतसमेत गरेको नपाइएकोले विपक्षीहरूले कानूनको पालना नगरेको प्रस्ट छ।

त्यस्तै स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६ को उपदफा १(ग) को ६ मा नगरपालिका क्षेत्रमा सरसफाइको कार्यक्रम सञ्चालन गर्ने, गराउने भन्ने कानूनी व्यवस्था भएकाले विपक्षीहरूले आफ्नो क्षेत्रभित्रको सबै प्रकारको फोहरमैला सफा गर्ने र त्यसलाई व्यवस्थापन गर्ने दायित्व विपक्षीहरूको हो भनी नगरपालिकाको काम, कर्तव्य र अधिकार तोकिएको छ। वातावरण संरक्षण ऐन, २०५३ को दफा २ (ट) मा राष्ट्रिय सम्पदा भन्नाले वातावरणसँग सम्बन्धित कुनै वस्तु, स्थल, वनस्पति तथा जीवजन्तु सम्झनु पर्छ भन्ने छ। काठमाडौं महानगरपालिका क्षेत्रभित्र रहेको वस्तु, स्थल, वनस्पति तथा जीवजन्तुको संरक्षण, अनुगमन, निरीक्षण तथा सरसफाई गर्नु विपक्षीहरूको कानूनी दायित्व भएकोमा विवाद छैन। काठमाडौं महानगरपालिकाको १९ औं नगर परिषद्ले जारी गरेको विज्ञापन बोर्ड तथा प्रचार सामाग्री नियमन नीति, २०७० को ४ नं. को खण्ड (क) मा काठमाडौं महानगर क्षेत्रभित्रका सार्वजनिक स्थानहरूमा अनधिकृत ढङ्गले राखिएका सम्पूर्ण व्यवसायिक होर्डिङ बोर्डहरू तथा प्रचार सामाग्रीहरू हटाउने र उक्त स्थानहरूमा व्यवसायिक विज्ञापन बोर्ड तथा प्रचार सामाग्री राख्न पूर्णरूपमा निषेध गर्ने भन्ने उल्लेख छ। साथै ऐ.को (ख) मा महानगरभित्रका सबै प्रकारका निर्मित घर टहराको छत, कौशी, छानामा राखिएको सम्पूर्ण बोर्डहरू हटाउने र उक्त स्थानमा कुनै पनि प्रकारका प्रचारका सामाग्री तथा बोर्डहरू राख्न निषेध गर्ने भनी उल्लेख छ। उक्त नीतिसमेत हालसम्म कार्यान्वयन हुन सकेको छैन। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६(१) मा प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्ने हक हुनेछ भन्ने व्यवस्था रहेको छ। यसरी स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई बेवास्ता गर्दै विपक्षीहरूले वातावरणीय संरक्षणमा बेवास्ता गरी वातावरण संरक्षणसम्बन्धी कानूनको कार्यान्वयन गर्ने कार्यतिर कुनै पनि ध्यान नदिएको हुँदा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६(१), १०७(२) समेतका आधारमा प्रस्तुत निवेदन गर्न आएको छु।

काठमाडौं महानगरपालिकाका सम्पूर्ण क्षेत्रका पर्खालहरू, सडकमा राखिएका डिभाइडर, घरको कौशी, छाना, बिजुलीको पोलमा अनधिकृतरूपमा राजनीतिक एवम् व्यवसायिक नारा, विज्ञापन बोर्डहरू,

विज्ञापनहरू सहितका भित्ते लेखन, पोस्टर, पम्प्लेट टाँसिएको छ । त्यसलाई विपक्षीहरूले न त अनुगमन गरेका छन् न त त्यस्ता अनधिकृत कार्य निषेध नै गरेका छन् । यस्ता वस्तुहरू आफैँमा हानिकारक फोहरमैला भएकाले कानूनत: त्यस्ता फोहरमैलालाई सङ्कलन गरी व्यवस्थित गर्ने जिम्मा विपक्षी निकायहरूको हो । त्यस्तो कानूनी दायित्वबाट विमुख भई प्रत्येक जनता स्वच्छ, सफा, हराभरा भएको वातावरणमा बाँच्न पाउने, हिँड्न र रमाउन पाउने हकमा आघात भएको छ । यस्तो कार्यले काठमाडौं महानगरपालिकाभित्र स्वच्छ वातावरण कायम नहुने, जसले गर्दा दृश्य प्रदुषण भई जनस्वास्थ्यमा प्रत्यक्ष अप्रत्यक्ष असर पर्ने र पर्यावरणमा समेत प्रत्यक्ष असर परी पर्यटन व्यवसायमा समेत नकारात्मक असर परी अर्थतन्त्रमा प्रतिकूल प्रभाव पर्ने प्रस्ट छ । नीति निर्माण तहका निकायहरूबाट उचित अनुगमन तथा निर्देशनहरू प्रदान गरी स्वच्छ, सफा र सुन्दर सहर कायम राख्नुपर्ने वा राख्न लगाउनु पर्ने दायित्वबाट विमुख भएका छन् ।

अत: महानगरक्षेत्रभित्र अनधिकृतरूपमा लथालिङ्ग रहेको विज्ञापन बोर्ड सङ्कलन गर्ने, भएको फोहरमैलालाई सफा गर्ने एवम् प्रचलित वातावरणसम्बन्धी कानून र नीतिहरूको कार्यान्वयन गरी सुन्दर नगर बनाउने कानूनी दायित्व विपक्षीहरूको भएको हुँदा काठमाडौं महानगरपालिकाभित्र रहेको गैरकानूनी तथा अनधिकृत विज्ञापन बोर्ड हटाउनु पर्ने, भित्तेलेखन मेट्नुपर्ने, भित्तामा गैरकानूनीरूपले राखिएको र टाँसिएको पोस्टर, पम्प्लेट, बिजुलीको पोलमा रहेको विज्ञापन, होर्डिङ बोर्ड, सडकबिचमा राखिएको डिभाइडरमा टाँसिएका पोस्टर, पम्प्लेट उप्काई सङ्कलन गरी त्यस्ता फोहोरहरूको उचित व्यवस्थापन गर्नु र अब आइन्दा अनधिकृतरूपमा त्यस्ता कुनैपनि किसिमका फोहरहरू गर्न नदिई काठमाडौं महानगरक्षेत्रभित्रको कुरूप हटाइ तथा सुन्दरता जोगाउनु भनी विपक्षीहरूको नाममा परमादेशलगायत जो चाहिने आदेश जारी गरिपाऊँ । साथै, प्रस्तुत निवेदनमा अन्तिम आदेश हुँदासम्म माथि उल्लेख गरेअनुसार दृश्य प्रदुषणले काठमाडौं महानगरपालिकाको सुन्दरता गुमी कुरूप हुने भएकाले तत्काल नै उक्त स्वच्छ वातावरण कायम गर्ने कार्यको थालनी गर्नु गराउनु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन पत्र ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने ? १५ दिनभित्र विपक्षीहरूबाट लिखित जवाफ पेस गर्नु भनी सूचना पठाउनू । साथै निवेदकले अन्तरिम आदेशसमेत माग गरेको सम्बन्धमा विचार गर्दा साधारण अवस्थामा परमादेशको रिट निवेदनबाट अन्तरिम आदेश जारी गरिने प्रचलन कमैमात्र गरिने विषयवस्तुभित्र पर्ने भए तापनि निवेदकद्वारा निवेदनसाथ पेस गरिएका फोटोसमेतका सामाग्रीहरूबाट यो इजलास आफैँ मर्माहत भएको महसुस गर्दछ । यस स्थितिमा काठमाडौं महानगरपालिकाको सुन्दरतामा निखार ल्याउन पनि स्वच्छ वातावरण कायम गर्ने कार्यको थालनी तत्कालै गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ । यो आदेशको जानकारी विपक्षीहरूलाई शीघ्र दिई निस्सा मिसिल सामेल राख्नू । साथै प्रस्तुत निवेदन नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने हकसँग सम्बन्धित भई संवेदनशील देखिएकाले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६३(३)(च५) बमोजिम अग्राधिकार दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको एक न्यायाधीशको इजलासको मिति २०७१।४।१४ को आदेश ।

निवेदकले यस विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयलाई विपक्षी बनाई दायर गर्नुभएको

रिट निवेदनको विषयवस्तुसँग यस मन्त्रालयको काम, कर्तव्य तथा अधिकारक्षेत्र सम्बन्धित छैन। वातावरण संरक्षण ऐन, २०५३ को दफा ९(ख) बमोजिम राष्ट्रिय सम्पदाको संरक्षण गर्नु सम्बन्धित निकायको कर्तव्य हुने उल्लेख भएको तथा वातावरण संरक्षण नियमावली, २०५४ को नियम २ खण्ड (ख) बमोजिम सम्बन्धित निकाय भन्नाले ऐन वा यस नियमावलीमा उल्लिखित कामसँग सम्बन्धित नेपाल सरकारको कुनै मन्त्रालय सम्झनुपर्छ भन्ने उल्लेख छ। नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०६९ ले यस विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयलाई निश्चित कार्यक्षेत्र तोकिदिएको र त्यसरी तोकिदिएबमोजिमका काम, कर्तव्य तथा अधिकारक्षेत्रहरू जिम्मेवारीपूर्वक निर्वाह गर्न यस मन्त्रालय सदैव सचेत, सक्रिय र प्रतिबद्ध भएकाले यस मन्त्रालयलाई विपक्षी बनाएको हदसम्म निवेदन दाबी खारेजभागी छ। विपक्षी निवेदक स्वयम्ले आफ्नो निवेदनमा फोहरमैला व्यवस्थापन ऐन, २०६८ लाई आधार लिनुभएको देखिन्छ। उक्त ऐनको कार्यान्वयन गर्ने आधिकारिक निकाय यस मन्त्रालय नभएको र यस मन्त्रालयको के कुन काम कारवाहीका कारणबाट यस मन्त्रालयलाई विपक्षी बनाइयो वा यस मन्त्रालयले सम्पादन गरेका वा गर्ने के-कुन काम कारवाहीका विरूद्धमा रिट जारी हुनुपर्ने हो भन्ने सम्बन्धमा विपक्षीले स्पष्ट र बोधगम्य तथ्य, कारण र आधार दिन नसक्नु भएकाले यस मन्त्रालयको हकमा रिट निवेदन औचित्यपूर्ण देखिँदैन। तसर्थ, प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको लिखित जवाफ।

विपक्षी रिट निवेदकले दाबी लिनुभएको विषय गृह मन्त्रालयसँग सम्बन्धित नरहेको हुँदा यस मन्त्रालयलाई विपक्षी बनाउनु पर्ने कुनै कारण आधार नै छैन। केवल जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएको वातावरण विकास तथा संरक्षण कानूनी मञ्च नामक संस्था दर्ता गरेकै आधारमा मात्र यस मन्त्रालयलाई विपक्षी बनाइनु कानूनसङ्गत देखिँदैन। रिट निवेदक आफैँ उक्त संस्थाको सदस्यसमेत रहेको कुरालाई रिट निवेदनमा उल्लेख गरेकाले फोहरमैला व्यवस्थापन गर्ने निकायहरूसँग समन्वय गरी व्यवस्थापन गर्नुपर्नेमा त्यसो नगरी असम्बन्धित मन्त्रालयलाई प्रत्यर्थी बनाउनु परेको भन्ने कुनै आधारभूत तथ्य नै स्थापित हुन नसक्ने हुँदा प्रस्तुत रिट खारेजभागी छ, खारेज गरिपाउँ भन्ने व्यहोराको नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ।

आ.व. २०७०/७१ मा काठमाडौं महानगरपालिकाको बाइसौं नगर परिषद्बाट स्वीकृत विज्ञापन बोर्ड तथा प्रचार सामाग्री नियमन गर्ने नीति, २०७० जारी भएपश्चात् काठमाडौं महानगरपालिकाले सम्बद्ध सरोकारवालाहरूको निम्ति सार्वजनिक सूचना जारी गरी २०७० साल भाद्र १ गते व्यावसायिक होर्डिङ बोर्ड हटाउने अभियान प्रारम्भ गरियो। यसरी अभियान निरन्तर जारी राख्दा ८७४ थान घरको छत, कौशी र सार्वजनिक स्थानमा विज्ञापित व्यावसायिक होर्डिङ बोर्ड हटाई सकिएको छ। सोही नीतिअनुसार घरको झ्याल छोपी राखेका, होरिजेन्टल्ली राखिएका, प्रयोजनमा राखिएका, बिजुली तथा टेलिफोनको पोलमा राखिएका विज्ञापन सामग्री हटाउने कार्य भइरहेको छ। सहरको सौन्दर्यतामा अवरोध पुग्ने प्रकृतिका भित्ते लेखन, पम्प्लेट, पोस्टर तथा अन्य प्रचार सामग्री २०७१ साल भाद्र १५ गते हटाउन सम्बद्धहरूलाई १५ दिने सूचना पुन: प्रकाशन गरी पुन: सूचित गरिएको छ। सहरको स्वच्छता, सौन्दर्यता र हरियाली प्रवर्द्धन गर्न यस कार्यालयले विभिन्न नीतिगत निर्णय, कानूनी व्यवस्था र संस्थागत नियमनको प्रबन्ध गरी निरन्तर क्रियाशील छ। विगत २ वर्ष अगाडिको अवस्थाभन्दा आजको दिनमा सहरबाट व्यावसायिक होर्डिङ बोर्ड हटाउने कार्यमा गुणात्मक फड्को मारेको व्यहोरासमेत सम्मानित अदालतमा यस लिखित जवाफमार्फत

निवेदन गर्न चाहन्छौं । भित्ते लेखन, पोस्टर जस्ता दृश्य प्रदुषणसमेत गर्ने फोहरमैलाको प्रबन्ध एवम् व्यवस्थापनको लागि काठमाडौं महानगरपालिकाको कार्यालय र अन्तर्गतको निकायहरूले उपलब्ध स्रोत साधन एवम् जनशक्ति परिचालन गरी विभिन्न सञ्चार माध्यमहरूमार्फत जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी स्वच्छ, सफा र सुन्दर सहरको नारासहित कानूनबमोजिम कार्यसम्पादन गरी आएको छ।

विज्ञापन बोर्ड तथा प्रचार सामाग्री नियमन गर्ने नीति, २०७० काठमाडौं महानगरपालिकाको कार्यालयबाट जारी भएको तथ्य रिट निवेदनबाटै स्पष्ट हुन्छ । उक्त नीति हाल कार्यान्वयनको क्रममा छ । काठमाडौं महानगरपालिकाको उपलब्ध साधन, स्रोत, जनशक्ति, विनियोजित बजेट आदि पक्षको यकिन नै नगरी वातावरण संरक्षणमा उदासिन रहेको भनी दायर गरेको निवेदन व्यहोरा सत्यतामा आधारित छैन । फोहरमैला व्यवस्थापन गरि काठमाडौं महानगरपालिकाको सुन्दरतामा निखार ल्याउन काठमाडौं महानगरपालिकाको कार्यालय एवम् अन्तर्गतको निकायसँग हाल उपलब्ध स्रोत, साधन र जनशक्तिको परिचालनले मात्र सम्भव हुन सक्दैन। अर्थात् काठमाडौं महानगरपालिकाको एक्लो प्रयासले मात्र दृश्य प्रदुषण एवम् फोहर व्यवस्थापन हुन सक्दैन। स्वच्छ, सफा र सुन्दर महानगरपालिका बनाई सोलाई कायम राख्न रिट निवेदक एन.जि.ओ. जस्ता संस्थाहरू, प्रत्येक नगरवासी जागरूक हुन जरूरी छ । फोहर व्यवस्थापनको कार्यमा प्रत्येक नागरिक, घर, समाज एवम् निकायको सहयोग र साथ रहेको छ कि छैन भन्ने विषय अधिक महत्त्वपूर्ण हुने हुनाले प्रचलित कानूनको दायराभित्र रही आफ्नो दायित्व बहन गरिरहेको निकायलाई कानूनको अवज्ञा एवम् अपहेलना गरेको, कानून कार्यान्वयन नगरी महानगरपालिकालाई कुरूप बनाएको भनी ठोस र वस्तुगत आधार प्रमाणविना अनधिकृत फोटो एवम् भिडियो पेस गरी दायर भएको निवेदन र सो निवेदनको आधारमा जारी भएको अन्तरिम आदेश खारेज गरिपाउँ भन्ने व्यहोराको काठमाडौं महानगरपालिका, ऐ.को वातावरण विभाग र ऐ.को कानून महाशाखाको संयुक्त लिखित जवाफ।

विपक्षी रिट निवेदकले काठमाडौं महानगरपालिकाको क्षेत्रभित्र वातावरण संरक्षण गर्नुपर्ने विषयलाई लिई उठाउनु भएका जिकिरहरूप्रति सहरी विकास मन्त्रालय गम्भिर एवम् सदैव सचेत रहेको छ। नेपाल सरकार, कार्यविभाजन नियमावलीले यस मन्त्रालयलाई सहरी क्षेत्रको विकासको लागि नीति निर्माणलगायत महत्त्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ। उक्त जिम्मेवारी पुरा गर्न यस मन्त्रालयबाट अन्य विभिन्न निकायहरूसँग समन्वय गरी समग्र सहरी क्षेत्रको विकास, सहरी पूर्वाधार विकास र सहरी सुन्दरतालगायतका विषयमा विभिन्न नीतिगत व्यवस्था गरी सोबमोजिम विभिन्न कार्यक्रमहरू समेत सञ्चालन गरिरहेको व्यहोरा सम्मानित अदालतसमक्ष अवगत गराउँदछु। रिट निवेदकले उल्लेख गर्नुभएका विषयहरूलाई पनि यस मन्त्रालयले गम्भिररूपमा लिएको र सरोकारवाला अन्य निकायहरूसँग समन्वय गरी सहरी वातावरण संरक्षण गर्ने कार्यमा निरन्तररूपमा लागिरहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको सहरी विकास मन्त्रालयको लिखित जवाफ।

फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २८ ले यस केन्द्रको काम, कर्तव्य र अधिकारको बारेमा प्रस्टरूपमा व्यवस्था गरेको छ । मुख्यरूपमा केन्द्रको काम, कर्तव्य नगरपालिकाहरूलाई फोहरमैला व्यवस्थापनमा प्राविधिक सहयोग उपलब्ध गराउने, प्रविधिको आयात, विस्तार तथा प्रचारप्रसार गर्ने, फोहरमैला व्यवस्थापनसम्बन्धी अध्ययन, अनुसन्धान गर्ने गराउने, हानिकारक स्वास्थ्य रासायनिक फोहरमैलाको व्यवस्थापनका लागि सम्बन्धित

निकायको ध्यानाकर्षण गराउने, फोहरमैलाको प्रकृतिको आधारमा त्यसको उत्पादन र न्यूनिकरण गर्ने तरिकाको पहिचान तथा विकास गरी अवलम्बन गर्न प्रोत्साहन गर्ने, फोहरमैला व्यवस्थापनको प्राविधिक पक्षको अनुगमन तथा मूल्याङ्कन गरी सोमा गर्नुपर्ने सुधारका सम्बन्धमा स्थानीय निकायलाई सुझाव दिनेलगायतका काम, कर्तव्यहरू तोकिएकामा सोहीबमोजिम नै यस केन्द्रले आफ्ना गतिविधिहरू सञ्चालन गरिरहेको व्यहोरा अनुरोध छ।

काठमाडौं उपत्यकालगायत देशका प्रमुख सहरहरू र ती सहरका मुख्य क्षेत्र एवम् सार्वजनिक स्थलहरूमा जथाभावी होर्डिङ बोर्ड राख्ने र पोस्टर, पम्प्लेट टाँस्ने कार्यले सहरी सौन्दर्यता र वातावरणमा समेत गम्भिर ह्रास ल्याएको सन्दर्भमा समेत विभिन्न समयमा केन्द्रले नगरपालिकाहरूलाई त्यसरी अनधिकृतरूपमा पोस्टर, पम्प्लेट टाँस्ने र होर्डिङ बोर्ड राख्ने कार्यलाई निरूत्साहित गर्न र सोको व्यवस्थापन गर्नेतर्फ समेत आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नगरपालिकाहरूलाई पत्राचार गरिएको छ। अत: फोहरमैला व्यवस्थापन ऐन, २०६८ ले निर्दिष्ट गरेका काम, कर्तव्य यस केन्द्रले निर्वाह गरिरहेको र फोहरमैला व्यवस्थापनका विविध पक्ष पोस्टर, पम्प्लेट, होर्डिङ बोर्ड हटाउने र व्यवस्थापन गर्ने कार्यमा समेत केन्द्रले नगरपालिकाहरूलाई पत्राचार गरी जानकारी एवम् सुझाव दिइरहेकाले केन्द्रको नाममा निवेदन मागबमोजिमको आदेश जारी हुनु नपर्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्रको लिखित जवाफ।

प्रस्तुत रिट निवेदनका सम्बन्धमा भित्ते लेखन, पोस्टरजस्ता दृश्य प्रदुषण एवम् फोहरमैलाको प्रबन्ध तथा व्यवस्थापनको लागि यस कार्यालयको निर्देशन र समन्वयसमेतमा उपलब्ध स्रोत, साधन र जनशक्ति परिचालन गरी गराई विभिन्न सञ्चार माध्यमहरूमार्फत जनचेतनामुलक कार्यक्रम सञ्चालन गरी स्वच्छ, सफा र सुन्दर सहरको नारासहित कानूनबमोजिमको कार्य सम्पादन गर्दै गराउँदै आइरहेको अवस्थामा वातावरणमा प्रत्यक्ष असर पर्ने गरी कानूनको उल्लङ्घन, अवज्ञा गरी कानून कार्यान्वयन नगरेको भनी दायर गरेको निवेदन व्यहोरा सत्यतामा आधारित छैन। वातावरण संरक्षण, स्वच्छ वातावरण र वातावरण कानूनको पालना गर्न गराउन खबरदारी गरी प्रचलित कानूनको दायराभित्र रही आफ्नो दायित्व बहन गरिरहेको निकायलाई कानूनको अवज्ञा एवम् अपहेलना गरेको, कानूनको पालना नगरेको भनी वस्तुगत आधार प्रमाणबिना दायर गरेको रिट निवेदन एवम् सो निवेदनको आधारमा जारी भएको अन्तरिम आदेशसमेत खारेज गरिपाउँ भन्ने जिल्ला प्रशासन कार्यालय, काठमाडौंको लिखित जवाफ।

रिट निवेदकले आफ्नो निवेदनमा यस मन्त्रालयको के कस्तो काम, कारवाही वा निर्णयबाट निजको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकार हनन् हुन गएको हो भन्ने सम्बन्धमा कुनै कुरा उल्लेख गर्न सक्नुभएको छैन। फोहरमैला व्यवस्थापन ऐन, २०६८ ले फोहरमैलाको प्रबन्ध तथा व्यवस्थापन गर्ने जिम्मेवारी र दायित्व स्थानीय निकायलाई तोकेबमोजिम स्थानीय निकायबाट फोहरमैला व्यवस्थापनको कार्य भइरहेको सर्वविदितै छ। स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ८० बमोजिम स्थापित नगरपालिका ऐ. ऐनको दफा ८१ अनुसार एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित सङ्गठित संस्था भएको स्पष्ट छ। साथै सोही ऐनको दफा २६२ मा स्थानीय स्वायत्त शासन ऐनबमोजिम गाउँ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समितिलाई प्राप्त अधिकार उक्त ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक ती निकायहरूले नै प्रयोग गर्नुपर्ने कानूनी व्यवस्था रहेबाट स्वायत्त नगरपालिकाबाट कानूनबमोजिम फोहरमैला व्यवस्थापनको काम भइरहेको अवस्थामा

यस मन्त्रालयबाट निर्देशन दिइरहनुपर्ने अवस्थासमेत नहुँदा विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको लिखित जवाफ ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री पदमबहादुर श्रेष्ठ, श्री भुवनप्रसाद वाग्ले, श्री राजु फुयाल, श्री शान्ता पन्त, श्री रामकुमार आचार्यले काठमाडौं महानगरपालिकाको सडकमा राखिएका डिभाइडर, घरको कौशी, छाना, बिजुलीको पोल एवम् पर्खालहरूमा अनधिकृतरूपमा विभिन्न राजनीतिक एवम् व्यवसायिक नारा, विज्ञापन बोर्डहरू, भित्ते लेखन, पोस्टर, पम्प्लेटसमेतले दृश्य प्रदुषणलगायतका अन्य वातावरणीय प्रदुषण भएको छ । महानगरपालिकामा व्याप्त उक्त वातावरणीय प्रदुषणलाई विपक्षीहरूले नत अनुगमन गरेका छन् न त त्यस्ता अनधिकृत कार्य निषेध नै गरेका छन् । यसबाट प्रत्येक व्यक्तिको स्वच्छ, सफा र हराभरा भएको वातावरणमा बाँच्न, हिँड्न र रमाउन पाउने हकमा आघात भएको छ । वातावरण प्रदुषण गर्ने उक्त फोहरमैलालाई सङ्कलन गरी व्यवस्थित गर्ने कानूनी दायित्व विपक्षी निकायहरूको हो । काठमाडौं महानगरपालिकाभित्र रहेको अनधिकृत विज्ञापन बोर्ड हटाउन, भित्तेलेखन मेट्न, घर पर्खाल सडकका डिभाइडर आदिमा टाँसिएको पोस्टर, पम्प्लेट उप्काई सङ्कलन गरी त्यस्ता फोहोरहरूको उचित व्यवस्थापन गर्न र त्यस्ता कुनैपनि किसिमका फोहरहरू गर्न नदिई काठमाडौं महानगरपालिकालाई सुन्दर र स्वच्छ बनाउन विपक्षीहरूको नाममा परमादेशलगायत आवश्यक आदेश जारी हुनुपर्दछ भनी गर्नुभएको बहस सुनियो ।

प्रत्यर्थी काठमाडौं महानगरपालिकासमेतका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री रामप्रसाद भण्डारीले काठमाडौं महानगरपालिकाको कार्यालय र अन्तर्गतको निकायहरूले उपलब्ध स्रोत साधन एवम् जनशक्ति परिचालन गरी स्वच्छ, सफा र सुन्दर सहरको नारासहित वातावरण संरक्षणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् । काठमाडौं महानगरपालिकाले विज्ञापन बोर्ड तथा प्रचार सामाग्री नियमन गर्ने नीति, २०७० जारी गरी उक्त नीति हाल कार्यान्वयनको क्रममा छ । काठमाडौं महानगरपालिकाको उपलब्ध साधन, स्रोत, जनशक्ति, विनियोजित बजेट र सोबमोजिम सम्पादन गरेको कार्य आदि पक्षको यकिन नै नगरी वातावरण संरक्षणमा उदासिन रहेको भनी दायर गरेको निवेदन व्यहोरा सत्यतामा आधारित छैन । काठमाडौं महानगरपालिकाको एक्लो प्रयासले मात्र दृश्य प्रदुषणलगायतका अन्य वातावरणीय प्रदुषणको व्यवस्थापन सम्भव छैन । स्वच्छ, सफा र सुन्दर नगर बनाई सोलाई कायम राख्न रिट निवेदक जस्ता संस्थाहरू, अन्य सरकारी तथा गैरसरकारी निकायहरू र प्रत्येक नगरवासी जागरूक हुन जरूरी छ । अतः महानगरपालिकाले आफ्नो कानूनबमोजिमको दायित्व तथा जिम्मेवारीअनुरूप नगरभित्रको वातावरणीय स्वच्छता कायम गर्ने कार्य गरी आएको हुँदा प्रस्तुत निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहस सुनियो ।

उल्लिखित बहस सुनी मिसिलसमेत अध्ययन गरी हेर्दा प्रस्तुत रिटमा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो होइन भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा निवेदकले प्रस्तुत रिट निवेदनमा काठमाडौं महानगरपालिकाभित्र रहेका घरको कौशी, छत, पर्खाल, बिजुलीको पोल एवम् सडकमा राखिएका डिभाइडरहरूमा अनधिकृत एवम् अनियन्त्रितरूपमा विभिन्न राजनीतिक एवम् व्यवसायिक नारासहितका भित्ते लेखन, पोस्टर, पम्प्लेट, विज्ञापन बोर्डहरू समेतले दृश्य प्रदुषणलगायतका अन्य वातावरणीय प्रदुषण भएकोमा

प्रदुषण हटाउने कानूनी दायित्व भएका विपक्षीहरूले फोहरको उचित व्यवस्थापन नगरेको हुँदा प्रत्येक व्यक्तिको स्वच्छ वातावरणमा बाँच्न पाउने हकमा आघात भएकोले त्यस्ता फोहोरहरूको उचित व्यवस्थापन गरी महानगरपालिकाको सुन्दरता र स्वच्छता कायम गर्न विपक्षीहरूको नाममा परमादेश जारी गरिपाउँ भनी माग गरेको पाइन्छ । विपक्षीतर्फको लिखित जवाफमा काठमाडौं महानगरपालिकाको वातावरणीय स्वच्छता कायम गर्न उपलब्ध स्रोत, साधन, जनशक्ति र बजेटको समुचित परिचालन गरी आएको र महानगरपालिकाको एक्लो प्रयासले मात्र दृश्य प्रदुषणलगायतका अन्य वातावरणीय प्रदुषणको व्यवस्थापन सम्भव नहुने र सबै सरकारी निकाय तथा गैरसरकारी संस्थाहरू र प्रत्येक नागरिक स्वयम् जागरूक भई महानगरपालिकाभित्रको वातावरणीय स्वच्छता कायम गर्ने कार्यमा क्रियाशील हुन जरूरी भएको हुँदा प्रस्तुत निवेदन खारेज गरिपाउँ भनी उल्लेख गरेको पाइन्छ ।

३. निवेदकले प्रस्तुत रिट निवेदनमा मूलतः काठमाडौं महानगरपालिकाको विभिन्न स्थानहरूमा रहेका पर्चा, पम्प्लेट, भित्तेलेखन र अनधिकृत विज्ञापनबोर्ड आदिले वातावरण प्रदुषण गरी व्यक्तिको स्वच्छ वातावरणमा बाँच्न पाउने जीवनको अधिकार नै हनन हुन गएको भन्ने उल्लेख गरेको देखिन्छ । बाँच्न पाउने अधिकार अर्थात् जीवनको अधिकार (Right to life) लाई आधारभूत मानव अधिकार मानिन्छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र (Universal Declaration of Human Rights, १९४८) को धारा ३ ले प्रत्येक व्यक्तिलाई जीवन, स्वतन्त्रता र सम्पत्तिको अधिकार हुनेछ (Everyone has the right to life, liberty and security of person) भनी तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (International Covenant on Civil and Political Rights, १९६६) को धारा ६ ले प्रत्येक व्यक्तिलाई जीवनको अन्तरनिहित अधिकार छ (Every human being has the inherent right to life..) भनी जीवनको अधिकारलाई विशेष महत्त्व दिएको पाइन्छ ।

४. विश्वमा विभिन्न मुलुकहरूमा विकासको नाममा प्राकृतिक सम्पदाहरूको अधिक र अनियन्त्रित दोहनले एकातिर दिगो विकास नै प्रतिकूलरूपले प्रभावित हुने प्रवृत्ति खडा भएको छ भने अर्कातर्फ भौतिक विकास एवम् औद्योगिक उत्पादनयुक्त वस्तु तथा गतिविधिहरूबाट जल, वायु र भूमि सबै प्रदुषित हुन थालेको तथ्यबाट सचेत भएर विश्वव्यापीरूपमा नै स्वच्छ वातावरणको पक्षमा आवाज उठाउन थालिएको करिब ४ दशकभन्दा बढी भइसकेको छ । संयुक्त राष्ट्र संघको तत्त्वावधानमा जीवन र वातावरणबिचको अन्तरनिर्भरतालाई मध्यनजर राखेर स्टकहोममा सन् १९७२ मा संयुक्त राष्ट्र संघीय मानव वातावरणसम्बन्धी सम्मेलन (United Nations Conference on Human Environment) सम्पन्न भई सम्मेलनबाट विभिन्न २६ वटा सिद्धान्तसहितको स्टकहोम घोषणा पत्र (Stockholm Declaration) जारी भएको थियो जुन वातावरण संरक्षणको लागि कोशेढुङ्गा साबित भएको छ । उक्त घोषणा पत्रको सिद्धान्त नं. १ ले सम्मानयुक्त र स्वच्छ जीवन जीउनको लागि आवश्यक उचित वातावरणमा मानिसलाई स्वतन्त्रता, समानता र आधारभूत आवश्यकताहरू सहित जीउन पाउने हक रहन्छ र उसँग वातावरणलाई वर्तमान तथा भावी पिँढीसमेतको लागि संरक्षण र सम्बर्द्धन गर्ने पवित्र उत्तरदायित्व पनि रहन्छ (Man has the fundamental right to freedom, equality and adequate condition of life, in an environment of a quality that permits a life of dignity and well-being, and he bears a solemn responsibility to protect and improve the environment for present and future generations) भनेको पाइन्छ । त्यस्तै

संयुक्त राष्ट्र संघको आयोजनामा सन् १९९२ मा सम्पन्न वातावरण र विकाससम्बन्धी संयुक्त राष्ट्र संघीय सम्मेलन (United Nations Conference on Environment and Devlopment) ले पारित गरेको विभिन्न २७ सिद्धान्तसहितको रियो घोषणा पत्र (Rio Declaration) एवम् एजेन्डा २१ (Agenda २१) ले दिगो विकास साथै स्वच्छ वातावरणमा बाँच्ने हकलाई जोड दिएको पाइन्छ । वातावरण संरक्षणको क्षेत्रमा संयुक्त राष्ट्र संघको तत्त्वावधानमा विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरू भएका र अधिकांश महासन्धिको नेपाल पक्ष राष्ट्रसमेत रहेको छ ।

५. वातावरण र मानव जीवनको पारस्परिक सम्बन्धलाई दृष्टिगत गरेर वर्तमान विश्वमा स्वच्छ वातावरणको हकलाई मानव अधिकारको रूपमा स्वीकार गरेको पाइन्छ भने प्राय: सबै मुलुकहरूले आफ्नो देशको संविधानमा स्वच्छ तथा स्वस्थ वातावरणको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरी वातावरण संरक्षण सम्बन्धमा कानूनी र संस्थागत संयन्त्रको निर्माण गरेको पाइन्छ । हाम्रो देशमा पनि प्रत्यक्ष र अप्रत्यक्षरूपमा कैयन कानूनमा वातावरण संरक्षणसम्बन्धी व्यवस्था रहेको पाइन्छ । विशेष कानूनको रूपमा भने वातावरण संरक्षण ऐन, २०५३ जारी भई ऐनका प्रावधानहरूको कार्यान्वयनको लागि कार्यविधिगत व्यवस्थासहितको वातावरण संरक्षण नियमावली, २०५४ समेत निर्माण भएको पाइन्छ । उक्त ऐनले दफा २(क) मा वातावरणका सम्बन्धमा "वातावरण भन्नाले प्राकृतिक, साँस्कृतिक र सामाजिक प्रणालीहरू, आर्थिक तथा मानवीय क्रियाकलापहरू र यिनका अवयवहरू तथा ती अवयवहरूको बिचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनु पर्छ" भनी परिभाषित गरेको छ ।

६. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६ मा वातावरण तथा स्वास्थ्यसम्बन्धी हकको व्यवस्था गरी उक्त धाराले प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्न पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ । वर्तमान नेपालको संविधानको धारा ३० मा स्वच्छ वातावरणको हकको व्यवस्था भई उक्त धाराको उपधारा (१) मा प्रत्येक नागरिकलाई स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भन्ने व्यवस्था रहेको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३५ को उपधारा (५) मा राज्यले वातावरण स्वच्छ राख्न आवश्यक व्यवस्था गर्नेछ । जनसाधारणमा वातावरणीय स्वच्छताको चेतना बढाई भौतिक विकाससम्बन्धी क्रियाकलापहरूद्वारा वातावरणमा प्रतिकूल असर पर्न नदिन एवम् वातावरण तथा दुर्लभ वन्यजन्तुको विशेष संरक्षणमा राज्यले प्राथमिकता दिनेछ भन्ने व्यवस्था रहेको छ ।

७. विकास र वातावरणको बिच आपसी सम्बन्ध हुने हुँदा विकास भावी पुस्ताको लागि बाधक नभई दिगो र समन्यायमा आधारित हुनु आवश्यक हुन्छ । स्वच्छ वातावरण मानव मात्रका लागि नभई सम्पूर्ण जैविक तथा वनस्पतिक प्रजातिको संरक्षणको लागि अपरिहार्य रहेको छ । वातावरणीय प्रदुषणको परिणाम स्वरूप जैविक विविधतामा ह्रास हुँदै जाने र त्यसको प्रत्यक्ष असर मानवलाई पर्ने हुँदा समस्त प्राणी जगत्को अस्तित्व स्वस्थ र स्वच्छ वातावरणमा मात्र सम्भव हुने हुन्छ । यी कुरालाई नीतिगतरूपमा नै वर्तमान नेपालको संविधानको धारा ५१ (छ) (५) मा "जनसाधारणमा वातावरणीय स्वच्छतासम्बन्धी चेतना बढाई औद्योगिक एवम् भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनिकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्धन र दिगो उपयोग गर्ने" भन्ने नीति अङ्गिकार गरेको देखिन्छ । सोही धाराको खण्ड (१) मा "राष्ट्रिय हितअनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्द्धन र वातावरणअनुकूल दिगोरूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई

प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने" भनी वातावरणीय न्यायको अवधारणालाई समेत आत्मसात् गरेको पाइन्छ।

८. प्रदुषण भनेको वातावरणीय ह्रास वा वातावरणीय क्षतिको द्योतक हो । वातावरण संरक्षण ऐन, २०५३ को दफा २(ख) मा "प्रदुषण भन्नाले वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्षरूपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुर्‍याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी पुर्‍याउने क्रियाकलाप सम्झनु पर्छ" भनी प्रदुषणको परिभाषा गरिएको छ । जसअनुसार प्रदुषणले प्रकृतिको स्वचालित वातावरणलाई परिवर्तन गर्ने, प्राकृतिक स्वच्छतामा ह्रास अथवा क्षति गरी मानवीय जीवनलाई प्रभावित गर्ने कार्य गर्दछ । मानिसको गुणात्मक जीवन कायम गर्न वातावरण प्रदुषणका कारकको रूपमा रहेका फोहरमैलाको उचित व्यवस्थापन गर्ने एवम् प्रदुषण नियन्त्रणको कार्यलाई सर्वाधिक प्राथमिकताको क्षेत्र मानिएको छ । वातावरणीय प्रदुषणको कारक तत्त्व विभिन्न प्रकारका फोहोर मैलाको सृजना र सोको उचित व्यवस्थापन हुन नसक्नु हो । वातावरणीय प्रदुषणले मानवीय एवम् समस्त प्राणीहरूको स्वास्थ्यमा गम्भीर असर गर्ने हुँदा स्वस्थ वातावरणमा बाँच्न पाउने हक जीवनको अधिकारसँग प्रत्यक्ष सम्बन्धित रहेको छ।

९. निवेदक वातावरण संरक्षण जस्तो सार्वजनिक हक वा हितको क्षेत्रमा काम गर्ने संस्था भएको हुनाले व्यक्तिगत हक वा हितको लागि नभई सार्वजनिक सरोकारको विषयमा प्रस्तुत रिट दायर गरेको देखिन्छ । काठमाडौं महानगरपालिकाको विभिन्न स्थानहरूमा यत्रतत्ररूपमा पर्चा, पम्प्लेट, भित्तेलेखन र अनधिकृत विज्ञापनबोर्ड रहेको कुरा निवेदकले प्रस्तुत रिट निवेदन दायर गर्दाका बखत एवम् यस इजलाससमक्ष बहसको क्रममा पेस भएका तस्विरहरूबाट देखिएको छ । महानगरपालिकाभित्र उक्त प्रकृतिको वातावरणीय प्रदुषण रहेको तथ्यमा विमति नजनाई त्यसलाई उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गरी व्यवस्थापन गर्ने कार्य भइरहेको भन्ने विपक्षीतर्फको लिखित जवाफ रहेको छ।

१०. फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २(ण) मा फोहोरमैलाको परिभाषा गरिएको छ । जसअनुसार "फोहरमैला" भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्याँस, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरू लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरू वा ***अनधिकृतरूपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्प्लेट*** र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएको अन्य वस्तुसमेतलाई जनाउनेछ" भनी उल्लेख भएको पाइन्छ।

११. त्यस्तै सोही ऐनको दफा २ (थ) मा "फोहोरमैला संकलन भन्नाले फोहरमैला उत्पादन स्थलबाट उठाउने, घरबाट उठाउने, घरबाट सङ्कलन गर्ने, सार्वजनिक स्थलमा रहेको फोहरमैला बढार्ने, थुपार्ने, झारपात उखेल्ने तथा ***अनधिकृतरूपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्प्लेट उप्काई सङ्कलन गर्ने*** कार्य सम्झनु पर्छ" भन्ने कानूनी व्यवस्था रहेको छ । यसरी प्रचलित कानूनले अनधिकृतरूपमा सार्वजनिक स्थलमा टाँसिएका पोस्टर पम्प्लेट आदिलाई फोहोरमैलाको परिभाषाभित्र समेटेको पाइन्छ।

१२. पर्चा, पम्प्लेट, होर्डिङ्गबोर्ड जस्ता वस्तु आफैँमा फोहरमैला भएको हुँदा यसले वातावरणका विभिन्न अवयवहरू जस्तै जल, स्थल र

वायु प्रदुषण गर्नुका साथै वातावरणको अर्को महत्त्वपूर्ण पक्ष दृश्यको समेत प्रदुषण गर्दछ । विभिन्न मानवीय तथा प्राकृतिक कारणबाट उत्पन्न हुने वातावरणीय असर वा क्षतिले आँखाको दृश्यमा पर्ने नकारात्मक असरजन्य अवस्था नै दृश्य प्रदुषण हो । सहरी क्षेत्रमा हुने उल्लिखित प्रदुषणजन्य फोहरमैलाको कारक तत्त्व मानवीय क्रियाकलाप नै मान्नुपर्ने हुन्छ । मानिसहरूको सर्वाधिक आवतजावत हुने स्थलहरूमा व्यवसायिक तथा राजनीतिक प्रयोजनका लागि राखिएका तथा टाँसिएका पर्चा, पम्प्लेट, होर्डिङ्गबोर्ड एवम् भित्ते लेखनले मानिसको दृश्यमा दिग्भ्रमित गर्ने, सवारी दुर्घटना बढाई सुरक्षा व्यवस्थामा असर गर्ने, अनावश्यकरूपमा झिझ्याहट बढाउने, सुसूचितभन्दा पनि गलत सूचना बढाउने, अतिरञ्जित सूचना दिने, सहरी विकास तथा पर्यटन विकासमा अवरोध गर्नुका साथै सुन्दर वातावरणलाई नै कुरूप बनाउने हुन्छ । महानगरपालिकाभित्र रहेका यस्ता प्रकारका फोहरमैलाहरू व्यवस्थित, मर्यादित, सुरक्षित एवम् सहरी सौन्दर्ययुक्त नहुनु वातावरणीय चिन्ता र चासोको विषय हो । महानगरक्षेत्रमा राखिने व्यवसायिक प्रचार सामग्री तथा होर्डिङ्गबोर्डलाई आम्दानीको हिसाबले मात्र नहेरी यसले सहरी विकास, सुरक्षा, सद्भाव, सहरी हरियाली, सामाजिक मूल्य र वातावरणमा पार्ने नकारात्मक प्रभावप्रति सचेत भई वातावरण संरक्षणका लागि आवश्यक कदम चाल्नुपर्ने हुन्छ ।

१३. फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहरमैलाको प्रबन्ध गर्ने जिम्मेवारी स्थानीय निकायको हुने भन्ने व्यवस्था भएको पाइन्छ । त्यस्तै सोही ऐनको दफा ४ को उपदफा (१) मा यस ऐनबमोजिम फोहोरमैला व्यवस्थापन गर्ने गराउने दायित्व स्थानीय निकायको हुनेछ भन्ने व्यवस्था रहेको छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६ मा नगरपालिकाको काम, कर्तव्य र अधिकारअन्तर्गत उपदफा १ को खण्ड (ग) मा नगरपालिका क्षेत्रमा हुने जल, वायु तथा ध्वनि प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने, नगरपालिका क्षेत्रमा सरसफाइको कार्यक्रम सञ्चालन गर्ने गराउने, फोहरमैला सङ्कलन, ढुवानी तथा तह लगाउनेसम्बन्धी कामको सञ्चालन र व्यवस्थापन गर्ने गराउनेसमेतका कानूनी दायित्व सम्बन्धित नगरपालिकालाई तोकिएको पाइन्छ । उल्लिखित कानूनी व्यवस्थाअनुसार महानगरपालिका क्षेत्रमा विभिन्न कारणबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन गर्ने गराउने कार्य गरी वातावरण संरक्षण गर्ने कानूनी दायित्व महानगरपालिकामा रहेको पाइन्छ ।

१४. विपक्षीमध्येका काठमाडौं महानगरपालिकाले विज्ञापन बोर्ड तथा प्रचार सामग्री नियमन गर्ने नीति, २०७० जारी गरेको कुरा मिसिल संलग्न उक्त नीतिको प्रतिलिपिबाट देखिन्छ । उक्त नीतिको मुख्य उद्देश्य विज्ञापन बोर्ड तथा प्रचार सामग्रीको मापदण्ड तोक्ने, सार्वजनिक जग्गा ऐतिहासिक सम्पदाको संरक्षण गर्दै वातावरण संरक्षणमा जोड दिने, महानगर क्षेत्रमा अनुमति नलिई कुनै पनि प्रकारका विज्ञापनयुक्त तथा प्रचारयुक्त सामग्री राख्न नपाउने व्यवस्था गर्ने आदि रहेको देखिन्छ । उक्त नीतिमा काठमाडौं महानगर क्षेत्रभित्रका सार्वजनिक स्थानहरूमा अनधिकृत ढङ्गले राखिएका सम्पूर्ण व्यवसायिक होर्डिङ बोर्डहरू तथा प्रचार सामाग्रीहरू हटाउने र उक्त स्थानहरूमा व्यवसायिक विज्ञापन बोर्ड तथा प्रचार सामाग्री राख्न पूर्णरूपमा निषेध गर्ने भन्ने उल्लेख भएको देखिन्छ । साथै महानगरभित्रका सबै प्रकारका निर्मित घर टहराको छत, कौशी, छानामा राखिएको सम्पूर्ण बोर्डहरू हटाउने र उक्त स्थानमा कुनै पनि प्रकारका प्रचारका सामाग्री तथा बोर्डहरू राख्न निषेध गर्ने, रोड डिभाइडरमा विज्ञापन गर्न पूर्णरूपमा निषेध गर्ने भन्नेसमेत उल्लेख भएको पाइन्छ ।

१५. महानगरपालिकाले आफ्नो स्रोत र साधनले भ्याएसम्म निवेदकले उल्लेख गरेका

फोहरमैलाको व्यवस्थापन गरी वातावरण संरक्षण गर्ने गराउने कार्य गरी आएको भनी लिखित जवाफमा उल्लेख गरेको देखिन्छ। महानगरपालिकाले विज्ञापन बोर्ड तथा प्रचार सामग्री नियमन गर्ने नीति, २०७० जारी गरेको देखिनुका साथै उक्त नीति जारी भएपश्चात् सार्वजनिक सूचना जारी गरी व्यवसायिक होर्डिङ्ग बोर्ड, पोस्टर, पम्प्लेट, भित्ते लेखन तथा अन्य प्रचार सामग्री हटाउन सम्बद्धहरूलाई सूचित गरी स्वयम् महानगरपालिकाले त्यस्ता सामग्री हटाउने कार्यको थालनी अभियानको रूपमा गरिएको भन्नेसमेत महानगरपालिकाको लिखित जवाफबाट देखिन्छ । तथापि प्रदुषण नियन्त्रणमा वाञ्छित प्रगति हुन नसकेको तथ्यलाई विपक्षीतर्फबाट स्वीकार गरिएको पाइन्छ । महानगरपालिकाको एक्लो प्रयासले मात्र फोहरमैला व्यवस्थापनको कार्यले पूर्णता प्राप्त गर्न नसक्ने हुँदा प्रत्येक नागरिक, घर, समाज एवम् निकायको सहयोग र साथ आवश्यक रहने हुन्छ।

१६. वातावरण संरक्षणको लागि वातावरण प्रदुषण गर्ने फोहरमैलाको उचित व्यवस्थापन गर्नु प्रभावकारी उपाय हो भने सोभन्दा उत्तम उपाय वातावरण प्रदुषित हुने खालका फोहर नै हुन नदिनु अर्थात् पूर्व सावधनी अपनाउनु हो। वातावरण संरक्षण ऐन, २०५३ को दफा ४ मा प्रदुषणको रोकथाम तथा नियन्त्रणको व्यवस्था भएको पाइन्छ । उक्त दफाको उपदफा (१) मा "कसैले पनि वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी वा जनजीवन र जनस्वास्थ्यका लागि खतरा हुन सक्ने किसिमले प्रदुषण सृजना गर्न वा तोकिएको मापदण्डविपरीत कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान वा अन्य ठाउँबाट ध्वनि, ताप, रेडियोधर्मी विकिरण तथा फोहर मैला निष्काशन गर्न, गराउन हुँदैन" भन्ने व्यवस्थासमेत भएको पाइन्छ । कानूनले तोकिदिएको फोहर नगर्ने दायित्वको कार्यान्वयको लागि सम्बद्ध सबै सचेत भई फोहरमैलाको उत्पादनमा न्यूनता भएमा वातावरण प्रदुषणमा स्वतः कमि आउने हुन्छ।

१७. हावा, पानी, माटो, जीव जिवात्मा, वनस्पति, सम्पदा तथा संस्कृति सबै अवयवहरूको स्वचालित प्रणालीको सन्तुलनबाट स्वच्छ वातावरण कायम हुने हुँदा राज्य संयन्त्रका निकायहरू, नागरिक समाज, वातावरणको क्षेत्रमा क्रियाशील निवेदक जस्ता गैरसरकारी संस्थाहरू र समाजका हरेक व्यक्ति वातावरण संरक्षणका सरोकारवालाहरू हुन् । स्वच्छ र स्वस्थ वातावरणमा मात्र प्रत्येक व्यक्तिको जीवनको अस्तित्व सम्भव हुने र प्रत्येक व्यक्तिको सामुहिक प्रयासले मात्र वातावरणीय स्वच्छता कायम गर्न सकिन्छ। वातावरण संरक्षण सम्बन्धमा सरकारी तथा गैरसरकारी क्षेत्रबाट जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी व्यक्तिगत उत्तरदायित्वको बोध गराउनुपर्ने हुन्छ। यसका लागि सरकारी निकायहरूले संस्थागत क्षमतामा विकास गरी स्रोत र साधनको उच्चतम् परिचालन एवम् आपसी समन्वयकारी एवम् सहयोगी भूमिकामा बढोत्तरी गर्नुपर्ने हुन्छ।

१८. माथि विभिन्न प्रकरणहरूमा गरिएको विवेचनाबाट नगर क्षेत्रमा रहेका घर, कम्पाउण्ड, छत, बिजुलीको पोल, सडकमा राखिएका डिभाइडर आदिमा रहेका पर्चा, पम्प्लेट, भित्तेलेखन, अनधिकृत विज्ञापन बोर्ड, होर्डिङ्गबोर्ड आदिले दृश्यसमेतका अन्य वातावरणीय प्रदुषण गरी स्वच्छ र स्वस्थ वातावरणमा बाँच्ने, हिँड्डुल गर्ने र प्रदुषणरहितको सुन्दर दृश्यावलोकन गर्नेसमेतको अधिकारमा बाधा व्यवधान गरेको देखियो।

१९. तसर्थ काठमाडौं महानगरपालिकालाई वातावरणीयरूपमा स्वच्छ, स्वस्थ, सफा र सुन्दर बनाउन सरकारका केन्द्रिय तथा स्थानीय निकाय, प्रहरी, वातावरण संरक्षणको क्षेत्रमा क्रियाशील संस्थाहरू र नागरिकसमेतको समन्वयात्मक प्रयासबाट सहरका घर, पर्खाल, छत, बिजुलीको पोल र सडकका डिभाइडर आदिमा रहेका पर्चा, पम्प्लेट,

भित्तेलेखन, अनधिकृतरूपमा राखिएका होर्डिङ्ग बोर्ड, विज्ञापन बोर्डलाई हटाई पुनः प्रयोग गर्न नदिन आवश्यक निवारणात्मक व्यवस्था गर्नु, साथै वातावरण संरक्षणका लागि राज्य संयन्त्रका निकायहरू एवम् निवेदक जस्ता वातावरणसम्बन्धी संस्थाहरू, नागरिक समाज र सर्वसाधारणसमेतको सहयोग र समन्वयमा जनचेतना जगाउने तथा सामुहिक सहभागिता गर्ने गराउनेलगायतका कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने ठहर्छ। यो आदेशको जानकारी विपक्षीहरूलाई दिनु र प्रस्तुत रिटको दायरितर्फको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. ओमप्रकाश मिश्र

इजलास अधिकृत: सुरेशराज खनाल
इति संवत् २०७२ साल भदौ १६ गते रोज ४ शुभम्।

निर्णय नं. ९५७८

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
आदेश मिति : २०७२।३।२८।२
०६५-WO-१०४७

विषय : उत्प्रेषण / परमादेश

निवेदक : जिल्ला काभ्रेपलाञ्चोक, महादेवस्थान गा.वि.स., वडा नं. ४ घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ३३ ज्ञानेश्वर बस्ने पद्मकुमार मेघासी शाह

विरूद्ध

विपक्षी : युनिभर्सल फाइनान्स लिमिटेड (वित्तिय संस्था) प्रधान कार्यालय, सिद्धार्थ भवन कान्तिपथ, काठमाडौंसमेत

- **बैंक तथा वित्तिय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७ मा "*कर्जा असुलीसम्बन्धी व्यवस्था*" भई उपदफा (१) मा "*... ऋणीले इजाजत प्राप्त संस्थालाई लेखिदिए वा इजाजतप्राप्त संस्थामा राखेको धितो सुरक्षालाई कर्जा रकम असुलीको प्रयोजनार्थ इजाजतप्राप्त संस्थाले लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी आफ्नो सावाँ ब्याज असुलउपर गर्न सक्नेछ*" भन्ने कानूनी व्यवस्थाअनुसार ऋणीले आफूले लिएको कर्जा रकम भुक्तान नगरेमा कर्जा सुरक्षणको रूपमा रहेको घरजग्गासमेतका सम्पत्ति कानूनबमोजिमको प्रक्रिया पुरा गरी इजाजतप्राप्त संस्थाले आफूले लिनुपर्ने**

सावाँ ब्याजसमेतको लेना रकमबापत लिलाम गर्नसक्ने हुँदा त्यस्तो लिलाममा सबैभन्दा बढी मूल्यमा धितो सकार गर्ने व्यक्तिको नाममा धितो बिक्री गर्ने निर्णय गरी दा.खा. गर्न पठाएको कार्यलाई अवैध भन्न नमिल्ने ।

(प्रकरण नं.७)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता राजुकुमार थापा

विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता कृष्णमोहन कोइराला

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- बैंक तथा वित्तिय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७

आदेश

स.प्र.न्या.कल्याण श्रेष्ठ : नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा १०७(२) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्रभित्रको भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छ :

विपक्षीमध्येकी विजया मार्क राणाले व्यापार व्यवसाय तथा घर खर्च गर्न भनी म निवेदकसँग मिति २०६०।१।३१ गते रू.७,००,०००।- ऋण लिएकोमा फिर्ता नदिएकोले मैले लेनदेन मुद्दा गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।३।१ मा विजया मार्क राणाका नाममा दर्ता रहेको ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका, वडा नं. १(ग) कि. नं. ९८ को क्षेत्रफल ०-१५-२-० को घर तथा जग्गा अ.बं. १७१(क) नं. बमोजिम पुनः रोक्का राख्नु भनी मालपोत कार्यालय, ललितपुरका नाममा आदेश भएको छ । उक्त रोक्का आदेशमा युनिभर्सल फाइनान्स लिमिटेड, काठमाडौंबाट र. नं. ६२० मिति २०६४।६।१६ को दृष्टिबन्धकीले रोक्का रहेको र ललितपुर जिल्ला अदालतको च. नं. ६१२१ मिति २०६५।१२।२८ को पत्रबाट फुकुवा भए लगतै रोक्का रहने गरी पूर्वतर्फबाट ०-४-०-० जग्गा अ.बं. १७१(क) नं. बमोजिम पुनः रोक्का राख्ने भन्ने उल्लेख भएको छ । रोक्का रहेको उक्त घर जग्गाले ३ जनाको आर्थिक दायित्व बहन गर्नुपर्ने देखिन्छ । म निवेदकको अधिकतम रू. १२,००,०००।- विपक्षी युनिभर्सल फाइनान्सको अधिकतम रू. १,५०,००,०००।- र रोक्का राख्ने अर्को पक्ष पद्मलाल श्रेष्ठको अधिकतम् रू.२०,००,०००।- समेत कुल दायित्व रू. १,८२,००,०००।- भन्दा बढी नहुने अवस्थाको छ । रोक्का रहेको उक्त जग्गा विपक्षीमध्येका युनिभर्सल फाइनान्स लिमिटेडले एकलौटी पार्ने र मेरो हक मेटाउने उद्देश्यले कम मूल्य देखाई विजया मार्क राणासँग मिलेमतो गरी रू. १,६८,००,०००।- मा लिलाम प्रक्रिया प्रारम्भ गर्न लागेकोले प्रस्तुत निवेदन लिई उपस्थित भएको छु ।

बैंक तथा वित्तिय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७(१) बमोजिम लिलाम बिक्री गरी साँवा ब्याज असुलउपर गर्ने, असुल गर्ने रकम नपुग भए दफा ५७(२) बमोजिम अन्य सम्पत्तिबाट नपुग रकम असुल गर्न सकिने र अधिक भएमा दफा ५७(३) बमोजिम अधिक रकम फिर्ता गर्नुपर्ने प्रावधान ऐनले तोकेको छ । उक्त कानूनी अवस्थालाई ख्याल नगरी न्यून मूल्याङ्कन देखाई लिलाम गर्न लागेको जानकारी सूचना माग्न उक्त फाइनान्समा जाँदा हामी लिलाम बिक्री वा आफैँ सकार गर्न सक्छौं तपाइँको लेनदेन उठोस् वा डुबोस् हामीलाई वास्ता छैन भन्ने ठाडो जवाफ दिई फर्काइयो । यसरी विपक्षी विजया मार्क राणाको नाममा रहेको घरजग्गा ३ पक्षबाट रोक्का रहेको स्थितिमा उक्त सम्पत्तिबाट बेहोर्नुपर्ने आर्थिक दायित्वहरूले ३ पक्षको हक अधिकार रहेको अवस्थामा विपक्षी

युनिभर्सल फाइनान्स लिमिटेडले एक्लैले हडप गरी मेरो हक समाप्त पार्ने गरी गर्न लागेको लिलाम प्रक्रियाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३, १९ द्वारा प्रदत्त मौलिक हकसमेतमा आघात पार्ने स्पष्ट छ । तसर्थ विपक्षीहरूको नाममा तत्काल उक्त लिलामसम्बन्धी कार्य नगर्नु नगराउनु भन्ने अन्तरिम आदेश जारी गरी प्रचलित कानूनबमोजिम निवेदकलाई सूचना दिई बैंक तथा वित्तिय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७ बमोजिम गर्नु गराउनु भन्ने निर्देशनात्मक आदेशसमेत जारी गरिपाऊँ । साथै उक्त रोक्का रहेको सम्पत्ति न्यूनतम् रकममा लिलाम बिक्री सकार भएको अवस्थामा निवेदकको ऋण असुल नभई अपूरणीय क्षति पुग्ने अवस्था रोक्न आवश्यक आदेश जारी गरिपाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन पत्र ।

यसमा के कसो भएको हो निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो, यो आदेशप्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. २ का हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र विपक्षी नं. १ र ३ का हकमा आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी म्याद जारी गरी लिखत जवाफ परे वा अवधि व्यतित गरेपछि नियमानुसार पेस गर्नू । साथै अन्तरिम आदेश जारी गर्नुपर्ने औचित्यपूर्ण आधार र कारण नदेखिँदा निवेदन मागबमोजिम अन्तरिम आदेश जारी गरिरहन परेन भन्ने यस अदालतको एकल इजलासको मिति २०६६।३।३० को आदेश ।

प्रत्यर्थीमध्येकी विजया मार्क राणाले मिति २०६४।६।५ मा कर्जा आवेदन गरेबमोजिम निजको नामको ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका, वडा नं.१(ग) कि. नं. ९८ को ०-१५-२-० को घरजग्गा रू. १,५६,८७,०००।- मूल्याङ्कन भई मालपोत कार्यालय, ललितपुरबाट मिति २०६४।६।१५ मा यस फाइनान्सको नाममा दृष्टि बन्धक पास गरी मिति २०६४।६।१६ गते रू. ९०,००,०००।- र मिति २०६४।६।२० मा थप रू. १९,००,०००।- गरी जम्मा रू. १,०९,००,०००।- ब्याज १३ प्रतिशतका दरले लिने गरी कर्जा प्रवाह भएको थियो । त्यस्तै मिति २०६५।४।१४ मा पुनः थप रू. ११,००,०००।- कर्जा ब्याज १५ प्रतिशतका दरले प्रवाह गरी कर्जाबापत रू. १,२०,००,०००।- उपलब्ध गराएको हो ।

ऋणीले कर्जाको ब्याज तिर्न नआएकोले निजलाई पटकपटक निजको ठेगानामा सम्पर्क गर्दा सम्पर्कमा नआएकोले मिति २०६४।११।२४, २०६५।१।१०, २०६५।१।२४, २०६६।१।९ मा पत्राचार गरिएको हो । तत्पश्चात् मिति २०६६।१।२४ गते राजधनी पत्रिकामा ३५ दिने सूचना प्रकाशित गरी सो सूचनाको जानकारी मिति २०६६।२।१ मा निज ऋणीलाई गराइएको छ । निवेदकले विपक्षी ऋणीसँग मिली कपाली तमसुकको कागज गरेका हुन् । यस कम्पनीले आफैँले ऋण लगानी गरेका ग्राहकले ऋण नतिरेको अवस्थामा सुरक्षणको रूपमा राखेको घर जग्गाबाट ब्याज असुलीको कारबाही गर्दा तेस्रो व्यक्ति यी निवेदकको मौलिक हक हनन् हुने अवस्था छैन ।

बैंक तथा वित्तिय संस्थासम्बन्धी ऐन, २०६३ को परिच्छेद ८ को कर्जा प्रवाह र असुलीसम्बन्धी व्यवस्थाअन्तर्गत दफा ५७ ले दिएको अधिकार प्रयोग गरी साँवा ब्याज असुलउपर गर्ने सन्दर्भमा सुरक्षणबापतको सम्पत्ति लिलाम गरी साँवा ब्याज असुलउपर गर्न यस कम्पनीको पूर्ण अधिकार रहेकोले मिति २०६६।२।२८ मा कोटेसन खोल्दा सुधा श्रेष्ठले रू. १,७५,००,०००।- कबोल गरेकोले अधिकतम मूल्य अङ्कित गर्ने व्यक्तिलाई घरजग्गा उपलब्ध गराइने र लिलाम मितिसम्मको साँवा ब्याज र हर्जानाबापतको जम्मा रू. १,२६,४१,७२७।२९ कट्टा गरी बढी भएको रकम रू. ३८,५८,२७२।७१ सम्बन्धित ऋणीलाई फिर्ता हुने कानूनी प्रावधानबमोजिम हुने नै छ । विपक्षीले निषेधाज्ञाको निवेदन जस्तो गरी लिलामको

कार्य नगर्नु नगराउनु भनी निर्देशनात्मक आदेशको माग गरी दाबी लिन रिट क्षेत्रबाट मिल्ने होइन । यस युनिभर्सल फाइनान्स लिमिटेडले प्रत्यर्थीमध्येको विजया मार्क राणाको नामको घरजग्गा लिलाम बिक्री गरिसकेको हुँदा प्रस्तुत रिट खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको युनिभर्सल फाइनान्स लिमिटेडका तर्फबाट ऐ.का अधिकारप्राप्त प्रबन्ध सञ्चालक नारायणमान राजभण्डारीको लिखित जवाफ ।

निवेदकले दाबी गरेको विजया मार्क राणाको नामको ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. १(ग) कि. नं. ९८ क्षेत्रफल ०-१५-२-० को घरजग्गा युनिभर्सल फाइनान्स लिमिटेड, काठमाडौंबाट र. नं. ६२० मिति २०६४।६।१६ को दृष्टि बन्धकले रोक्का रहेको सो फुकुवा भएपछि रोक्का रहने गरी ललितपुर जिल्ला अदालतबाट च. नं. ६१२१ मिति २०६५।१२।२८ को पत्रले पूर्वतर्फबाट क्षेत्रफल ०-४-०-० रोक्का रहेको र काठमाडौं जिल्ला अदालतको च.नं. ४८९६ मिति २०६६।३।१ को पत्रले युनिभर्सल फाइनान्स लिमिटेडबाट फुकुवा भएपछि रोक्का रहने गरी रोक्का राखिएको यस कार्यालयको रोक्का रजिष्टरबाट देखिएको हुँदा यस कार्यालयलाई विपक्षी बनाई रहनुपर्ने कुनै आधार नभएको हुँदा प्रस्तुत निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको मालपोत कार्यालय, ललितपुरका तर्फबाट ऐ.का प्रमुख मालपोत अधिकृत झंकनारायण श्रेष्ठको लिखित जवाफ ।

यसमा निवेदक पदमकुमार मेघासी (शाह) विरूद्ध सुरेन्द्रमान महर्जनसमेत भएको ०६७ सालको ०६७-AP-०२१८ को अवहेलना मुद्दा साथै राखी पेस गर्नु भन्ने यस अदालतको मिति २०६८।२।१९ को आदेश ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिटको मिसिल अध्ययन गरी रिट निवेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री राजुकुमार थापाले निवेदक पदमकुमार मेधासी शाह वादी भई विपक्षी विजया मार्क राणाउपर काठमाडौं जिल्ला अदालतमा दायर गरेको लेनदेन मुद्दामा प्रतिवादीको नाम दर्ताको कि.नं. ९८ को क्षेत्रफल ०-१५-२-० को घरजग्गा रोक्का राख्ने सन्दर्भमा विपक्षी युनिभर्सल फाइनान्स लिमिटेडको कर्जा प्रयोजनको लागि रहेको रोक्का र ललितपुर जिल्ला अदालतबाट रहेको रोक्का फुकुवा भएमा पुनः रोक्का राख्न काठमाडौं जिल्ला अदालतबाट भएको आदेशानुसार रोक्का राखिएकोमा निवेदकको समेत कर्जा असुल हुन सक्ने उक्त घरजग्गालाई विपक्षी युनिभर्सल फाइनान्सले एकतर्फीरूपमा कम मूल्याङ्कन गरी आफ्नो कर्जा मात्र असुल हुने गरी लिलाम गर्न लागेउपर उक्त लिलामी प्रक्रिया रोक्न प्रस्तुत रिट दायर गरिएको हो । हालसम्म विपक्षीले उक्त सुरक्षणको घरजग्गा लिलाम गरिसकेको र निवेदकले असुल गरी लिन पाउने बिगो असुल हुन नसक्ने गरी निवेदकको हक हित प्रतिकूलको कार्य गर्नुका साथै अदालतलाई समेत झुक्याई अदालतको अवहेलनाजन्य कार्य गरेको हुँदा सो सम्बन्धमा अदालतको अवहेलनामा कारबाही गरी पाउन छुट्टै निवेदन दायर भई प्रस्तुत रिट साथै पेस भएको छ । विपक्षीले निवेदकको बिगोसमेत असुल हुने घर जग्गालाई एकतर्फीरूपमा लिलाम गरेको कार्य त्रुटिपूर्ण हुँदा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्दछ भनी गर्नु भएको बहस सुनियो ।

विपक्षी मालपोत कार्यालयतर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री कृष्णमोहन कोइरालाले विपक्षीमध्येकी विजया मार्क राणाले आफ्नो कि. नं. ९८ को जग्गा तथा घर सुरक्षणको रूपमा फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पारित गरिदिई कर्जा लिएको हुँदा युनिभर्सल फाइनान्स लिमिटेडको पत्रको आधारमा रोक्का राखिएको र बैंकबाट फुकुवाको लागि पत्र प्राप्त भएमा फुकुवा गरिने नै हुँदा मालपोत कार्यालयको कार्यबाट निवेदकको हकमा असर नभएकोले निवेदन

खारेज हुनुपर्दछ भनी गर्नुभएको बहससमेत सुनियो।

उल्लिखित बहस सुनी प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो होइन भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, निवेदकले प्रस्तुत रिट निवेदनमा विपक्षीमध्येकी विजया मार्क राणाले लिएको कर्जा सावाँ रू. ७,००,०००।- र सोको कानूनबमोजिमको ब्याज नतिरेकोले काठमाडौं जिल्ला अदालतमा लेनदेन मुद्दा दायर गरी निज विजया मार्क राणाको नाम दर्ताको कि. नं. ९८ को क्षेत्रफल ०-१५-२-० को घरजग्गा विपक्षीमध्येका युनिभर्सल फाइनान्स लिमिटेडको कर्जाबापत भएको रोक्का एवं ललितपुर जिल्ला अदालतबाट भएको रोक्का फुकुवा भएमा पुनः रोक्का राख्ने गरी काठमाडौ जिल्ला अदालतबाट भएको आदेशानुसार रोक्का रहेको घरजग्गा विपक्षी फाइनान्सले कम मूल्याङ्कन गराई आफ्नो ऋणमात्र असुल हुने तर निवेदकको बिगो असुलीतर्फ कुनै वास्ता नगरी एकतर्फीरूपमा लिलाम गर्न लागेकोले निवेदकको संविधान प्रदत्त सम्पत्तिसम्बन्धी हकसमेतमा आघात भएकोले लिलामसम्बन्धी कार्य रोकी बैंक तथा वित्तिय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७ बमोजिम गर्न गराउन आवश्यक आदेश जारी गरिपाउँ भनी माग गरेको पाइन्छ । विपक्षी युनिभर्सल फाइनान्स लिमिटेडको लिखित जवाफमा फाइनान्स कम्पनीले प्रवाह गरेको कर्जा असुलीको प्रयोजनार्थ सुरक्षणको रूपमा रहेको घरजग्गा बैंक तथा वित्तिय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७ को कानूनी प्रक्रियाअनुरूप लिलाम कार्यसमेत सम्पन्न भइसकेको छ। कानूनबमोजिमको कर्जा असुलीसम्बन्धी कार्यले निवेदकको संवैधानिक तथा कानूनी हकमा आघात पर्ने अवस्था नहुँदा प्रस्तुत रिट खारेज गरिपाउँ भनी उल्लेख भएको देखिन्छ।

३. विपक्षी युनिभर्सल फाइनान्स कम्पनी लिमिटेडबाट विपक्षीमध्येकी विजया मार्क राणाले विभिन्न मितिमा गरी जम्मा रू. १,२०,००,०००।- कर्जा लिएको र सोबापत विजया मार्क राणाको नाम दर्ताको जिल्ला ललितपुर, ललितपुर उपमहानगरपालिका, वडा नं. १(ग) को कि. नं. ९८ को क्षेत्रफल ०-१५-२-० को जग्गा तथा घर युनिभर्सल फाइनान्स कम्पनीको नाममा मालपोत कार्यालय, ललितपुरबाट मिति २०६४।६।१६ मा दृष्टिबन्धक पारित भई उक्त घर जग्गा रोक्कासमेत रहेको पाइन्छ। उक्त जग्गा ललितपुर जिल्ला अदालतको च. नं. ६१२१ मिति २०६५।१२।२८ को पत्रले समेत पुनः रोक्का रहेको कुरा मालपोत कार्यालयको लिखित जवाफबाट देखिन्छ। यी निवेदकले विपक्षी विजया मार्क राणाउपर काठमाडौं जिल्ला अदालतमा दायर गरेको लेनदेन मुद्दामा काठमाडौं जिल्ला अदालतको आदेशानुसार उक्त अदालतको च.नं. ४८९६ मिति २०६६।३।१ को पत्रबाट समेत सोही घरजग्गा अघिल्लो रोक्काबाट फुकुवा भएका बखत पुनः रोक्का राखेको पाइन्छ।

४. यी निवेदकले लेनदेन मुद्दामा काठमाडौ जिल्ला अदालतबाट भएको फैसलाअनुसार विपक्षी विजया मार्क राणाबाट सावाँ रू. ७,००,०००।- र सोको मिति २०६०।१।३१ देखिको कानूनबमोजिमको ब्याज भरी पाउने कुरामा विवाद भएन । निवेदकले विपक्षीमध्येको युनिभर्सल फाइनान्स कम्पनीले आफ्नो कर्जा असुलीको लागि ऋणीको रोक्का रहेको कि.नं. ९८ को घर जग्गा लिलाम गर्दा निवेदकले अदालतको फैसलाअनुसार भरी पाउने बिगोसमेत असुलीको सुनिश्चितता हुने गरी लिलाम गर्नुपर्ने दाबी लिएको पाइन्छ। युनिभर्सल फाइनान्स लि.ले बढी मूल्य पर्ने बिगोलाई कम मूल्याङ्कन गरेको, निवेदकको बिगो असुलीतर्फ कुनै वास्ता नगरी, कुरा नसुनी एवं कुनै सूचनासमेत नदिई एकपक्षीयरूपमा लिलाम प्रक्रिया अगाडि बढाएकोले विपक्षीको उक्त कार्यले निवेदकको संविधान प्रदत्त सम्पत्तिसम्बन्धी हकमा आघात भएको भन्नेसमेत दाबी लिएको देखिन्छ।

५. प्रस्तुत विवादमा विजया मार्क राणाले

आफ्नो कि.नं. ९८ को क्षेत्रफल ०-१५-२-० को जग्गा तथा घर युनिभर्सल फाइनान्स लिमिटेडमा दृष्टिबन्धक धितो राखी उक्त फाइनान्सबाट कर्जा लिएको तथ्यमा विवाद छैन । ऋणीले लिएको कर्जाको सावाँ ब्याज भुक्तान नगरेमा ऋण प्रदायक वित्तिय संस्थाले कर्जा असुलीको प्रयोजनका लागि ऋणीले सुरक्षण स्वरूप राखेको धितो कानूनी प्रक्रियाअनुरूप लिलाम प्रक्रिया अगाडि बढाउन सक्ने कुरामासमेत विवाद हुन सक्दैन । विपक्षी फाइनान्सले ऋण असुलीको लागि गरेको धितोको मूल्याङ्कन र लिलामसमेतका कार्यउपर सम्बन्धित धितो धनी विजया मार्क राणाले चुनौति नगरी निज जग्गाधनीलाई ऋण दिने अर्का व्यक्ति यी निवेदकले आफ्नो बिगोसमेत असुलीको सुनिश्चितताको दाबी गरी लिलामी प्रक्रियालाई चुनौति गरी प्रस्तुत निवेदन दायर गरेको पाइयो ।

६. सुरक्षणको रूपमा रहेको कि. नं. ९८ को घरजग्गा लिलाम भइसकेको र सुधा श्रेष्ठले सबैभन्दा बढी मूल्य रू. १,७०,००,०००।- मा सकार गरेको मिसिल संलग्न लिलाम मुचुल्काबाट देखिन्छ । सो आधारमा युनिभर्सल फाइनान्स लिमिटेडको मिति २०६६।३।१४ गतेको सञ्चालक समितिको बैठकले निज सुधा श्रेष्ठलाई बिक्री गर्ने निर्णय भएको र यी निवेदकले दायर गरेको लनेदेन मुद्दाको रोहबाट राखिएको रोक्का काठमाडौं जिल्ला अदालतको मिति २०६६।८।१ को आदेशले फुकुवा भई लिलाम सकार गर्ने व्यक्ति सुधा श्रेष्ठका नाममा कि. नं. ९८ को घर जग्गा नामसारीसमेत भइसकेको देखिन्छ ।

७. बैंक तथा वित्तिय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७ मा "***कर्जा असुलीसम्बन्धी व्यवस्था***" भई उपदफा (१) मा ***"... ऋणीले इजाजत प्राप्त संस्थालाई लेखिदिए वा इजाजतप्राप्त संस्थामा राखेको धितो सुरक्षालाई कर्जा रकम असुलीको प्रयोजनार्थ इजाजतप्राप्त संस्थाले लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी आफ्नो सावाँ ब्याज असुलउपर गर्न सक्नेछ***" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । ऋणीले आफूले लिएको कर्जा रकम भुक्तान नगरेमा कर्जा सुरक्षणको रूपमा रहेको घरजग्गासमेतका सम्पत्ति कानूनबमोजिमको प्रक्रिया पुरा गरी इजाजतप्राप्त संस्थाले आफूले लिनुपर्ने सावाँ ब्याजसमेतको लेना रकमबापत लिलाम गर्नसक्ने हुँदा त्यस्तो लिलाममा सबैभन्दा बढी मूल्यमा धितो सकार गर्ने व्यक्तिको नाममा धितो बिक्री गर्ने निर्णय गरी दा.खा. गर्न पठाएको कार्यलाई अवैध भन्न नमिल्ने हुन्छ ।

८. प्रस्तुत रिटमा युनिभर्सल फाइनान्स लिमिटेडले विजया मार्क राणालाई प्रवाह गरेको कर्जाबापत सुरक्षणको रूपमा लिएको घरजग्गा लिलामको प्रक्रियाबाट विपक्षी फाइनान्सले नै निवेदकको बिगोसमेत असुल गरी दिनुपर्ने भन्ने कुनै कानूनी आधारसमेत देखिँदैन । विपक्षीले आफ्नो ऋण असुलीको लागि लिलाम गरेको धितोबाट निवेदकले समेत आफ्नो लेना रकम भराउने माग गरेको देखिँदा रिट क्षेत्रबाट यस्तो ऋणको व्यवस्थापन गर्न सम्भवसमेत नहुने हुन्छ । यी निवेदकले विपक्षीमध्येकी विजया मार्क राणासँग अदालतको फैसलाबमोजिम भरी पाउने रकम कानूनबमोजिमको प्रक्रिया पुरा गरी भरी पाउन सक्ने नै हुन्छ । रिट जारी हुन कुनै निकायको काम कारबाहीमा प्रत्यक्ष कानूनी त्रुटि भएको देखिनुका साथै कुनै व्यक्तिको संवैधानिक तथा कानूनी अधिकारमा आघात भएको देखिनु पर्दछ । प्रस्तुत विवादमा युनिभर्सल फाइनान्स लिमिटेडले गरेको धितो लिलामसम्बन्धी प्रक्रियामा कुनै कानूनी त्रुटि नदेखिएको र सो काम कारबाहीबाट निवेदकको संवैधानिक तथा कानूनी हक अधिकारमा आघात भएको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन ।

९. तसर्थ, माथि विवेचना गरिएअनुसार निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत

रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. ओमप्रकाश मिश्र

इजलास अधिकृतः विश्वनाथ भट्टराई
इति संवत् २०७२ साल असार २८ गते रोज २ शुभम्।

निर्णय नं. ९५७९

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
आदेश मिति : २०७२।४।१८।२
०७१-WO-१२६२

विषय: उत्प्रेषण / परमादेश

रिट निवेदक : लमजुङ जिल्ला, सिन्धरे गा.वि.स. वडा नं. ७ स्थायी वतन भई दंगा नियन्त्रण प्रहरी गण कोहलपुर हाल नेपालगञ्ज दरबन्दीका नोकरीबाट निकालिएका प्र.ना.नि. गणेशबहादुर दुरासमेत

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

- **प्रहरी ऐन, २०१२ मुलुकमा हुने अपराधलाई रोक्ने र पत्ता लगाउने सुयोग्य साधन बनाई शान्ति र व्यवस्था कायम राख्न निर्माण गरिएको भन्ने उक्त ऐनको प्रस्तावनाबाट झल्कन्छ। कुनै पनि संगठनभित्र अनुशासन, मर्यादित व्यवहार र आचरणको अपेक्षा राखिए जस्तै प्रहरी संगठनभित्र पनि त्यसको खाँचो हुन्छ नै। संगठनभित्र हुने अनुशासनहीन कार्य रोक्न, त्यस्तो कार्य गर्नेलाई सजाय गर्न र अन्यलाई पनि विद्रोह जस्तो कार्यमा दुरूत्साहित नहुन् भन्ने उद्देश्यले समेत उचित र पर्याप्त सजाय गरी अनुशासन वहाल राख्न जरूरी हुने।**

(प्रकरण नं.३)

- **रिट निवेदकहरूले प्रहरी संगठनमा विरोध प्रदर्शन गरेको कुरा रिट निवेदनमा नै उल्लेख गरेको पाइन्छ। रिट निवेदनमा आफूले गरेको कार्य सशस्त्र विद्रोह नभएको भन्ने पनि जिकिर लिएको सन्दर्भमा हेर्दा सशस्त्र प्रहरी ऐन, २०५८ मा गरिएको सशस्त्र विद्रोहको परिभाषाअनुसार नेपाल राष्ट्रको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पर्ने कार्य नगरेको भन्ने कुराको आधार लिएको देखिन्छ। सशस्त्र प्रहरी ऐनले गरेको परिभाषा सशस्त्र प्रहरीको लागि भएको र त्यसलाई सोही प्रसङ्ग र अर्थमा बुझ्नुपर्ने हुन्छ जबकी प्रहरी ऐनमा उल्लिखित सशस्त्र विद्रोहको अर्थ प्रहरी ऐनकै सन्दर्भमा नै हेर्नुपर्ने हुन्छ। यसमा सशस्त्र प्रहरी ऐन, २०५८ को व्यवस्था आकर्षित हुन नसक्ने।**

(प्रकरण नं.४)

रिट निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता बद्रीबहादुर कार्की र विद्वान् अधिवक्ता कृष्णप्रसाद शर्मा

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता रेवतीराज त्रिपाठी र विद्वान् उपन्यायाधिवक्ता मदनबहादुर धामी

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- प्रहरी ऐन, २०१२ को दफा ३३क को देहाय (क) र (ख)
- सशस्त्र प्रहरी ऐन, २०५८

आदेश

स.प्र.न्या.कल्याण श्रेष्ठ : नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा १०७(२) बमोजिम यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार रहेको छ:

रिट निवेदनको व्यहोरा

हामी निवेदकहरू नेपाल प्रहरी सेवा प्रवेश गरी कानूनको मातहतमा रही पेसागत इमान्दारीसाथ कामकाज गर्दै आएका थियौं। वि.सं. २०६५ सालको असार महिनामा नेपाल प्रहरी तथा सशस्त्र प्रहरी संगठनभित्र संगठनकै केही प्रहरी कर्मचारीहरूबाट रासन तथा अन्य सुविधामा अनियमितता भएको विषयलाई लिएर इमान्दार प्रहरी कर्मचारीहरूले सोका विरूद्ध आवाज उठाउन खोजे। मिति २०६५ सालमा दङ्गा नियन्त्रण प्रहरी गण नेपालगञ्ज, बाँकेमा प्रहरी कर्मचारीहरूबाट नियमानुसार पाउने रसदलगायतका भएका अनियमिताताको नियन्त्रण र सुधारसमेतका माग राखी असन्तुष्ट प्रहरी कर्मचारीहरूबाट विरोध प्रदर्शन गर्ने कार्य भएको थियो । प्रहरी संगठनभित्र भएको उक्त किसिमको अनियमितता तथा भ्रष्टाचारको विरोधस्वरूप उक्त घटना भएको र सुधारका विभिन्न २० बुँदे मागहरू राखी मानव अधिकारकर्मीहरूसमेतलाई बुझाइएको थियो। साथै उक्त मागहरू पुरा गर्न केन्द्रीय स्तरमा वार्ता भई वार्ताद्वारा नै समाधान हुनुपर्ने भनी आन्दोलित असन्तुष्ट प्रहरीहरूको माग थियो।

उल्लिखित विरोधका क्रियाकलापलाई प्रहरी कर्मचारीलगायतले विद्रोह गरी गोली फायर गरी दङ्गा नियन्त्रण गण तथा गुल्मलाई नै नियन्त्रणमा लिएको भनी सशस्त्र विद्रोहको संज्ञा दिँदै हामी निवेदकहरूलाई समेत घटनामा संलग्न भएको आरोप लगाई प्रहरी ऐन, २०१२ को दफा ३३(क) को देहाय (क),(ख) को कसुरमा ऐ. दफा ३३(क) अनुसार सजायको मागदाबी लिई विपक्षी जिल्ला प्रहरी कार्यालय, बाँकेबाट अभियोजन गरियो। उक्त मुद्दामा विपक्षी प्रहरी विशेष अदालतबाट हामी निवेदकमध्ये गणेशबहादुर दुरा, नेत्रबहादुर थापा, दुर्गाबहादुर सुनार, गोपालबहादुर वली, लक्ष्मण लोनिया, भद्रबहादुर शाहीलाई प्रहरी ऐन, २०१२ को दफा ३३(क) बमोजिम जनही दुई वर्षको तलब बराबर जरिवाना तथा नौ थान गोलीको रू. २६४।२४ असुल गर्ने र हामी निवेदकमध्ये त्रिलोकबहादुर चन्द, शिवबहादुर भण्डारी, मोहनदेव विष्ट, नरजंग शाही, ढोलप्रसाद रोकाय, भक्तबहादुर नेपाली र मोहनदेव गिरीलाई प्रहरी ऐन, २०१२ को दफा ३३(क) बमोजिम जनही एक वर्षको तलब बराबर जरिवाना गर्ने र नौ थान गोलीको बिगो रू. २६४।२४ असुल गर्ने गरी मिति २०६७।४।४ गते फैसला भयो । फैसलापछि सोअनुसारको जरिवाना र बिगो बुझाई थुनामुक्त भयौं । सो फैसला चित्त नबुझेकोले प्रहरी ऐन, २०१२ को दफा ३६(ख)(२) बमोजिम नेपाल सरकारसमक्ष पुनरावेदन गरेकोमा मिति २०६८।१२।१५ गते उप प्रधानमन्त्री तथा गृह मन्त्रीबाट भएको निर्णय भन्दै विपक्षी गृह मन्त्रालयबाट प्रहरी विशेष अदालतको फैसला सदर गर्ने निर्णय भयो । यसै मुद्दाको आनुषाङ्गिक नतिजाको रूपमा प्रहरी ऐन, २०१२ अन्तर्गत नै हामीउपर विभागीय कारवाही उठान भई सेवाबाट हटाउनेलगायतका

कारवाही भएकामा सोको पुनरावेदनसम्बन्धी कारवाही दर्जाअनुसार सम्बन्धित अधिकारीसमक्ष विचाराधीन अवस्थामा राखिएका छन्।

विपक्षीहरूले यस घटनालाई सशस्त्र विद्रोहको संज्ञा दिएका छन् जबकी हामी प्रतिवादीले गरेको भनिएका कुनै पनि कार्यहरू सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २(ट) को सशस्त्र विद्रोहको परिभाषाभित्र पर्दैन। अनुसन्धान र अभियोजनको कानूनी आधार नै नभएको अवस्थामा हामीलाई पक्राउ गरी थुनामा राखी मुद्दा चलाइएकोले विपक्षी जिल्ला प्रहरी कार्यालय र त्यहाँका प्र.ना.उ. गोविन्दराम परियारको कार्य स्वेच्छाचारी, असंवैधानिक तथा गैरकानूनी छ।

हामी निवेदकहरूले प्रहरी विशेष अदालतको निर्णयउपर प्रहरी ऐन, २०१२ को दफा ३६ख(२) अनुसार नेपाल सरकारसमक्ष पुनरावेदन गरेका थियौं । तर त्यसमा फैसला हुँदा उपप्रधान तथा गृहमन्त्रीबाट भएकोले कानूनी आधारबिना फैसला गरेको प्रष्ट छ। तीन सदस्यीय प्रहरी विशेष अदालत संविधानको धारा २४(९) को व्यवस्थाको कार्यान्वयन गर्ने हैसियतको छैन भने पुनरावेदन तहका निर्णयकारी विभागीय मन्त्रीमा न्यायिक तथा कानूनी ज्ञान, विशेषज्ञता, निष्पक्षता र स्वच्छताको कुनै तत्त्व विद्यमान रहेको मान्न वा अनुमान गर्न सकिने अवस्था छैन।

हामीविरूद्ध मुद्दा दर्ता, थुनछेकसहित प्रहरी विशेष अदालत गठन गर्ने कार्य र सो अदालतका अन्य काम कारवाही, प्रहरी विशेष अदालत, सुर्खेतको मिति २०६७।४।४ को फैसला र उक्त फैसलालाई सदर गर्ने गृह मन्त्रालयको मिति २०६८।१२।१५ को निर्णय नेपालको अन्तरिम संविधान, २०६३, मानव अधिकार, कानून तथा न्यायका सर्वमान्य सिद्धान्त एवं सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तविपरीत भई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३, १८ तथा २४ बमोजिम प्रत्याभूत मौलिक हकमा आघात पुर्‍याएकोले उक्त हकको प्रचलनका लागि प्रहरी विशेष अदालतसहितका सबै काम कारवाही र निर्णय उत्प्रेषणका आदेशले बदर गरी सेवाको निरन्तरताका लागि आवश्यक उत्प्रेषणयुक्त परमादेश वा अन्य उपयुक्त आदेश जारी गरिपाउँ भन्ने व्यहोराको रिट निवेदन।

यस अदालतको प्रारम्भिक आदेश:

निवेदकको मागबमोजिम आदेश जारी हुन नपर्ने भए आदेश प्राप्त भएका मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पठाउन भनी सूचना पठाउनु भन्ने यस अदालतको मिति २०६९।३।२१ को आदेश।

विपक्षीहरूबाट प्रस्तुत भएको लिखित जवाफ:

यसमा प्रहरी ऐन, २०१२ को दफा ३६(ख)(२) बमोजिम प्रहरी विशेष अदालतले गरेको निर्णयउपर नेपाल सरकार गृह मन्त्रालयबाट नै पुनरावेदनको रोहमा निर्णय गरिँदै आएको छ । रिट निवेदनमा उल्लेख भए जस्तो निवेदकहरूको पुनरावेदनउपर मन्त्रिपरिषद्बाट निर्णय हुनुपर्ने होइन । नेपाल सरकार कार्यसम्पादन नियमावली, २०६४ मा व्यवस्था भएअनुसार मन्त्रिपरिषद्मा पेस गर्नुपर्ने विषयमा नेपाल प्रहरीसम्बन्धी विषयहरूअन्तर्गत बुँदा नं. (ङ) मा राजपत्राङ्कित अधिकृतसरहका अधिकृतहरूको सजायउपरको पुनरावेदन सुन्ने भन्ने उल्लेख छ। तसर्थ प्रहरी विशेष अदालत, सुर्खेतको मिति २०६७।४।४ को फैसलाउपर यस मन्त्रालयले पुनरावेदन सुनी मिति २०६८।१२।१५ मा गरेको पुनरावेदन निर्णय कानूनसम्मत नै भएको भन्ने *गृह मन्त्रालयको* तर्फबाट पेस भएको लिखित जवाफ।

प्रहरी ऐन, २०१२ को दफा ३३क मा प्रहरी कर्मचारीले दफा ३३क को देहाय (क), (ख), (ग), (घ) र (ङ) को कुनै कसुर गरेमा निजलाई आजन्म कैद वा चौध वर्षसम्म कैद वा तीन वर्षको तलब बराबरसम्म

जरिवाना वा दुवै सजाय हुने व्यवस्था रहेको पाइन्छ। विपक्षी निवेदकहरूले आफूहरू सशस्त्र विद्रोहमा लागेको कुरालाई स्वीकार गर्नु भएको छ। प्रहरी ऐन, २०१२ को परिच्छेद ६ अन्तर्गत सजाय हुने कसुरसम्बन्धी मुद्दाको सुरू कारवाही र किनारा गर्न ऐनको दफा ३६(१) को देहाय (क), (ख) र (ग) बमोजिमको प्रहरी विशेष अदालत गठन हुने व्यवस्था रहेको छ। ऐनको सोही व्यवस्थाअनुसार विपक्षी निवेदकहरूले आफू प्रहरी कर्मचारीका रूपमा कार्यरत रहँदाका अवस्थामा ऐनको दफा ३३क बमोजिमको संगठित सशस्त्र विद्रोहसम्बन्धी अपराध गरेको हुँदा सो मुद्दाको सुरू कारवाही र किनारा गर्न दफा ३६ बमोजिम प्रहरी विशेष अदालत गठन भएको पाइन्छ। दफा ३६ बमोजिम गठित विशेष अदालतले कानूनबमोजिम अधिकार ग्रहण गरी गरेको अध्ययन, अनुसन्धानबाट निज विपक्षीहरूले प्रहरी ऐन, २०१२ को दफा ३३क को देहाय (क) र (ख) बमोजिमको कसुर गरेको देखिन आई सोको आधारमा निजहरूमाथि जनही एक वर्षको तलब बराबर जरिवाना र नौ थान गोलीको बिगो रू. २६४।२४ असुल गर्ने भनी गरेको फैसलालाई अन्यथा भन्न मिल्ने हुँदैन। साथै सो फैसलाउपर कानूनबमोजिम पुनरावेदन गरी पुनरावेदन तहबाट समेत सुरू प्रहरी विशेष अदालतको मिति २०६७।४।४ को फैसला नै सदर हुने ठहरी अन्तिम निर्णय भइसकेको अवस्थामा हाल त्यसलाई अस्वीकार गरी रिट निवेदन दिन मिल्ने हुँदैन भन्ने *प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको* लिखित जवाफ।

निवेदकहरूले यस अदालतबाट क्षेत्राधिकार ग्रहण गरी भएको काम कारवाही संविधान तथा प्रचलित कानूनविपरीत क्षेत्राधिकारविहीन रहेको भनी हचुवाको भरमा उल्लेख गरेको पाइन्छ। यो अदालत प्रहरी ऐन, २०१२ को दफा ३६(क) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०६५।३।३० र मिति २०६६।८।१ को निर्णयअनुसार गठन भएको अदालत हो जसलाई नेपालको अन्तरिम संविधान, २०६३ तथा प्रहरी ऐन, २०१२ ले कानूनी मान्यता प्रदान गरेकोले क्षेत्राधिकार रहे भएको प्रष्ट हुन्छ। यसरी स्थापित अदालतबाट कानूनबमोजिमको कार्यविधि पुरा गरी आधार र कारणहरूसहित फैसला भएको तथ्य निजहरूकै निवेदनमा उल्लिखित बुँदाहरू र पेस गरेको फैसला प्रतिलिपिबाट स्पष्ट भइरहेको अवस्थामा प्राकृतिक न्यायको सर्वमान्य सिद्धान्तविपरीत भएको भन्ने तथ्य आफैँमा गलत र भ्रमपूर्ण छ भन्ने *प्रहरी विशेष अदालत, पुनरावेदन सरकारी वकिल कार्यालय, सुर्खेतको* लिखित जवाफ।

रिट निवेदकहरूले मिति २०६५।३।२८ गते दङ्गा नियन्त्रण प्रहरी गण कोहलपुर हाल नेपालगञ्जको परिसरभित्र तत्काल अञ्चल प्रहरी कार्यालय, भेरीका प्र.ब.उ. समेतका आफूभन्दा माथिका प्रहरी अधिकृतहरूलाई नियन्त्रणमा लिई प्रहरी संगठनभित्र सशस्त्र विद्रोह गरेका हुँदा निजहरूलाई तत्काल गठित प्रहरी विशेष अदालत, सुर्खेत र प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौँबाट कारवाही भएकोले निजहरूले यस कार्यालयलाई विपक्षी बनाइ राख्नु पर्ने अवस्था होइन। रिट निवेदकहरू प्रहरी सेवामा संगठित भई सशस्त्र विद्रोह गरेको मुद्दामा तत्काल गठित प्रहरी विशेष अदालत, सुर्खेत मुकाम नेपालगञ्जको टोलीले तत्काल यस कार्यालयमा कार्यरत प्र.ना.उ. गोविन्दराम परियारलाई अनुसन्धान अधिकृत तोकेकोले निज प्र. ना.उ.ले उक्त मुद्दाको कानूनबमोजिम अनुसन्धान गर्नु भएको हो भन्ने *जिल्ला प्रहरी कार्यालय, बाँकेको* तर्फबाट पेस भएको लिखित जवाफ।

पक्ष विपक्षका तर्फबाट प्रस्तुत भएको बहस:

रिट निवेदकका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री बद्रीबहादुर कार्की र विद्वान् अधिवक्ता श्री कृष्णप्रसाद शर्माले रिट निवेदकहरूले आफ्नो कार्यालयभित्र भएका अन्याय अत्याचार,

थिचोमिचो र विभिन्न सरूवा बढुवा तथा विदेश जाने कार्यमा पक्षपातपूर्ण व्यवहार भएकोले त्यस्ता कार्य रोकी सुधार गर्नका लागि प्रहरीको माथिल्लो निकायको ध्यानाकर्षणका निम्ति कार्य गरेका हुन्, सशस्त्र विद्रोह गरेका होइनन् । सशस्त्र प्रहरी ऐन, २०५८ ले गरेको सशस्त्र विद्रोहको परिभाषाअनुसार नेपालको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पर्ने गरी कुनै कार्य निवेदकहरूले गरेका छैनन्, प्रहरी संगठनमा भए गरेका अनियमितताको प्रतिक्रिया व्यक्त गर्दैमा प्रहरी ऐन, २०१२ अन्तर्गतको कसुर हुने होइन, निवेदकलाई गरिएको सजायउपर निष्पक्ष निकायबाट समेत सुनुवाई भएको छैन, तसर्थ निवेदकहरूलाई गरिएको सजाय बदर गरी नोकरीमा पूर्ववत् बहाल गराई पाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

विपक्षी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता रेवतीराज त्रिपाठी र विद्वान् उपन्यायाधिवक्ता श्री मदनबहादुर धामीले निवेदकहरू प्रहरी कर्मचारीहरू भएको, जनताको जीउधनको सुरक्षार्थ राज्यको तर्फबाट खटिएका प्रहरीहरूले प्रहरीको कर्तव्य र दायित्वबाट विमुख भई आफ्नै कार्यालयका प्रहरी अधिकृतहरूलाई जबरजस्ती समाती नियन्त्रणमा राखी हतियार प्रदर्शन र फायरसमेत गरी सशस्त्र विद्रोह गरेकोले निवेदकहरूलाई प्रहरी विशेष अदालत र त्यसको पुनरावेदन तहबाट समेत कसुर ठहर भएको छ, विधिपूर्वक गरिएको कसुर ठहर तथा सजाय निर्धारणका लागि रिट जारी हुनुपर्ने होइन, खारेज गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

अदालतको आदेश

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत विषयमा विद्वान् कानून व्यवसायीहरू तथा सरकारी वकिलको बहस जिकिर सुनी मिसिल संलग्न कागजात अध्ययन गरी हेर्दा रिट निवेदकहरूले प्रहरी संगठनमा हुने रसदलगायतमा भएको अनियमितताको नियन्त्रण र सुधारसमेतका माग राखी असन्तुष्ट प्रहरी कर्मचारीबाट विरोध प्रदर्शन गर्ने कार्य भएकोमा त्यसलाई सशस्त्र विद्रोहको संज्ञा दिई नोकरीबाट बरखास्त गरिएको र सोउपरको पुनरावेदन सुन्ने निकायले पनि सोही फैसला सदर गरेकोले उक्त फैसला बदर गरी सेवाको निरन्तरताको लागि आदेश गरिपाउन माग राखी निवेदन दिएको देखिन्छ ।

विपक्षीहरूको लिखित जवाफ हेर्दा रिट निवेदक प्रहरी कर्मचारी भएको र निजहरूको कार्य प्रहरी ऐन, २०१२ अन्तर्गतको कसुर भएको हुँदा साधिकार निकायबाट गरिएको अपराध अनुसन्धान, अभियोजन र मुद्दाको फैसला बदर हुनुपर्ने होइन भन्ने उल्लेख भएको देखिँदा प्रस्तुत विषयका सन्दर्भमा रिट निवेदकको मागबमोजिम आदेश जारी हुनुपर्ने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिएको छ ।

२. यसमा निर्णयतर्फ विचार गर्दा रिट निवेदकहरूको प्रहरी संगठनभित्रको काम कारवाहीको विरोध वा प्रतिक्रियालाई प्रहरी ऐनअन्तर्गतको कसुरको संज्ञा दिई कसुर ठहर हुनुपर्ने होइन भन्ने मुख्य जिकिर रहेको देखिन्छ । प्रहरी ऐन, २०१२ को दफा ३३क को देहाय (क) र (ख) मा सशस्त्र विद्रोह गरे गराएमा वा विद्रोहमा सरिक भएमा वा सो गर्न गराउन उत्तेजना फैलाएमा वा त्यस्तो गर्न षड्यन्त्र वा उद्योग गरेमा आजन्म कैद वा चौध वर्षसम्म कैद वा तीन वर्षको तलब बराबरसम्म जरिवाना वा दुवै सजाय हुने कुराको उल्लेख छ । त्यति मात्र नभई विद्रोह हुने ठाउँमा आफू भएकोमा सकभर रोक्ने कोसिस नगरेमा वा त्यस्तो बेलामा देशभक्ति वा कर्तव्यरत कुनै पनि व्यक्तिलाई आफ्नो कर्तव्यबाट विचलित गराएमा वा त्यस्तो उद्योग गरेमा समेत सजायको निर्धारण गरेको पाइन्छ ।

३. प्रहरी ऐन, २०१२ मुलुकमा हुने अपराधलाई रोक्ने र पत्ता लगाउने सुयोग्य साधन बनाई शान्ति र व्यवस्था कायम राख्न निर्माण गरिएको

भन्ने उक्त ऐनको प्रस्तावनाबाट झल्कन्छ । कुनै पनि संगठनभित्र अनुशासन, मर्यादित व्यवहार र आचरणको अपेक्षा राखिए जस्तै प्रहरी संगठनभित्र पनि त्यसको खाँचो हुन्छ नै । संगठनभित्र हुने अनुशासनहीन कार्य रोक्न, त्यस्तो कार्य गर्नेलाई सजाय गर्न र अन्यलाई पनि विद्रोह जस्तो कार्यमा दुरूत्साहित नहुन् भन्ने उद्देश्यले समेत उचित र पर्याप्त सजाय गरी अनुशासन वहाल राख्न जरूरी हुन्छ ।

४. रिट निवेदकहरूले प्रहरी संगठनमा विरोध प्रदर्शन गरेको कुरा रिट निवेदनमा नै उल्लेख गरेको पाइन्छ । रिट निवेदनमा आफूले गरेको कार्य सशस्त्र विद्रोह नभएको भन्ने पनि जिकिर लिएको सन्दर्भमा हेर्दा सशस्त्र प्रहरी ऐन, २०५८ मा गरिएको सशस्त्र विद्रोहको परिभाषाअनुसार नेपाल राष्ट्रको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पर्ने कार्य नगरेको भन्ने कुराको आधार लिएको देखिन्छ । सशस्त्र प्रहरी ऐनले गरेको परिभाषा सशस्त्र प्रहरीको लागि भएको र त्यसलाई सोही प्रसङ्ग र अर्थमा बुझ्नुपर्ने हुन्छ जबकी प्रहरी ऐनमा उल्लिखित सशस्त्र विद्रोहको अर्थ प्रहरी ऐनकै सन्दर्भमा नै हेर्नुपर्ने हुन्छ । यसमा सशस्त्र प्रहरी ऐन, २०५८ को व्यवस्था आकर्षित हुन सक्दैन ।

५. प्रहरी संगठनभित्र प्रहरीले गरेका कार्यलाई प्रहरी ऐनले कसुर हो भनी परिभाषित गरेको हुन्छ भने त्यस्तो कुराको अनुसन्धान, अभियोजन र मुद्दा हेर्ने निकाय पनि सोहीअनुसार हुने नै हुन्छ । उक्त ऐनको दफा ३६क अनुसार गठित प्रहरी विशेष अदालतले मुद्दाको फैसला गरेको भन्ने रिट निवेदनमा नै उल्लेख भएको र सोउपर दफा ३६ख को देहाय (२) बमोजिम नेपाल सरकारसमक्ष पुनरावेदन लाग्ने व्यवस्था गरेको देखिन्छ । नेपाल सरकारले हेर्ने मुद्दा नेपाल सरकार कार्य सम्पादन नियमावली, २०६४ बमोजिम गृह मन्त्रालयले हेर्ने र पुनरावेदन गृह मन्त्रीले सुनेकोलाई रिट निवेदकले जिकिर लिएअनुसार गैरकानूनी भन्न मिल्दैन । यद्यपि प्रहरी विशेष अदालतको निर्णयउपर कार्यपालिकामा नै पुनरावेदन लाग्ने वर्तमान व्यवस्थामा पद्वतिगत समस्या भने देखिन्छ । यस सम्बन्धमा कानूनी सुधार गर्नुपर्ने र प्रहरी संगठनमा कार्य गर्नेहरूलाई न्यायिक उपचार र स्वच्छ व्यवहार गर्ने दृष्टिकोणले सो गर्न जरूरीसमेत देखिन आउँदछ ।

६. अतः माथि विवेचित आधार तथा कारणहरूबाट निवेदकहरूले प्रहरी संगठनभित्र भएको अनियमितताको विरोध प्रदर्शनसमेत गरेको भन्ने स्वीकार गरेकै देखिएको, उक्त कार्य प्रहरी ऐन, २०१२ अन्तर्गतको कसुर ठहर गरी साधिकार निकायबाट फैसला भएको, उक्त फैसला पुनरावेदन तहबाट समेत सदर भएको र त्यसमा कुनै कानूनी त्रुटिसमेत भएको नपाइँदा निवेदन मागबमोजिम रिट जारी हुने अवस्था रहेन । रिट निवेदन खारेज हुन्छ । प्रस्तुत आदेशको विद्युतीय अभिलेख प्रविष्ट गराई रिट निवेदनको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या.ओमप्रकाश मिश्र

इजलास अधिकृत : अनिलकुमार शर्मा
इति संवत् २०७२ साल साउन १८ गते रोज २ शुभम् ।

निर्णय नं. ९५८०

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
फैसला मिति : २०७२।३।२७
०७०-CR-१४८१

मुद्दाः बाल बिज्याई (जबर्जस्ती करणी)

पुनरावेदक / वादी : बौकाई सदा मुसहरको जाहेरीले नेपाल सरकार

विरूद्ध

विपक्षी / प्रतिवादी : सुनसरी जिल्ला डुम्राहा गा.वि.स. वडा नं. ६ बस्ने परिवर्तन नाम दीपक सदा

- **बालकउपर सजाय निर्धारण गर्दा उमेर पुगेका व्यक्तिले गरेको अपराधसँग तुलना गरी उमेर हदलाई वर्गीकरण गरी सजाय निर्धारण गर्नुपर्ने कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा (२) बमोजिम पीडक बालक भएपनि पीडित बालिका हुने देखिन्छ । उक्त ऐन, बालबालिकाको हकहित संरक्षणको लागि बनेको विशेष ऐनसमेत भएको तथ्यमा विवाद छैन । मुलुकी ऐन, जबर्जस्ती करणीको ३ र १० नं. बिच कानूनीरूपमा अनोन्याश्रित सम्बन्ध रहेको देखिन्छ । ३ नं. बमोजिमको कसुरमा सजाय गरेपछि १० नं. बमोजिम उचित क्षतिपूर्ति नभराई दिने हो भने सो कानूनी व्यवस्थाको निस्प्रयोजन हुने देखिन्छ । यसतर्फ यस अदालतले ध्यान दिनुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा पीडक र पीडित दुवै बालक हुन् । पीडक पनि बालक भएको भन्ने अर्थमा पीडित बालिकालाई आरोपित कसुर गरेको ठहरेको अवस्थामा उचित क्षतिपूर्ति नदिने हो भने उक्त जबर्जस्ती करणीको १० नं. को व्यवस्था निस्प्रयोजन हुन्छ र पीडितले कहिल्यै न्याय नपाई अपराध र अपराधीले कसुरबाट समेत उन्मुक्ति पाउने अवस्था आउँछ । साथै पीडित (महिला, बालिका) को अधिकार संरक्षण हुन नसकी उनीहरूको अधिकार संरक्षण के आधारमा हुने भन्ने प्रश्न उठ्न सक्ने ।**

(प्रकरण नं.५)

- **जबर्जस्ती करणी अपराधमा पीडक बालकको मात्र अधिकार हेर्न हुँदैन । पीडित बालिकाको हकको संरक्षण पनि हेर्नु पर्ने हुन्छ । जबर्जस्ती करणीको अभियोगमा सजाय गरेपछि क्षतिपूर्ति नभराउने हो भने यहाँ पीडितको हक संरक्षण हुन सक्दैन । ११ वर्षको पीडकसँग आर्थिक क्षतिपूर्ति बहन गर्नसक्ने क्षमता नहुने भनी अर्थ गर्दा समाजमा पीडकको उच्च मनोबल भई अरू अपराध पनि हुनसक्ने कुरालाई नकार्न सकिँदैन । बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ ले नाबालक कसुरदारलाई उमेरको आधारमा विभिन्न प्रकारले सजायमा केही छुट दिएको भन्ने आधारमा क्षतिपूर्तिको हकमा समेत छुट पाउन सक्ने अवस्था नदेखिने ।**

(प्रकरण नं.६)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता शंकरबहादुर राई

विपक्षी / प्रतिवादीका तर्फबाट :

अवलम्बित नजिर :

- नेकाप २०६७, फागुन, नि.नं.८४९४, पृ.१८०२

सम्बद्ध कानून :

- बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा (२)
- मुलुकी ऐन, जबर्जस्ती करणीको ३ र १० नं.

सुरू तहमा फैसला गर्नेः-

मा. जिल्ला न्यायाधीश श्री प्रेमराज ढकाल

पुनरावेदन तहमा फैसला गर्नेः

मा. मुख्य न्यायाधीश श्री गोपाल पराजुली

मा. न्यायाधीश श्री शिवनारायण यादव

फैसला

विशेष प्रकृतिका मुद्दाको कारवाहीको क्रममा पक्षको गोपनियता कायम राख्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०६४ बमोजिम प्रस्तुत मुद्दाका पीडित र पीडक प्रतिवादीको वास्तविक नाम परिर्वतन गरी वास्तविक नाम र ठेगानासहितको यथार्थ विवरण पुनरावेदन अदालत, विराटनगरले छुट्टै खामबन्दी गरी राखेको देखिएको ।

स.प्र.न्या.कल्याण श्रेष्ठ : पुनरावेदन अदालत, विराटनगरको मिति २०६९।११।३ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) को खण्ड (क) र (ख) बमोजिम निस्सा प्रदान भई पेस भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ :

सुनसरी जिल्ला डुम्राहा गा.वि.स. वडा नं. ६ स्थित पूर्व दसकिच्चा खोला, पश्चिम कृपालालको जग्गा, उत्तर सितपूरतर्फ जाने खोलाको धार र दक्षिण मुसहर टोल जाने बाटो यति चार किल्लाभित्र मिति २०६८।३।३२ गते खोलाको डिलमा अवस्थित कदम घारीमा परिवर्तित नाम दीपक सदाले परिवर्तित नाम नरमायालाई जबर्जस्ती करणी गरेको र स्थानमा झार दुबो माडिएको देखिएको भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्का ।

मेरो १३ वर्षकी छोरी परिवर्तित नाम नरमाया वारदातको दिन पटुवा घारीमा घाँस काट्न गएको समयमा प्रतिवादी परिवर्तित नाम दीपक सदाले पैसा र मोबाइल दिन्छु भनी प्रलोभनमा पारी पीडितको लुगा कपडा खोली जबर्जस्ती करणी गरेको कुरा नरमायाले निजको आमालाई भनेपछि थाहा पाएको हुँदा प्रतिवादीलाई आवश्यक कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको बौकाई सदाले जिल्ला प्रहरी कार्यालय, सुनसरीमा दिएको जाहेरी दरखास्त ।

मिति २०६८।३।३२ गतेका दिन म मोबाइलमा गित सुन्दै दशकिच्चा खोलातर्फ जाँदै गर्दा नरमायाले मलाई बोलाइएकी थिइन् । म उनी भएको ठाउँमा जान अस्वीकार गरेपछि निजले मलाई पक्रि तान्दै मेरो मोबाइल खोसिन् । मैले मेरो मोबाइल माग्दा मलाई तेरो कट्टु खोल् नत्र मोबाइल दिन्न भनिन् । त्यसै क्रममा नरमायाले मेरो कट्टु आफैँले खोली मेरो लिङ्ग खेलाउन थालिन् । निजले मेरो लिङ्ग खेलाउँदै गर्दा लिङ्ग उत्तेजित भएपछि मलाई सुताइन र ममाथि चढेर नरमाया हल्लिँदै गर्दा नरमायाको बुबाले छोरी भनेर बोलाएको आवाज आएपछि उनले आफ्नो लुगा लगाइन् । मेरो लुगा भन्दै गर्दा उनका बुबा आइपुगेका हुन् भन्नेसमेत व्यहोराको प्रतिवादी परिवर्तित नाम दीपक सदाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मिति २०६८।३।३२ गतेका दिन म वारदातस्थल पटुवा घारीमा गएकी थिएँ । त्यहाँ प्रतिवादी दीपक सदाले मलाई करणी गर्न देउ भनेका थिए । मैले नमानेपछि करणी गर्न दिइनस् भने जबर्जस्ती गर्छु भन्यो । मैले त्यसो नगर्न भन्दा मलाई उम्कन भाग्न

नदिई कपालको चुल्ठो समाती कट्टु खोलेपछि मैले कराउँदा खेत र आसपासमा कोही नभएकाले कोही आएनन् । मैले प्रतिकार गर्दा मेरो तिघ्रामा हान्यो । म दुखाईको पीडामा रहेको समयमा मैले कुनै प्रतिकार गर्न नसक्दा उसको उत्तेजित लिङ्ग मेरो योनीमा पसाई करणी गरेको पीडा भई कराउँदा मोबाइल मेरो हातमा दियो । निजको लिङ्गबाट सेतो चिप्लो झरेपछि छाडी दिएको हो । उक्त कुरा मैले आमालाई भनेकी हुँ भन्नेसमेत व्यहोराको पीडित नरमायाले अधिकारप्राप्त अधिकारीसमक्ष मौकामा गरेको कागज ।

पीडित नरमायाको Hymen Ruptured भन्नेसमेत व्यहोराको स्वास्थ्य परीक्षण प्रतिवेदन ।

मिति २०६८।३।३२ गते मेरी छोरी पटुवा घारीमा घाँस काट्न गएकी थिइन् । छोरी घाँस काट्न गएको समयमा ललाई फकाई विभिन्न प्रलोभन देखाएर नरमायालाई दीपक सदाले जबर्जस्ती करणी गरेको कुरा पछि छोरीले भनेपछि मैले जाहेरवालीलाई सुनाएको हो भन्नेसमेत व्यहोराको फुलसरिया देवी सदाले मौकामा गरेको कागज ।

मिति २०६८।३।३२ गते प्रतिवादी दीपक सदाले १३ वर्षकी नरमायालाई घाँस काट्न गएको अवस्थामा जबर्जस्ती करणी गरेको कुरा सुनेको हो भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्का ।

प्रतिवादी परिवर्तित नाम दीपक सदाले जाहेरवालाको छोरी परिवर्तित नाम नरमायालाई मिति २०६८।३।३२ गते घटनास्थलमा जबर्जस्ती करणी (बालबिज्याई) गरेको कुरा मिसिल संलग्न प्रतिवादीको बयान, पीडितको कागज, घटनास्थल मुचुल्का र जाहेरी दरखास्तबाट पुष्टि हुन आएको हुँदा प्रतिवादीलाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३ को देहाय २ नं. बमोजिम सजाय गरी ऐ. को १० नं. बमोजिम प्रतिवादीबाट पीडितउपर पर्न गएको शारीरिक एवं मानसिक क्षतिको विचार गरी पीडितलाई क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारले सुनसरी जिल्ला अदालतमा पेस गरेको अभियोग पत्र ।

मैले नरमायालाई जबर्जस्ती करणी गरेको होइन । म दिशा पिसाब गरेर रूखको सितलमा बसेर मोबाइलमा गित सुन्दै बसेको थिएँ । त्यसै समयमा नरमाया आई मेरो मोबाइल लगेर भागिन् । मैले मोबाइल दिइनँ । त्यसपछि मेरो मोबाइल खोसेर लिइन् र पहिले आफ्नो पेन्ट र कट्टु खोलिन् अनि मेरो पनि पेन्ट कट्टु खोलिन् । त्यस क्रममा मलाई सुताई ममाथि नरमाया चढ्दाको समयमा दाउरा लिन गएका निजका घरका मानिसले देखेपछि नरमाया भागिन् । म पनि घर आएको हुँदा मैले आरोपित कसुरबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी दीपक सदाले अदालतमा गरेको बयान ।

पीडित र प्रतिवादीका साक्षी चतुरलाल सदाले आ-आफ्नो व्यहोराले गरेको बकपत्र मिसिल सामेल रहेको देखिन्छ ।

बालमनोवैज्ञानिक पदमप्रसाद घिमिरे र छत्रमणी न्यौपानेले दिएको राय प्रतिवेदन मिसिल सामेल रहेको ।

पीडित नरमायाको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट निजलाई जबर्जस्ती करणी गरेको देखिएकोमा प्रतिवादीले स्वीकार गर्नुको अतिरिक्त पीडितले किटानीरूपमा बकपत्र गरेकोसमेतका प्रमाण कागजबाट प्रतिवादी दीपक सदाले मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३ को देहाय २ नं. को कसुर गरेको ठर्हछ । सो ठहर्नाले पीडितको भन्दा पीडकको उमेर कम देखिएको र अभियोग दाबीमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम आधा सजायको मागदाबी रहेको भए तापनि उमेर, वारदातको अवस्था र निजलाई हुनसक्ने सजायको व्यवस्थासमेतलाई विचार गर्दा प्रतिवादी दीपक सदा हिरासतमा रहेको अवधि १२ दिन सजाय गर्दासमेत प्रर्याप्त हुने देखिँदा बालबालिकासम्बन्धी ऐन,

२०४८ को दफा ११(२) बमोजिम १२ दिन कैद सजाय हुन्छ। क्षतिपूर्तिको माग दाबीको सम्बन्धमा विचार गर्दा जबर्जस्ती करणी वारदातमा क्षतिपूर्तिसमेत पीडितलाई भराई दिनुपर्नेमा नाबालक प्रतिवादीले क्षतिपूर्ति बहन गर्न नसक्ने स्थिति रहेको नदेखिँदा सोतर्फको दाबी पुग्न सक्दैन भन्नेसमेत व्यहोराको सुनसरी जिल्ला अदालतको मिति २०६८।७।१ को फैसला।

उक्त फैसलामा चित्त बुझेको छैन। अभियोग माग दाबीबमोजिम आरोपित कसुर गरेको ठहर भएपछि सोबमोजिम प्रतिवादीलाई सजाय र प्रतिवादीले पीडितलाई क्षतिपूर्ति नभराउने भन्न मिल्दैन । सजायको हकमा अभियोग दाबीमा नै आधा सजायको माग दाबी रहेकोमा १२ दिनमात्र कैद सजाय हुने ठहरेको फैसला बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा (२) को विपरीत छ। त्यसैगरी क्षतिपूर्ति पनि दिलाई भराई दिनुपर्नेमा दाबी पुग्न नसक्ने भनी निकालेको निष्कर्ष मुलुकी ऐन, जबर्जस्ती करणीको महलको १० नं. को विपरीत हुँदा सुरू अदालतको फैसला सो हदसम्म बदर गरी अभियोग दाबीबमोजिम गरिपाउँ भन्नेसमेत व्यहोराले वादी नेपाल सरकारले पुनरावेदन अदालत, विराटनगरमा पेस गरेको पुनरावेदन पत्र।

मिसिल संलग्न पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, बयान, बकपत्रलगायतका प्रमाण कागजबाट प्रतिवादी दीपक सदाले आरोपित कसुर गरेको ठहर्छ । सजायको हकमा अभियोग दाबीमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम आधा सजायको माग दाबी लिएको भए तापनि पीडितको भन्दा पीडकको थोरै अर्थात् सानो उमेर भएको देखिएको अतिरिक्त जरिवाना नहुने मुद्दामा उक्त दफा ११(२) आकर्षित हुने अवस्था देखिएन। त्यसैगरी क्षतिपूर्तितर्फको माग दाबी पनि पुग्न सक्ने देखिएन । अतः सुरू अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, विराटनगरको मिति २०६९।११।३ को फैसला।

सुरू अदालतले प्रतिवादीले आरोपित कसुर गरेको ठहर्याई गरेको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको फैसला सो हदसम्म मिलेको हुँदा त्यसमा पुनरावेदन जिकिर गरिएको छैन । तर सोबमोजिम कैद सजाय गरी क्षतिपूर्ति नभराएको हदसम्म नमिलेको हुँदा पुनरावेदन जिकिर लिइएको हो । बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) मा १२ दिन कैद सजाय गर्ने व्यवस्था छैन। १० वर्षदेखि माथि १४ वर्षसम्मको बालकलाई कसुर हेरी ६ महिना कैद सजाय गर्नै पर्दछ। त्यसैगरी उचित क्षतिपूर्ति पनि दिलाउनै पर्दछ। मुलुकी ऐन, जबर्जस्ती करणीको महलको १० नं. मा क्षतिपूर्ति भराई दिन कुनै सर्त बन्देज राखेको छैन। विवादको यस्तै विषयवस्तु समावेश भएको नेपाल सरकार विरूद्ध पवनकुमार यादव (ने.का.प. २०६७, फागुन, नि.नं. ८४९४, पृष्ठ १८०२) समेत भएको जबर्जस्ती करणी मुद्दामा क्षतिपूर्तिको हकमा समेत छुट पाउने भन्न नमिल्ने भनी सिद्धान्त प्रतिपादन भएकोसमेतका आधार कारणबाट पुनरावेदन अदालत, विराटनगरको फैसलामा मुद्दा दोहोर्याई हेर्न निस्सा प्रदान गरिपाउँ भन्नेसमेत व्यहोराले वादी नेपाल सरकारले यस अदालतमा गरेको निवेदन पत्र।

यसमा प्रतिवादी परिवर्तित नाम दीपक सदालाई आरोपित कसुरमा सजाय हुने ठहर गरेपछि मुलुकी ऐन, जबर्जस्ती करणीको महलको १० नं. बमोजिम पीडितलाई पीडक / प्रतिवादीबाट क्षतिपूर्ति पनि भराई दिनुपर्नेमा क्षतिपूर्तितर्फ वादी दाबी पुग्न नसक्ने ठहर्याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६९।११।३ को फैसला यस अदालतको पूर्ण इजलासबाट (ने.का.प २०६७, फाल्गुण, निर्णय नं. ८४९४, पृष्ठ १८०२) मा प्रतिपादित सिद्धान्त तथा मुलुकी ऐन, जबर्जस्ती करणीको महलको १० नं. को

गम्भीर कानूनी त्रुटि विद्यामान रहेको देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम प्रस्तुत मुद्दा दोहोर्‍याई हेर्न निस्सा प्रदान गरिएको छ। विपक्षी / प्रतिवादीलाई झिकाउनु भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०७१।१।१४ को आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न सक्कल कागजातको अध्ययन गरी पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री शंकरबहादुर राईले पुनरावेदन अदालत, विराटनगरले प्रतिवादीले आरोपित कसुर गरेको ठहर गरेपछि ६ महिना कैद सजाय गर्नुपर्नेमा गरेको छैन। प्रतिवादी ११ वर्ष उमेरको र पीडित १३ वर्ष उमेरको देखिन्छ। बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) ले ११ वर्षको पीडकलाई ६ महिनासम्म कैद सजाय गर्नुपर्नेमा नगरेको मिलेको छैन। त्यसैगरी पीडितले पीडक प्रतिवादीबाट क्षतिपूर्ति पाउन मुलुकी ऐन, जबर्जस्ती करणीको महलको १० नं. ले कुनै सर्त तोकेको छैन। जे जस्तो अवस्थामा भएपनि पुनरावेदनले उचित क्षतिपूर्ति नभराई दिएकोले अदालतबाट निस्सा प्रदान गर्दा उल्लिखित नजिर सान्दर्भिक भएको हुँदा घटी कैद सजाय र क्षतिपूर्ति नभराएतर्फ सो हदसम्म बदर गरी अभियोग माग दाबीबमोजिम हुनुपर्दछ भन्नेसमेतको बहस प्रस्तुत गर्नुभयो।

उपरोक्तबमोजिमको बहससमेत सुनी पुनरावेदन अदालत, विराटनगरको मिति २०६९।११।३ को फैसला मिलेको छ, छैन, वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा परिवर्तित नाम दीपक सदाले परिवर्तित नाम नरमायालाई जबर्जस्ती करणी गरेको तथ्य मिसिल संलग्न प्रमाण कागजबाट पुष्टि भएको हुँदा परिवर्तित नाम दीपक सदालाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको १ नं. को कसुरमा ऐ. ३ को देहाय २ ले सजाय हुनेमा पीडक प्रतिवादी ११ वर्ष उमेरको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम सजाय गरी ऐ.जबर्जस्ती करणीको महलको १० नं. बमोजिम उचित क्षतिपूर्ति भराई पाउँ भन्नेसमेत व्यहोराले वादी नेपाल सरकारले सुनसरी जिल्ला अदालतमा अभियोग पत्र पेस भएको प्रस्तुत मुद्दामा सुरू अदालतले आरोपित कसुरमा प्रतिवादीलाई १२ दिन कैद सजाय र क्षतिपूर्तितर्फ वादी दाबी नपुग्ने ठहर्‍याई फैसला गरेको देखिन्छ। सो फैसलाउपर वादी नेपाल सरकारले गरेको पुनरावेदनमा पुनरावेदन अदालत, विराटनगरले सुरू फैसला सदर गरेउपर वादी नेपाल सरकारको तर्फबाट निस्साको लागि दिएको निवेदनमा यस अदालतबाट दोहोर्‍याई हेर्न निस्सा प्रदान भई निर्णयार्थ पेस भएको देखिन्छ।

३. पीडित (Victim) १३ वर्ष र पीडक (Rapist) ११ वर्ष उमेरको देखिन्छ। प्रस्तुत मुद्दामा पीडक प्रतिवादीलाई सुरू अदालतले आरोपित कसुरमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा (२) बमोजिम १२ दिन कैद सजाय हुने र क्षतिपूर्तितर्फको वादी दाबी नपुग्ने ठहराई गरेको फैसला पुनरावेदन अदालत, विराटनगरबाट सदर भएको देखिन्छ। सो फैसला मुलुकी ऐन, जबर्जस्ती करणी महलको १० नं. को विपरीत भन्ने मुख्य प्रश्न उठाई वादी नेपाल सरकारले यस अदालतमा दिएको निवेदनमा यस अदालतबाट निस्सा प्रदान भई आज निर्णयार्थ यस इजलासमा पेस हुन आएको देखिन्छ। प्रतिवादीलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा (२) बमोजिम आरोपित कसुरमा १२ दिन कैद सजाय गरेको सम्बन्धमा वादीले यस अदालतमा गरेको पुनरावेदनमा कैद सजाय सम्बन्धमा कुनै जिकिरसमेत नलिएको र निस्सा प्रदान गर्दा पनि सो सम्बन्धमा उल्लेख नभएकोसमेतका आधार र कारणबाट पीडकलाई आरोपित कसुरमा १२ दिन कैद

सजाय गरेकोतर्फ केही विवेचना गरी रहन परेन ।

४. जहाँसम्म प्रतिवादीबाट पीडितलाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको १० नं. बमोजिम क्षतिपूर्ति नदिएको भन्ने प्रश्न समावेश भएको छ, सो सम्बन्धमा विचार गर्दा मुलुकी ऐन, जबर्जस्ती करणीको महलको १० नं. मा कसैले महिलालाई जबर्जस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्तो महिलालाई भएको शारीरिक वा मानसिक क्षति विचार गरी मनासिब ठहराएबमोजिमको क्षतिपूर्ति कसुरदारबाट भराई दिनुपर्ने छ । त्यस्तो क्षतिपूर्ति निर्धारण गर्दा कसुरको गाम्भीर्यता, कसुरबाट पीडित व्यक्तिको मृत्यु भइसकेको रहेछ भने निजमा आश्रित नाबालक छोराछोरी भए निजहरूलाई पर्न गएको पीडासमेत विचार गरी निर्धारण गर्नुपर्ने छ भन्ने उल्लेख भएको देखिन्छ । उक्त कानूनी व्यवस्थाले जबर्जस्ती करणीको ३ नं. अनुसार जबर्जस्ती करणीको अपराध ठहरेको अवस्था भए जबर्जस्ती करणीबाट पीडित त्यस्ती महिलालाई परेको क्षतिको विचार गरी अदालतले मनासिब ठहराएको क्षतिपूर्ति पीडक प्रतिवादीबाट भराई दिनुपर्ने व्यवस्था गरेको पाइयो ।

५. बालकउपर सजाय निर्धारण गर्दा उमेर पुगेका व्यक्तिले गरेको अपराधसँग तुलना गरी उमेर हदलाई वर्गीकरण गरी सजाय निर्धारण गर्नुपर्ने कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा (२) बमोजिम पीडक बालक भएपनि पीडित बालिका हुने देखिन्छ । उक्त ऐन, बालबालिकाको हक हित संरक्षणको लागि बनेको विशेष ऐनसमेत भएको तथ्यमा विवाद छैन । मुलुकी ऐन, जबर्जस्ती करणीको ३ र १० नं. बिच कानूनीरूपमा अनोन्याश्रित सम्बन्ध रहेको देखिन्छ । ३ नं. बमोजिमको कसुरमा सजाय गरेपछि १० नं. बमोजिम उचित क्षतिपूर्ति नभराई दिने हो भने सो कानूनी व्यवस्थाको निस्प्रयोजन हुने देखिन्छ । यसतर्फ यस अदालतले ध्यान दिनुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा पीडक र पीडित दुवै बालक हुन् । पीडक पनि बालक भएको भन्ने अर्थमा पीडित बालिकालाई आरोपित कसुर गरेको ठहरेको अवस्थामा उचित क्षतिपूर्ति नदिने हो भने उक्त जबर्जस्ती करणीको १० नं. को व्यवस्था निस्प्रयोजन हुन्छ र पीडितले कहिल्यै न्याय नपाई अपराध र अपराधीले कसुरबाट समेत उन्मुक्ति पाउने अवस्था आउँछ । साथै पीडित (महिला, बालिका) को अधिकार संरक्षण हुन नसकी उनीहरूको अधिकार संरक्षण के आधारमा हुने भन्ने प्रश्न उठ्न सक्छ ।

६. जबर्जस्ती करणी अपराधमा पीडक बालकको मात्र अधिकार हेर्न हुँदैन । पीडित बालिकाको हकको संरक्षण पनि हेर्नुपर्ने हुन्छ । जबर्जस्ती करणीको अभियोगमा सजाय गरेपछि क्षतिपूर्ति नभराउने हो भने यहाँ पीडितको हक संरक्षण हुन सक्दैन । ११ वर्षको पीडकसँग आर्थिक क्षतिपूर्ति बहन गर्नसक्ने क्षमता नहुने भनी अर्थ गर्दा समाजमा पीडकको उच्च मनोबल भई अरू अपराध पनि हुन सक्ने कुरालाई नकार्न सकिँदैन । बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ ले नाबालक कसुरदारलाई उमेरको आधारमा विभिन्न प्रकारले सजायमा केही छुट दिएको भन्ने आधारमा क्षतिपूर्तिको हकमा समेत छुट पाउन सक्ने अवस्था देखिँदैन । यस सम्बन्धमा यस अदालतको पूर्ण इजलासबाट पुनरावेदक वादी नेपाल सरकार विरूद्ध पवनकुमार यादव (ने.का.प. २०६७, फाल्गुण, निर्णय नं. ८४९४, पृष्ठ १८०२) मा "बालिकालिकासम्बन्धी ऐनको व्यवस्थाले नाबालक कसुरदारलाई सजायमा केही छुट दिएकै आधारमा जबर्जस्ती करणीको अपराधमा पीडित हुने बालिकाले पाउने मनासिब क्षतिपूर्तिको हकमा समेत छुट पाउने भनी सो कानूनी व्यवस्थाको संकुचित अर्थ गर्दा बालबालिकाको अधिकारमा संकुचन आउने अवस्था हुने" भन्नेसमेतको सिद्धान्त प्रतिपादन भएको आधार र कारणबाट समेत पीडित बालिकाले क्षतिपूर्ति नपाउने गरी गरेको फैसला सो हदसम्म मिलेको देखिएन । पुनरावेदन अदालत,

विराटनगरको मिति २०६९।११।३ को फैसला क्षतिपूर्तिको नदिएको हदसम्म केही उल्टी भई पीडक प्रतिवादीबाट पीडित परिवर्तित नाम नरमायाले रू. ५,०००।– (पाँच हजार) रूपैयाँ क्षतिपूर्ति भराई पाउने ठहर्छ। सो ठहर्नाले तपसिलबमोजिम गर्नू।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम पीडक प्रतिवादीबाट पीडित बालिकाले रू.५,०००।- क्षतिपूर्ति पनि पाउने ठहरेकोले सुरू अदालतको फैसलाको तपसिल खण्डको देहाय १ नं. बमोजिमको प्रतिवादीलाई १२ दिन कैद सजाय हुने लगत यथावत् राखी प्रतिवादी परिवर्तित नाम दीपक सदाबाट परिवर्तित नाम नरमायालाई कानूनबमोजिम क्षतिपूर्ति बापत रू.५,०००।– भराई दिनु भनी सुरू मोरङ जिल्ला अदालतमा लेखी पठाउनू ----------१

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू २

उक्त रायमा सहमत छु।
न्या.ओमप्रकाश मिश्र

इजलास अधिकृत : भीमबहादुर निरौला
इति संवत् २०७२ साल असार २७ गते रोज १ शुभम्।

निर्णय नं. ९५८१

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
आदेश मिति : २०७२।६।२०।४
०७२-WO-०१९५

विषय : उत्प्रेषण / परमादेश

निवेदक : का.म.न.पा. वडा नं. ४ बस्ने महेशप्रसाद भट्टराई

विरूद्ध

विपक्षी : सहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत

- **कुनै पनि प्रतिस्पर्धामा उम्मेदवार हुनुको उद्देश्य नियुक्ति पाउनु हो, हकको दाबी गर्नु हो। विज्ञापन भएको पदमा दरखास्त दिँदा त्यससँग सम्बन्धित सर्तहरूको पालना अनिवार्यरूपमा गरिएको हुनुपर्छ। नियुक्तिका लागि योग्य अवस्थामा रहेको व्यक्ति नै त्यस्तो पदको लागि उम्मेदवार हुन सक्छन् र त्यस्ता उम्मेदवारको नै उपयुक्तताको परीक्षण एवं मुल्याङ्कन गरिने हुन्छ। नियुक्ति हुन अयोग्य व्यक्ति उम्मेदवार हुनका लागि पनि अयोग्य नै हुन्छन्। अयोग्य अवधिभित्र उम्मेदवारको उपयुक्तताको परीक्षण एवं मुल्याङ्कन चाहिँ गर्न मिल्छ भन्नु तर्कसङ्गत एवं विकेकपूर्ण हुँदैन। सञ्चालक पदबाट हटेको एक वर्षभित्रै कम्पनीको कर्मचारी वा सल्लाहकार पदमा उम्मेदवार हुन चाहिँ**

पाउने तर नियुक्ति हुन नपाउने भन्ने हो भने यसबाट विरोधाभाषपूर्ण अवस्था सृजना हुन जाने ।

(प्रकरण नं.४)

- **कम्पनीको कार्यकारिणी अधिकार सञ्चालक समितिमा रहन्छ । सञ्चालक समितिले कम्पनीको व्यवस्थापनसम्बन्धी सम्पूर्ण कार्य गर्दछ । यसरी कम्पनीको व्यवस्थापकिय तहको महत्त्वपूर्ण जिम्मेवारी सम्हाल्ने सञ्चालकलाई सोझै कर्मचारीको रूपमा नियुक्त हुन नसक्ने गरी एक वर्ष रोक्नुको अर्थ स्वार्थ विरेचन गर्न चाहिँने समय (Cooling Period) दिनु हो । जसको उद्देश्य सञ्चालकबाट हट्नासाथ कर्मचारीको रूपमा नियुक्त हुने वा अन्य स्वार्थ सिद्ध गर्ने गरी काम गर्न नसकुन् वा सञ्चालकको पद समाप्त भएपछि सञ्चालक हुँदाको अवस्थामा रहेका निजको स्वार्थपूर्ति गर्ने कुनै कार्य नहोस्, अनुचित लाभ नलिउन्, संस्थागत सुशासन कायम होस्, स्वच्छ र निष्पक्ष निर्णय होस् भन्ने नै उद्देश्य अन्तरनिहित रहन्छ । संस्थागत सुशासन कायम गर्न एवं कसैको निहित स्वार्थ पुरा नहोस् भन्नको लागि यस्तो व्यवस्था गर्ने गरिन्छ । बैंक तथा वित्तिय संस्थाको नियमनकारी निकायको रूपमा रहेको नेपाल राष्ट्र बैंकका गभर्नर र डेपुटी गभर्नरले आफ्नो पदबाट हटेको एक वर्षसम्म कुनै पनि वाणिज्य बैंक तथा वित्तिय संस्थामा काम गर्न नपाउने गरी रोक लगाएको यस्तै सादृश्य व्यवस्थासमेत नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ३२(३) मा रहेको देखिने ।**

(प्रकरण नं.५)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्तात्रय सुशीलकुमार पन्त, शम्भु थापा, तुलसी भट्ट एवं अधिवक्ता बिनोद कार्की

विपक्षीका तर्फबाट: विद्वान् सहन्यायाधिवक्ता रेवतीराज त्रिपाठी, विद्वान् वरिष्ठ अधिवक्ताद्वय हरिहर दाहाल, प्रकाश राउत, विद्वान् अधिवक्ताद्वय रमणकुमार श्रेष्ठ, बच्चु सिंह खड्का

अवलम्बित नजिर :

सम्बद्ध कानून :

आदेश

स.प्र.न्या.कल्याण श्रेष्ठ : नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा १०७(२) बमोजिम यस अदालतमा दर्ता हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छः

म निवेदक संयुक्त राज्य अमेरिकाको University of Nevada Reno (UNR) Nevada USA बाट जलवायुसम्बन्धी विषयमा विद्यावारिधि प्राप्त, संयुक्त राज्य अमेरिकाको Bradley University Peoria USA बाट MSc in Civil (Environmental) Engineering मा स्नातकोत्तर उत्तीर्ण तथा त्रिभुवन विश्वविद्यालयबाट Civil Engineering मा स्नातक उत्तीर्ण नेपाली नागरिक हुँ । मैले त्रिभुवन विश्वविद्यालयमा इन्जिनियरिङ अध्ययन संस्थानमा वातावरणीय इन्जिनियरिङको अध्यापन गराइ थेसिस सुपरभाइजरसमेतको जिम्मेवारी सम्हालेको छु । त्यस्तै सन् २०१३ को मेदेखि सन् २०१४ को अप्रिलसम्म Civil merchant Finance वित्तिय संस्थाको सञ्चालक समितिको निर्देशक पदको जिम्मेवारी सम्हालेको छु ।

विपक्षी काठमाडौं उपत्यका खानेपानी लिमिटेड (KUKL) ले मिति २०७१।६।६ गते सूचना प्रकाशित गरी काठमाडौं उपत्यका खानेपानी लिमिटेडको (KUKL) महा-प्रबन्धक पदको लागि

खुल्ला दरखास्त आह्वान गरेको थियो । उक्त सूचनामा उल्लेख भएबमोजिम मलगायत दश जना आवेदकहरूको आवेदन परी कार्यपत्र प्रस्तुती र अन्तरवार्ता सम्पन्न भएको थियो । तत्पश्चात् अन्तिम समयमा म निवेदक-१ विपक्षीमध्ये रूद्रप्रसाद गौतम-१ र चन्द्रलाल नकर्मी-१ गरी जम्मा ३ जना प्रतिस्पर्धी अन्तरवार्ताको लागि अन्तिम चरणसम्म छनौट भएका थियौं ।

विपक्षी काठमाडौं उपत्यका खानेपानी लिमिटेड (KUKL) पब्लिक कम्पनीको रूपमा स्थापना गर्दा काठमाडौं उपत्यका खानेपानी लिमिटेड र संस्थापक सेयरधनीहरू बिच मिति २०६४ फागुन महिनामा सर्वसम्मत सम्झौता सम्पन्न भएको थियो जो कम्पनी ऐन, २०६३ को दफा ४(१) ग ले कानूनी मान्यता प्राप्त र बाध्यात्मक छ । उक्त सम्झौता पत्रको प्रकरण नं. ८ को घ मा कुनै पनि सञ्चालकले आफू सञ्चालक पदमा बहाल रहेसम्म वा पदावधि समाप्त भई वा अन्य कारणले सञ्चालक पदबाट हटेको एक वर्षसम्म कम्पनीको कर्मचारी वा सल्लाहकार हुन पाउने छैन भन्ने स्पष्ट व्यवस्था गरिएको छ । जसअनुसार काठमाडौं उपत्यका खानेपानी लिमिटेड कम्पनीको सञ्चालक समितिको सदस्यहरू कुनै पनि पदमा एक वर्षभित्र कर्मचारी भर्ना प्रक्रियाका संलग्न हुन्, आवेदन दिन तथा लिखित मौखिक कुनै पनि परीक्षा वा मुल्याङ्कन प्रक्रियामा सहभागी हुन पाउँदैनन् । त्यसअनुसार रूद्रप्रसाद गौतमले सञ्चालक पद छाडेको एक वर्ष नपुगीकन कुनै पनि कर्मचारीको पदमा दरखास्त हाल्ने वा नियुक्त हुने अधिकार नै छैन ।

तर विपक्षी काठमाडौं उपत्यका खानेपानी लिमिटेडले सिफारिस समितिको सिफारिसबमोजिम हालै मिति २०७२।५।२० गते विपक्षीमध्ये रूद्रप्रसाद गौतमलाई महाप्रबन्धक पदमा नियुक्ति गर्ने निर्णय गरिएको भनी गोरखापत्र दैनिकमा सूचना प्रकाशित गरेको रहेछ । उक्त निर्णय पक्षपातपूर्णरूपमा गरिएको मूल्याङ्कनको आधारमा हुनुको साथै स्थापित मान्यताको बर्खिलाप, कानूनको स्पष्ट त्रुटि गरी गरिएकोले उत्प्रेषणको आदेशले बदर गरी पाउन प्रस्तुत निवेदन गर्दछु ।

प्रथमत: रूद्रप्रसाद गौतम मिति २०७१।५।१५ सम्म काठमाडौं उपत्यका खानेपानी लिमिटेडको सञ्चालकको हैसियतमा रहनुभएको हुँदा निजको दरखास्त नै रितपूर्वकको नमानिने हुँदा दरखास्त दर्ता गर्ने कार्य नै उत्प्रषणको आदेशद्वारा बदर गरिपाऊँ । साथै विपक्षी कै कार्यकालमा काठमाडौं उपत्यका खानेपानी लिमिटेड (KUKL) को महाप्रबन्धकको नियुक्तिसम्बन्धी कार्यविधि तयार गरी सो कार्यविधि पारित भएपश्चात् सञ्चालक पदबाट हटी सोही संस्थाको महाप्रबन्धक पदमा दरखास्त दिएको स्पष्ट छ । विपक्षी रूद्रप्रसाद गौतम उल्लिखित पदको दरखास्त बुझाउने बेलामा र हालसम्म पनि ल.पु. उपमहानगरपालिकाको स्थायी वरिष्ठ इन्जिनियर हुनुहुन्छ । हालसम्म पनि निजको पुरानै पद कायम रहनुले कानूनविपरीत दोहोरो फाइदा उठाई सरकारलाई ढाँट्ने, छल्ने र नोक्सानी पुर्‍याउने कार्य गरेको देखिएकोले यस्तो कार्य कानून विपरीत, दुषित र सरकारले अवलम्बन गरेको सुशासनको नीति तथा कानूनविपरीत भएकोले निजलाई नियुक्त गर्ने निर्णयसमेत उत्प्रेषणको आदेशले बदरभागी छ । विपक्षी रूद्रप्रसाद गौतमभन्दा मेरो शैक्षिक योग्यता बढी (Ph.D) भई विपक्षीको भन्दा मेरो शैक्षिक योग्यताबापत बढी अंक आउने प्रष्ट देखिन्छ । कानूनीरूपमा योग्यता नपुगेको व्यक्तिलाई प्रक्रियामा नै सामेल गर्न नमिल्नेमा गैरकानूनीरूपमा दरखास्त लिई महाप्रबन्धक पदमा नियुक्त गर्ने गरी भएको मिति २०७२।५।२० को निर्णयसमेतका सम्पूर्ण काम कारवाहीहरू उत्प्रेषणको आदेशले बदरभागी छ बदर गरिपाऊँ ।

अतः विपक्षी रूद्रप्रसाद गौतमलाई काठमाडौं उपत्यका खानेपानी लिमिटेड (KUKL) को महाप्रबन्धक पदमा दरखास्त लिने तथा नियुक्त

गर्ने कार्य सेयरधनीहरूको सम्झौतापत्रको प्रकरण नं. ८ को घ को प्रतिकूल भई गैरकानूनी भएको र यस्तो गैरकानूनी कार्य तथा निर्णयले म निवेदकको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ को उपधारा ३ को खण्ड च ले प्राप्त पेसा तथा रोजगार गर्ने मौलिक हक र धारा १३ ले प्राप्त समानताको मौलिक हकसमेत हनन् हुन गई उक्त हकको प्रचलन गर्ने अन्य कुनै प्रभावकारी वैकल्पिक उपचारसमेत नभएकोले विपक्षी रूद्रप्रसाद गौतमलाई महाप्रबन्धक पदमा नियुक्त गर्ने मिति २०७२।५।२० गतेको निर्णयसमेत उत्प्रेषणको आदेशले बदर गरी म निवेदकलाई उक्त पदमा नियुक्त गरी यस अदालतलाई जानकारी दिनु भनी परमादेशलगायत जो चाहिँने आदेश वा पुर्जी जारी गरी पूर्ण न्याय पाऊँ। साथै विपक्षीको नियुक्ति प्रथम दृष्टिमा नै गैरकानूनी देखिएकोले विपक्षीलाई हाल उक्त पदको नियुक्ति पत्र नदिनु नदिलाउनु तथा महाप्रबन्धकको रूपमा काम गर्न नदिनु भनी अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने रिट निवेदन मागदाबी।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबुद प्रमाणसहित १५ दिनभित्र लिखित जवाफ पेस गर्नू। साथै अन्तरिम आदेशको माग गरेको देखिँदा अन्तरिम आदेशको सम्बन्धमा छलफल गर्न उपयुक्त हुँदा १० दिनको समय दिई विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी नियमानुसार पेस गर्नु भन्ने कारण देखाउ आदेश।

महाप्रबन्धक छनौट सिफारिस समितिले महाप्रबन्धकको पदमा नियुक्तिको लागि सिफारिस गरेको ३ जनामध्ये उच्चतम अंक (Merit list) प्राप्त गर्ने उम्मेदवार रूद्रप्रसाद गौतमलाई महाप्रबन्धक नियुक्ति गर्ने निर्णय गरेको हो। रिट निवेदकले महाप्रबन्धक पदमा नियुक्ति दिने निर्णयकर्ता निकाय काठमाडौं उपत्यका खानेपानी लिमिटेडका सञ्चालक समिति विरूद्ध कुनै दाबी उजुर गर्न सकेको छैन । महाप्रबन्धक पदको लागि महाप्रबन्धक छनौट कार्यविधि २०७१ मुताबिक ३ जनाको नाम सिफारिस गरी मिति २०७१।८।२२ मा गोरखापत्रमा सूचना प्रकाशित गरेको थियो । यदि रूद्रप्रसाद गौतम महाप्रबन्धकको लागि उम्मेदवार भई दरखास्त दिन मिल्ने थिएन भने निजको नाम सङ्क्षिप्त सूचीमा समावेश भई सार्वजनिक सूचना प्रकाशित हुँदासम्म कहिँकतै कसैको पनि दाबी उजुर परेको छैन । रिट निवेदकले सञ्चालकले एक वर्षभित्र कुनै पनि परीक्षा वा मुल्याङ्कन प्रक्रियामा सहभागी हुन पाउँदैनन् भन्ने जिकिर लिनु भए तापनि सेयरधनी सम्झौताको सर्त नं. ८(ग) ले कम्पनीको सञ्चालक पदबाट हटेको व्यक्तिले १ वर्षसम्म सञ्चालक पदमा उम्मेदवार हुन नपाउने स्पष्ट प्रावधान राखेको भए तापनि सेयरधनी सम्झौता को सर्त नं. ८(घ) ले स्पष्टरूपमा १ वर्षसम्म उम्मेदवार हुन रोक लगाएको अवस्था नभएको तथा रूद्रप्रसाद गौतम महाप्रबन्धक नियुक्त हुँदाको अवस्थामा सञ्चालक पद छोडेको एक वर्षको अवधिसमेत भुक्तान भइसकेको छ।

यसका साथै महाप्रबन्धकको नियुक्ति गर्न तयार गरिएको कार्यविधि, २०७१ को १४(ग) को प्रावधानसमेतले सञ्चालक भएकै अवस्थामा पनि सञ्चालक समितिको अध्यक्षको अनुमतिबाट उम्मेदवार हुन पाउने प्रावधान रहेको हुँदा निवेदकको दाबी आधारहीन छ । प्रबन्ध सञ्चालक पदमा कम्पनीको नियमावलीको नियम १८ मुताबिक स्वतन्त्र सञ्चालकबाहेक अन्य सञ्चालक पनि प्रबन्ध सञ्चालक भई कार्य गर्न पाउने प्रावधान रहेको छ, अर्थात् सञ्चालक नै प्रबन्ध सञ्चालक हुन सक्दछ भने पदबाट हटी सकेको व्यक्ति महाप्रबन्धक पदमा उम्मेदवार नै हुन नपाउने भन्ने व्याख्या कम्पनी नियमावलीको नियम १७ र १८ सेयरधनी सम्झौता पत्रको २०७१।६।२४ (तेस्रो संशोधन) बुँदा नं. २४ को संशोधित सर्तसमेतको विपरीतको हुँदा रिट निवेदकको

निवेदन दाबी स्वतः खारेजभागी छ, खारेज गरिपाउँ भन्ने काठमाडौं उपत्यका खानेपानी लिमिटेड, ऐ. को महाप्रबन्धक छनौट सिफरिस समितिको तर्फबाट अख्तियार प्राप्त भई अफ्नो हकमा समेत सञ्चालक समितिका अध्यक्ष सुरेशकुमार बस्नेतको लिखित जवाफ।

कम्पनीको प्रचलित नियमावली तथा कम्पनी ऐन, २०६३ तथा सेयरधनी सम्झौता पत्रले कुनै निषेध नगरेको विषयलाई आधार लिई म रूद्रप्रसाद गौतमको महाप्रबन्धक पदमा दिएको उम्मेदवारीको दरखास्त पत्र तथा नियुक्ति सेयरधनी सम्झौता पत्रको ८(घ) को प्रतिकूल भनी दाबी गरी रिट निवेदन दायर भए तापनि सेयरधनी सम्झौता पत्रको ८(घ)मा सञ्चालकबाट हटेको एक वर्षसम्म कम्पनीको कर्मचारी वा सल्लाहकार पदमा उम्मेदवार हुन नपाउने प्रावधान राखेको छैन केवल कम्पनीको कर्मचारी वा सल्लाहकारमा एक वर्षसम्म नियुक्ति नपाउने भन्नेसम्मको प्रावधान रहेको हुँदा निवेदन दाबी समुच्चारूपमा कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावलीसमेतको प्रतिकूल छ। यसका साथै महाप्रबन्धकको नियुक्ति गर्न तयार गरिएको कार्यविधि, २०७१ को १४(ग) को प्रावधानसमेतले सञ्चालक भएकै अवस्थामा पनि सञ्चालक समितिको अध्यक्षको अनुमतिबाट उम्मेदवार हुन पाउने प्रावधान रहेको हुँदा निवेदकको दाबी महाप्रबन्धकको नियुक्ति गर्न तयार गरिएको कार्यविधि, २०७१ समेतको प्रतिकूल छ।

अतः म महाप्रबन्धक पदमा नियुक्त भएको कुरा सेयरधनी सम्झौताको प्रतिकूल भएको भन्ने रिट निवेदकको दाबी कम्पनीको सेयरधनी सम्झौताको दफा ८(घ) तथा कम्पनीको प्रचलित नियमावलीको नियम १७ र १८ को प्रावधानको प्रतिकूलको व्याख्या हो। निवेदक महाप्रबन्धक नियुक्त हुन सफल भएको भए सबै कुरा विधिवत् मानिन्थ्यो तर निवेदक नियुक्त हुन असफल भएको कारणले सबै कार्य गैरकानूनीरूपमा भएको भन्ने दाबी जिकिर कानूनसङ्गत छैन। तसर्थ रिट निवेदक स्वयम् महाप्रबन्धक छनौट प्रक्रिया प्रारम्भदेखि अन्तसम्म सहभागी भई महाप्रबन्धक नियुक्तिको निर्णय गरेपश्चात् मात्र महाप्रबन्धक छनौट सिफारिस समितिले गरेको सिफारिसलाई बदर माग गरेको रिट निवेदन दाबी प्रमाण ऐन, २०३१ को दफा ३४ बिवन्धनको सिद्धान्तको समेत प्रतिकूलको हुँदा रिट निवेदन दाबी खारेज गरिपाउँ भन्ने महाप्रबन्धक रूद्रप्रसाद गौतमको लिखित जवाफ।

रिट निवेदकले भने झै महाप्रबन्धक नियुक्त गर्ने सम्बन्धमा मन्त्रालयको तर्फबाट सञ्चालकहरू परिवर्तन गरिएको भन्ने दाबी आधारहीन र औचित्यहीन छ । सहरी विकास मन्त्रालयको प्रथम श्रेणीको सहसचिवको हैसियत काठमाडौं उपत्यका खानेपानी लिमिटेडमा मलाई सञ्चालकमा मनोनयन पठाएको हो। साथै विगतमा मन्त्रालयको तर्फबाट काठमाडौं उपत्यका खानेपानी लिमिटेडमा सञ्चालक सदस्यको रूपमा मनोनयन गरिएको सहसचिव भवन निर्माणसम्बन्धी विषयको हुनुहुन्थ्यो भने म प्रत्यर्थी भने सहरी क्षेत्रको खानेपानी तथा सरसफाईसम्बन्धी विज्ञको रूपमा कार्यरत भएको व्यक्तिसमेत रहेको हुँदा म काठमाडौं उपत्यका खानेपानी लिमिटेडको सञ्चालक सदस्यको रूपमा कार्यरत भएको अवस्थामा मिति २०७२।५।२० मा बसेको सञ्चालक समितिको बैठकले महाप्रबन्धक छनौट सिफारिस समितिको सिफारिसमा परेका ३ जना उम्मेदवारहरू मध्ये सबैभन्दा उच्चतम अङ्क प्राप्त गर्ने व्यक्तिलाई महाप्रबन्धक पदमा नियुक्ति गरिएको हो । निवेदकले रिट निवेदनमा उल्लेख गरे झै कुनै अमुक व्यक्तिलाई महाप्रबन्धक पदमा नियुक्ति गर्ने उद्देश्यले म प्रत्यर्थीको सञ्चालकमा मनोनयन भएको होइन । यसैगरी काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डमा अध्यक्ष भएको र सहरी विकास मन्त्रालयमा सहसचिवसमेत भएको व्यक्ति लिमिटेडमा सञ्चालक रहेको जिकिर लिए पनि सेयरधनी सम्झौताको ८(ग)

(३) को प्रावधान मिति २०७१।६।२४ को तेस्रो साधारण सभाबाट संशोधनसमेत गरिएको हुँदा रिट निवेदकको दाबी पूर्णरूपमा औचित्यहीन छ । त्यसका अतिरिक्त कम्पनी ऐन, २०६३ को दफा १०६ मुताबिक पनि सञ्चालकको नियुक्तिको सम्बन्धमा उठाइएका प्रश्नले त्यस्तो सञ्चालकले गरेको काम कारवाही बदर हुने छैन भन्ने प्रावधान रहेको हुँदा रिट निवेदन दाबी उक्त ऐनको प्रतिकूल छ । रिट निवेदकले महाप्रबन्धक पदमा नियुक्ति पाउन नसकेपछि पूर्वाग्रही ढंगबाट आक्षेपयुक्त व्यहोरा लेखी दायर गरेको रिट निवेदन आधाररहितसमेत हुँदा खारेज गरिपाउँ भन्ने काठमाडौं उपत्यका खानेपानी लिमिटेड सञ्चालक रामचन्द्र देवकोटाको लिखित जवाफ ।

काठमाडौं उपत्यका खानेपानी लिमिटेडको सञ्चालक समितिले रिक्त महाप्रबन्धकको पदपुर्ति प्रचलित कानूनको प्रक्रिया पुर्‍याई खुल्ला प्रतिष्पर्धाको माध्यमबाट पारदर्शी प्रक्रिया अवलम्बन गरी गरेको हुँदा कानूनसम्मत भएको कामकारवाहीबाट निवेदकको हकअधिकार हनन् भएको नहुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने सहरी विकास मन्त्रालयको तर्फबाट पेस हुन आएको लिखित जवाफ ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनमा निवेदकतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्तात्रय श्री सुशीलकुमार पन्त, श्री शम्भु थापा, श्री तुलसी भट्ट एवं अधिवक्ता श्री बिनोद कार्कीले विपक्षी रूद्रप्रसाद गौतम महाप्रबन्धक छनौटको लागि सम्भाव्य उम्मेदवार हुनसक्ने व्यक्ति होइन । उहाँ काठमाडौं उपत्यका खानेपानी लिमिटेडको सञ्चालकको हैसियतमा मिति २०७१।५।१५ सम्म बहाल रहनु भएकोलाई अन्यथा भन्न सक्नुभएको छैन । सेयरधनी सम्झौताको प्रकरण ८(घ) ले कम्पनीको सञ्चालकलाई कर्मचारी वा परामर्श दाताका रूपमा १ वर्षसम्म काम गर्न नपाउने गरी बन्देज लगाएको छ । त्यसैले महाप्रबन्धक रूद्र गौतम मिति २०७१।५।१५ देखि २०७२।५।१५ सम्म अयोग्य रहने हो । महाप्रबन्धकको दरखास्त नै दिन योग्यता नपुगेको व्यक्ति नियुक्त भएको हुँदा यो नियुक्ति सरासर गैरकानूनी छ । उहाँको नियुक्ति सुशासनसम्बन्धी ऐनविपरीत छ । तसर्थ विपक्षीको नियुक्ति कानूनतः बदरयोग्य हुँदा मागबमोजिमको आदेश जारी हुनुपर्छ भनी र प्रत्यर्थी सहरी विकास मन्त्रालयका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी एवं काठमाडौं उपत्यका खानेपानी लिमिटेड तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री हरिहर दाहाल, श्री प्रकाश राउत, विद्वान् अधिवक्ताद्वय श्री रमण कुमार श्रेष्ठ, श्री बच्चु सिंह खड्काले काठमाडौं उपत्यका खानेपानी लिमिटेडले विद्यमान कानूनी प्रक्रिया पुरा गरेअनुसार नै महाप्रबन्धक नियुक्ति गरेको हुँदा यो नियुक्ति गैरकानूनी छैन । रूद्रप्रसाद गौतम सञ्चालकबाट हटेको १ वर्ष व्यतित भइसकेपछि नियुक्ति भएको छ । खुला प्रतिस्पर्धाबाट अन्य प्रतिस्पर्धीभन्दा उच्चतम् अंक प्राप्त गर्ने उम्मेदवारलाई योग्यताको आधारमा चयन गरिएको हो । निज महाप्रबन्धक को पदमा उम्मेदवारै हुन नपाउने भन्ने सेयरधनी सम्झौतामा उल्लेख भएको छैन । कम्पनीको नियमावलीको नियम १८ अनुसार स्वतन्त्र सञ्चालकबाहेक अन्य सञ्चालक प्रबन्ध सञ्चालक भई काम गर्न सक्छन् भने सञ्चालकबाट हटिसकेको व्यक्ति महाप्रबन्धकमा नियुक्त हुन नसक्ने भन्ने हुँदैन । रूद्रप्रसाद गौतम संस्थागत सञ्चालककै हैसियतले काम गरेको हुँदा १ वर्ष हद लाग्दैन । महाप्रबन्धक पदका लागि तोकिएको आवश्यक योग्यता नपुगेको भन्न विपक्षीले सकेको छैन । संक्षिप्त सूची प्रकाशन हुँदासम्म कसैको उजुर परेको छैन । साथै निवेदक रूद्रप्रसाद गौतमले नियुक्ति पाई कामकाज नै थालिसकेको हुँदा मागबमोजिम आदेश जारी हुने अवस्था छैन भनी गर्नुभएको बहससमेत सुनियो ।

अन्तरिम आदेश सम्बन्धमा आज छलफलका लागि पेस हुन आएको प्रस्तुत निवेदनमा विपक्षीतर्फबाट

लिखितजवाफ समेत प्राप्त भइसकेको देखिँदा पूर्ण सुनुवाई गर्न मिल्ने भई दुवै पक्षका विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरलाई मध्यनजर गर्दै, रिट निवेदन तथा लिखित जवाफसहितको मिसिल अध्ययन गरी हेर्दा यसमा निवेदन मागबमोजिमको आदेश जारी हुने हो होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा काठमाडौं उपत्यका खानेपानी लिमिटेड र संस्थापक सेयरधनीहरू बिचको सम्झौतापत्रको सर्त नं. ८ (घ) मा कुनै पनि सञ्चालकले आफू सञ्चालक पदमा बहाल रहेसम्म वा पदावधी समाप्त भई वा अन्य कारणले सञ्चालक पदबाट हटेको एक वर्षसम्म कम्पनीको कर्मचारी वा सल्लाहकार हुन पाउने छैन भन्ने स्पष्ट व्यवस्थाविपरीत मिति २०७१।५।१५ सम्म काठमाडौं उपत्यका खानेपानी लिमिटेडको सञ्चालक समितिमा रहेका विपक्षी रूद्रप्रसाद गौतमलाई महाप्रबन्धक पदमा नियुक्ति गर्ने निर्णय उक्त सेयरधनी सम्झौताको प्रावधानविपरीत भएकोले बदर घोषित गरी म निवेदकलाई उक्त पदमा नियुक्ति गरिपाउँ भन्ने रिट निवेदन दाबी रहेको छ । प्रत्यर्थीतर्फको लिखित जवाफ व्यहोरा हेर्दा सेयरधनीहरू बिचको सम्झौतापत्रको सर्त नं. ८(घ) ले स्पष्टरूपमा १ वर्षसम्म उम्मेदवार हुन रोक लगाएको अवस्था नभएको, महाप्रबन्धक नियुक्त हुँदाको अवस्थामा सञ्चालक पद छोडेको एक वर्षको अवधिसमेत भुक्तान भइसकेको छ । निवेदक स्वयम् महाप्रबन्धक छनौट प्रक्रियामा सहभागी भई आफू महाप्रबन्धक नियुक्ति नभएपछि मात्र महाप्रबन्धक छनौट सिफारिस समितिले गरेको सिफारिसलाई बदर माग गरेको निवेदन दाबी विवन्धनको सिद्धान्तको समेत प्रतिकूलको हुँदा रिट निवेदन दाबी खारेज गरिपाउँ भनी उल्लेख गरेको देखिन्छ ।

३. विपक्षी रूद्रप्रसाद गौतम मिति २०७१।५।१५ सम्म काठमाडौं उपत्यका खानेपानी लिमिटेडको सञ्चालकमा रहेको तथ्यमा विवाद देखिँदैन । काठमाडौं उपत्यका खानेपानी लिमिटेडको महाप्रबन्धकपद खुल्ला प्रतिस्पर्धाबाट पूर्ति गर्न मिति २०७१।६।६ मा विज्ञापन प्रकाशन भई छनौट प्रक्रिया सुरू भएकोमा उक्त पदमा दरखास्त दिनसक्ने योग्य उम्मेदवार होइन भनी निवेदकले मुख्यतया प्रत्यर्थी रूद्रप्रसाद गौतमको योग्यताको (Eligibility) प्रश्न उठाएको देखियो । काठमाडौं उपत्यका खानेपानी लिमिटेड र संस्थापक सेयरधनीबिच भएको सम्झौताको सर्त नं.८(घ) मा "कुनै पनि सञ्चालक आफू सञ्चालक पदमा बहाल रहेसम्म वा पदावधि समाप्त भई वा अन्य कारणले सञ्चालकबाट हटेको एक वर्षसम्म कम्पनीको कर्मचारी वा सल्लाहकार हुन पाउने छैन" भन्ने व्यवस्था भएको देखिन्छ । काठमाडौं उपत्यका खानेपानी लिमिटेड र संस्थापक सेयरधनीहरू बिच भएको उक्त सम्झौतापत्र कम्पनी स्थापनाको मुल आधार भएको हुँदा त्यसको पालना गर्ने दायित्व सञ्चालक समितिमा रहन जाने हुन्छ । मिति २०७१।६।६मा प्रकाशित महाप्रबन्धक पदको विज्ञापनअनुसार प्राप्त हुन आएका दरखास्तहरू छानबिन एवं मुल्याङ्कन गरी मिति २०७१।७।२५मा आवेदकहरूको संक्षिप्त सुची प्रकाशन भएको र महाप्रबन्धक छनौट सिफारिस समितिले कार्यपत्र परीक्षण, कार्यपत्र प्रस्तुतिकरण, अन्तर्वार्तासमेतबाट उच्चतम् अंक प्राप्त गर्ने वर्णानुक्रमअनुसार चन्द्रलाल नकर्मी, महेशप्रसाद भट्टराई र रूद्रप्रसाद गौतमसमेत ३ जनाको नाम महाप्रबन्धक पदमा सिफारिस गरी मिति २०७१।८।२२को गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशन भएको भन्ने देखिन आयो । सोही सिफारिसको आधारमा काठमाडौं उपत्यका खानेपानी लिमिटेड सञ्चालक समितिको मिति २०७२।५।२० को निर्णयबाट प्रत्यर्थी रूद्रप्रसाद गौतमलाई महाप्रबन्धक पदमा नियुक्ति गरिएको देखिन्छ ।

४. संस्थापक सेयरधनीबिच भएको

सम्झौताको प्रावधानअनुसार सञ्चालकलाई एक वर्षसम्म कर्मचारीको रूपमा नियुक्त हुन रोक लगाएको भए तापनि प्रत्यर्थी रूद्रप्रसाद गौतम मिति २०७१।५।१५ सम्म काठमाडौं उपत्यका खानेपानी लिमिटेडको सञ्चालकको हैसियतमा रहेकोमा मिति २०७१।६।६ बाट सुरू भएको भर्ना प्रक्रियामा सामेल भएको देखिन्छ । सञ्चालकबाट हटेको एक वर्षसम्म कम्पनीको कर्मचारी वा सल्लाहकार पदमा "उम्मेदवार" हुन नपाउने प्रावधान नरहेको भन्ने प्रत्यर्थीको जिकिर रहेको देखिन्छ । कुनै पनि प्रतिस्पर्धामा उम्मेदवार हुनुको उद्देश्य नियुक्ति पाउनु हो, हकको दाबी गर्नु हो । विज्ञापन भएको पदमा दरखास्त दिँदा त्यससँग सम्बन्धित सर्तहरूको पालना अनिवार्यरूपमा गरिएको हुनुपर्छ । नियुक्तिका लागि योग्य अवस्थामा रहेको व्यक्ति नै त्यस्तो पदको लागि उम्मेदवार हुन सक्छन् र त्यस्ता उम्मेदवारको नै उपयुक्तताको परीक्षण एवं मुल्याङ्कन गरिने हुन्छ । नियुक्ति हुन अयोग्य व्यक्ति उम्मेदवार हुनका लागि पनि अयोग्य नै हुन्छन । अयोग्य अवधिभित्र उम्मेदवारको उपयुक्तताको परीक्षण एवं मुल्याङ्कन चाहिँ गर्न मिल्छ भन्नु तर्कसङ्गत एवं विकेकपूर्ण हुँदैन । सञ्चालक पदबाट हटेको एक वर्षभित्रै कम्पनीको कर्मचारी वा सल्लाहकार पदमा उम्मेदवार हुन चाहिँ पाउने तर नियुक्ति हुन नपाउने भन्ने हो भने यसबाट विरोधाभाषपूर्ण अवस्था सृजना हुन जान्छ । तसर्थ सञ्चालकबाट हटेको एक वर्षभित्रसमेत उम्मेदवार हुन चाहिँ मिल्छ भन्ने प्रत्यर्थीको तर्कसँग सहमत हुन सकिएन ।

५. कम्पनीको कार्यकारिणी अधिकार सञ्चालक समितिमा रहन्छ । सञ्चालक समितिले कम्पनीको व्यवस्थापनसम्बन्धी सम्पूर्ण कार्य गर्दछ । यसरी कम्पनीको व्यवस्थापकिय तहको महत्त्वपूर्ण जिम्मेवारी सम्हाल्ने सञ्चालकलाई सोझै कर्मचारीको रूपमा नियुक्त हुन नसक्ने गरी एक वर्ष रोक्नुको अर्थ स्वार्थ विरेचन गर्न चाहिँने समय (Cooling Period) दिनु हो । जसको उद्देश्य सञ्चालकबाट हट्नासाथ कर्मचारीको रूपमा नियुक्त हुने वा अन्य स्वार्थ सिद्ध गर्ने गरी काम गर्न नसकुन् वा सञ्चालकको पद समाप्त भएपछि सञ्चालक हुँदाको अवस्थामा रहेका निजको स्वार्थपूर्ति गर्ने कुनै कार्य नहोस्, अनुचित लाभ नलिउन्, संस्थागत सुशासन कायम होस्, स्वच्छ र निष्पक्ष निर्णय होस् भन्ने नै उद्देश्य अन्तरनिहित रहन्छ । संस्थागत सुशासन कायम गर्न एवं कसैको निहित स्वार्थ पुरा नहोस् भन्नको लागि यस्तो व्यवस्था गर्ने गरिन्छ । बैंक तथा वित्तिय संस्थाको नियमनकारी निकायको रूपमा रहेको नेपाल राष्ट्र बैंकका गभर्नर र डेपुटी गभर्नरले आफ्नो पदबाट हटेको एक वर्षसम्म कुनै पनि वाणिज्य बैंक तथा वित्तिय संस्थामा काम गर्न नपाउने गरी रोक लगाएको यस्तै सादृश्य व्यवस्थासमेत नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ३२(३) मा रहेको देखिन्छ । यसरी मिति २०७१।५।१५ सम्म काठमाडौं उपत्यका खानेपानी लिमिटेडको सञ्चालक पदमा रहेका प्रत्यर्थी रूद्रप्रसाद गौतम सो मितिबाट एक वर्षसम्म कर्मचारीको रूपमा नियुक्त हुन अयोग्य रहेकोमा सोही अवधिभित्रै अर्थात् मिति २०७१।६।६ बाट सुरू भएको भर्ना प्रक्रियामा सामेल भई मिति २०७१।८।२२ मा महाप्रबन्धक पदमा नियुक्तिको लागि सिफारिस भएकोमा पदपुर्तिको प्रक्रिया अस्वभाविकरूपमा लम्ब्याई अयोग्य हुने भनेको अवधि नाघेपछि योग्य भएको भन्ने मान्यताको आधारमा मिति २०७२।५।२० मा नियुक्ति दिने दिलाउने कार्य न्यायोचित र स्वस्थकर मान्न मिलेन । तसर्थ माथि उल्लिखित आधार कारणबाट प्रत्यर्थी रूद्रप्रसाद गौतमलाई मिति २०७२।५।२० मा काठमाडौं उपत्यका खानेपानी लिमिटेडको महाप्रबन्धक पदमा नियुक्ति दिने दिलाउने कार्य उल्लिखित सेयरधनी सम्झौताको सर्त नं. ८(घ) को स्पष्टविपरीत देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब कानूनबमोजिम बाँकी निर्णय गर्नु भनी विपक्षीको नाममा परमादेशको

आदेश जारी हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी विपक्षीलाई दिनू । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या.चोलेन्द्र शमशेर ज.ब.रा.

इजलास अधिकृत: सुरेशराज खनाल
इति संवत् २०७२ साल असोज २० गते रोज ४ शुभम् ।

निर्णय नं. ९५८२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
आदेश मिति : २०७२।११।१८।३
०७२-WH-००४०

विषय:- बन्दीप्रत्यक्षीकरण

निवेदक : काठमाडौं जिल्ला मनमैजु ९ बालाजु नेपालटार घर भई नेपाल कृषि अनुसन्धान परिषद् सिंहदरबारमा प्राविधिक सहायक पदमा कार्यरत भई कारागार कार्यालय जगन्नाथदेवलमा थुनामा रहेकी गौरीमाया घिमिरे

विरूद्ध

विपक्षी : विशेष अदालत बबरमहल, काठमाडौंसमेत

- **यथोचित विधि र प्रक्रिया न्यायको अर्न्तनिहित तत्त्व हो । यथोचित विधिको प्रयोग र पालनाबाट प्रक्रियामा स्वच्छता ल्याउँछ । त्यस्तो विधि र प्रक्रियाअन्तर्गत प्रर्याप्तरूपमा सुनुवाईको मौका प्रदान गर्नु र आफ्नो कुरा भन्न पाउने सरल अवसरबाट विमुख नगरिनु पनि पर्न आउँछ । आफू विरूद्ध लागेको अभियोगमाथि प्रतिरक्षा गर्ने अवसर प्राप्त गर्न पाउनु जुनसुकै व्यक्तिको कानूनी र कार्यविधिगत अधिकार पनि हो । सुनुवाईको उचित अवसरमा हरेक पक्षलाई आफ्नो कुरा पुरापुरा (adequately) राख्न दिनु र हरेक विकल्प प्रयोग गरी प्रर्याप्त र स्वच्छ अवसर दिइनु जस्ता कुरा अपरिहार्य हुन जान्छन् । कसैलाई प्रतिकूल असर पर्ने गरी निर्णय गर्नुभन्दा पहिले निजको कुरा सुनुवाई हुनुपर्ने प्राकृतिक न्यायको मुलभूत सिद्धान्त हो । निजको कुरा सुन्ने प्रयोजनका लागी निजलाई दिनुपर्ने त्यस्तो सूचना नै म्याद हो । निजलाई सूचना प्राप्त हुन सक्ने विभिन्न विकल्पहरू छन् भने सो विकल्प प्रर्याप्तरूपमा अपनाइएको हुनुपर्छ केवल औपचारिकता पुरा गर्ने हिसाबले मात्र सूचनाको अवसरलाई वञ्चित गरिनु नहुने ।**

(प्रकरण नं.८)

- **निवेदिकाको बयानबाट निजको बसाई सराईको ठेगाना प्रष्ट खुलाएको र निज कार्यरत कार्यालयको समेत वतन खुलाएकोमा उक्त स्थानमा म्याद तामेल नगरी साबिकको रामेछाप जिल्ला बेताली गा.वि.स.वडा नं. २ मा म्याद तामेल गरी विशेष अदालत, काठमाडौंबाट मुद्दा फैसला भएको देखियो । वास्तविक ठेगानामा**

म्याद तामेल नगरी अन्यत्र तामेल गरेको म्यादबाट प्रतिवादको मौका प्रदान गरेको भन्न मिल्दैन भनी ने.का.प.२०४७ नि.नं. ४११८ पृष्ठ ३२६ मा प्रतिपादित कानूनी सिद्धान्तसमेतको परिप्रेक्ष्यमा निवेदिकाको नाउँमा जारी भई मिति २०७२।३।२८ मा तामेल भएको म्याद रितपूर्वकनै तामेल भएको भन्ने अर्थ गर्न मिल्ने नदेखिने ।

(प्रकरण नं.११)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता माधव बास्कोटा, अधिवक्ताहरू प्रकाश बस्नेत, राजुप्रसाद धिमाल र बालकृष्ण मैनाली

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता कृष्ण पौडेल

अवलम्बित नजिर :

- नेकाप २०४७, नि.नं.४११८, पृ.३२६

सम्बद्ध कानून :

आदेश

न्या.सुशीला कार्की : नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) अन्तर्गत पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार रहेको छ :

प्रतिवादी म गौरीमाया घिमिरे र वादी नेपाल सरकार भएको ०७१-CR-००६८ को भ्रष्टाचार मुद्दामा विशेष अदालत, काठमाडौंबाट मिति २०७२।६।२२ मा फैसला गर्दा मलाई ६ महिना कैद र रू.३,९७,०००।- जरिवाना हुने गरी फैसला भएको रहेछ । उक्त फैसला कार्यान्वयनको लागि काठमाडौं जिल्ला अदालतमा लगत नं. १७८२४ मा बेरूजु लगत कायम गरी पठाएको अवस्थामा मिति २०७२।१०।१० मा म कार्यरत रहको नेपाल कृषि अनुसन्धान परिषद्को कार्यालयबाट घर फर्किँदै गर्दा मलाई प्रहरीले पक्राउ गरी हाल कारागार कार्यालय जगन्नाथदेवलमा राखेको छ ।

म प्रतिवादी गौरीमाया घिमिरेको जन्म मनमैजु ९ काठमाडौंमा भएको र मेरो विवाह रामेछाप जिल्ला बेताली गा.वि.स.वडा नं. २ घर भई मिति २०४२।४।२५ मा परिवारसहित काठमाडौं मनमैजु ९ मा बसाई सरेका गोविन्दप्रसाद घिमिरेसँग भएको हो ।

रविन कार्की, नगेन्द्र घिमिरेसमेतलाई म गौरीमाया घिमिरेले जागिर लगाई दिन्छु भनी निजहरूबाट रकम लिएको भन्ने आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमक्ष मिति २०७१।१।२५ मा मेरो विरूद्ध उजुरी परेको भनी मलाई आयोगमा बोलाई बयान गराएको थियो । त्यसपछि के गर्नुपर्छ भनी आयोगसँग सोध्दा केही गर्नु पर्दैन यो मुद्दा यहीँबाट खारेज हुन्छ भन्ने जवाफ दिएका थिए । मलाई मिति २०७०।१०।५ मा उजुरी कर्तामध्येका नगेन्द्र घिमिरेले जबरजस्तीरूपमा मेरो बाबु बाजेको नाम फरक पारी रू.६,००,०००।- को कपाली तमसुक गराएका थिए । उजुरी कर्ताहरूले विभिन्न दरका रकमहरू मेरो खातामा राखी दिएको भन्ने आरोप छ सो सरासर झुट्टा हो । उजुरी कर्ताहरूले आफैँ मेरो हस्ताक्षर किर्ते गरी विभिन्न बैंक खातामा रकम जम्मा गरेको अवस्था छ । सो के कसरी गरे मलाई थाहा छैन ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मेरा विरूद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेपछि विशेष अदालतले म बसेको ठेगाना जिल्ला काठमाडौं मनमैजु गा.वि.स. वडा नं. ९ मा मिति २०७१।६।६ मा म्याद जारी गरेको रहेछ । उक्त म्यादमा मानिस फेला नपरेको भनी मिति २०७१।७।२३ मा बेपत्ते तामेल भई आएपछि मेरो श्रीमान्को स्थायी ठेगाना रामेछाप जिल्ला बेताली गा.वि.स.वडा नं.२ मा मिति २०७२।३।२८ मा घर दैलोमा टाँस गरी १ प्रति गा.वि.स.मा टाँस गरेको भनी बसाई सरिसकेको ठेगानामा तामेल भई आएको रहेछ ।

यसरी मिति २०४२।४।२५ मा परिवारसहित

बसाई सरी काठमाडौं जिल्ला मनमैजु गा.वि.स. वडा नं. ९ मा बसी आएकोले मलाई विना सूचना कानूनविपरीत अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरी मलाई म्याद तामेल गर्दा सूचनासमेत नदिई मेरो अस्थायी र स्थायी ठेगानामा म्याद पठाई बेपत्ते तामेल भएको म्यादलाई स्वीकार गरी म नेपाल सरकारको निजामती कर्मचारी भएकोले मेरो अफिसमा म्याद जारी नगरी अ.बं. २०८ नं. बमोजिम प्रतिवाद गर्ने मौकासमेत नदिई एकतर्फीरूपमा मलाई दोषी ठहर हुने गरी विशेष अदालत, काठमाडौंबाट भएको फैसला प्राकृतिक न्यायको सिद्धान्तविपरीत छ । विशेष अदालतबाट मलाई सुनुवाईको मौका नै नदिई गरेको त्रुटिपूर्ण फैसलाबाट म मिति २०७२।१०।१० देखि गैरकानूनी थुनामा रहेको हुँदा मेरो नागरिक अधिकार ऐन, २०१२ को दफा ६,१२ एवं नेपालको संविधान २०७२ को धारा १६(१), १७(१), ९, १८ र १३३(२) द्वारा प्रदत्त मौलिक हकमा आघात परेको र हाल गैरकानूनी थुनामा रहेको हुँदा बन्दीप्रत्यक्षीकरणलगायत जो चाहिने आज्ञा आदेश विपक्षीहरूको नाममा जारी गरी उक्त बेपत्ते एवं रित नपुगेको म्याद बदर गरी मुद्दाको पुर्पक्ष गरिपाउँ भन्नेसमेत व्यहोराको गौरीमाया घिमिरेको निवेदन ।

यसमा के, कसो भएको हो, निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो, आदेश जारी हुनु नपर्ने मनासिब आधार र कारण भए प्रमाणसमेत खुलाई म्याद सूचना प्राप्त भएका मितिले बाटाका म्यादबाहेक ३ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी निवेदन र यो आदेशको प्रतिलिपीसमेत साथै राखी विपक्षीको नाममा सूचना म्याद जारी गरी लिखितजवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू ।

रिट निवेदकउपर आयोगमा पर्न आएको भ्रष्टाचारको उजुरी कानूनबमोजिम अनुसन्धान हुँदा निज गौरीमाया घिमिरेले उजुरीकर्ताहरू कृषि अनुसन्धान परिषद्को कार्यालय, सिंहदरबारमा जागिरको लागि दरखास्त दिन आएको मौका पारी बोलाई चिनजान परिचय गरी जागिर लगाई दिनेसम्मको प्रपञ्च रची बद्नियतसाथ विभिन्न मितिमा रिता दंगालबाट रू.५०,०००।-, गोमा दंगालबाट रू.५०,०००।-, प्रतिभा अधिकारीबाट रू.५०,०००।- नगेन्द्र घिमिरेबाट रू.४७,०००।- र रबिन कार्कीबाट रू.२,००,०००।- गरी जम्मा रू.३,९७,०००।- (तीन लाख सन्तानब्बे हजार) रकम घुस रिसवत लिई निज गौरीमाया घिमिरेले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) द्वारा परिभाषित कसुर अपराध गरेकी हुँदा निजलाई सोही दफा ३(१) तथा ३(१)(घ) बमोजिम हदैसम्मको सजायको मागदाबी लिई विशेष अदालत, काठमाडौंमा मिति २०७१।५।१९ मा आरोपपत्र दायर गरिएको मुद्दामा अदालतबाट भएको फैसला कार्यान्वयनका सिलसिलामा पक्राउ परी कैदमा रहेको अवस्थालाई चुनौति दिने गरी दायर रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको लिखित जवाफ ।

यी निवेदिकाले अदालतबाट जारी भई रितपूर्वक तामेल भएको म्यादमा उपस्थित नभई सुरू म्यादै गुजारी बसेको कारण मुलुकी ऐन, अ.बं.२०८ नं. बमोजिम निजले पुनरावेदनको म्याद नपाएको अवस्था हो । सुरू म्यादै बेरीतपूर्वक तामेल भएको भनी निज निवेदिकाले साधारण अधिकार क्षेत्रलाई आत्मसात् गर्दै प्रक्रियागत ढंगले यस अदालतमा बेरीतको म्याद बदर गरिपाउँ भनी अ.बं. २०८ नं. बमोजिम निवेदन दिएको र सो निवेदनउपर इजलासबाट मिसिल अध्ययन गरी निज निवेदिकाको वतनमा तामेल भएको म्याद मुलुकी ऐन, अ.बं. ११० नं. बमोजिम रितपूर्वक तामेल भएको भनी आदेश भएको हो । सो आदेशमा चित्त नबुझे यी निवेदिकाले न्याय प्रशासन ऐन, २०४८ को दफा १६ तथा मुलुकी ऐन, अ.बं.१७ नं. बमोजिम बेरीतको आदेश बदर गरिपाउँ भनी श्री सर्वोच्च अदालतमा

निवेदन दिनसक्ने प्रचलित कानूनबमोजिमको मार्ग हुँदाहुँदै असाधारण क्षेत्र ग्रहण गरी दायर गरेको प्रस्तुत रिट निवेदन खारेजभागी छ। साथै अदालतको अन्तिम फैसलाअनुसार लागेको कैद जरिवाना असुलउपरको क्रममा निज निवेदिकाले रितपूर्वकको कैदीपुर्जी पाई कैदमा बसेको अवस्था हुँदा निवेदिकाले गैरकानूनी थुनाको जिकिर लिई बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दायर गर्न मिल्ने अवस्था नहुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने विशेष अदालत, काठमाडौंको लिखित जवाफ।

रिट निवेदक गौरीमाया घिमिरे काठमाडौं जिल्ला अदालतको च.नं. ३४८३ स.फौ.नं.०७१-CR-००६८ मिति २०७२।१०।११ को पत्रानुसार सोही मितिदेखि थुनामा रही आएकी छिन्। अधिकारप्राप्त निकाय तथा अधिकारप्राप्त अधिकारीबाट थुनामा राखिएको हुँदा यस कार्यालयको हकमा उक्त रिट निवेदन खारेजयोग्य भएकोले उक्त रिट निवेदन खारेज गरिपाउँ भन्ने कारागार कार्यालय, जगन्नाथदेवल काठमाडौंको लिखित जवाफ।

म्याद सूचनाको विषयमा न्याय निरूपणको क्रममा सम्बन्धित मिसिल अध्ययन भई हेरी फैसला भएको र फैसलाले ठहरेको कैद तथा जरिवाना असुलउपरको लागि कानूनसम्मत तरिकाले प्रतिवादीलाई पक्राउ गरी कैद म्याद ठेकी फैसला कार्यान्वयनको कार्य सम्पादन गरिएको हुँदा यस अदालतको उक्त कार्यबाट निवेदक प्रतिवादीको संवैधानिक तथा कानून प्रदत्त हक तथा अधिकारमा कुनै पनि आघात नपुगेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको काठमाडौं जिल्ला अदालतको लिखित जवाफ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री माधव बास्कोटा, अधिवक्ताहरू श्री प्रकाश बस्नेत, श्री राजुप्रसाद धिमाल र श्री बालकृष्ण मैनालीले अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट निवेदकउपर आरोपत्र दायर गर्दा निजको ठेगाना काठमाडौं जिल्ला मनमैजु गा.वि.स. वडा नं. ९ बस्ने भनी उल्लेख गरेको र निज रामेछापबाट परिवारसहित मिति २०४२।४।२५ मा मनमैजु गा.वि.स.वडा नं ९ मा बसाई सरी आएको देखिँदादेखिँदै साबिक ठेगानामा तामेल भएको म्यादलाई मान्यता दिई सुनुवाईको मौका नै नदिई फैसला भएकोले उक्त म्याद बदर गरी अ.बं. २०८ नं. बमोजिम प्रतिवाद गर्ने मौका पाउँ भनी निवेदिकाले विशेष अदालतमा निवेदन दिएकोमा विशेष अदालत, काठमाडौंबाट निजको स्थायी ठेगानामा तामेल भएको म्याद रित पुगेको देखिँदा बदर गर्न मिलेन भनी गरेको आदेशबाट निवेदक प्राकृतिक न्यायको सिद्धान्तविपरीत गैरकानूनी थुनामा रहेकोले गैरकानूनी थुना मुक्त गरी उक्त म्याद बदर गरी मुद्दामा पुर्पक्ष गर्ने मौका पाउँ भनी बहस गर्नुभयो।

विपक्षीबाट रहनु भएका विद्वान् सहन्यायाधिवक्ता श्री कृष्ण पौडेलले निवेदक बसाई सरी आएको मिति २०४२।४।२५ पछि मिति २०४२।१०।१८ मा सरकारी सेवामा प्रवेश गरेको देखिन्छ। निजको नियुक्तिपत्र र सिटरोल फाराममा बसाई सरेको ठेगाना उल्लेख भएको छैन। बसाई सरी सकेपछि सरकारी सेवामा प्रवेश गर्दासमेत निजले आफ्नो ठेगाना रामेछाप जिल्ला बेताली गा.वि.स.वडा नं. २ नै उल्लेख गरेको देखिँदा उक्त ठेगानामा म्याद जारी भई घर दैलोमा टाँस भएको अवस्था हुँदा सो म्यादलाई बेरीतको भन्न नमिल्ने भएको हुँदा निवेदन मागबमोजिम रिट जारी हुन पर्ने होइन भनी गर्नुभएको बहस सुनियो।

बहस जिकिर सुनी निवेदनसहितको मिसिल अध्ययन गरी हेर्दा निवेदक गौरीमाया घिमिरेका नाउँमा जारी भई तामेल भएको म्याद रितपूर्वक तामेल भएको रहेछ, रहेनछ र निवेदन मागबमोजिमको आदेश जारी

हुने हो होइन सोही विषयमा निर्णय गर्नुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट म निवेदकउपर विशेष अदालत, काठमाडौंमा भ्रष्टाचारको मुद्दा दायर गर्दा मेरो ठेगाना काठमाडौं जिल्ला मनमैजु गा.वि.स.वडा नं. ९ उल्लेख गरी अभियोग पत्र दर्ता भएकोमा विशेष अदालत, काठमाडौंबाट उक्त वतनमा मेरा नाउँमा जारी भएको म्याद निजको घर, डेरा र मानिससमेत पत्ता नलागेको जनाई बेपत्ते तामेल भई आएपछि बसाई सरी सकेको ठेगाना रामेछाप जिल्ला बेताली गा.वि.स. वडा नं. २ मा पुनः म्याद जारी गरी म २०४२ सालमा बसाई सरी मनमैजुमा बस्दै आएको व्यक्तिको घरदैलोमा म्याद टाँस गरिएको भनी तामेल भएको व्यहोरा उल्लेख गरी आएको म्यादलाई मान्यता दिई सुनुवाईको मौका नै नदिई एकतर्फीरूपमा विशेष अदालत, काठमाडौंबाट मलाई भ्रष्टाचार मुद्दामा ६ महिना कैद र रू.३,९७,०००।- जरिवाना हुने गरी मिति २०७२।६।२२ मा फैसला भई सो फैसला कार्यान्वयनको सिलसिलामा म अफिसबाट घर जाँदै गरेको अवस्थामा प्रहरीले पक्राउ गरी थुनामा राखेको अवस्था छ।

३. म थुनामा परेपश्चात् मेरो नाउँमा तामेल भएको बेरीतको म्याद बदर गरी अ.बं.२०८ नं. बमोजिम प्रतिवाद गर्ने मौका पाउँ भनी कारागारमार्फत प्रतिउत्तरसरहको निवेदन विशेष अदालत, काठमाडौंमा दर्ता गर्दासमेत मेरो बसाई सरी आएको वतनमा तामेल भएको म्यादलाई रितपूर्वक तामेल भएको भनी निवेदन मागबमोजिम म्याद बदर गरि रहनु परेन भनी विशेष अदालतबाट आदेश भएको हुँदा मिति २०७२।१०।१० देखि म गैरकानूनी थुनामा रहेकोले विपक्षीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणलगायतको आदेश जारी गरी उक्त म्यादसमेत बदर गरी मुद्दाको पुर्पक्ष गर्न पाउँ भन्ने नै निवेदकको मुख्य निवेदन जिकिर रहेको देखियो।

४. यसमा निवेदकले विभिन्न व्यक्तिहरूलाई जागिर लगाई दिन्छु भनी निजहरूबाट रू.३,९७,०००।- रूपैयाँ लिई फरार रहेको भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट निवेदकउपर विशेष अदालत, काठमाडौंमा मुद्दा दर्ता गरी विशेष अदालतबाट निवेदकलाई ६ महिना कैद र रू.३,९७,०००।- जरिवाना हुने गरी मिति २०७२।६।२२ मा फैसला भएको रहेछ।

५. विशेष अदालत, काठमाडौंबाट उक्त मुद्दामा यी निवेदिकाको नाउँमा काठमाडौं जिल्ला मनमैजु गा.वि.स.वडा नं. ९ मा जारी भएको १५ दिने म्याद निजको घर, डेरा, पत्ता नलागेको र म्यादवाला बसेको टोल मार्गको नाम टोल नम्बर, सम्पर्क नम्बरसमेत नखुलेकोले १ प्रति म्याद मनमैजु गा.वि.स.को सूचनापाटीमा टाँस गरिएको भनी मिति २०७१।७।२३ मा बेपत्ते तामेल भई आएको देखियो।

६. विशेष अदालत, काठमाडौंबाट उक्त बेपत्ते म्याद बदर गरी पुन मिति २०७२।३।१३ मा निजको साबिक ठेगाना रामेछाप जिल्ला बेताली गा.वि.स. वडा नं. २ मा म्याद जारी गरी तामेल गर्दा निज र निजको एकाघरका मानिस सो ठाउँमा फेला नपरेको भनी १ प्रति म्याद घरदैलोमा टाँस गरिएको भनी मिति २०७२।३।२८ मा तामेल भई आएको मिसिलबाट देखिन आयो।

७. निवेदिका गौरीमायाले अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमक्ष बयान गर्दा आफ्नो ठेगाना काठमाडौं जिल्ला मनमैजु गा.वि.स. वडा नं. ९ बालाजु नेपालटार भनी उल्लेख गरेको र अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विशेष अदालतमा निज विरूद्ध आरोपपत्र पेस गर्दा निजको ठेगाना काठमाडौं जिल्ला मनमैजु गा.वि.स. वडा नं. ९ घर भई हाल नेपाल कृषि अनुसन्धान परिषद् सिंहदरबारमा प्राविधिक सहायक पदमा कार्यरत् रहेको भनी उल्लेख गरी अभियोग पत्र दर्ता गरेको देखिन्छ। रामेछाप जिल्ला बेताली

गा.वि.स.वडा नं. २ बाट निवेदक मिति २०४२।४।२५ मा बसाइसरी काठमाडौं मनमैजु गा.वि.स वडा नं.९ मा बसोबास गरी आएको तथ्य मिसिल कागजबाट खुल्न आउँछ। यसरी निजले अख्तियारमा बयान गर्दा वास्तविक ठेगाना उल्लेख गरी बयान गरेको र निज नेपाल सरकारको निजामती कर्मचारी भई नेपाल कृषि अनुसन्धान परिषद्, सिंहदरबारमा कार्यरत रहेको भन्ने व्यहोरा मिसिल संलग्न कागजातहरूबाट खुली आएको अवस्थामा निजले आफू विरूद्ध लगाइएको अभियोगका बारेमा सहजरूपमा सूचना प्राप्त गर्नसक्ने विकल्प भएको निज कार्यरत रहेको कार्यालयको ठेगानामा म्याद जारी नभई मिति २०४२ सालमा बसाई सरी सकेको निजको साबिक ठेगानामा म्याद जारी गरी निजको घर दैलोमा टाँस भई आएको देखियो। यस्तो स्थितिमा निवेदकले आफूलाई लागेको अभियोग माथि प्रतिवादको उचित अवसर प्राप्त गरेको भनि भन्न सकिने अवस्था देखिएन।

८. यथोचित विधि र प्रक्रिया न्यायको अन्तर्निहित तत्त्व हो । यथोचित विधिको प्रयोग र पालनाबाट प्रक्रियामा स्वच्छता ल्याउँछ । त्यस्तो विधि र प्रक्रियाअन्तर्गत प्रर्याप्तरूपमा सुनुवाईको मौका प्रदान गर्नु र आफ्नो कुरा भन्न पाउने सरल अवसरबाट विमुख नगरिनु पनि पर्न आउँछ। आफू विरूद्ध लागेको अभियोगमाथि प्रतिरक्षा गर्ने अवसर प्राप्त गर्न पाउनु जुनसुकै व्यक्तिको कानूनी र कार्यविधिगत अधिकार पनि हो। सुनुवाईको उचित अवसरमा हरेक पक्षलाई आफ्नो कुरा पुरापुरा (adequately) राख्न दिनु र हरेक विकल्प प्रयोग गरी पर्याप्त र स्वच्छ अवसर दिइनु जस्ता कुरा अपरिहार्य हुन जान्छन्। कसैलाई प्रतिकूल असर पर्ने गरी निर्णय गर्नुभन्दा पहिले निजको कुरा सुनुवाई हुनुपर्ने प्राकृतिक न्यायको मुलभूत सिद्धान्त हो । निजको कुरा सुन्ने प्रयोजनका लागि निजलाई दिनुपर्ने त्यस्तो सूचना नै म्याद हो। निजलाई सूचना प्राप्त हुनसक्ने विभिन्न विकल्पहरू छन् भने सो विकल्प पर्याप्तरूपमा अपनाइएको हुनुपर्छ केवल औपचारिकता पुरा गर्ने हिसाबले मात्र सूचनाको अवसरलाई वञ्चित गरिनु हुँदैन।

९. प्रस्तुत मुद्दामा यी निवेदिका हाल बसोबास गरी आएको काठमाडौं जिल्ला मनमैजु गा.वि.स.वडा नं. ९ मा जारी भएको म्याद घरद्वार फेला नपरेको भनी बेपत्ते तामेल भई आएको भए पनि निजको घरद्वार र ठेगाना सोही ठाउँमा भएको भन्ने मिसिल सामेल रहेको निजको नागरिकताको प्रतिलिपीबाट देखिन्छ भने निज नेपाल कृषि अनुसन्धान परिषद्, सिंहदरबारमा प्राविधिक सहायक पदमा कार्यरत रहेको भन्ने तथ्यमा समेत विवाद रहेको देखिँदैन।

१०. यी निवेदिकाले मिति २०७१।३।२५ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमक्ष बयान गर्दा आफ्नो वतन काठमाडौं जिल्ला मनमैजु गा.वि.स. वडा नं.९ भनी देखाएकोमा उक्त स्थानमा प्रथम पटक म्याद तामेल हुँदा बेपत्ते हुन गएकोले सो म्याद बदर गरी पुनः मिति २०७२।३।२८ मा रामेछाप जिल्ला बेताली गा.वि.स. वडा नं. २ मा तामेल भएको देखिन आयो।

११. यसरी निवेदिकाको बयानबाट निजको बसाई सराईको ठेगाना प्रष्ट खुलाएको र निज कार्यरत कार्यालयको समेत वतन खुलाएकोमा उक्त स्थानमा म्याद तामेल नगरी साबिकको रामेछाप जिल्ला बेताली गा.वि.स. वडा नं. २ मा म्याद तामेल गरी विशेष अदालत, काठमाडौंबाट मुद्दा फैसला भएको देखियो। **वास्तविक ठेगानामा म्याद तामेल नगरी अन्यत्र तामेल गरेको म्यादबाट प्रतिवादको मौका प्रदान गरेको भन्न मिल्दैन** भनी ने.का.प.२०४७ नि.नं. ४११८ पृष्ठ ३२६ मा प्रतिपादित कानूनी सिद्धान्तसमेतको परिप्रेक्ष्यमा निवेदिकाको नाउँमा जारी भई मिति २०७२।३।२८ मा तामेल भएको म्याद रितपूर्वक नै तामेल भएको भन्ने अर्थ गर्न मिल्ने देखिएन।

१२. यसरी आफूउपर लागेको अभियोगमा आफूलाई सुनुवाईको मौका नदिई अ.बं. ११० नं. को

कानूनी प्रक्रिया पुरा नगरी म्याद तामेल भएको भनी अ.बं. २०८ नं. बमोजिम फैसला भएको मितिले ६ महिनाभित्रै उक्त म्याद बदर गरिपाउँ भनी निवेदिकाले निवेदन दिएको अवस्था मिसिल कागजबाट देखिँदा उपरोक्त विवेचित तथ्य र कानूनी सिद्धान्तसमेतका आधारमा उक्त मिति २०७२।३।२८ मा तामेल भएको बेरीतको म्याद बदर हुने नै देखियो।

१३. अतः निवेदिकाको वास्तविक ठेगानामा म्याद तामेल नगरी साबिक ठेगानामा जारी गरी तामेल भएको म्यादबाट निवेदिका विरूद्ध परेको मुद्दाको जानकारी नै निजलाई नभई प्रतिवाद गर्ने अवसरबाट वञ्चित हुने भएको अवस्थामा आफूउपर लागेको अभियोगमा प्रतिवादको मौका प्रदान भएको भन्न मिल्ने नदेखिँदा मिति २०७२।३।२८ मा निवेदिकाको नाउँमा तामेल भएको म्याद, सो म्यादका आधारमा विशेष अदालत, काठमाडौंबाट मिति २०७२।६।२२ मा भएको फैसला र काठमाडौं जिल्ला अदालतबाट च.नं.३४८३ मिति २०७२।१०।११ मा निवेदिकाको नाउँमा जारी गरेको कैदीपुर्जीसमेत बदर गरिदिएको छ । अब निवेदिकालाई अदालतमा झिकाई निजको बयान गराई जो जे बुझ्न पर्ने हो बुझी मुद्दा किनारा गर्न विपक्षी विशेष अदालत, काठमाडौं र कारागार कार्यालय, जगन्नाथदेवलका नाममा यो परमादेशको आदेश जारी गरिदिएको छ। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु र सुरू मिसिल विशेष अदालत, काठमाडौंमा पठाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. जगदीश शर्मा पौडेल

इजलास अधिकृत : दिलीप राज पन्त
इति संवत् २०७२ साल फागुन १८ गते रोज ३ शुभम्।

निर्णय नं. ९५८३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
फैसला मिति : २०७२।११।१२।४

मुद्दाः लागु औषध (अफिम)

०६८-CR-००६३

पुनरावेदक / प्रतिवादी : बारा जिल्ला, इनर्वासिरा वडा नं.४ घर भई जिल्ला पर्सा वीरगञ्ज उपमहानगरपालिका वडा नं.२ स्थित छपकैयामा डेरा गरी बस्ने हाल कारागार कार्यालय, वीरगञ्जमा थुनामा रहेका मिश्रादेवी भण्डारी

विरूद्ध

प्रत्यर्थी / वादी : प्र.ना.नि. सुरेन्द्र यादवको प्रतिवेदनले वादी नेपाल सरकार

०६८-CR-००६४

पुनरावेदक / वादी : प्र.ना.नि. सुरेन्द्र यादवको प्रतिवेदनले वादी नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला पर्सा वीरगञ्ज उपमहानगरपालिका वडा नं.८ बस्ने हनुमान साहको छोरा मोतीलाल साह

- **लागु औषध बरामद भएको अवस्थामा अपराध नमानिनको लागि आफूसँग लागु औषध रहनु पर्ने उचित कानूनी आधार देखाउन सक्नुपर्ने हुन्छ । पुनरावेदिकाको साबिती बयानलाई लागु औषध बरामद**

भएको तथ्य प्रमाणित भएकोले प्रमाणमा लिन नमिल्ने अवस्था पनि देखिएन । लागु औषध बरामद भएको अन्यथा प्रमाणित गर्न नसकेको अवस्थामा बरामदी तथ्य आफैँमा कसुरजन्य हुन पुग्ने ।

(प्रकरण नं.४)

प्रतिवादीका तर्फबाट : विद्वान् वैतनिक अधिवक्ता नारायणप्रसाद देवकोटा

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता पुण्यप्रसाद पाठक

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १०
- लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च), दफा १२, दफा १४(१)(छ) को (३)

सुरू फैसला गर्ने :

मा. जि. न्या. श्री विष्णुप्रसाद कोइराला

पुनरावेदन तहमा फैसला गर्ने :

मा. न्या. श्री मोहनप्रसाद घिमिरे

मा. न्या. श्री मोहनरमण भट्टराई

फैसला

न्या.बैद्यनाथ उपाध्याय : न्याय प्रशासन ऐन, २०४८ को दफा ९ अनुसार वादी प्रतिवादी दुवै पक्षबाट दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

मिति २०६५।७।३ गते वीरगञ्ज बसपार्कमा एक जना महिलाले पहेँलो रङ्गको झोलामा लागु औषध (अफिम) लुकाई छिपाई लगेको भन्ने सुराक पाई उक्त महिलालाई पक्राउ गर्नका लागि प्रहरी जनशक्ति खटाई पठाई दिन माग गरेको भन्ने प्र.ना.नी. सुरेन्द्र यादवको प्रहरी प्रतिवेदन ।

जिल्ला पर्सा वीरगञ्ज उपमहानगरपालिका वडा नं.१८ स्थित भानु चोक बसपार्कमा एक जना महिला पहेँलो रङ्गको टाटेपाटे प्लास्टिकको झोला लिई शङ्कास्पदरूपमा हिँडिरहेको अवस्थामा देखी निजलाई रोकी निजको झोला खानतलास गर्दा उक्त झोलामा लागु औषध अफिम ३ किलोसहित बरामद भएको भन्ने खानतलासी तथा बरामदी मुचुल्का ।

मिति २०६५।७।३ गते वीरगञ्ज बसपार्क इलाकामा गस्ती गर्दै जाँदा साँझ १८:३० बजेको समयमा भानु चोकमा पहेँलो रङ्गको टाटेपाटे प्लास्टिकको झोला बोकी हिँडेकी प्रतिवादी मिश्रादेवी भण्डारीबाट ३ किलो लागु औषध (अफिम) बरामद भएको भन्ने प्र.ना.नि. सुरेन्द्र यादवको प्रतिवेदन ।

मेरो घर बारा जिल्ला भए पनि वीरगञ्ज उपमहानगरपालिका वडा नं.२ छप्कैयामा डेरा गरी चिया पसल चलाउँदै आएकी छु । मैले चिनेका नगरदाहा गा.वि.स. वडा नं.८ घर भएका मोतीलाल साह पनि चिया खान मेरो पसलमा आउँदा चिनजान भयो । मिति २०६५।७।३ गतेका दिन साँझको समयमा म सिरहा घर भएकी ठूली आमाको घर जान भनी बस चढ्न बसपार्कमा बसेको अवस्थामा मोतीलाल साह पनि तीन वटा झोला बोकी म बसेको ठाउँमा आई सँगै जाने सल्लाह भयो । मोतीलालले यो झोलामा लागु औषध छ, तिमीले सिरहासम्म पुर्‍याई देऊ । तिमीलाई रू.५००।– दिन्छु । त्यति चेक जाँच पनि हुँदैन भनेकोले ल ठीक छ भनी झोला म पुर्‍याई दिन्छु भनी उक्त झोला बोकी बसेको ठाउँमा प्रहरी आई चेक जाँच गर्दा मैले बोकेको झोलाबाट लागु औषध (अफिम) बरामद भएको हो । मोतीलाल साह त्यहाँबाट भागी गए । बरामदी मुचुल्कामा भएको सहीछाप मेरै हो । उक्त लागु औषध हेरी देखी चिनी सनाखत गरी दिएँ भन्नेसमेत व्यहोराको प्रतिवादी मिश्रादेवी भण्डारीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

बरामद भएको लागु औषध परीक्षण गर्दा अफिम पाइएको भन्ने केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन।

जिल्ला पर्सा गा.वि.स. नगरदाहा वडा नं.८ बस्ने मोतीलाल साहको दक्षिण मोहडा भएको खपडाको घर सो घरमा अ.वं.१७२ नं. बमोजिम खानतलासी गर्दा लागु औषध मुद्दामा प्रमाण लाग्ने कुनै सामान फेला नपरेको र निज मोतीलाल साह घरमा नभएको भन्नेसमेत व्यहोराको खानतलासी तथा बरामदी मुचुल्का।

मिति २०६५।७।३ गते पक्राउ परेकी प्रतिवादी मिश्रादेवी भण्डारीलाई बसपार्कबाट तीन किलो लागु औषध अफिमसहित पक्राउ गरेको भन्ने कुरा सुनी थाहा पाएको हुँ। मोतीलाल साह लागु औषधको कारोबार गर्ने मानिस हुन्। बरामद भएको लागु औषध मिश्रादेवीलाई प्रलोभनमा पारी बोकाई हिँडाएको अवस्थामा प्रहरीले पक्राउ गरेका हुन् भन्नेसमेत व्यहोराको प्रायः एकै मिलानको प्रेमकुमार साह, विक्रम दास र भुपेन्द्रप्रसाद कुर्मीले गरी दिएको वस्तुस्थिति मुचुल्का।

अवैध लागु औषध अफिम सञ्चय गर्ने र ओसारपसार गर्ने कार्यमा प्रतिवादीहरू मिश्रादेवी भण्डारी र फरार रहेका मोतीलाल साह तेली संलग्न रहेको प्रमाणित भएकोले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीहरू मिश्रादेवी भण्डारी र मोतीलाल साहलाई सोही ऐनको दफा १४(१)(छ)(३) बमोजिम कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारले पर्सा जिल्ला अदालतमा दायर गरेको अभियोग पत्र।

मिति २०६५।७।३ गते माइत जान वीरगञ्ज बसपार्कमा गई बसमा बसेको थिएँ। म बसेको बसको सिटनजिक एउटा सिट खाली थियो। सो खाली सिटमा प्लास्टिकको झोला थियो। उक्त तेरो झोला हो भनी प्रहरीले मलाई समातेका हुन्। बरामदी मुचुल्कामा जबरजस्तीसँग मेरो सहिछाप लगाइएको हो। प्रहरीको कुटाइको डरले बरामदी मुचुल्कामा मैले सहिछापसम्म गरेको हुँ। प्रहरीले बरामदी मुचुल्काको व्यहोरा मलाई पढी सुनाएनन्। बरामद भएको अफिम मेरो होइन। मोतीलाल साहसँग मेरो चिनजान छैन। प्रतिवेदकको प्रतिवेदन व्यहोरा झुट्टा हो भन्नेसमेत व्यहोराको प्रतिवादी मिश्रादेवी भण्डारीले सुरू अदालतमा गरेको बयान।

प्रतिवादी मिश्रादेवी भण्डारीको साथबाट लागु औषध अफिम तीन के.जी. बरामद गरेको हो भन्नेसमेत व्यहोराको प्रतिवेदक सुरेन्द्र यादवको बकपत्र।

वादीका साक्षी प्रेमकुमार साह, भुपेन्द्रप्रसाद शाही, विक्रम दास र प्रतिवादी मिश्रादेवीका साक्षी समवन ओन्सारीले गरेको पृथक पृथक बकपत्र मिसिल सामेल रहेको पाइयो।

प्रतिवादी मोतीलाल साह हालसम्म फरार रहेकोले निजका हकमा अ.बं.१९० बमोजिम मुलतबी राखी दिएको छ। अर्का प्रतिवादी मिश्रादेवी भण्डारीको हकमा विचार गर्दा मिसिल संलग्न बरामदी मुचुल्का तथा प्रतिवादीको बयानसमेतबाट यी प्रतिवादीले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) को कसुर गरेको देखिँदा निज प्रतिवादीउपर सोही ऐनको दफा १४(१)(छ)(३) बमोजिम १५ वर्ष ६ महिना कैद र पाँच लाख रूपैयाँ जरिवाना हुने ठहर्छ भन्नेसमेत व्यहोराको सुरू पर्सा जिल्ला अदालतबाट मिति २०६६।१०।२६ मा भएको फैसला।

प्रतिवादी मिश्रादेवी भण्डारीसँग मेरो चिनजान छैन। मेरोउपर झुट्टा मुद्दा किन परेको हो मलाई थाहा छैन। म लागु औषध ओसारपसार गर्ने व्यक्ति नभएकोले आरोपित कसुरबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी मोतीलाल साहले सुरू अदालतमा मिति २०६६।११।२३ मा गरेको बयान।

प्रतिवादी मोतीलाल साहको साक्षी अमर साह तेलीले सुरू अदालतसमक्ष गरेको बकपत्र मिसिल

संलग्न रहेको ।

प्रतिवादी मोतीलाल साह आरोपित कसुरमा संलग्न रहेका थिए भनी शङ्कारहित तवरले पुष्टि गर्ने गरी वादी पक्षबाट अन्य कुनै सबुद प्रमाण पेस गरी आरोप खम्बीर गराउन सकेको पाइँदैन । शङ्काको सुविधा प्रतिवादीले पाउने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तसमेतका आधारमा प्रतिवादी मोतीलाल साहले अभियोग दाबीबाट सफाई पाउने ठहर्छ भन्नेसमेत व्यहोराको सुरू पर्सा जिल्ला अदालतको मिति २०६६।१२।१८ को फैसला ।

वादी पक्षका गवाह प्रेम, विक्रम, झपेन्द्रसमेतका मानिसहरूले अदालतसमक्ष आई बकपत्र गर्दा मेरो साथबाट लागु औषध बरामद भएको होइन भनी बकपत्र गरेका छन् । बरामद भएको लागु औषध मेरो होइन । उक्त लागु औषध प्रतिवादीमध्येका मोतीलालको हो भनी भनेको अवस्थामा निजलाई अभियोग दाबीबाट सफाई दिने र म निर्दोष महिलालाई चर्को सजाय गर्ने गरेको सुरूको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग दाबीबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी मिश्रादेवी भण्डारीले पुनरावेदन अदालत, हेटौंडामा दायर गरेको पुनरावेदन पत्र ।

प्रतिवादी मिश्रादेवी भण्डारीले बोकी हिँडेको झोला खानतलासी हुँदा लागु औषध अफिम फेला परेकोले निजलाई पक्राउ गरिएको हो । कारवाहीको क्रममा बयान हुँदा मौकाको बयानको स.ज.६ मा उक्त लागु औषध अफिम मोतीलाल साहले आफूलाई बोक्न दिएको भनी पोल गरी लेखाई दिएको पाइन्छ । सोही बयानसमेतको आधारमा प्रतिवादी मिश्रादेवीलाई कसुर ठहर गरेको तर अर्का प्रतिवादी मोतीलाल साहलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको सुरू फैसला नमिलेकोले प्रतिवादी मोतीलाल साहलाई सफाई दिएको हदसम्मको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला नमिलेको हुँदा उक्त फैसला सो हदसम्म उल्टी गरी मोतीलाल साहलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारले पुनरावेदन अदालत, हेटौंडामा दायर गरेको छुट्टै पुनरावेदन पत्र ।

सहअभियुक्त मिश्रादेवी भण्डारीले मौकामा पोल गरी लेखाएको, सहअभियुक्त मोतीलाल साहले आफूलाई पोल गरी लेखाउनुको स्पष्ट कारण दिन नसकेको र वादी पक्षकै गवाह प्रेमकुमार साहले मिश्रादेवीबाट लागु औषध बरामद भएको छैन भनी लेखाई दिएको परिप्रेक्ष्यमा सुरूको फैसला फरक पर्नसक्ने देखिएकोले पुनरावेदक नेपाल सरकारको हकमा छलफलको निमित्त प्रतिवादी मोतीलाल साहलाई अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम झिकाई र प्रतिवादी मिश्रादेवी भण्डारीको हकमा पेसीको सूचना पुनरावेदन सरकारी वकिल कार्यालय, हेटौंडालाई दिई पेस गर्नु भनी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६७।९।२७ मा भएको आदेश ।

मैले अदालतसमक्ष कसुरमा पूर्ण इन्कार रही बयान गरेको छु । मलाई फसाउने नियतले अधिकारप्राप्त अधिकारीसमक्ष मेरो संलग्नता देखाइए तापनि मौकाको बरामदी मुचुल्का, प्रहरी प्रतिवेदनसमेतबाट सो व्यहोरा खण्डित भएको हुँदा मलाई सफाई दिने ठहराएको सुरू फैसला सदर गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी मोतीलाल साहले पुनरावेदन अदालत, हेटौंडामा पेस गरेको लिखित प्रतिवाद ।

प्रतिवादी मिश्रादेवी भण्डारीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) को कसुरमा ऐ. ऐनको दफा १४(१)(छ) को ३ बमोजिम १५ वर्ष ६ महिना कैद र रू.५,००,०००।- (पाँच लाख रूपैयाँ) जरिवाना गरेको मिति २०६६।१०।२६ को र प्रतिवादी मोतीलाल साहलाई आरोपित कसुरबाट सफाई दिएको मिति २०६६।१२।१८ को सुरू पर्सा जिल्ला अदालतको फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, हेटौंडाबाट

मिति २०६८।०१।२७ मा भएको फैसला ।

पुनरावेदन अदालत, हेटौंडाको फैसलाबाट मलाई अत्यन्तै मर्का परेको छ । मबाट लागु औषध बरामद भएको होइन । म पुनरावेदिका माइत जान भनी बसपार्कमा गई बस चढेको र म बसेको बसको सिट नजिक एउटा सिट खाली रहेको थियो । सो खाली सिटमा रहेको प्लास्टिकको झोला प्रहरीले बरामद गरेका हुन् । प्रहरीले उक्त झोला जबरजस्ती तेरो हो भनी म निरक्षर महिलालाई परिबन्धमा पारी सहिछाप गर्न लगाई मुद्दा लगाएका हुन् । मैले अभियोग माग दाबीबमोजिमको कसुर अपराध गरेको छैन । अनुसन्धान अधिकारीसमक्ष भएको मेरो बयान राजिखुसीले भएको होइन । प्रहरीको कुटपिटको डरले मैले सहिछाप गरी दिएकी हुँ । म निर्दोष रहेकोले मलाई दोषी ठहर गरेको पर्सा जिल्ला अदालत र सो अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला उल्टी गरिपाउँ भनी प्रतिवादीमध्येकी मिश्रादेवी भण्डारीले कारागार कार्यालय, पर्सामार्फत यस अदालतमा दायर भएको पुनरावेदन पत्र ।

प्रतिवादीमध्येका मोतीलाल साहलाई अभियोग माग दाबीबाट सफाई दिने ठहर्‍याएको सुरू पर्सा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा चित्त बुझेन । प्रत्यर्थी प्रतिवादी मौकामा फरार रही अदालतमा हाजिर भई कसुरमा इन्कारी रहे तापनि अर्की प्रतिवादी मिश्रादेवी भण्डारीले मौकामा बयान गर्दा तीन किलोको अफिम भएको झोला सिराहासम्म पुर्‍याई देउ रू.५००।– दिन्छु भनी दिई सिराहा जाने बसमा बसेको अवस्थामा प्रहरीले चेक जाँच गर्दा मोतीलाल साह पिसाब गर्न जान्छु भनी भागी गएकोले मबाट उक्त लागु औषध बरामद भएको हो भनी स्पष्टसँग बयान गरेको पाइन्छ । प्रतिवादी मिश्रादेवीलाई माग दाबीबमोजिम सजाय भएको छ भने यी प्रत्यर्थी प्रतिवादी मोतीलाल साह १६ महिनापछि अदालतमा उपस्थित भई कसुरमा इन्कारी बयान गरेकै आधारमा बेकसुर ठहर गर्न मिल्दैन । प्रतिवादी मिश्रादेवीले यी प्रत्यर्थी प्रतिवादीलाई चिन्दिन भनी बयान गरे तापनि निज छिमेकी हुन् भनी मौकाको बयानमा उल्लेख भएको पाइँदा निजहरूका बिचमा चिनजान भएको प्रस्ट हुन्छ । तसर्थ, यी प्रत्यर्थी प्रतिवादी मोतीलाल साहका हकमा इन्कारी बयानकै आधारमा निजलाई सफाई दिएको सुरू तथा पुनरावेदन अदालतको फैसला सो हदसम्म त्रुटिपूर्ण भएकोले निजको हकमा दुवै अदालतका फैसलाहरू उल्टी गरी यी प्रत्यर्थी प्रतिवादी मोतीलाल साहलाई समेत अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारले यस अदालतमा दायर गरेको पुनरावेदन पत्र ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस भएको प्रस्तुत मुद्दामा पुनरावेदनसहितको सुरू तथा रेकर्ड मिसिल अध्ययन गरियो । पुनरावेदक मिश्रादेवी भण्डारीको तर्फबाट विद्वान् वैतनिक अधिवक्ता श्री नारायणप्रसाद देवकोटाले पुनरावेदिका मिश्रादेवीबाट लागु औषध बरामद भएको होइन । उनी चढेको बसको सिटसँगै रहेको खाली सिटबाट बरामद भएको हो । आफ्नो सिटसँगै रहेको खाली सिटमा लागु औषध बरामद भएकै आधारमा पुनरावेदिका मिश्रादेवीलाई कसुरदार ठहर गर्न मिल्दैन । वादी पक्षका साक्षीहरूले पनि बरामदी लागु औषध पुनरावेदिका मिश्रादेवीबाट बरामद भएको हैन भनी बकपत्र गरेको अवस्था छ । यसर्थ, निर्दोष यी पुनरावेदिकालाई सजाय ठहर गरेको सुरू तथा पुनरावेदन अदालतको फैसला उल्टी गर्ने प्रयोजनको लागि अर्का पुनरावेदक नेपाल सरकारलाई पुनरावेदनको जानकारी दिई पाउँ भनी बहस गर्नुभयो ।

पुनरावेदक नेपाल सरकारको तर्फबाट महान्यायाधिवक्ताको कार्यालयका विद्वान् उपन्यायाधिवक्ता श्री पुण्यप्रसाद पाठकले प्रतिवादीमध्येका मोतीलाल साहले प्रतिवादीमध्येकी

मिश्रादेवीलाई रू.५००।– दिई बरामद भएको लागु औषध सिराहासम्म पुर्‍याई दिनु भनेकोले उक्त लागु औषध लिई राखेको अवस्थामा बरामद भएको हो भनी आफू कसुरमा साबित भई प्रतिवादी मोतीलाल साहलाई पोल गरेको अवस्थामा प्रत्यर्थी प्रतिवादी मोतीलाल साहलाई आरोपित कसुरबाट सफाई दिन मिल्दैन । प्रत्यर्थी प्रतिवादीको इन्कारी बयानकै आधारमा लागु औषध जस्तो गम्भीर कसुरबाट सफाई दिन मिल्दैन । मिसिल संलग्न अन्य प्रमाणबाट यी प्रत्यर्थी प्रतिवादी पनि प्रस्तुत कसुरमा संलग्न रहे भएको प्रस्ट देखिन्छ। यसर्थ, यी प्रत्यर्थी प्रतिवादीलाई आरोपित कसुरबाट सफाई दिने ठहर्‍याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला उल्टी गर्ने प्रयोजनको लागि अर्का पुनरावेदक मिश्रादेवी भण्डारीलाई पुनरावेदनको जानकारी दिई पाउँ भनी बहस गर्नुभयो।

विद्वान् कानून व्यवसायीले गर्नुभएको तर्कपूर्ण बहसलाई ध्यानमा राख्दै पुनरावेदिका प्रतिवादी मिश्रादेवी भण्डारीलाई आरोपित कसुरमा सजाय हुने र अर्का प्रत्यर्थी प्रतिवादी मोतीलाल साहलाई आरोपित कसुरबाट सफाई पाउने ठहर्‍याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेको छ, छैन दुवै थरी पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन सोही विषयमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा पुनरावेदिकाले मुलुकी ऐन, अ.बं. को १७२ नं., सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १० को प्रक्रिया पुरा भएको छैन भन्ने प्रश्न उठाएको पाइन्छ । पुनरावेदिका मिश्रादेवी भण्डारीउपर अवैध लागु औषध ओसार पसार मुद्दा चली लागु औषध (नियन्त्रण) ऐनबमोजिम अनुसन्धान तहकिकात भई अभियोग पत्र पेस भएको पाइन्छ । मिसिल संलग्न खानतलासी तथा बरामदी मुचुल्का हेर्दा स्थानीय वडाका दुईजना व्यक्तिहरू उपस्थित भई उक्त बरामदी मुचुल्कामा सहिछाप लगाएको देखिनुका साथै पुनरावेदिका प्रतिवादी मिश्रादेवीसमेत रोहवरमा बसी ल्याप्चे छाप लगाएको देखिन्छ । महिला प्रहरी कर्मचारी अथवा पत्यारकी अर्की महिलाबाट खानतलासी गरिनु पर्छ भन्ने जिकिर लिएको सम्बन्धमा हेर्दा मुलुकी ऐन, अ.बं. को १७२ को देहाय ५ मा भएको कानूनी व्यवस्थालाई हेर्दा **"..... स्वास्नी मानिसको आँगको तलासी लिनुपरेमा सो स्वास्नीमानिसको बेइज्जत नहुने गरी पत्यारकी अर्की स्वास्नी मानिसबाट लिन लगाउनु पर्छ"** भन्ने उल्लेख भएको देखिन्छ। कानूनमा भएको यो व्यवस्था मुताबिक स्वास्नीमानिसको शरीर वा आँगको तलासी लिनु पर्दा महिलाको संवेदनशिलतालाई ध्यानमा राखी महिला प्रहरी कर्मचारी वा सबैले विश्वास गर्नलायक महिलाले मात्र गर्नुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातहरू हेर्दा पुनरावेदिका प्रतिवादीबाट बरामद भएको लागु औषध निजको शरीर वा आँगबाट बरामद भएको नभई यी पुनरावेदिका प्रतिवादीले बोकी आएको झोलाबाट बरामद भएको देखिन्छ। पुनरावेदिका अवैध लागु औषध ओसार पसारको कसुरमा पक्राउ परी निजसमेतका विरूद्धमा लागु औषध (नियन्त्रण) ऐनबमोजिम अभियोग पत्र दायर भएको सन्दर्भमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को प्रक्रिया पुरा गरी खानतलासी तथा बरामदी मुचुल्का खडा गर्नुपर्ने हुन्छ। लागु औषध (नियन्त्रण) ऐन, २०३३ विशेष ऐन भएको र यही विशेष ऐनका आधारमा पुनरावेदिकाउपर अभियोग लागि अभियोजन पक्षबाट पनि यही ऐनकै प्रावधानबमोजिम बरामदी तथा खानतलासी मुचुल्का खडा भएको अवस्थालाई अन्यथा भएको भन्न सकिएन । तसर्थ बरामदी मुचुल्कालाई प्रमाणमा लिन मिल्दैन भन्ने पुनरावेदिकाको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

३. मिति २०६५।७।३ गते वीरगञ्ज उपमहानगरपालिका वडा नं.१८ भानु चोकदेखि उत्तर

पक्की सडकको किनारामा प्लास्टिकको झोला लिई दक्षिणबाट उत्तरतर्फ गई रहेकी प्रतिवादी मिश्रादेवी भण्डारीबाट ३ किलो अवैध लागु औषध (अफिम) बरामद भएको भनी उल्लेख भएको देखिनुका साथै सो बरामदी मुचुल्काको रोहबरमा पुनरावेदिका प्रतिवादी मिश्रादेवीले सहीछापसमेत गरिदिएको देखिन्छ । प्रतिवादी मिश्रादेवीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा अर्का अभियुक्त मोतीलाल साहले सिराहासम्म पुर्‍याएबापत रू.५००।– पारिश्रमिक दिने भनेकोले उक्त लागु औषधको झोला मैले बोकी लिएकी हुँ भनी कसुरमा साबित भई बयान गरेको देखिन्छ । प्रतिवादी मिश्रादेवीले अदालतसमक्ष बयान गर्दा आफू बसेको खाली सिटबाट बरामद भएको लागु औषध आफ्नो होइन भनी कसुरमा इन्कार रही बयान गरेको पाइन्छ । बरामदी मुचुल्कामा बसी सहिछाप गरेको अवस्थामा मबाट बरामद भएको होइन भन्न मिल्दैन । प्रहरीले यी पुनरावेदिकाबाट जोरजबरजस्तीसँग बरामदी मुचुल्कामा सहिछाप लगाउनु र डर, त्रासमा पार्नुपर्ने कारण पनि मिसिलबाट देखिँदैन । प्रतिवेदक सुरेन्द्र यादवले पनि यिनै पुनरावेदिकाबाट अवैध लागु औषध बरामद भएको भनी किटानी प्रतिवेदन दिनुका साथै अदालतसमक्ष उपस्थित भई बकपत्रसमेत गरेको अवस्थामा यी पुनरावेदिका निर्दोष रहिछन भन्न सकिएन ।

४. लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ मा ***कुनै व्यक्तिका साथमा कुनै लागु औषध भएको फेला परेमा वा ..... त्यस्तो पदार्थ निजले यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम वा जारी गरिएको आदेशबमोजिम प्राप्त गरेको वा राखेको हो भन्ने कुराको प्रमाण निजैले पेस गर्नुपर्नेछ । त्यस्तो प्रमाण पेस गर्न नसकेमा र अन्यथा प्रमाणित भएमाबाहेक निजले यस ऐनअन्तर्गत सजाय हुने अपराध गरेको मानिनेछ*** भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । लागु औषध बरामद भएको अवस्थामा अपराध नमानिनको लागि आफूसँग लागु औषध रहनुपर्ने उचित कानूनी आधार देखाउन सक्नुपर्ने हुन्छ । पुनरावेदिकाको साबिती बयानलाई लागु औषध बरामद भएको तथ्य प्रमाणित भएकोले प्रमाणमा लिन नमिल्ने अवस्था पनि देखिएन । लागु औषध बरामद भएको अन्यथा प्रमाणित गर्न नसकेको अवस्थामा बरामदी तथ्य आफैँमा कसुरजन्य हुन पुग्छ । पुनरावेदिका मिश्रादेवीले अदालतमा गरेको इन्कारी बयानलाई प्रतिवेदक सुरेन्द्र यादवको प्रतिवेदन र निजको बकपत्रबाट समेत खण्डित भएको अवस्था छ । पुनरावेदिका प्रतिवादी मिश्रादेवी भण्डारीबाट लागु औषध बरामद भएको हुँदा अन्यथा प्रमाणित नभएसम्म निजले अवैध लागु औषध (अफिम) आफ्नो साथमा राखी ओसारपसार कार्यमा संलग्न रहे भएकी हुन् भनी उक्त ऐनको दफा १२ बाट तथ्यगतरूपमा पुष्टि भई सुरू पर्सा जिल्ला अदालतबाट निजलाई कसुरदार ठहर गरी सजाय गरेको हदसम्म मिलेकै देखिँदा सो हदसम्ममा उक्त फैसला सदर हुने नै देखिन आयो ।

५. पुनरावेदक प्रतिवादी मोतीलाल साहलाई आरोपित कसुरबाट सफाई दिने ठहर्‍याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला सो हदसम्म नमिलेको हुँदा सो हदसम्म उल्टी गरी अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भनी वादी नेपाल सरकारले पुनरावेदन जिकिर लिएको पाइन्छ । पुनरावेदक प्रतिवादी मोतीलाल साहको हकमा विचार गर्दा मौकाको बरामदी मुचुल्कामा यी प्रत्यर्थी प्रतिवादीको उपस्थिति भई सहिछाप लगाएकोसमेत देखिँदैन । यी प्रतिवादीको साथबाट अवैध लागु औषध बरामद भएको पनि देखिँदैन । प्रतिवेदक सुरेन्द्र यादवले बरामद भएको लागु औषध प्रतिवादीमध्येकी मिश्रादेवी भण्डारीबाट बरामद भएको हो भनी प्रतिवेदन दिनुका साथै सोही व्यहोराको बकपत्र गरेको पाइन्छ । प्रत्यर्थी प्रतिवादी मोतीलाल साह कसुरमा पूर्णरूपमा इन्कार रही बयान गरेको

पाइन्छ । जहाँसम्म सहअभियुक्त मिश्रादेवी भण्डारीले आफू कसुरमा साबित हुँदै यी प्रत्यर्थी प्रतिवादी मोतीलाल साहलाई पनि पोल गरेकोले सहअभियुक्तको बयानलाई प्रमाणमा लिनुपर्छ भन्ने पुनरावेदन जिकिर लिएको पाइन्छ । सहअभियुक्तको पोलको भरमा मात्र कसुरदार ठहर गर्नु न्यायको दृष्टिले उचित हुँदैन । सहअभियुक्तको पोललाई अन्य स्वतन्त्र प्रमाणबाट पनि पुष्टि हुनुपर्ने हुन्छ । सहअभियुक्तको पोललाई अन्य प्रमाणसँग परीक्षण नगरी एकपक्षीयरूपमा ग्रहण गरिँदा न्यायको मर्म मर्न सक्छ । यसर्थ सहअभियुक्तको पोल वा भनाईलाई सर्तकताका साथ लिनुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा प्रत्यर्थी प्रतिवादी मोतीलाल साहबाट कुनै लागु औषध बरामद भएको देखिँदैन । प्रतिवेदकको प्रतिवेदन व्यहोरा र निजले अदालतसमक्ष गरेको बकपत्रमा यी प्रत्यर्थीको नामसम्म पनि उल्लेख भएको पाइँदैन । प्रतिवादी पनि कसुरमा पूर्ण इन्कार रही बयान गरेका छन् । यस्तो अवस्थामा प्रत्यर्थी प्रतिवादी मोतिलाल साह आरोपित कसुरमा संलग्न रहे भएको देखिन आएन । यसर्थ, प्रत्यर्थी प्रतिवादी मोतिलाल साहलाई आरोपित कसुरबाट सफाई दिएको हदसम्मको दुवै अदालतको फैसला अन्यथा नदेखिँदा प्रत्यर्थी झिकाई पाउँ भन्ने विद्वान् उपन्यायाधिवक्ताको बहससँग सहमत हुन सकिएन ।

६. अतः उपरोक्त आधार प्रमाणबाट पुनरावेदक प्रतिवादी मिश्रादेवी भण्डारीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) को कसुरमा सोही ऐनको दफा १४(१)(छ) को (३) बमोजिम १५(पन्ध्र) वर्ष ६ (छ) महिना कैद र रू.५,००,०००।- (पाँच लाख) जरिवाना हुने ठहर्‍याएको मिति २०६६।१०।२६ को र अर्का प्रत्यर्थी प्रतिवादी मोतीलाल साहलाई आरोपित कसुरबाट सफाई दिएको मिति २०६६।१२।१८ को पर्सा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।०१।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । अरूमा तपसिलबमोजिम गर्नू ।

तपसिल

प्रत्यर्थी प्रतिवादी मोतिलाल साहले आरोपित कसुरबाट सफाई पाएकोले पर्सा जिल्ला अदालतको च.नं. १०६७ मिति २०६६।३।१४ को पत्रले रोक्का रहेको हनुमान साह तेलीका नाउँको जग्गा फुकुवा गरी दिनु भनी सुरू अदालतलाई लेखी पठाउनू १

बन्दी अवस्थाकी पुनरावेदिका मिश्रादेवी भण्डारीलाई फैसलाको प्रतिलिपिसहितको जानकारी सम्बन्धित कारागारमार्फत पाउने गरी पठाइदिनू २

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू ३

उक्त रायमा सहमत छु ।
न्या.चोलेन्द्र शमशेर ज.ब.रा.

इजलास अधिकृत : लोकनाथ पराजुली
इति संवत् २०७२ साल फागुन १२ गते रोज ४ शुभम् ।

निर्णय नं. ९५८४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
फैसला मिति : २०७२।६।१७।१
०७०-CR-०२३७

मुद्दा : उत्तरपुस्तिका कोडिङसमेतको अनियमित कार्य गरी भ्रष्टाचार गरेको

पुनरावेदक / वादी : अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट ऐ. का सचिव केशवप्रसाद भट्टराई

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : अनन्त महतोको छोरा पर्सा जिल्ला, जितपुर गा.वि.स. वडा नं. ६ घर भई हाल मोरङ जिल्ला, विराटनगर उप–महानगरपालिका वडा नं. १३ तीनटोलिया बस्ने पूर्वाञ्चल विश्वविद्यालय चिकित्साशास्त्र संकायका डिन प्रा.डा. रामकुमार सिंहसमेत

- **उत्तरपुस्तिका कोडिङ गर्ने कार्य यस्तो तथा यसरी मात्रै गर्न सक्ने भन्नेनिश्चित कार्यविधि भएको देखिएको छैन । कोडिङ हुनैपर्ने बाध्यात्मक कार्यविधिको स्पष्टताको पुष्टि वादीद्वारा गरेको पनि देखिँदैन । विश्वविद्यालयको प्रवेश परीक्षा जस्तो गहन विषयको परीक्षामा उत्तरपुस्तिका परीक्षण गर्न कोडिङ विना सम्भव पनि नदेखिने ।**

(प्रकरण नं.६)

- **आफ्नो जिम्माको परीक्षासँग सम्बन्धित उत्तरपुस्तिका तथा सोसँग सम्बन्धित कागजातहरू प्रतिवादीले बुक गरेको होटलमा राख्न नसक्ने भन्ने कहीँ कतैबाट स्थापित पनि छैन । परीक्षासँग सम्बन्धित पदाधिकारीले अवस्थाअनुसार परीक्षाको गोपनीयता तथा संवेदनशीलतालाई ध्यानमा राख्दै सोको लागि उचित निर्णय गर्न सक्ने नै मान्नु पर्ने ।**
- **उत्तरपुस्तिकाको व्यवस्थापन परीक्षा उपसमितिका जिम्मेवार पदाधिकारीद्वारा होटलमा गरिएको कोडिङको कार्यलाई गैरकानूनी मान्न मिल्ने नदेखिने ।**

(प्रकरण नं.७)

- **भ्रष्टाचार नैतिक पतन देखिने गम्भीर प्रकृतिको कसुर हो । फौजदारी कसुर प्रमाणद्वारा सुस्पष्टरूपमा स्थापित भएको अवस्थामा मात्र प्रतिवादीलाई दोषी मान्न सकिन्छ । प्रचलित कानूनको बाध्यात्मक व्यवस्थाको उल्लङ्घन तथा कानूनले गर्न भनेको कुराको पालना नगरेमा मात्र फौजदारी दायित्वको सिर्जना हुन्छ । फौजदारी दायित्वको पुष्टि नभईकन दोषी ठहर गर्न विधिशास्त्रले नदिने ।**

(प्रकरण नं.८)

पुनरावेदक / वादीका तर्फबाट : सहन्यायाधिवक्ता राजनप्रसाद भट्टराई

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३, १७ र २१

फैसला

न्या.गोपाल पराजुली : न्याय प्रशासन ऐन, २०४८ को दफा ९ उपदफा १ को खण्ड (क) बमोजिम

यस अदालतमा पुनरावेदन परेको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य र ठहर यसप्रकार छ :

पूर्वाञ्चल विश्वविद्यालय, चिकित्साशास्त्र संकायबाट B.Sc Nursing को दोस्रो पटक भएको प्रवेश परीक्षाका उत्तरपुस्तिकाहरू उक्त परीक्षा उप-समितिका सदस्य नवीन भट्टराई, परीक्षा उप-समितिका संयोजक डा. मुक्तिनाथ भट्टराई तथा चिकित्साशास्त्र संकायका डिन रामकुमार सिंहसमेतको मिलोमतोमा गौशालास्थित होटल भिजनमा राखी गैरकानूनीरूपमा कोडिङसमेत गर्न लागेको भन्ने व्यहोराको उजुरी निवेदन अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमक्ष मिति २०६८।८।२८ मा प्राप्त भई मिसिल सामेल रहेको।

का.जि., का.म.न.पा. वडा नं. ९ बत्तिसपुतलीस्थित होटल भिजन नेपाल प्रा.लि. को नवीन भट्टराईको नाममा बुक भएको कोठा नं.४०३ बाट एकाउन्न वटा B.Sc. Nursing विषयको ह्वाइट हाउस कलेज सेन्टरका उत्तरपुस्तिका र विद्यार्थी हाजिरी फाराम दश थान तथा खाली उत्तर पुस्तिका एक पाकेट तथा उक्त विषयलगायत अन्य विषयका प्रश्नपत्र अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट खटिई गएको टोलीले बरामद गरेको बरामदी मुचुल्का मिसिल सामेल रहेको।

का.जि.,का.म.न.पा. वडा नं.९ स्थित होटल भिजन नेपाल प्रा.लि.को कोठा नं.४०३ पूर्वाञ्चल विश्वविद्यालयका परीक्षाको उप-समितिका सदस्य नवीन भट्टराईले २०६८।८।२३ देखि बुक गरी बसी आएको देखिएको, उक्त कोठा खोली हेर्दा B.Sc. Nursing विषयको ह्वाइट हाउस परीक्षा केन्द्रका दोस्रो प्रवेश परीक्षाका उत्तरपुस्तिका थान–५१ (एकाउन्न) र १० थान विद्यार्थी हाजिरी फाराम तथा खाली उत्तरपुस्तिका एक प्याकेट र उक्त नर्सिङ विषयका प्रश्नपत्रसमेत फेला परेको हुँदा उल्लिखित कागजातहरू मुचुल्का तथा शिल छाप गरी प्रतिवेदन पेस गर्नुको साथै उक्त कार्यमा संलग्न चिकित्साशास्त्र संकायका डिन प्रा.डा. रामकुमार सिंह, उक्त परीक्षा उप-समितिका संयोजक डा. मुक्तिनाथ भट्टराई र उक्त परीक्षा उप-समितिका सदस्य नवीन भट्टराईसमेतलाई अ.दु.अ.आ.मा उपस्थित गराएका छौं भन्नेसमेत व्यहोराको प्र.ना.उ. उत्तम पाण्डेसमेतको प्रतिवेदन मिसिल सामेल रहेको।

का.जि., का.म.न.पा. वडा नं.९ तिलगंगा कोलोनीस्थित मुक्तिनाथ भट्टराईको साली रूक्मणी ज्ञवाली (सुवेदी) को घरबाट विभिन्न केन्द्रका उत्तरपुस्तिकाहरू अटोमेटिक नम्बरिङ मेसिन थान–१ (एक) र सोमा प्रयोग हुने मसीसमेत बरामद गरेको बरामदी मुचुल्का मिसिल सामेल रहेको।

राजविराज परीक्षा केन्द्रका प्रवेश परीक्षासँग सम्बन्धित उत्तरपुस्तिकाहरू बुद्ध एयरको सिनामंगल, काठमाडौंस्थित कार्गो सेक्सनबाट पठाउने सुरेन्द्रप्रसाद न्यौपाने र पाउने श्री नवीन भट्टराईको नाम उल्लिखित स्टिच लागेको C.N.११३८४८४ बाट आएको पहेंलो खाम बरामद भएको बरामदी मुचुल्का।

मिति २०६८।४।३१ गते उपकुलपति महेश्वरमान श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले चिकित्साशास्त्र संकायअन्तर्गतका शैक्षिक कार्यक्रमहरू B.Sc Nursing, PBN, B.Pharmacy / BPH का प्रवेश परीक्षा मिति २०६८।५।२४ गते र २५ गते गर्ने र शैक्षिक सत्र ०६८।०६९ को प्रवेश परीक्षालाई व्यवस्थित गर्न उपकुलपतिको प्रत्यक्ष निगरानीमा रहने गरी चिकित्साशास्त्र संकायका डीनको संयोजकत्वमा परीक्षा नियन्त्रक, सह-डीन, सह-डीन नभएको अवस्थामा उक्त संकायबाट मनोनित वरिष्ठ शिक्षक रहने गरी ३ सदस्यीय चिकित्साशास्त्र संकाय प्रवेश परीक्षा समिति गठन गर्ने र त्यसको सदस्य सचिवमा परीक्षा नियन्त्रक रहने गरी गरेको निर्णयसहितको निर्णय पुस्तिका (माइनुट बुक) मिसिलसमेत रहेको।

पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति

एवं कार्यकारी परिषद्का अध्यक्ष प्रा. महेश्वरमान श्रेष्ठको अध्यक्षतामा मिति २०६८।८।२९ गते बसेको कार्यकारी परिषद्को बैठकबाट पूर्वाञ्चल विश्वविद्यालय चिकित्साशास्त्र संकायअन्तर्गत मिति २०६८।८।२४ र २५ गते लिइएको प्रवेश परीक्षा विशेष कारणवश रद्द गर्ने निर्णय भएको र सो निर्णयबमोजिमको सूचना मिति २०६८।९।१ गतेको कान्तिपुर दैनिकमा प्रकाशन भएको प्रतिलिपि मिसिल सामेल रहेको ।

पूर्वाञ्चल विश्वविद्यालय चिकित्साशास्त्र संकायअन्तर्गतको दोस्रो पटकको प्रवेश परीक्षा समितिको संयोजकको हैसियतले प्रवेश परीक्षामा संलग्न छु, उक्त परीक्षा B.Sc Nursing, BPN, BPH / B.Pharmacy विषयको दोस्रो पटकको प्रवेश परीक्षा थियो, उक्त परीक्षाका लागि नेपालगञ्ज, पोखरा, बुटवल, नारायणघाट, काठमाडौं, विराटनगर, राजविराज र जनकपुरमा परीक्षा केन्द्रहरू तोकिएका थिए, उक्त परीक्षाका उप–समितिका संयोजक र सदस्यहरू मबाट समेत तोकिएको हो, परीक्षा समिति मेरो संयोजकत्वमा डा. मुक्तिनाथ भट्टराई सदस्य र सदस्य सचिवमा परीक्षा नियन्त्रक तीर्थकुमार श्रेष्ठलाई तोकिएको थियो, उक्त प्रवेश परीक्षा सञ्चालनको लागि उप–समितिमा संयोजक डा. मुक्तिनाथ भट्टराई, सदस्यहरूमा डा. भूपेन्द्र चरण श्रेष्ठ, नवीन भट्टराई, गिरीराज कोइराला, मोहन पोखरेल, डा. रञ्जना शर्मा र श्रीमती कविता अधिकारीलाई तोकिएको थियो, केन्द्राध्यक्षको लागि परीक्षा केन्द्र तोकिएको कलेजको प्रिन्सिपललाई तोक्ने व्यवस्था भएकाले उहाँहरूलाई नै तोकिएको हो, परीक्षा उप–समितिलाई उत्तरपुस्तिकाहरू सङ्कलन गर्न, प्रश्नपत्र बनाउन, परीक्षा लिने, कपी जाँच गरी रिजल्ट निकाल्नेसमेत प्रवेश परीक्षासम्बन्धी सम्पूर्ण कामको जिम्मेवारी दिइएको हो भन्नेसमेत व्यहोराको प्रवेश परीक्षा समितिका अध्यक्ष एवं संयोजक प्रा.डा. रामकुमार सिंहले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

उक्त संकायअन्तर्गतको परीक्षा समितिले मेरो संयोजकत्वमा उप-समिति गठन गरेपछि मात्र मलाई दोस्रो प्रवेश परीक्षा हुने कुरा अवगत भयो, उक्त उप-समितिलाई प्रश्नपत्र तयार गर्ने, उत्तरपुस्तिका परीक्षण गरी नतिजाको सूची तयार गर्ने काममा परीक्षा समितिसँग समन्यव गरी काम गर्ने जिम्मेवारी दिइएको थियो, अन्य प्रशासनिक काम यस समितिअन्तर्गत रहेको थिएन, उक्त परीक्षा B.Sc Nursing, BPN, BPH / B.Pharmacy विषयको दोस्रो पटकको प्रवेश परीक्षा थियो, परीक्षाका लागि नेपालगञ्ज, पोखरा, बुटवल, नारायणघाट, काठमाडौं, विराटनगर, राजविराज र जनकपुरमा परीक्षा केन्द्रहरू तोकिएका थिए, २०६८ मङ्सिर २१ गते उप–समितिको पहिलो बैठक बोलाइएको थियो, तर अचानक मङ्सिर २० गते मेरो पिताजीको स्वास्थ्य स्थिति बिग्रेको खबर आएकोले सोबारेमा मैले परीक्षा समितिका अध्यक्ष तथा डीनज्यूलाई अवगत गराई म गैंडाकोट नवलपरासीतर्फ गएको हुँ, त्यसैले मङ्सिर २१ गतेदेखि २६ गतेसम्म भएका कामहरूमा मेरो संलग्नता रहेको छैन, उप-समितिको बैठक बसे नबसेको मलाई जानकारी छैन, उक्त परीक्षाका उत्तरपुस्तिका काठमाडौं पठाउने र सो सङ्कलन गर्ने Focal Person को रूपमा काठमाडौं खटिएका नवीन भट्टराईलाई अह्राइएको थियो, परीक्षा समितिका अध्यक्ष डीनज्यूसँग परामर्श गरी उहाँकै आदेशमा निज नवीन भट्टराईलाई विधिवत् ढङ्गले उत्तरपुस्तिका कोडिङ गर्ने काम गर्दै गर्न फोनमार्फत भनेको हुँ, कुन ठाउँमा बसी काम गर्ने भन्ने कुरा डीनज्यूबाट स्पष्ट नभएकाले मैले पनि स्पष्ट किटान गरी नभनेको हो, मिति २०६८ साल मङ्सिर २७ गते नवीन भट्टराईबाट राजविराज, चितवन र बुटवल केन्द्रका सबै विषयका र काठमाडौं केन्द्रका बि.एस्सी नर्सिङबाहेकका सम्पूर्ण उत्तरपुस्तिका र कोडिङ मेसिन बुझी लिएँ, भोलिपल्ट बिहान विराटनगर जाने कार्यक्रम भएको हुनाले उक्त रात आफैँसँग सुरक्षित राखेको थिएँ,

बुद्ध एयरको कार्गोमा राजविराजका उत्तरपुस्तिका रहेको, मैले उक्त कार्गो नम्बर पाइसकेको थिएँ, कार्गो कसको नाममा कुन हालतमा आयो मलाई जानकारी छैन, साथै विश्वविद्यालयको परीक्षा सञ्चालनसम्बन्धी विस्तृत कार्यविधिसहितको निर्देशिका भए नभएकोसमेत मलाई जानकारी छैन, म हरेक पटक काठमाडौं आउँदा विश्वविद्यालयको काठमाडौंस्थित सम्पर्क कार्यालयमा सम्पर्क गर्ने गरेकै छु, आफ्नो सम्पर्क कार्यालय हुँदाहुँदै त्यसको उपयोग नगर्ने भन्ने सवाल नै आउँदैन भन्नेसमेत व्यहोराको प्रवेश परीक्षा समितिका सदस्य एवं परीक्षा उप-समितिका संयोजक डा. मुक्तिनाथ भट्टराईले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

म उक्त प्रवेश परीक्षा उप-समितिको सदस्य तोकिएको थिएँ, उक्त कार्यको लागि उप-समितिको सदस्यको हैसियतले मलाई प्रश्नपत्र तयार गर्ने, उत्तरपुस्तिका परीक्षण गरी नतिजा प्रकाशन गर्नेसम्मको जिम्मेवारी थियो, साथै काठमाडौं केन्द्रको लागि पर्यवेक्षकको जिम्मेवारीसमेत तोकिएको थियो, मिति २०६८।८।२३ गते उक्त परीक्षा सञ्चालनको लागि करिब ३:०० बजेतिर काठमाडौं आएका हौं, काठमाडौंमा सम्पर्क व्यक्ति कृष्णप्रसाद भुसाल (एसिएनको अध्यक्ष) लाई काठमाडौं आउँदै गरेको जानकारी गराएको हुँ, मङ्सिर २४ गते बिहान निजले नै हामीलाई परीक्षा केन्द्र हिमालयन ह्वाइट हाउस खुमलटारसम्म पुर्‍याएका हुन्, परीक्षा सकिएपश्चात् सोही कलेजका प्रिन्सिपलले हामीलाई पुरानो बानेश्वरसम्म ल्याइदिएका हुन्, मङ्सिर २५ गते बिहान निज भुसालकै गाडीमा पुनः परीक्षा केन्द्रतर्फ गएका हौं र परीक्षा सकिएपछि निजकै गाडीमा पुरानो बानेश्वरसम्म आएका हौं, कोडिङ मेसिन ढाकाजीले परीक्षा केन्द्रसम्म ल्याइदिएका हुन्, सोही बेलुका डा. मुक्तिनाथ भट्टराईले कोडिङको काम सुरू गर्न भन्नुभयो, मङ्सिर २६ गते बिहान डा. मुक्तिनाथ भट्टराईले भन्नु भएअनुसार काठमाडौं केन्द्रको बि.एस्सी नर्सिङ विषयको उत्तरपुस्तिकाहरू रहेको बन्दी खाम खोले र कोडिङ गर्नको लागि रोल नम्बरको आधारमा मिलाएँ, सबै कपी कलेक्सन नभई कोडिङ गर्न नसकिने भयो र कोडिङको काम रोकियो, अन्य परीक्षा केन्द्रहरूको समेत उत्तरपुस्तिकाहरू सङ्कलन गर्नुपर्ने भएकोले सोही दिन काठमाडौं केन्द्रको बि.एस्सी नर्सिङ विषयको बाहेक अरू सबै उत्तरपुस्तिकाहरू र कोडिङ मेसिनसमेत झोलामा राखी एयरपोर्ट गएँ, यति एयरलाइन्सबाट जनकपुर र विराटनगरको कापीहरू बुझें, सोही अवस्थामा होटलवालाले फोन गरी विद्यार्थीहरूले आफू बसेको होटेलको कोठामा ताला लगाउने भनी खबर गरे, सोही फोनबाट विद्यार्थीहरूले मसँग पनि कुरा गरे, त्यसपछि विश्वविद्यालयको गाडी विमानस्थल आयो । म उक्त गाडीमा गइन । मैले उक्त झोला चाँहि गाडीमा राखेँ तर कसैलाई पनि भनिन यस बिचमा मैले घटनाको जानकारी डा. मुक्तिनाथ भट्टराईलाई गराएँ, उक्त झोला सोही गाडीमा नै छाडी उक्त दिन बेलुका म पुरानो बानेश्वर आई काकाको घरमा सुतें तर सो उत्तरपुस्तिकाहरू भएको झोला उक्त गाडीमा भएको कुरा कसैलाई जानकारी गराइन र जिम्मा पनि दिइन, मङ्सिर २७ गते अं.१२:३० बजे डा. मुक्तिनाथ भट्टराई काठमाडौं आउनुभयो, करिब ३:०० बजेको हाराहारीमा मैले उत्तरपुस्तिकाहरू र कोडिङ मेसिन भएको झोला निजलाई हस्तान्तरण गरेको हुँ, परीक्षासँग सम्बन्धित संवेदनशील कागजातहरू होटलमा राख्ने कुरा जायज होइन तर डिन र डा. भट्टराईसँगको छलफलमा बारम्बार बन्दको कारणले दु:ख पाएकाले तपाइँको जिम्मामा राख्नु भनेकाले राखेको हुँ, योभन्दा अघिल्लो पटक पनि कपीहरू यसरी नै कुरियरमार्फत मगाइएका थिए, त्यसैले यसपटक पनि एयरलाइन्सको कार्गोमार्फत मेरो नाममा प्राप्त भएका हुन्, निज कृष्णप्रसाद भुसाल प्राइभेट कलेज संगठन एसिएनका अध्यक्ष तथा नेम्स कलेजका सञ्चालक हुन्, निजसँग मेरो कुनै नाता सम्बन्ध छैन, निजसँग विराटनगरमा मेरो

चिनजान भएको हो भन्नेसमेत व्यहोराको नवीन भट्टराई (प्रवेश परीक्षा उप-समितिका सदस्य एवं पर्यवेक्षक) ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

म उक्त प्रवेश परीक्षाको परीक्षा समितिको सदस्य सचिवमा तोकिएको थिएँ, उक्त परीक्षा समितिको बैठकमा समेत गएको हुँ, बैठकमा प्रवेश परीक्षा उप-समिति गठन गरी उक्त उप-समितिलाई परीक्षा सञ्चालन, प्रश्नपत्र तयारीदेखि उत्तरपुस्तिकाको कोडिङ गरी IOE पुल्चोकमा परीक्षणको लागि दिने भन्ने निर्णय भएको थियो, परीक्षा उप-समितिको बैठक बसे नबसेको मलाई कुनै जानकारी गराइएन, परीक्षासँग सम्बन्धित संवेदनशील कागजातहरू आफ्नो कार्यालय हुँदाहुँदै सो कार्यालयमा नै राख्नु पर्ने तथा प्रहरी कार्यालयमा सुरक्षित राख्नु पर्ने, कुनै कारणवस यी दुवै स्थान प्राप्त हुन नसकेमा मात्र कारण जनाई यथासक्य गोप्य र शिलछाप यथावत् रहने गरी सुरक्षित राख्नु पर्ने हो, शिलबन्दी प्याकेट आफूखुसी होटेलमा खोलेको हो भने परीक्षाको मर्यादाविपरीत हो र परीक्षामा खटिएका व्यक्तिले यस्तो कार्य गर्न मिल्दैन, यस्ता महत्त्वपूर्ण कागजातहरू व्यक्तिको नाममा नभई कार्यालयको नाममा नै पठाउनु पर्ने हो, उक्त परीक्षा सञ्चालनमा आफू नआएको र डीनज्यू नै आउनुभएको हुँदा के कुन कारणले सम्पर्क कार्यालयको प्रयोग गर्न चाहनु भएन मलाई थाहा भएन भन्नेसमेत व्यहोराको तीर्थकुमार श्रेष्ठ (परीक्षा नियन्त्रक एवं प्रवेश परीक्षा समितिका सदस्य सचिव) ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

उक्त परीक्षा सञ्चालन गर्नको लागि मेरो कलेजमा परीक्षा केन्द्र तोकिएको र मलाई केन्द्राध्यक्षमा बहाली गरेको थियो। मिति २०६८।८।२४ र २५ गते उक्त केन्द्रमा सञ्चालित दोस्रो पटकको प्रवेश परीक्षाको प्रश्नपत्र र उत्तर सिटहरू विश्वविद्यालयबाट खटिएका आधिकारिक व्यक्ति नवीन भट्टराईबाट परीक्षा केन्द्रमा नै प्राप्त गरेको हुँ, परीक्षा समाप्त भएपछि उक्त परीक्षाका उत्तरपुस्तिकाहरू निजले माग गरेकोले निजकै जिम्मा दिएको हुँ, विश्वविद्यालयले मलाई केन्द्राध्यक्ष तोकिएको पत्रसमेत निज नवीन भट्टराइले २४ गते परीक्षा केन्द्रमा नै मलाई दिएका हुन्, मबाट उत्तरपुस्तिका लिएपछि उक्त उत्तरपुस्तिकाहरू निजले के कहाँ लिएर गए मलाई थाहा भएन, उक्त उत्तरपुस्तिकाहरू सम्पर्क कार्यालयमा बुझाउने भनी कहीँ कसैले पनि विश्वविद्यालयबाट निर्देशन नदिएकोले विश्वविद्यालयको आधिकारिक प्रतिनिधिको जिम्मा दिएको हुँ भन्नेसमेत व्यहोराको राजीवकुमार सिंह (प्रवेश परीक्षा केन्द्र काठमाडौंका केन्द्राध्यक्ष) ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

उक्त संकायअन्तर्गतको दोस्रो पटकको प्रवेश परीक्षा उप-समितिमा राखिएको कुरा मौखिकरूपमा मात्र थाहा भएको हो, आधिकारिकरूपमा कुनै पत्र प्राप्त भएको छैन, साथै उप-समितिको बैठकसमेत बसे नबसेको कुनै जानकारी छैन, परीक्षासँग सम्बन्धित उत्तरपुस्तिकालगायतका संवेदनशील र महत्त्वपूर्ण कागजातहरू भएको बन्दी खाम होटलमा बसी आफूखुसी खोल्नु परीक्षाको मर्यादाविपरीत हो, साथै उक्त कागजातहरू यसरी खोल्न नमिल्ने हो, के कुन कारणले यसरी खोलिएको हो जानकारी भएन, साथै विश्वविद्यालयसँग सम्बन्धित कागजातहरू के कति कारणले कार्यालयको नाम ठेगानामा प्राप्त नभई व्यक्तिगत नाम नम्बरमा प्राप्त हुन आएका हुन् थाहा भएन, यस्तो क्रियाकलाप गर्न नमिल्ने हो भन्नेसमेत व्यहोराको एकै मिलानको डा. भूपेन्द्र चरण श्रेष्ठ, डा. रञ्जना शर्मा ढुंगेल, कविता अधिकारी, मोहनप्रसाद पोखरेल, गिरिराज कोइराला (प्रवेश परीक्षा उप-समितिका सदस्यहरू) ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

म उक्त प्रवेश परीक्षाको काठमाडौं केन्द्रको लागि पर्यवेक्षकको रूपमा तोकिएको थिएँ, केन्द्राध्यक्षसँग समन्वय गरी परीक्षालाई मर्यादित बनाउनु मेरो काम

कर्तव्य थियो, मिति २०६८।८।२३ गते परीक्षा उप–समितिका सदस्य नवीन भट्टराई र म अं.४:१० बजे विराटनगरबाट काठमाडौं एयरपोर्ट आई गौशालास्थित होटल भिजनमा बस्यौ। मङ्सिर २४ र २५ गते बिहान परीक्षा केन्द्रमा गई परीक्षा सञ्चालन गरी होटेलमा आएका हौं, मङ्सिर २६ गते बिहान अन्य केन्द्रहरूको समेत उत्तरपुस्तिका लिन नवीन सर र म एयरपोर्ट गएका हौं, सो बखत नवीन सरले एउटा झोला पनि बोक्नुभएको थियो, यति एयरलाइन्सको आफिसबाट विराटनगर र जनकपुरको उत्तरपुस्तिका नवीन सरको नाममा भएकाले उहाँले नै बुझ्नुभयो, एयरपोर्ट पुगेको केही समयपछि हामी बसेको होटलमा तालाबन्दी भयो भन्ने कुरा नवीन सरलाई फोन आयो, उत्तरपुस्तिकाहरू होटलभित्र भएकाले तालाबन्दी गरेको भन्ने बुझियो, उक्त बेलुकी म सम्पर्क कार्यालयमा गई सुतेँ, मङ्सिर २७ गते अं. ११ बजे डा. मुक्तिनाथ सर काठमाडौं आइपुग्नुभयो, सोही बेलुकी म गाडी चढी घरतिर लागें भन्नेसमेत व्यहोराको निरोध सुवेदी (सहायक एवं प्रवेश परीक्षाका पर्यवेक्षक) ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

परीक्षा सञ्चालन गर्न म पर्येवेक्षकको हैसियतले राजविराज केन्द्रमा खटिएको हुँ, उक्त परीक्षा सम्पन्न भएपश्चात् काठमाडौंबाट नवीन भट्टराई सरले उक्त केन्द्रको उत्तरपुस्तिकाहरू विराटनगर गई एयरपोर्टबाट मेरै नाममा कुरियर गरी काठमाडौं पठाइदिनु भन्ने निर्देशन (आदेश) भएकाले विराटनगर गएर बुद्ध एयरबाट कुरिएर गरी पठाइएको हो, निज नवीन भट्टराईकै निर्देशनअनुसार पाउने नवीन भट्टराई फोन नम्बर ९८५२०४९३१५, पठाउने सुरेन्द्र न्यौपाने फोन नम्बर ९८१५–३४४८४१ र ९८४२१–९५७०८ लेखी एयर कुरियर गरी पठाएको हुँ भन्नेसमेत व्यहोराको सुरेन्द्रप्रसाद न्यौपाने (सहायक एवं प्रवेश परीक्षाका पर्यवेक्षक) ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

उक्त परीक्षाको बारेमा मिति २०६८।८।२३ गते बेलुकासम्म सम्पर्क कार्यालयमा कुनै जानकारी नआएको, मिति २०६८।८।२४ गते बिहान वरिष्ठ अधिकृत गिरिराज सरसँग सम्पर्क हुँदा काठमाडौंको परीक्षा केन्द्र हिमालयन ह्वाइट हाउस कलेजमा रहेको र मलाई त्यस केन्द्रमा पर्येवेक्षक खटाएको भन्ने जानकारी आएकाले उक्त केन्द्रमा खटिएको हुँ, मेरो आफ्नो कार्य व्यस्ततालै उक्त परीक्षामा म पुरा बस्न नसकी केन्द्राध्यक्ष र नवीन भट्टराईसँग बिदा मागी म त्यहाँबाट निस्केको हुँ, मिति २०६८।५।२५ गते नवीन भट्टराई सरले नम्बरिङ मेसिन माग्नुभएकाले उक्त मेसिन लिएर म परीक्षा केन्द्रमा गई अं. ११:३० बजेतिर उहाँको जिम्मा लगाई फर्किएको हुँ, यसरी नम्बरिङ मेसिन बाहिर लगेर दिन त मिल्दैन थियो तर परीक्षा प्रयोजनको लागि भनेर माग्नु भएकोले दिएको हुँ, यसअघिको प्रवेश परीक्षा सम्पर्क कार्यालयमा नै बसी उक्त कार्यालयबाटै कोडिङलगायतको कार्य गरी गरिएको थियो, यस पटक के कुन कारणले सम्पर्क कार्यालयको प्रयोग नगरी होटलबाट भएको हो मलाई जानकारी भएन भन्नेसमेत व्यहोराको ढाकाराज पोखरेल (सहायक एवं प्रवेश परीक्षाका पर्यवेक्षक) ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

उक्त परीक्षा सञ्चालन गर्नको लागि मलाई पोखरा केन्द्रमा खटाइएको जानकारी संकायका कर्मचारीबाट थाहा पाएको हुँ तर २०६८।८।२३ गते रजिष्ट्रारज्यूबाट फोटोकपी मेसिन बिग्रिएकाले टोनर, ड्रम किट लिएर तुरून्त विराटनगर पठाउनु भन्ने आदेश भएबमोजिम पोखरा जान नसकेको हुँ, काठमाडौंमा भएको प्रवेश परीक्षा सम्बन्धमा मेरो कुनै जिम्मेवारी नभएको र मलाई कुनै जानकारीसमेत नभएको, उक्त परीक्षा सञ्चालन गर्न काठमाडौं आएका प्रतिनिधिहरूले र संकायबाट समेत सम्पर्क कार्यालयमा कुनै सम्पर्क एवं जानकारी नदिनु भएकोले उक्त परीक्षाको बारेमा आफू अनभिज्ञ रहेको, उक्त परीक्षामा सम्पर्क कार्यालयको

भौतिक सामान र कार्यालयसमेतको प्रयोग गरिएन भन्नेसमेत व्यहोराको विनय भट्टराई (काठमाडौं सम्पर्क कार्यालयका अधिकृत) ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

उक्त परीक्षा सञ्चालन गर्नको लागि मलाई कुनै जिम्मेवारी दिइएको थिएन, मिति २०६८।९।२३ गते दिउँसो १ बजे नवीन भट्टराईले विराटनगरबाट परीक्षा सञ्चालनको लागि काठमाडौं आउँदै गरेको जानकारी गराउनुभएको थियो र काठमाडौं विमानस्थलमा आएर लिफ्ट माग्नुभयो, मैले उनीहरूलाई बत्तिसपुतलीस्थित भिजन होटलमा पुर्‍याई दिएँ, भोलिपल्ट २४ गते बिहान ९ बजे परीक्षा केन्द्र ह्वाइट हाउस खुमलटारसम्म पुर्‍याई दिएको हुँ, मिति २०६८।९।२५ गतेको परीक्षा सञ्चालनको लागिसमेत मेरो गाडी केन्द्राध्यक्ष राजीव सिंहको ड्राइभरलाई दिएको हुँ, मैले गाडी दिनेबाहेक अन्य कुनै सहयोग गरेको छैन, उक्त परीक्षामा मेरो कलेजबाट जनस्वास्थ्य विषयमा २३ जना र बि.एस्सी नर्सिङ विषयमा ९ जना विद्यार्थी सम्मिलित थिए, उक्त परीक्षा सञ्चालनको लागि सम्पर्क कार्यालयमा नभई होटलमा भएको कुरा पछि थाहा पाएँ, होटलमा बसी आफुखुसी उत्तरपुस्तिकाहरू खोल्न कुनै पनि हालतमा मिल्दैन, गलत नियतले नभई गुणस्तर कायम गर्न र परीक्षा पद्वतिलाई संस्थागत गर्न नवीनजीले गाडी मागेकाले दिएको हुँ, सोबाहेक मेरो कुनै संलग्नता छैन भन्नेसमेत व्यहोराको कृष्णप्रसाद भुषाल (नेसनल एकेडेमी फर मेडिकल साइन्सेस एन.ए.एम.एस. का प्रिन्सिपल) ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

उक्त प्रवेश परीक्षाका उत्तरपुस्तिकाहरू काठमाडौंस्थित सम्पर्क कार्यालयमा केन्द्रित गरी चेक गर्नु पर्नेमा सो नगरी गौशालास्थित होटल भिजन नेपालमा विभिन्न प्रलोभनमा परी चेकजाँच गरिरहेको भन्ने सूचनाका आधारमा मिति २०६८ मङ्सिर २६ गते उक्त होटलमा पुगी होटलका डाइरेक्टर विनोद के.सी.सँग जानकारी माग गर्दा विश्वविद्यालयबाट परीक्षाको लागि काठमाडौं केन्द्रमा खटिएका कर्मचारीहरू उक्त होटलको ४०३ नम्बर कोठामा बसेको र अहिले होटेलबाट बाहिर निस्केको भन्ने जवाफ प्राप्त भएको हो, हामीले उक्त कोठा खोली दिन अनुरोध गर्दा निज डाइरेक्टले रूममा बस्नेको अनुमति बेगर खोल्न नसक्ने भनेपछि एक विज्ञप्ति निकाल्दै उक्त रूममा तालाबन्दी गर्ने निर्णय गरेका हौं, चिकित्साशास्त्र संकायका डिन डा.आर. के.सिंहलगायतका कर्मचारीहरूले विश्वविद्यालय ऐन नियमले दिएको अख्तियारको दुरूपयोग गरेको हुनाले यससम्बन्धी छानबिन गर्ने निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पनि उजुरी गर्ने निर्णय गरी उजुरी दर्ता गराइएको हो भन्नेसमेत व्यहोराको अनुसन्धानको क्रममा बुझिएका उमेशकुमार थापाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको कागज।

पूर्वाञ्चल विश्वविद्यालयसँग आबद्ध नवीन भट्टराईसमेत जम्मा २ जना मिति २०६८।८।२३, २४ र २५ गते जम्मा ३ दिन मेरो होटेलको ४०३ नम्बर कोठामा बसेका हुन्। उक्त कोठा नवीन भट्टराइकै नाममा बुक भएको छ, के कुन कारणले काठमाडौं आएका हुन् मलाई जानकारी छैन, निजहरू बिहान जाने र बेलुका आउने गर्थे के कुन काम गर्थे मलाई जानकारी भएन, मिति २०६८।८।२६ गते अं.२ बजे ८-१० जना व्यक्तिहरू आई उक्त कोठामा को बस्छ भनी सोधीखोजी गरी तालाबन्दीसमेत गरेका हुन्, के कुन कारणले ताला लगाएका हुन मलाई थाहा भएन, पछि अख्तियारको टोली आई ताला खोली कागजपत्रहरू लिई गएका हुन भन्नेसमेत व्यहोराको विनोद के.सी. (होटल भिजन नेपाल प्रा.लि.का सञ्चालक) को अधिकारप्राप्त अधिकारीसमक्ष गरेको कागज।

मिति २०६८।०८।२४ र २५ गते सञ्चालित चिकित्साशास्त्र संकायअन्तर्गतको दोस्रो पटकको प्रवेश परीक्षामा उक्त संकायका डिन प्रा.डा.रामकुमार

सिंहको हस्ताक्षरित पत्रादेसानुसार हामीहरू चितवन, विराटनगर, जनकपुर, बुटवल, नेपागञ्ज, राजविराजलगायतका परीक्षा केन्द्रहरूमा पर्यवेक्षकको रूपमा खटिएका हौं, उक्त परीक्षा सञ्चालनमा केन्द्राध्यक्षलाई सहयोग गर्ने, परीक्षालाई व्यवस्थित र मर्यादितरूपमा सञ्चालन गराई उपयुक्त माध्यमबाट सम्बन्धित निकायमा परीक्षासम्बन्धी जानकारी गराउने जिम्मेवारी हामीहरूलाई दिइएको थियो, परीक्षासँग सम्बन्धित उत्तरपुस्तिकालगायतका संवेदनशील सिलबन्दी कागजातहरू होटलमा लगेर आफूखुसी खोल्नु परीक्षाको मर्यादाविपरीत हो, यसो गर्न नमिल्ने हो भन्नेसमेत व्यहोराको परीक्षा पर्यवेक्षकहरू किशोरकुमार श्रेष्ठ, सुकेश कर्ण, जयराम चौधरी, देवीप्रसाद कट्टेल, कृष्णप्रसाद ढुंगाना र आश्विनीकुमार झाको एकै मिलानको अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

प्रवेश परीक्षा सम्पन्न भइसकेपछि उक्त परीक्षासँग सम्बन्धित शिलबन्दी उत्तरपुस्तिकाहरू रहेको खामको प्याकेट पूर्वाञ्चल विश्वविद्यालयको काठमाडौंस्थित सम्पर्क कार्यालयमा ल्याउनु पर्नेमा परीक्षाको परिणाममा फेरबदल गर्ने बदनियतले आपसी सहमति गरी नवीन भट्टराईले होटलमा लगी उत्तरपुस्तिकाहरू रहेको शिलबन्दी खामको शिल तोडेको स्पष्ट देखिएकोले प्रतिवादीहरू प्रा. डा. रामकुमार सिंह, डा.मुक्तिनाथ भट्टराई र नवीन भट्टराईले दूषित मनसायद्वारा अभिप्रेरित भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ र दफा १७ को कसुरजन्य अपराधको ऐ. ऐनको दफा २१ बमोजिम उद्योग गरेको पुष्टि हुन आएकोले निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३, दफा १७ तथा दफा २१ बमोजिमको कसुरमा सोही ऐनको दफा १३, १७ तथा २१ र दफा ३ (१) (घ) बमोजिम सजाय गरी उल्लिखित बिगो रकम रू.३,२८,९५०।– (तीन लाख अठाईस हजार नौं सय पचास) जनही निज प्रतिवादीहरूलाई जरिवानासमेत गरिपाउँ भन्नेसमेत व्यहोराको मिति २०६९।०६।२६ को आरोप पत्र ।

म २०६६ सालदेखि पूर्वाञ्चल विश्वविद्यालय चिकित्साशास्त्र संकायअन्तर्गत कलेज अफ मेडिकल एन्ड अलाइन्स साइन्सेज (पुकमास) मा शिक्षक सहायक (बायोकेमेष्ट्रि) भई कार्यरत छु । B.Sc. Nursing को दोस्रो प्रवेश परीक्षाको सिलसिलामा २०६८ मङ्सिर २३ गते म काठमाडौं आई उक्त होटल पूर्वाञ्चल विश्वविद्यालय ठेगाना लेखी बुक गरेको हो, परीक्षा सञ्चालनपश्चात् परीक्षा उप-समितिका संयोजक डा. मुक्तिनाथ भट्टराईको फोन निर्देशनअनुसार उप-समितिलाई प्राप्त अधिकार र कार्यक्षेत्रभित्र रही नतिजा तयार पार्ने क्रममा रहेको अवस्था थियो, २०६८।८।२६ गते अन्य केन्द्रको उत्तरपुस्तिकाहरू सङ्कलन गर्न म कोठाबाहिर गएको बेला विद्यार्थीहरूले उक्त कोठामा ताला लगाई दिए, सो घटनाको जानकारी मैले संयोजक मुक्ति भट्टराईलाई तत्काल गराएँ, मङ्सिर २७ गते डा. मुक्तिनाथ भट्टराईसँग विद्यार्थीहरूको वार्ता भई पुन: २८ गते डेपुटी कन्ट्रोलर मोहनबहादुर बस्नेतलगायतसँग वार्ता भई विश्वविद्यालय प्रतिनिधि, विद्यार्थी प्रतिनिधि र प्रहरी प्रभाग गौशालाका प्रहरीको उपस्थितिमा होटलको ताला खोली मुचुल्का तयार गर्दै गर्दा अ.दु.अ.आ. का प्रतिनिधि आई प्रहरीले तयार गरेको मुचुल्का काम नलाग्ने भन्दै च्याती नयाँ मुचुल्का तयार गरेको हो, बारम्बार विश्वविद्यालय विभिन्न संगठनहरूले बन्द गरी समयमा कुनैपनि विश्वविद्यालयको कार्य सम्पन्न गर्न नसकेको हुँदा उप-समितिको कार्यक्षेत्रभित्र रही साथै विश्वविद्यालयको ऐन नियमभित्र पर्ने भनी डा. मुक्तिले दिनुभएको मौखिक आदेशानुसार असल नियतले तत्काल नतिजा प्रकाशन गर्न कोडिङ कार्य गर्नका निमित्त उक्त कपीहरू खोलिएको हुन् । पूर्वाञ्चल विश्वविद्यालयको प्रचलित नियम, परम्परा र उप-समितिको क्षेत्राधिकारभित्र रही उप-समितिका संयोजक डा. मुक्तिनाथ भट्टराईको

मौखिक आदेश निर्देशनबमोजिम उत्तरपुस्तिकाको शिलबन्दी खोलिएको हो, पहिलो पटकको प्रवेश परीक्षा २०६८।५।२४ र २५ मा भएको थियो, त्यस ताका विश्वविद्यालय पूर्णरूपले तालाबन्दी थियो, त्यस समयमा पनि सुरक्षित स्थानमा परीक्षासम्बन्धी कार्य भएको थियो, दोस्रो पटक २०६८ मङ्सिर २४ र २५ को परीक्षा सञ्चालनको तयारी हुँदा पनि (२३ गते सम्म) विश्वविद्यालय पूर्णरूपले तालाबन्दी थियो, जसका कारणले होटलमा बस्नु परेको हो, जुन पूर्वाञ्चल विश्वविद्यालयको नियमले निषेध गरेको छैन, म बसेको होटल तथा मैले परीक्षासम्बन्धी गरेका कार्यहरू निरन्तर फोनमार्फत उपल्लो निकायलाई जानकारी गराएको थिएँ, उत्तरपुस्तिकाको शिलबन्दी खोलेपनि त्यसको नतिजा फेरबदल गर्न सकिने होइन, उद्देश्य पनि थिएन, तसर्थ मैले कुनै गैरकानूनी कार्य गरेको होइन, छैन, विश्वविद्यालयलाई उक्त कार्यले कुनै क्षति पुर्‍याएको छैन, तसर्थ मलाई झुट्टो अभियोग दाबीबाट सफाई दिलाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी नविन भट्टराईको मिति २०६९।९।५ मा विशेष अदालतमा भएको बयान।

यो यस व्यक्ति वा आफूलाई गैरकानूनी लाभ पुर्‍याउने बद्नियतले काम गरेको तथ्य अनुसन्धानबाट नदेखिए तापनि उत्तरपुस्तिकाको खाम खोलिएको कुरा बरामदी मुचुल्काबाट देखिन आएकोले आरोपित कसुरमा यी प्रतिवादीको संलग्नता रहेको छैन भनी भन्न सकिने स्थिति हालै नरहेकोले बुझ्दैजाँदा प्राप्त प्रमाणबाट ठहरेबमोजिम हुने गरी हाल यी प्रतिवादीबाट विशेष अदालत ऐन,२०५९ को दफा ७(घ) अनुसार रू.२,००,०००।- (अक्षेरूपी दुई लाख मात्र) धरौट माग गरिएको छ, सोबापत निजले कुमारी बैंक लिमिटेड दरबारमार्ग शाखाबाट जारी भएको रू.७,५०,०००।- को बैंक ग्यारेन्टी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा धितो राखेको देखिँदा सोहीबाट उक्त धरौट रू.२,००,०००।- (दुई लाख) उक्त ऐनको दफा ७(च) बमोजिम यथावत् रोक्का गरी बाँकी फुकुवा गरी कानूनबमोजिम गर्नु भन्नेसमेत व्यहोराको मिति २०६९।९।५ को विशेष अदालतको आदेश आदेशानुसार निज प्रतिवादी तारेखमा रहेको।

दोस्रो पटक लिइने B.Sc. Nursing समेतका परीक्षा सञ्चालन गर्ने प्रयोजनका लागि चिकित्साशास्त्र संकायअन्तर्गतको परीक्षा समितिको सदस्य तथा प्रवेश परीक्षा उप-समितिको संयोजक तोकिएको थिएँ, प्रस्तुत मुद्दाको प्रतिवादीहरू नविन भट्टराई उप-समितिको सदस्य र चिकित्साशास्त्र संकायका डिन प्रा.डा. रामकुमार सिंह परीक्षा समितिका अध्यक्ष हुनुहुन्थ्यो, मिति २०६८ मङ्सिर २४ र २५ गते काठमाडौंलगायत विभिन्न ८ केन्द्रमा परीक्षा सञ्चालन भएको हो, सुरूको कार्ययोजनाअनुसार सम्पूर्ण उत्तरपुस्तिका काठमाडौंमा सङ्कलन गरी कोडिङ गरिसकेपछि पुल्चोक इन्जिनियरिङ अध्ययन संस्थानको CIT मा परीक्षणको लागि लैजाने कार्यक्रम थियो, सोही प्रयोजनको लागि काठमाडौंका पर्यवेक्षक नविन भट्टराईलाई खटाएको हो, सोहीअनुरूप निज प्रतिवादी नविन भट्टराईले कोडिङको काम गरेको हो, मैले परीक्षा उप-समितिको संयोजकको हैसियतले उप-समितिको सदस्य नविन भट्टराईलाई कोडिङको काम गर्ने अनुमति दिएको हो। स्थानको बारेमा मैले केही भनेको होइन छैन, परीक्षा चल्दै गरेको बखत मेरो बाबु बिरामी भएकोले म चितवन थिएँ, यो परीक्षा दोस्रो प्रवेश परीक्षा हो, पहिलो प्रवेश परीक्षामा एकदमै न्यून विद्यार्थी भर्ना भएकोले यसबाट जेहेन्दार र वर्गीकृत छात्रवृत्ति छनौट नहुने, पूर्णशुल्कील भर्ना पुर्‍याउनको लागि भएको परीक्षामा उपस्थित भएका सम्पूर्ण विद्यार्थी उत्तीर्ण भएको अवस्थामा पनि थुप्रै कोटा बाँकी रहेको परिस्थितिमा परीक्षाको परिणाममा कोडिङ गर्ने प्रकृयाले फरक पारी नतिजा फेरवदल गर्ने उद्देश्य राख्नु पर्ने अवस्था नै थिएन, उत्तरपुस्तिका (Answer Sheet) कम्प्युटर प्रणालीद्वारा परीक्षण

गरिने हुँदा फेरबदल गर्ने सम्भावना रहँदैन, पूर्वाञ्चल विश्वविद्यालयको प्रचलन र परम्पराअनुसार नै उक्त कार्य गरिआएको हो, अ.दु.अ.आ.मा काम सकी तारेख लिएर घर विराटनगर जाने प्लेन चढ्नै लाग्दा ३ जना अ.दु.अ.आ. का कर्मचारी आई सोधपुछ बाँकी छ भनी फर्काई ल्याएको थियो, साँझ परिसकेको हुँदा बेलुका फर्कदा साथै लगेको झोला ल्याउन गाह्रो हुने सम्भावना देखी उपरोक्त कर्मचारीहरूकै उपस्थितिमा मेरी साली रूक्मिणी ज्ञवालीलाई म फर्कदासम्मको लागि मैले विराटनगर केन्द्रीय कार्यालय लैजान लागेको सामान (उत्तरपुस्तिकासमेत) राख्न दिएको र त्यही सामान पछि बरामद गरेको हो, अभियोग दाबी सुनेँ, परीक्षा उप-समितिको संयोजक म भएको कारणले प्रतिवादी नविन भट्टराईलाई पर्यवेक्षक तोकी (डीनज्यूले) आवश्यक काम भएको हो, मैले प्रतिवादी नविन भट्टराईलाई कोडिङको काम गर्ने निर्देशन दिएको हुँ, जुन मेरो जिम्मेवारी हो, स्थानको र प्रक्रियाको बारेमा मैले केही भनेको होइन, परीक्षाको परिणाम फेरबदल गर्ने नियत होइन, सबै काम प्रचलित कानून र परम्पराबमोजिम नै छ, म निर्दोष हुँदा अभियोग दाबीबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी प्रा.डा. मुक्तिनाथ भट्टराईको मिति २०६९।९।११ मा विशेष अदालतमा भएको बयान।

प्रतिवादी मुक्तिनाथ भट्टराई B.Sc Nursing समेतको दोस्रो पटकको प्रवेश परीक्षा सञ्चालन गर्ने प्रयोजनका लागि गठन भएको समितिको सदस्य र उप-समितिका संयोजक रहेको तथ्यमा विवाद नभएको, उक्त प्रवेश परीक्षाको उत्तरपुस्तिकाहरू काठमाडौंमा सङ्कलन गरी Coding समेतको कार्य गर्नको लागि निजले प्रतिवादी नविन भट्टराईलाई खटाएको देखिएको, प्रतिवादी नविन भट्टराईले उत्तरपुस्तिका होटलमा लगी खामको सिलबन्दी तोडेको अवस्थामा बरामद भएको, यी प्रतिवादीले उत्तरपुस्तिका सङ्कलन र Coding गर्न अपनाउनु पर्ने गोप्यताबारे निर्देशन दिने कार्य नगरी केही उत्तरपुस्तिकासमेत यी प्रतिवादीले आफ्नी सालीका घरमा राखेको तथ्य बरामदी मुचुल्काबाट देखिएकोले दाबीको कसुरमा यी प्रतिवादीको संलग्नता नरहेको भन्ने अवस्था तत्काल नदेखिएको हुँदा बुझ्दै जाँदा प्राप्त प्रमाणबाट ठहरेबमोजिम हुने गरी हाल यी प्रतिवादीबाट विशेष अदालत ऐन, २०५९ को दफा ७(घ) अनुसार रू.२,००,०००।- (अक्षेरूपी दुई लाख मात्र) धरौट माग गरिएको छ । सो धरौटको रकम प्रतिवादीले अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा दिएको सिद्धार्थ बैंक लिमिटेड, दमक शाखाबाट जारी भएको बैंक ग्यारेन्टीबाट उक्त धरौट रू.२,००,०००।- (दुई लाख) उक्त ऐनको दफा ७(च) बमोजिम यथावत् रोक्का गरी बाँकी फुकुवा गरी कानूनबमोजिम गर्नु भन्नेसमेत व्यहोराको मिति २०६९।९।११ को विशेष अदालतको आदेश र आदेशानुसार निज प्रतिवादी तारेखमा रहेको।

म विगत ३ वर्षदेखि पूर्वाञ्चल विश्वविद्यालयको चिकित्साशास्त्र संकायको डीनको हैसियतले काम गर्दै आएको छु, उक्त विश्वविद्यालयको उपकुलपतिज्यूको प्रत्यक्ष निगरानीमा रहने गरी मूल कमिटी (प्रवेश परीक्षा समिति) र प्रवेश परीक्षाको उप-समिति गठन गरिएको थियो, म मूल समितिको अध्यक्ष थिएँ, अरू २ जना सदस्य थिए, परीक्षा नियन्त्रक सदस्य र मुक्तिनाथ भट्टराई पनि सदस्य सचिव हुनुहुन्थ्यो, मैले आफ्नो अधिकार प्रत्यायोजन परीक्षा सञ्चालन उप-समितिलाई गरेको थिएँ, प्रवेश परीक्षासम्बन्धी सम्पूर्ण काम सोही उप-समितिले नै गर्दछ, प्रवेश परीक्षा उप-समितिको अध्यक्ष डा. मुक्तिनाथ भट्टराई हुनुहुन्थ्यो र बाँकी सदस्य ६ जना थिए, उक्त उप-समितिले प्रश्नपत्र तयार गर्ने, संपरीक्षण गर्ने, परीक्षा सञ्चालन गर्ने, उत्तरपुस्तिका जाँच गरी परीक्षाफल तयार गरी मूल समितिमा पेस गर्ने लगायतका सम्पूर्ण कार्यहरू गर्दछ, उक्त प्रवेश परीक्षा उप-समितिले तयार गरेको परीक्षाफल मूल समितिमा छलफल गराई उपकुलपतिको अनुमतिले परीक्षाफल

प्रकाशन गर्ने काम मूल समितिको अध्यक्षको हैसियतले मेरो हो, यो परीक्षा प्रवेश परीक्षा हो, त्यो पनि दोस्रो पटक लिइएको थियो, प्रतिवादी नविन भट्टराईले होटलमा लगी उत्तरपुस्तिकाको शिल तोडेको भएपनि त्यसले गोपनीयता भङ्ग हुने होइन, उक्त शिल सुरक्षाको लागि लगाइएको हो र प्रतिवादी नविन भट्टराईले उक्त प्रवेश परीक्षाको परिणाम फेरबदल गर्न सक्ने होइन, किनकि उक्त उत्तरपुस्तिका कम्प्युटरले जाँच गर्ने हो, परीक्षाको गुरूत्वको हिसाबले पनि परिणाम फेरबदल गर्नु पर्ने होइन, प्रतिवादीहरू मुक्ति भट्टराई र नविन भट्टराईले परीक्षा सञ्चालन गर्ने सन्दर्भमा मसँग कुनै सल्लाह गरेनन्, सम्पर्क पनि गरेका होइनन्, गर्नु पर्ने पनि होइन, परीक्षा विवादित बनेको कुरा मैले उपकुलपतिबाट थाहा पाएको हुँ, आरोपित कसुर मैले नगरेको हुँदा सफाइ पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी प्रा.डा. रामकुमार सिंहको मिति २०६९।९।१८ को विशेष अदालतमा भएको बयान।

प्रतिवादी प्रा.डा. रामकुमार सिंहले आरोपपत्रमा लिएको दाबी इन्कार गरी बयान गरेको, २०६८।८।२४ र २५ गते मा सञ्चालन भएको प्रवेश परीक्षा सञ्चालन गर्न यी प्रतिवादी रामकुमार सिंह संयोजक भएको परीक्षा समितिको मिति २०६८।८।१६ को वैठकले डा. मुक्तिनाथ भट्टराईको संयोजकत्वमा नविन भट्टराईसमेतको ७ सदस्यीय प्रवेश परीक्षा उप-समिति गठन गर्ने निर्णय गरी सोही उप-समितिमार्फत प्रवेश परीक्षा सञ्चालन भएको देखिएको, काठमाडौं बत्तीसपुतलीस्थित होटल भिजन नेपाल प्रा.लि. को कोठा नं.४०३ बाट बरामद भएको उत्तरपुस्तिकाको सिलबन्दी खोल्ने समेतको कार्यमा यी प्रतिवादीको संलग्नता रहेको नदेखिएकोले यी प्रतिवादीले दाबीको कसुर गरेको भन्ने तत्काल प्राप्त प्रमाणबाट देखिन नआएकोले बुझ्दै जाँदा प्राप्त प्रमाणबाट ठहरेबमोजिम हुने गरी हाललाई विशेष अदालत ऐन, २०५९ को दफा ७(ग) अनुसार यी प्रतिवादी रामकुमार सिंहलाई साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्न यो आदेश पर्चा जारी गरिदिएको छ भन्नेसमेत व्यहोराको विशेष अदालतको मिति २०६९।९।१८ को आदेश।

डा.रामकुमार सिंह पूर्वाञ्चल विश्वविद्यालय, चिकित्साशास्त्र संकायको डिन भएको हुनाले परीक्षा समितिको संयोजकसम्म हुनुहुन्थ्यो, यो परीक्षा उप-समितिमार्फत सञ्चालन भएको हो, उप-समितिको संयोजक एवं सदस्यहरूलाई अनियमित कार्य गर्न उहाँबाट केही निर्देशन भएको होइन, उप-समितिले आफैँ कार्य गरेको हो, उप-समितिले गरेको कामको जिम्मेवारी डीनले बहन गर्नु पर्ने होइन, यो कसुरमा यी प्रतिवादीको कुनै संलग्नता छैन, म उहाँलाई पहिलेदेखि चिन्दछु, उहाँ सानैदेखि असल चालचलन एवं आचरणको मान्छे हो, उहाँबाट कुनै अनियमितता भएको छैन र अनियमित कार्य गर्न कुनै निर्देशन दिनुभएको पनि छैन, उहाँमाथिको अभियोग दाबी झुट्टा हो भन्नेसमेत व्यहोराको प्रतिवादी रामकुमार सिंहको साक्षी हरिशंकरप्रसाद थारूले विशेष अदालतमा गरेको बकपत्र।

मिति २०६८।८।२८ गते मुक्तिनाथ भट्टराई काठमाडौंबाट विराटनगर जाँदै गर्दा एयरपोर्ट पुगिसकेपछि एयरपोर्टबाट मलाई फोन गरी उहाँले मलाई रिङरोडमा आउनु भन्नुभयो, उहाँले सरकारी गाडीमा सञ्चारग्राम अगाडि गाडीबाटै एउटा झोला मलाई दिनुभयो र यो लगेर राख भन्नुभयो, त्यो गाडीमा प्रहरीका मान्छेहरू पनि थिए, मैले उहाँले दिएको झोला लगेर राखेको हो, सो झोलाभित्र के थियो मलाई थाहा थिएन, उक्त झोला २०६८।९।१ मा प्रहरीहरू मेरो घरमा आई लिएर गएका हुन्, उहाँलाई प्रहरीको रोहवरमा अख्तियारमा लगिएको हो, मेरो विचारमा उहाँले कुनै गलत काम गर्नुभएको छैन, उहाँलाई फसाउन यस्तो झुटा मुद्दा दर्ता गरिएको हुनसक्छ भन्नेसमेत व्यहोराको प्रतिवादी मुक्तिनाथ भट्टराईकी साक्षी रूकमणी ज्ञवालीले विशेष अदालतमा गरेको बकपत्र।

मिति २०६८।८।२३ मा मेरो होटलको कोठा नं.४०३ पूर्वाञ्चल विश्वविद्यालय / नविन भट्टराईको नाममा बुक भई सो कोठा लिएको हो, उक्त मितिमा पूर्वाञ्चल विश्वविद्यालयका कर्मचारीहरू नविन भट्टराई र निरोध सुवेदी बसेका थिए, अन्य व्यक्ति आउने जाने गरेको जानकारी छैन, सो कोठा २०६८।८।२६ मा ८-१० जना विद्यार्थी हौं भन्ने व्यक्तिहरू आई ताला लगाएका हुन्, कारणको बारेमा मलाई थाहा भएन, विद्यार्थी र विश्वविद्यालय प्रतिनिधि बिच गौशाला प्रहरीको रोहवरमा ताला खोली प्रहरीले मुचुल्का उठाउने क्रममा अख्तियारका प्रतिनिधि कर्मचारी आई उक्त मुचुल्का छोडी अर्को मुचुल्का बनाएका हुन्। गौशाला प्रहरीको रोहवरमा ताला खोलिएको हो, अ.दु.अ.आ.का कर्मचारी पछि आएका हुन् भन्नेसमेत व्यहोराको विनोद के.सी. भन्ने लव खत्रीले विशेष अदालतमा गरेको बकपत्र।

हामी परीक्षा सञ्चालनको लागि पर्यवेक्षकको रूपमा मिति २०६८।८।२३ गते काठमाडौंमा परीक्षा सञ्चालन उप-समितिका सदस्य नविन भट्टराईसँगै आएका हौ, सो मितिमा गौशालाको होटल भिजनमा बसी २४ र २५ गते परीक्षा सञ्चालन गरी २६ गते जनकपुर र राजविराजको कपी बुझ्न एयरपोर्ट गएको बेला सो होटलको हामी बसेको कोठामा ताला लगाएको भन्ने कुरा नविन सरलाई फोन आएकोले मलाई जानकारी गराउनुभएको हो, २६ गते म काठमाडौंमा बसें र २७ गते Night बस चढी म विराटनगर फर्किएको हुँ, त्यसपछि अरू के भयो मलाई थाहा भएन, कपीहरू होटलबाट बरामद भएको हो, विश्वविद्यालयमा तालाबन्दी भएको कारणले परीक्षा सञ्चालन गर्न काठमाडौंमा होटलमा बस्नु परेको हो, उप-समितिका संयोजक डा. मुक्तिनाथ भट्टराईसँग नविन सरको टेलिफोनमा भएको निर्देशनअनुसार काम भएको हो, उक्त परीक्षामा कुनै अनियमितता दाबी गरेझैं भएको छैन भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारका साक्षी निरोध सुवेदीले विशेष अदालतमा गरेको बकपत्र।

पूर्वाञ्चल विश्वविद्यालय वि.एस्सी. नर्सिङ विषयसमेतको प्रवेश परीक्षा सञ्चालन सम्बन्धमा ८ वटा केन्द्रमध्ये म बुटवल केन्द्रमा पर्यवेक्षकको रूपमा खटिएको थिएँ, बुटवल केन्द्रमा परीक्षा सम्पन्न भएपछि पूर्ववत् निर्देशनअनुसार काठमाडौं केन्द्रमा खटिनुभएका पर्यवेक्षक एवं उप-समितिका सदस्य नविन भट्टराईलाई सिलबन्दी उत्तर पुस्तिकाहरू बुझाउन काठमाडौं आउदाँ उहाँहरू बसेको होटलमा विद्यार्थीले ताला लगाएको कारण नविन भट्टराईलाई उक्त उत्तरपुस्तिका निजको असमर्थताका कारण बुझाउन नसकी विराटनगरस्थित पूर्वाञ्चल विश्वविद्यालयको केन्द्रीय कार्यालयमा बुझाएको हो, निज नविन भट्टराईलगायत प्रवेश परीक्षामा खटिएका सम्पूर्ण कर्मचारीहरूलाई आफ्नो कार्य सम्बन्धमा स्पष्ट निर्देशनसहित उत्तरपुस्तिका कोडिङ गरी पुल्चोकस्थित इन्जिनियरिङ कलेजमा बुझाउने कार्य सम्पन्न गर्ने पर्ने अवस्थामा प्रवेश परीक्षा मूलसमिति र उप-समितिको प्राप्त निर्णय / निर्देशनबमोजिम काम गरिआएको अवस्थामा अनियमितता नभएको भन्ने मलाई लाग्दछ, भन्ने नवीन भट्टराईको साक्षी देवीप्रसाद कट्टेलले विशेष अदालतमा गरेको बकपत्र।

प्रतिवादी डा.रामकुमार सिंह, प्रतिवादी डा.मुक्तिनाथ भट्टराई र प्रतिवादी नवीन भट्टराईले बदनियतसाथ परीक्षाको परिणाम फेरबदल गर्ने कार्यको उद्योगसमेत गरेको भन्ने आरोपपत्रमा लिएको दाबी मिसिल संलग्न सबुदप्रमाणबाट पुष्टि भएको नदेखिएकोले निज प्रतिवादीहरू उपरको आरोपपत्रको दाबी पुग्न नसकी निजहरूले सफाई पाउने ठहर्छ भन्ने मिति २०७०।२।९ मा विशेष अदालतबाट भएको फैसला।

बत्तिसपुतलीस्थित होटल भिजनको कोठा नं. ४०३ समेतका ठाउँमा खानतलासी गर्दा उक्त ठाउँहरूबाट सो परीक्षासँग सम्बन्धित

उत्तरपुस्तिका, विद्यार्थी हाजिर फाराम, खाली उत्तर पुस्तिकालगायतका कागजात र Coding गर्ने मेसिनसमेत बरामद भएको तथ्य बरामदी मुचुल्काबाट देखिन्छ। सो तथ्य प्रतिवादीले आयोग र अदालतसमक्ष बयान गर्दासमेत स्वीकार गरेको अवस्था छ। परीक्षासँग सम्बन्धित उत्तरपुस्तिकालगायतका कागज होटलमा आफुखुसी खोलिनु परीक्षाको मर्यादाविपरीतको कार्य हो। किटानी उजुरी र सोलाई समर्थन गर्ने खानतलासी बरामदी मुचुल्का, प्रतिवादीहरूको बयान एवम् अनुसन्धानको क्रममा बुझिएका मानिसहरूको कागज व्यहोरासमेतबाट उक्त वारदात भएको तथ्य स्थापित हुँदाहुँदै सफाई हुने फैसला गरिएको छ।

उत्तरपुस्तिकाको सिलबन्दी खाम खोल्नु, Coding गर्नु र गर्न लगाउनुसम्मको प्रतिवादीहरूको उक्त कार्य स्वाभाविकरूपमा परीक्षाको परिणाम फेरबदल गर्ने पूर्वावस्था भएको सामान्य तथ्यलाई पनि स्वीकार नगरी निजहरूको सो कार्यबाट प्रश्न पत्रको गोपनीयता भङ्ग हुने र परीक्षाको परिणाम फेरबदल हुन सक्ने पूर्वास्थाको सिर्जना नभएको भन्दै भएको उक्त फैसला त्रुटिपूर्ण छ । परीक्षा समितिका अध्यक्ष रामकुमार सिंहले अनुसन्धानको क्रममा यस आयोगमा बयान गर्दा सो परीक्षा सञ्चालन गर्न डा. मुक्तिनाथ भट्टराईलाई अधिकार प्रत्यायोजन गरिएको हो । सो परीक्षा सञ्चालन गर्न मसँग सल्लाह लिनु भएन भनी लेखाएको व्यहोरालाई अदालतसमक्ष आई सनाखत गरेका छन्। त्यसै गरी उक्त प्रवेश परीक्षा उप-समितिका सदस्य प्रतिवादी नविन भट्टराईले पनि यस आयोगसमक्ष बयान गर्दा डा. भट्टराईको निर्देशनअनुसार सो कार्य भएको हो । उक्त सिलबन्दी खाम खोल्दा म स्वयम् पनि होटल कोठा भित्रै थिएँ भनी लेखाएको साविति बयान व्यहोरा अदालतमा आई सनाखत गरेका छन् । डा. मुक्तिनाथ भट्टराईले पनि अनुसन्धानको क्रममा बयान गर्दा प्रवेश परीक्षा उप-समितिका सदस्य नविन भट्टराईले मैले दिएको निर्देशनअनुसार नै सो कार्य गरेका हुन् भनी सो कसुर भएको तथ्यलाई स्वीकार गरी पोलपोल गरी बयान लेखाएको अवस्थामा ने.का.प. २०४०, नि.नं. १७३७ मा प्रतिपादित नजिरसमेतको पालना नगरी यी प्रतिवादीहरूलाई कसुरबाट सफाई हुने गरी भएको विशेष अदालतको फैसला उल्टी गरी अभियोग माग दाबीबमोजिम गरिपाउँ भन्ने पुनरावेदन पत्र।

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न प्रमाण कागजातहरूको अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित सहन्यायाधिवक्ता श्री राजनप्रसाद भट्टराईले परीक्षासँग सम्बन्धित उत्तरपुस्तिकालगायतका कागज होटलमा आफूखुसी खोलिनु परीक्षाको मर्यादाविपरीतको कार्य हो । किटानी उजुरी र सोलाई समर्थन गर्ने खानतलासी बरामदी मुचुल्का, प्रतिवादीहरूको बयान एवम् अनुसन्धानको क्रममा बुझिएका मानिसहरूको कागज व्यहोरासमेतबाट उक्त वारदात भएको तथ्य स्थापित हुँदाहुँदै सफाई दिइएको छ । सिलबन्दी खाम खोल्नु, Coding गर्नु र गर्न लगाउनुसम्मको प्रतिवादीहरूको उक्त कार्य स्वाभाविकरूपमा परीक्षाको परिणाम फेरबदल गर्ने पूर्वावस्था भएको सामान्य तथ्यलाई पनि स्वीकार गरिएको छैन । पुनः जाँच लिँदा भएको खर्च पनि भ्रष्टाचार नै हो भनी बहस गर्नुभयो।

२. प्रवेश परीक्षा सम्पन्न भइसकेपछि उक्त परीक्षासँग सम्बन्धित शिलबन्दी उत्तरपुस्तिकाहरू रहेको खामको प्याकेट पूर्वाञ्चल विश्वविद्यालयको काठमाडौंस्थित सम्पर्क कार्यालयमा ल्याउनु पर्नेमा परीक्षाको परिणाममा फेरबदल गर्ने बदनियतले आपसी सहमति गरी नवीन भट्टराईले होटलमा लगी उत्तरपुस्तिकाहरू रहेको शिलबन्दी खामको शिल तोडेको स्पष्ट देखिएकोले प्रतिवादीहरू प्रा. डा. रामकुमार सिंह, डा.मुक्तिनाथ भट्टराई र नवीन भट्टराईले दूषित मनसायद्वारा अभिप्रेरित भई भ्रष्टाचार

निवारण ऐन, २०५९ को दफा १३ र दफा १७ को कसुरजन्य अपराधको ऐ. ऐनको दफा २१ बमोजिम उद्योग गरेको पुष्टि हुन आएकोले निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३, दफा १७ तथा दफा २१ बमोजिमको कसुरमा सोही ऐनको दफा १३, १७ तथा २१ र दफा ३ (१) (घ) बमोजिम सजाय गरी उल्लिखित विगो रकम रू.३,२८,९५०।– (तीन लाख अठाईस हजार नौं सय पचास) जनही निज प्रतिवादीहरूलाई जरिवानासमेत गरिपाउँ भन्नेसमेत व्यहोराको आरोपपत्र भएको प्रस्तुत मुद्दामा विशेष अदालतले प्रतिवादीहरू उपरको आरोपपत्रको दाबी पुग्न नसकी प्रतिवादीहरूले सफाई पाउने ठहर्‍याई फैसला भएउपर अख्तियार दुरूपयोग अनुसन्धान आयोगको यस अदालतमा पुनरावेदन परेको पाइयो।

३. पुनरावेदकको मुख्य पुनरावेदन जिकिरमा होटल भिजनको कोठा नं. ४०३ मा खानतलासी गर्दा उक्त ठाउँहरूबाट सो परीक्षासँग सम्बन्धित उत्तरपुस्तिका, विद्यार्थी हाजिर फाराम, खाली उत्तर पुस्तिकालगायतका कागजात र Coding गर्ने मेसिनसमेत बरामद भएको तथ्य बरामदी मुचुल्काबाट देखिन्छ। सो तथ्य प्रतिवादीले आयोग र अदालतसमक्ष बयान गर्दासमेत स्वीकार गरेको परीक्षासँग सम्बन्धित उत्तरपुस्तिकालगायतका कागज होटलमा आफुखुसी खोलिनु परीक्षाको मर्यादाविपरीतको कार्य हो । उत्तरपुस्तिकाको सिलबन्दी खाम खोल्नु, Coding गर्नु र गर्न लगाउनुसम्मको प्रतिवादीहरूको उक्त कार्य स्वाभाविकरूपमा परीक्षाको परिणाम फेरबदल गर्ने पूर्वावस्था भएको परीक्षा समितिका अध्यक्ष रामकुमार सिंहले अनुसन्धानको क्रममा यस आयोगमा बयान गर्दा सो परीक्षा सञ्चालन गर्न डा. मुक्तिनाथ भट्टराईलाई अधिकार प्रत्यायोजन गरिएको हो । सो परीक्षा सञ्चालन गर्न मसँग सल्लाह लिनु भएन भनी लेखाएको व्यहोरालाई अदालतसमक्ष आई सनाखत गरेका छन्। त्यसै गरी उक्त प्रवेश परीक्षा उप-समितिका सदस्य प्रतिवादी नविन भट्टराईले पनि यस आयोगसमक्ष बयान गर्दा डा. भट्टराईको निर्देशनअनुसार सो कार्य भएको हो उक्त सिलबन्दी खाम खोल्दा म स्वयं पनि होटल कोठाभित्रै थिएँ भनी लेखाएको साबिती बयान व्यहोरा अदालतमा आई सनाखत गरेका छन। डा. मुक्तिनाथ भट्टराईले पनि अनुसन्धानको क्रममा बयान गर्दा प्रवेश परीक्षा उप-समितिका सदस्य नविन भट्टराईले मैले दिएको निर्देशनअनुसार नै सो कार्य गरेका हुन् भनी भनेको अवस्थासमेत हुँदाहुँदै प्रतिवादीहरूलाई कसुरबाट सफाई हुने गरी भएको फैसला उल्टी गरी अभियोग माग दाबीबमोजिम गरि पाउन जिकिर लिएको देखिन्छ।

४. पूर्वाञ्चल विश्वविद्यालय, चिकित्साशास्त्र संकायअन्तर्गत मिति २०६८।४।३१ गते उपकुलपति महेश्वरमान श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले चिकित्साशास्त्र संकायअन्तर्गत सञ्चालित B.P.H., B.Pharmacy, PBN, B.Sc Nursing शैक्षिक कार्यक्रमहरूको शैक्षिक सत्र ०६८।०६९ को नयाँ भर्ना तथा विश्वविद्यालयले सम्बन्धन प्राप्त क्याम्पसहरू मार्फत उपलब्ध गराउने सम्बन्धमा विभिन्न छलफल तथा निर्णयहरू गरेको देखिन्छ। सो निर्णयको नि.नं. ४ मा प्रवेश परीक्षा व्यवस्थित गर्न उपकुलपतिको प्रत्यक्ष निगरानीमा रहने गरी चिकित्साशास्त्र संकायका डिनको संयोजकत्वमा परीक्षा नियन्त्रक र सह-डीन वा सह-डिन नभएको अवस्थामा चिकित्साशास्त्र संकायका डिनबाट मनोनित वरिष्ठ शिक्षक रहने गरी ३ सदस्यीय चिकित्साशास्त्र संकाय प्रवेश परीक्षा समिति गठन गर्ने निर्णय भएको र नि.नं.५ मा सो मूल समितिअन्तर्गत रहने गरी विभिन्न क्याम्पसको प्रिन्सिपल, शिक्षक तथा कर्मचारी गरी ७ सदस्य चिकित्साशास्त्र संकाय प्रवेश परीक्षा उप-समिति गठन गर्ने र सो समितिलाई प्रवेश परीक्षाको लागि प्रश्न पत्र निर्माण गर्ने, गराउने, प्रश्नपत्रको संपरीक्षण गर्ने गराउने, प्रवेश परीक्षा सञ्चालन गराउने, उत्तर पुस्तिका परीक्षण एवं संपरीक्षण गर्ने

गराउने, परीक्षाफल प्रकाशित गर्न आवश्यक कागजात तयार गरी मूल समितिलाई उपलब्ध गराउनेसमेतको अधिकार प्रदान गर्ने निर्णय भएको देखियो । सोही निर्णयअनुसार डा. भूपेन्द्रचरण श्रेष्ठको संयोजकत्वमा ७ सदस्य प्रवेश परीक्षा उपसमिति गठन गरेको र सो परीक्षा उपसमितिले मिति २०६८।५।२४ र २५ मा प्रवेश परीक्षा सञ्चालन गरेको र परीक्षाफलसमेत प्रकाशित गर्ने निर्णय मिति २०६८।६।६ को प्रवेश परीक्षा समितिको बैठकले गरेको देखियो ।

५. पहिलो प्रवेश परीक्षामा एकदमै न्यून विद्यार्थी भर्ना भएकोले दोस्रो प्रवेश परीक्षा सञ्चालनको लागि प्रवेश परीक्षा समितिका संयोजक प्राध्यापक प्रा. डा. रामकुमार सिंहको संयोजकत्वमा बसेको मिति २०६८।८।१६ को बैठकले दोस्रो पटकको प्रवेश परीक्षा समितिका सदस्य डा. मुक्तिनाथ भट्टराईको संयोजकत्वमा डा. भूपेन्द्रचरण श्रेष्ठ, मोहनप्रसाद पोखरेल, नवीन भट्टराई, डा. रञ्जना शर्मा ढुंगेल, श्रीमती कविता अधिकारीलाई सदस्य र गिरीराज कोइराला सदस्य सचिव रहने गरी ७ सदस्यीय प्रवेश परीक्षा उप-समिति गठन गर्ने गरी निर्णय भएको पूर्वाञ्चल विश्वविद्यालयको निर्णय पुस्तिका (माईनुट बुक) बाट देखिन्छ। सो निर्णयले सो समितिलाई पश्नपत्र तयार गर्ने, परीक्षा सञ्चालन गराउने र नतिजा प्रकाशन गर्नेसम्मको जिम्मेवारी तोकिदिएको देखिन्छ । सोही अनुरूप चिकित्साशास्त्र संकायअन्तर्गतका शैक्षिक कार्यक्रमहरू B.Sc Nursing, PBN, B.Pharmacy / BPH का दोस्रो पटकको प्रवेश परीक्षा मिति २०६८।८।२४ र २५ गते काठमाडौं, पोखरा, राजविराज, विराटनगर, जनकपुर, नेपालगञ्ज, भरतपुर र बुटवलमा गरी जम्मा ८ वटा केन्द्रहरूमा सञ्चालन भएको देखिन्छ ।

६. डा. मुक्तिनाथ भट्टराई प्रवेश परीक्षा उप-समितिका संयोजक र नविन भट्टराई सदस्य रहेको देखियो । होटलमा बसी कोडिङको लागि उत्तरपुस्तिकाको शिल खोलेको भनी प्रतिवादी नवीन भट्टराईले स्वीकार गरेको र डा.मुक्तिनाथ भट्टराईले पनि उक्त परीक्षाका उत्तरपुस्तिका काठमाडौं पठाउने र सो सङ्कलन गर्ने Focal Person को रूपमा काठमाडौं खटिएका नवीन भट्टराईलाई अह्राइएको थियो, परीक्षा समितिका अध्यक्ष डीनज्यूसँग परामर्श गरी उहाँकै आदेशमा नवीन भट्टराईलाई विधिवत्ढङ्गले उत्तरपुस्तिका कोडिङ गर्ने काम गर्दै गर्न फोनमार्फत भनेको हुँ भनी अधिकारप्राप्त अधिकारी तथा अदालतमा गरेको बयानमासमेत उल्लेख गरेबाट संयोजकको निर्देशनअनुसार नै कोडिङको लागि उत्तरपुस्तिका खोलिएको देखिन आयो। उत्तरपुस्तिका कोडिङ गर्ने कार्य यस्तो तथा यसरी मात्रै गर्न सक्ने भन्ने निश्चित कार्यविधि भएको देखिएको छैन। कोडिङ हुनैपर्ने बाध्यात्मक कार्यविधिको स्पष्टताको पुष्टि वादीद्वारा गरेको पनि देखिँदैन। विश्वविद्यालयको प्रवेश परीक्षा जस्तो गहन विषयको परीक्षामा उत्तरपुस्तिका परीक्षण गर्न कोडिङ विना सम्भव पनि देखिँदैन । प्रतिवादी नविन भट्टराई प्रवेश परीक्षा उप-समितिका सदस्य रहेको र कोडिङको काम गर्न प्रवेश परीक्षा उप-समितिका संयोजकले नविन भट्टराईसमेतलाई जिम्मेवारी दिएको देखिन्छ । परीक्षा सञ्चालन गर्ने क्रममा नविन भट्टराईलाई Focal Person को रूपमा काठमाडौं खटाएको देखियो । निज काठमाडौं मिति २०६८।८।२३ मा आएको र सो समयमा पूर्वाञ्चल विश्वविद्यालयमा तालाबन्दी रहेको कारण होटलमा बस्नु परेको भनी निजले विशेष अदालतसमक्ष बयान गरेको देखिन्छ । Focal Person को रूपमा रहेका नविन भट्टराईले विभिन्न परीक्षा केन्द्रबाट उत्तरपुस्तिकाहरू प्राप्त गर्न, सुरक्षित ठाउँमा कोडिङको काम गर्न डिन तथा सो परीक्षा उप-समितिका संयोजकले दिएको निर्देशनअनुसार काम गरेको भनी भनिरहेको र सो कुरालाई परीक्षा उप-समितिका संयोजकले समर्थन गरेको अवस्था देखिइरहेको छ ।

७. का.जि., का.म.न.पा. वडा नं.९ स्थित

होटल भिजन नेपाल प्रा.लि.को कोठा नं.४०३ प्रतिवादी नविन भट्टराईले बुक गरेको र त्यही आफू बसी परीक्षासँग सम्बन्धित आफ्नो जिम्माको उत्तरपुस्तिकाहरू राखेको कुरामा विवाद देखिएन । आफ्नो जिम्माको परीक्षासँग सम्बन्धित उत्तरपुस्तिका तथा सोसँग सम्बन्धित कागजातहरू प्रतिवादीले बुक गरेको होटलमा राख्न नसक्ने भन्ने कहीँ कतैबाट स्थापित पनि छैन । परीक्षासँग सम्बन्धित पदाधिकारीले अवस्थाअनुसार परीक्षाको गोपनीयता तथा संवेदनशीलतालाई ध्यानमा राख्दै सोको लागि उचित निर्णय गर्न सक्ने नै मान्नु पर्छ । "प्रतिवादी नविन भट्टराईले होटलमा लगी उत्तरपुस्तिकाको शिल तोडेको भएपनि त्यसले गोपनीयता भंग हुने होइन, उक्त शिल सुरक्षाको लागि लगाइएको हो र प्रतिवादी नविन भट्टराईले उक्त प्रवेश परीक्षाको परिणाम फेरबदल गर्न सक्ने होइन, किनकी उक्त उत्तरपुस्तिका कम्प्युटरले जाँच गर्ने हो, परीक्षाको गुरूत्वको हिसाबले पनि परिणाम फेरबदल गर्नु पर्ने होइन" भनी डिनले आफ्नो बयानमा उल्लेख गरेको देखिन्छ । उत्तरपुस्तिकाको व्यवस्थापन परीक्षा उपसमितिका जिम्मेवार पदाधिकारीद्वारा होटलमा गरिएको कोडिङको कार्यलाई गैरकानूनी मान्न मिल्ने देखिँदैन ।

८. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ मा प्रश्नपत्रको गोपनीयता भंग गर्ने वा परीक्षाको परिणाम फेरबदल गर्नेलाई सजायअन्तर्गत ***"सरकारी निकाय वा सार्वजनिक संस्थाबाट सञ्चालन गरिने परीक्षाको प्रश्नपत्र निर्धारित समयभन्दा अगावै अधिकारप्राप्त अधिकारीले विशेष परिस्थिति परेको कारण जनाई खोलेमा वा खोल्न लगाएमा बाहेक कुनै राष्ट्रसेवकले आफू वा अरू कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुर्‍याउने बदनियतले कुनै पनि प्रकारले त्यस्तो प्रश्नपत्रको गोपनीयता भंग गरेमा वा गर्न लगाएमा वा परीक्षाको परिणाममा फेरबदल गरेमा वा गर्न लगाएमा त्यस्तो राष्ट्रसेवकलाई तीन महिनादेखि एक वर्षसम्म कैद र पाँच हजार रूपैयाँदेखि दश हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।"*** भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । कम्प्यूटर प्रणालीद्वारा परीक्षण गरिने उत्तरपुस्तिकाहरू कोडिङ गर्ने उद्देश्यले उत्तरपुस्तिकाको सिलबन्दी खाम खोल्नेसम्मको मात्र कार्य प्रतिवादीद्वारा गरेको पुष्टि भएको अवस्थामा प्रतिवादीहरूबाट भ्रष्टाचारको कार्य गरेको भनी मान्न मिल्ने देखिँदैन । भ्रष्टाचार नैतिक पतन देखिने गम्भीर प्रकृतिको कसुर हो । फौजदारी कसुर प्रमाणद्वारा सुस्पष्टरूपमा स्थापित भएको अवस्थामा मात्र प्रतिवादीलाई दोषी मान्न सकिन्छ । प्रचलित कानूनको बाध्यात्मक व्यवस्थाको उल्लङ्घन तथा कानूनले गर्न भनेको कुराको पालना नगरेमा मात्र फौजदारी दायित्वको सिर्जना हुन्छ । फौजदारी दायित्वको पुष्टि नभईकन दोषी ठहर गर्न विधिशास्त्रले दिँदैन । प्रतिवादीको मनसाय तथा कार्य अनियमितता गर्ने तथा भ्रष्टाचार गर्ने प्रति उन्मुख नदेखिई उत्तरपुस्तिकाको coding सँग सम्बन्धित रहेको देखिँदा प्रतिवादीहरूको कार्य फौजदारी दायित्वबाट मुक्त देखियो । गैरकानूनी लाभ वा हानि पुर्याउने कार्य के कसरी भयो भन्ने कुराको पुष्टि हुन सकेको अवस्थासमेत नहुँदा प्रस्तुत मुद्दामा प्रतिवादीहरूको संलग्नता पुष्टि हुन आएको देखिँदैन । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्नेलाई सजायः भन्ने शिर्षकमा ***"कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सोसम्बन्धी कर्तव्य पालन गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरबाही वा बदनियत गरी हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसुरको मात्रा अनुसार दफा ३ बमोजिमको सजाय हुनेछ र त्यसरी हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असुलउपर गरिनेछ ।"*** भन्ने उल्लेख भएको

देखिन्छ । प्रतिवादी नवीनकुमार भट्टराईलाई जिम्मा दिएको उत्तरपुस्तिकाहरू कम्प्युटरबाट परीक्षण गर्ने उद्देश्यको लागि प्रतिवादीले बुकिङ गरेको होटलको कोठामा कोडिङ गर्ने प्रयोजनका लागि उत्तरपुस्तिकाको खाम बन्दी खोल्नेसम्मको कार्यबाट प्रश्न पत्रको गोपनीयता भंग, परीक्षाको परिणाममा फेरबदल हुन सक्ने पूर्वावस्थाको सिर्जना र सोबाट उक्त दफा १७ बमोजिम पूर्वाञ्चल विश्वविद्यालयको सम्पत्तिको हानि नोक्सानी हुन सक्ने स्थितिको सिर्जना हुने सक्ने देखिँदैन । यसरी हेर्दा प्रतिवादीहरूको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ विपरीतको कार्य मान्न मिल्ने देखिएन । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सम्बन्धित उत्तरपुस्तिकाहरूसमेत आफ्नो कब्जामा लिएबाट पूर्वाञ्चल विश्वविद्यालयको कार्यकारी परिषद्को मिति २०६८।९।२९ को बैठकबाट उक्त B.Sc. Nursing को दोस्रो पटक लिएको प्रवेश परीक्षा रद्द गर्नुपर्ने परिस्थितिको सिर्जनासमेत भएको देखियो । यसरी प्रतिवादीहरूको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३, १७, र २१ प्रतिकूल देखिन नआएको हुँदा प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदकको जिकिरसँग सहमत हुन सकिएन ।

९. उपर्युक्त विवेचित आधार कारणबाट विशेष अदालतबाट मिति २०७०।२।९ मा प्रतिवादीहरू उपरको आरोपपत्रको दाबी पुग्न नसकी निजहरूले सफाई पाउने ठहराई गरेको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या.ओमप्रकाश मिश्र
इजलास अधिकृतः रामप्रसाद पौडेल
इति संवत् २०७२ साल असोज १७ गते रोज १ शुभम् ।

निर्णय नं. ९५८५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
आदेश मिति : २०७२।४।२८।५
०७०-WO-०६६६

विषय : उत्प्रेषण / परमादेश

निवेदक : बर्दिया जिल्ला बेलवा गाउँ विकास समिति वडा नं.७ बस्ने एकबहादुरको नाति तिलकबहादुरको छोरा वर्ष ३२ को सन्जयकुमार के.सी. समेत
विरूद्ध
विपक्षी : पुनरावेदन अदालत, सुर्खेतसमेत

- **हाम्रो कानून प्रणालीले मुख्य भई अरूको मन्जुरीबाट गरेकोमा बाहेक आफूले स्वतन्त्ररूपमा गरेको व्यवहारबाट सृजित दायित्व स्वयम् व्यवहारकर्ताले नै निर्वाह गर्नुपर्ने भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । प्रतिवादी लक्ष्मणबाट भराउनु पर्ने बिगो तथा हर्जाना निजकै स्रोतबाट मात्र भराउनु पर्ने हुन्छ । फैसला कार्यान्वयन गराउने सन्दर्भमा दण्ड सजायको महलको २६ नं. समेतले स्पष्टरूपमा उल्लेख गरेकै छ । फैसला कार्यान्वयनको क्रममा प्रतिवादीको पिताको नाममा दर्ता रहेका कि.नं. ११३० र कि.नं. १२०२ जग्गाबाट जाहेरवालाहरूले बिगो र हर्जाना भराई लिँदा अरू अंशियारको हकमा असर पारी उनीहरूको सम्पत्ति प्राप्त गर्न नैसर्गिक हकमा आघात पार्न जाने देखिन्छ । जिल्ला**

अदालतको अरू अंशियाराहरूलाई असर पार्ने गरी भरिभराउ गर्ने कार्य गरेउपर अंश हकमा प्रभाव पर्न जाने पक्षले त्यसको उपचार खोजी बदर गराउन पाउने नै हुने ।

- **वैकल्पिक उपचारको विद्यमानता रहेको अवस्थामा उत्प्रेषणको आदेश जारी गर्न मिल्दैन । फैसला कार्यान्वयनको अवस्थामा जिल्ला अदालतले गरेको आदेशलाई बदर गरी कानूनअनुरूप गरेको पुनरावेदन अदालतको आदेशलाई असाधारण क्षेत्राधिकारअन्तर्गत बदर गर्नुपर्ने प्रस्तुत मुद्दामा कुनै आधार देखिँदैन । विना आधार उत्प्रेषणको आदेश जारी गर्दा न्याय निस्पादन गर्ने निकायहरूमा अनिश्चितता हुनुका साथै फैसलाको अन्त हुने अवस्थासमेत देखिँदैन । जसबाट निवेदक स्वयंसमेतलाई असर पर्न जाने ।**

(प्रकरण नं.५)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता हरिकृष्ण कार्की

विपक्षीका तर्फबाट : विद्वान् अधिवक्ता देवेन्द्रबहादुर थापा

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- मुलुकी ऐन, लेनदेन व्यवहारको ८ नं., ९ नं.
- मुलुकी ऐन, दण्ड सजायको २६ नं.
- नेपालको अन्तरिम संविधान, २०६३ को १०७(२)

आदेश

न्या.गोपाल पराजुली : नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (२) बमोजिम यस अदालतमा दर्ता हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य तथा ठहर यसप्रकार छ :

विपक्षी लक्ष्मणकुमार वि.सी.ले हामी दरखास्तवाला वादीलाई वैदेशिक रोजगारको लागि पोल्यान्ड पठाउने भनी हामीबाट जम्मा रू.१६,००,०००। (अक्षरूपी रू.सोह्रलाख मात्र) लिएको वैदेशिक रोजगारमा समेत नपठाई विभिन्न बहाना बनाई ठगी गरेको हुँदा जम्मा रू.१६,००,०००।– (सोह्र लाख) रकम र त्यसको ५० प्रतिशत ब्याजसमेत गरी रू.२४,००,०००।- (अक्षरेपी रू. चौबिस लाख मात्र) दिलाई भराई पाउन वैदेशिक रोजगार विभागमा दरखास्त दिएकोमा प्रक्रियाअनुसार विपक्षीको उक्त कार्य विभागले ठगी ठहर गरी वैदेशिक रोजगार विभाग ऐन, २०६४ को दफा ४३ नं.बमोजिम दुई वर्ष कैद र दुई लाख जरिवाना र हाम्रो दरखास्त निवेदन माग दाबीबमोजिम विपक्षीबाट भराई पाउने गरी मिति २०६९ जेठ ९ मा फैसला भएको थियो ।

उक्त फैसलालाई विपक्षीले पुनरावेदन नगरी फैसलाउपर चित्तबुझाई बसेको हुँदा फैसला कार्यान्वयनको लागि प्रक्रियामा गएको र उक्त मुद्दाउपर रोक्का राखेको सम्पत्तिबाट असुलउपर गर्नको लागि अन्य सम्पूर्ण प्रक्रिया समाप्त गरी दोस्रो पटकको लिलामी सूचनासमेत भई कसैबाट लिलाम खरिदको प्रस्ताव नआएको हुँदा पञ्चकृते मोलअनुसार निवेदक वादीबाटै सकार गर्ने भई प्रतिवादीको एकासगोलको बाबु देवकुमार निजका नाउँमा दर्ता स्रेस्ता कायम गरेको सुर्खेत लाटीकोइली गाउँ विकास समिति वडा नं.२, कि.नं. ११३० को ०-५-० ऐ.ऐ. को कि.नं. १२०२ को ०-१-० जग्गा सकार गर्न राजी भएका वादीका नाममा दा.खा. नामसारी गरिदिनु भनी मिति २०७० कार्तिक १४ गतेको लक्ष्मणकुमार वि.सी. को बाबु देवकुमार वि.सी. को २०७० फागुन ८ गतेको निवेदनउपरको जिल्ला अदालत सुर्खेतको आदेश भएकोमा देवकुमारको पुनरावेदन अदालतमा १७

नं. को निवेदन परेकोमा देवकुमार वि.सी.को नाममा दर्ता रहेको सुर्खेत जिल्ला लाटीकोइली २ (क) को कि.नं. ७९७, ११३०, १०२ र कटकुवा १(क) हाल वि.न.पा.१० को कि.नं. ३३४४ को जग्गा र सो जग्गामा बनेको घरसमेतलाई ४ भाग लगाई त्यसबाट हुन आउने एक भागको हकदार लक्ष्मण वि.सी.को भागबाट भरिभराउ गर्ने कार्य सम्पन्न गर्नु होला भन्ने आंशिक उल्टीसहितको मिति २०७० फाल्गुन ८ गते गरेको आदेशले हाम्रो हक अधिकार हनन् गरेको छ।

यसरी विपक्षीको परिवारसमेतको मिलेमतोमा हामीलाई हाम्रो बिगो बराबरको रकम नदिने नियतका साथ बै.रो.न्या.ले गरेको फैसला मुद्दा कार्यान्वयनमा असर पर्ने गरी बनावटीरूपमा सुर्खेत जिल्ला अदालतमा अंश मुद्दा दायर गरी हामीले असुलउपर गरी लिन पाउने रकमभन्दा कमको र कमसल जग्गा निज विपक्षी र निजको श्रीमतीको अंश भागमा पारी मिति २०७० आषाढ २८ गते र २०७० भाद्र ११ गते मुद्दा कार्यान्वयनमा असहज हुने गरी र आफ्नो मनखुसिमा मिलापत्र गरेका छन् जुन अंशबन्डा र मिलापत्रलाई सुरू जिल्ला अदालत र पुनरावेदन अदालत, सुर्खेतले समेत अमान्य गरेको छ । यस कार्यबाट विपक्षीको कार्य देवकुमार वि.सी.ले गरेको ठगी कार्यलाई संरक्षण गर्दै अदालत र अधिकारप्राप्त निकायका वै.रो.न्या.को निर्णयलाई समेत छली हामीलाई बिगोबाट वञ्चित गराउने बद्नियत राखेको स्पष्ट छ।

ठगी गरेको विषय स्पष्ट भई वैदेशिक रोजगार ऐन, २०६४ को ४३ नं. अनुसार कारवाही हुने अवस्था छ भने पुनरावेदन अदालतको आदेशले फैसला कार्यान्वयनमा समस्या सृजना गरेको र उक्त आदेश मुलुकी ऐन, लेनदेन व्यवहारको ८ र ९ नं. को व्यवस्थाविपरीतसमेत भएको, उक्त बिगोको भरिभराउ सगोलको सम्पत्तिबाट असुलउपर नभए हामीले सम्पत्ति असुलउपर हुनबाट वञ्चित भई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९ मार्फत प्रदान गरेको सम्पत्ति माथिको मौलिक हक हनन् भएको हुँदा आफ्नो मौलिक हकको पुनर्वहालीको लागि नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२, १०७ (२) बमोजिम उत्प्रेषण, परमादेश, प्रतिषेधलगायत जो चाहिने उपयुक्त आज्ञा आदेश वा पुर्जी जारी गरी पुनरावेदन अदालत, सुर्खेतको तत्कालीन वादीले सकार गरेको कि.नं. ११३० र किनं. ११०२ को जग्गा वादीका नाममा दा.खा. नामसारी गरिदिनु भनी त्यस अदालतका तत्कालीन तहसिलदारबाट भएको मिति २०७०/७/११ गतेको आदेशलाई सदर गर्ने गरी भएको आदेश कायम रहन नसक्ने र देवकुमार वि.सी. को नाममा दर्ता रहेको सुर्खेत जिल्ला लाटीकोइली २(क) को कि.नं. ७९७, ११३०, १२०२ र कटकुवा १ (क) हाल वि.न.न.पा. १० को कि.नं. ३३४४ को जग्गा र सो जग्गामा बनेको घरसमेतलाई ४ भाग गरी त्यसबाट हुन आउने एक भागका हकदार लक्ष्मण वि.सी.का अंश भागबाट भरिभराउ गर्ने कार्य सम्पन्न गर्नु भन्ने हदसम्मको आदेश बदर गरी जिल्ला अदालत, सुर्खेतलाई फैसला कार्यान्वयन प्रक्रिया अघि बढाउने गरी आदेश दिई न्याय निरूपण गरिपाउँ भन्ने सन्जय कुमार के.सी.समेतको निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? जारी हुनु नपर्ने कुनै कारण भए यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं.१ र २ का हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र अन्य विपक्षीको हकमा आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनको एक प्रति नक्कल साथै राखी विपक्षीहरूको नाउँमा सूचना पठाई लिखित जवाफ पेस भए वा सोको अवधि व्यतित भएपछि नियमानूसार गरी पेस गर्नु भन्ने मिति २०७०/१२/१२ को यस अदालतको आदेश।

प्रस्तुत विषयको मूल उठान विपक्षी

निवेदकहरूले वैदेशिक रोजगारको लागि म लक्ष्मणकुमार वि.सी. लाई रकम दिएकोमा वैदेशिक रोजगार न्यायाधिकरणमा मुद्दा चली अन्तिम भएको कुरालाई कार्यान्वयनको सिलसिलामा लेख्नु भएको रहेछ। वास्तवमा का.जि.जोरपाटी गाउँ विकास समिति नं. थाहा नभएका कुमार लामा भन्ने धनराज प्रधानलाई दिनु भनेकाले दिएको हुँ मैले रकम लिएको छैन। यी जाहेरवाला र निज व्यक्तिसमेत भई मलाई जबरजस्ती कागज गराएका र यथोचित समयमा व्यवहार मिलाउने हुँदा कहिँकतै उजुर नगर्ने दबाब दिएका कारण अन्तत्वगत्वा निजहरू सबै मिली मेराउपर फौजदारी दायित्व थुपारेका हुन् भन्नेसमेत विस्तृत विवरण खोली मैले वैदेशिक रोजगार विभागसमेतमा बयान गरेकोमा विवाद नभई कागज गरी दिएकै कारण मैले अनाहक दोष बेहोर्नु परेको छ।

यसमा मैले कुनै आर्थिक लाभ लिएको छैन तथापि मसँग बिगो भराउने कार्य भन्दापूर्व नै म पनि बेरोजगार हुँदा वैदेशिक रोजगारको लागि विदेश गई सकेको अवस्था हो। यसमा म लक्ष्मणकुमार वि.सी स्वयंले कुनै आर्थिक लाभ प्राप्त गरेको अवस्था नहुँदा निवेदकले भनेबमोजिमको रकम मेरा अग्रज बाबु आमासमेतसँग सगोलमा राख्ने खर्च हुने र सोबाट बढे बढाउने कुनै कुरै भएन। म घरको मुख्य व्यक्ति पनि होइन र लेनदेन व्यवहारको ८ नं. ले मैले गरेको व्यवहारको दायित्व अरू कसैले बेहोर्नु पर्ने पनि होइन।

घरका मुख्य व्यक्ति बुबा देवकुमार वि.सी. हुनुहुन्छ। उहाँको सल्लाह सहमति पनि भएर हुँदैन त्यसमा उहाँको विधिवत् मन्जुरीको आधारमा भएको लिखतमा मात्र सगोलिय दायित्व बहन गर्नुपर्ने हुन्छ। तर मेरो व्यवहार सगोलिय होइन। बाबु, आमा, म र मेरा भाइ मूल चार अंशियार भएको अवस्थामा मेरा कारणले अन्य अंशियारको व्यवहार र जन्मसिद्ध नैसर्गिक अधिकार कुण्ठित हुने होइन। त्यसैले सुर्खेत जिल्ला अदालतमा बिगोतर्फको मुद्दा चल्दैका अवस्था आमा र भाइले दिएको मुद्दामा र मेरा श्रीमती छोरीले दिएको मुद्दामा बाबु देवकुमारको आफ्नो दायित्व निर्वाह गरी अंश दिई मिलापत्र गरेको कुरामा कार्यान्वयन गर्न खुद सुर्खेत जिल्ला अदालतले नै मालपोत कार्यालय, सुर्खेतलाई लेखिसकेपछि आफ्ना मिलापत्र र सो कार्यान्वयन गर्न लेखेको पत्रको विपरीत, वैदेशिक रोजगार न्यायाधिकरणले ५ भागको १ भाग मात्र रोक्का राखेको आदेशविपरीत हुने गरी समुचाको समुचा कित्ता नै लिलाम सकार गराएको कार्य स्वतः अनधिकृत एवं गैरकानूनी भएकोमा कुनै विवाद छैन। त्यस्तोमा बुबा देवकुमारको उजुरीको आधारमा पुनरावेदन अदालत, सुर्खेतबाट भएको आदेश कानूनसम्मत नै छ।

बुबा देवकुमारको दण्ड सजायको ६१ नं. र अ.बं. १७ नं बमोजिम परेको निवेदनबाट रिट निवेदकको हकमा तात्त्विक असर परेको भए बुबा देवकुमार वि.सी. लाई र अंश मुद्दामा नरम करम मिलाई मिलापत्र गर्ने अन्य व्यक्तिलाई समेत विपक्षी बनाई प्रस्तुत रिट निवेदन दायर गरिनुपर्ने हो। जसको निवेदन उजुरीबाट रिट निवेदकलाई तात्त्विक असर परेको हो निजहरूलाई नै विपक्षी नबनाई प्रचलित कानून प्रमाण व्यवहार र न्यायको रोहबाट भएको समुचित न्याय निरूपणलाई Challenge गरेको रिट निवेदन खारेजभागी हुँदा खारेज गरिपाउँ भन्ने लक्ष्मणकुमार वि.सी.को लिखित जवाफ।

वैदेशिक रोजगार ठगी मुद्दामा वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको मिति २०६९/२/९ को फैसलाबमोजिम प्रतिवादी लक्ष्मणकुमार वि.सी. लाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम २ वर्ष कैद, रू.२,००,०००।- जरिवाना हुने र जाहेरवालाहरू संजयकुमार के.सी., कर्णबहादुर खत्री, नारायण वि.सी. र रत्नबहादुर आलेले प्रतिवादीबाट जनही बिगो रू.४,००,०००।- र हर्जाना रकम रू.२,००,०००।- गरी जम्मा जनही रू.६,००,०००।- ले हुने कूल रकम रू.२४,००,०००।- भरी भराउने

ठहर भएको र प्रतिवादीले पुनरावेदन नगरी उक्त फैसला अन्तिम भइरहेको अवस्था छ ।

उक्त फैसलाबमोजिम बिगो भराई पाउँ भनी प्रतिवादीका एकासगोलका बाबु देवकुमार वि.सी.का नाउँमा दर्ता स्रेस्ता कायम भएको सुर्खेत लाटीकोइली गाउँ विकास समिति वडा नं. २(क), कि.नं. ७९७, क्षेत्रफल ०-२-१०, ऐ.ऐ. कि.नं. ११३० को ०-५-०, ऐ.ऐ. कि.नं. १२०२ को ०-१-० र ऐ. कटकुवा गाउँ विकास समिति वडा नं.१(क) (हाल वि.न.पा.१०), कि.नं. ३३४४ को ०-०-१३ १/२ समेतका जग्गाहरू जेथा देखाई सुर्खेत जिल्ला अदालतमा मिति २०७०/१/३ मा दरखास्त दिएको देखिन्छ । उल्लिखित कित्ता जग्गाहरूमध्ये कि.नं. ७९७, कि.नं. ११३० र कि.नं. १२०२ को जग्गा मुद्दा पुर्पक्षका क्रममा वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको च.नं. ११८८ मिति २०६८/८/१८ को पत्रले रोक्का रहेको देखिन्छ भने कि.नं.३३४४ को जग्गा बागेश्वरी विकास बैंक, शाखा सुर्खेतको पत्रले यसअघि नै रोक्का रहेको भन्ने मालपोत कार्यालय, सुर्खेतको च.नं. ५४८३ मिति २०७०/१/९ को पत्रद्वारा जानकारी प्राप्त भएको देखिन्छ ।

उल्लिखित बिगो भराई पाउँ भन्ने दरखास्त परिसकेपछि फैसला कार्यान्वयनको क्रम चलिरहेको अवस्थामा देवकुमार वि.सी. को अंशियार छोरा रामबाबु वि.सी. र देवकुमार वि.सी.को श्रीमती खगीसरा बुढाले देवकुमार वि.सी. उपर मिति २०७० साल आषाढ १३ गते सुर्खेत जिल्ला अदालतमा अंश मुद्दा दायर गरी एक आपसमा अंश लिनु दिनु गरी मिति २०७०/३/२८ मा सुर्खेत जिल्ला अदालतमा मिलापत्र गरेको र फैसला कार्यान्वयनको क्रममा प्रतिवादी लक्ष्मणकुमार वि.सी. को श्रीमती सलुजा वि.सी., छोरी कृष्टिना वि.सी. र छोरा सक्षम वि.सी.ले प्रतिवादी लक्ष्मणकुमार वि.सी. उपर अंश मुद्दा दायर गरी वादीहरूले प्रतिवादीबाट अंश लिई मिति २०७०/५/११ मा सुर्खेत जिल्ला अदालतमा मिलापत्र गरेको पाइन्छ ।

जाहेरवालाहरूले जेथा देखाएको जग्गा सबै अंशियारहरूले बन्डा पाउने गरी मिलापत्र भइसकेको हुँदा लक्ष्मणकुमार वि.सी.को अंश भागमा रहेको जग्गाबाट मात्र जाहेरवालाहरूले बिगो भराउन पाउने हुँदा फैसला कार्यान्वयन गर्ने कार्य रोक्का राखिपाउँ भनी मिति २०७०/६/११ मा देवकुमार वि.सी.को निवेदन परेको र जेथा देखाइएका बिगोले खाम्ने जति जग्गा लिलाम गर्न पाउने हुँदा फैसला कार्यान्वयन गर्ने कार्य रोक्का गर्न मिलेन कानूनबमोजिम गर्नु भन्ने सुर्खेत जिल्ला अदालतमा तहसिलदारबाट भएको आदेश भएको जाहेरवालाहरूले बिगो भराउन जेथा देखाएको कि.नं. ११३० र १२०२ जग्गाको तायदाती मुचुल्का हुँदा स्थानीय चलनचल्तीको दररेटअनुसार उक्त जग्गाप्रति कठ्ठा रू.४,००,०००।- देखि रू.४,५०,०००।- सम्म खरिद बिक्री हुन सक्छ भन्ने व्यहोराको मिति २०७०/४/१८ मा सर्जमिन मुचुल्का भएको र सोहीबमोजिम सुर्खेत जिल्ला अदालतबाट मिति २०७०/५/१६ मा पञ्चकृते मूल्याङ्कन हुँदा उल्लिखित जग्गाको प्रति कठ्ठा रू.४,००,०००।- मूल्य कायम भई जग्गा लिलामको बढाबढको लागि मिति २०७०/६/१७ मा लिलाम हुने मिति तोकिएकोमा सो दिन लिलाम बढाबढमा कोही उपस्थित नभएको र पुनः दोस्रो पटक सूचना प्रकाशित गरी मिति २०७०/७/११ मा लिलाम बोलकबोलको लागि आह्वान गरिएकोमा कोही कसैले लिलाम बढाबढमा उपस्थित नभएको कारण जाहेरवाला संजयकुमार के.सी.समेत ४ जनाले बिगो रू.२,४०,०००।- ले खाम्ने उल्लिखित कि.नं. ११३० को ज.वि.०-५-० पुरै कित्ता जग्गा र कि.नं. १२०२ को ज.वि. ०-१-० जग्गा मिति २०७०/७/११ संयुक्तरूपमा सकार गरी लिएकोले उक्त जग्गा वादीहरूका नाउँमा दा.खा. नामसारी गरिदिनु भन्ने सुर्खेत जिल्ला अदालतका तहसिलदारबाट मिति २०७०/७/११ मा भएको आदेश भएकोमा सो आदेशउपर चित्त नबुझी जिल्ला न्यायाधीशसमक्ष

दिएको उजुरीमा तहसिलको आदेशलाई सदर गर्ने गरी भएको आदेशउपर मुलुकी ऐन, अ.बं. १७ नं. बमोजिम यस अदालतमा निवेदन पर्दा सुर्खेत जिल्ला अदालतबाट भएको आदेश बदर भई प्रतिवादीसमेत मूल अंशियार ४ जना भएको देखिँदा कुल सम्पत्तिलाई ४ भाग लगाई १ भागबाट मात्र जाहेरवालाहरूको बिगो भराई दिनु भन्ने यस अदालतबाट मिति २०७०/११/८ मा आदेश भएको हुँदा प्रतिवादी र निजका मूल अंशियारहरूबिच कुल सम्पत्तिलाई ४ भाग लगाई प्रतिवादी लक्ष्मणकुमार वि.सी.को भागमा पर्न आउने एक भागबाट बिगो भराई दिने भन्ने यस अदालतको आदेश कानूनसम्मत नै हुँदा सो रिट निवेदन खारेज गरी पाउन अनुरोध छ भन्ने पुनरावेदन अदालत, सुर्खेतको लिखित जवाफ।

वैदेशिक रोजगार ठगी मुद्दामा वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको मिति २०६९/२/९ को फैसलाबमोजिम प्रतिवादी लक्ष्मणकुमार वि.सी. लाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम २ वर्ष कैद, रू.२,००,०००।- जरिवाना हुने र जाहेरवालाहरू संजयकुमार के.सी., कर्णबहादुर खत्री, नारायण वि.सी. र रत्नबहादुर आलेले प्रतिवादीबाट जनही बिगो रू.४,००,०००।- र हर्जाना रकम रू.२,००,०००।- गरी जम्मा जनही रू.६,००,०००।- (छ लाख) ले हुने कुल रकम रू.२४,००,०००।- भरी भराउने ठहर भएको र प्रतिवादीले पुनरावेदन नगरी उक्त फैसला अन्तिम भइरहेको अवस्था छ । उक्त फैसलाबमोजिम बिगो भराई पाउँ भनी प्रतिवादीका एकासगोलका बाबु देवकुमार वि.सी.का नाउँमा दर्ता स्रेस्ता कायम भएको सुर्खेत लाटीकोइली गाउँ विकास समिति वडा नं. २(क), कि.नं. ७९७, क्षेत्रफल ०-२-१०, ऐ.ऐ.कि.नं. ११३० को ०-५-०, ऐ.ऐ. कि.नं. १२०२ को ०-१-० र ऐ. कटकुवा गाउँ विकास समिति वडा नं.१(क) (हाल वि.न.पा.१०), कि.नं. ३३४४ को ०-०-१३$^{१/२}$ समेतका जग्गाहरू जेथा देखाई सुर्खेत जिल्ला अदालतमा मिति २०७०/१/३ मा दरखास्त दिएको देखिन्छ । उल्लिखित कित्ता जग्गाहरूमध्ये कि.नं. ७९७, कि.नं. ११३० र कि.नं. १२०२ को जग्गा मुद्दा पुर्पक्षका क्रममा वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको च.नं. ११८८ मिति २०६८/८/१८ को पत्रले रोक्का रहेको देखिन्छ भने कि.नं.३३४४ को जग्गा बागेश्वरी विकास बैंक, शाखा सुर्खेतको पत्रले यसअघि नै रोक्का रहेको भन्ने मालपोत कार्यालय, सुर्खेतको च.नं. ५४८३ मिति २०७०/१/९ को पत्रद्वारा जानकारी प्राप्त भएको देखिन्छ।

उल्लिखित बिगो भराई पाउँ भन्ने दरखास्त परिसकेपछि फैसला कार्यान्वयनको क्रम चलिरहेको अवस्थामा देवकुमार वि.सी. को अंशियार छोरा रामबाबु वि.सी. र देवकुमार वि.सी.को श्रीमती खगीसरा बुढाले देवकुमार वि.सी. उपर मिति २०७० साल आषाढ १३ गते सुर्खेत जिल्ला अदालतमा अंश मुद्दा दायर गरी एक आपसमा अंश लिनु दिनु गरि मिति २०७०/३/२८ मा सुर्खेत जिल्ला अदालतमा मिलापत्र गरेको र फैसला कार्यान्वयनको क्रममा प्रतिवादी लक्ष्मणकुमार वि.सी. को श्रीमती सलुजा वि.सी. छोरी कृष्टिना वि.सी. र छोरा सक्षम वि.सी.ले प्रतिवादी लक्ष्मणकुमार वि.सी. उपर अंश मुद्दा दायर गरी वादीहरूले प्रतिवादीबाट अंश लिई मिति २०७०/५/११ मा सुर्खेत जिल्ला अदालतमा मिलापत्र गरेको पाइन्छ।

जाहेरवालाहरूले जेथा देखाएको जग्गा सबै अंशियारहरूले बन्डा पाउने गरी मिलापत्र भइसकेको हुँदा लक्ष्मणकुमार वि.सी.को अंश भागमा रहेको जग्गाबाट मात्र जाहेरवालाहरूले बिगो भराउन पाउने हुँदा फैसला कार्यान्वयन गर्ने कार्य रोक्का राखी पाउँ भनी मिति २०७०/६/११ मा देवकुमार वि.सी.को निवेदन परेको र जेथा देखाइएका बिगोले खाम्ने जति जग्गा लिलाम गर्न पाउने हुँदा फैसला कार्यान्वयन गर्ने कार्य रोक्का गर्न मिलेन कानूनबमोजिम गर्नु भन्ने सुर्खेत जिल्ला अदालतका तहसिलदारबाट भएको आदेश भएको जाहेरवालाहरूले बिगो भराउन जेथा

देखाएको कि.नं. ११३० र १२०२ जग्गाको तायदाती मुचुल्का हुँदा स्थानीय चलनचल्तीको दररेटअनुसार उक्त जग्गा प्रति कट्ठा रू.४,००,०००।- देखि रू.४,५०,०००।- सम्म खरिद बिक्री हुन सक्छ भन्ने व्यहोराको मिति २०७०/४/१८ मा सर्जमिन मुचुल्का भएको र सोहीबमोजिम सुर्खेत जिल्ला अदालतबाट मिति २०७०/५/१६ मा पञ्चकृते मूल्याङ्कन हुँदा उल्लिखित जग्गाको प्रति कट्ठा रू.४,००,०००।- मूल्य कायम भई जग्गा लिलाम बढाबढको लागि मिति २०७०/६/१७ मा लिलाम हुने मिति तोकिएकोमा सो दिन लिलाम बढाबढमा कोही उपस्थित नभएको र पुनः दोस्रो पटक सूचना प्रकाशित गरी मिति २०७०/७/११ मा लिलाम बोलकबोलको लागि आह्वान गरिएकोमा कोही कसैले लिलाम बढाबढमा उपस्थित नभएको कारण जाहेरवाला संजयकुमार के.सी.समेत ४ जनाले बिगो रू.२,४०,०००।- ले खाम्ने उल्लिखित कि.नं. ११३० को ज.वि.०-५-० पुरै कित्ता जग्गा र कि.नं. १२०२ को ज.वि. ०-१-० जग्गा मिति २०७०/७/११ संयुक्तरूपमा सकार गरी लिएकोले उक्त जग्गा वादीहरूका नाउँमा दा.खा. नामसारी गरिदिनु भन्ने सुर्खेत जिल्ला अदालतका तहसिलदारबाट मिति २०७०/७/११ मा आदेश भएकोमा सो आदेशउपर चित्त नबुझी जिल्ला न्यायाधीशसमक्ष दिएको उजुरीमा तहसिलदारको आदेशलाई सदर गर्ने गरी भएको आदेशउपर मुलुकी ऐन अ.बं. १७ नं.बमोजिम यस अदालतमा निवेदन पर्दा सुर्खेत जिल्ला अदालतबाट भएको आदेश बदर भई प्रतिवादीसमेत मूल अंशियार ४ जना भएको देखिँदा कुल सम्पत्तिलाई ४ भाग लगाई १ भागबाट मात्र जाहेरवालाहरूको बिगो भराई दिनु भनी पुनरावेदन अदालतबाट मिति २०७०/११/८ मा आदेश भएको देखिन्छ । यस अदालतबाट फैसला कार्यान्वयनको सिलसिलामा भए गरेका काम कारवाहीले रिट निवेदकहरूको सम्पत्ति माथिको मौलिक हकलाई हनन् हुने गरी कुनै पनि काम कारवाही यस अदालतबाट भए गरेको नभई वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलाबमोजिम फैसला कार्यान्वयन गर्ने गराउने प्रक्रियामा मुलुकी ऐन, द.स.४२ नं.बमोजिमको अधीनमा रही फैसला कार्यान्वयन प्रक्रिया गरेको हुँदा सुर्खेत जिल्ला अदालतलाई प्रतिवादी बनाइएको रिट निवेदन नै दुषित हुँदा निजहरूको निवेदन दाबीबाट फुर्सद गरिपाउँ भन्ने सुर्खेत जिल्ला अदालतको लिखित जवाफ ।

नियमबमोजिम इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनमा निवेदकका तर्फका विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिकृष्ण कार्कीले कि.नं. ११३० र कि.नं. ११०२ को जग्गा निवेदकहरूको नाममा दा.खा. नामसारी गरिदिन भनी तहसिलदारबाट भएको आदेशलाई सदर गर्ने गरी जिल्ला न्यायाधीशबाट भएको आदेशबाट जाहेरवालाहरूलाई वैदेशिक रोजगार न्यायाधिकरणको अन्तिम फैसलाबमोजिमको भरिभराउको कार्य अगाडि बढिरहेको अवस्थामा पुनरावेदन अदालत, सुर्खेतको ४ भाग गरी त्यसबाट हुन आउने १ भागबाट भरिभराउ गर्ने कार्य गर्नु भन्ने आदेशले निवेदकहरूको सम्पत्तिसम्बन्धी हक तथा फैसला कार्यान्वयन कार्य रोकिएकाले सो आदेश उत्प्रेषणद्वारा बदर गरी जिल्ला अदालतबाट भएको निर्णयबमोजिम फैसला कार्यान्वयन गर्नु भनी परमादेशको आदेश जारी हुनुपर्दछ भनी तथा विपक्षी तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री देवेन्द्रबहादुर थापाले मूल चार अंशियार भएको अवस्थामा मेरो पक्षको व्यवहारको कारणले अन्य अंशियारको अंश जस्तो नैसर्गिक अधिकार कुण्ठित हुने होइन । सुर्खेत जिल्ला अदालतमा बिगोतर्फको मुद्दा चल्दैका अवस्थामा आमा र भाइले दिएको मुद्दामा र श्रीमती छोरीले दिएको मुद्दामा बाबु देवकुमारले आफ्नो दायित्व निर्वाह गरी अंश दिई मिलापत्र गरेको कुरा कार्यान्वयन गर्न सुर्खेत जिल्ला अदालतले नै मालपोत कार्यालय, सुर्खेतलाई लेखिसकेपछि आफ्ना मिलापत्र र सो कार्यान्वयन गर्न लेखेको पत्रको विपरीत हुने गरी

समुचाको समुचा कित्ता नै लिलाम सकार गराएको कार्य स्वतः अनधिकृत एवं गैरकानूनी भएकोमा पुनरावेदन अदालत, सुर्खेतबाट भएको आदेश कानूनसम्मत नै छ भनी गर्नुभएको बहससमेत सुनियो ।

निवेदकहरूले लक्ष्मणकुमार वि.सी.का विरूद्ध दिएको वैदेशिक रोजगार ठगी मुद्दामा वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति २०६९।२।९ को फैसलाबमोजिम प्रतिवादी लक्ष्मणकुमार वि.सी.लाई २ वर्ष कैद र जाहेरवालाहरू संजयकुमार के.सी., कर्णबहादुर खत्री, नारायण वि.सी. र रत्नबहादुर आलेलाई जनही ४ लाख जरिवाना र हर्जाना २ लाखसमेत गरी ६।६ लाख भराई दिने ठहराई फैसला भएको देखियो । सो फैसलाबमोजिम बिगो भराई पाउन सो मुद्दाका जाहेरवालाहरू तथा प्रस्तुत निवेदनका निवेदकहरूले सुर्खेत जिल्ला अदालतमा प्रतिवादीका एकासगोलका पिता देवकुमार वि.सी.का नाउँमा दर्ता स्रेस्ता कायम भएको लाटीकोइली गा.वि.स. वडा नं. २(क) कि.नं. ७९७, कि.नं. ११३० को तथा कि.नं. १२०२ को जग्गा र ऐ कटकुवा गा.वि.स. वडा नं. १(क) (हाल वि.न.पा. १०) कि.नं. ३३४४ समेतका जग्गाहरू जेथा देखाई दरखास्त दिएपछि फैसला कार्यान्वयन चलिरहेको अवस्थामा देवकुमार वि.सी.को अशियार छोरा रामबाबु वि.सी. र देवकुमारकी श्रीमतीसमेतले देवकुमारउपर मिति २०७०।१३।१३ गते सुर्खेत जिल्ला अदालतमा अंश मुद्दा दायर गरी एक आपसमा अंश लिनु दिनु गरी मिति २०७०।३।२८ मा सुर्खेत जिल्ला अदालतमा मिलापत्र गरेको देखिन्छ ।

२. जाहेरवालाहरू तथा प्रस्तुत निवेदनका निवेदकहरूले जेथा देखाएको जग्गा सबै अंशियाराले बन्डा पाउने गरी मिलापत्र भइसकेको हुँदा प्रतिवादीको अंश भागमा परेको जग्गाबाट मात्र बिगो भराउन पाउने हुँदा फैसला कार्यान्वयन रोक्का गरिपाउँ भनी देवकुमारले निवेदन दिएकोमा जेथा देखाइएका बिगोले खाम्ने जति जग्गा लिलाम गर्न पाउने हुँदा फैसला कार्यान्वयन कार्य रोक्का गर्न मिलेन भनी सुर्खेत जिल्ला अदालतका तहसिलदारबाट आदेश भइसकेपछि कार्यान्वयनको चरणमा कि.नं. ११३० र १२०२ जग्गाको तायदाती मुचुल्का हुँदा स्थानीय दररेटअनुसार खरिद बिक्री हुन सक्ने सर्जमिन मुचुल्का भएको र सोहीबमोजिम अदालतबाट पञ्चकृते मुल्याङ्कन गरी प्रति कठ्ठा ४ लाख मूल्य कायम भई जग्गा लिलाम बढाबढमा कोही उपस्थित नभएको र पुनः दोस्रो पटक सूचना प्रकाशित गरिएकोमा पनि कोही कसैले लिलाम बढाबढमा उपस्थित नभएको कारणबाट संजयकुमार के.सी. समेत ४ जनाले रू.२४,००,०००।– (चौबिस लाख) ले खाम्ने कि.नं. ११३० र कि.नं. १२०२ जग्गा संयुक्तरूपमा सकार गरी लिएकोले उक्त जग्गा वादीहरूको नाउँमा दा.खा. नामसारी गरिदिनु भन्ने सुर्खेत जिल्ला अदालतका तहसिलदारबाट आदेश भएकोमा सोउपरको उजुरीमा जिल्ला न्यायाधीशबाट सोही व्यहोरालाई सदर गरेको निर्णयको विरूद्धमा प्रतिवादी लक्ष्मणका पिता देवकुमार वि.सीले अ.वं. १७ नं. बमोजिम पुनरावेदन अदालतमा निवेदन गरेकोमा पुनरावेदन अदालत, सुर्खेतबाट देवकुमार वि.सी.को नाममा दर्ता रहेको सुर्खेत जिल्ला लाटीकोइली २(क) को कि.न. ७९७, ११३०,१२०२ र कटकुवा १(क) हाल वि.न.न.पा. १० को कि.न. ३३४४ को जग्गा र सो जग्गामा बनेको घरसमेतलाई ४ भाग लगाई त्यसबाट हुन आउने एक भागका हकदार लक्ष्मणकुमार वि.सी.को अंश भागबाट भरिभराउ कार्य गर्नु भनी आदेश भएको देखियो ।

३. कुनै पनि प्रतिवादीबाट बिगो भरिभराउबापत लिनु बुझाउनु पर्दा निजको अंश हिस्साबाट मात्र भराउनु पर्ने हुन्छ । अरूको पनि हक लाग्ने सम्पत्तिबाट भराउँदा अरू अंशियारहरूको अंश हकमा असर पर्न जाने हुन्छ । मुलुकी ऐन, लेनदेन व्यवहारको ८ नं. मा ***"घरको मुख्य भई कामकाज गर्न वा सगोल मै बसी विभिन्न ठाउँमा घर, खेती, व्यापार***

वा अरू कुनै काम गरी बस्ने उमेर पुगेका जानकार लोग्ने मानिस वा स्वास्नी मानिस आफू बसी काम गरेको ठाउँको मुख्य ठहर्छन् । त्यस्ता मुख्यले गरेको व्यवहार वा एकाघरका उमेर पुगेका अरूले गरेकोमा मुख्य जानकारको पनि सहिछाप वा लिखत भएको व्यवहार मात्र गोश्वारा धनबाट चल्छ" भन्ने व्यवस्था रहेको छ । त्यस्तै लेनदेन व्यवहारकै ९ नं. मा "***यसै महलको ८ नम्बरबमोजिम मुख्य भई कामकाज गरेकोमा बाहेक अरू अवस्थामा एकाघरका उमेर पुगेको कुनै व्यक्तिले कुनै व्यवहार गरेको रहेछ भनी निजले आफूले पाउने धनमा निजको हक नपुगेसम्म साहुले सो धनमा समाउन पाउँदैन । निजले आफैँले आर्जन गरेको वा आफू खुसी गर्न पाउने सम्पत्तिबाट मात्र लिन पाउँछ । निजको आफ्नो आर्जनको वा आफू खुसी गर्न पाउने सम्पत्ति रहेनछ भने निजले पाउने धनमा हक नपुगेसम्म धरपकड गर्न पनि हुँदैन"*** ..... भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ ।

४. त्यसैगरी दण्ड सजायको २६ नं. मा "***ऐनबमोजिम जरिवाना कैदबापत जायजात गर्दा कसुरदारको अंशबाट मात्र पुगेसम्मको असुल गरी लिनु पर्छ । दुनियाको बिगोबापत जायजात गर्दा त्यो धन खाने बाह्र वर्षदेखि माथिका ऐनबमोजिम मानु नछुट्टि सँग बसेका वा त्यो धन खाँदा सँग बसेका पछि भिन्न हुनेको अंशसमेत र सरकारी बिगोमा जायजात गर्दा सो धन खाँदा सँग बस्ने सबै अंशियारको अंश जायजात गर्नुपर्छ" .....*** भन्नेसमेत कानूनी व्यवस्था रहेको छ ।

५. यसरी हाम्रो कानून प्रणालीले मुख्य भई अरूको मन्जुरीबाट गरेकोमा बाहेक आफूले स्वतन्त्ररूपमा गरेको व्यवहारबाट सृजित दायित्व स्वयम् व्यवहारकर्ताले नै निर्वाह गर्नुपर्ने भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । प्रतिवादी लक्ष्मणबाट भराउनु पर्ने बिगो तथा हर्जाना निजकै स्रोतबाट मात्र भराउनु पर्ने हुन्छ । फैसला कार्यान्वयन गराउने सन्दर्भमा दण्ड सजायको महलको २६ नं. समेतले स्पष्टरूपमा उल्लेख गरेकै छ । फैसला कार्यान्वयनको क्रममा प्रतिवादीको पिताको नाममा दर्ता रहेका कि.नं. ११३० र कि.नं. १२०२ जग्गाबाट जाहेरवालाहरूले बिगो र हर्जाना भराई लिँदा अरू अंशियारको हकमा असर पारी उनीहरूको सम्पत्ति प्राप्त गर्न नैसर्गिक हकमा आघात पार्न जाने देखिन्छ । जिल्ला अदालतको अरू अंशियाराहरूलाई असर पार्ने गरी भरिभराउ गर्ने कार्य गरेउपर अंश हकमा प्रभाव पर्न जाने पक्षले त्यसको उपचार खोजी बदर गराउन पाउने नै हुन्छ । निवेदकहरूले फैसला कार्यान्वयनको कार्य पुनरावेदन अदालतको मिति २०७०।११।८ को आदेशले रोकिएकाले सो आदेश उत्प्रेषणको आदेशले बदर गरी पाउन दाबी लिएको देखिन्छ । उत्प्रेषणको आदेश सामान्य अवस्थामा जारी हुने आदेश होइन । उत्प्रेषणको आदेश जारी हुन अन्य विकल्पहरूले काम नगरेको तथा गर्न नसकेको अवस्थामा जारी हुने हो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) अन्तर्गत उत्प्रेषण जारी हुनलाई निश्चित आधारहरू चाहिन्छ । उत्प्रेषणलगायतका आदेशहरूको व्यवस्था न्याय प्रदान गर्ने क्रममा न्याय पाउन नसकेको तथा न्याय प्रदान गर्ने सामान्य अवस्थाका उपचारहरूको अभावमा व्यक्तिको हकमा असर नपरोस्, न्याय प्राप्त गर्ने बाटोको अभावमा कुनै पनि व्यक्ति वञ्चित हुन नपरोस् भनेर सर्वोच्च अदालतलाई असाधारण अधिकार दिइएको हो । जुन अधिकारको प्रयोग जुनसुकै बेला तथा सामान्य अवस्थामा गर्दा संविधानको मर्म प्रतिकूल हुन गई समन्यायको मार्ग दिशाहिनता तिर लाग्ने हुन्छ । असाधारण अधिकार सामान्य अवस्थामा आकर्षित हुन सक्दैन । न्यायपूर्ण कामकारवाही तथा निर्णय भएकोमा असाधारण अधिकारअन्तर्गतको रिट जारी हुन सक्दैनन् । उत्प्रेषणको आदेश जारी हुनको लागि विभिन्न अवस्थाको विद्यमानता हुनु पर्दछ । उत्प्रेषण जारी हुने अवस्थाहरूमा :

- अधिकार क्षेत्रात्मक त्रुटि (अधिकार क्षेत्रको अभावमा निर्णय गर्नु, अधिकार क्षेत्र नाघेर निर्णय गर्नु, आफूलाई भएको अधिकार क्षेत्र अस्वीकार गर्नु तथा अधिकार क्षेत्रको दुरूपयोग गरेको अन्य अवस्थाहरूमा)
- कानून प्रतिकूल निर्णय गरेकोमा
- प्राकृतिक न्यायको सिद्धान्तविपरीत निर्णय गरेमा
- गलत भावना लिई निर्णय गरेमा
- बाध्यात्मकरूपमा अवलम्बन गर्नुपर्ने कार्यविधिको प्रयोग नगरेमा
- पश्चात्दर्शी असर पर्ने गरी निर्णय गरेमा
- कानूनको प्रयोग एवम् व्याख्यामा Apparent error देखा परेमा
- कपटपूर्ण तरिकाले दुषित निर्णय गरेमा
- अविवेकी तथा स्वेच्छाचारी ढंगले निर्णय गरेमा

लगायतका विभिन्न अवस्थाहरूमा उत्प्रेषण जारी नगरे व्यक्तिको हकमा प्रत्यक्ष असर पर्ने स्थिति भएमा उत्प्रेषणको आदेश जारी गर्ने गरिन्छ । तर वैकल्पिक उपचारको विद्यमानता रहेको अवस्थामा उत्प्रेषणको आदेश जारी गर्न मिल्दैन । फैसला कार्यान्वयनको अवस्थामा जिल्ला अदालतले गरेको आदेशलाई बदर गरी कानूनअनुरूप गरेको पुनरावेदन अदालतको आदेशलाई असाधारण क्षेत्राधिकारअन्तर्गत बदर गर्नुपर्ने प्रस्तुत मुद्दामा कुनै आधार देखिँदैन। विना आधार उत्प्रेषणको आदेश जारी गर्दा न्याय निस्पादन गर्ने निकायहरूमा अनिश्चितता हुनुका साथै फैसलाको अन्त हुने अवस्थासमेत देखिँदैन । जसबाट निवेदक स्वयंसमेतलाई असर पर्न जान्छ।

६. प्रस्तुत निवेदनमा जाहेरवालाहरूले अन्तिम फैसलाबमोजिम बिगो भरीभराउ तथा हर्जानाबापतमा प्रतिवादीलाई थुनामा राख्न पाउने अवस्थासमेत हुने तथा प्रतिवादीको अंश भाग लाग्ने देवकुमार वि.सीको नाममा दर्ता रहेका कि.नं. ७९७, ११३०,१२०२ र ३३४४ का जग्गा तथा सोमा बनेको घरबाटसमेत ४ भागको एक भाग लगाई त्यसबाट भरी भराउ हुन सक्ने अवस्था रहेकै देखिन्छ । पुनरावेदन अदालतको आदेशले निवेदकहरूको बिगो तथा हर्जाना प्राप्त गर्ने हकबाट वञ्चित नगरी प्रतिवादी लक्ष्मणले पाउने ४ भागको १ भाग सम्पत्तिबाट कानूनबमोजिम भरिभराउ गर्न पाउने गरी मार्ग खोलि दिएको छ । यसरी कानूनबमोजिम गरिएको आदेशबाट निवेदकहरूको कुनै पनि संविधान प्रदत्त हकमा आघात परेको देखिँदैन । जुन आदेशले वैदेशिक रोजगार न्यायाधिकरणबाट फैसला भई अन्तिम भई बसेको फैसला कानूनबमोजिम कार्यान्वयन गर्ने बाटो खुल्ला नै रहेको छ । कानूनविपरीतको कार्यबाट कुनै पक्षलाई फाइदा पुगे पनि त्यो कार्य न्यायिक दृष्टिबाट मान्य हुन सक्दैन । पिताको नाममा सगोलमा रहेको सम्पत्तिमा अरू अंशियारको हक लाग्ने जग्गालाई निवेदकहरूले निरपेक्षरूपमा सकार गर्न नमिली ४ भागको १ भागको सम्पत्तिबाट भरिभराउ गर्न सक्ने नै हुँदा निवेदकहरूको मागबमोजिमका आदेश जारी गर्नु परेन।

७. उपर्युक्त विवेचित आधार कारणबाट निवेदन माग दाबीबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गर्नू।

उक्त रायमा सहमत छु।
न्या.ओमप्रकाश मिश्र

इजलास अधिकृत : रामप्रसाद पौडेल
इति संवत् २०७२ साल साउन २८ गते रोज ५ शुभम्।

निर्णय नं. ९५८६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
फैसला मिति : २०७२।५।२१।२
०६७-CR-१०७२

मुद्दा : कर्तव्य ज्यान

पुनरावेदक / प्रतिवादी : ओमप्रकाश सक्सेनाको छोरा, काठमाठौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.३ बसुन्धरा घर भई हाल कारागार कार्यालय जगन्नाथदेवल त्रिपुरेश्वरमा थुनामा रहेका वर्ष ३७ को लक्ष्मीप्रकाश सक्सेना

विरूद्ध

विपक्षी / वादी : प्रदिप नारायण शाहको जाहेरीले नेपाल सरकार

०६७-CR-१११२

पुनरावेदक / प्रतिवादी : प्रदिप नारायण शाहको जाहेरीले नेपाल सरकार

विरूद्ध

विपक्षी / वादी : जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. ३ बसुन्धरा बस्ने ओमप्रकाश सक्सेनाको श्रीमती रामदेवी सक्सेनासमेत

०६७-CR-१०८७

पुनरावेदक / प्रतिवादी : काठमाडौं जिल्ला पुखुलाछी गाउँ विकास समिति वडा नं. २ बस्ने हरिगोपाल कारन्जितको छोरी वर्ष ५६ कि गंगादेवी श्रेष्ठ (कारन्जित)

विरूद्ध

विपक्षी / वादी : प्रदिप नारायण शाहको जाहेरीले नेपाल सरकार

- **प्रतिवादीहरूले कर्तव्य गरी झुन्डिएर मरेको देखाउन उक्त कार्य गरेको अवस्था हुँदो हो त प्रतिवादीका शरीरमा शव परीक्षण गर्ने चिकित्सकहरूले भने जस्तो चोटपटक र संघर्षका चिह्नहरू देखिनु पर्ने हुन्छ । आफूमाथि प्रहार भएको अवस्थामा र आफ्नो मृत्यु अवस्यम्भावी छ भन्ने अवस्थामा बाँच्नका लागि मानिसले सक्दो संघर्ष गर्दछ । त्यस्तो संघर्ष भएको देखिएको चोटपटक लगायतको कुनै कुरा शव परीक्षण प्रतिवेदनबाट देखिन आउँदैन । पुनरावेदन अदालतको फैसलाबाट मृतक निदाएको अवस्थामा कर्तव्य गरी मारेको हुन सक्दछ भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । यस्तो हुन सक्छ भन्ने अनुमान गर्ने काम अदालतको होइन । अदालतले वस्तुनिष्ठ तबरले भएका प्रमाणहरू केलाई निष्कर्षमा पुग्नुपर्ने हुन जाने ।**

(प्रकरण नं.१०)

- **मृतकको Suicide Note समेत मृतकको कोठाबाट बरामद भएको छ र उक्त Suicide Note मृतकले लेखेको कुरामा पनि विवाद देखिँदैन । Suicide Note भनेकै आत्महत्या गर्ने संकल्प भएका मानिसले लेख्दछन् । बुबा मलाई माफ गरिबक्सेला ... जुन हजुरको प्रयास असफल भयो..... दिनसम्म यिनीहरूको बचनहरू सुनेर बस्ने..... भन्ने मृतकको आफ्नो बुबासँगै निराशा व्यक्त गर्दै पत्र**

लेखेको देखिन्छ। Suicide Note लाई एक प्रकारको मृत्युकालीन घोषणाको रूपमा पनि लिनुपर्ने हुन्छ । आफ्नो निराशापूर्ण जीवनलाई उल्लेख गर्दै Suicide Note मा लेखिएको अभिव्यक्तिसमेतको विश्लेषणबाट प्रतिवादीहरूसँगको व्यवहारबाट दिक्क लागेर मृत्युलाई आफैँले रोजेको भन्ने स्पष्ट देखिने।

(प्रकरण नं.११)

प्रतिवादीका तर्फबाट : वरिष्ठ अधिवक्ता कृष्णप्रसाद सापकोटा र कमलेश द्विवेदी

वादीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता रमा पराजुली

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं., १३(३) नं., १७(३) नं.

सुरू फैसला गर्ने :-

माननीय न्यायाधीश श्री मोहनप्रसाद घिमिरे
माननीय न्यायाधीश श्री मिरा खड्का

फैसला

न्या.गोपाल पराजुली : न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ:-

मेरो छोरी सम्झना शाह सक्सेना र लक्ष्मीप्रकाश सक्सेनाबिच २०६१ आश्विन महिनामा विवाह भएकोमा सन्तान भएको थिएन । ससुरा ओमप्रकाश सक्सेना दोस्रो विवाह गरी अन्यत्रै बस्छन्। छोरी र ज्वाइँ विवाह भएको ३ महिनापछि ज्वाइँले घर छोडी बाहिरै बस्ने बेलाबखत रक्सी खाएर छोरीलाई कुटपिट गर्ने घरबाट निस्की जान भन्ने गर्दथे । मिति २०६३/४/१२ गते बिहान ८ बजेको समयमा छोरी सम्झनाको देवर अनुप सक्सेना आई छोरी झुन्डिएर मरिन् भनी खबर गरेकाले घटनास्थलमा गई हेर्दा पानी ट्याङ्की राख्ने डन्डीमा सल कपडाको पासो लगाई दुवै हातले फलामको डन्डीलाई काखी च्यापी दुवै खुट्टा भुइँमा टेकी शंकाजनक अवस्थामा रहेको सो २०६३।४।११ गते ओमप्रकाश सक्सेना सासूकी दिदी ताहाँ आएकाले छोरीलाई घर परिवारसमेतले कर्तव्य गरी मारेकोमा शंका लागेकाले कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको प्रदिप नारायण शाहको जाहेरी दरखास्त।

काठमाडौं जिल्ला काठमाडौ महानगरपालिका वडा नं.३ स्थित ओमप्रकाश सक्सेनाको घरको तेस्रो तलामा मृतक सम्झना सक्सेना सुत्ने कोठाको ढोका खुल्ला रहेको भन्नेसमेत घटना प्रकृति मुचुल्का।

ओमप्रकाश सक्सेनाको साढे ४ तलाको घरको सबैभन्दा माथि कौसीको पानी ट्याङ्की राख्ने फलामको फ्रेमको बलोमा सल बाँधेको भुईदेखि ७ फिट पासोको दुरी २ फिट ५ इन्च मृतकको घाँटी रातो सलको पासो लगाएको दायाँ हात पानीको पाइपमा काखी च्यापेको बायाँ हात एड्गलमा अड्याएको, छातीले एड्गलमा आड लिएको, दुवै खुट्टा टेकेको, घाँटीमा एक इन्चको हलुका निलो दाग, दायाँ कुर्कुच्चामा एक इन्च गोलाइको धब्बा रहेको, मलद्वार र योनीबाट केही ननिस्किएको भन्नेसमेत व्यहोराको लास प्रकृति मुचुल्का।

मिति २०६३।४।११ गते म माइतीबाट घर आएकी हुँ। सो दिन जेठानी सम्झना र मैले खाना बनाएर सबै परिवारसँगै खाई ११ बजे सुतेका हौं। घरपरिवारमा राम्रो सम्बन्ध थियो । बिहान सम्झना कौसीमा झुन्डिएर मरेको थाहा पाएँ भन्नेसमेत व्यहोराको सिमरन सक्सेनाको कागज।

भाउजू सम्झना सक्सेना र दाजु

लक्ष्मीप्रकाशको २ वर्ष अगाडि विवाह भएको हो सन्तान भएन, दाजुलाई डेढ वर्ष अगाडि डाइबिटिज भएछ र दाजु भाउजूबिच मनमुटाव रहेछ, त्यसपछि दाजु घरमा नआउने बाहिर बाहिरै बस्ने घरमा आए पनि ठाकठुक परि रहन्थ्यो। मिति २०६३।४।११ गते राति खाना खाई राम्रैसँग हामी स-परिवार सुतेका हौं। भोलिपल्ट बिहान आमा रमादेवीले लौन भाउजूले के गरी भनी कराएको सुनी छतमा गई हेर्दा पासो लगाई मरेको देखेको हुँ भन्नेसमेत व्यहोराको अनुपकुमार सक्सेनाको कागज।

मृतक सम्झना सक्सेनाको मृत्युको कारण Hanging भएको भन्ने शव परीक्षण गर्ने चिकित्सकको प्रतिवेदन।

मेरो छोरी सम्झना सक्सेना मिति २०६३।४।१२ गते झुन्डिएको अवस्थामा देखेकोमा निजको मृत्युबारे पत्ता लगाउँदा मिति २०६३।४।११ गते राति मृतकको ससुरा ओमप्रकाश, सासूको दिदीसमेतले षडयन्त्र गरी छोरीलाई कर्तव्य गरी मारेको पत्ता लागेकोले कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको प्रदिप नारायण शाहको दोस्रो जाहेरी दरखास्त।

मिति २०६३।४।११ गते म घरमा थिइन साथी राजु कुँवरको घरमा सुतेको हुँ। म र श्रीमतीबिच मनमुटाव भएकोले म घरमा बस्दैनथे। निजलाई कर्तव्य गरी मारेको होइन भन्नेसमेत व्यहोराको लक्ष्मीप्रकाश सक्सेनाले अनुसन्धानमा गरेको बयान कागज।

मिति २०६३।४।१२ गते बिहान ७.०० बजे बुहारी सम्झना सक्सेना झुन्डी मरेको थाहा पाई तत्काल गई हेर्दा घटनास्थलमा मृत अवस्थामा देखेको हुँ। मसमेतको कर्तव्य गरी मारेको होइन भन्नेसमेत व्यहोराको ओमप्रकाश सक्सेनाले अनुसन्धानमा गरेको बयान कागज।

मिति २०६३।४।११ गते राति ११ बजेसम्म बुहारी सम्झनासँग फिल्म हेरी बसेकी हुँ र बुहारी सम्झना र मेरोबिच वादविवाद भइरहन्थ्यो, साथै छोरा लक्ष्मी र बुहारी सम्झनाबिच पनि सम्बन्ध राम्रो थिएन। निजहरू छुट्टाछुट्टै बस्ने नबोल्ने गर्दथे। निजलाई मसमेतले कर्तव्य गरी मारेको होइन। निज झुन्डिएर मरेको हुन् भन्नेसमेत व्यहोराको रामदेवी सक्सेनाको अनुसन्धानमा भएको बयान कागज।

मिति २०६३।४।११ गते म बहिनी रामदेवी सक्सेनाको घरमा थिएँ। सो दिन प्रदिप नारायण शाह पनि बहिनीको घरमा आई अन्दाजी ७ बजेतिर चिया अण्डा खाई आफ्नो घरमा जानु भएको हो। म, रामदेवी, अनुप, सम्झनासमेतले खाना खाई केही समय टेलिभिजन हेरी सुतेका हौं। मृतकलाई लक्ष्मीप्रकाश सक्सेनासमेतले कर्तव्य गरी मारी झुन्ड्याएको हो, होइन मलाई थाहा छैन। भोलिपल्ट छतमा सम्झनाको लास देखेको हुँ भन्नेसमेत व्यहोराको गंगादेवी श्रेष्ठले अनुसन्धानको क्रममा गरेको बयान कागज।

मिति २०६३।४।११ गते रामदेवीको घरमा डेरामा बसेकी थिएँ। खानपिन गरी सुत्ने समयमा घरधनी रामदेवी कहाँ हल्ला भएको आवाज सुनी के भएछ भनी हेर्दा सम्झना र बुढी आईमाई उभिएको र विवाद भई रहेको थियो सो आईमाई रामदेवीको दिदी रहिछन्। सम्झना रुँदै बाटोतिर गएकी थिएन। भोलिपल्ट मृत्यु भएको देखेका हौं भन्नेसमेत व्यहोराको अम्बिका अधिकारीसमेतको वस्तुस्थिति मुचुल्का।

सम्झना सक्सेना मेरो बहिनी हुन्। निजको २०६१ सालको दशैंताका लक्ष्मीप्रकाश सक्सेनासँग विवाह भएको हो। विवाह भएको ३ महिनापछि दुवैजनाबिच विवाद भएछ। लक्ष्मीप्रकाशले मादक पदार्थ सेवन गरी कुटपिट गर्ने बाहिरै बस्ने गरेका थिए। मिति २०६३।४।११ गते ५.३० बजे बहिनीले बुबा प्रदिप नारायणलाई टेलिफोन गरी कुटपिट गरे भनी खबर गरेकाले बुबा निजको घरमा नै गई सम्झाई फर्केपछि बहिनी सम्झनालाई कुटपिट गरी झुन्ड्याई मारेका हुन् भन्नेसमेत व्यहोराको मृतकका दाजु कपिल शाहको कागज।

यसमा प्रतिवादीहरू लक्ष्मीप्रकाश सक्सेना, रामदेवी सक्सेना, अनुपकुमार सक्सेना, ओमप्रकाश सक्सेना सिमरन सक्सेना र गंगादेवी श्रेष्ठसमेतका ६ जनाले जाहेरवालाको छोरी सम्झना शाह सक्सेनालाई कर्तव्य गरी मारी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. १३ (३) नं. बमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको अभियोग माग दाबी।

म घटना भएको घरमा बस्दिन मलाई मिति २०६३।४।११ गते रामदेवीले फोन गरी घरमा यस्तो घटना भयो भनी बोलाएकोले म त्यहाँ गएको हो। म कहिले काहीँ नाति खेलाउन भनी छोराको घरमा जाने गर्थेँ। सोही क्रममा म मिति २०६३।४।११ गते पनि त्यहाँ गएको म सोही समयमा सम्धी प्रदिप नारायण पनि आउनुभएको रहेछ। मलाई उहासँग रामदेवीले परिचय गराउनु भएको हो। त्यसपछि सोही दिन बेलुकी १०.३० बजेको समयमा म गएको हो। त्यसपछि के भयो मलाई थाहा भएन। मृतकको मृत्यु झुन्डिएरै भएको हुनुपर्छ भन्नेसमेत व्यहोराको प्रतिवादी ओमप्रकाश सक्सेनाले अदालतमा आई गरेको बयान।

उक्त घटना हुनुभन्दा २ दिनअगाडि बुहारी उनको माइतीमा गएकोमा घटना भएको दिन बुहारी बुबा प्रदिप नारायणसँगै आउनुभएको बुहारीको बुबा सोही दिन ८.५० बजेको समयमा घर फर्किनु भएको हो। श्रीमान् ओमप्रकाश पनि सो दिन हाम्रो घरमा आई सोही दिन फर्कनुभएको हो। त्यसपछि हामी दुवैजना टेलिभिजन हेरी करिब ११ बजेको समयमा सुत्न गएका हौं। बिहान ६ बजेको समयमा छिमेकीले माथि के रातो झुन्डिरहेको छ हेर्नुहोस् भनेकाले गई हेर्दा निज बुहारी झुन्डिरहेको अवस्थामा देखी म हेर्न नसकी फेन्टसमेत भएँ। सो रातमा घरमा म, मेरो दिदी गंगादेवी, सानो छोरा अनुप, ठुली बुहारी मृतक सम्झना, सानी बुहारी सिमरनसमेत थियौं। ठुलो छोरा लक्ष्मीप्रकाश २ दिन अगाडिदेखि नै आएको थिएन। सो घटना किन घट्न गयो मलाई थाहा भएन भन्ने व्यहोराको प्रतिवादी रामदेवी सक्सेनाले अदालतमा गरेको बयान कागज।

म मिति २०६३।४।११ गते बिहान साथीको घरमा थिएँ। उक्त रात पनि म साथीको घरमा नै बसेँ। ऐ. १२ गते मलाई भाइले मेरो घरको घटनाको बारेमा फोन गरी बताएपछि म घरमा आएको हुँ। घरमा आउँदा मेरो घरमा छतमा रहेको पानी ट्याङ्कीको फलाममा मेरो श्रीमतीको लास थियो। मैले कर्तव्य गरी मारेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी लक्ष्मीप्रकाश सक्सेनाले अदालतमा गरेको बयान कागज।

अभियोग पत्रमा लेखिएको व्यहोरा झुठ्ठा हो। मैले मृतकलाई कर्तव्य गरी झुन्ड्याई मार्ने काम गरेकी होइन। हामीसँगै खाना खाई आ-आफ्नो कोठामा सुतेको हो। मेरी बहिनी रामदेवी सक्सेना र म एउटै बेडमा सुतेका हौं। मिति २०६३।४।१२ गते बिहान छिमेकीहरूले ट्याङ्कीमा के झुन्डिएको छ भनी कराउँदा हामी उठेर छतमा गई हेरी प्रहरीलाई खबर गरेको हो। म उक्त वारदात भएको घरमा हामी चारैजना दिदी बहिनीको नाममा जग्गा पास गर्न मिति २०६३।४।११ गते अन्दाजी साँझ ५.३० बजेतिर आएकी थिएँ भन्नेसमेत व्यहोरा लेखाई प्रतिवादीमध्येकी गंगादेवी श्रेष्ठले अदालतमा गरेको बयान कागज।

मिति २०६३।४।१२ मा मृतक सम्झना सक्सेनाको शव परीक्षण मसमेत दुई जनाले गरी प्रतिवेदन दिएको हो। त्यस प्रतिवेदनमा शरीरको सम्पूर्ण जाँच गरी पाइएको लक्षणहरूको आधारमा विश्लेषण गर्दा मृत्युको कारण Hanging भनी प्रतिवेदनमा उल्लेख छ भनी शव परीक्षण गर्ने डा. प्रमोदकुमार श्रेष्ठ र डा. हरिहर वस्तीले अदालतममा आई गरिदिएको बकपत्र।

वस्तुस्थिति मुचुल्कामा उपस्थित व्यक्तिहरूले जे लेखाए मैले त्यही व्यहोरा लेखी मुचुल्का तयार गरेको ठिक छ भनी वस्तुस्थिति मुचुल्का तयार गर्ने भरतबहादुर शाहले र काम तामेल गर्ने वादीका साक्षी मनोजकुमार के.सी., प्र.ना.नि.किशोर ढुङ्गाना, प्र.स.नि. खड्गकुमार श्रेष्ठसमेतले अदालतमा आई

गरेको बकपत्र मिसिल संलग्न रहेको ।

प्रतिवादी गंगादेवी श्रेष्ठको साक्षी रितादेवी कारन्जितले प्रतिवादी त्यस्तो चरित्रको मानिस होइनन् । निजले मृतकलाई कर्तव्य गरी मारे जस्तो मलाई लाग्दैन । निजले मृतकलाई आफ्नै बुहारी जस्तै गरी माया गर्नुहुन्थ्यो भनी लेखाई दिएको बकपत्र ।

प्रतिवादी लक्ष्मीप्रकाश सक्सेनाको साक्षी मनिष राईले प्रतिवादी लक्ष्मीप्रकाश सक्सेनाले मृतक श्रीमतीलाई कतर्व्य गरी मारे भन्ने कुरा झुठ्ठा हो । निज मृतक आफैँ आत्महत्या गरी मरेकी हुन् भनी अदालतमा आई गरेको बकपत्र ।

मौकामा कागज गर्ने कृष्णदेवी श्रेष्ठले अदालतमा आई बकपत्र गर्दा मृतकलाई मैले झुन्डिइरहेको अवस्थामा देखेको हो । निजलाई कसैले पनि कर्तव्य गरी मारेको होइन । निज आफैँ आत्महत्या गरी मरेको हुन् भनी गरीदिएको बकपत्र ।

मृतक सम्झनाको बुबा प्रदिप नारायण शाह निजले आत्महत्या गर्नु अघिल्लो दिन मात्र मृतकसँग भेटघाट गरी गएका थिए । बाबु छोरीबिच के भनाभन भयो त्यही कारणबाट मृतकले झुन्डिएर आत्महत्या गरेको हुनुपर्छ भनी मौकामा कागज गर्ने विरेन्द्रलाल श्रेष्ठले अदालतमा आई गरेको बकपत्र ।

जाहेरवाला प्रदिप नारायण शाह र अनुसन्धानको क्रममा कागज गर्ने कपिल शाहले अदालतमा बकपत्र गर्दा किटानीसाथ यिनै प्रतिवादीहरूले हाम्रो छोरी तथा बहिनीलाई कर्तव्य गरी मारी झुन्ड्याएको हो भनी गरेको बकपत्र ।

बुझिएका मानिस पुष्पा थापा क्षेत्री, शोभा नेपाली (दमाई), अम्बिका अधिकारी, शोभा थापा, मिना के.सी., मिरा बोगटी र बिभा के.सी.ले अदालतमा आई गरिदिएको बकपत्र ।

विशेषज्ञ प्र.ना.नि.नगेन्द्र विर सिंह थापा, विशेषज्ञ प्र.ना.उ. अम्बिकाप्रसाद धितालले हामीलाई प्राप्त विवादास्पद लिखत र प्राप्त भएका नमूना लिखतहरू जाँच गर्दा लिखतहरू एक आपसमा भिडी एकरूपता पाइयो भनी हामीले प्रतिवेदन दिएका हौं भनी अदालतमा आई गरिदिएको बकपत्र ।

फरार रहेको र म्यादमा हाजिर हुन नआएका प्रतिवादीहरू अनुपकुमार सक्सेना र सिमरन सक्सेनाको नाममा केही चलअचल श्रीसम्पत्ती नभएको भनी अ.बं.१९० नं. बमोजिम अंश रोक्का गर्ने प्रयोजनको लागि भएको डोरको सर्जमिन मुचुल्का मिसिल संलग्न रहेको ।

Hanging बाट मृत्यु हुनलाई शरीर तुर्लुङ्ग झुन्डिएको हुनुपर्छ भन्ने छैन । शरीरको अंगले कतै छोएको वा टेकेको अवस्थामा समेत मृत्यु हुन सक्छ । Hanging आत्महत्या हुनसक्छ भनी शव परीक्षण गर्ने डा. प्रमोद कुमार श्रेष्ठले मिति २०६५।१०।१७ गते अदालतमा आई गरिदिएको बकपत्र ।

अन्यथा प्रमाणित नभएको साथै झुन्डिएका लासहरू आत्महत्या हुन् । घाँटीमा पासो लागेकोबाहेक मृत्युको कारण अर्कै भेटिन्छ । झुन्डिएर मरेको देखाउनलाई लासलाई झुन्ड्याइन्छ त्यस्तो झुन्ड्याएको लासमा घाँटीमा देखिने डाम आफैँ झुन्डिएको हुनेभन्दा फरक हुन्छर झुन्ड्याउने प्रक्रियामा शरीरका अन्य भागमा बल प्रयोग भएका केही न केही चोट पटक, लछार पछार, घश्रण आदि चिह्नहरू फेला पर्न सक्छन् भनी उल्लेख गरी शव परीक्षण गर्ने डा. हरिहर वस्तीले मिति २०६५।१०।१७ गते अदालतमा आई गरेको बकपत्र ।

प्रतिवादी अनुपकुमार सक्सेना तथा सिमरन सक्सेनाको हकमा अ.बं.१९० नं. बमोजिम मुलतबीमा राखी दिने ठहर्छ । प्रतिवादी लक्ष्मीप्रकाश सक्सेनाले अभियोग दाबीबमोजिम कसुर गरेको हुँदा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्छ । प्रतिवादीमध्येकी रामदेवी सक्सेना तथा गंगादेवी श्रेष्ठका हकमा ज्यानसम्बन्धी महलको

१७ नं. को देहाय ३ नं. बमोजिम २ वर्ष ६ महिना जनही कैद सजाय हुने ठहर्छ । निजहरूको हकमा अभियोग मागदाबीबमोजिम ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग मागदाबी पुग्न सक्दैन । प्रतिवादी ओमप्रकाश सक्सेनाको हकमा अभियोग मागदाबी पुग्न नसकी आरोपित कसुरबाट सफाई पाउने ठहर्छ भन्ने सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६५।१२।३१ को फैसला ।

काठमाडौं जिल्ला अदालतको उक्त फैसलामा चित्त बुझेको छैन । मृतक सम्झना शाह सक्सेनाको मृत्यु Hanging बाट भएको भन्ने कुरा Autopsy, Report ले स्पष्टरूपमा देखाइरहेकोमा मृत्युको कारण Hanging भन्ने प्रस्ट उल्लेख छ । झुन्डिएर आत्महत्या गरी मरेको कुरा Autopsy Report बाट देखिँदादेखिँदै पनि हामीलाई कसुरदार ठहर्‍याएको फैसला त्रुटिपूर्ण छ । शवपरीक्षण गर्ने विशेषज्ञ डा. हरिहर वस्ती तथा डा. प्रमोदकुमार श्रेष्ठले अदालतसमक्ष गरेको बकपत्रसमेतबाट मृतक सम्झना शाहको मृत्यु आत्महत्याबाट भएको कुरा स्पष्ट देखिन्छ । साथै मृतकको कोठाबाट बराद भएको suicide note पनि मृतकले लेखेकोमा विवाद छैन । Suicide Note मानिस शोभा थापा, शोभा नेपाली, अनुसन्धानको क्रममा कागज गर्ने कपिल शाह र वस्तुस्थिति मुचुल्काका बिभा के.सी., मिरा के.सी., मिना के.सी. समेतका व्यक्तिहरू कर्तव्य गरेको तथा कर्तव्य गरी झुन्ड्याएको देख्ने प्रत्यक्षदर्शीहरू होइनन् । उल्लिखित व्यक्तिहरूको बकपत्र कथन शव परीक्षण प्रतिवेदन तथा लासजाँच प्रकृति मुचुल्काकै व्यहोराबाट खण्डित भएका छन् । तसर्थ हामीलाई २ वर्ष ६ महिना कैद गर्ने गरी काठमाडौं जिल्ला अदालतबाट भएको मिति २०६५।१२।३१ को फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी अभियोग मागदाबीबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी रामदेवी सक्सेना र गंगादेवी श्रेष्ठ (कारन्जित) ले पुनरावेदन अदालत, पाटनमा दिएको पुनरावेदन पत्र ।

काठमाडौं जिल्ला अदालतको मिति २०६५।१२।३१ को त्रुटिपूर्ण फैसलामा चित्त बुझेको छैन । मृतक सम्झना शाह सक्सेनाको मृत्यु Hanging बाट भएको भन्ने कुरा Autopsy Report ले स्पष्ट देखाइरहेको छ । मृत्युको कारण Hanging भन्ने स्पष्ट उल्लेख छ । झुन्डेर आत्महत्या गरी मरेको कुरा Autopsy Report बाट देखिँदादेखिँदै पनि मलाई कसुरदार ठहर्‍याएको फैसला पटक्कै मिलेको छैन । शव परीक्षण गर्ने विशेषज्ञ डा. हरिहर वस्तीको बकपत्रबाट मृतक सम्झना शाहको मृत्यु कर्तव्यबाट नभई आत्महत्याबाट भएको भन्ने कुरा स्पष्ट छ । झुन्डिएर मरेको लासहरूमा बहुत थोरै लक्षणहरू आमरूपमा देखिने तथ्य हुन् । बाहिरी जाँचको क्रममा एउटा पासोको डामबाहेक अन्य लक्षणहरू बहुसंख्यक लासहरूमा देखिँदैन । घाँटीभित्रका भित्री अंगहरूमा कुनै चोट पटक पनि बहुसंख्यक लासहरूमा देखिँदैन । खाली Judicial Hanging मा Spiral Cord भाँचिएको वा खुम्चेको पाउने हुन्छ । अन्य Hanging हरूमा सो पनि पाइँदैन । यदि कसैले कुनै पासोले व्यक्तिले घाँटी कसेमा घाँटीभित्रका अंगहरूमा चोटहरू देखिन्छन् । त्यसलाई Hanging नभनेर Ligature strangulation (अरूले घाँटी कसेको) भनी उल्लेख गरिन्छ । त्यसै गरी शव परीक्षण गर्ने विशेषज्ञ डा. प्रमोदकुमार श्रेष्ठले Hanging भनेको घाँटीमा पासोको कसाईले गर्दा हुने मृत्यु हो । त्यो पासोको कसाई चाहिँ शरीरको आफ्नै वजनको कारणले हुने गर्दछ । पासो कसिनासाथ दिमागबाट फर्किने नली बन्द हुन्छ र दिमागमा नयाँ रगतहरू आउन पाउँदैन जसले गर्दा अक्सिजनको कमी भई मान्छे बेहोस हुँदा शरीर लल्याकलुलुक हुन्छ र भुईतिर तन्किछ र घाँटीमा पासो कसिँदै गई अन्त्यमा मृत्यु हुन्छ । यो रगत आउने नसा बन्द हुनलाई २ किलोको प्रेसर नै प्रसस्त हुन्छ । तर एउटा वयस्क र होसमा भएको मानिसलाई झुन्ड्याउन खोज्दा झुन्ड्याइने

व्यक्तिले विरोध गर्दछ जुन विरोधका लक्षणहरू शरीरका अन्य भागमा चोट पटक देखिन्छन् भन्ने उल्लेख गरेबाट मृतक सम्झनाको मृत्यु आत्महत्याबाट भएको प्रस्ट छ । मृतकको कोठाबाट बरामद भएको Suicide Note मृतकले लेखेको कुरामा विवाद छैन । Suicide Note भनेकै आत्महत्या गर्ने संकल्प गरेका मानिसले लेख्ने गर्दछन् । जाहेरवाला प्रदिप नारायण, शाह बुझिएका मानिस शोभा थापा, शोभा नेपाली, अनुसन्धानको क्रममा कागज गर्ने कपिल शाह, वस्तुस्थिति मुचुल्काका बिभा के.सी., मिरा के.सी. समेतका व्यक्तिहरू घटनाका प्रत्यक्षदर्शी होइनन् । उल्लिखित खण्डित भएका छन् । तसर्थ मलाई सर्वस्वसहित जन्मकैद गर्ने काठमाडौं जिल्ला अदालतको मिति २०६५।१२।३१ को फैसला त्रुटिपूर्ण भएकोले बदर गरी उल्टाई अभियोग दाबीबाट सफाई पाउँ भन्नेसमेत प्रतिवादी लक्ष्मीप्रकाश सक्सेनाको कारागार कार्यालय जगन्नाथ देवलमार्फत पुनरावेदन अदालत, पाटनमा पर्न आएको पुनरावेदन पत्र ।

काठमाडौं जिल्ला अदालतको मिति २०६५।१२।३१ को त्रुटिपूर्ण फैसलामा चित्त बुझेन । सुरू जिल्ला अदालतले माग दाबीबमोजिम प्रतिवादी श्रीमती रामदेवी सक्सेना र गंगादेवी श्रेष्ठलाई बढी सजाय नगरी कम सजाय गर्ने र अर्का प्रतिवादी ओमप्रकाश सक्सेनालाई सफाई दिने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण छ । प्रतिवादीहरू लक्ष्मीप्रकाश सक्सेना, रामदेवी सक्सेना र गंगादेवी श्रेष्ठ वारदातका समयमा एकै ठाउँमा मृतकसँगै रहेको कुरा विवादरहित भई सुरू फैसलासमेतलाई सो तथ्य बयानलगायत अन्य अनुसन्धानको क्रममा बुझिएका सोही घरमा डेरा गरी बस्ने व्यक्तिहरू समेतले लेखाइदिएको अवस्था छ । चिकित्सकको प्रतिवेदन बकपत्रबाट मृतक सम्झनालाई पहिले बलपूर्वक मारी झुन्ड्याएको भन्ने देखिएको अवस्थामा जवान अवस्थाको मृत्युलाई जीवित अवस्थामा प्रतिवादी लक्ष्मीप्रकाश सक्सेनाले एक्लैले सो कार्य गर्न सक्ने अनुमान गर्न नसकिने भई सो वारदातमा एकभन्दा बढी व्यक्तिहरूको सहयोग मद्दतबाट मात्र उक्त कार्य सम्पन्न हुन सक्ने हुँदा मृतकलाई नियन्त्रणमा पारी मारी झुन्ड्याउनसमेत यी प्रतिवादीको संलग्नता बिना सम्भव नरहेको स्थिति र अवस्था प्रस्तुत वारदातको प्रकृतिबाट देखिएकोले प्रतिवादी रामदेवी सक्सेना र गंगादेवी श्रेष्ठले प्रस्तुत वारदात हुँदाका अवस्थामा सहमति मात्र जनाई टुलुटलु हेरी मात्र बसे होलान् भनी घटनाको प्रकृति एवं परिस्थितिजन्य अवस्थालाई अत्यन्त हलुकारूपमा लिई आत्मागत अनुमान गरी कम सजाय गरेको सुरूको फैसला मिलेको छैन । मृतक र घर परिवारकोबिचमा झगडा भई जाहेरवाला सो दिन घटना भएको उक्त घरमा प्रतिवादी लक्ष्मीप्रकाशसमेतले बाबु ओमप्रकाश सक्सेनाले निज बुहारी स्वयंले आत्महत्या गरेको हो भनी लेखाएबाट सो वारदातमा निजको संलग्नता थियो भनी पुष्टि हुन आएको अवस्थामा सुरू अदालतले अभियोगबाट सफाई दिएको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा बदर गरी प्रतिवादी रामदेवी सक्सेना, गंगादेवी श्रेष्ठ र ओमप्रकाश सक्सेनालाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत वादी नेपाल सरकारको पुनरावेदन अदालत, पाटनमा पर्न आएको पुनरावेदन पत्र ।

यसमा सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६५।१२।३१ को फैसलाउपर रामदेवी सक्सेना, गंगादेवी श्रेष्ठ र ओमप्रकाश सक्सेना विरूद्ध वादी नेपाल सरकारको पुनरावेदन परेको सो फैसलाउपर चित्त नबुझी प्रतिवादी रामदेवी सक्सेना र गंगादेवी श्रेष्ठ तथा लक्ष्मीप्रकाश सक्सेनाकोसमेत पुनरावेदन पर्न आएको देखिँदा प्रतिवादीहरूको पुनरावेदन वादी नेपाल सरकारको हकमा परेको जानकारी पुनरावेदक प्रतिवादीलाई गराई प्रतिवादीमध्येका ओमप्रकाश सक्सेनाको हकमा भए वा अवधि नाघेपछि लगाउका मुद्दासमेत साथै राखी नियमानुसार गर्नु भन्नेसमेत

पुनरावेदन अदालत, पाटनबाट मिति २०६६।८।१६ मा भएको आदेश।

यसमा प्रहरी अनुसन्धानका क्रममा रोहित प्रधान, दिनेश श्रेष्ठ, चेतबहादुर महत तथा राजुमान सिंह कुँवरसमेतलाई बुझिएको देखियो। तर अभियोजन पक्षले निजहरूलाई अदालतमा उपस्थित गराई निजहरूको मौकाको कागजको प्रसङ्ग उल्लेख गर्दै बकपत्र हुन नसकेको कारण जनाई प्रतिवादीले दिएको Alibi को दाबी पुष्टि नहुने भन्दै घटनाको समयमा प्रतिवादी लक्ष्मीप्रकाश आफ्नै घरमा रहेको भन्ने निष्कर्षमा पुगेको अवस्था देखियो। निजहरू राजुमानसमेतका व्यक्तिहरूले मौकामा गरेको कागज हेर्दा अभियोगजनलाई समर्थन गर्नेभन्दा खण्डन गर्नेसम्बन्धी तथ्यहरू उल्लेख गरेको देखिँदा त्यस प्रकारका व्यक्तिलाई अभियोजन पक्षले अदालतमा उपस्थित गराओस् भन्ने स्वाभाविक न्यायिक अपेक्षा रहने भए पनि उपस्थितिको भरोसा राखी हाल्न त्यति व्यावहारिक देखिएन। अर्कातर्फ मुद्दामा स्वच्छ सुनुवाईको लागि मुद्दामा ठहर गर्नुपर्ने प्रश्नलाई समर्थन गर्ने वा खण्डन गर्ने मिसिलबाट देखिएका तथ्य प्रमाणहरूको अदालतबाट परीक्षण हुनु मनासिब देखिन्छ। त्यसैले माथि उल्लिखित रोहित प्रधानसमेतका ४ जना मानिसलाई बकपत्रका लागि उपस्थित हुन ७ दिनको म्याद दिई समाह्वान जारी गरी झिकाई अदालतका तर्फबाट सोधपुछ गर्ने र जिरह गर्न चाहेमा वादी प्रतिवादी दुवै जनालाई जिरह गर्ने मौका दिई बकपत्र गराई पेस गर्नु। उपस्थित हुन नआएमा नियमानुसार गरी पेस गर्नु भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनबाट मिति २०६६।१२।३१ मा भएको आदेश।

मिति २०६३।४।११ का दिन राति १०.३० बजे गेट टुगेदर गरेर आएको भनी प्रतिवादी मेरो घरमा आएका थिए। सो मिति २०६३।४।११ का दिन राति मेरै घरमा बसेका थिए। भोलिपल्ट बिहान ७.३० बजे उसको मोबाइलमा फोन आयो र मलाई उठायो। मैले गेट खोली दिएँ र ऊ घर गयो। बिहान १०.३० बजे मलाई मेरो एक जना सुरेन्द्र भन्ने साथीले फोन गरेर घटनाको बारेमा भन्दा उसको घर जाँदा लक्ष्मीप्रकाश सक्सेनाको श्रीमतीलाई झुन्डिएर मरेको अवस्थामा देखेको हुँ। मैले तलबाट हेर्दा झुन्डिएको देखेको हुँ। माथि गइनँ भन्नेसमेत प्रहरीमा कागज गर्ने राजुमान सिंहले पुनरावेदन अदालत, पाटनमा गरेको बकपत्र।

मिति २०६३।४।११ गते गैरीधाराको नान सेकुवा पसलमा रूपेस, दिनेश, म र लक्ष्मीप्रकाश सक्सेना भई राति १० बजेसम्म त्यही सेकुवा कर्नरमा सेकुवा खायौं त्यसपछि लक्ष्मीप्रकाश सक्सेना बाहिर निस्कनुभयो। म आफ्नो कोठामा गई सुतेँ। भोलिपल्ट पोखरा गएँ। १३ गते पोखराबाट मेनपावरमा फोन गर्दा यो घटना घटेको थाहा पाएँ। उक्त घटना मैले देखेको छैन भन्नेसमेत अनुसन्धानका क्रममा कागज गर्न चेतबहादुर महतले पुनरावेदन अदालत, पाटनमा गरेको बकपत्र।

यसमा यसै लगाउको नं. १२६६ को मुद्दामा वादी तथा प्रतिवादीहरूका तर्फबाट परेको पुनरावेदनको जानकारी एक अर्कालाई गराउने तथा अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाउने आदेश भएकोले प्रस्तुत मुद्दासमेत सोसँग अन्तरप्रभावी हुँदा वादी नेपाल सरकारको हकमा पुनरावेदन सरकारी वकिल कार्यालय, पाटनलाई सूचना पठाई नियमानुसार गरी पेस गर्नू भन्ने पुनरावेदन अदालत, पाटनबाट मिति २०६६।८।१६ मा स.फौ.पु.नं. ९३०/१६७६ मा भएको आदेश।

यसमा पुनरावेदक गंगादेवी श्रेष्ठका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री प्रकाश राउतले पुनरावेदकमध्येका प्रतिवादी रामदेवी सक्सेनाको मृत्यु २०६७।२।२२ मा भएको भन्नुभएको र निजका पति ओमप्रकाश सक्सेनाले मिति २०६७।३।३२ मा निवेदन गर्नु भएको र सो कुराको प्रमाणिकता निश्चय

गरी मिसिल सामेल भएको नदेखिँदा निजको मृत्यु सम्बन्धमा महानगरीय प्रहरी कार्यालयबाट समेत छानबिन भएको भन्ने कथन प्रतिवादीका तर्फबाट उपस्थित अधिवक्ताले उल्लेख गर्नु भएकोले सो विवादको लागि मृतकको छोरा यसै लगाउको फौ.पु.नं. १६८५ नं. का पुनरावेदक लक्ष्मीप्रकाश सक्सेनाबाट कागज गराई जानकारी लिई महानगरीय प्रहरी कार्यालय, हनुमानढोकाबाट सोको प्रमाणिकता बुझी पठाइदिन लेखी जवाफ आएपछि लगाउको मुद्दा साथै राखी नियमानुसार पेस गर्नु भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।४।२५ मा भएको आदेश।

यसै मुद्दामा मेरो आमा रामदेवी सक्सेना २ वर्ष ६ महिना जेलमा बसी जेल मुक्त भएपश्चात् प्रस्तुत मुद्दामा पुनरावेदन गरेकी थिइन । मिति २०६७।२।२२ गते दिउँसो ४.०० बजेको समयमा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३ महाराजगन्जस्थित आफ्नै घरको कोठामा आमा रामदेवी सक्सेनाको कर्तव्य गरी मारेको अवस्थामा फेला पारेको भन्ने मिति २०६७।२।२३ गते आफ्नै सानी आमा कृष्णदेवी श्रेष्ठले भनी थाहा पाएपश्चात् र सोही कारागार कार्यालयबाट पशुपतिमा गई दाहसंस्कार गरेको हुँ । मेरो आमा रामदेवी सक्सेनाको मृत्यु सम्बन्धमा यसै कार्यालयबाट अनुसन्धान भइरहेको छ भन्नेसमेत प्रतिवादी लक्ष्मीप्रकाश सक्सेनाले महानगरीय प्रहरी वृत्त, महाराजगन्ज काठमाडौंका अनुसन्धान अधिकृतसमक्ष मिति २०६७।५।७ मा गरेको कागज।

मिति २०६३।४।११ गते राति अन्दाजी ८ बजेतिर गैरीधारा सेकुवा कर्नरमा म रूपेस चेत महत्त्वपूर्ण गुभाजु, लक्ष्मीप्रकाश सक्सेनाको सेकुवा खाई अन्दाजी १० बजेतिर खानपिन सकेर म आफ्नो घर गएँ। त्यसपछि ऊ कता गयो थाहा भएन। भोलिपल्ट बिहान अफिसमा बसिरहेको बेला सो घटना थाहा पाएको हुँ। अरू केही थाहा छैन भन्नेसमेत व्यहोराको अनुसन्धानका क्रममा कागज गर्ने दिनेश श्रेष्ठले यस पुनरावेदन अदालत, पाटनमा गरेको बकपत्र।

वस्तुस्थिति मुचुल्काका विभा के.सी.ले गरेको बकपत्र मौकामा बुझिएका व्यक्तिहरूले गरेको पोल तथा अन्य परिस्थितिजन्य प्रमाण र सुनियोजित तरिकाले मृतक निदाएको अवस्थामा कर्तव्य गरी मार्दा संघर्षका चिह्नहरू देखा पर्दछ पर्दैन भन्ने विशेषज्ञको बकपत्रबाट खुल्न आएको पाइँदैन। यस किसिमका परिस्थिति जन्य प्रमाणसमेतबाट प्रतिवादी लक्ष्मीप्रकाश सक्सेनाको कर्तव्यबाटै मृत्यु भएको पुष्टि हुन आएकोले प्रतिवादी लक्ष्मीप्रकाश सक्सेनाले अभियोग दाबीबमोजिम कसुर गरेको हुँदा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिसम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्छ । प्रतिवादीमध्येकी रामदेवी सक्सेना तथा गंगादेवी श्रेष्ठका हकमा ज्यानसम्बन्धी महलको १७ नं. को देहाय ३ नं. बमोजिम २ वर्ष ६ महिना जनही कैद सजाय हुने ठहर्छ । निजहरूको हकमा अभियोग माग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रतिवादी ओमप्रकाश सक्सेनाको हकमा अभियोग मागदाबी पुग्न नसकी आरोपित कसुरबाट सफाई पाउने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनको मिति २०६७।६।१२ को फैसला।

अभियोजन दाबी पुष्टि गर्ने परिस्थितिजन्य प्रमाणको रूपमा जाहेरवालाको किटानी जाहेरी दरखास्त र म पुनरावेदक र मृतकबिच विवाहपश्चात्को सम्बन्ध अर्थात् पारिवारिक वातावरणलाई जहाँतहीँ उल्लेख गरी सो मात्रलाई आधार लिई सुरू फैसला सदर कायम हुने गरी त्रुटिपूर्ण फैसला गरिएको छ । मिसिल संलग्न जाहेरी दरखास्तहरू हेरिएमा जाहेरवाला

प्रदिपनारायण शाहले प्रथम पटक मिति २०६३।४।१२ मा र पुनः २०६३।४।१५ मा गरी दुई पटक जाहेरी दिएका छन्। मृतक र म पुनरावेदकबिच सम्बन्ध नराम्रो रहेको तथ्य मिसिल संलग्न प्रमाणहरूबाट कहीँ कतै देखिँदैन । मलाई दोषी करार गर्दा निश्चयात्मक ठोस सबुद प्रमाणको अभावमा कसुरदार कायम गरिएको छ । अधिकारप्राप्त अधिकारीसमक्षको मेरो प्रारम्भिक बयान र अदालतमा गरेको बयान साथै मेरो साक्षीले अदालतसमक्ष आई गरेको बकपत्र साथै सम्मानित पुनरावेदन अदालतको आदेशअनुसार झिकाइएका व्यक्ति दिनेश श्रेष्ठ, चेतबहादुर महत राजुमान सिंह कुँवर आदिको बकपत्र कागजलगायतले मेरो कसुरमा रहेको इन्कारी मिसिल संलग्न रहेकै प्रमाणहरूले तथ्ययुक्त समर्थन गरेकै अवस्था छ । मिसिल संलग्न वस्तुनिष्ठ प्रमाणहरूलाई बाहेक गरी विशेषज्ञसमेतको बयानलाई अपव्याख्या गरी फैसला भएको छ । शव परीक्षण गर्ने विशेषज्ञको अदालतमा भएको बकपत्रसमेतले मृतक सम्झना शाह सक्सेनाको मृत्यु झुन्डिएर आत्महत्या गरेकोलाई पुष्टि गरेको छ । घटना भएको समय म घरमा नभएको अन्यत्र रहेको स्थापित तथ्यलाई सम्मानित पुनरावेदन अदालतले बेवास्ता गरेको छ। Suicide Note समेत मृतकको कोठाबाट बरामद भएको छ र उक्त Suicide Note मृतकले लेखेकोमा विवाद छैन । सो मृत्युकालीन घोषणा मृतकबाट किन लेखियो, कुन प्रयोजनको लागि लेखिएको हो भन्नेतर्फ फैसलाले न्यायिक मन नै प्रयोग नै भएको छैन। तसर्थ मलाई सर्वस्वसहित जन्मकैद गर्ने काठमाडौं जिल्ला अदालतको मिति २०६५।१२।३१ को फैसलालाई सदर गरेको मिति २०६७।६।१२ को पुनरावेदन अदालत, पाटनको फैसला प्रस्टतया प्रमाणको मूल्याङ्कनविहीन हचुवा र मनोगत हुँदा उक्त दुवै फैसला बदर गरी उल्ट्याई अभियोग दाबीबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको लक्ष्मीप्रकाश सक्सेनाले यस अदालतमा गरेको पुनरावेदन पत्र।

मृतकलाई नियन्त्रणमा लिई मारी झुन्ड्याउनसमेत यी प्रतिवादीहरू रामदेवी सक्सेना, गंगादेवी श्रेष्ठसमेतको संलग्नता बिना सम्भव नरहेको स्थिति र अवस्था प्रस्तुत वारदातको प्रकृतिबाट देखिएको छ । वारदात हुँदा सोही ठाउँमा रहेका प्रतिवादी रामदेवी सक्सेना र गंगादेवी श्रेष्ठले प्रस्तुत वारदात हुँदाका अवस्थामा सहमति मात्र जनाई टुलुटुलु हेरी बसेका थिए भनी घटनाको प्रकृति एवं परिस्थितिजन्य अवस्थालाई अत्यन्त हलुकारूपमा लिई आत्मनिष्ठ रूपमा अभियोग दाबीभन्दा भिन्न कसुर कायम गर्ने गरी कम सजाय गरेको पुनरावेदन अदालत, पाटनको फैसलामा मिसिल संलग्न रहेका आधार प्रमाणको उचित मूल्याङ्कन र विवेचना हुन सकेको छैन। मृतक सम्झना शाह (सक्सेना) र निजको घर परिवारका सदस्यहरूबिचमा झगडा हुने गरेको र सो वारदात भएको दिन पनि उक्त घरमा झगडा भएको हुँदा जाहेरवाला उक्त घरमा गएकोमा प्रतिवादी लक्ष्मीप्रकाशसमेतले बाबु ओमप्रकाशलाई बोलाई झगडा मिलाउँछौं भनी निजलाई फर्काएको भन्ने देखिन्छ। प्रतिवादी ओमप्रकाशले आफैँले आफ्नो घरको समस्या समाधन गर्न पहल गरेको भन्ने चाहिँ कहीँ कतै देखिँदैन। निज प्रतिवादी ओमप्रकाश सक्सेना मृतक र अन्य घर परिवारका सदस्यबिच नराम्रो सम्बन्ध रहेको थाहा पाएर पनि सोतर्फ उदासिन देखिन्छ । प्रस्तुत वारदात स्पष्टरूपमा कर्तव्य देखिएको र उक्त वारदात घर परिवारका सबै सदस्यहरूको मिलेमतो समेतलाई निजहरूको गलत क्रियाबाट उन्मुक्ति प्रदान गर्ने गरी भएको उक्त फैसला त्रुटिपूर्ण छ। प्रतिवादी ओमप्रकाश सक्सेनालाई सफाई दिएको फैसला मिसिल संलग्न प्रमाणको रोहमा त्रुटिपूर्ण हुँदा बदरभागी छ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पर्न आएको पुनरावेदन पत्र।

मृतक सम्झना शाहको मृत्यु हत्याबाट नभई आत्महत्याबाट भएको भन्ने Autopsy Report मा

मृत्युको कारण Hanging भन्ने स्पष्ट उल्लेख छ। शव परीक्षण गर्ने विशेषज्ञको बकपत्रसमेतले मृतक सम्झना शाहको मृत्यु आफैँ झुन्डिएर आत्महत्या गरी भएको भन्ने पुष्टि भएको छ। विशेषज्ञ तथा चिकित्सकले दिएको आधिकारिक रायलाई विवाद नभएको अवस्थामा अनुमानगत आधारमा अन्यथा सोच्न मिल्दैन । चिकित्सकको भनाइ र लास प्रकृति मुचुल्कामा उल्लिखित कुराहरूबिच मेल खाएको प्रस्तुत मुद्दामा विशेषज्ञ तथा चिकित्सकले दिएको राय अनिवार्यरूपमा प्रमाणमा लिनुपर्ने हुन्छ। त्यसतर्फ फैसलामा न्यायिक मन प्रयोग भएको छैन। विशेषज्ञको राय उपेक्षा गरिएको छ। मृतकले मर्ने अठोट गरी आफैँले Suicide Note लेखेको परिप्रेक्ष्यमा मृतकको मृत्यु कर्तव्य नभई आत्महत्याबाट भएको मालाकाररूपमा जोडिएको प्रमाणबाट स्पष्ट छ। म पुनरावेदकको इन्कारीलाई मेरो साक्षी रितादेवी कारन्जितले अदालतमा गरिदिनु भएको बकपत्र, शव परीक्षण प्रतिवेदन, लासजाँच प्रकृति मुचुल्का तथा चिकित्सकको बकपत्रले समर्थन गरेको अवस्था स्पष्ट छ। मेरो इन्कारी बयानलाई फैसलाले समुचित न्यायिक विवेचना गरेको छैन । तसर्थ पुनरावेदन अदालतको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको गंगादेवी श्रेष्ठको यस अदालतमा गरेको पुनरावेदन पत्र।

यसमा प्रतिवादीहरू तथा वादी नेपाल सरकार दुवै पक्षका तर्फबाट पुनरावेदन परेको देखिँदा अ.बं. २०२ नं. को प्रयोजनार्थ नेपाल सरकारको पुनरावेदन परेको हकमा उक्त पुनरावेदन विपक्षी प्रतिवादीहरूलाई सुनाउने र प्रतिवादीहरूको पुनरावेदन परेको हकमा महान्यायाधिवक्ताको कार्यालयलाई सूचना दिई नियमानुसार गरी पेस गर्नु भन्नेसमेत व्यहोराको मिति २०७०।५।३ को यस अदालतको आदेश।

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनुभएका विद्वान् सहन्यायाधिवक्ता रमा पराजुलीले प्रतिवादी ओमप्रकाश सक्सेना मृतक र अन्य घर परिवारका सदस्यबिच नराम्रो सम्बन्ध रहेको थाहा पाएर पनि सोतर्फ उदासिन रहेको देखिन्छ । सबै सदस्यहरूको मिलेमतोबाट कर्तव्य गरी मृत्यु भएको कुरालाई बेवास्ता गरी प्रतिवादी ओमप्रकाश सक्सेनालाई उन्मुक्ति दिएको पाइन्छ । प्रतिवादी ओमप्रकाश सक्सेनालाई परिस्थितिजन्य प्रमाणले कसुरदार ठहर गर्नुपर्नेमा निजलाई सफाई दिने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको फैसला सो हदसम्म उल्टी गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

त्यसै गरी पुनरावेदक प्रतिवादी लक्ष्मीप्रकाश सक्सेनासमेतको तर्फबाट वरिष्ठ अधिवक्ता कृष्णप्रसाद सापकोटा र कमलेश द्विवेदीले मारेर झुन्ड्याइएको लक्षण वस्तुस्थिति मुचुल्का र घटनास्थल मुचुल्काबाट समर्थन हुँदैन । लक्ष्मीप्रकाश सक्सेनाको Alibi को जिकिर पनि रहेको छ। Postmortem Report बाट Hanging नै रहेको स्पष्ट देखिन्छ विशेषज्ञसमेतको बकपत्रलाई अपव्याख्या गरी फैसला भएको छ । शव परीक्षण गर्ने विशेषज्ञको अदालतमा भएको बकपत्रसमेतले मृतक सम्झना शाह सक्सेनाको मृत्यु झुन्डिएर आत्महत्या गरेकोलाई पुष्टि गरेको छ। Suicide Note समेत मृतकको कोठाबाट बरामद भएको छ र उक्त Suicide Note मृतकले लेखेकोमा विवाद छैन। सो मृत्युकालीन घोषणा मृतकबाट किन लेखियो, कुन प्रयोजनको लागि लेखिएको हो भन्नेतर्फ फैसलामा न्यायिक मनको प्रयोग नै भएको छैन । प्रतिवादीका साक्षीहरूको बयान व्यहोरालाई प्रमाणमा ग्रहण नै नगरी भएको त्रटिपूर्ण फैसला उल्टी गरी प्रतिवादी लक्ष्मीप्रकाश सक्सेना र गंगादेवी श्रेष्ठलाई अभियोग दाबीबाट सफाई दिलाई पाउँ भनी बहस जिकिर प्रस्तुत गर्नुभयो।

उल्लिखित विद्वान् कानून व्यवसायीहरूको तर्कपूर्ण बहस जिकिरसमेत सुनी मिसिल संलग्न

पुनरावेदन पत्र तथा सुरू र पुनरावेदन अदालतबाट भएको फैसलासहितका मिसिल कागजातहरू समेत अध्ययन गरी हेर्दा पुनरावेदन अदालत, पाटनको फैसला मिलेको छ, छैन ? पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरबमोजिम प्रतिवादी ओमप्रकाश सक्सेनालाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने हो होइन? प्रतिवादी लक्ष्मीप्रकाश सक्सेना र प्रतिवादी गंगादेवी श्रेष्ठले अभियोग दाबीबाट सफाई पाउनु पर्ने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादी लक्ष्मीप्रकाश सक्सेना, रामदेवी सक्सेना, अनुपकुमार सक्सेना, ओमप्रकाश सक्सेना, सिमरन सक्सेना र गंगादेवी श्रेष्ठसमेतका ६ जनाले जाहेरवालाको छोरी सम्झना शाह (सक्सेना) लाई कर्तव्य गरी मारी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३ (३) नं. अनुसारको कसुर अपराध गरेकोले प्रतिवादीहरूलाई सोही महलको १३ नं. को देहाय दफा ३ बमोजिम सजाय हुन अभियोग मागदाबी रहेकोमा सुरू काठमाडौं जिल्ला अदालतबाट फैसला हुँदा प्रतिवादी लक्ष्मीप्रकाश सक्सेनालाई अभियोग माग दाबीबमोजिम र अन्य प्रतिवादीमध्ये रामदेवी सक्सेना र गंगादेवी श्रेष्ठलाई सोही महलको १७ (३) नं. बमोजिम २ वर्ष ६ महिना कैद तथा प्रतिवादी ओमप्रकाश सक्सेनालाई अभियोग मागदाबीबाट सफाइ हुने ठहरी फैसला भएउपर प्रतिवादी लक्ष्मीप्रकाश सक्सेना, रामदेवी श्रेष्ठ (सक्सेना) तथा गंगादेवी श्रेष्ठले अभियोग मागदाबी बाट पुरै सफाई पाउँ भनी तथा वादी नेपाल सरकारको तर्फबाट रामदेवी सक्सेना र गंगादेवी श्रेष्ठ र ओमप्रकाश सक्सेनालाई समेत अभियोग मागदाबीअनुसार पुरै सजाय गरिपाउँ भनी पुनरावेदन अदालत, पाटनमा पुनरावेदन परेकोमा पुनरावेदन अदालत, पाटनबाट फैसला हुँदा सुरू काठमाडौं जिल्ला अदालतकै फैसला सदर हुने ठहरी फैसला भएउपर वादी नेपाल सरकारको तर्फबाट प्रतिवादी ओमप्रकाश सक्सेनालाई समेत अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भनी तथा प्रतिवादी लक्ष्मीप्रकाश सक्सेना र गंगादेवी सक्सेनाले अभियोग दाबीबाट सफाई पाउँ भनी यस अदालतमा पुनरावेदन परी निर्णयार्थ पेस हुन आएको देखियो ।

३. पुनरावेदक वादी नेपाल सरकारले प्रतिवादी ओमप्रकाश सक्सेना मृतक र अन्य घर परिवारका सदस्यबिच नराम्रो सम्बन्ध रहेको थाहा पाएर पनि सोतर्फ उदासिन रहेको घर परिवारका सबै सदस्यहरूको मिलेमतोबाट सम्झना शाहलाई कर्तव्य गरी मारेको परिस्थितिजन्य प्रमाणबाट पुष्टि भइरहेको कुरालाई बेवास्ता गरी प्रतिवादी ओमप्रकाश सक्सेनालाई सफाई दिने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको फैसला सो हदसम्म उल्टी गरिपाउँ भनी तथा प्रतिवादी लक्ष्मीप्रकाश सक्सेना तथा गंगादेवी श्रेष्ठले मारेर झुन्ड्याइएको लक्षण वस्तुस्थिति मुचुल्का र घटनास्थल मुचुल्काबाट समर्थन हुँदैन । लक्ष्मीप्रकाश सक्सेनाको Alibi को जिकिर पनि रहेको छ । Postmortem Report बाट Hanging नै रहेको स्पष्ट देखिन्छ । विशेषज्ञसमेतको बकपत्रलाई अपव्याख्या गरी फैसला भएको छ । शव परीक्षण गर्ने विशेषज्ञको अदालतमा भएको बकपत्रसमेतले मृतक सम्झना शाह सक्सेनाको मृत्यु झुन्डिएर आत्महत्या गरेकोलाई पुष्टि गरेको छ । Suicide Note समेत मृतकको कोठाबाट बरामद भएको छ Suicide Note मृतकबाट किन लेखियो भन्नेतर्फ फैसलामा न्यायिक मनको प्रयोग नै भएको छैन । उक्त त्रुटिपूर्ण फैसला उल्टी गरी लक्ष्मीप्रकाश सक्सेना र गंगादेवी श्रेष्ठलाई अभियोग दाबीबाट सफाई दिलाई पाउँ भनी यस अदालतमा पुनरावेदन गरेको देखिन्छ ।

४. प्रस्तुत मुद्दामा मृतक सम्झना सक्सेनाका बाबु प्रदिप नारायणले छोरी सम्झनाको देवरले तपाइँको छोरी झुन्डिएर मरिन भनी खबर गरेकोले घटनास्थलमा गई हेर्दा छोरी सम्झना शाह (सक्सेना) घरको छतको पानी ट्याङ्की राख्ने फलामको डन्डीमा रातो सल

कपडाको पासो लागी झुन्डिइरहेको दुवै हात फलामको डन्डीलाई काखी च्यापेको, दुवै खुट्टाले भुई टेकेको अवस्थामा लास रहेको देखेँ । छोरीलाई परिवारका सदस्यहरू मिली कर्तव्य गरी मारेकोमा शंका लाग्छ, छानविन होस् भनी जाहेरी दिएपछि प्रस्तुत मुद्दाको अनुसन्धानको प्रक्रिया अगाडि बढेको देखिन्छ ।

५. घटनास्थल मुचुल्का हेर्दा ओमप्रकाश सक्सेनाको ४$^{१}/_{२}$ तल्ले पक्की घरको मेन ढोका पूर्वतर्फ फर्केको माथि जाने भर्याङ्ग उत्तरपट्टिबाट रहेको देखिएको र सबैभन्दा माथि कौसीको पानी राख्नको लागि तयार भएको आधा तल्ले छत रहेको सो छतमा २ वटा ५०० लिटरको पानी ट्याङ्की रहेको सोभन्दा उत्तरपट्टि फलामद्वारा जडित पानी ट्याङ्की राख्नको लागि जडित फलामको र्‍याग रहेको र उक्त ट्याङ्कीको भुइँदेखि ट्याङ्कीको बलोमा बाँधेको सलमा मृतकको लास झुन्डिएको अवस्थामा रहेको दुवै खुटाको अगाडिको पन्जाको भागले भुईंमा टेकेको पछाडिको कुरकुच्चाको भाग भुईंमा नछोएको माथि उठेको अवस्थामा रहेको भन्ने देखिन्छ भने शव परीक्षण प्रतिवेदनमा Cause of death मा हेर्दा Hanging भनी लेखिएको देखिन्छ ।

६. प्रतिवादी लक्ष्मीप्रकाश सक्सेनाको अधिकारप्राप्त अधिकारीसमक्षको बयान व्यहोरा हेर्दा मृतक सम्झना साह र आफ्नो बिचमा मागी विवाह भएको र २/३ महिनासम्म सम्बन्ध राम्रै थियो र मेरो सुगर रोगको कारणले मसँग टाढिँदै गएको र उनीबाट म पनि टाढाटाढा भएको थिएँ । खाना खाँदासमेत पस्केर हिँड्ने गरेको कारणले म घरदेखि बाहिर बस्ने गरेको थिएँ । हामीहरूबिचको सम्बन्ध नभए पनि मैले सम्झनालाई कहिल्यै कुटपिट गरेको छैन र निजलाई हत्या गरी झुन्ड्याएकोसमेत होइन । किन मउपर प्रदिप नारायण शाहले किटानी जाहेरी गरे मलाई थाहा भएन । उक्त दिन म घरमा समेत थिइनँ । मृतक सम्झनाको लास झुन्डिएको अवस्थामा देखेर हेर्न पनि नसकी अरूले मलाई छतबाट तल झारेका हुन् भनी आरोपित कसुरमा पूर्णतः इन्कारी रहेको देखिन्छ भने अदालतसमक्ष बयान गर्दासमेत अनुसन्धान अधिकारीसमक्ष भएको बयान समर्थन हुने गरी बयान गरेको देखिन्छ । प्रतिवादी ओमप्रकाश सक्सेना, गंगादेवी श्रेष्ठ, रामदेवी सक्सेनाले अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्ष गरेको बयानमा आरोपित कसुरमा पूर्णतः इन्कार रही बयान गरेको देखिन्छ ।

७. प्रतिवादी गंगादेवीको साक्षी रितादेवी कारंजित, प्रतिवादी लक्ष्मीप्रकाश सक्सेनाका साक्षी मनिस राईले यी प्रतिवादीहरूले मृतक सम्झनालाई कर्तव्य गरी मारेका होइनन् भनी प्रतिवादीहरूको बयान व्यहोरा समर्थित हुने गरी बकपत्र गरिदिएको देखिन्छ । त्यसैगरी बुझिएकी पुष्पा थापा क्षेत्री, अम्बिका अधिकारी, शोभा थापा, शोभा नेपाली दमाईले गरेको बकपत्रमा मृतकलाई कुटपिट गरेको देखेको होइन भनी बकपत्र गरेको देखिन्छ । मौकामा कागज गर्ने विरेन्द्रलाल श्रेष्ठले समेत अदालतमा आई बकपत्र गर्दा मृतक सम्झनाले झुन्डिएर आत्महत्या गरेको हुनुपर्छ भनी बकपत्र गरेको देखिन्छ । मौकामा कागज गर्ने कृष्णदेवी श्रेष्ठले मृतकको परिवारसँगको सम्बन्ध राम्रो थियो । प्रतिवादीहरूले मृतक सम्झनालाई कर्तव्य गरी मारेका होइनन् । अभियोग मागदाबीबाट सफाई पाउनुपर्छ भनी बकपत्र गरेका छन् । बुझिएका मानिसहरूको बकपत्र व्यहोराबाट मृतकलाई कुटपिट गरेको आफूले नदेखेको, शंकासम्म व्यक्त गरेको देखिन्छ र निजहरू घटनाका प्रत्यक्षदर्शी होइनन् भन्ने कुरा स्पष्टरूपमा देखिन आएको छ । मृत्युको कारण कर्तव्य नै हो भनी शंकासम्म व्यक्त गरेको देखिँदा निजहरूको भनाइ प्रतिवादीहरूलाई दोषी करार गर्नका लागि सहयोग पुग्ने देखिँदैन । निजहरूको उक्त भनाइ प्रमाणमा ग्रहण गर्नका लागि अन्य स्वतन्त्र प्रमाणहरूबाट ग्रहण गर्नका लागि अन्य स्वतन्त्र प्रमाणहरूबाट पुष्टि भएको देखिनु पर्दछ ।

८. लास जाँच गर्ने चिकित्सकहरू डा.

प्रमोदकुमार र डा. हरिहर वस्तीले अदालतमा आई बकपत्र गर्दा सुरू शव परीक्षण प्रतिवेदनको लेखिएको Cause of Death मा Hanging बाट नै मृतकको मृत्यु भएको थप पुष्टि हुने गरी बकपत्र गरिदिएको अवस्थाबाट ज्यान जस्तो गम्भीर फौजदारी अभियोगमा जाहेरी व्यहोरालाई अकाट्य वैज्ञानिक प्रमाणबाट पुष्टि नभएसम्म दोषी करार गर्ने हो भने फौजदारी न्यायको मर्म र भावनाविपरीत हुन जान्छ । शव परीक्षण प्रतिवेदनबाट Hanging भन्ने देखिएको र शव परीक्षण गर्ने चिकित्सकहरू कर्तव्य गरी मारेको वा घाँटी थिचेको अवस्था थियो भने सो कुरा शव परीक्षण प्रतिवेदनबाट स्पष्ट प्रमाणित हुनुपर्दछ । घाँटीमा हातले थिचेको डामहरू देखिनुपर्ने हुन्छ । शव परीक्षण प्रतिवेदनबाट मृत्युको कारण Hanging नै भनिएको छ र अदालतमा आई गरेको बकपत्रमा Judicial Hanging मा Spinal cord भाँचिएको वा खुस्किएको पाइन्छ । अन्य Hanging हरूमा सो पाइँदैन । विश्वव्यापी तथ्य यो छ कि अन्यथा प्रमाणित नभएमा सबै झुन्डिएका लासहरू आत्महत्या हुन् भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । त्यसै गरी झुन्डिएका मरेको देखाउनलाई लासलाई झुन्डिएको भन्दा फरक हुन्छ र झुन्ड्याउने प्रक्रियामा शरीरका अन्य भागमा बल प्रयोग भएका केही न केही चोटपटक, लछारपछार घर्षण आदि चिह्नहरू फेला पर्न सक्छन् । यदि कसैले कुनै पासोले व्यक्तिको घाँटी कसेमा घाँटीभित्रका अंगमा प्रशस्त चोटहरू देखिन्छन् र त्यसलाई Hanging नभनेर Ligature Strangulation (अरूले घाँटी कसेको) भनी उल्लेख गरिन्छ भनी स्पष्ट ढङ्गले बकपत्र गरेको देखिन्छ ।

९. शव परीक्षण प्रतिवेदनमा संलग्न चिकित्सकहरूले अदालतमा आई बकपत्र गर्दा त्यही Hanging भनी लेखिएको प्रतिवेदनको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको देखिएको र मौकामा बुझिएका अम्बिका अधिकारी, शोभा दमाई, शोभा थापा तथा पुष्पा थापा र कृष्णदेवी श्रेष्ठसमेतले अदालतमा गरेको बकपत्रमा कर्तव्य गरी मारेको आफूले नदेखेको शंकासम्म व्यक्त गरेको र कतिपयले मृतक सम्झनालाई कर्तव्य गरेर मारे जस्तो लाग्दैन भनी लेखाई दिएको देखिँदा शव परीक्षण गर्ने चिकित्सकहरूको भनाईलाई थप समर्थन भएको देखिन्छ । मौकामा कागज गर्ने विरेन्द्रलाल श्रेष्ठले त मृतक सम्झनाको मृत्यु आत्महत्या नै भएको लेखाइदिएका छन् भने प्रतिवादी गिता देवीको साक्षी रितादेवी कारंजित र प्रतिवादी लक्ष्मीप्रसाद सक्सेनाको साक्षी मनिस राईले प्रतिवादीहरूले मृतकलाई कर्तव्य गरी मारेका होइनन् भनी स्पष्टसँग लेखाइ दिएको अवस्थामा शव परीक्षण प्रतिवेदनमा लेखिएको Hanging भन्ने व्यहोराको अझ थप पुष्टि हुन आएको छ ।

१०. अर्कोतर्फ यी प्रतिवादीहरूले कर्तव्य गरी झुन्डिएर मरेको देखाउन उक्त कार्य गरेको अवस्था हुँदो हो त प्रतिवादीका शरीरमा शव परीक्षण गर्ने चिकित्सकहरूले भने जस्तो चोटपटक र संघर्षका चिह्नहरू देखिनु पर्ने हुन्छ । आफूमाथि प्रहार भएको अवस्थामा र आफ्नो मृत्यु अवश्यम्भावी छ भन्ने अवस्थामा बाँच्नका लागि मानिसले सक्दो संघर्ष गर्दछ । त्यस्तो संघर्ष भएको देखिएको चोटपटकलगायतको कुनै कुरा शव परीक्षण प्रतिवेदनबाट देखिन आउँदैन । पुनरावेदन अदालतको फैसलाबाट मृतक निदाएको अवस्थामा कर्तव्य गरी मारेको हुन सक्दछ भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । यस्तो हुन सक्छ भन्ने अनुमान गर्ने काम अदालतको होइन । अदालतले वस्तुनिष्ठ तबरले भएका प्रमाणहरू केलाई निष्कर्षमा पुग्नुपर्ने हुन्छ ।

११. मृतकको Suicide Note समेत मृतकको कोठाबाट बरामद भएको छ र उक्त Suicide Note मृतकले लेखेको कुरामा पनि विवाद देखिँदैन । Suicide Note भनेकै आत्महत्या गर्ने संकल्प भएका मानिसले लेख्दछन् । बुबा मलाई माफ गरिबक्सेला ... जुन हजुरको प्रयास असफल भयो..... दिनसम्म

यिनीहरूको बचनहरू सुनेर बस्ने..... भन्ने मृतकको आफ्नो बुबासँगै निराशा व्यक्त गर्दै पत्र लेखेको देखिन्छ । Suicide Note लाई एक प्रकारको मृत्युकालीन घोषणाको रूपमा पनि लिनुपर्ने हुन्छ । आफ्नो निराशापूर्ण जीवनलाई उल्लेख गर्दै Suicide Note मा लेखिएको अभिव्यक्तिसमेतको विश्लेषणबाट प्रतिवादीहरूसँगको व्यवहारबाट दिक्क लागेर मृत्युलाई आफैँले रोजेको भन्ने स्पष्ट देखिन्छ। त्यसैगरी जाहेरवाला प्रदिपनारायण शाह र अनुसन्धानको क्रममा कागज गर्ने कपिल शाहले घर परिवारले विवाह भएको २/३ महिनापछि छोरी बैनीलाई कुटपिट गर्ने र ज्वाइँले घरमा बस्ने अर्को श्रीमती लिएर बसेको कारणबाट बैनीसँग मिल्ती थिएन । प्रतिवादीहरूले नै कर्तव्य गरी मारेका हुन् भनी बकपत्र गरेको देखिन्छ तापनि यी कपिल शाह घटनाका प्रत्यक्षदर्शी रहेको देखिँदैन । त्यसै गरी प्रतिवादी लक्ष्मीप्रसाद सक्सेनाले अर्को विवाह गरेको भनी बकपत्र गरेको भए पनि अर्को विवाह गरेको मिसिल संलग्न कागजातहरूबाट पुष्टि हुन आएको छैन । यस प्रकारको घटनाक्रमहरूबाट यी प्रतिवादीहरूको कर्तव्यबाट मृतकको मृत्यु भएको भनी निष्कर्षमा पुग्नु उचित देखिएन ।

१२. तसर्थ माथि विवेचना गरिएका आधार कारण र विश्लेषणहरूबाट प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्ष भएको इन्कारी बयान, मृतकलाई कुटपिट गरेको वा मारेको भन्ने वस्तुनिष्ठ प्रमाणबाट स्थापित हुन नसकेको र परिस्थिति जन्य कुनै पनि प्रमाणबाट प्रतिवादीहरूलाई दोषी करार गर्ने आधार प्रमाण नदेखिएको अवस्थामा शंकाको सुविधा अभियुक्तले पाउने नैं देखिँदा केही प्रतिवादीहरूको हकमा अभियोग दाबीबमोजिम सजाय गर्ने र केहीका हकमा ज्यानसम्बन्धी महलको १७ (३) बमोजिम सजाय गर्ने गरेको मिति २०६७।६।१२ को पुनरावेदन अदालत, पाटनको फैसला न्याय र कानूनसम्मत नदेखिँदा उल्टी भई प्रतिवादी लक्ष्मीप्रसाद सक्सेनासमेतका प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रतिवादी लक्ष्मीप्रकाश सक्सेना थुनामा रहेको देखिँदा फैसलाको पूर्ण पाठ आउन केही समय लाग्ने भएकाले अन्य मुद्दाबाट थुनामा राख्न पर्ने नदेखिएको भए आजै कारागार मुक्त गरिदिनु भनी भएको संक्षिप्त फैसलाबाट निज प्रतिवादी लक्ष्मीप्रकाश सक्सेना थुनामुक्त भइसकेको देखिँदा हाल केही बोलिरहनु परेन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. ओमप्रकाश मिश्र

इजलास अधिकृतः रामप्रसाद बस्याल
इति संवत् २०७२ साल भदौ २१ गते रोज २ शुभम्।

निर्णय नं. ९५८७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
आदेश मिति : २०७२।४।२८।५
०६९-WO-१२७०

विषय : उत्प्रेषण

निवेदक : जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं.८ बस्ने तेजनारायण देवको पत्नी कौशल्या देवी

विरूद्ध

विपक्षी : पुनरावेदन अदालत, राजविराजसमेत

- **असाधारण क्षेत्राधिकार कानून प्रतिकूलको क्षेत्राधिकार नभई कानून कै परिपूरकको क्षेत्राधिकार हो । यसको प्रयोग सामान्य अवस्थामा हुने होइन । कानूनले स्पष्टरूपमा कार्यविधि तोकी दण्ड सजायको ४८ तथा अ.बं. ६५ नं. को व्यवस्थाअनुरूप काम कारवाही गरी ती काम कारवाहीको न्यायिक परीक्षणसमेत भई आदेशको अन्तिमता भइसकेकोमा पुनः रिटबाट हेर्न सकिने अवस्था नहुने ।**
- **असाधारण क्षेत्रबाट क्षेत्राधिकारको अभाव, क्षेत्राधिकारको इन्कारी, कानूनको त्रुटि, दुषित निर्णय आदि भएमा आदेश जारी गर्ने हो । सारवान् कानूनलाई कार्यविधि कानूनले डोर्‍याउने हो । कार्यविधि कानून र सारवान् कानून दुवैको प्रयोगमा पक्षले आफ्नो सहभागिताबाट चुक्नु हुँदैन । सारवान् र कार्यविधि कानून एकको अभावमा अर्काको अस्तित्व नरहने हुँदा अदालतले कार्यविधि कानूनलाई कम मूल्याङ्कन गरी रिट क्षेत्रबाट हस्तक्षेप गर्न मिल्दैन । म्यादभित्रै उपस्थित भई आफ्नो हक अधिकार प्रयोग नगरी म्याद नघाई थाम्ने थमाउने म्यादसमेत समाप्त गरी साधारण कानूनी अधिकार त्याग गरी असाधारण अधिकारको खोज गर्नुलाई उचित मान्न नसकिने ।**
- **विलम्बले समन्यायलाई पराजित गर्नेसमेत हुँदा निवेदकलाई असाधारण क्षेत्रअन्तर्गत ढिलो गरी आएको अवस्थामा अदालतले सहयोग गर्न सक्दैन । सामान्य कानूनी अधिकारको बाटो गुमाई असाधारण अधिकारको बाटोबाट आफ्नो अधिकारको खोजी गर्ने कार्य समन्यायिक समेत नदेखिने ।**

(प्रकरण नं.३)

निवेदकका तर्फबाट :

विपक्षीका तर्फबाट :

अवलम्बित नजिर :

- नेकाप २०६९, अङ्क १, नि.नं.८७६३

सम्बद्ध कानून :

- मुलुकी ऐन, दण्ड सजायको ४८ नं.
- मुलुकी ऐन, अ.बं.६५ नं.

आदेश

न्या.गोपाल पराजुली : नेपालको अन्तरिम संविधानको धारा १०७ (२) बमोजिम यस अदालतमा दर्ता हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य तथा ठहर यसप्रकार छ :

उपरोक्त प्रत्यर्थी नं. ४, ५, ६, ७ सँग म निवेदिका वादी भई २०६३ सालको दे.नं. २२१२ को लेनदेन मुद्दामा सप्तरी जिल्ला अदालत राजविराजबाट मिति २०६५।१०।२६ मा ३०९०००।- सावाँ र सोको ब्याजसमेत प्रत्यर्थी नं. ५ बाट भराई लिन पाउने ठहरी फैसला भएको र पुनरावेदन अदालत, राजविराजबाट मिति २०६६।१२।१९ मा सुरू फैसला सदर भएको अन्तिम फैसलाबमोजिम म निवेदिकाले वारिसमार्फत मिति २०६७।१०।१९ गते दण्ड सजायको ४२ नं. बमोजिम म्यादभित्रै बिगो भरी भराइको दरखास्त सप्तरी जिल्ला अदालतमा दिई कारवाही चलिरहेको अवस्थामा तहसिल शाखाबाट मिति २०६८।२।९ को तारिख तोकिएकोमा मेरो वारिसले विपक्षीहरूसँग मिली सो तारिखमा हाजिर नभई गुजारी दिएको र सोको कुनै जानकारी म निवेदिकालाई दिएको थिएन । जसकारण

मैले आफ्नो कारवाहीको मुद्दा सकार गर्न पाइँन । यसरी वारिसले तारेख गुजारी बसेको र कानूनबमोजिम तारेख थाम्ने थमाउने म्याद समाप्त भइसकेको कारण देखाई त्यस अदालतका तहसिलदारज्यूबाट मिति २०६८।३।३१ मा प्रस्तुत बिगो मुद्दाको दायरी लगत कट्टा गरी तामेलीमा राख्ने आदेश भयो र सोको जानकारीसमेत मलाई कहीँकतैबाट जानकारी भएन ।

मिति २०६९ साल आषाढ महिनामा नक्कल सारी पूर्ण व्यहोरा थाहा पाई आफ्नो सम्पूर्ण व्यहोरा कानूनी प्रावधानहरू उल्लेख गरी सप्तरी जिल्ला अदालतमा तहसिलदारज्यूबाट मिति २०६८।३।३२ मा भएको बेरीतको आदेश बदर गरी मुद्दा तामेलीबाट जगाई बिगो भराईको कारवाही गरिपाउँ भनी निवेदन गरेको थिएँ । सो निवेदनमा माननीय जिल्ला न्यायाधीशज्यूबाट मूलरूपमा द.स.को ४८ नं. बमोजिम थाम्ने थमाउने म्याद ६ महिनाभित्रमा निवेदन आएमा कारवाही हुने भनी उल्लेख गरी तहसिलदारबाट मिति २०६८।३।३१ मा तामेलीमा राख्ने आदेश मिलेकै हुँदा बदर गर्नु परेन भनी मिति २०६९।३।२२ मा आदेश भयो । सो जिल्ला अदालतको बेरीतको आदेश बदर गरिपाउँ भनी अ.बं. १७ नं. अन्तर्गत पुनरावेदन अदालतमा निवेदन गरेकोमा सुरू जिल्ला अदालतबाट मिति २०६९।३।२२ मा भएको आदेश मिलेकै देखिँदा परिवर्तन गरिरहनु परेन । कानूनबमोजिम गर्नु भनी मिति २०६९।५।१ मा आदेश भएको छ । मैले कानूनबमोजिम बेरीतको आदेश बदर गरिपाउँ भनी माथिल्लो तहमा निवेदन गर्दा सुरू जिल्ला अदालत र पुनरावेदन अदालतसमेतले तहसिलदारको आदेशलाई सदर गरेको पाइन्छ । फैसला कार्यान्वयनको सन्दर्भमा कानूनमा भएको व्यवस्थातर्फ विचार गर्दा मुलुकी ऐन, दण्ड सजायको ४२(५) र ४८ नं. मा तोकिएको कार्यविधिअनुसार भएको देखिँदैन । दण्ड सजायको ४८ नं. मा तारेखमा बसेको मानिसले तारेख गुजारे पनि कारवाही डिसमिस गर्नु हुँदैन । अदालती बन्दोबस्तको ५९, ६२ र १७५ नं. बमोजिम सकार गर्न वा थमाउन पाउँछन् । साथै सो म्याद नाघेपछि पनि सो म्याद नाघेको ५ महिनाभित्र रितपूर्वकको दस्तखत दिई कारवाही चलाई माग्न आएमा कारवाही गर्नुपर्छ । सो म्यादभित्र पनि दरखास्त दिन नआएमा त्यस्तो व्यक्तिको सुरू दरखास्त तामेलीमा राखिनेछ भनी स्पष्ट उल्लेख भएको पाइन्छ । यसरी प्रस्तुत मुद्दामा तोकिएको तारेख गुजारेको मिति २०६८।२।९ को मितिले मुलुकी ऐन, अ.बं. ५९ नं. ले थमाउने म्याद ३० दिनको म्याद गणना गरी सोको ६ महिनाभित्र अर्थात् मिति २०६८।९।७ गतेसम्म पर्खिनु पर्ने सोभन्दा पहिले मेरो बिगोको दरखास्तलाई तामेलीमा राख्ने अधिकार तहसिलदारज्यूलाई भएको पाइँदैन । यसरी तहसिलदारज्यूबाट भएको कानूनविपरीतको आदेशलाई बदर नगरी जिल्ला अदालत तथा पुनरावेदन अदालतसमेतले सदर गरेको आदेश दण्ड सजायको ४२(५) र ४८ नं. को पूर्णतः विपरीत भई प्रत्यक्षतः कानूनी त्रुटिपूर्ण छ ।

कारवाहीको जानकारी मैले २०६९ साल आषाढमा थाहा पाई नक्कल सारी सो कानूनविपरीत भएको आदेश बदर गरिपाउँ भनी निवेदन गरेको थिएँ । यसरी म्यादभित्र बिगो भराईको निवेदन परेको र वारेसको तारेख गुजारेको कारण तथा बेरीतपूर्वक भएको तामेली आदेशबाट कारवाही हुँदैन भने लेनदेन मुद्दामा भएको अन्तिम फैसलाबमोजिम फैसला कार्यान्वयन नभई म निवेदक आफ्नो पाउने रकम पाउन सक्दैन जुन कुरा न्यायको रोहमा न्यायोचित मान्न सकिँदैन । प्रस्तुत मुद्दामा दण्ड सजायको ४८ नं. को न्यायोचित व्याख्या गरी निर्णय दिनुपर्नेमा पुनरावेदन अदालतको आदेशमा सो केही उल्लेख नभएकोले दण्ड सजायको ४८ नं. तथा ने.का.प. २०६१ अंक ९ नि.नं. ७४३१ पृष्ठ १०९२ मा प्रतिपादित सिद्धान्तसमेतको विपरीत भएको प्रत्यक्षतः कानूनी त्रुटिपूर्ण हुँदा पुनरावेदन अदालत, राजविराजले मिति २०६९।५।१ को

आदेशले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च), १३ र १९(१) द्वारा प्रदत्त हक हनन् भएकाले सोसम्बन्धी कामकारवाही बदर गराउन अन्य कुनै प्रभावकारी कानूनी उपचार विद्यमान नभएकोले असाधारण अधिकारक्षेत्रभित्र संविधानको धारा ३२ र १०७(२) बमोजिम उत्प्रेषणलगायत जुन चाहिने उपयुक्त आज्ञा आदेश वा पुर्जीसमेत जारी गरिपाउँ भन्ने कौशल्या देवी देवको निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र पुनरावेदन अदालत, राजविराजसमेतका हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र दुर्गादेवी थापासमेतका विपक्षीको हकमा आफैँ वा कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी रिट निवेदन र यो आदेशको एकप्रति नक्कलसमेत साथै राखी सूचना म्याद दिई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाई लिखित जवाफ परेपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नु भन्ने यस अदालतको मिति २०७०।२।२७ को आदेश।

रिट निवेदिकाको तर्फबाट निजको वारेसले २०६३ सालको दे.नं. २२१२ को लेनदेन मुद्दाको फैसला कार्यान्वयनको लागि बिगो भरीभराउ गरी पाउन पुनरावेदन अदालत, राजविराजबाट भएको अन्तिम फैसलाबमोजिम वारेसमार्फत द.स.को ४२ नं. को म्यादभित्र मिति २०६७।१०।१९ गतेमा दरखास्त दिई वारेस तारेखमा बसी कारवाही भइरहेकोमा निजै वारेसले मिति २०६०।२।९ गते देखिको तारेख गुजारी बसेकोमा द.स. को ४८ नं. बमोजिम अ.बं. ५९ र ६२ को थाम्ने थमाउने म्याद समाप्त भएपछि द.स.को ४८ नं. बमोजिम तामेलीमा राखिएकोमा निजले वा निजको पक्षले उक्त द.स. को ४८ नं. को म्याद ६ महिनाभित्र पुनः तामेलीबाट जगाउन र बाँकी कारवाही गरिपाउन नआएपछि स्वतः सदाको लागि तामेलीमा जानेगरी तामेली आदेशमा नै द.स. को ४८ नं. को म्यादभित्र जगाउन आएमा बाँकी कारवाही हुने गरी आदेश गरिएकोमा सो म्यादभित्र पक्ष वा निजको वारेसले तारेख गुजारेको थाहा पाएको भनी कारवाही गर्न नपाउने हुँदा तहसिल शाखाबाट मिति २०६८।३।३१ गते आदेशानुसार अवधि व्यतित भएपछि कारवाही गरी पाउन र सो आदेशलाई बदर गर्न माग गरेकोमा मिति २०६८।३।३१ को तहसिलदारको आदेश कानूनअनुसार मिलेकोले बदर नगरी सप्तरी जिल्ला अदालतबाट मिति २०६९।३।२२ मा भएको आदेशसमेत द.स.को ४८ नं. को कानूनी प्रावधानअनुसार नै तामेली भएकोले बेरीतको वा गैरकानूनी काम कारवाही नभएको हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुनुपर्ने होइन रिट निवेदन खारेज गरिपाउँ भन्ने सप्तरी जिल्ला अदालतको लिखित जवाफ।

रिट निवेदिकाको तर्फबाट निजको वारेसले २०६३ सालको दे.नं. २२१२ को लेनदेन मुद्दाको फैसला कार्यान्वयनको लागि बिगो भरीभराउ गरी पाउन पुनरावेदन अदालत, राजविराजबाट भएको अन्तिम फैसलाबमोजिम वारेसमार्फत द.स.को ४२ नं. को म्यादभित्र मिति २०६७।१०।१९ गतेमा दरखास्त दिई वारेस तारेखमा बसी कारवाही भइरहेकोमा निजै वारेसले मिति २०६०।२।९ गते देखिको तारेख गुजारी बसेकोमा द.स. को ४८ नं. बमोजिम अ.बं. ५९ र ६२ को थाम्ने थमाउने म्याद समाप्त भएपछि द.स.को ४८ नं. बमोजिम तामेलीमा राखिएकोमा निजले वा निजको पक्षले उक्त द.स. को ४८ नं. को म्याद ६ महिनाभित्र पुनः तामेलीबाट जगाउन र बाँकी कारवाही गरिपाउन नआएपछि स्वतः सदाको लागि तामेलीमा जानेगरी तामेली आदेशमा नै द.स. को ४८ नं. को म्यादभित्र जगाउन आएमा बाँकी कारवाही हुने गरी आदेश गरिएकोमा सो म्यादभित्र पक्ष वा

निजको वारेसले तारेख गुजारेको थाहा पाएको भनी कारवाही गर्न नपाउने हुँदा तहसिल शाखाबाट मिति २०६८।३।३१ गते आदेशानुसार अवधि व्यतित भएपछि कारवाही गरी पाउन र सो आदेशलाई बदर गर्न माग गरेकोमा मिति २०६८।३।३१ को तहसिलदारको आदेश कानूनअनुसार मिलेकोले बदर नगरी सप्तरी जिल्ला अदालतबाट मिति २०६९।३।२२ मा भएको आदेशसमेत द.स.को ४८ नं. को कानूनी प्रावधानअनुसार नै तामेली भएकोले बेरीतको वा गैरकानूनी काम कारवाही नभएको हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुनुपर्ने होइन रिट निवेदन खारेज खारेज गरिपाउँ भन्ने सप्तरी जिल्ला अदालतका तहसिलदारको लिखित जवाफ।

प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, राजविराजको मिति २०६९।५।१ को आदेश बदर गरिपाउँ भन्ने विपक्षीको मुख्य मागदाबी देखिन्छ। सो मागदाबी सरासर गलत छ। किनभने विपक्षी वादीले बिगो भराई पाउँ भनी दिएको निवेदनमा विपक्षी वादीका वारेस इन्द्रनारायण मण्डलले मिति २०६८।२।९ देखि तारेख गुजारी थाम्ने थमाउने म्याद व्यतित भई सकेको मिसिलमा प्रष्टरूपमा उल्लेख छ। मिति २०६८।९।२ मा तारिख गुज्रेपछि मिति २०६८।३।३१ मा निवेदन तामेलीमा राखेको छ। तामेलीमा राख्दा कारणबमोजिम तारिख थाम्ने थमाउने अवधिसमेत व्यतित भइसकेको देखिँदा मुलुकी ऐन, दण्ड सजायको ४८ नं. को म्यादभित्र गरे सोहीबमोजिम हुने गरी हाल प्रस्तुत बिगो दरखास्तको दायरी लगत कट्टा गरी तामेलीमा राखिदिएको छ भन्ने गरी आदेश भएको छ। सो दण्ड सजायको ४८ नं. बमोजिम म्याद ६ महिनाभित्र पनि विपक्षी वादी अदालतमा गएको छैन। मिति २०६८।२।९ को तारेख गुजारेपछि अर्थात् एक वर्षपछि मिति २०६९ साल आषाढ महिनामा थाहा जानकारी पाएँ भनी सोपछि आएको निवेदन कानूनको प्रतिकुल छ। दण्डसजायको ४८ नं. को प्रतिकुल छ। जिल्ला अदालत नियमावलीको प्रतिकुल छ। १ वर्ष व्यतित भइसकेपछि आएको निवेदन हदम्यादभित्र छैन। सो निवेदन हदम्यादसम्बन्धी सिद्धान्तको प्रतिकुल छ। त्यसकारणले पनि सप्तरी जिल्ला अदालतका तहसिलदारले गरेको मिति २०६८।३।३१ को आदेशलाई सप्तरी जिल्ला अदालतले मिति २०६९।३।२२ मा सदर गरेको छ। त्यस अदालतबाट भएको मिति २०६९।३।२२ मा भएको आदेश मिलेकै देखिँदा परिवर्तन गर्नु परेन भनी पुनरावेदन अदालत, राजविराजले मिति २०६९ भदौ १ गते गरेको आदेश कानूनसम्मत रहेको छ।

आफ्नो हक अधिकारका संरक्षणका निम्ति कानूनले तोकेको अवधिभित्र सक्षम अदालतमा आफूले दाबी गर्नु पर्दछ। सो म्यादभित्र अदालतमा प्रवेश नगर्नेले उपचार पाउन सक्दैन। विपक्षीले बिगो कारवाहीमा तारिख लिई तारिख गुजारी सकेपछि दण्ड सजायको ४८ नं. बमोजिम म्याद नाघेपछि सो म्याद नाघेको मितिले ६ महिनाभित्र दरखास्त लिई आउनु पर्दछ। दरखास्त दिन नआएमा सुरू दरखास्त तामेलीमा राखिने छ भन्ने कानूनी व्यवस्था छ। विपक्षी निर्णय भएको १ वर्ष बितेपछि मात्र निवेदन लिई आएको देखिन्छ। तारिख गुजारी थाम्ने थमाउने म्याद सकिएपछि पुनः ६ महिनाभित्र दरखास्त नपरे सो कारवाही पुनर्जीवित हुँदैन। यस मुद्दामा तारेख गुजारेको १ वर्षपछि मात्र विपक्षी आएको देखिन्छ। यस्तो अवस्थामा अदालतले कानूनतः मद्दत गर्न सक्दैन। बिगो भरिभराउको कारवाही चलाएपछि हामी दुवै पक्ष घरव्यवहारमा लिनुदिनु गरी व्यवहार टुंग्याई सकेपछि विपक्षीले तारेख गुजारी बसेका हुन्। व्यवहार टुंग्याई सकेपछि पुनः दरखास्त दिन पाउने होइन। दरखास्त दिन हदम्याद पनि छैन। यस अर्थमा पनि तहसिलदारले गरेको मिति २०६८।३।३१ को आदेश सप्तरी जिल्ला अदालतबाट भएको २०६९।३।२२ को आदेश तथा मिति २०६९।५।१ को

पुनरावेदन अदालत, राजविराजको आदेश बदर हुनुपर्ने होइन सो आदेश सदर गरी रिट निवेदन खारेज गरिपाउँ भन्ने दुर्गादेवी थापासमेतको लिखित जवाफ।

त्यस अदालतबाट भएको मिति २०६९।३।२२ मा भएको आदेश मिलेकै देखिँदा परिवर्तन गरी रहनु परेन कानूनबमोजिम गर्नु भन्नेसमेतको मिति २०६९।५।१ मा आदेश भएको देखिन्छ । यस अदालतको आदेशबाट निवेदकको संविधान तथा कानून प्रदत्त हकमा आघात परेको नदेखिँदा खारेज गरिपाउँ भन्ने पुनरावेदन अदालत, राजविराजको लिखित जवाफ।

नियमबमोजिम इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनमा अन्तिम फैसलाबमोजिम फैसला कार्यान्वयनको लागि म निवेदिकाले वारिसमार्फत मिति २०६७।१०।१९ गते दण्ड सजायको ४२ नं. बमोजिम म्यादभित्रै बिगो भरिभराउको दरखास्त सप्तरी जिल्ला अदालतमा दिई कारवाही चलिरहेको अवस्थामा तहसिल शाखाबाट मिति २०६८।२।९ को तारिख तोकिएकोमा मेरो वारिसले विपक्षीहरूसँग मिली सो तारिखमा हाजिर नभई गुजारी दिएको र कानूनबमोजिम तारेख थाम्ने थमाउने म्याद समाप्त भइसकेको कारण देखाई त्यस अदालतका तहसिलदारज्यूबाट मिति २०६८।३।३१ मा प्रस्तुत बिगो मुद्दाको दायरी लगत कट्टा गरी तामेलीमा राख्ने आदेश भएको जिल्ला न्यायाधीशले समेत सोही आदेश सदर गरेकोमा १७ नं. बमोजिम पुनरावेदन गरेकोमा पुनरावेदन अदालतले पनि जिल्ला अदालतको आदेशलाई परिवर्तन गर्नु परेन भनी गरेको आदेश बदर गरि मेरो बिगो भरिभराउको कार्य गरिपाउँ भन्ने माग दाबी भएकोमा कानूनबमोजिम भएको आदेशले निवेदकको हक हनन् भएको देखिँदैन भनी लिखित जवाफ पेस गरेको पाइयो।

यसमा निवेदकको तर्फबाट निजको वारेसले २०६३ सालको दे.न.२२१२ को लेनदेन मुद्दाको अन्तिम फैसला कार्यान्वयनको लागि बिगो भरिभराउ गरी पाउन दण्ड सजायको ४२ नं. को म्यादभित्र वारेसमार्फत २०६७।१०।१९ मा दरखास्त दिई तारेखमा बसेको देखियो । निवेदकको वारेसले मिति २०६८।२।९ को तारेख गुजारी दण्ड सजायको ४८ नं. बमोजिम अ.वं. ५९ र ६२ को थाम्ने थमाउने म्याद समाप्त भएपछि दण्ड सजायको ४८ नं. बमोजिम फैसला कार्यान्वयनको बिगो मुद्दा तामेलीमा राखिएको पाइयो । निवेदकको पक्ष दण्ड सजायको ४८ नं. को म्याद ६ महिनाभित्र पुनः तामेलीबाट जगाउन र अन्य कारवाही गरी पाउन अदालतमा नआएको हुँदा सदाको लागि तामेलीमा जाने गरी तामेली आदेशमा नै दण्ड सजायको ४८ नं. को म्यादभित्र जगाउन आएमा बाँकी कारवाही हुने गरी आदेश गरिएको देखियो।

२. तामेली आदेशको म्याद ६ महिनापछि वारेसले तारेख गुजारेको थाहा पाएको भनी निवेदनमा दाबी लिएको देखिन्छ । यसरी फैसला कार्यान्वयनको सिलसिलामा तोकेको तारेख गुजारी निवेदकको वारेस बसेकोले दण्ड सजायको ४८ नं. बमोजिम थाम्ने थमाउने म्याद ६ महिनाभित्रमा निवेदन दिन आएमा कारवाही हुने गरी तामेलीमा राखिएको जिल्ला अदालतको आदेशलाई पुनरावेदन अदालत, राजविराजबाट १७ नं. निवेदनअन्तर्गत त्यस अदालतबाट भएको २०६९।३।२२ मा भएको आदेश मिलेकै देखिँदा परिवर्तन गर्नु परेन भन्ने आदेश भएको स्थितिमा निवेदकले ती आदेश बदर गरी पाउन प्रस्तुत रिट निवेदनमा दाबी लिएको देखिन्छ। मुलुकी ऐन अ.बं. ६५ नं. बमोजिम वारेसमार्फत गर्ने मुद्दा मामिलाका रोहमा भएका सम्पूर्ण काम कारवाहीलाई सम्बन्धित पक्षले गरेसरह मान्नुपर्ने गरी कानूनी व्यवस्था गरेको पाइन्छ । कानूनबमोजिम थाम्ने थमाउने अवधि पुरा भएपश्चात् तामेलीमा रहेको विषय तथा पटकपटक सामान्य कानूनी उपचारको प्रयासपश्चात् प्रस्तुत निवेदनसमेत दायर भएको देखियो । तहसिलदारबाट

भएको आदेशउपर जिल्ला न्यायाधीशसमक्ष तथा जिल्ला न्यायाधीशको आदेशलाई अ.बं. १७ नं. अन्तर्गत पुनरावेदन अदालतमा चुनौती दिई पुनरावेदनबाट समेत आदेश भइसकेको अवस्था छ।

३. असाधारण क्षेत्राधिकार कानून प्रतिकूलको क्षेत्राधिकार नभई कानून कै परिपूरकको क्षेत्राधिकार हो । यसको प्रयोग सामान्य अवस्थामा हुने होइन। कानूनले स्पष्टरूपमा कार्यविधि तोकी दण्ड सजायको ४८ तथा अ.बं. ६५ नं. को व्यवस्थाअनुरूप काम कारवाही गरी ती काम कारवाहीको न्यायिक परीक्षणसमेत भई आदेशको अन्तिमता भइसकेकोमा पुनः रिटबाट हेर्न सकिने अवस्था हुँदैन । असाधारण क्षेत्रबाट क्षेत्राधिकारको अभाव, क्षेत्राधिकारको इन्कारी, कानूनको त्रुटि, दुषित निर्णय आदि भएमा आदेश जारी गर्ने हो। सारवान् कानूनलाई कार्यविधि कानूनले डोर्‍याउने हो । कार्यविधि कानून र सारवान् कानून दुवैको प्रयोगमा पक्षले आफ्नो सहभागिताबाट चुक्नु हुँदैन । सारवान् र कार्यविधि कानून एकको अभावमा अर्काको अस्तित्व नरहने हुँदा अदालतले कार्यविधि कानूनलाई कम मूल्याङ्कन गरी रिट क्षेत्रबाट हस्तक्षेप गर्न मिल्दैन । म्यादभित्रै उपस्थित भई आफ्नो हक अधिकार प्रयोग नगरी म्याद नघाई थाम्ने थमाउने म्यादसमेत समाप्त गरी साधारण कानूनी अधिकार त्याग गरी असाधारण अधिकारको खोज गर्नुलाई उचित मान्न सकिँदैन । विलम्ब र हदम्याद फरक खालका हुन् । ***विलम्बको सिद्धान्त हदम्याद जस्तो कठोर प्रकृतिको सीमाङ्कनको सिद्धान्त होइन, यसमा दिन गन्ती गरी समय सीमा निर्धारण गरिने हुँदैन। आफ्नो हक अधिकारको खोजी गर्नु प्रत्येक व्यक्तिको कर्तव्य नै हो। यसरी हक अधिकारको खोजी गर्ने क्रममा अनुचित विलम्ब गरिएको छैन भने केवल विलम्बको सिद्धान्तको आधारमा मात्र यस अदालतको असाधारण अधिकारक्षेत्रको प्रयोगमा बन्देज लगाउन नमिल्ने*** **भनी** ने.का.प. २०६९, अङ्क १,निर्णय नं. ८७६३ मा सिद्धान्तसमेत प्रतिपादित भएको देखिन्छ । विलम्बले समन्यायलाई पराजित गर्नेसमेत हुँदा निवेदकलाई असाधारण क्षेत्रअन्तर्गत ढिलो गरी आएको अवस्थामा अदालतले सहयोग गर्न सक्दैन । सामान्य कानूनी अधिकारको बाटो गुमाई असाधारण अधिकारको बाटोबाट आफ्नो अधिकारको खोजी गर्ने कार्य समन्यायिकसमेत देखिँदैन । २०६८।२।९ तारेख गुजारेकोमा २०६८।३।३१ मा तामेलीमा राख्ने आदेश भएउपर निवेदकले २०६९।३।२२ मा करिब एक वर्षपछि मात्र निवेदन दिएकोमा तामेली आदेश पुनरावेदन अदालतबाट २०६९।५।१ मा सदर र सो आदेशउपर २०७०।२।२० मा मात्र प्रस्तुत रिट निवेदन दिएको देखिँदा धेरै विलम्ब गरी आएको प्रस्तुत निवेदनबाट रिट जारी हुन सक्दैन।

४. उपर्युक्त विवेचित आधार कारणबाट निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गर्नू।

उक्त रायमा सहमत छु।
न्या.ओमप्रकाश मिश्र

इजलास अधिकृतः रामप्रसाद पौडेल
इति संवत् २०७२ साल साउन २८ गते रोज ५ शुभम्।

निर्णय नं. ९५८८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
फैसला मिति : २०७२।१२।१२।६
०७२-RC-००५६

विषय : कर्तव्य ज्यान।

वादी : महेशी माझीको जाहेरीले नेपाल सरकार
विरूद्ध
प्रतिवादी : जिल्ला रौतहट, गा.वि.स. वगही वडा नं. ६ घर भई कारागार कार्यालय रौतहटमा थुनामा बस्ने प्रभु माझी

- **प्रतिवादीले अदालतमा पुनरावेदन गर्दा जाहेरवालासमेतको डरले अदालतमा साबित भएको भनी भने तापनि स्वतन्त्ररूपमा बयान गर्न पाइने निष्पक्ष अदालतमा कुनै डर धाकको अवस्था रहन्छ भन्ने सामान्य अवस्थामा स्वीकार गर्न सकिने हुँदैन र आफूउपर डर, धाक दबाब रहेको विशेष अवस्था थियो भन्ने कुरा निज प्रतिवादीले देखाउनसमेत सकेको छैन। तथा निजले अनुसन्धानको क्रममा कर्तव्य ज्यान र जबरजस्ती करणीसमेतको वारदातमा साबित रही गरेको बयानलाई बुझिएका व्यक्तिहरूको कागज, लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, जाहेरी दरखास्त, अदालतमा भएको निजकै बयानसमेतबाट स्पष्ट पुष्टि भइरहेको देखिने।**

(प्रकरण नं.५)

- **जन्मकैद जस्तो अधिकतम कडा सजाय गरिसकेपछि सर्वस्वसमेत गरिनुको औचित्य हालको परिवेशमा असान्दर्भिक हुँदै गएको पनि देखिन्छ। जन्म कैद भुक्तान गरेर समाजमा स्थापित हुन निस्किएको व्यक्तिलाई समाजमा बसेर अघि बढ्ने आधारको रूपमा रहने उसको सम्पूर्ण सम्पत्तिबाट बिहिन गरिनु मानवीय दृष्टिले समेत व्यावहारिक मान्न नसकिने।**
- **हालको कानूनी व्यवस्थामा प्रस्तुत मुद्दामा जस्तै अधिकतम सजाय तथा सर्वस्वसमेत गरिएको व्यक्तिले मुलुकी ऐन, दण्ड सजायको २७ नं. बमोजिम सर्वस्वको प्रक्रिया सुरू नभएको अवस्थामा पीडित वा निजको परिवारलाई के कसरी कुन स्रोतबाट क्षतिपुर्ति बुझाउने हो सोको तर्कसङ्गत व्यवस्थासमेत नदेखिने।**
- **अधिकतम कडा सजाय भएपछि सर्वस्व गर्ने प्रावधान तथा सर्वस्व गरिसकेपछि प्रतिवादीकै सम्पत्तिबाट क्षतिपूर्ति भराउने सजाय थप सजायको रूपमा रहने प्रावधान हालको अवस्थामा व्यावहारिक नदेखिने भएकोले त्यसतर्फ दृष्टिगत गरी कानूनहरूलाई व्यावहारिक बनाउनेतर्फ पहल गर्नुसमेत सान्दर्भिक देखिन आउने।**

(प्रकरण नं.६)

वादीका तर्फबाट :
प्रतिवादीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३)
- मुलुकी ऐन, जबरजस्ती करणीको ३(१)
- मुलुकी ऐन, दण्ड सजायको २७ नं.

सुरू तहमा फैसला गर्ने :

मा. जिल्ला न्यायाधीश श्री गुणराज ढुङ्गेल

पुनरावेदन तहमा फैसल गर्ने :

माननीय न्यायाधीश श्री हरिकुमार पोखरेल

माननीय न्यायाधीश श्री विनोदप्रसाद शर्मा

फैसला

न्या.दीपकराज जोशी : न्याय प्रशासन ऐन, २०४८ को दफा १० बमोजिम पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।१२।२४ को फैसलाउपर साधकको रोहमा दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छ :

जिल्ला रौतहट, गा.वि.स. वगही वडा नं. ८ अन्तर्गत वीरेन्द्र चौधरीको पोखरीको उत्तरतर्फको डिलमा उत्तर टाउको दक्षिण दुवै गोडा सिधा रही दुवै हात बगलमा भई उत्तानो अवस्थामा मृतक लास रहेको, सो मृतक लास रहेको स्थानदेखि १२ फिट दक्षिणको दुरीमा पोखरीको अं. ४ फिट गहिराई भाग पानीमा वर्ष ५ की निज सिमाकुमारी माझीको मृतक लास फेला परेकोमा उक्त लास स्थानीय व्यक्तिहरूले पोखरीबाट निकाली सुरक्षित साथ पोखरीको डिलमा राखेको, नाकबाट रगत जस्तो तरल पदार्थ निस्केको, बायाँ गालामा अं. ३ इन्च गोलाईको सेतो रातो छाला खुइलिएको जस्तो डाम र दायाँ गालामा अं. २५ इन्च गोलाई भएको निलो डाम देखिएको र योनि अस्वाभाविक रूपले सुन्निएको जस्तो देखिएको एवं मृतकको शरीरको सम्पूर्ण अंग जिउमा माटो लागेको ठीक साँचो हो भन्नेसमेत व्यहोराको घटनास्थल लासजाँच प्रकृति मुचुल्का।

मिति २०६८।११।२५ गते हिन्दुहरूको चाड होलीको दिन अं. १५.०० बजेको समयमा मेरा ससुरालाई खानपिन गर्नको लागि बोलाउन भनी म जाहेरवालाको छोरी गएकोमा बेलुकासम्म पनि छोरी घर फर्की नआएकोले तत्काल गाउँ टोल तथा ससुराली घरमा समेत खोजतलास गर्दा कहिँकतै फेला पर्न नसकेकोले सो कुरा आफन्त तथा समाजका मानिसहरूलाई बताई निरन्तररूपले खोजतलास गरिरहने क्रममा मिति २०६८।११।२८ गते अं. १२.०० बजेको समयमा पोखरीको पानीमा निज छोरीको कर्तव्यबाट हत्या गरी वारदातलाई ढाकछोप गर्ने उद्देश्यले मृतक लास फालेको जस्तो शङ्कास्पद अवस्थामा फेला परेपछि सो वारदातको बारेमा प्रहरीलाई जानकारी गराएको हुँ। निज छोरीको मृत्यु के कसरी भएको हो भन्ने सम्बन्धमा पत्ता लगाउने कार्य गरी नै रहेकोमा सोही मितिबाट गाउँ घर छाडी भागी फरार रहेको प्रतिवादी प्रभु माझीलाई मिति २०६८।११।३० गतेका दिन गाउँ समाजका व्यक्तिहरूले फेला पारी सोधपुछ गर्दा व्यक्तिगत रिसइवीको कारणले निजले नै मेरो छोरी सिमा कुमारी माझीलाई मिति २०६८।११।२५ गते होलीको दिन मेरो ससुराली घरतर्फ गएकी अवस्थामा ललाई फकाई पोखरीको डिलमा बोलाई लगी कुटपिट गरी घाँटी थिची कर्तव्य गरी मारी वारदातलाई दबाउने नियतले पोखरीको पानीमा लास फाली दिएको भनी बताई स्वीकार गरेको हुँदा निज प्रतिवादी स्थानीय व्यक्तिहरूको निगरानीमा रहेकोले प्रस्तुत जाहेरी दरखास्त पेस गरेको छु । निज प्रतिवादीलाई पक्राउ गरी थप अनुसन्धान गरी कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको महेशी माझीको २०६८।१२।१ गतेको जाहेरी दरखास्त।

Contusion over right chick, Laceration over left check, Vegina swollen, Laceration भन्ने परीक्षणबाट देखिएको तथा cause of death Asphyxia (मोतिको माला र रेशमको धागो (डोरी) ले घाँटी च्यापेर मारेको र पछि लासलाई पोखरीमा फालिदिएको) भन्नेसमेत व्यहोराको मृतक सिमाकुमारी माझीको शव परीक्षण प्रतिवेदन।

मिति २०६८।११।२५ गते तराईमा होली पर्व रहेकोले सो दिन बिहानैदेखि मासु र रक्सी खाई

नशाको सुरमा रहेको थिएँ। बेलुकी अं. १९.०० बजेको समयमा एक्लै आफ्नो घर आँगनमा रहेको अवस्थामा निज सिमाकुमारी माझीलाई एक्लै देखी निजलाई त्यहाँबाट खेततर्फ रहेको पोखरीको एकान्त डिलमा ललाई फकाई लगी निजले लगाएको कट्टु फुकाली जबरजस्ती करणी गर्नको लागि आफ्नो पाइन्टको चेन खोली ठाडो अवस्थामा रहेको मेरो लिङ्ग निजको योनिमा पसाउन खोज्दा अप्ठ्यारो मानी छट्पटाउन थालेपछि निजको गालामा ३/४ थप्पड पिटी जबरजस्ती करणी गर्ने प्रयास गरेकोमा मेरो वीर्य स्खलन भएपछि निजको फुकाली राखेको कट्टुले आफ्नो लिङ्ग तथा निजको योनिसमेत पुछी सफा गरिसकेपछि निजलाई पछारी लडाई घाँटीमा लगाएको रेशमको धागोमा बुनेको मोतिको माला तथा घाँटीसमेत आफ्नो दुई हातले कसी दिँदा मृत्यु भएपछि कसैले मैंले मारेको भन्ने कुराको शङ्का नगरोस् भनी पोखरीमा फाली उक्त स्थानबाट भागेको हुँ । तत्काल वीर्य सफा गरिसकेपछि कट्टु आफ्नो पाइन्टको खल्तीमा राखेकोमा पोखरीबाट आफ्नो घर फर्की आउँदा खल्तीबाट सो कट्टु निकाली बाटोमा रहेको जिल्ला रौतहट गा.वि.स. वगही वडा नं. ७ अन्तर्गत सुनर साहको बाँसघारी नजिक रहेको परालको थुप्रोमा लुकाई छिपाई राखिदिएको थिएँ भन्ने प्रतिवादी प्रभु माझीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

जिल्ला रौतहट गा.वि.स. वगही वडा नं. ७ अन्तर्गत सुनर साहको बाँसघारीको उत्तर साइडमा छेउमै परालको थुप्रोभित्र प्रतिवादी प्रभु माझीले दिएको वारदात मिति र समयमा जाहेरवालाको छोरी सिमाकुमारी माझीले लगाएको भनिएको कालो रंगको बच्चाले लगाउने सानो कट्टुमा वीर्य जस्तो पदार्थ लागेको अवस्थामा फेला परेकोले प्रहरीले बरामद गरेको हो र सो कट्टु वारदात मिति र समयमा छोरी सिमाकुमारी माझीले नै लगाएको हो भनी हेरी सनाखतसमेत गरेँ भन्नेसमेत व्यहोराको बरामदी तथा जाहेरवाला महेशी माझीले गरेको सनाखत मुचुल्का।

मिति २०६८।११।२५ गते होली पर्वको दिनभर म आफ्नो गाउँ घरमै रमाइलो गरी बसेको थिएँ । साँझ अलि अँध्यारो हुन थालेपछि मलाई दिशा लागेकोले खेततर्फ गई घर फर्की आउने क्रममा अलिअलि पेट दुखेकोले खेतकै गोरेटो बाटोमा केही बेर बसी आराम गरिरहेकोमा सोही बखत खेततिर रहेको पोखरीबाट प्रतिवादी प्रभु माझीलाई आउँदै गरेको देखे पनि बोलचाल भएन। सोको केही समयपछि म आफ्नो घर आउन लाग्दा गाउँ टोलमा जाहेरवालाको घर परिवार तथा ससुरालीतर्फका मानिसहरू समेत भई आफ्नो छोरी सिमाकुमारी माझी घरमा नपुगेकीले खोजतलास गरिरहेको देखेकोमा रातिको समयमा निज बच्चीलाई कहिँकतै फेला पार्न सकिएन। गाउँ टोलका मानिसहरू मध्ये कोहीले मिति २०६८।११।२५ गतेका दिन साँझ तिर सिमाकुमारी माझीलाई प्रभु माझीले आफूसँग हिडाउँदै गरेको अवस्थामा देखेको कुरा गरेकोमा मैंले पनि बेलुका अलि अँध्यारो भएको अवस्थामा प्रभु माझीलाई खेततर्फको बाटो हुँदै आउँदै गरेको कुरा देखेको भनी बताएको थिएँ। मिति २०६८।११।२८ गतेका दिन पोखरीको पानीमा बच्चाको लास फेला परेको छ भन्ने हल्लाखल्ला हुँदा म पनि गई हेर्दा पोखरीको किनार नजिक पानीमा जाहेरवालाको छोरी सिमाकुमारी माझीको मृतक लास रहेको देखी स्थानीय व्यक्तिहरू मिली पानीबाट लास निकाली पोखरीको डिलमा राखेको र पहिलेदेखि नै शङ्का गरेको प्रतिवादी प्रभु माझीलाई मिति २०६८।११।३० गते फेला पारी सिमाकुमारी माझीको किन हत्या गरेको हो भनी सोधपुछ गर्दा निजको बुबा जाहेरवालासँग बाहिर कमाएको पैसा लेनदेन सम्बन्धमा चित्त नबुझी रिस उठेकोले आफूले नै निजको छोरीलाई कुटपिट गरी घाँटी थिची हत्या गरी पोखरीको पानीमा फाली भागेको थिएँ भनी अपराध स्वीकार गरेको हुँदा सो कुरा गाउँ समाजका सम्पूर्ण व्यक्तिहरूले थाहा पाएका

हौं। निजले तत्काल मृतकलाई हत्या गर्नुभन्दा अगाडि जबरजस्ती करणी गरेको कुरा नबताएको भए तापनि पछि प्रहरीद्वारा भएको अनुसन्धानबाट प्रतिवादीले नाबालिका सिमाकुमारी माझीलाई जबरजस्ती करणी गरिसकेपछि हत्या गरेको कुरा पनि खुल्न आएको तथा सोबमोजिम मृतकको शरीरमा कट्टु नरहेको हुँदा जबरजस्ती करणी गर्दाको बखत फुकाएकोमा पछि गाउँकै परालको थुप्रोमा लुकाएको अवस्थामा सो कट्टु पनि बरामद भई मृतकको नै रहेको भनी सनाखतसमेत भइसकेको हुँदा यी प्रतिवादी प्रभु माझीले जाहेरवालाको छोरीलाई जबरजस्ती करणी गरी हत्या गरेको ठीक साँचो हो भन्नेसमेत व्यहोराको करिब एकै मिलानको बुझिएका मानिसहरू सुमित्रादेवी माझी, शम्भु माझी र वस्तुस्थिति मुचुल्काका मानिसहरू जोखन महतो, शिवनारायण चौधरी र महेन्द्र साहले गरिदिएको कागज।

मिसिल संलग्न प्रमाणहरूबाट मिति २०६८।११।२५ गते अं. दिनको १९.०० बजेको समयमा यी प्रतिवादी प्रभु माझीले सिमाकुमारी माझीलाई जबरजस्ती करणी गरी कुटपिट गरी घाँटी थिची कर्तव्य गरी हत्या गरेको वारदात स्थापित हुन आएकाले निज प्रतिवादी प्रभु माझीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. को कसुरमा सोही महलको १३(३) नं. बमोजिम र कर्तव्य गरी मार्नुपूर्व मृतकलाई जबरजस्ती करणी गरेको वारदातमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३ नं. को देहाय (१) को कसुरमा सोही महलको ३ नं. को देहाय (१) बमोजिम सजाय गरी ऐ. को १० नं. बमोजिम क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्नेसमेत व्यहोराको अभियोग पत्र।

मृतक सिमाको बुबाले मेरो आमालाई १० वर्ष अगाडि भारतको पन्जाब लगी बेचेको हुँदा सोही रिसइवीले निजको छोरीलाई उखुले घाँटीमा हिर्काई मारेको हुँ। करणी गरेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी प्रभु माझीले सुरू अदालतमा गरेको बयान।

प्रतिवादीले जबरजस्ती करणी गरेको अस्वीकार गर्दै मृतकको बुबाले आफ्नी आमालाई पन्जाबमा लगी बेचेको कारण सोही रिसइवीले निजको छोरीलाई मारेको हुँ भनी यस अदालतमा साबित रही बयान गरेको र निजले मृतकलाई मार्नुपूर्व जबरजस्ती करणी गरेको भन्ने कुराको पुष्ट्याईं वादी पक्षले पेस गर्न सकेको नहुँदा यी प्रतिवादी प्रभु माझीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैद हुने ठहर्छ। जबरजस्ती करणीको अभियोग दाबी पुग्न सक्दैन । साथै वारदातको प्रकृति र प्रतिवादीको मानसिक अवस्था तथा निजको साबित बयानसमेतलाई विचार गर्दा निजलाई सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्न जाने देखिँदा निजलाई १० वर्ष मात्र कैद हुन अ.बं. १८८ नं. बमोजिम राय व्यक्त गरिएको छ भन्नेसमेत व्यहोराको सुरू रौतहट जिल्ला अदालतबाट मिति २०६९।९।२३ मा भएको फैसला।

प्रतिवादीलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसारको कसुर ठहर भएको देखिँदा मुल वारदातका विषयमा विवाद छैन । जिल्ला रौतहट गा.वि.स. वगही वडा नं. ७ अन्तर्गत सुनर साहको बाँसघारीको उत्तर साइडमा परालको थुप्रोभित्र मृतक सिमाकुमारी माझीले लगाएको कालो रङ्गको कट्टु प्रतिवादीले देखाएपछि सो कट्टुलाई हेर्दा वीर्य जस्तो पदार्थ लागेको अवस्थामा फेला परेको बरामदी तथा खानतलासी मुचुल्काबाट देखिएको र सो कट्टु मृतक सिमाकुमारी कै हो भन्ने शंभु माझीले सनाखत गरेको देखिन्छ। निजको सो सनाखत कागज प्रमाणयोग्य रहेको र योनि सुख्खा रही अस्वाभाविकरूपले सुन्निएको भन्ने देखिएबाट मृतकउपर जबरजस्ती करणी गरी सोही कारण कर्तव्य गरी मारेको भन्ने देखिएबाट जबरजस्ती करणीको वारदात पुष्टि भएको छ। Vegina

swollen, laceration र मोतिको माला र रेशमको धागो (डोरी) ले घाँटी च्यापेर मारेको र पछि लासलाई पोखरीमा फाली दिएको भन्नेसमेत व्यहोराको मृतक सिमाकुमारीको पोष्टमार्टम रिपोर्टसमेतबाट जबरजस्ती करणी गरेको वारदात पुष्टि भइरहेको देखिँदा सोसमेत आधार प्रमाणहरूलाई गौण गरी प्रतिवादीको बयानलाई मात्र आधार लिई प्रतिवादीलाई सुरू अदालतबाट जबरजस्ती करणीको अभियोग दाबीबाट सफाई दिएको सो हदसम्मको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको पुनरावेदन अदालत, हेटौंडामा परेको पुनरावेदन पत्र ।

प्रस्तुत मुद्दाको घटना वारदात मैंले गरेको भनिएको कुरा कसैले देखेको छैन, गरेको होला, हुन सक्छ भन्ने शङ्का उपशङ्का गरी मउपर अभियोग लगाइएको छ । म प्रहरी हिरासतमा रहेको अवस्थामा मेराउपर कागजहरू गरी बनाई पछिबाट मलाई दस्तखत गराई प्रमाणित गराउने गरिएको हो । मेरो रोहवरमा कसैले पनि कुनै कागज गरेको छैन । जाहेरवालाले प्रहरी हिरासतमा मलाई भेटी तिमीले आरोप स्वीकार नगरे तिम्रो स-परिवारलाई सखाप गराई दिन्छु, तिम्रो आमालाई बेपत्ता पारी दिएँ, अब भाई बहिनीलाई पनि सिध्याउँछु भनी आफूले पनि भन्ने गरेको र गाउँका आफ्ना मानिसद्वारा भन्न लगाउने गर्थें । विपक्षी जाहेरवालाको डरको कारण रौतहट जिल्ला अदालतमा भएको साबिति बयानको आधारमा मलाई हराई फैसला भएकोले मेरो उपर अन्याय परेको छ । कर्तव्य ज्यान जस्तो गम्भीर प्रकृतिको मुद्दामा चश्मदिदको अभाव र शंकैशङ्काको आधारमा अनुसन्धान अधिकारीहरूले पनि जाहेरवालाकै भनाईलाई मात्र आधार बनाई अनुसन्धान गरेको, लास सदगदको कागज, घटनास्थल प्रकृति मुचुल्कालगायत कुनै कागजातमा मेरो नाम नभई पछिबाट योजना बनाई मेरो विरूद्धमा दिएको अतिरंजित जाहेरीको आधारमा भएको फैसलाबाट न्याय नपरेकोले इन्साफ पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी प्रभु माझीको पुनरावेदन अदालत, हेटौंडामा परेको पुनरावेदन पत्र ।

प्रतिवादीले वारदातको बारेमा सविस्तार गरेको भनाई व्यहोराबमोजिम निजले भनेको स्थानबाट मृतकको कट्टु बरामद भएको देखिन्छ । सो कट्टुमा वीर्य जस्तो दाग लागेको भन्ने बरामदी मुचुल्का तथा मृतकका बाबुले गरेको सनाखत कागजबाट समेत पुष्टि भएको छ । यसको साथै मृतकको शव परीक्षण प्रतिवेदनमा Vegina swollen, laceration उल्लेख भएको छ । लासजाँच मुचुल्काबाट समेत सो पुष्टि भएको देखिन्छ । यसरी शव परीक्षण र लासजाँच मुचुल्काले सो तथ्य पुष्टि हुन आएको देखिन्छ । जबरजस्ती करणीको आधारभूत प्रमाण पीडितको मृत्यु भइसकेको अवस्थामा यी प्रमाणहरू आरोपित कसुर प्रमाणित गर्ने प्रयोजनको लागि प्रमाणमा ग्रहण गर्न सकिने नै देखिन्छ । यसरी निज प्रतिवादी प्रभु माझीको अधिकारप्राप्त अधिकारीसमक्षको बयान पुष्टि भइरहेको अवस्थामा निज प्रतिवादीले अभियोग दाबीबमोजिम मृतकलाई जबरजस्ती करणी गरी त्यसबाट बच्न निजलाई कर्तव्य गरी मारी लास पोखरीमा फालिदिएको देखिन आएको छ । करणी गरेको होइन भनी निजले अदालतमा गरेको बयान निजले वस्तुनिष्ठ साक्षी प्रमाण पेस गरी प्रमाणित गराउन सकेको पाइँदैन । वारदातको उल्लिखित तथ्यहरू सबुद प्रमाणबाट प्रमाणित भइरहेको यस अवस्थामा निजलाई अभियोग दाबीबमोजिम जबरजस्ती करणी गरेको कसुर ठहर गर्नुपर्नेमा जबरजस्ती करणीतर्फ सफाई दिई कर्तव्य गरी ज्यान मारेको ठहर गरेको सुरूको फैसला सो हदसम्म मिलेको देखिन आएन । निजलाई अभियोग दाबीबमोजिम जबरजस्ती करणीतर्फसमेत कसुरदार ठहर गरी सजाय गर्नुपर्ने देखिन आयो ।

प्रतिवादीले मृतकको कर्तव्य गरी ज्यान मारेका हुन् होइनन् ? भन्नेतर्फ विचार गर्दा, यस मुद्दाका मृतक

नाबालिग सिमाकुमारी माझीको मृत्यु भएको तथ्यमा विवाद छैन । घटनास्थल तथा लास प्रकृति मुचुल्का हेर्दा मृत शरीर पोखरीको डिलमा राखेको, नाकबाट रगत जस्तो तरल पदार्थ निस्केको, बायाँ गालामा अं. २ इन्च गोलाईको सेतो रातो छाला खुइलिएको जस्तो डाम र दायाँ गालामा अं. २५ इन्च गोलाई भएको निलो डाम देखिएको र योनि अस्वाभाविकरूपले सुन्निएको जस्तो देखिएको एवं मृतकको शरीरको सम्पूर्ण अंगमा माटो लागेको देखिएको र शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण "Vegina swollen, laceration र मोतिको माला र रेशमको धागो (डोरी) ले घाँटी च्यापेर मारेको र पछि लासलाई पोखरीमा फालिदिएको" भन्ने उल्लेख भएको देखिँदा मृतकको मृत्यु कर्तव्यबाट भएको भन्नेमा विवाद देखिँदैन । प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेको भनी अधिकारप्राप्त अधिकारी र अदालतमा समेत साबित रही बयान गरेको देखिन्छ । निजको सो साबिति बयान माथि विवेचित आधार प्रमाणबाट समर्थित भएको छ । यस अवस्थामा निजउपर मृतक नाबालिग सिमा कुमारीलाई जबरजस्ती करणी गरी निजलाई कर्तव्य गरी मारेको आरोपित कसुर पुष्टि भएकै देखियो । तसर्थ निजलाई आरोपित कसुर ठहर गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुरमा सोही महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने ठहर्छ । मलाई शङ्काको आधारमा मात्र कसुरदार ठहर गरिएको हो भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

प्रतिवादीको हकमा सजाय कम हुन सुरू अदालतबाट व्यक्त भएको राय उपयुक्त छ छैन ? भन्नेतर्फ विचार गर्दा, यी प्रतिवादी प्रभु माझीलाई अ.बं. १८८ नं. अनुसार १० वर्ष कैद हुने राय व्यक्त गरेको देखिन्छ । प्रतिवादी प्रभु माझीले नाबालिग सिमा कुमारीलाई जबरजस्ती करणी गरी सो कसुरबाट बच्न निजको घाँटी अँठ्याई कर्तव्य गरी मारी पोखरीमा डुबेर मरेको भान पार्न निजको लास पोखरीमा फालिदिएको माथि विवेचना भइसकेको छ । सो सन्दर्भमा विचार गर्दा मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. मा *"ऐनले सर्वस्वसहित जन्मकैद वा जन्मकैद गर्नुपर्ने भएका मुद्दामा साबित ठहरे पनि इन्साफ गर्ने हाकिमका चित्तले भवितव्य हो कि भन्नेसम्मको शङ्काले वा अपराध गरेको अवस्था विचार गर्दा कसुरदारलाई ऐनबमोजिम सजाय दिँदा चर्को हुने भई घटी सजाय हुनुपर्ने चित्तले देखेमा ऐनले गर्नुपर्ने सजाय ठहराई आफ्ना चित्तले देखेको कारणसहितको खुलासा राय पनि साधक तोकमा लेखी जाहेर गर्नु हुन्छ । अन्तिम निर्णय दिनेले पनि त्यस्तो देखेमा ऐनले हुने सजायमा घटाई तोक्न हुन्छ"* भन्ने उल्लेख भएको पाइन्छ । यस कानूनी व्यवस्थाले वारदात भवितव्य हो कि भन्न हुनेसम्मको शङ्काको वा अपराध गरेको अवस्था विचार गर्दा कसुरदारलाई ऐनबमोजिमको सजाय दिँदा चर्को हुने देखेमा यस्तो सजाय घटाउने राय दिन सकिने देखिन्छ । प्रस्तुत मुद्दाका तथ्यहरू हेर्दा प्रतिवादी प्रभु माझीले नाबालिग सिमाकुमारी माझीलाई जबरजस्ती करणी गरी सो अपराधबाट बच्ने मनसाय राखी निजको घाँटी च्यापी क्रुरतापूर्वक हत्या गरी निजको शवलाई डुबेर मरेको भन्ने भान पार्न पोखरीमा फालिदिएको देखिन्छ । यस वारदातमा प्रतिवादी प्रभु माझीले २ वटा गम्भीर अपराध गरेको देखिन्छ । सो कुरालाई निजले अधिकारप्राप्त अधिकारीसमक्ष सविस्तार स्वीकार गरी अदालतमा समेत ज्यान मारेकोमा साबित रहेको अवस्था छ । वारदातको यस अवस्था र प्रतिवादीले गरेको कसुरको प्रकृतिसमेतबाट निज प्रतिवादीलाई अ.बं. १८८ नं. को सुविधा प्रदान गर्नु न्यायसङ्गत देखिन आएन । अतः माथि विवेचित आधार कारणहरू समेतबाट प्रतिवादी प्रभु माझीलाई कर्तव्य ज्यानतर्फ सर्वस्वसहित जन्म कैद हुने ठहर गरेको सुरू फैसला मिलेकै देखियो । जबरजस्ती करणीतर्फ सफाई दिएको

हदसम्म सुरू फैसला उल्टी भई निजलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) बमोजिम १२ (बाह्र) वर्ष कैद र ऐ. १० नं. बमोजिम ३०,०००।– (तीस हजार) क्षतिपूर्तिसमेत मृतकका परिवारलाई भराई दिने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।१२।२४ को फैसला।

पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।१२।२४ को फैसलाउपर साधकको रोहमा यस अदालतमा दर्ता हुन आएको देखियो।

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरियो।

यसमा पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेको छ छैन भनी निर्णय दिनुपर्ने देखिन आयो।

२. मृतक वर्ष ५ की सिमा कुमारीको लास २०६८।११।२८ गते पोखरीको पानीमा फेला परेको छ। मृतकको दायाँ, बायाँ गालामा डामहरू देखिएको र योनि अस्वाभाविकरूपले सुन्निएको समेतको अवस्था लासजाँच प्रकृति मुचुल्काबाट देखिन्छ। मिति २०६८।११।२५ गते दिउँसो छोरी सिमालाई मेरा ससुरालाई बोलाउन पठाएकोमा साँझसम्म नआएकी र खोजतलास गर्ने क्रममा ऐ. २८ गते गाउँको पोखरीमा छोरीको लास फेला परेको हो। सोही मितिबाट गाउँ छाडी फरार रहेका प्रतिवादीलाई सोधपुछ गर्दा मृतक सिमा कुमारीलाई ललाई फकाई पोखरितर्फ लगी घाँटी थिची मारी पोखरीमा फालिदिएको भनी स्वीकार गरेकोले सजाय गरिपाउँ भन्ने जाहेरी दरखास्त देखिन्छ।

३. गाला, घाँटीसमेतमा घाउचोट भएको, योनि सुन्निएको भन्ने देखिएको र मोतिको माला र रेशमको धागोले घाँटी चापेर मारेको र पछि लासलाई पोखरीमा फालिदिएको भन्ने शव परीक्षण प्रतिवेदन रहेको देखिन्छ। प्रतिवादी प्रभु माझीले मृतकलाई करणी गर्ने मनसायले पोखरीको डिलमा लगी लिङ्ग योनिमा पसाउन प्रयास गरेकोमा मेरो वीर्य स्खलन भएपछि निजकै कट्टुले पुछी निजले लगाएको मालासमेतले घाँटी थिची मारी पोखरीमा फालेको हुँ। कट्टु परालको थुप्रोमा लुकाई राखेको थिएँ भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको र निजले भनेको स्थानबाट मृतकको कट्टुसमेत बरामद भएको देखिएको तथा कट्टुमा वीर्य जस्तो पदार्थ लागेकोसमेत देखिन्छ। बुझिएका सुमित्रा देवीसमेतका व्यक्तिहरूले यिनै प्रतिवादीले मृतकलाई जबरजस्ती करणी गरी ज्यान मारी फालिदिएको भन्ने बुझिएको भनी कागज गरिदिएको देखिन्छ। प्रतिवादीले अदालतमा आई बयान गर्दासमेत मृतकलाई आफूले ज्यान मारेको हो भनी साबित भई जबरजस्ती करणी गरेको होइन भनी बयान गरेको देखिएकोमा कर्तव्य ज्यानको कसुरदार कायम गरी अ.बं. १८८ नं. बमोजिम रायसहित जिल्ला अदालतले फैसला गरेको र सोउपर पुनरावेदन अदालतले फैसला केही उल्टी गरी जबरजस्ती करणीतर्फ समेत सजाय गर्ने गरी फैसला गरेकोमा साधकको रोहमा यस अदालतमा दायर हुन आएको देखियो।

४. प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष मृतकलाई जबरजस्ती करणी गरी वीर्य स्खलित भएपछि मृतकलाई मारी फालेको भनी करणी र ज्यान दुवै वारदातमा साबित रही बयान गरेको देखिएको तथा अदालतमा आई बयान गर्दा मृतकको ज्यान मात्र मारेको हो भनी करणीतर्फ इन्कार भई बयान गरेको भए तापनि निजको सुरू बयानलाई मृतकको लासजाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनले पुष्टि गरिरहेको तथ्य मृतकको योनिसमेत सुन्निएको देखिएबाट स्थापित भएको छ। प्रतिवादीले अनुसन्धानका क्रममा बयान गर्दा मृतकको कट्टुमा वीर्य पुछी परालको थुप्रोमा लुकाएको भनी भनेको तथ्यसमेत निजले देखाएको स्थानबाट मृतकको कट्टु बरामद भएको र सोमा वीर्य जस्तो पदार्थ देखिएकोबाट पुष्टि भएको छ। बरामद मृतकको कट्टुलाई जाहेरवालाले

सनाखत गरिदिएकोसमेतका अवस्थाबाट निजले मृतकलाई जबरजस्ती करणीसमेत गरी ज्यान मारेको हो भन्ने स्पष्ट पुष्टि भइरहेको देखिन्छ ।

५. प्रतिवादीले पुनरावेदन अदालतमा पुनरावेदन गर्दा जाहेरवालासमेतको डरले अदालतमा साबित भएको भनी भने तापनि स्वतन्त्ररूपमा बयान गर्न पाइने निष्पक्ष अदालतमा कुनै डर धाकको अवस्था रहन्छ भन्ने सामान्य अवस्थामा स्वीकार गर्न सकिने हुँदैन र आफूउपर डर, धाक दबाब रहेको विशेष अवस्था थियो भन्ने कुरा निज प्रतिवादीले देखाउनसमेत सकेको छैन । तथा निजले अनुसन्धानको क्रममा कर्तव्य ज्यान र जबरजस्ती करणीसमेतको वारदातमा साबित रही गरेको बयानलाई बुझिएका व्यक्तिहरूको कागज, लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, जाहेरी दरखास्त, अदालतमा भएको निजकै बयानसमेतबाट स्पष्ट पुष्टि भइरहेको देखिएको हुँदा निज प्रतिवादी प्रभु माझीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. तथा जबरजस्ती करणीको ३(१) बमोजिम सजाय गरी मृतकका परिवारलाई क्षतिपूर्तिसमेत भराइदिने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।१२।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ ।

६. यस सम्बन्धमा हाल प्रचलित कानूनी व्यवस्थाले निर्धारित गरेको सजायसम्बन्धी प्रावधान अवलम्बन गर्दा प्रतिवादीलाई माथि उल्लिखित सर्वस्वसहित जन्म कैद र जरिवानासमेतको सजाय निर्धारण गरिएको भए तापनि सजाय सम्बन्धमा सर्वस्वसहित जन्म कैद गर्ने हालको कानूनी प्रावधान सम्बन्धमा विचार गर्दा जन्मकैद जस्तो अधिकतम कडा सजाय गरिसकेपछि सर्वस्वसमेत गरिनुको औचित्य हालको परिवेशमा असान्दर्भिक हुँदै गएको पनि देखिन्छ । जन्मकैद भुक्तान गरेर समाजमा स्थापित हुन निस्किएको व्यक्तिलाई समाजमा बसेर अघि बढ्ने आधारको रूपमा रहने उसको सम्पूर्ण सम्पत्तिबाट बिहिन गरिनु मानवीय दृष्टिले समेत व्यावहारिक मान्न सकिँदैन । हालको कानूनी व्यवस्थामा प्रस्तुत मुद्दामा जस्तै अधिकतम सजाय तथा सर्वस्वसमेत गरिएको व्यक्तिले मुलुकी ऐन, दण्ड सजायको २७ नं. बमोजिम सर्वस्वको प्रक्रिया सुरू नभएको अवस्थामा पीडित वा निजको परिवारलाई के कसरी कुन स्रोतबाट क्षतिपुर्ति बुझाउने हो सोको तर्कसङ्गत व्यवस्थासमेत देखिँदैन । अधिकतम कडा सजाय भएपछि सर्वस्व गर्ने प्रावधान तथा सर्वस्व गरिसकेपछि प्रतिवादीकै सम्पत्तिबाट क्षतिपूर्ति भराउने सजाय थप सजायको रूपमा रहने प्रावधान हालको अवस्थामा व्यावहारिक नदेखिने भएकोले त्यसतर्फ दृष्टिगत गरी कानूनहरूलाई व्यावहारिक बनाउनेतर्फ पहल गर्नुसमेत सान्दर्भिक देखिएको सम्बन्धमा कानून मन्त्रालय र कानून सुधार आयोगलाई समेत ध्यान आकर्षणको लागि यो फैसलाको प्रतिलिपी उपलब्ध गराई भर्पाई मिसिल सामेल राखी सोको जानकारी फैसला कार्यान्वयन निर्देशनालयलाई दिनू । प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या.गोविन्दकुमार उपाध्याय

इजलास अधिकृत : सुमनकुमार न्यौपाने
इति संवत् २०७२ साल चैत १२ गते रोज ६ शुभम् ।

निर्णय नं. ९५८९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
फैसला मिति : २०७२।९।१६।५

मुद्दा : कर्तव्य ज्यान

०६९-CR-०२४५

पुनरावेदक / प्रतिवादी : जिल्ला सप्तरी, गा.वि.स. महादेवा वडा नं. ४ घर भई हाल कारागार शाखा राजविराज, सप्तरीमा थुनामा रहेका वर्ष ५८ को राजदेव मण्डल

विरूद्ध

प्रत्यर्थी / वादी : सोनाई खंगको जाहेरीले नेपाल सरकार

०६९-CR-०५३०

प्रत्यर्थी / वादी : सोनाई खंगको जाहेरीले नेपाल सरकार

विरूद्ध

पुनरावेदक / प्रतिवादी : मंगल मण्डलको छोरा जिल्ला सप्तरी महादेवा गा.वि.स. वडा नं. ४ बस्ने गोसाई मण्डल मधैयासमेत

- **फौजदारी कसुरमा अभियोग दाबी लिँदा को कसले के कस्तो अपराध गरेको हो सोबापत के कस्तो दायित्व लिनुपर्दछ सो कुरा स्पष्ट खुल्ने गरी छुट्टाछुट्टैरूपमा उल्लेख गरी अभियोग एवम् कसुर अपराधको दायित्वको निर्क्यौल गर्नुपर्ने हुन्छ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त रहेको पाइन्छ। केवल आरोप लगाउनु मात्र कसुर स्थापित गर्ने आधार हुन सक्दैन। सबै अभियुक्त समानरूपमा दोषी हुन् भन्ने अनुमान गर्नु कानून र न्यायको सर्वमान्य सिद्धान्तविपरीत हुन जाने।**

(प्रकरण नं.४)

प्रतिवादीका तर्फबाट :

वादीका तर्फबाट : विद्वान् सहन्यायधिवक्ता खगराज पौडेल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.
- मुलुकी ऐन, अ.बं.१८८ नं.

सुरू फैसला गर्ने :

मा. जि. न्यायाधीश श्री किरणकुमार पोखरेल

पुनरावेदन फैसला गर्ने :

माननीय न्यायाधीश श्री बलराम बिष्ट
माननीय न्यायाधीश श्री मोहनबहादुर कार्की

फैसला

न्या.ओमप्रकाश मिश्र : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) बमोजिम पुनरावेदन अदालत, राजविराजको मिति २०६८।११।१५ को फैसलाउपर वादी प्रतिवादी दुवै पक्षले चित्त नबुझाई परेको पुनरावेदनपत्रहरू यसै अदालतको क्षेत्राधिकार पर्ने भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ:

मिति २०६३।१०।११ गते बिहान अं. ८:०० बजेको समयमा जिल्ला सप्तरी गा.वि.स. महादेवा-४ स्थित थानपोखरी भन्ने स्थानमा मसमेतका मानिसहरूलाई राजदेव मण्डल मधैयासमेतका व्यक्तिहरूले भाला, खुकुरी, रडसमेतले हिर्काई घाइते बनाएकोमा घाइतेमध्ये विनोदकुमार खंगको उपचारको क्रममा मृत्यु भएको भन्नेसमेत व्यहोराको सोनाई खंगको जाहेरी दरखास्त।

पूर्वमा रामचन्द्र मण्डलको खेत, पश्चिममा विनोद गुप्ताको बाँसघारी, उत्तर हरिनारायण मण्डलको बाँसघारी, दक्षिण नजिकै गहुँबारी, यति चार किल्लास्थित जिल्ला सप्तरी महादेवा-४ मा रहेको थानपोखरी, सो पोखरीको पश्चिम उत्तरमा रहेको पिपलको बोटमुनी मिति २०६३।१०।११ गते बिहान सोनाई खंगसमेतका मानिसहरूलाई राजदेव मण्डलसमेतका मानिसहरूले भाला, रडसमेतले हिर्काएको घटनास्थल र पूर्वमा राजकुमार मण्डलको घर, पश्चिम उत्तर दक्षिणको बाटो, दक्षिण बेचन मण्डलको फूलबारी, उत्तर कारी मण्डलको घर यति चार किल्लास्थित जिल्ला सप्तरी महादेवा-४ बस्ने राजदेव मण्डलको टालीले छाएको घर, सो घरको अगाडी आँगनसमेतमा मिति २०६३।१०।११ गते बिहान जाहेरवाला सोनाई खंगसमेतका मानिसहरूलाई राजदेव मण्डलसमेतका मानिसहरूले कुटपिट गरेको भन्ने छुट्टा छुट्टै लेखाई दिएको घटनास्थल मुचुल्का।

वादी नेपाल सरकार प्रतिवादी राजदेव मण्डलसमेत भएको कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग मुद्दामा जिल्ला सप्तरी महादेवा-४ बस्ने गोसाई मण्डल, ऐ. बस्ने हरेराम मण्डल, ऐ. बस्ने श्यामसुन्दर मण्डललाई पक्राउ गरी दाखेला गरेको प्रहरी प्रतिवेदन।

श्यामसुन्दर मण्डलको छातीमा चोट, हरेराम मण्डलको दाहिने आँखामाथि चोट र गोसाई मण्डलको बायाँ हातमा चोट देखिएको भन्ने स्वास्थ्य परीक्षण प्रतिवेदन।

मिति २०६३।१०।११ गते बिहान अं. ८:०० बजे जिल्ला सप्तरी महादेवा-४ बस्ने जलेश्वर खंग र राजदेव मण्डलबिच जग्गाको साँध सिमानामा सामान्य वादविवाद हुँदा थानपोखरी भन्ने स्थानमा सोही विषयले ठूलो रूप लिई निजहरूको परिवार र मण्डल परिवार र निजको पहिलेका झगडियाहरू तपसी खंगसमेतसँग कुटपिट हुँदा मैलेसमेत जाहेरवालाको भतिजो विनोदकुमार खंगलाई हिर्काएको र सो चोटको कारणबाट निज घाइते भएकोमा पछि उपचारको क्रममा मृत्यु भएको हो। उक्त घटनामा मसमेत घाइते भएको छु । सो वारदातमा जाहेरीमा उल्लिखित यादव परिवारको संलग्नता थिएन भन्ने हरेराम मण्डलले गरिदिएको बयान कागज।

मिति २०६३।१०।११ गते बिहान अं. ८ बजे जाहेरवालाको दाजु जलसेर खंग र राजदेव मण्डलको जग्गासम्बन्धी सामान्य विवादले ठूलो रूप लिई दुवै पक्षबिच कुटपिट भएकोमा म पनि छुट्याउन भनी गएकोमा विनोदकुमार खंगले मलाई पनि हिर्काएको हुँदा निजलाई मैले पनि कुटेको हुँ। राजदेव मण्डलले निजलाई फलामको रडले हिर्काएपछि भुइँमा लड्यो । त्यसपछि मसमेत भागेको हो । उपचारको क्रममा विनोदकुमार खंगको मृत्यु भएको थाहा पाएको हुँ। सो वारदातमा मसमेत घाइते भएको हुँ। जाहेरीमा उल्लेख भएका यादव परिवारको संलग्नता थिएन भन्ने श्यामसुन्दर मण्डलले लेखाई दिएको बयान।

मिति २०६३।१०।११ गते बिहान राजदेव मण्डलको घरमा आई जाहेरवाला सोनाई खंग, निजको दाजु जलेश्वर खंग, जलेश्वरको छोरा विनोदकुमार खंगसमेतले राजदेव मण्डलसमेतलाई हिर्काउँदै छन् भन्ने सुनेपछि म पनि उक्त झगडा छुट्टाउन गएकोमा मसँग पनि आइलागेको हुँदा मैले पनि विनोदकुमार खंगलाई कुटपिट गरेको, प्रतिकारमा मेरो पनि हात भाँचियो । सो झगडामा मसमेत धेरै घाइते भए । उपचारको क्रममा विनोदकुमार खंगको मृत्यु भएछ पछि थाहा पाएँ। उक्त वारदातमा जाहेरी दरखास्तमा उल्लिखित यादव परिवारको संलग्नता थिएन भन्ने गोसाई मण्डल मधैयाले गरिदिएको कागज।

विनोदकुमार खंगको दायाँ आँखाको दायाँतर्फ २ इन्च गोलाईको निलडाम, बायाँ पाखुरामा ३ इन्च लम्बाईको खोस्रिएको दाग र खप्पर तथा घिच्चुकको भागमा काटिएको घाउ देखिएको लास प्रकृति मुचुल्का।

मिति २०६३।१०।११ गते बिहान जाहेरवालाको दाजु जलेश्वर खंगलाई राजदेव मण्डलसमेतका मानिसहरूले कुटपिट गर्दैछन् भन्ने सुनी मसमेतका मानिसहरू उक्त झगडा छुट्टाउन भनी गएकोमा चारै तर्फबाट घेरा हाली खुकुरी रडसमेतले

राजदेव मण्डलसमेतका मानिसहरूले मलाईसमेत कुटि विनोदकुमार खंगलाई रडले हिर्काएर घाइते बनाएका हुन् । उक्त वारदातमा मेरो दाहिने पातामा चोट लाग्यो । घाइतेमध्ये विनोदकुमार खंगको उपचारको क्रममा मिति २०६३।१०।१२ गते मृत्यु भएको हो भन्ने घाइते राजदेव खंगले गरेको कागज ।

मिति २०६३।१०।११ गते बिहान जलेश्वर खंगलाई राजदेव मण्डलसमेतका मानिसहरूले कुटपिट गर्दै राजदेव मण्डलको घरमा ल्याएछन् र निजले हार गुहार गरेको सुनी मसमेत छुट्टाउन गएकोमा त्यहाँ भेला जम्मा भएका गोसाई मण्डल, हरेराम मण्डल, श्याम सुन्दर मण्डलसमेतका मानिसहरूले मसमेतलाई चारैतर्फ घेरा हाली भाग्न उम्कन नपाउने गरी मसमेतलाई हिर्काई विनोदकुमार खंगलाई राजदेव मण्डलले रडले हिर्काई घाइते बनाएका र पछि उपचारको क्रममा मृत्यु भएको भन्ने घाइते लक्ष्मण खंगले गरिदिएको कागज ।

मिति २०६३।१०।११ गते बिहान मेरो पति जलेश्वर खंगलाई राजदेव मण्डलसमेतका मानिसहरूले घेरा हाली कुटपिट गर्दैछन् भन्ने सुनी छुट्टाउन भनी म र मेरो छोरा विनोदकुमार खंगसमेत गएकोमा विनोदकुमार खंगलाई राजदेव मण्डलले फलामको रडले टाउकोमा हिर्काई रगत पच्छे गरी भुइँमा लडाए । मसमेतलाई कुटपिट गरे । छोरा विनोदकुमार खंगको उपचारको क्रममा मृत्यु भएको हो । उक्त घटनामा मसमेत घाइते भएको हुँ भन्ने घाइते फुलेश्वरी देवी खंगले गरिदिएको कागज ।

मिति २०६३।१०।११ गते म आफ्नो गहुँ खेतबाट फर्की आइरहेको अवस्थामा थानपोखरी भन्ने स्थानमा राजदेव मण्डलसमेतका मानिसहरूले मलाई बाटो छेकी कुटपिट गरि घिसारे र निजको घरसम्म लगी मरणासन्न हुने गरी कुटे । म गुहार गुहार गरेको सुनी मलाई बचाउन आएका मेरो छोरा विनोदकुमार खंगलगायतका मानिसहरूलाई जाहेरीमा उल्लिखित मानिसहरूले घेरा हाली भाग्न उम्कन नदिई लाठी फर्सा खुकुरीले जत्रतत्र कुटपिट गरे । राजदेव मण्डलले छोरा विनोदकुमार खंगलाई फलामको रडले टाउकोमा हिर्काई रगत पच्छे पारी भुइँमा लडाए । मसमेत घाइते भएँ । मेरो टाउको फुट्यो । उपचार गराउने क्रममा छोराको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको घाइते जलेश्वर खंगले गरिदिएको कागज ।

प्रतिवादीमध्येका राजदेव मण्डल मधैयालाई पक्राउ गरी दाखिल गरेको प्रहरीको प्रतिवेदन ।

मिति २०६३।१०।११ गते बिहान जलेश्वर खंगसँगको सामान्य विवादको कारण मेरो घरमा निज जलेश्वर खंग, निजको छोरा विनोदकुमार खंग, जलेश्वरको भाईहरू रामदेव खंग, जितन खंग, निजको भतिजो पर्ने लक्ष्मण खंग, निजको श्रीमतीसमेत हातमा लाठी फट्टासमेत लिई मेरो घरमा जबरजस्ती प्रवेश गरी ढुंगा मुढा गर्न थालेपछि छिमेकीहरू गोसाई मण्डलसमेतका मानिसहरूले सो स्थानमा आउँदा पुनः झगडा हुन थाल्यो । एक आपसमा कुटपिट भयो । विनोदकुमार खंगले खुकुरीले मेरो छोरा अशोककुमार मण्डललाई प्रहार गर्न लागेको देखी निजलाई मैले बाँसको फट्टाले घिच्चुकसमेतमा हिर्काएको हो । घटनामा मसमेत घाइते भएको हो । घाइते भएका विनोदकुमार खंग उपचारको क्रममा मृत्यु भएको सुनेको हो । दोष मेरो पनि हो । सो वारदातमा यादव परिवारका मानिसहरूको संलग्नता छैन । कसैको उक्साहटमा परी सोनाई खंगले जाहेरी दिएको हुनुपर्छ भन्ने पक्राउ प्रतिवादी राजदेव मण्डलले गरिदिएको बयान ।

घाइते लक्ष्मण खंग, जितन खंग, फुलेश्वरी देवी खंग, जलसेर खंग, सोनाई खंग र रामदेव खंग सामान्य घाइते भएको भन्ने निजहरूको घाउ जाँच केस फाराम ।

मिति २०६३।१०।११ गते बिहान अं. ८ बजेको समयमा जाहेरवालासमेतका मानिसहरू र हाल पक्राउ परी आएका राजदेव मण्डललगायतका जाहेरीमा उल्लिखित मानिसहरूबिच कुटपिट हुँदा जाहेरवालाको भतिजो विनोदकुमार खंग सख्त घाइते भएकोमा उपचारको क्रममा मिति २०६३।१०।११ गते मृत्यु भएको हो । सो घटनामा जाहेरवालासमेतका मानिसहरू घाइते भएका हुन् भन्ने बद्री मुखियासमेतले लेखाएको वस्तुस्थिति र उक्त वारदातमा हाल जाहेरीमा

उल्लिखित यादव परिवारको संलग्नता नदेखिएको भन्ने रामकिसुन ठाकुरसमेतले अलग अलग ढंगले लेखाई दिएको वस्तुस्थिति मुचुल्का ।

उल्लिखित कागज एवम् वस्तुस्थिति मुचुल्काका मानिसहरूको कथनसमेतबाट प्रतिवादीहरू राजदेव मण्डल मधैया, अशोक मण्डल मधैया, गोसाई मण्डल मधैया, कैला भन्ने श्याम सुन्दर मण्डल मधैया, कारी मण्डल मधैया, भुवनेश्वर मण्डल मधैया, हरि खंग, तपसी खंग, परशु खंग, हरेराम मण्डल, सियाराम मण्डल, हजारी मण्डल मधैयाले जलेश्वर खंगलाई कुटपिट गरी रहँदा छुट्टाउन गएका फुलेश्वरी देवी खंग, विनोदकुमार खंग, सोनाई खंग, रामदेव खंगसमेतलाई कुटपिट गरी विनोदकुमार खंगको टाउको तथा घिच्चुक जस्तो संवेदनशील ठाउँमा फट्टासमेतले प्रहार गरी चोट पुर्‍याई रगत पच्छे बनाई भुइँमा लडाई छोडी भागेको र उल्लिखित प्रतिवादीहरूकै चोट प्रहारको कर्तव्यबाट विनोदकुमार खंगको उपचारको क्रममा मृत्यु भएकोले उल्लिखित १२ जना प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३ (३) नं. को कसुरमा ऐ. १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको अभियोग मागदाबी ।

विनोदकुमारले मलाई प्रहार गर्न लागेको देखी मैले पनि बाँसको फट्टाले हात र पछाडिको घिच्चुकमा हिर्काए र भुइँमा लडेँ । मैलेसमेत कुटपिट गर्दा मेरो श्रीमती त्यहाँ थिइनन् । हामी र जाहेरवालाबिच दोहोरो कुटपिट भएको र सोही चोटको कारणले विनोदकुमारको उपचारको क्रममा मृत्यु भएको हो । मैले फलामको नभई बाँसको फट्टाले हिर्काएको हुँ । अभियोग दाबीअनुसार सजाय नपाउनुपर्ने हो भन्नेसमेत व्यहोराको प्रतिवादी राजदेव मण्डलले अदालतमा गरेको बयान ।

मैले जलेश्वर, विनोदकुमार खंगसमेतलाई कुटपिट गरेको होइन । कसले कुटपिट गरी विनोदकुमारलाई मारेका हुन् थाहा छैन । मउपर किन किटानी जाहेरी दिएका हुन् । प्रहरीमा मैले नभनेको व्यहोरामा सही गराएका हुन् । मैले कुनै अपराध नगरेको हुँदा सजाय पाउनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी कैला भन्ने श्याम सुन्दर मण्डलले अदालतमा गरेको बयान ।

मेरो वारदात घटनामा कुनै संलग्नता छैन । के कस्तो प्रहारले विनोदको मृत्यु भएको हो मलाई थाहा छैन । मैले कसैलाई पनि कुटपिट गरेको छैन । घटना हुँदा मेरो बुबालाई छुट्टाउन गएको हुँ । हामीलाई जाहेरवालाले कुटपिट गरेका हुन् । प्रहरीमा मैले नभनेको कुरा लेखाएका हुन् भन्नेसमेत व्यहोराको प्रतिवादी हरेराम मण्डलले अदालतमा गरेको बयान ।

घटनामा के कसको प्रहारबाट विनोदकुमारको मृत्यु भएको हो, मैले नदेखेको हुँदा खुलाउन सक्दिन । मैले कुटपिट गरेको होइन । प्रहरीमा भएको कागज मलाई कुटपिट गरी सही गराएका हुन् । सजायको बारेमा खुलाई भन्न सक्दिन भन्नेसमेत व्यहोराको प्रतिवादी गोसाई मण्डलले अदालतमा गरेको बयान ।

झगडामा परी प्र. विनोदकुमारको मृत्यु भएको भनी सुनेको हो । घटनामा म संलग्न नभएको हुँदा जाहेरी व्यहोरा झुठा हो भन्नेसमेत व्यहोराको प्रतिवादी राजेश्वर यादवले अदालतमा गरेको बयान ।

गाउँघरमा झगडा भई विनोदकुमारको मृत्यु भएको भन्ने सुनेको हो । घटनामा म संलग्न छैन भन्नेसमेत व्यहोराको प्रतिवादी जगदीश यादवले अदालतमा गरेको बयान ।

घटनाको समय म गाउँघरमा थिइनँ । झगडामा परि विनोदकुमारको मृत्यु भएको भन्ने सुनेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी गोसाई यादवले अदालतमा गरेको बयान ।

म घटनाको समय गाउँघरमै थिइनँ । गाउँघरमा राजदेव र जलेश्वरहरू बिचको झगडामा परि विनोदकुमारको मृत्यु भएको सुनेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी दानालाल यादवले अदालतमा गरेको बयान ।

घटना घटेको दिन म आफ्नो खेतमा काम गर्न गएको थिएँ । मेरा पति राजदेव र जलेश्वर खंगबिच झगडा भएको भन्ने सुनेको हो को कसको प्रहारबाट

विनोदकुमारको मृत्यु भएको हो थाहा भएन। म घटनामा संलग्न छैन भन्नेसमेत व्यहोराको प्रतिवादी लक्ष्मी देवी मण्डल भन्ने लक्ष्मीनिया देवीको अदालतमा भएको बयान।

म ट्युसन पढ्नको लागि घर देखि ३ कि.मी. रहेको शिक्षकको घर गएको थिएँ। गाउँमा झगडा भयो भनी सुनेको हो। को कसको प्रहारबाट विनोदकुमारको मृत्यु भयो थाहा भएन भन्नेसमेत व्यहोराको प्र. सियाराम मण्डलले अदालतमा गरेको बयान।

घटना घटेको समय म गाउँ घरमा थिइनँ। फर्की आउँदा राजदेव र जलेश्वरबिच झगडा भई विनोदकुमारको मृत्यु भएको भन्ने सुनेको हो भन्नेसमेत व्यहोराको प्र. परशु भन्ने परशुराम खंगले अदालतमा गरेको बयान।

वारदातको मिति समयमा म आफ्नो गाउँघरमा थिइनँ। म कुनै कुटपिटको घटनामा संलग्न छैन। विनोदकुमारको मृत्यु कसरी भयो मलाई थाहा भएन भन्नेसमेत व्यहोराको प्र. हरि खंगको अदालतमा भएको बयान।

घटनाको समयमा म गाउँ घरमा थिइनँ। राजदेव र जलेश्वरबिच झगडा भयो भन्ने सुनेको हो विनोदकुमारको मृत्यु कसरी भयो थाहा भएन भन्नेसमेत व्यहोराको प्र. तपसी खंगले अदालतमा गरेको बयान।

म घर बाहिर पञ्जाबमा भएको हुँदा घटनाको बारेमा थाहा भएन। मउपरको जाहेरी व्यहोरा झुठा हो भन्नेसमेत व्यहोराको प्र. कारी मण्डलले अदालतमा गरेको बयान।

मृतक विनोदकुमारको मृत्यु कसरी भयो मलाई थाहा भएन। घटनामा म संलग्न छैन भन्नेसमेत व्यहोराको प्र. भुवनेश्वर मण्डलले अदालतमा गरेको बयान।

म पञ्जाबमा भएको हुँदा घटनाको बारेमा थाहा छैन। मृतक विनोदकुमारको मृत्यु कसरी भयो थाहा भएन भन्नेसमेत व्यहोराको प्र. हजारी मण्डलले अदालतमा गरेको बयान।

घटनाको समय म ट्युसन पढ्न राजविराज आएको थिएँ, घटनामा म संलग्न छैन। मृतक विनोदकुमार मण्डललाई मैले कुटपिट गरी ज्यान मारेको होइन भन्नेसमेत व्यहोराको प्र. अशोककुमार मण्डलले अदालतमा गरेको बयान।

मिसिल संलग्न प्रमाणबाट तत्काल यी प्रतिवादीहरू राजदेव मण्डल, गोसाई मण्डल, हरेराम मण्डल, श्याम सुन्दर मण्डल आरोपित कसुरमा कसुरदार देखिन आएकोले निजहरूलाई मुद्दा पुर्पक्षको निमित्त नियमानुसार सिधा खान पाउने गरी थुनामा राख्न थुनुवा पुर्जी दिई कारागार शाखामा पठाउनु भन्नेसमेत व्यहोराको सुरू अदालतको मिति २०६३।११।१३ को थुनछेकको आदेश।

पछि प्रमाण बुझ्दा ठहरेबमोजिम हुने गरी तत्काल मुद्दा पुर्पक्षको निमित्त प्र. जगदिश यादव, राजेश्वर यादवबाट जनही रू. १५,०००।– नगद धरौट वा सो बराबरको जेथा जमानत लिई तारेखमा राख्नु, मागबमोजिमको धरौट जमानत दिन नसके नियमानुसार सिधा खान पाउने गरी थुनामा राख्न पठाउनु भन्नेसमेत व्यहोराको सुरू अदालतको मिति २०६३।११।१६ को थुनछेकको आदेश।

तत्काल मुद्दा पुर्पक्षको निमित्त प्र. दानालाल यादव, प्र. गोसाई यादवबाट जनही रू. १५,०००।– का दरले नगद धरौट वा सो बराबरको जेथा जमानत लिई तारेखमा राख्नु भन्नेसमेत व्यहोराको सुरू अदालतको मिति २०६३।११।२३ को थुनछेकको आदेश।

यी प्र. लक्ष्मीनिया देवीबाट रू. ५०००।– नगद धरौट वा सो बराबरको जेथा जमानत लिई तारेखमा राख्नु भन्नेसमेत व्यहोराको सुरू अदालतको मिति २०६३।११।२८ को थुनछेकको आदेश।

प्र. सियाराम मण्डल नाबालक हुन् होइनन् तत्काल एकिन नभएकोले कानूनबमोजिम सिधा खर्च पाउने गरी थुनामा राख्न कारागार शाखा सप्तरीमा पठाई दिनु भन्नेसमेत व्यहोराको सुरू अदालतको मिति २०६३।१२।१९ को थुनछेकको आदेश।

तत्काल यी प्रतिवादीहरू तपसी खंग, परशु खंग, हरि खंग कसुरदार देखिन आएकोले पछि

प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी तत्काल मुद्दा पुर्पक्षको निमित्त यी प्रतिवादीहरूलाई थुनामा राख्न नियमानुसार सिधा खान पाउने गरी थुनुवा पुर्जी सहित कारागार शाखा सप्तरीमा पठाई दिनु भन्नेसमेत व्यहोराको सुरू अदालतको मिति २०६४।२।२३ को थुनछेकको आदेश।

प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी तत्काल मुद्दा पुर्पक्षको निमित्त यी प्रतिवादी कारी मण्डललाई तारेखमा राख्नु भन्नेसमेत व्यहोराको सुरू अदालतको मिति २०६५।२।२९ को थुनछेकको आदेश।

पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी तत्काल मुद्दा पुर्पक्षको निमित्त यी प्रतिवादी भुवनेश्वर मण्डललाई तारेखमा राख्नु भन्नेसमेत व्यहोराको मिति २०६५।३।८ को थुनछेकको आदेश।

तत्काल मुद्दा पुर्पक्षको निमित्त यी प्रतिवादी हजारी मण्डललाई तारेखमा राख्नु भन्नेसमेत व्यहोराको सुरू अदालतको मिति २०६५।३।१७ को थुनछेकको आदेश।

तत्काल मुद्दा पुर्पक्षको निमित्त यी प्रतिवादी अशोककुमार मण्डललाई तारेखमा राख्नु भन्नेसमेत व्यहोराको सुरू अदालतको मिति २०६५।३।१८ को आदेश।

घटनामा प्रतिवादीहरूको संलग्नता छैन, मृतकलाई कसले मारे थाहा भएन भन्नेसमेत व्यहोराको प्र. दानालाल, प्र. गोसाई, प्र. सियाराम, प्र. तपसी, प्र. परशुराम, प्र. लक्ष्भीनिया देवी, प्र. गोसाई मण्डल, प्र. हरि खंग, प्र. जगदिश, प्र. भुवनेश्वर, प्र. कारी मण्डल, प्र. अशोक मण्डलसमेतका साक्षी लक्ष्मी यादव, देवनारायण यादव, राज कुमार यादव, पाँचु खंग, कसुमलाल यादव, जितन साह, रून्दी खंग, गौरीशंकर यादव, अवध मण्डल, जागेश्वर मण्डल र रामदत्त यादवले अदालतमा गरेको बकपत्र।

प्रतिवादी राजदेव मण्डलले मृतक विनोदकुमारलाई फट्टाले घिच्चुकमा हानेर लडाई मृतकको मृत्यु भएको हो । सो घटनामा अन्य प्रतिवादीहरूको संलग्नता छैन भन्नेसमेत व्यहोराको प्र. हरेराम मण्डल, श्याम सुन्दर मण्डल, राजदेव मण्डलसमेतका साक्षी सुदिप यादव, शम्भु यादव, सौदागर यादव, रामादेश मण्डलले अदालतमा गरेको बकपत्र।

मृतक विनोदकुमारलाई प्र. राजदेव मण्डलले घिच्चुकमा रड तथा फट्टाले हानी मारेका हुन् भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्काका बद्रि मुखिया, कैशनलाल यादव, रामानारायण यादव, मनेश्वर यादव, रामकिसुन ठाकुर, श्याम मण्डल, घटनास्थल प्रकृति मुचुल्काका किसुन देव मण्डल, सुकदेव मण्डल, राजदेव मण्डल, घाइते लक्ष्मण खंग, जितन खंग, रामदेव खंग, फुलेश्वरी देवी, जलेश्वर खंग तथा जाहेरवाला सोनाईले अदालतमा गरेको बकपत्र।

प्रतिवादी राजदेव मण्डललाई अभियोग माग दाबीबमोजिम ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय हुने ठहर्छ। अन्य प्रतिवादीहरू गोसाई मण्डल मधैया, कैला भन्ने श्याम सुन्दर मण्डल, हरेराम मण्डल, अशोककुमार मण्डल, सियाराम मण्डल, हजारी मण्डल, कारी मण्डल, भुवनेश्वर मण्डल, हरि खंग, तपसी खंग, परशु खंग, लक्ष्मी देवी मण्डल, दानालाल यादव, राजेश्वर यादव, जगदिश यादव र गोसाई यादवसमेतले आरोपित कसुरबाट सफाई पाउने ठहर्छ भन्नेसमेत व्यहोराको सप्तरी जिल्ला अदालतको मिति २०६६।७।१९ गतेको फैसला।

मैले मृतक विनोदकुमारको ज्यान मार्ने पूर्व षड्यन्त्र पनि नगरेको र मनसाय पनि थिएन । मार्नुपर्नेसम्मको रिसइबी अदावतसमेत छैन । लुकी चोरीकन कुटेको पनि छैन। मेरै घर आँगनमा जबरजस्ती प्रवेश गरी मलाई तथा मेरो छोरालाई खुकुरीले काटी मार्न लागेको अवस्थामा खुकुरी प्रहार रोक्न बाँसको लाठीले प्रतिरक्षा गर्दा निजको हातबाट खुकुरी भुइँमा झरेको हो। सोही खुकुरी पुनः उठाई प्रहार गर्न लाग्दा मेरो तथा मेरो छोराको ज्यान जोगाउन बाँसको लाठीले प्रतिरक्षा गर्दा मृतक विनोदकुमारलाई साधारण चोट

लागेको हो । घटनास्थलमै निजको मृत्यु भएको पनि छैन। घटनाक्रमअनुसार भवितव्य भएको प्रष्टै देखिन्छ। ज्यानसम्बन्धीको ५, ६ र ७ नं. ले तोकेको पूर्वावस्था भएकोमा ज्यानसम्बन्धीको १३(३) नं. को अवस्था लागू हुँदैन । वारदात गर्ने गराउने नियत नभई भएको वारदातलाई आपराधिक क्रियाकलाप भएको नदेखिँदा कसुर गरेको भन्न नमिल्नेमा मलाई सर्वस्वसहित जन्मकैद गर्ने गरेको सप्तरी जिल्ला अदालतको फैसलामा गम्भिर कानूनी त्रुटि हुँदा सो बदर गरी मलाई झुठा अभियोगदाबीबाट फुर्सद गरिपाउँ भन्नेसमेत व्यहोराको राजदेव मण्डलको पुनरावेदन अदालत राजविराजमा पेस गरेको पुनरावेदन पत्र ।

प्रतिवादीहरूले आरोपित कसुर गरेको पुष्टि गर्ने कागज प्रमाणहरूको विद्यमानता हुँदा हुँदै प्रतिवादी राजदेव मण्डलबाहेक अन्य प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाई दिई गरेको सप्तरी जिल्ला अदालतको मिति २०६६।७।१९ गतेको फैसला त्रुटिपूर्ण हुँदा सो फैसला बदर गरी सम्पूर्ण प्रतिवादीहरूलाई सुरू अभियोग माग दाबीअनुसार सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको पुनरावेदन पत्र ।

प्रतिवादीमध्येका राजदेव मण्डलको हकमा हेर्दा जाहेरवालाले सुरू जाहेरी दरखास्त र अदालतसमक्ष उपस्थित भई बकपत्र गर्दासमेत यी प्रतिवादी उपर गडाउ गरी बकपत्र गरेको पाइन्छ। यी प्रतिवादीले अधिकारप्राप्त अधिकारी र सुरू अदालतसमक्ष साबित भई गरेको बयानलाई शव परीक्षण प्रतिवेदन तथा जाहेरवाला र बुझिएका मानिसहरूले अदालतसमक्ष गरेको बकपत्रबाट पुष्टि भइरहेको अवस्थामा यी प्रतिवादीलाई अभियोग दाबीबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई सुरू अदालतबाट भएको फैसलालाई अन्यथा भन्न सकिएन भने अन्य प्रतिवादीहरू गोसाई मण्डल मघैयासमेतको हकमा वादीका साक्षीहरूले पनि यी प्रतिवादीहरूमध्ये को कसको संलग्नता थियो स्पष्ट खुलाउन सकेको छैन । यी प्रतिवादीहरूबाट प्रमाण लाग्ने कुनै दशी बरामद भएको देखिएन । यदि यी प्रतिवादीहरू सबैले मृतकलाई कुटपिट गरेको भए मृतकको शरीरमा जत्रतत्र चोट पटक देखिनुपर्ने थियो तर खप्पर तथा घुच्चुकको भागमा मात्र मरणासन्न चोट रहेको देखिन्छ । केवल अभियोग लगाउनु मात्र कसुर स्थापित गर्ने आधार हुन सक्दैन । त्यस्तो अभियोग वादी पक्षले शङ्कारहित तवरबाट प्रमाणित गर्न सक्नुपर्दछ । यसरी प्रतिवादी राजदेव मण्डलबाहेक यी उल्लिखित प्रतिवादीहरू उपर ठोस सबुद प्रमाणको अभावमा अभियोग दाबीबाट सफाई पाउने ठहर्‍याई सुरू जिल्ला अदालतले गरेको फैसला मिलेकै देखिन्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, राजविराजको फैसला ।

वारदात भएको स्थान मेरै घर आँगन हो मृतक विनोद खंग र निजको बाबु, ठूलो बाबु र अन्य नाताका व्यक्तिहरूसमेत मिली हुल बाँधी मेरै घर आँगनमा आई म र मेरो छोरोलाई कुटपिट गर्न थालेपछि आफ्नो ज्यान बचाउनको लागि दोहोरो कुटपिट भई निजलाई मैले साधारण लाठीले प्रहार गर्दा निजको घुच्चुकमा लागेपछि निजकै बाबु, बडाबाबुसमेतले के कता लाँदा निजको मृत्यु भयो मलाई थाहा भएन । निज मृतक र निजसँग साथ आएका व्यक्तिहरूले हुल बाँधी हामीलाईसमेत कुटपिट गरेका हुँदा घाँ जाँच भई सप्तरी जिल्ला अदालतमा दोहोरो कुटपिट मुद्दा चलेको थियो । मैले प्रहरीमा कागज गर्दा र अदालतमासमेत बयान गर्दा मृतक बिनोद खंगसँग साधारण कुटपिट हुनुपूर्व मैले निजलाई मार्ने रिसइवी अदावत रहेको भन्ने कुरा कहिँकतै प्रमाणित भएको छैन । मैले आफ्नो घर छाडेर अन्यत्र गई षड्यन्त्रपूर्वक निजलाई कुटपिट गरेको नभई साँचो सत्य तथ्यलाई मैले बताएको अवस्थामा सुरू तथा पुनरावेदन अदालत, राजविराजले ज्यानसम्बन्धीको महलको ५ र ६ नं. बमोजिमको तथ्य र कानुनको प्रयोग गरी सजाय गर्नुपर्नेमा सो नगरी ऐ. को १३(३) नं. बमोजिम कसुर ठहर्‍याएको कुरा तथ्य र कानूनको रोहमा नमिलेकोले सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको फैसला कानून र न्यायको प्रतिकूल भएकोले सो फैसला बदर गरी झूठा

अभियोग दाबीबाट सफाई दिलाई पाउँ भन्ने व्यहोराको पुनरावेदक प्रतिवादी राजदेव मण्डलले यस अदालतमा दायर गरेको पुनरावेदन पत्र।

प्रस्तुत मुद्दाको वारदातमा मृतक विनोद खंगको खप्पर तथा घुच्चुकको भागमा घाउ रहेको दायाँ आँखाको दायाँतर्फ निलडाम रहेको बायाँ पाखुरामा खोस्रिएको दाग रहेको एकभन्दा बढी ठाउँमा घाउ खत रहेको देखिँदा मृतकलाई एकजना भन्दा धेरै व्यक्तिहरूले हुलहुज्जत गरी प्रहार गरेको कुरा मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि भइरहेको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा १०(१) र ५४ विपरीत एकजना प्रतिवादी राजदेव मण्डललाई मात्र सजाय गरी अन्य प्रतिवादीहरूलाई सफाई दिने गरी भएको सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत राजविराजको फैसला मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) र १७(३) नं. तथा प्रमाण ऐन, २०३१ को दफा १८ समेतको व्याख्या त्रुटिपूर्ण हुँदा सो फैसला बदर गरी अभियोग दाबीबमोजिम अन्य प्रतिवादीहरूसमेतलाई सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको नेपाल सरकारले यस अदालतमा दायर गरेको पुनरावेदन पत्र।

नियमबमोजिम साप्ताहिक एवं दैनिक पेसी सूचीमा चढी निर्णयार्थ आज इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट सह-न्यायाधिवक्ता श्री खगराज पौडेलले अभियुक्त राजदेव मण्डलबाहेक र अन्य प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाई पाउने ठहरी भएको फैसला मिलेको छैन मृतकको लास जाँच प्रतिवेदन हेर्दा निजको शरीरमा एकभन्दा बढी चोटपटक लागेको, ३ इन्च गहिरो घाउ देखिएको, प्रहरीमा कागज गर्ने व्यक्तिहरूले हुल हुज्जत बाँधी लाठा, फर्सा, रड, खुकुरी प्रहार गरी मृतकको मृत्यु भएको भन्नेसम्मको बयान कागज गरिदिएको, घटनाका चश्मदिद गवाह एवम् पीडित जाहेरवाला सोनाई खंगले घटना हुल हुज्जत बाँधी धेरै जना भई घटाएको भनी अदालतमासमेत बकपत्र उल्लेख गरिदिएको, प्रतिवादीहरू र मृतकबिच जग्गाको साँध सिमानाको विवादमा रिसइवी रहेको भनी प्रतिवादीहरूको बयानमा देखिएको, दोहोरो कुटपिट भएको कुरामा यी प्रतिवादीहरू साबित रहेको, सम्पूर्ण प्रतिवादीहरूसमेतको संलग्नतामा मृतकको मृत्यु भएको कुराको पुष्टि भइरहेकोमा प्रतिवादी राजदेव मण्डललाई मात्र सजाय गरी अन्य प्रतिवादीलाई सफाई दिएको सुरू र पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

यसमा सुरू जिल्ला अदालतले गरेको फैसलालाई सदर गर्ने गरि भएको पुनरावेदन अदालत, राजविराजको फैसला मिलेको छ छैन ? पुनरावेदक प्रतिवादी र नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन। सोतर्फ निर्णय दिनुपर्ने देखिन आयो।

मिसिल अध्ययन गरि हेर्दा मिति २०६३।१०।११ गते बिहान ८.०० बजेको समयमा सप्तरी जिल्ला, महादेवा गा.वि.स. ४ स्थित थानपोखरी भन्ने ठाउँमा जलेश्वर खंग पक्ष र प्रतिवादी राजदेव मण्डल मधैयाहरू बिच सामान्य विवादको कारणले एक आपसमा कुटपिट हुँदा राजदेव मण्डलको चोटपिरको कारणले जाहेरवाला सोनाई खंगको भतिजा बिनोद कुमार खंगको मृत्यु भएको भन्ने व्यहोराको जाहेरी दरखास्त, घटनास्थल प्रकृति मुचुल्का, लासजाँच प्रकृति मुचुल्का, मौकामा बुझिएका मानिसहरू, वस्तुस्थिति मुचुल्काका मानिसहरूसमेतको भनाई प्रतिवादी राजदेव मण्डलसमेतको अधिकारप्राप्त अधिकारीसमक्षको बयानसमेतले गर्दा प्रतिवादीहरू गोसाई मण्डल मधैया, श्याम सुन्दर मण्डल मधैया, हरेराम मण्डल मधैया, अशोककुमार मण्डल, सियाराम मण्डल मधैया, हजार मण्डल मधैया, कारी मण्डल मधैया, भुवनेश्वर मण्डल मधैया, लक्ष्मी देवी मण्डल, हरि खंग, परशु खंग, तपशी खंग, दाना लाल यादव, राजेश्वरी यादव, जगदीश यादव र गोसाई यादवको उक्त वारदातमा संलग्नता रहेको प्रतिवादीहरू राजदेव मण्डल मधैया, श्यामसुन्दर मण्डल मधैया, हरेराम मण्डल मधैया, सियाराम मण्डल मधैया, हजारी मण्डल

मधैया, कारी मण्डल मधैया, भुवनेश्वर मण्डल मधैया, हरि खंग, परशु खंग तपसि खंगको प्रत्यक्ष संलग्नता देखिएको हुँदा निजहरूको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको १ र १३(३) नं. विपरीतको कार्य भएको हुँदा निजहरूलाई ऐ. १३(३) नं. बमोजिम सजाय हुन र अन्य प्रतिवादी लक्ष्मी देवी मण्डल, दानालाल यादव, राजेश्वर यादव, जगदीश यादव, गोसाई यादवको उक्त घटना घटाउनमा अप्रत्यक्ष संलग्नता भएकोमा निजहरूको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १७(३) नं. विपरीतको कसुर अपराध भएकोले ऐ. को १७(३) नं. बमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको अभियोग माग दाबी भएकोमा सुरू र सप्तरी जिल्ला अदालतले प्रतिवादी राजदेव मण्डललाई अभियोग माग दाबीबमोजिम ठहर्‍याएको र अन्य प्रतिवादीहरूलाई सफाई दिएको फैसलाउपर परेको दोहोरो पुनरावेदनलाई पुनरावेदन अदालत, राजविराजले पनि सदर गरेको देखिन्छ ।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादी राजदेव मण्डल र अन्य प्रतिवादीहरूको वारदातमा के कस्तो संलग्नता थियो र निज प्रतिवादीहरूलाई के कस्तो सजाय हुनुपर्छ भनि विचार गर्दा प्रतिवादी राजदेव मण्डलले मृतक विनोदकुमार खंगसँग आफ्नै घरमा कुटपिटको वारदात भएको, आफूले लाठा फट्टाले प्रहार गरेको कारण उपचारको क्रममा निज विनोदको मृत्यु भएको भन्ने कुरा अधिकारप्राप्त अधिकारी र अदालतमासमेत आरोपित कसुरमा साबित भई बयान गरेको पाइन्छ । लासजाँच प्रकृति मुचुल्का, घटनास्थल प्रकृति मुचुल्का, वस्तुस्थिति मुचुल्कामा बस्ने व्यक्तिहरूले र वादी पक्षका साक्षीहरू र निज स्वयंले राखेका साक्षीहरूले अदालतमा आई बकपत्र गर्दासमेत अभियोग दाबीलाई पुष्टि हुने गरी मृतक विनोद खंगलाई निज प्रतिवादी राजदेव मण्डलले नै बाँसको फट्टाले हिर्काई मारेको हो भनी बकपत्र गरिदिएको देखिन्छ भने स्वास्थ्य परीक्षण रिपोर्ट हेर्दा निजको मृत्युको कारणमा Head Injury भन्ने उल्लेख भएको देखिन्छ । प्रतिवादीमध्येका राजदेव मण्डलले मृतक विनोदलाई दोहोरो कुटपिटमा वारदातको क्रममा साधारण बाँसको फट्टा प्रहार गरी घिच्चुकमा लागको चोटले विना रिसइबी भवितव्य परी मृत्यु भएकोले ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सजाय हुनुपर्ने होइन । सोही महलको ५ नं. बमोजिम भवितव्यमा मात्र सजाय हुनुपर्ने हो भनी जिकिर लिए तापनि यी प्रतिवादी राजदेव मण्डलले अधिकारप्राप्त अधिकारी र सुरू अदालतमा समेत मृतकलाई कुटपिट गरेको कुरामा साबितै रही गरेको बयानलाई माथि उल्लिखित शव परीक्षण प्रतिवेदन तथा बुझिएका वादी, प्रतिवादीका साक्षीहरूको बकपत्रबाट समेत पुष्टि भएको देखिएको छ । आफूले गरेको कर्तव्यबाट मानिस मर्नसक्ने देखिएको अवस्थामा निजको उक्त ५ नं. को जिकिर आकर्षित हुने देखिँदैन । अतः यी प्रतिवादी राजदेव मण्डललाई अभियोग दाबीबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई सुरू अदालतबाट भएको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, राजविराजको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ ।

३. मृतकलाई मार्नेसम्मको पूर्व रिसइबी र मार्ने मनसाय नभई तत्काल उत्पन्न भएको विवादको परिणामस्वरूप दुवै पक्षबिचको विवादमा भएको दोहोरो कुटपिटको परिणाम स्वरूप प्रतिवादी राजदेव मण्डलले गरेको प्रहारबाट मृतक विनोदकुमार खंगको मृत्यु भएको अवस्था रहेको देखिँदा निजउपर अभियोगपत्रमा मागदाबी लिएअनुसार सर्वस्वसहित जन्मकैदको सजाय गर्दा न्यायोचित नभएको हुँदा मुलुकी ऐन, अ.बं. १८८ नं. ले १५ वर्ष कैद गर्दा इन्साफ पर्ने र सजायको उद्देश्य पनि पुरा हुने हुँदा प्रतिवादी राजदेव मण्डललाई कैद वर्ष १५ पन्ध्र हुने ठहर्छ ।

४. अब अन्य प्रतिवादी गोसाई मण्डल मधैया, कैला भन्ने श्याम सुन्दर मण्डल मधैया, हजारी मण्डल मधैया, कारी मण्डल मधैया, भुवनेश्वर मण्डल मधैया, हरि खंग, तपसी खंग, परशु खंग, लक्ष्मी देवी मण्डल, दाना लाल यादव, राजेश्वर यादव, जगदिश यादव, गोसाई यादव, अशोककुमार मण्डल मधैया, सियाराम

मण्डल, हरेराम मण्डल मधैयाको हकमा विचार गर्दा सुरू अदालतमा उपस्थित भई बयान गर्दा आफूहरूले आरोपित कसुर नगरेको र वारदातको समयमा घटनास्थल भन्दा अन्यत्रै रहेको भनी कसुरमा पूर्णतः इन्कार रहि बयान गरेको पाइन्छ भने घटनास्थल प्रकृति मुचुल्का हेर्दा घटना हुँदा हुल हुज्जत भएको र सो घटना घटेको समयमा यी प्रतिवादीहरूले को कसले के के कसुर गरे भनी अभियोगपत्रमा स्पष्टरूपमा अभियोग नलगाई गोश्वारारूपमा अभियोग लगाइएको पाइन्छ । जाहेरवाला तथा मृतकका आमा तथा बाबुहरूले पनि यी प्रतिवादीहरूले के कुन हतियार प्रहार गरे भनि किटानी गरि लेखाउन सकेको छैन । यी प्रतिवादीहरूका साक्षीहरूले सुरू अदालतमा आई निजहरू वारदात समयमा उपस्थित नरहे, नभएको भनि प्रतिवादीहरूले पूर्णरूपमा इन्कारी साथ गरेको बयानलाई पुष्टि हुने गरी बकपत्र गरिदिएको पाइन्छ । अभियोग मागदाबीमा हुल हुज्जत भई कुटपिट गरी मृतक विनोद कुमार खंगको मृत्यु भएको भनि गोश्वारारूपमा अभियोग लगाइएको र आरोपित प्रतिवादीहरू सबैले हुल हुज्जत गरी कुटपिट एवम् प्रहार गरेको भए निज मृतकको शरीरमा अत्यधिक चोटपटक देखिनुपर्नेमा सो रहे भएको पनि मिसिल संलग्न कागज प्रमाणबाट समेत देखिन आएन । फौजदारी कसुरमा अभियोग दाबी लिँदा को कसले के कस्तो अपराध गरेको हो सोबापत के कस्तो दायित्व लिनुपर्दछ सो कुरा स्पष्ट खुल्ने गरी छुट्टाछुट्टैरूपमा उल्लेख गरी अभियोग एवम् कसुर अपराधको दायित्वको निक्यौल गर्नुपर्ने हुन्छ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त रहेको पाइन्छ । केवल आरोप लगाउनु मात्र कसुर स्थापित गर्ने आधार हुन सक्दैन । सबै अभियुक्त समानरूपमा दोषी हुन् भन्ने अनुमान गर्नु कानून र न्यायको सर्वमान्य सिद्धान्तविपरीत हुन जान्छ । प्रस्तुत मुद्दामा प्रतिवादीहरू उपरको आरोपको पुष्ट्याई शङ्कारहित तवरले पुष्टि हुन सकेको देखिएन । शङ्काको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी कानूनको सर्वमान्य सिद्धान्तको आधार भएबाट ठोस सबुद प्रमाणको अभावमा प्रतिवादीहरू गोसाई मण्डल मधैया, श्याम सुन्दर मण्डल मधैया, हरेराम मण्डल मधैया, अशोककुमार मण्डल, सियाराम मण्डल मधैया, हजारी मण्डल मधैया, कारी मण्डल मधैया, भुवनेश्वर मण्डल मधैया, लक्ष्मी देवी मण्डल, हरि खंग, परशु खंग, तपसी खंग, दानालाल यादव, राजेश्वर यादव, जगदिश यादव र गोसाई यादवसमेतले अभियोग दाबीबाट सफाई पाउने ठहर्‍याई सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, राजविराजको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । अरू तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी राजदेव मण्डललाई मुलुकी ऐन, अ.बं. १८८ ले १५ वर्ष कैद सजाय गर्ने गरी फैसला भएकोले सुरू जिल्ला अदालतबाट सर्वस्वसहित जन्म कैद हुने ठहरी भएको फैसला सदर गर्ने गरिएको पुनरावेदन अदालत, राजविराजको फैसलाबमोजिम कसेको लगत कट्टा गरी १५ वर्ष कैदको लगत कस्नु भनी सुरूमा लेखी पठाउनू ----------१

सरोकारवालाहरूले नक्कल माग गरे नियमानुसार दिनू ----------२

मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ----------३

उक्त रायमा सहमत छु ।
न्या.चोलेन्द्र शमशेर ज.ब.रा.

इजलास अधिकृतः गजेन्द्रबहादुर सिंह
इति संवत् २०७२ साल पुस १६ गते रोज ५ शुभम् ।